# राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन

नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष

संस्कृति विषयमा विद्यावारिधि (पिएच.डी.)

उपाधिका निमित्त प्रस्तुत

शोधप्रबन्ध

शोधार्थी

प्रकाश श्रेष्ठ

द.नं. :०२/०७४

२०८२

# शोधनिर्देशकको सिफारिस-पत्र

शोधकर्ता श्री प्रकाश श्रेष्ठले संस्कृति विषयमा विद्यावारिधि उपाधिका लागि मेरो निर्देशनमा रही अत्यन्त मेहनतका साथ *राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन* शीर्षकमा यो शोधप्रबन्ध तयार गर्नुभएको छ। यस शोधप्रबन्धले तत्कालीन राप्ती अञ्चलका भौगोलिक सीमाभित्रका मूर्त सांस्कृतिक सम्पदाहरूको विषयमा विशेष जानकारी गराउनुका साथै यस क्षेत्रको सांस्कृतिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने छ भन्ने मैले ठानेको छु । अतः निज अनुसन्धातालाई विद्यावारिधि उपाधि प्रदान गर्न नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष सिफारिससाथ अनुरोध गर्दछु।

................................

प्रा.डा.शिव कुमार सुवेदी

शोधनिर्देशक

मिति : २०८२/०३/१०

# शोधविशेषज्ञको सिफारिस-पत्र

शोधकर्ता श्री प्रकाश श्रेष्ठले संस्कृति विषयमा विद्यावारिधि उपाधिको निमित्त मेरो विशेषज्ञतामा रही अत्यन्त मेहनतका साथ *राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन* शीर्षकमा यो शोधप्रबन्ध तयार गर्नुभएको छ । यस शोधप्रबन्धले तत्कालीन राप्ती अञ्चलका सांस्कृतिक सम्पदाहरूका विषयमा विशेष जानकारी गराउनुका साथै यस क्षेत्रको सांस्कृतिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने छ । अतः निज अनुसन्धातालाई विद्यावारिधि उपाधि प्रदान गर्ने प्रयोजनका निम्ति मूल्याङ्कनको आवश्यक प्रक्रिया अघि बढाइदिन नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रसमक्ष सिफारिससाथ अनुरोध गर्दछु ।

.......................................

मिति : २०८२/०३/१०

प्रा. डा. डिल्लीराज शर्मा

शोधविशेषज्ञ

# शोधविशेषज्ञको सिफारिस-पत्र

शोधकर्ता श्री प्रकाश श्रेष्ठले संस्कृति विषयमा विद्यावारिधि उपाधिका लागि मेरो विशेषज्ञतामा रही अत्यन्त मेहनतका साथ *राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन* शीर्षकमा यो शोधप्रबन्ध तयार गर्नुभएको छ । यस शोधप्रबन्धले तत्कालीन राप्ती अञ्चलको भौगोलिक सीमाभित्रका सांस्कृतिक सम्पदाहरूका विषयमा विशेष जानकारी गराउनुका साथै यस क्षेत्रको सांस्कृतिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने मैले विश्वास लिएको छु । अतः निज अनुसन्धातालाई विद्यावारिधि उपाधि प्रदान गर्ने प्रयोजनका निम्ति मूल्याङ्कनको आवश्यक प्रक्रिया अघि बढाइदिन नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष सिफारिससाथ अनुरोध गर्दछु ।

..............................

डा. हिमलाल पन्थी

शोधविशेषज्ञ

मिति : २०८२/०३/१०

# प्रतिबद्धतापत्र

संस्कृति विषयमा विद्यावारिधि उपाधिका लागि *राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन* शीर्षकमा सम्पन्न प्रस्तुत शोधप्रबन्ध मैले मेरो शोधनिर्देशकको निर्देशन तथा शोधविशेषज्ञतामा तयार पारेको मौलिक कार्य हो । यो शोधप्रबन्ध तयारीका क्रममा मैले विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गरी उपयोगमा ल्याएको छु । यस शोधप्रबन्धमा मैले प्रस्तुत गरेको विश्लेषण तथा निष्कर्षलाई यसअघि कहीँ कतै पनि उपाधि वा अन्य कुनै प्रयोजनका लागि प्रस्तुत गर्ने काम भएको छैन र यस शोधप्रबन्धका कुनै अंशलाई पुस्तक तथा पुस्ताकांश, पाठ्यांश आदिका रूपमा प्रकाशित गरे गराएको छैन । मैले प्रस्तुत गरेको यस प्रतिबद्धताका विरूद्धमा कुनै प्रमाण भेटिएमा त्यसको पूर्ण जवाफदेही म स्वयम् हुनेछु ।

.......................................

प्रकाश श्रेष्ठ

शोधार्थी

मिति : २०८२/०३/१०

# कृतज्ञता ज्ञापन

संस्कृति भन्नाले मानवका हरेक क्रियाकलापहरू जस्तै संस्कार, रीतिरिवाज, परम्परा, चाडपर्व, रहनसहन, भेषभूषा, खानपान, धर्म, कला, भाषा आदिलाई बुझाउँछ । संस्कृति मानव जातिको जैविक विकाससँगै जन्म भई समयको गतिसँगै क्रमशः परिवर्तन हुँदै आएको हुन्छ । यी सांस्कृतिक सम्पदाहरू मानवका अमूल्य रचनाहरू हुन् । साथै विगतका दर्पण पनि हुन् । हिजोको विगत मानव जीवनका घटना र परिवेशको पाठ नै आजको मानव जीवनको पृष्ठभूमि हो । त्यही पृष्ठभूमिलाई अध्ययन गर्ने क्रममा यो शोधप्रबन्ध तयार पारिएको छ । सांस्कृतिक सम्पदाहरूको बारेमा खोज तथा अनुसन्धान गर्ने काम त्यति सजिलो छैन । अझ यसलाई प्रामाणिक ढङ्गले सम्पदाका विविध पक्षलाई दृष्टिगत गरेर उपयुक्त साक्षी प्रमाणहरू समानुपातिक रूपले विश्लेषण गर्न झन् कठिन कार्य हो । कुनै पनि विषयवस्तुमा अनुसन्धान गर्दा त्यसको मूल्य, मान्यता र सीमामा रहेर गर्नुपर्छ त्यही मूल्य, मान्यताको परिधिभित्र रही यो शोधप्रबन्ध तयार पारिएको छ । यो शोधप्रबन्ध नेपाल संस्कृत विश्व विद्यालयद्वारा निर्धारित अनुसन्धान विधिमा रही *राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन* शीर्षकमा संस्कृति विषयमा विद्यावारिधि उपाधिको आवश्यकता परिपूर्ति गर्ने क्रममा तयार पारिएको हो ।

राप्ती क्षेत्र सांस्कृतिक सम्पदाको केन्द्र हो । यो बहुजातीय, बहुभाषिक एवं बहुधार्मिक क्षेत्र हो । यहाँ विभिन्न प्रकारका सम्पदाहरू रहेका छन् । हरेकले आ-आफ्नो संस्कृतिको अध्ययन तथा संरक्षण गर्नु आवश्यक छ । कुनै पनि प्राचीन संस्कृतिको राम्रो जानकारी नराखी कुनै पनि विषयको जानकारी पाउन सकिँदैन । विकास भनेको विगतका कमीहरू पूरा गर्नु हो तसर्थ संस्कृतिको अध्ययन भनेको त्यस स्थानको विकासका लागि अग्रसर हुने प्रयत्न हो । त्यसैले यहाँको सांस्कृतिक सम्पदाको अध्ययनले पनि यस क्षेत्रको विकासमा केही न केही भूमिका खेल्ने छ ।

तत्कालीन राप्ती अञ्चलका विभिन्न क्षेत्रको अध्ययन भए तापनि मूर्त सांस्कृतिक सम्पदाहरूको समग्र अध्ययन गरिएको छैन । यस शोधप्रबन्धमा तत्कालीन राप्ती क्षेत्रका सांस्कृतिक सम्पदाहरूलाई धार्मिक सम्प्रदायको आधारमा वर्गीकरण गरी विश्लेषण गर्ने काम गरिएको छ । राप्ती क्षेत्रका दाङ, सल्यान, रोल्पा, प्यूठान, पूर्व रुकुम र पश्चिम रुकुम

जिल्लामा भएका सांस्कृतिक सम्पदाहरूको अध्ययन, अनुसन्धान गर्ने क्रममा विकट गाउँगाउँमा पुग्न निकै गाह्रो थियो । अनकन्टार, उकाली, ओराली, भिरपाखाहरू पार गर्दै अनेक यात्राहरू गरिए । कुन व्यक्तिसँग र कहाँ सामग्री पाइन्छ भनेर थाहा पाउन पनि निकै अप्ठेरो पऱ्यो । सम्बन्धित व्यक्तिले भरसक देखाउन नचाहने समस्या त छँदैछ, त्यसमा पनि भेट्न निकै मुस्किल हुन्थ्यो । तर, पनि धैर्य र परिश्रमपूर्वक खोजी गर्दा कतिपय महानुभावहरूको सहयोगबाट सम्पदा भएको स्थानसम्म पुग्नुका साथै वंशावली, स्मारिका, इतिहास, लेख, रचना, कलाकृति, अभिलेख आदि प्राप्त भए । त्यसै गरी कतिपय सम्पदाहरूका बारेमा जानकारी दिने सामग्रीको अभावले गर्दा सम्बन्धित स्थानका जानकार व्यक्तिसँग अन्तर्वार्ता लिई शोधलाई अगाडि बढाइएको छ । यस शोधकार्यलाई सकभर यथार्थपरक, जानकारीमूलक र विश्लेषणात्मक बनाउने प्रयत्न गरिएको छ ।

राप्ती क्षेत्रमा भएका धेरै सम्पदाहरू मध्यकाल तथा आधुनिककालका छन् । संरक्षण तथा सम्वर्द्धनको अभावले गर्दा धेरै ऐतिहासिक तथा सांस्कृतिक सामग्रीहरू नष्ट र लोप भइसकेका छन् भने कतिपय सम्पदाका शिलालेखहरूको अक्षर मेटिएका छन् । त्यसैगरी कतिपय दरबार, मन्दिरका कलात्मक वस्तुहरू यत्रतत्र फालिएका छन् । पुरातात्विक स्थलहरूको उत्खनन् र संरक्षणको अभावमा पुरातात्विक स्थल अलपत्र परेका छन् । यसैले कयौँ सम्पदाहरू आज तस्बिरमा सीमित हुन पुगेका छन् ।

यो अनुसन्धान सम्पन्न गर्नका लागि विभिन्न क्षेत्र तथा स्थानका व्यक्तिहरूले सहयोग गर्नु भएको छ । यस शोधप्रबन्धको शोध क्षेत्र र शीर्षक छनोट कार्यमा सल्लाह दिनुका साथै मेरो शोधप्रबन्धको शोध निर्देशकको रूपमा रही सहयोग गर्नु हुने मेरा आदरणीय गुरु प्रा.डा. शिवकुमार सुवेदीज्यूप्रति सम्मान तथा आभार व्यक्त गर्दछु । यस शोधकार्यमा विशेषज्ञको भूमिका निभाउँदै आवश्यक सल्लाह दिने त्रि.वि.वि. सिनासका प्रा.डा. डिल्लीराज शर्माज्यू र ने.सं.वि.का प्रशासक डा. हिमलाल पन्थीज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । मलाई यस शोधकार्य गर्नका लागि प्रोत्साहन गर्ने महेन्द्र बहुमुखी क्याम्पस दाङका भू.पू. क्याम्पस प्रमुख तथा मेरा आदरणीय गुरु भैरवप्रसाद मजगैयाँप्रति आभारी रहने छु ।

यस शोधकार्यमा पाठ्य सामग्रीहरू जुटाइदिई सहयोग गर्नुहुने म.ब.क्या. दाङका

उपप्रध्यापक सुन्दर गौतम, उपप्राध्यापक मनोज चौधरी, सुदीप गौतम, प.प.मा.वि भरतपुरका शिक्षक धनिराम योगी र ने.सं.वि.का मित्र किशोर गौतम, गिरिराज शर्मा अधिकारी, बिना बुढाथोकीलाई विशेष धन्यवाद दिन चाहन्छु । यस शोधकार्यका लागि सामग्री सङ्कलन गर्दा, अध्ययन भ्रमणको क्रममा जाडो, गर्मी, घाम, पानी, दिन, रात नभनी आफ्नो ब्यस्त समयलाई पनि थाती राखी सहयोग गर्नु हुने मित्रहरू म.व.क्या. दाङका सहायक क्याम्पस प्रमुख निश्चल हमाल, प्राध्यापक दुर्लभ श्रेष्ठ, रोल्पा क्याम्पसका सहायक क्याम्पस प्रमुख गोकर्ण पुन, उपप्राध्यापक कृष्ण न्यौपाने र दामु मर्सिफुल, रोल्पा खुङ्ग्रीका मित्र वसन्त सुवेदी, रोल्पा गजुलका मित्र मिठ्ठु सेन, प्यूठानका मित्र रमेश श्रेष्ठ, सुभाष के.सी., रुकुम क्याम्पसका उपप्राध्यापक टेकबहादुर वली र मित्र रामबहादुर घर्ती, खुमान मगर र सल्यानका मित्र महेश न्यौपाने, सल्यान बहुमुखी क्याम्पसका विनोद डाँगी, शङ्खमूल क्याम्पसका उपप्राध्यापक युवराज रेग्मी, उद्योग वाणिज्य संघका कोषाध्यक्ष सुशील पोखेल आदि सबैप्रति आभार प्रकट गर्दै विशेष धन्यवाद दिन चाहन्छु। यस कार्यमा प्रोत्साहन गर्ने मित्र भरतराज न्यौपाने, शङ्कर धिताल, तीर्थराज सन्तोषी, सुनिल देवकोटा, शिशिर अधिकारी आदि सबैप्रति आभार व्यक्त गर्दछु। यसै गरी यस शोधपत्रको भाषिक शुद्धता तथा सम्पादनमा सहयोग गरी मूर्त रूप दिने प.प.उ.मा.वि. भरतपुरका नेपाली विषयका विज्ञ बाल्मीकि देवकोटाप्रति म आभारी छु । प्रस्तुत शोधप्रबन्धको शुरूको प्रस्तावना लेखन कार्यमा तथा बुझाउनमा सल्लाह र सहयोग गर्नुहुने ने.स.वि.का डा. नारायण चालिसे तथा नारद शर्माज्यू प्रति आभारी रहनेछु । यस आधोपान्त हेरी विषय, प्रविधि र वर्णविन्यास आदिलाई व्यवस्थि तगर्न सल्लाह दिने डा. गोविन्द आचार्य र प्रविधि तथा वर्ण विन्यास हेरेर सहयोग गर्ने डा. टीकाराम बुढाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधप्रबन्ध तयार पार्ने क्रममा विद्वान, विभिन्न लेखक, रचनाकार, सम्पादक, प्रकाशकका कृतिहरूको अध्ययन तथा आधार लिने कार्य भएको छ, जसले गर्दा उहाँहरूप्रति म कृतज्ञ छु। खोज तथा अनुसन्धानको क्रममा कतिपय सम्पदाहरूको ऐतिहासिक प्रमाणहरू पाउन नसकिँदा त्यहाँका जानकारहरूको अन्तर्वार्ता एवम् प्रश्नावलीमा आफ्नो अमूल्य समय दिने सम्पूर्ण महानुभावहरूप्रति मुरीमुरी धन्यवाद ज्ञापन गर्दछु । यस अनुसन्धान कार्यको अन्त्यमा आइपुग्दा मलाई प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सल्लाह, सुझावका साथै मेरा

जिज्ञासाहरूलाई निराकरण गरिदिनु हुने सम्पूर्ण महानुभावप्रति म आभारी तथा ऋणी छु । त्यसै गरी प्रारम्भिक शिक्षादेखि उच्च शिक्षा ग्रहण गर्दासम्मका विभिन्न कालखण्डहरूमा मलाई शिक्षित प्रशिक्षित गर्ने मेरा सबै गुरु, सहकर्मी, सहपाठी एवं अनुसन्धान कार्यमा अभिप्रेरित गर्ने सबै महानुभावहरूप्रति कृतज्ञता प्रकट गर्नु मेरो परम कर्तव्य ठान्दछु ।

जीवनका प्रत्येक पाइलाहरूमा परिवारका सदस्यहरूको संलग्नता रहेको हुन्छ । मेरो जन्मदेखि नै लालनपालन गर्दै शैक्षिक क्षेत्रमा राम्रो प्रगति, उन्नति गरोस् भन्ने चाहना राख्नु हुने मेरा स्व. बुबा-आमा दमनकुमार श्रेष्ठ र डम्बरकुमारी श्रेष्ठप्रति म आजीवन ऋणी रहने छु । मेरो आफ्नो नियमित अध्यापन पेसा, व्यापार र सामाजिक कार्यका साथै यो अनुसन्धानमा एकोहोरिएर लाग्दा मेरो पारिवारिक दायित्व र जिम्मेवारीबाट टाढा हुनु पर्दाको अवस्थामा मेरो गृहस्थ जीवनलाई यथावत व्यवस्थित गर्न सघाएर यस शोध कार्यलाई सम्पादन गर्न सम्भव तुल्याइदिई हौसला प्रदान गर्ने मेरी जीवन संगिनी अमीना श्रेष्ठलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस शोधप्रबन्धको कम्प्यूटर टाइपिङमा सहयोग गर्ने मेरो सुपुत्र प्रतीक श्रेष्ठ र सुपुत्री प्रनीम श्रेष्ठलाई धन्यवाद दिँदै अन्त्यमा, कम्प्यूटर इडिटिङ र बाइन्डिङ गरी शोधप्रबन्धलाई अन्तिम रूप दिने कम्प्यूटर अपरेटर श्री महेशकुमार शर्मा ( हाल राजपुर गाउँपालिकामा कार्यरत) लाई धन्यवाद दिन चाहन्छु ।

..........................

प्रकाश श्रेष्ठ

शोधार्थी

मिति :२०८२/०३/१०

# शोधसार


## विषय परिचय

राप्ती क्षेत्रका विभिन्न मूर्त सांस्कृतिक सम्पदाहरूलाई विषयवस्तुको रूपमा यस अध्ययनले आफ्नो क्षेत्रभित्र समावेश गरेको छ । यस अनुसन्धानमा लोकमा प्रचलित कथा, ऐतिहासिक पुस्तक, पत्रपत्रिका, अनुसन्धान, लेख रचनाहरू, अप्रकाशित लेख, अन्तर्वार्ता, पुरातात्विक स्थल, सांस्कृतिक स्थल, सांस्कृतिक तथा ऐतिहासिक संरचना, सान्दर्भिक तस्बिरहरू, सरकारी दस्ताबेज, तथ्याङ्क आदिको आधार लिएर यो शोधप्रबन्ध तयार पारिएको छ ।

नेपालको साविक राप्ती अञ्चलका जिल्लाहरू हाल लुम्बिनी प्रदेश र केही कर्णाली प्रदेशमा पर्दछन् । हालको संरचनाले राप्तीका चारवटा जिल्लालाई यथावत् राखी रुकुम जिल्लालाई पूर्वी रुकुम र पश्चिम रुकुम गरी दुई भागमा विभाजन गरिएको छ । जस अनुसार पश्चिम रुकुम र सल्यान कर्णाली प्रदेश र पूर्वी रुकुम लुम्बिनी प्रदेशमा पर्दछन् ।

**शोध शीर्षक -** राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन ।

**अनुसन्धान गराउने संस्था** - नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र, दाङ

**जम्मा खण्ड -** सात (१.शोध परिचय, २. राप्ती क्षेत्रको परिचय, ३. संस्कृति र सम्पदाको परिचय, ४.राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको परिचय, ५.राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाहरूको निर्माण शैली, ६.मूर्त सांस्कृतिक सम्पदाहरूमा धार्मिक प्रभाव र सम्वन्ध र ७.सारांश तथा निष्कर्ष)

**जम्मा पृष्ठ -** ४१६ (३९३ ± २३)

**शोध समस्या र उद्देश्य -** राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरू के कस्ता छन् भन्ने समस्यामा आधारित प्रस्तुत अनुसन्धान उक्त राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको पहिचान गरी तिनका शैली तथा विशेषताहरूको अभिलेखीकरण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ ।

**शोधको सङ्गठनात्मक स्वरूप -**

पूर्व भाग - मध्य भाग, मूल भाग र उत्तर भाग ।

पूर्व भाग - आवरण पृष्ठ, सिफारिस पत्र, प्रतिबद्धता पत्र, कृतज्ञता ज्ञापन, शोधसार, सङ्क्षेपीकृत शब्दसूची, विषय सूची ।

मध्य भाग - शोध परिचय, राप्ती क्षेत्रको परिचय, सांस्कृतिक र सम्पदाको परिचय ।

मूल भाग - राप्ती क्षेत्रको सांस्कृतिक सम्पदाको परिचय, निर्माण शैली तथा धार्मिक प्रभाव र सम्वन्ध ।

उत्तर भाग - सारांश, निष्कर्ष, सन्दर्भ सामग्री, नक्सा तथा तस्विर ।

## शोध विधि

यस शोधकार्यमा स्थलगत अध्ययन र पुस्तकालय अध्ययन दुवै प्रकारका विधिहरू अवलम्बन गरिएको छ । स्थलगत अध्ययनलाई पहिलो प्राथमिकतामा राखिएको छ । यसमा स्वयम् अध्येताले स्थलगत भ्रमण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । त्यसै गरी पुस्तकालय अध्ययनलाई दोस्रो प्राथमिकतामा राखिएको छ । यस क्रममा अन्तर्वार्ता पनि महत्वपूर्ण रहेको छ । प्राप्त सामग्री विश्लेषण गरिएको प्रस्तुत अध्ययन मुख्य रूपमा क्षेत्रीय अध्ययन विधिमा आधारित छ । कतिपय तथ्यहरूको प्रमाण पुष्टिका लागि पूर्ववर्ती अध्येताहरूको कृतिलाई पनि आधार बनाइएको छ । सामग्री विश्लेषणका क्रममा आवश्यकतानुसार बर्णन, विश्लेषण गरिएको छ ।

## निष्कर्ष

राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन शीर्षकमा केन्द्रित रहेर गरिएको शोधकार्यमा साविक राप्ती अञ्चलमा रहेका पाँचवटा जिल्लामा रहेका मूर्त सांस्कृतिक सम्पदाहरूको अनेक विधिहरू प्रयोग गरी विश्लेषण गरिएको छ । यसबाट राप्ती क्षेत्रमा रहेका मूर्त सांस्कृतिक सम्पदाहरूको पहिचान हुनुको साथै विवेच्य क्षेत्रमा रहेका ऐतिहासिक महत्व राख्ने मठ, मन्दिर, गुम्बा, दरबार, किल्ला, थान आदिको निर्माण शैलीको विषयमा समेत गहिरो विश्लेषण भएको छ ।

राप्ती क्षेत्रमा रहेका मूर्त सांस्कृतिक सम्पदाहरूको सामान्य पहिचान गर्नेदेखि ऐतिहासिक महत्वका मठ, मन्दिर, गुम्बा, दरबार, किल्ला आदिको निर्माण शैली विश्लेषण गर्ने सम्मको उद्देश्य रहेको यस शोधकार्यमा पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा राप्ती क्षेत्रको परिचय, तेस्रो परिच्छेदमा संस्कृति र सम्पदाको परिचय, चौथो परिच्छेदमा राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको परिचय, पाचौँ परिच्छेदमा राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाको निर्माण शैली अर्थात् वास्तुकलाको विश्लेषण गरिएको छ । त्यसैगरी छैठौँ परिच्छेदमा राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूमा पारेको धार्मिक प्रभाव र सम्वन्धको बारेमा विश्लेषण गरिएको छ ।

माथि प्रस्तुत गरिएका शोधविधिहरूको प्रयोग गरी सम्पन्न यस शोधकार्यले राप्ती क्षेत्र जातीय र भाषिक विविधताद्वारा निर्मित सांस्कृतिक विविधताले सुशोभित क्षेत्र हो भन्ने बुझिन्छ । यो क्षेत्र मूर्त सांस्कृतिक सम्पदाको खुल्ला सङ्ग्राहलय नै हो । यस क्षेत्रमा रहेका मूर्त सांस्कृतिक सम्पदाहरूलाई मठ, मन्दिर, गुम्बा, थान जस्ता धार्मिक प्रतिष्ठान, दरबार, किल्ला, घर जस्ता आवासीय सम्पदा र अन्य दैनिक जीवनमा प्रयोग गरिने भौतिक सामग्रीहरूका तहमा वर्गीकृत गरिएको छ ।

राप्ती क्षेत्रमा रहेका मूर्त सांस्कृतिक सम्पदाहरू मध्ये मठ, मन्दिर, गुम्बा, दरबार, किल्ला, घर आदि सम्पदा यस शोधकार्यमा अध्ययनका लागि आएका मुख्य सम्पदा हुन् । यस क्षेत्रका सम्पदाहरूको परिचय दिदै निर्माण शैलीको रूपमा आउने प्रयुक्त वास्तुकलाको विश्लेषण गरिएको छ । यस सन्दर्भमा अध्ययन गर्दा विवेच्य क्षेत्रमा शैव सम्प्रदायसँग सम्बन्धित मठ-मन्दिरहरूको बाहुल्य छ । यसपछि क्रमशः शाक्त सम्प्रदाय, वैष्णव र बौद्ध धर्मसँग सम्बन्धित प्रतिष्ठानहरू रहेको पाइन्छ । राप्ती क्षेत्रमा उपलब्ध हुने मठ-मन्दिर, गुम्बा तथा दरबार, किल्लाहरूको ऐतिहासिक पृष्ठभूमि अध्ययन गर्दा यस क्षेत्रमा प्राचीनकालदेखि, पूर्वमध्यकाल र मध्यकालसम्मका मूर्त सम्पदाहरू उपलब्ध हुन्छन् ।

राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा अन्तर्गत आउने मठ, मन्दिर, गुम्बा, दरबार, किल्ला, घर आदिको वास्तुकला विश्लेषण गर्दा तले शैलीको बाहुल्य पाइन्छ । नेपाली शैली मानिने तले शैली राप्ती क्षेत्रका मठ, मन्दिर, गुम्बा, दरबारहरूमा पाइएको मुख्य शैली हो । यसपछि क्रमशः शिखर शैली, गुम्बज शैली र मुगल शैलीहरू प्रयोग भएको पाइन्छ । राप्ती क्षेत्रमा रहेका मठ, मन्दिर र दरबारहरूमा यत्रतत्र मुगल शैलीको प्रयोग भएको देख्दा हिन्दू समाजमा मुगल कलाको प्रभाव आकलन गर्न सकिन्छ । यस शोधकार्यमा यी राप्ती क्षेत्रका सम्पदाहरूको धार्मिक सम्प्रदायसँगको सम्बन्ध र प्रभाव प्रस्तुत गरिएको छ । विवेच्य क्षेत्रका प्रमुख सम्पदाहरूमा परेको धार्मिक प्रभाव सम्वन्धको बारेमा उल्लेख गरिएको छ ।

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| इ.पू. | इसापूर्व |
| उ.म.न.पा. | उपमहानगरपालिका |
| गा.पा. | गाउँपालिका |
| जि.वि.स. | जिल्ला विकास समिति |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| डा. | डाक्टर |
| नं. | नम्बर |
| ने.बृ.श.को. | नेपाली बृहत् शब्दकोश |
| ने.सं.वि. | नेपाल संस्कृत विश्वविद्यालय |
| पं. | पण्डित |
| प.प.उ.मा.वि. | पद्मोदय पब्लिक उच्च माध्यमिक विद्यालय |
| पृ. | पृष्ठ |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्रो. | प्रोफेसर |
| वि.सं. | विक्रम संवत् |
| भू.पू. | भूतपूर्व |
| म.ब.क्या. | महेन्द्र बहुमुखी क्याम्पस |
| मि. | मिटर |
| व.नं. | वडा नम्बर |
| सं. | संवत् |
| स्व. | स्वर्गीय |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# विषयसूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| शोधनिर्देशकको सिफारिस-पत्र | | (क) |
| शोधविशेषज्ञको सिफारिस-पत्र | | (ख) |
| शोधविशेषज्ञको सिफारिस-पत्र | | (ग) |
| प्रतिबद्धता–पत्र | | (घ) |
| कृतज्ञता ज्ञापन | | (ङ) |
| शोधसार | | (झ) |
| सङ्क्षेपीकृत शब्दसूची | | (ठ) |


## परिच्छेद एक

## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | विषय प्रवेश | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | शोधको उद्देश्य | ४ |
| १.४. | पूर्वकार्यको समीक्षा | ४ |
| १.५. | शोधको औचित्य | १५ |
| १.६. | शोधकार्यको सीमाङ्कन | १६ |
| १.७. | शोधविधि | १६ |
| १.७.१. | स्थलगत अध्ययन | १६ |
| १.७.२. | पुस्तकालयीय अध्ययन | १७ |
| १.७.३ | विश्लेषण विधि | १७ |
| १.८ | शोधप्रबन्धको रूपरेखा | १७ |


## परिच्छेद दुई

## राप्ती क्षेत्रको परिचय


| | | |
|---|---|---|
| २.१. | भौगोलिक अवस्थिति र अवस्था | १९ |
| २.१.१ | प्राकृतिक सम्पदा | २० |

| | | |
|---|---|---|
| २.२ | प्रशासनिक विभाजन र जनसङ्ख्या | २१ |
| २.२.१ | प्रशासनिक विभाजन | २१ |
| २.२.२ | जनसङ्ख्या | २४ |
| २.३ | सांस्कृतिक अवस्था | २४ |
| २.३.१ | रुकुम (पश्चिम-पूर्व) | २५ |
| २.३.२ | प्युठान | २६ |
| २.३.३ | रोल्पा | २७ |
| २.३.४ | सल्यान | २८ |
| २.३.५ | दाङ | २९ |
| २.४ | ऐतिहासिक धरोहरहरू | ३० |
| २.४.१ | मठ, मन्दिर, गुम्बा थान, | ३० |
| २.४.२ | दरबार, किल्ला | ३० |
| २.५ | निष्कर्ष | ३१ |

## परिच्छेद तिन

## संस्कृति र सम्पदाको परिचय

| | | |
|---|---|---|
| ३. | विषय परिचय | ३३ |
| ३.१ | संस्कृतिको परिचय | ३३ |
| ३.२ | संस्कृतिका मूलभूत मान्यता र अभिलक्षणहरू | ३९ |
| ३.३ | संस्कृतिका प्रकार | ४० |
| ३.४ | पूर्वीय संस्कृति | ४२ |
| ३.४.१ | पूर्वीय संस्कृतिका दुई चरण | ४३ |
| ३.४.१.१. | पूर्वीय वैदिक संस्कृति | ४४ |
| ३.४.१.२. | पूर्वीय लौकिक संस्कृति | ४७ |
| ३.५ | सांस्कृतिक सम्पदा | ४८ |
| ३.५.१ | मूर्त (भौतिक) सांस्कृतिक सम्पदा | ४८ |
| ३.५.२. | अमूर्त (अभौतिक) संस्कृति | ४९ |
| ३.६. | सम्पदा विश्लेषणका आधारहरू | ५० |

| | | |
|---|---|---|
| ३.६.१. | कला तथा वास्तुकला | ५१ |
| ३.६.१.१ | तले शैली | ५२ |
| ३.६.१.२ | शिखर शैली | ५४ |
| ३.६.१.३ | गुम्बज शैली | ५६ |
| ३.६.१.४ | दरबार वास्तुकला | ५७ |
| ३.६.१.५ | लौकिक वास्तुकला | ५८ |
| ३.६.१.६ | अन्य वास्तुकला शैली | ५८ |
| ३.६.२ | अवस्थिति, ऐतिहासिकता र आनुष्ठानिक प्रचलन | ५९ |
| ३.६.३ | निर्माण प्रविधि र प्रयोग | ५९ |
| ३.७ | निष्कर्ष | ५९ |

## परिच्छेद चार

## राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको परिचय

| | | |
|---|---|---|
| ४.१ | मठ-मन्दिर, गुम्बा, थान | ६१ |
| ४.१.१ | अम्बिकेश्वरी भगवती मन्दिर (अम्बापुर, दाङ) | ६५ |
| ४.१.२ | ऐरावती मन्दिर | ६५ |
| ४.१.३ | कालिका भगवती मन्दिर (बिजुवार, प्युठान) | ६७ |
| ४.१.४ | कालिका भगवती मन्दिर (मसिना, दाङ) | ६८ |
| ४.१.५ | कालिका भगवती मन्दिर (खलङ्गा, रूकुम) | ७२ |
| ४.१.६ | कालिका भगवती मन्दिर, लिबाङ, रोल्पा | ७४ |
| ४.१.७ | कालिका मालिका मन्दिर, छिल्लीकोट, दाङ | ७५ |
| ४.१.८ | कृष्ण मन्दिर, खलङ्गा, सल्यान | ८० |
| ४.१.९ | गणेश मन्दिर, घोराही, दाङ | ८१ |
| ४.१.१० | गणेश मन्दिर, खलङ्गा, सल्यान | ८३ |
| ४.१.११ | गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ, चौघेरा, दाङ | ८४ |
| ४.१.१२ | गौमुखी धार्मिक स्थल, प्युठान | ९१ |
| ४.१.१३ | चतुर्भुज शिव पाञ्चायन मन्दिर, खुङ्ग्री, रोल्पा | ९४ |
| ४.१.१४ | चन्दननाथ मन्दिर, खलङ्गा, रुकुम | ९७ |

| | | |
|---|---|---|
| ४.१.१५ | चिन्नेथान, रुन्टीगढी, रोल्पा | ९० |
| ४.१.१६ | छत्रेश्वरी शक्तिपीठ, छायाँक्षेत्र, सल्यान | १०० |
| ४.१.१७ | छायाँ शिला, छायाँक्षेत्र, सल्यान | १०२ |
| ४.१.१८ | झाँक्रीथान, काँचे खोला, प्युठान | १०५ |
| ४.१.१९ | डिग्रे साईकुमारी भगवती मन्दिर, डिग्रे, रूकुम | १०६ |
| ४.१.२० | त्रिपुरेश्वरी भगवती मन्दिर, खुङ्ग्री, रोल्पा | १०९ |
| ४.१.२१ | त्रिसिद्धेश्वरी मन्दिर, तुलसीपुर, दाङ | १११ |
| ४.१.२२ | देवलस्थान शिव मन्दिर, चौरजहारी, रूकुम | ११३ |
| ४.१.२३ | नमछु बौद्ध गुम्बा, ढोंडेनी, दाङ | ११४ |
| ४.१.२४ | पाटेश्वरी कालिका भगवती मन्दिर, गजुल, रोल्पा | ११५ |
| ४.१.२५ | पाण्डवेश्वर महादेवधाम, धारापानी, दाङ | ११८ |
| ४.१.२६ | बगारबाबा, रिहार, दाङ | १२२ |
| ४.१.२७ | बराह क्षेत्र बाह्रकुने दह, सेवार, दाङ | १२५ |
| ४.१.२८ | बराहक्षेत्र, जलजला, रोल्पा | १३० |
| ४.१.२९ | बराह मन्दिर, कुपिण्डे दह, सल्यान | १३३ |
| ४.१.३० | बराह मन्दिर, रूकुमकोट, रुकुम | १३५ |
| ४.१.३१ | बागेश्वरी भगवती मन्दिर, उजा, दाङ | १३८ |
| ४.१.३२ | बाघनाथ बाबा, जङ्गलकुटी, दाङ | १३९ |
| ४.१.३३ | भीमसेन मन्दिर, खलङ्गा, सल्यान | १४३ |
| ४.१.३४ | भुवनेश्वरी-पाटेश्वरी भगवती मन्दिर, खैराबाङ, सल्यान | १४४ |
| ४.१.३५ | मन्ठोऱ्या भवानी मन्दिर, उत्तर अमराई, दाङ | १४६ |
| ४.१.३६ | राधाकृष्ण मन्दिर, दुधेना, दाङ | १४७ |
| ४.१.३७ | रामजानकी मन्दिर, कोइलाबास, दाङ | १४९ |
| ४.१.३८ | रुन्टीगढी प्रभु जन्मस्थल, रुन्टी, रोल्पा | १५० |
| ४.१.३९ | विजयश्वरी भगवती मन्दिर, चौरजहारी, रूकुम | १५२ |
| ४.१.४० | शिव मन्दिर, उत्तर पिपरी, दाङ | १५४ |

| | | |
|---|---|---|
| ४.१.४१ | शिव मन्दिर, घोराही, दाङ | १५५ |
| ४.१.४२ | शिव मन्दिर, दक्षिण पिपरी, दाङ | १५६ |
| ४.१.४३ | शिव मन्दिर, सिसहनिया, दाङ | १५७ |
| ४.१.४४ | शिव मन्दिर (शङ्खमूल, सल्यान) | १५८ |
| ४.१.४५ | शिव मन्दिर, सित्तलपाटी, सल्यान | १६० |
| ४.१.४६ | शिव महादेव मन्दिर, भदौरे, रोल्पा | १६१ |
| ४.१.४७ | शेरमुक्तेश्वर शिवालय, बाहुनठाना, रूकुम | १६४ |
| ४.१.४८ | सिद्ध भगवन्तनाथ समाधि, श्रीगाउँ, दाङ | १६५ |
| ४.१.४९ | सूदय रामेश्वर शिवालय, बिजौरी, दाङ | १६८ |
| ४.१.५० | स्नादेवी थान, टिमुरचौर, प्युठान | १७० |
| ४.१.५१ | स्वर्गद्वारी आश्रम, स्वर्गद्वारी, प्युठान | १७२ |
| ४.१.५२ | हंसेश्वर महादेव, गोबरडिहा, दाङ | १७६ |
| ४.२ | दरबार क्षेत्र, दरबार, घर, किल्ला र पाटीपौवा | १७७ |
| ४.२.१ | उदयपुरकोट दरबार, उदयपुरकोट, प्युठान | १७८ |
| ४.२.२ | कालिका पौवा, बिजवार, प्युठान | १८४ |
| ४.२.३ | खुङ्ग्रीकोट दरबार, खुङ्ग्री, रोल्पा | १८५ |
| ४.२.४ | गजुलकोट दरबार, गजुलकोट, रोल्पा | १९० |
| ४.२.५ | गढीछेँडा किल्ला | १९७ |
| ४.२.६ | गढी लेक किल्ला, होलेरी, रोल्पा | १९९ |
| ४.२.७ | फलाबाङ दरबार, फलाबाङ, सल्यान | २०२ |
| ४.२.८ | बिजुलीकोट, कोटफेरा, प्युठान | २०७ |
| ४.२.९ | भित्रीकोट दरबार, भित्रीकोट, प्युठान | २०९ |
| ४.२.१० | मुसीकोट दरबार स्थल, मुसीकोट, रूकुम | २१४ |
| ४.२.११ | रुकुमकोट दरबार क्षेत्र, रुकुमकोट, रूकुम | २१९ |
| ४.२.१२ | दरबार, घर | २२४ |
| ४.२.१३ | सित्तलपाटी, श्रीनगर, सल्यान | २२७ |

| | | |
|---|---|---|
| ४.२.१४ | सुकौराकोट दरबार क्षेत्र, सुकौरा, दाङ | २२९ |
| ४.३ | अन्य भौतिक सामग्री | २३४ |
| ४.३.१ | दैनिक प्रयोगका भाँडाकुँडा | २३५ |
| ४.३.१.१ | धातुबाट निर्मित | २३५ |
| ४.३.१.२ | काठबाँसबाट निर्मित | २३५ |
| ४.३.१.३ | माटोबाट निर्मित | २३५ |
| ४.३.१.४ | घाँस, खर, पराल, रेसाबाट निर्मित | २३५ |
| ४.३.२ | सङ्गीत सम्बन्धी वाद्ययन्त्र | २३६ |
| ४.३.३ | खेतीपाती र पशुपालनसम्बन्धी सामग्री | २३६ |
| ४.३.४ | पहिरन तथा गरगहना सम्बन्धी सामग्री | २३६ |
| ४.३.५ | लोक प्रविधिसम्बन्धी सामग्री | २३७ |
| ४.४ | निष्कर्ष | २३७ |


## परिच्छेद पाँच

## राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाहरूको निर्माण शैली


| | | |
|---|---|---|
| ५.१ | मठ-मन्दिर वास्तुकला | २४१ |
| ५.१.१ | तले शैलीका सम्पदा | २४१ |
| ५.१.१.१ | अम्बिकेश्वरी मन्दिर, अम्बापुर, दाङ | २४१ |
| ५.१.१.२ | कान्छा बराह थान (मन्दिर), बराह क्षेत्र, दाङ | २४३ |
| ५.१.१.३ | कालिका भगवती मन्दिर, खलङ्गा, रुकुम | २४५ |
| ५.१.१.४ | कालिका भगवती मन्दिर, बिजवार, प्युठान | २४६ |
| ५.१.१.५ | कालिका भगवती मन्दिर, (मसिना, दाङ) | २४७ |
| ५.१.१.६ | कालिका भगवती मन्दिर, लिबाङ, रोल्पा | २४९ |
| ५.१.१.७ | डिग्रे साईकुमारी भगवती मन्दिर, थर्पुडाँडा, रुकुम | २५० |
| ५.१.१.८ | पाटेश्वरी भगवती मन्दिर, चौघेरा, दाङ | २५२ |
| ५.१.१.९ | पाण्डवेश्वर शिवालय, धारापानी, दाङ | २५३ |
| ५.१.१.१० | भद्रकाली मन्दिर, बयलडाँडा, सल्यान | २५५ |

| | | |
|---|---|---|
| ५.१.१.११ | भुवनेश्वरी-पाटेश्वरी भगवती मन्दिर खैराबाङ, सल्यान | २५६ |
| ५.१.१.१२ | रतननाथ मन्दिर, फलाबाङ, सल्यान | २५७ |
| ५.१ं.१.१३ | राधाकृष्ण मन्दिर, दुधेना, दाङ | २५८ |
| ५.१.१.१४ | रामेश्वर शिवालय, सिकुवाडाँडा खलङ्गा, प्युठान | २६० |
| ५.१.१.१५ | विष्णु मन्दिर, खुङ्ग्री, रोल्पा | २६२ |
| ५.१.१.१६ | सिद्धरत्ननाथ मठको दलिचा, चौघेरा, दाङ | २६३ |
| ५.१.१.१७ | स्वर्गद्वारीको यज्ञशाला, स्वर्गद्वारी, प्युठान | २६६ |
| ५.१.२ | शिखर शैलीका सम्पदा | २६६ |
| ५.१.२.१ | गोरखनाथ मन्दिर | २६७ |
| ५.१.२.२ | चतुर्भुज शिव पाञ्चायन मन्दिर, चतुरभुज, रोल्पा | २६९ |
| ५.१.२.३ | छत्रेश्वरी शक्तिपीठ, छायाँक्षेत्र, सल्यान | २७२ |
| ५.१.२.४ | देवलस्थान शिव मन्दिर, चौरजहारी, रुकुम | २७३ |
| ५.१.२.५ | शिव मन्दिर, कोइलाबास, दाङ | २७४ |
| ५.१.२.६ | शिव मन्दिर, घोराही, दाङ | २७५ |
| ५.१.२.७ | शिव मन्दिर, दक्षिण पिपरी, देउखुरी, दाङ | २७५ |
| ५.१.२.८ | शिव मन्दिर, रिहार, दाङ-देउखुरी | २७७ |
| ५.१.२.९ | शिव मन्दिर, सिसहनियाँ, देउखुरी, दाङ | २७८ |
| ५.१.२.१० | शेर मुक्तेश्वर शिवालय, बाहुनठाना, रुकुम | २७९ |
| ५.१.२.११ | सिद्धरत्ननाथ मठ | २८० |
| ५.१.२.१२ | हंशेश्वर शिवालय, गाबरडिहा, देउखुरी दाङ | २८१ |
| ५.१.२.१३ | त्रिपुरेश्वरी मन्दिर, खुङ्ग्री, रोल्पा | २८२ |
| ५.१.३ | गुम्बज शैलीका सम्पदा | २८५ |
| ५.१.३.१ | पिचाशेश्वर महादेव मन्दिर, छायाँक्षेत्र, सल्यान | २८६ |
| ५.१.३.२ | मन्ठोऱ्या भवानी मन्दिर, अमराई, दाङ | २८७ |
| ५.१.३.३ | शिव मन्दिर, उत्तर पिपरी, देउखुरी दाङ | २८८ |
| ५.१.३.४ | शिव मन्दिर, सित्तलपाटी, सल्यान | २९० |
| ५.१.३.५ | शिवालय, फलाबाङ, सल्यान | २९० |

| | | |
|---|---|---|
| ५.१.३.६ | साना रतननाथ मन्दिर, चौघेरा दाङ | २९१ |
| ५.१.३.७ | सिद्ध भगवन्तनाथ समाधि, श्रीगाउँ, दाङ | २९३ |
| ५.१.४ | दरबार, घर तथा किल्ला वास्तुकलासम्बन्धी सम्पदा | २९५ |
| ५.१.४.१ | दरबार | २९५ |
| ५.१.४.२ | किल्ला | २९८ |
| ५.१.५ | लौकिक वास्तुकला सम्बन्धी सम्पदा | २९९ |
| ५.१.५.१ | डँगौरा थारू घर | ३०० |
| ५.१.५.२ | दुईपाखे घर | ३०१ |
| ५.१.५.३ | चारपाखे घर | ३०२ |
| ५.१.६ | अन्य वास्तुकला सम्बन्धी सम्पदा | ३०३ |
| ५.१.६.१ | स्तूप तथा विहार वास्तुकला सम्बन्धी सम्पदा | ३०३ |
| ५.१.६.२ | मुगल वास्तुकला शैली सम्बन्धी सम्पदा | ३०६ |
| ५.२ | निष्कर्ष | ३०९ |


## परिच्छेद छ

## मूर्त सांस्कृतिक सम्पदाहरूमा धार्मिक सम्वन्ध र प्रभाव


| | | |
|---|---|---|
| ६.१ | विषय प्रवेश | ३११ |
| ६.१.१ | शैव धर्मबाट प्रभावित मूर्त सम्पदा | ३११ |
| ६.१.१.१ | पाण्डवेश्वर शिवालय, धारपानी, दाङ | ३१२ |
| ६.१.१.२ | गोरक्षपाात्रदेवता सिद्धरत्ननाथ मठ, चौघेरा, दाङ | ३१३ |
| ६.१.१.३ | मन्ठोऱ्या भवानी मन्दिर, अमराई, दाङ | ३१३ |
| ६.१.१.४ | स्वर्गद्धारी आश्रम, स्वर्गद्धारी, प्यूठान | ३१४ |
| ६.१.२ | शाक्त धर्मबाट प्रभावित मूर्त सम्पदा | ३१४ |
| ६.१.२.१ | अम्विकेश्वरी भगवती मन्दिर, अम्बापुर, दाङ | ३१६ |
| ६.१.२.२ | कालिका भगवती मन्दिर, खलङगा, रुकुम | ३१६ |
| ६.१.२.३ | त्रिपुरेश्वरी भगवती, मन्दिर, खुङ्ग्री, रोल्पा | ३१६ |
| ६.१.२.४ | त्रिसिद्धेश्वरी मन्दिर, तुल्सीपुर, दाङ | ३१७ |
| ६.१.३ | वैष्णव धर्मबाट प्रभावित मूर्त सम्पदा | ३१७ |

६.१.३.१ विष्णु मन्दिर, खुङ्ग्री, रोल्पा ३१८
६.१.३.२ रामजानकी मन्दिर, कोइलावास, दाङ ३१८
६.१.४ बौद्ध धर्मबाट प्रभावित मूर्त सम्पदा ३१९
६.१.५ लौकिक/प्रकृति धर्मबाट प्रभावित मूर्त सम्पदा ३२०
६.१.५.१ थान ३२०
६.१.६ निष्कर्ष ३२२

## परिच्छेद सात

## सारांश तथा निष्कर्ष

७.१ विषय प्रवेश ३२४
७.२ परिच्छेदगत सारांश ३२४
७.३ निष्कर्ष ३२६
७.४ उपलब्धि ३३६
७.५ सम्भाव्य शीर्षक ३३६
७.६ सन्दर्भसामग्री सूची ३३७
परिशिष्ट १ ३५०
परिशिष्ट २ ३५१
परिशिष्ट ३ ३५३
परिशिष्ट ४ ३५५

# परिच्छेद एक
# शोध परिचय

## १.१ विषय प्रवेश

राप्ती क्षेत्र (विगतको राप्ती अञ्चल) भौगोलिक र सांस्कृतिक विविधतायुक्त छ । यो क्षेत्र प्रागैतिहासिक काल, प्राचीनकाल, ऐतिहासिक काल र वर्तमान आधुनिक कालसम्म पनि मानव गतिविधि तथा सांस्कृतिक उत्थान-पतनका घटनाका दृष्टिले महत्वपूर्ण रहेको छ ।

प्राचीन इतिहासलाई केलाएर हेर्दा यस क्षेत्रका कतिपय स्थानहरूमा प्राग्मानवको प्रमुख बस्तीहरू रहेको पाइन्छ । दाङ जिल्लामा भएका विभिन्न प्राग्ऐतिहासिक अध्ययनबाट यो क्षेत्र प्राग्मानवको बसोबास भएको क्षेत्र पुष्टि हुन्छ र यस क्षेत्रको अध्ययन गर्दा प्राग्मानवले प्रयोग गरेका विभिन्न प्रकारका ढुङ्गे औजारहरू दाङका विभिन्न क्षेत्रबाट प्राप्त भएका छन् । यहाँ प्राप्त भएका औजारहरू पूर्व-पाषणकालीन, मध्य-पाषणकालीन र नवपाषणकालीन भएको प्रमाणित भएको छ, जसले गर्दा दाङको प्राग्ऐतिहासिक महत्व झन् बढेको छ । दाङमा प्राग्इतिहासको अध्ययनको सुरुवात सन् १९८५ देखि भएको पाइन्छ । सन् १९८५ मा रोबर्ट एम. वेस्ट र उनका टोलीले दाङको बबै नदीको दक्षिणतिर फैलिएको चुरे पर्वतको अध्ययन गरी घोडा, कछुवा, सर्प आदिका अवशेषहरू प्राप्त गरेका थिए । जसको समय १०,८५,००० देखि १०,००,००० वर्ष बीचको समय अनुमान गरिएको छ । सन् १९८५ मा रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मीको टोलीले कालाखोला, मजगाउँ, कटुवाखोला, सेवारखोला आदि क्षेत्रवाट नव-पाषणकालीन औजारहरू प्राप्त गरेका थिए । राण्डी हल्याण्डको टोलीले सन् १९९१ मा गरेको अनुसन्धानमा पूर्व-पाषणकालीनदेखि नवपाषणकालीन औजारहरू प्राप्त गरेका छन् । उनले दाङ देउखुरीबाट हाते बञ्चरो प्राप्त गरेका थिए । उनले यस समयको अध्ययनमा ३५ स्थानको अध्ययन गरेका थिए । राण्डी हल्याण्डको टोलीले सन् १९९१ मा गरेको अनुसन्धानमा गैराखुटीबाट सिलौटा, ब्लेड, फलक र कोर औजारहरू प्राप्त गरेका थिए, जो मध्यपाषणकालीन औजार भनेका छन् । सन् १९९६ मा कर्भिनसको टोलीले दाङको दक्षिणी भागको अध्ययन गरेको थियो । उनको टोलीले पूर्वपाषणकालीन प्रस्तर औजारहरू प्राप्त गरेका थिए, जसमा दाङको झिङ्नी र बरगद्दीबाट हाते बञ्चरो प्राप्त भएको थियो । यसैगरी तुई दाङको गिधनियाँ र डाँगीगाउँ, कुहिरेपानी, अर्जुन खोलाबाट एकातिर धार भएका चपर प्राप्त गरेका थिए । २०३८ सालमा डिल्लीराज

शर्माले बिजौरीमा दुवैतिर चिल्लो कालो पालिस गरिएको धारिलो बञ्चरो प्राप्त गरेका थिए, जो आधुनिक बञ्चरो समान देखिन्छ । यसलाई नवपाषणकालीन औजार भनिन्छ। सन् २००२ मा शिवकुमार सुवेदीले नवपाषणकालीन बञ्चरो दाङको रनघराबाट प्राप्त गरेका थिए। २०६९ सालमा डिल्लीराज शर्माले दाङको घनिबगियाको भिरालोमा कटुवा खोलाको देब्रे किनारमा नवपाषणकालीन दुईवटा बञ्चरा प्राप्त गरेका छन्। यी दुईमध्ये एउटा कालो रङ्गको प्रस्तरबाट र अर्को खैरो चुनढुङ्गाबाट निर्मित रहेका छन्। उपर्युक्त विभिन्न विद्वानहरूको अध्ययनबाट दाङ उपत्यका प्राग्मानवको सभ्यता भएको प्रमाणित हुन्छ। यस क्षेत्रको भौगर्भिक संरचनाका साथसाथै प्राग्ऐतिहासिक मानव विकासको अध्ययनमा दाङ महत्वपूर्ण स्थान भएको प्रष्ट हुन्छ। यहाँ भएको चुरे श्रृङ्खलाका आसपासका क्षेत्रहरू मानव विकासका लागि निकै उपयोगी सिद्ध रहेका छन्।

राप्ती क्षेत्रमा प्राचीनकालमा पनि सांस्कृतिक गतिविधिहरू हुने गरेको कुरा विभिन्न पौराणिक ग्रन्थ र जनश्रुतिहरूमा उपलब्त्र हुन्छन् । यस क्षेत्रमा रहेका सल्यान खैराबाङ स्थित भुवनेश्वरी मन्दिर, दाङका अम्बिकेश्वरी मन्दिर र देवीकोट शक्तिपीठहरूको स्थापनाको पृष्ठभूमिमा सत्युगमा सतीदेवीका अङ्ग पतन भएको प्रसङ्ग आउँछ । त्यसैगरी दाङको बगारबाबा (रिहार) मन्दिर स्थापनाको पृष्ठभूमिमा द्वापरकालीन श्रीकृष्णका अठार लाख गाईहरू चराउने स्थलका रूपमा प्रयोग भएको मिथक पाइन्छ । त्यसैगरी ऐरावती (राप्ती नदीको शीर्ष क्षेत्र) र रिहार (ऋषिविहार) क्षेत्र प्राचीनकालमा ऋषि-महर्षिहरूको तपस्या स्थलको रूपमा रहेको जानकारी पाइन्छ।

ऐतिहासिक कालमा पनि राप्ती क्षेत्र सांस्कृतिक गतिविधिका दृष्टिले महत्वपूर्ण रहेको देखिन्छ । वि.सं. ८०९ मा सिद्धि प्राप्त गरेका सिद्धरत्ननाथको राज्य यो समयभन्दा धेरै अघिदेखि नै अस्तित्वमा रहेको बुझिन्छ। विशाल खस राज्यभित्र पर्ने राप्ती क्षेत्रमा खस साम्राज्य विभाजन भएपछि सल्यान, छिल्ली, गजुल, गोताम, फलावाङ जस्ता बाइसे र चौबीसेतिर पर्ने प्युठानको भित्रिकोट जस्ता राज्यहरू जन्मेको पाइन्छ । यस सन्दर्भमा यस क्षेत्रमा कला, वास्तुकलाका दृष्टिले महत्व राख्ने कयौं मठ, मन्दिर र दरबारहरूको निर्माण भएका छन्। त्यसैगरी राप्ती क्षेत्र विशाल मगरात, थारूवान र खस आर्यहरूको बसोबासका दृष्टिले पनि महत्वपूर्ण रहेको हुँदा यी समुदायसँग सम्बन्धित मूर्त-अमूर्त सांस्कृतिक सम्पदाहरूको विकास र प्रयोग हुँदै आएको पाइन्छ।

प्राकृतिक रूपमा रहेका तथा मानवद्वारा सिर्जना गरिएका भौतिक रूपमा रहेका कलाकृति र वस्तुहरू मूर्त सांस्कृतिक सम्पदाहरू हुन् । यहाँ यस प्रकारका सम्पदाहरू प्रचुर मात्रामा रहेका छन् । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देशका रूपमा विश्वसामु परिचित छ । यहाँका अलगअलग जातजाति, संस्कार, धर्म, संस्कृति, भाषा, चाडपर्व, भेषभूषा, रहनसहन आदिबाट नै नेपालको सिङ्गो नेपाली संस्कृति निर्माण भएको छ । यस्तै विविधता राप्ती क्षेत्रमा पनि रहेको छ । यो क्षेत्र अनेक सांस्कृतिक समुदायहरूका मूर्त सांस्कृतिक सम्पदाका दृष्टिले महत्वपूर्ण हुँदाहुँदै पनि हालसम्म समग्र राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको सैद्धान्तिक अध्ययन र विश्लेषण हुन सकेको छैन । यसै अभावलाई पूर्ति गर्नका लागि प्रस्तुत अध्ययन केन्द्रित छ ।

## १.२ समस्याकथन

राप्ती क्षेत्रको अधिकांश भाग भौगोलिक दृष्टिले दुर्गम क्षेत्रको रूपमा रहेको छ । त्यसैले यस क्षेत्रका सांस्कृतिक सम्पदाहरूमा पनि अध्ययनकर्ताको नजर पर्न सकेको छैन । सैद्धान्तिक अध्ययन अनुसन्धान हुन नसकेकाले यहाँका मूर्त सांस्कृतिक सम्पदाहरूको विषयमा बहुआयामिक महत्व जानकारी हुन सकेको छैन । कयौँ पुराना मूर्त सम्पदाहरू नष्ट हुँदै गएका छन् । अतः राप्ती क्षेत्र मूर्त सांस्कृतिक सम्पदाको दृष्टिले महत्वपूर्ण छ, तर, सैद्धान्तिक अध्ययन-अनुसन्धान नहुँदा तिनको महत्ता उजागर हुन सकेको छैन भने संरक्षण हुन नसक्दा लोपोन्मुख अवस्थामा पुगेका छन् । त्यसैले यस क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान गरी प्रकाशमा ल्याउनको लागि "राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययन" शीर्षक चयन गरी निम्नानुसार शोध समस्याहरू निर्धारण गरिएको छ–

क) राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरू के कस्ता छन ?

ख) राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरू (मठ, मन्दिर, गुम्बा, दरबार आदि ) के कस्ता शैलीमा निर्माण भएका छन् ?

ग) राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूमा धार्मिक सम्प्रदायहरूको प्रभाव के-कस्तो देखिन्छ ?

## १.३ शोधको उद्देश्य

यस अनुसन्धानको मुख्य उद्देश्य राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको पहिचान गरी मूर्त सांस्कृतिक सम्पदाहरूमध्ये मठ-मन्दिर, गुम्बा, दरबार-घर आदिको कला-वास्तुकला विश्लेषण गर्नु रहेको छ । यसबाट मूर्त सांस्कृतिक सम्पदाहरूको बहुआयामिक विषयमा जानकारी प्राप्त हुन्छ । यस अनुसन्धानको उद्देश्यहरूलाई निम्न बुँदाहरूमा दिइएको छ ।

क) राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको सङ्क्षिप्त परिचय दिनु ।

ख) राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको (मठ, मन्दिर, गुम्बा, दरबार आदि) निर्माण शैलीको विश्लेषण गर्नु ।

ग) राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूमा के-कस्ता धार्मिक सम्प्रदायहरूसगँको सम्बन्ध देखाउनु ।

## १.४. पूर्वकार्यको समीक्षा

राप्ती क्षेत्र मूर्त सांस्कृतिक सम्पदाका दृष्टिले महत्वपूर्ण क्षेत्र हो । यहाँ विभिन्न क्षेत्रमा धेरै मूर्त सांस्कृतिक सम्पदाहरू छरिएर रहेका छन् । ती छरिएर रहेका विभिन्न स्थानका सांस्कृतिक सम्पदाहरूको विस्तृत रूपमा वैज्ञानिक अध्ययन अनुसन्धान भएको छैन । केही विद्वानहरूले सङ्क्षिप्त लेख वा निश्चित क्षेत्रलाई मात्र समेटेर पुस्तक तयार पारे तापनि ती तयार पारिएका सामग्रीमा राप्ती क्षेत्रको पूर्ण अध्ययन हुन सकेको छैन । सरकारी स्तरबाट प्रत्येक जिल्लाका जिल्ला विकास समितिले आआफ्नो जिल्लाको सङ्क्षिप्त चिनारी स्वरूप बुलेटिन वा मुखपत्र प्रकाशन गरी यसबारे प्रकाश पार्ने कोसिस गरिएको देखिन्छ । तिनमा सांस्कृतिक सम्पदाभन्दा भौतिक निर्माणसम्बन्धी कार्य र त्यससँग सम्बन्धित विनियोजित बजेट व्यवस्थापनलाई प्राथमिकता दिएको पाइन्छ । यस प्रकारका प्रकाशित पुस्तकहरूमा सांस्कृतिक पक्षलाई विशेष महत्व दिएको छैन । तर, राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाको विषयमा केही न केही अध्ययन तथा प्रकाशनका प्रयास भएका छन् । यहाँ राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययनका सन्दर्भमा पूर्वकार्यलाई प्रकाशन वर्षको क्रममा समीक्षा गरिएको छ ।

योगी नरहरिनाथ (२०१३) को *सिद्धरत्ननाथ* पुस्तक प्रकाशित छ । यस पुस्तकमा दाङको प्राचीन इतिहासमा महत्व राख्ने रत्नपरीक्षक कसरी नाथ सम्प्रदायमा प्रवेश गरे र सिद्ध पुरुषका रूपमा चिनिए भन्ने विषयमा उल्लेख गरेको पाइन्छ । यसमा प्राचीन सवालाख झाडखाण्ड (दाङ, देउखुरी, देवीपाटन) क्षेत्रको विषयमा जानकारी पाइन्छ । यसमा सिद्धरत्ननाथ मठ र देवीपाटनको ऐतिहासिक सम्बन्धको विषयमा पनि जानकारी पाइन्छ ।

टेकनप्रसाद गौतम (२०१५) *दाङको इतिहास र भूगोल* नामक पुस्तक प्रकाशित छ । यस पुस्तकमा दाङको भौगोलिक अवस्था, इतिहास तथा सांस्कृतिक अवस्थाका बारेमा उल्लेख गरिएको छ । तर, पुस्तकमा दाङमा भएका अन्य सांस्कृतिक सम्पदाहरूका बारेमा कुनै पनि उल्लेख गरिएको छैन ।

बद्रिनाथ योगी र रूपलाल महतौ (२०१६) को *दङ्गीशरण कथा-बङ्कीमार* पुस्तक प्रकाशित छ । यस पुस्तकमा राजा रतनपारखु नै सिद्धरत्ननाथ हुन् भन्ने देखाइएको छ । त्यसैगरी यस पुस्तकमा दाङको इतिहासमा महत्व राख्ने 'थारू दाङ' वंशावली शीर्षकमा दिइएको लेखमा मानिकपारखुलाई पहिलो र दङ्गीशरणलाई तेस्रो पुस्ताको राजाको रूपमा प्रस्तुत गरिएको छ । यसमा मानिकपारखु, रतनपारखु, दङ्गीशरण, तुइदाङ, उपरदाङ, चितलदाङ आदि राजाहरूको नाम दिइएको छ । यी मध्ये तुइदाङ, उपरदाङ, चितलदाङ जस्ता शब्दहरू नामवाची नभई स्थानविशेष चिनाउने शब्द जस्ता लाग्दछन् । दाङको पश्चिम-दक्षिणमा रहेको विगतको फुलबारी गाउँ विकास समितिको क्षेत्रमा पर्ने उपत्यकालाई आज पनि 'तुइदाङ्' नै भन्छन् ।

योगी नरहरिनाथ (२०२२) को *इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह, भाग-१* प्रकाशन भएको छ । यस पुस्तकमा राप्ती अञ्चलका पाँचवटै जिल्लाको राजनैतिक अवस्था, सामाजिक अवस्था आदिको बारेमा उल्लेख गरिएको छ । यस पुस्तकमा देउखुरी, फलाबाङका सन्धिपत्र, फलाबाङ सिद्धरतननाथका प्रमाण, सिद्ध भगवन्त नाथ, श्रीकृष्ण शाह, चौघेरा पात्रदेवता, दाखाकोट, माणिक्य चन्द्रको ताम्रपत्र दिइएको छ ।

श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग (२०३१) ले *मेचीदेखि महाकाली भाग-४* नामक पुस्तक प्रकाशन गरेको छ । यस पुस्तकमा राप्ती अञ्चलका पाँचवटै जिल्लाका सङ्क्षिप्त ऐतिहासिक पृष्ठभूमि, प्रमुख व्यापारिक क्षेत्रहरू, आर्थिक

अवस्था, राजनैतिक अवस्था, सामाजिक जनजीवन, प्रमुख सांस्कृतिक सम्पदाको चिनारी प्रस्तुत गरिएको छ ।

विजयनाथ योगी, भगीरथ योगी (२०४३)ले *सिद्ध रतननाथ चरितामृत* नामक पुस्तक प्रकाशन गरेको पाइन्छ । यस पुस्तकमा सिद्धरत्ननाथको ऐतिहासिक परिचय, सिद्धरत्ननाथ मठको अवस्थिति, यस स्थलमा रहेका संरचना र यहाँ सम्पादन गरिने चाडपर्वहरूको विषयमा जानकारी दिइएको छ । यसमा मठमा हुने पूजा पद्धतिको बारेमा पनि जानकारी दिइएको छ ।

टेकनाथ गौतमको *थारू जातिको इतिहास तथा संस्कृति* (२०४४) नामक पुस्तक प्रकाशित भएको छ। यस पुस्तकमा थारूहरूको उत्पत्ति, थारूहरूको इतिहास, दङ्गीशरण राजा र सुकौरागढका बारेमा उल्लेख गरिएको छ। यसमा गौतमले दङ्गीशरण कथाको आधारमा मात्रै दङ्गीशरणलाई दाङका थारू राजा थिए भन्ने अस्वीकार गर्दछन् । उनको तर्क अनुसार यस कथामा दङ्ग देश बाहेक दाङसँग मिल्ने अन्य चुरा छैन । यसमा दङ्गीको पक्षमा पाण्डव, कौरव आदि मिलेर कृष्णसँग लडेका छन् । अतः दङ्गीशरण कथाको आधारमा मात्रै दङ्गीलाई दाङका राजा मान्न सक्ने अवस्था छैन ।

टेकनाथ गौतम (२०५०) को *राप्ती अञ्चलको इतिहास तथा केही स्मरणहरू* नामक पुस्तक प्रकाशित छ। यस पुस्तकमा राप्तीका राज्यहरू उत्पत्ति तथा राजवंशका बारेमा उल्लेख गरिएको छ। राप्ती क्षेत्रमा भएका राज्यहरू गजुल राज्य, खुँग्री राज्य, मुसीकोट राज्य, शिवराज राज्य, दार्मा राज्य, थुनी राज्य, ढाकाढाम राज्य, रोल्पा राज्य, मालुवानेटा राज्य, छिल्ली राज्य, उदयपुर राज्य, तुलसीपुर राज्य र फलावाङ् राज्यको ऐतिहासिक विवरण दिइएको छ। यस पुस्तकमा नेपाल संस्कृत विश्वविद्यालयको स्थापनासम्बन्धी विषयमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

त्रिलोकनाथ कपुर (१९९३ इ.) को *सिद्धपीर रतननाथ चरितामृत* पुस्तक प्रकाशित छ । यसमा सिद्धरत्ननाथ र गोरक्ष पात्रदेवता सिद्धरत्ननाथ मठको ऐतिहासिकताका विषयमा जानकारी पाइन्छ । यसमा रत्नपरीक्षक कसरी सिद्धरत्ननाथ भए र सिद्धरत्ननाथ मठ र देवीपाटनबीचको सम्बन्धको विषय प्रस्तुत गरिएको छ ।

गितु गिरी (२०५२)को *प्युठान राज्यको इतिहास* नामक पुस्तक प्रकाशित भएको छ । यस पुस्तकमा प्युठान जिल्लाको भौगोलिक स्थिति, मध्यकालीन समयमा प्युठान राज्यको

स्थापना, प्युठान राज्यको राजाहरूको राजवंश, प्युठान राज्यको भारत, चौबिसे र गोरखासँगका सम्बन्ध, प्रशासनिक व्यवस्था, वैदेशिक सम्बन्ध, आर्थिक अवस्था, सामाजिक अवस्था, धार्मिक अवस्था र कला तथा वास्तुकलाका बारेमा वर्णन गरिएको छ । त्यसै गरी पुस्तकमा स्वर्गद्वारी आश्रम, निर्मलनाथ थान, भित्रीकोट, सिद्धथान, स्नाकोट, गौमुखी, ऐरावती, जाल्पा थान, कालिका मन्दिर, शिवालय, भीमसेन मन्दिर, गणेश मन्दिर, सिद्धमेहलनाथ थान आदि सांस्कृतिक सम्पदाहरूको सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ ।

श्रीधर शर्मा, मजगैयाँ (२०५३) को *(पोखेल) वंशको इतिहास तथा वंशावली* प्रकाशित भएको छ। यस पुस्तकमा छिल्लीकोट राज्यको इतिहास, बिजौरी स्थित सूदयरामेश्वर शिवालयका बारेमा मात्र उल्लेख गरिएको छ ।

लिलामणि शर्मा अधिकारी (२०५४) को *रिहार महात्म्य* नामक पुस्तक प्रकाशित छ। पनि रिहार स्थित बगारबाबा धामको विषयमा जानकारी दिइएको छ । यसमा मामी सौंरी, मामा रसोली, तप्तकुण्ड, सूर्यकुण्ड बगारबाबाको भौंरी आदि मूर्त सम्पदाको बारेमा जानकारी दिइएको छ ।

राजाराम सुवेदी (२०५४) को *कर्णाली प्रदेशको मध्यकालीन इतिहास* नामक पुस्तक प्रकाशित भएको छ। यस पुस्तकमा मध्यकालमा कर्णाली प्रदेशमा शासन गर्ने शासकहरूको वंशावली, राज्य व्यवस्था, राजनैतिक अवस्था, राज्यहरूको उत्पत्ति आदिका बारेमा चर्चा गरिएको छ। त्यसै गरी यस पुस्तकमा कर्णाली प्रदेशको मध्यकालीन इतिहासका बारेमा चर्चा गर्ने क्रममा राप्ती अञ्चलभित्र पर्ने मध्यकालीन समयका राज्यहरूको उत्पत्ति, राज्यहरूमा शासन गर्ने राजाहरूको वंशानुक्रम र त्यस समयको राज्य व्यवस्था आदिका बारेमा चर्चा गरिएको छ । यसमा राप्ती क्षेत्रमा पर्ने मध्यकालीन सल्यान राज्यमा (सामकोट) राज्य गर्ने सुमेरु बम, काला सुल्तान, प्रताप शाह, तुला शाह, पृथ्वीपति शाह, श्रीकृष्ण शाह, रणभीम शाह, रुद्रवीर शाही, तेज बहादुर शाह, नरेन्द्र बहादुर शाह र शमशेर बहादुर शाहको उल्लेख गरिएको छ । यस वंशावलीमा आएका रुद्रवीर शाही, रणभीम शाह पदच्यूत भएपछि आएको उल्लेख गरिएको छ । रणभीम शाह पृथ्वीनारायण शाहका ज्वाइँ थिए । यसमा राप्ती क्षेत्रसँग सम्बन्धित दर्ना राज्य, खुग्री राज्य, छिल्ली राज्य र दाङ राज्यको इतिहास दिइएको छ । दाङ राज्यका तीन प्रकारका वंशावली दिइएको छ । पहिलो वंशावलीमा दङ्गीशरणलाई पहिलो राजा मानिएको छ । दोस्रो वंशावलीमा दङ्गीशरणलाई तेस्रो राजाका रूपमा देखाएको छ ।

सुन्दर गौतमले (२०५४) *दाङ जिल्लाका प्रमुख धार्मिक स्थलहरू* शीर्षकमा एम.ए.को शोधपत्र प्रस्तुत गरेका छन् । यस शोधपत्रमा केही सम्पदाहरूको ऐतिहासिकता र धार्मिक पक्षको मात्र वर्णन गरिएको छ । यो शोधपत्र सम्पदाहरूको भौतिक अवस्था, भौतिक संरचनाका बारेमा भने मौन रहेको छ ।

राजाराम सुवेदी (२०५५) को *बाइसे राज्यको ऐतिहासिक रूपरेखा* नामक पुस्तक प्रकाशित भएको छ । यस पुस्तकमा पनि बाइसे राज्यहरूको उत्पत्ति, इतिहास, राजनैतिक अवस्था, आर्थिक अवस्थाको वर्णन गर्ने क्रममा राप्ती क्षेत्रभित्र पर्ने राज्यहरूको इतिहासलाई उल्लेख गरिएको छ । तर, यस पुस्तकमा पनि राप्तीका कुनै पनि सांस्कृतिक सम्पदाहरूका बारेमा चर्चा गरिएको छैन । यस पुस्तकमा राप्ती क्षेत्रका गजुल, खुम्री, गोताम, छिल्ली, जहारी, दाङ, फलाबाङ, बाँफीकोट, माल्नेटा, मुसीकोट, रोल्पा, सल्यान राज्यहरूको बारेमा जानकारी दिइएको छ ।

श्रीरामप्रसाद उपाध्याय (२०५५) को *नेपालको प्राचीन तथा मध्यकालीन इतिहास* नामक पुस्तक प्रकाशित छ । यस पुस्तकमा नेपाल उपत्यकाको उत्पत्ति र यसको प्राचीनता, बिदेह र कपिलवस्तुको इतिहास, किरातकाल र लिच्छविकालको इतिहास, मध्यकालीन नेपालमा तिरहुतको कर्णाटक राज्य, कर्णालीको खस राज्य, उपत्यकाको मल्ल राज्यहरू, बाइसे र चौबीसे राज्यहरूका राजा र शासन व्यवस्था, गोरखा राजवंशको विकास, नेपाल एकीकरण, नेपाल-अंग्रेज युद्ध र सुगौली सन्धि आदिका बारेमा व्याख्या गरिएको छ ।

देवराज आचार्य (२०५६) को *हाम्रा दर्शनीय स्थल* नामको पुस्तक प्रकाशित छ । यस पुस्तकमा सल्यान जिल्ला र छायाँक्षेत्र शक्तिपीठको सङ्क्षिप्त परिचय दिइएको छ ।

घटराज भट्टराई (२०५८)का *स्वर्गद्वारी आश्रम तीर्थस्थल परिचय* नामक पुस्तक प्रकाशन भएको छ । यस पुस्तकमा स्वर्गद्वारी आश्रमको उत्पत्तिको कथा, स्थापना विवरण, त्यहाँ गरिने पूजा आराधना आदि उल्लेख गरिएको छ । पुस्तकमा लेखकले धार्मिक पक्षलाई बढी जोड दिएका छन् । यसमा भौतिक अवस्था, चाडपर्व, पूजा विधिबारे भने उल्लेख गरिएको छैन ।

डिल्लीराज शर्मा (२०५८) को *पश्चिम नेपालको मूर्ति तथा वास्तुकला* नामक पुस्तक प्रकाशित भएको छ । यस पुस्तकमा पश्चिम नेपालमा कलाको विकास, शैव, वैष्णव, शाक्त,

बौद्ध, जैनधर्मसँग सम्बन्धित विभिन्न मूर्तिहरूका साथै अन्य धर्मसँग सम्बन्धित विभिन्न मूर्तिहरूको उल्लेख गरी चर्चा गरिएको छ। त्यसै गरी पुस्तकमा मन्दिर वास्तुकला र पश्चिम नेपालका मन्दिरहरूको चर्चा पनि गरिएको छ।

शिवकुमार सुवेदी (२००३ इ.), *कल्चरल हेरिटेज अफ दाङ भ्याली* शीर्षकमा सम्पन्न अनुसन्धान यस क्षेत्रको सांस्कृतिक अध्ययनको दृष्टिले महत्वपूर्ण कार्य हो। विद्यावारिधि उपाधिको लागि तयार पारिएको अप्रकाशित यस शोधप्रबन्धमा दाङको प्रागैतिहास, थारू संस्कृति र मूर्त सम्पदाका रूपमा आउने कला-वस्तुकलासम्बन्धी सम्पदाहरूको विषयमा जानकारी दिइएको छ।

सूर्यमणि अधिकारी (२०६०) को *बाइसे राज्यको इतिहास* नामक पुस्तक प्रकाशित भएको छ। यस पुस्तकमा खस राज्यको उत्पत्ति, खस राज्यका राजाहरूको वंशानुक्रम, खस राज्यको इतिहास, बाइसे राज्यको उत्पत्ति, बाइसे राज्यभित्र पर्ने राज्यहरूको उत्पत्ति, राजाहरूको वंशावली, इतिहास, राजनैतिक अवस्था, सामाजिक अवस्था, आर्थिक अवस्था, धार्मिक अवस्थाका साथै राज्यहरूको आन्तरिक सम्बन्ध तथा कलह आदिका विषयमा जानकारी दिएको छ

नारायणप्रसाद आचार्य (२०६१) को *सल्यानको इतिहास* नामक पुस्तक प्रकाशित भएको छ। यस पुस्तकमा सल्यान राज्यको स्थापना, राजाको वंशानुक्रम, राजनैतिक अवस्थाका साथै केही ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ।

ध्रुवश्री (२०६४)को *पुण्यभूमि स्वर्गद्वारी* नामक पुस्तक प्रकाशन भएको छ। यस पुस्तकमा बाल तपस्वी प्रभुमहाराजको जन्मस्थान रोल्पाको रुन्टीमा भएको उल्लेख गरिएको छ। यसमा प्रभुमहाराजको बाल्यकाल रुन्टीमा नै बितेको र पछि एकान्त र शान्तिको खोजी गर्दै जाँदा स्वर्गद्वारीमा आएर स्वर्गद्वारी आश्रमको स्थापना गरी बसेको उल्लेख गरिएको छ।

गोविन्द आचार्य (२०६५) को सम्पादनमा जिल्ला विकास समिति दाङले *दाङको पर्यटकीय सम्पदा* नामक पुस्तक प्रकाशन गरी दाङ सांस्कृतिक पर्यटनको आधार हो भन्ने परिचयसहितको वर्णन पुस्तकमा गरिएको छ। साथै यहाँको प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको विवरण दिने कोसिस गरिएको छ। यस पुस्तकमा दाङ जिल्लामा भएका मठ मन्दिर, बिहार, चर्च, धार्मिक तथा सांस्कृतिक, भौतिक सम्पदा प्राकृतिक ताल, दह, झरना

आदिका सङ्क्षिप्त परिचय गराउने जमर्को गरिएको छ । यसमा सांस्कृतिक सम्पदाहरूको इतिहास, स्थापना, मन्दिरमा हुने चाडपर्वको व्याख्या गर्नुका साथै उत्पत्ति, विकासका बारेमा उल्लेख गरिए पनि सम्पदाको धार्मिक पक्ष, महत्व तथा कलाका बारेमा भने व्याख्या गरिएको छैन । सम्पदाहरूको संरक्षण, विकासका जानकारी गराउने उद्देश्यले यहाँका सम्पदाहरूका बारेमा सङ्क्षिप्त प्रकाश पार्न खोजेको देखिन्छ ।

कर्मचारी मिलन केन्द्र, सल्यान (२०६७) द्वारा *मिलन स्मारिका* प्रकाशन गरिएको छ । यस स्मारिकामा 'सल्यान जिल्लाका प्रमुख आकर्षणहरू' शीर्षकमा नारायणप्रसाद आचार्यको आवरण लेख प्रस्तुत गरिएको छ । यस लेखमा सल्यान जिल्लाको भौगोलिक स्वरूप, सल्यान नामकरण, सल्यानको सङ्क्षिप्त इतिहास आदिका विषयमा चर्चा गरिएको पाइन्छ । सल्यानका प्रमुख आकर्षणहरूमा खैराबाङ भगवती मन्दिर, फलाबाङ दरबार, छायाँक्षेत्र र शंखमूल, लक्ष्मीपुर शक्तिपीठ, कुपिण्डे दह र बराह मन्दिर, कृष्ण मन्दिर, कालीमाटी गंगामाला मन्दिर आदि सांस्कृतिक सम्पदाहरूको सङ्क्षिप्त उल्लेख गरिएको छ । पुस्तकमा सम्पदाहरूको उत्पत्तिका बारेमा पनि उल्लेख गरिएको छ ।

दिनेश खड्का (२०६८) को *पर्यटकीय रुकुम* पुस्तक प्रकाशित छ । यसले रुकुम र दाङका केही सांस्कृतिक सम्पदाको अध्ययन भएको देखाएको छ । विशेष गरी रुकुम जिल्लाका ऐतिहासिक सम्पदाहरूको विवरण यस पुस्तकमा व्याख्या गरिएको छ । यस पुस्तकमा ऐतिहासिक पक्षका बारेमा सामान्य चर्चा गरिएको छ, तर, सांस्कृतिक पक्षका बारेमा भने उल्लेख गरिएको छैन ।

नारायणप्रसाद आचार्य (२०६८)को *खैराबाङ भुवनेश्वरी महात्म्य* नामक पुस्तक प्रकाशित भएको छ । यस पुस्तकमा खैराबाङ भगवतीका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा खैराबाङ भगवतीको उत्पत्ति कथा र पूजा पद्धतिको बारेमा विस्तृत रूपमा व्याख्या गरिएको छ ।

गोविन्द आचार्य (२०६९) को *इतिहासको महत्वपूर्ण अंश गढीलेख किल्ला* शीर्षकमा प्रकाशित लेखमा रोल्पाको ऐतिहासिक किल्लाको विषयमा जानकारी पाइन्छ । यसमा त्यहाँ नजिकै रहेको भग्न दरबार क्षेत्र, स्याग्जनगढी र दुर्गा मन्दिरको नजिकमा प्राप्त शिलालेखको विषयमा पनि जानकारी पाइन्छ ।

स्वर्गद्वारी आश्रम (२०६९) ले वार्षिक मुखपत्र *विभूति* प्रकाशन गरेको छ। यस मुखपत्रमा स्वर्गद्वारी आश्रमको सङ्क्षिप्त परिचय, त्यहाँको वर्तमान अवस्था, प्रशासनिक अवस्था आदिका बारेमा उल्लेख गरिएको छ, तर, यस पुस्तकमा स्वर्गद्वारी आश्रमको धार्मिक पक्ष तथा सांस्कृतिक पक्षका बारेमा खासै  उल्लेख गरिएको छैन। त्यसैगरी आश्रमको भौतिक संरचना, आश्रमको उत्पत्ति, विकास, पूजा तथा त्यहाँ मनाउने पर्वका बारेमा पनि उल्लेख गरिएको छैन ।

गोपीनाथ शर्मा (२०७०) को *बाइसे राज्यको इतिहास* (*शिक्षा, कला र संस्कति*) नामक पुस्तक प्रकाशित भएको छ। यस पुस्तकमा खस राज्यको नामकरण तथा स्थापना, बाइसे राज्यको स्थापना र बाइसे राज्यको नामकरण, बाइसे राज्यमा शिक्षा, कला र संस्कृति, खस राज्यका मल्ल राजाहरूको वंशावली, बाइसे राज्यभित्र पर्ने विभिन्न राज्यहरूको स्थापना, राजाहरूको वंशावली, राज्यको सीमाना तथा राज्यको नामकरण आदिका बारेमा चर्चा गरिएको छ। यस सन्दर्भमा राप्ती क्षेँत्रका राज्यहरूबारे पनि जानकारी उपलब्ध हुन्छ।

शिवकुमार सुवेदी (२०७०) को *स्वर्गद्वारीको सांस्कृतिक इतिहास* नामक पुस्तकमा स्वर्गद्वारीको सांस्कृतिक इतिहासको विषयमा उल्लेख गरिएको छ । यस पुस्तकमा स्वर्गद्वारीको विगतदेखि वर्तमानसम्मको भौतिक अवस्था, इतिहास र पूजा पद्धतिबारे प्रस्तुत गरिएको छ । यस पुस्तकमा मूर्त सांस्कृतिक सम्पदाको दृष्टिले महत्व राख्ने शिवालय, गुफा, मन्दिर, यज्ञकुण्डप, गौशाला, सिद्धथान आदिको विषयमा जानकारी दिइएको छ । यसमा स्वर्गद्धरीको दर्शनीय स्थलका रूपमा प्रस्तुत गरिएका शिवालय, गुफा मन्दिर र मूल यज्ञमण्डव निर्माण शैलीका दृष्टिले पनि महत्वपूर्ण छन् । गुफा मन्दिर तले शैलीमा निर्मित छ। यस पुस्तकमा स्वर्गद्धारीका मन्दिरहरूको निर्माण शैलीको विषयमा जानकारी दिइएको छैन ।

गिरिराज अधिकारी (२०७१) ले *चतुर्भुज महिमा* नामक पुस्तक प्रकाशित गरेका छन्। यस पुस्तकमा केही सम्पदाहरूको कविताको रूपमा लयबद्ध तरिकाले प्रस्तुत गरिएको छ। यसमा चतुर्भुज मन्दिर, खुँग्रीकोट दरबार, त्रिपुरा सुन्दरी भगवती, स्वर्गद्वारी आश्रम, जलजला आदिका बारेमा चर्चा गरिएको छ। कविताको रूपमा प्रस्तुत गरिएको हुनाले धेरै कुराहरू पुस्तकले समावेश गर्न सकेको छैन ।

डिल्लीराज शर्मा (२०७१) को *दाङ उपत्यकाको पूरातात्विक महत्व* शीर्षकको अनुसन्धानमूलक लेख प्रकाशित छ । यस लेखमा दाङमा प्राप्त प्रागैतिहासिक कालका प्रस्तर औजारहरूको जानकारी पाइन्छ । त्यसैगरी यस लेखमा दाङमा मूर्त सांस्कृतिक सम्पदाका रूपमा  महत्व राख्ने शिवलिङ्ग, सुकौराको दरबार क्षेत्र, सिद्धरत्ननाथ मठ, मन्ठोर्या मन्दिर, अम्बिकेश्वरी मन्दिर, छिल्लीकोट मन्दिर र सिद्ध भगवन्तनाथको समाधि स्थलहरूको बारेमा जानकारी दिइएको छ ।

मणिराम गौतम (२०७१)ले *खस राज्यको उत्पत्ति तथा विकास* नामको पुस्तक प्रकाशन गरेका छन् । यस पुस्तकमा खसकालीन प्रस्तर मूर्ति, ग्रामीण देवताहरू, सर्पकोट, रुकुमकोट, गजुल राज्यहरूको विषयमा चर्चा गरिएको छ । यसमा तत्कालीन सैनिक तथा प्रशासनिक पदवीबारे पनि चर्चा गरिएको छ ।

दुर्गा पौडेल (२०७२)ले *ओखरकोट* पर्यटन एवं ग्रामीण विकास समिति, प्युठानमार्फत् *ओखरकोट* लेख सङ्ग्रह प्रकाशन गरेको पाइन्छ । यस लेख सङ्ग्रहमा ओखरकोटका बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ भने गौमुखी, स्नाथान जस्ता सांस्कृतिक सम्पदाको सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ ।

पुरातत्व विभाग, काठमाडौं (२०७२) द्वारा *राप्ती अञ्चलका वर्गीकृत सांस्कृतिक सम्पदाहरूको विवरण* नामक पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकमा राप्ती अञ्चलको प्राग्ऐतिहासिक कालको साथै राप्तीका पाँचवटै जिल्लाका राज्यहरूको उत्पत्तिको सङ्क्षिप्त इतिहासका बारेमा उल्लेख गरिएको छ। त्यसैगरी पुस्तकमा राप्ती अञ्चलका प्रमुख ऐतिहासिक तथा पुरातात्विक स्थलहरू र प्रमुख सांस्कृतिक सम्पदाहरूको चर्चा गरिएको छ ।

गिरिराज अधिकारी (२०७३)को *ओझेलमा परेका राप्तीका केही पर्यटकीय स्थलहरू* नामक पुस्तक प्रकाशित भएको छ । यस पुस्तकमा सम्पदाको इतिहास र स्थापना आदिको चर्चा गरिएको छैन । यो पुस्तक सम्पदाको सामान्य परिचय दिने उद्देश्यले प्रकाशित भएको देखिन्छ ।

गोविन्द आचार्य (२०७३, सम्पा.), राप्ती क्षेत्रस्तरीय पर्यटन प्रवर्द्धन समितिमार्फत् *राप्ती क्षेत्रका पर्यटकीय सम्पदा* नामक पुस्तक प्रकाशन भएको छ । यस पुस्तकमा राप्ती क्षेत्रमा भएका प्रमुख सम्पदाहरूको अवस्थिति, ऐतिहासिकता, संरचना र धार्मिक

अनुष्ठानका बारेमा चर्चा गरिएको छ । यसमा समेटिएका केही सम्पदाहरूको भौतिक अवस्था, बनावट, पूजा परम्परा आदिका बारेमा चर्चा गरिएको पाइन्छ ।

बमबहादुर अधिकारी (२०७३)को *बाइसे तथा चौबिसे राज्यको सङ्क्षिप्त इतिहास* नामक पुस्तक प्रकाशित गरिएको छ । यस पुस्तकमा बाइसे तथा चौबिसे राज्यको उदय, ती राज्यहरूको इतिहास तथा ती राज्यहरूमा शासन गर्ने शासकहरूको वंशावली, राजनैतिक अवस्था आदिका बारेमा उल्लेख गर्नुका साथै राप्ती अञ्चलभित्र पर्ने राज्यहरूको ऐतिहासिक विवरण, ऐतिहासिकता आदिको विस्तृत विवरण पाइन्छ ।

शिवकुमार सुवेदी र गोविन्द आचार्य (२०७४ सम्पा.)ले जिल्ला समन्वय समिति दाङद्वारा *दाङ क्षेत्रका प्रागैऐतिहासिक तथा ऐतिहासिक सम्पदाको अध्ययन* नामक पुस्तक प्रकाशन गरिएको छ। यस पुस्तकमा दाङको प्राग्ऐतिहासिक अवस्थाका साथै केही ऐतिहासिक सम्पदाहरू जस्तै छिल्लीकोट मालिका कालिका, सिद्ध भगवन्तनाथ, सिद्ध रत्ननाथ, सुकौराकोटको ऐतिहासिकता, भौतिक संरचना आदिका बारेमा मात्र उल्लेख गरिएको छ, तर, पुस्तकमा सम्पदाको भौतिक संरचनाको अवस्था, सम्पदामा हुने पूजा, परम्परा, मेला, पर्व आदिका बारेमा उल्लेख गरिएको छैन

गणेशमान सिंह (२०७४) को *सल्यान : इतिहास र सपना* नामक पुस्तक प्रकाशित भएको छ। यस पुस्तकमा सल्यान जिल्लाको भौगोलिक अवस्था, सल्यानको इतिहास, सल्यान राज्यको राजवंशावली र सल्यान जिल्लाको कला, साहित्यका बारेमा चर्चा गरिएको छ ।

भूमिराज गौतम (२०७४)को *दाङको चौघेरास्थित सिद्ध रतननाथ मठको सांस्कृतिक अध्ययन* नामक पुस्तक प्रकाशित छ। यस पुस्तकमा नाथ सम्प्रदायको ऐतिहासिक पक्ष, रत्ननाथ मठका योगीहरूको सङ्गठनात्मक स्वरूप र पूजा पद्धतिबारे जानकारी दिइएको छ । यसमा यहाँ मनाइने चाडपर्व र मूर्त सम्पदाका रूपमा रहेका मठ, मूर्तिहरू र शिवलिङ्गबारे जानकारी दिइएको छ ।

तथ्याङ्क कार्यालय प्युठान (२०७४) ले *प्युठान जिल्लाको वस्तुगत विवरण* प्रकाशन गरेको छ। यस पुस्तकमा प्युठान जिल्लाको परिचय, भौगोलिक अवस्था, राजनैतिक अवस्था, आर्थिक अवस्था, सामाजिक अवस्था, जनसंख्या, प्रमुख प्राकृतिक तथा सांस्कृतिक

सम्पदाहरू आदिका तथ्याङ्क दिइएको छ । त्यसैगरी पुस्तकमा केही प्रमुख सम्पदाहरूको सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ ।

तथ्याङ्क कार्यालय रुकुम २०७४) ले *जिल्ला वस्तुगत विवरण, रुकुम* प्रकाशन गरेको छ। यस पुस्तकमा रुकुम जिल्लाको परिचय, भौगोलिक, राजनैतिक, आर्थिक, सामाजिक र जनसङ्ख्याको अवस्था तथा प्रमुख प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको बारेमा तथ्याङ्क उल्लेख गरिएको छ। यसमा साईकुमारी डिग्रे, कालिका मन्दिर, मष्ट थान, देउरकाजी मन्दिरको बारेमा जानकारी पाइन्छ।

तथ्याङ्क कार्यालय दाङ (२०७५) ले *सल्यान जिल्लाको वस्तुगत* विवरण दिने क्रममा खैराबाङ, भूवनेश्वरी मन्दिर, भद्रकाली मन्दिर, फलाबाङ दरबार, लक्ष्मीपुर शक्तिपीठ, छायाँक्षेत्र, देवस्थल, कृष्ण मन्दिर, कालीमाटी बज्यू, गंगामाला देवी मन्दिर आदि मूर्त सांस्कृतिक सम्पदाहरूको विषयमा जानकारी दिएको छ । यसमा सम्बन्धित स्थलका पूजा, परम्परा र ऐतिहासिकता बारे पनि जानकारी दिने प्रयास गरिएको छ ।

तथ्याङ्क कार्यालय प्युठान (२०७५) ले *वस्तुगत विवरण प्रस्तुत* गर्ने क्रममा वि.स. १५५० वा १५६० तिर चन्द वंशी राजाहरूले रोल्पा र प्युठान मिसिएको एउटा स्वतन्त्र राज्य सञ्चालन गरेको विषय उल्लेख गर्दै लटराजदेखि रुद्रप्रताप चन्दसम्मका चौध जना राजाहरूको वंशावली प्रस्तुत गरिएको छ ।

सपना बोहराको (२०७५) *प्रदेश ५ को पर्यटनको चिनारी* नामक पुस्तक प्रकाशित छ। यस पुस्तकमा दाङ जिल्लाका केही सांस्कृतिक सम्पदाहरूका बारेमा सङ्क्षिप्त व्याख्या गरिएको छ, तर, पुस्तकमा ऐतिहासिकता, परम्परा, पूजापाठ, मेलापर्व आदिका बारेमा उल्लेख गरिएको छैन भने सम्पदाको भौतिक संरचनाका बारेमा पनि उल्लेख गरिएको छैन ।

सीप विकास तथा वातावरण संरक्षण केन्द्र, दाङ (२०७६)ले घोराही उपमहानगरपालिकाको योजनामा घोराही उपमहानगरका पर्यटकीय सम्पदा नामक पुस्तक प्रकाशन गरेको छ। यस पुस्तकमा घोराही उपमहानगरपालिकाभित्रका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूका बारेमा उल्लेख गरिएको छ। पुस्तकमा सवारीकोट, सिद्ध रत्ननाथ पीठ, मन्ठोऱ्या मन्दिर, धौलुबगिया, ग्रुम्राहा थारू सांस्कृतिक सङ्ग्रालय, अम्बिकेश्वरी मन्दिर, पाण्डवेश्वर मन्दिर, ॐ सिरडी शाई मन्दिर, गढीटाकुरा देवस्थल, बाह्रकुने ताल, वासुदेव स्थान लरैना, नमो छु बौद्ध गुम्बा, कालिका भगवती मन्दिर, भीमसेन मन्दिर,

नागेश्वर मन्दिर, गणेश मन्दिर, जामे मस्जिद अलसलफीया आदिका सङ्क्षिप्त ऐतिहासिकता, वर्तमान अवस्था, परम्परा आदिको उल्लेख गरिएको छ, तर, पूजापाठ, सम्पदाको भौतिक संरचना, भौतिक अवस्था आदिका बारेमा यो पुस्तक मौन रहेको छ ।

गोविन्द आचार्य (२०७८, सम्पा.) को *रुन्टीगढी क्षेत्रका पर्यटकीय सम्पदा अध्ययन* पुस्तक प्रकाशित छ । रोल्पाको रुन्टीगढी गाउँपालिकाको योजना बमोजिम गरिएको अध्ययनमा राप्ती क्षेत्रमा मूर्त सांस्कृतिक सम्पदाका दृष्टिले महत्व राख्ने रुन्टी मन्दिर, दुर्गा मन्दिर, नागदेवता शिला, छायाँक्षेत्र मन्दिर, चिन्नेनाथ, शिवपार्वती गुफा, डुब्रिङको मूलघर, गढीकिल्ला, उमागढी, मैचन्ने र लोकप्रविधिसँग सम्बन्धित मूर्त सम्पदाहरूको जानकारी पाइन्छ ।

शिवकुमार सुवेदी (२०७९) को *पाण्डवेश्वर धामको सांस्कृतिक इतिहास* प्रकाशित भएको छ । दाङको घोराही उपमहानगरपालिका वडा नम्बर ५ मा अवस्थित पाण्डवेश्वर शिव मन्दिरको सांस्कृतिक अध्ययनमा केन्द्रित यस पुस्तकमा यहाँको पूजा, चाडपर्वका साथै मूर्त सांस्कृतिक सम्पदाका रूपमा रहेका त्रिशूल, शिव मन्दिर, शिवलिङ्ग, यज्ञकुण्ड, गौमुखी धारा, भगवती मन्दिर, गणेश मन्दिर आदिका विषयमा जानकारी दिइएको छ ।

यसरी हेर्दा राप्ती क्षेत्रका ६ वटै जिल्लामा भएका मूर्त सांस्कृतिक सम्पदाहरूको फरक-फरक प्रसङ्गमा निश्चित विषयवस्तुलाई मात्र अँगालेर अध्ययन गरी फुटकर लेख तथा पुस्तकको आकारमा प्रकाशन भएको देखिन्छ । तर, सैद्धान्तिक अनुसन्धान तथा खोज गरी अध्ययन हुन सकेको छैन। राप्ती क्षेत्रका दङ्गीशरणको दरबार क्षेत्र, सुकौरागढ, छिल्लीकोटको दरबार, कालिका मालिका मन्दिर, रतननाथ मठ, अम्बिकेश्वरी मन्दिर, पाण्डवेश्वर मन्दिर, प्युठान स्वर्गद्वारी आश्रम, प्युठानको कालिका मन्दिर, सल्यानको खैराबाङ भगवती मन्दिर, छायाँक्षेत्र मन्दिर, फलावाङ दरबार, कालिका मन्दिर, रुकुमको डिग्रे साई कुमारी भगवती मन्दिर, रुकुमकोट दरबार, रोल्पाको थुनिकोट दरबार, जलजला मन्दिर आदि धार्मिक ऐतिहासिक धरोहरको आजसम्म वैज्ञानिक अध्ययन, खोज तथा अनुसन्धान कार्य हुन सकेको छैन ।

## १.५. शोधको औचित्य

राप्ती क्षेत्र मूर्त सांस्कृतिक सम्पदाको दृष्टिले महत्वपूर्ण छ । यस क्षेत्रमा रहेका समग्र मूर्त सांस्कृतिक सम्पदाहरूको सैद्धान्तिक अध्ययन हुन सकेको छैन । केही

अध्येताहरूले सीमित जिल्ला र निश्चित स्थललाई केन्द्रमा राखेर अध्ययन गरेको पाइन्छ । सैद्धान्तिक अध्ययन नहुँदा सम्पदाहरूको महत्व उजागर हुन सकेको छैन । विवेच्य क्षेत्रका प्रायः मूर्त सम्पदाहरू सबैको उपेक्षाका कारण जीर्ण हुँदै लोपोन्मुख अवस्थामा पुगेका छन् । अतः राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययन शीर्षकको प्रस्तुत शोधकार्य औचित्यपूर्ण छ । यसबाट राप्ती क्षेत्रका समग्र मूर्त सांस्कृतिक सम्पदाहरूको महत्व र अवस्था उजागर भई संरक्षणमा सही बाटो पहिल्याउन सहयोग पुग्ने देखिन्छ ।

## १.६. शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा शोधको भौगोलिक क्षेत्र र विषयगत क्षेत्रको स्पष्ट सीमाङ्कन गरिएको छ । राप्ती क्षेत्र (विगतको राप्ती अञ्चल) यस शोधकार्यको भैगोलिक सीमा रहेको छ । त्यसैगरी राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूमा सनातन हिन्दू र बौद्ध धर्मसँग सम्बन्धित प्रमुख मठ-मन्दिर, गुम्बा, दरबार-घर, किल्ला आदि कला-वास्तुकलाको दृष्टिले महत्व राख्ने सम्पदाहरूलाई अध्ययनको विषय बनाइएको छ । राप्ती क्षेत्रमा मठ, मन्दिर, दरबार, किल्ला गरी एक हजार भन्दा बढी सङ्ख्या छन् तर यस अध्ययनमा एउटा मात्र गुम्बाको रूपमा रहेको नमछु गुम्बालाई छाडेर अन्य एक सय वर्ष पुराना मठ, मन्दिर, दरबार-घर, किल्ला आदि ऐतिहासिक धरोहरहरूको परिचय दिँदै कला-वास्तुकलाको दृष्टिले निर्माण शैलीको विश्लेषणमा मात्र केन्द्रित हुनु यस शोधकार्यको विषयगत सीमा रहेको छ ।

## १.७. शोधविधि

शोधकार्यलाई विश्वसनीय र प्रामाणिक बनाउन शोधविधिको ठूलो भूमिका हुन्छ । यस शोधकार्यमा पनि अध्ययनलाई तथ्यपरक, वस्तुनिष्ठ र प्रामाणिक बनाउनका लागि निश्चित शोधविधिहरू अवलम्बन गरिएको छ । यसका लागि निम्न बमोजिम शोधविधि अवलम्बन गरिएको छ ।

### १.७.१. स्थलगत अध्ययन

स्थलगत अध्ययनलाई अवलोधन विधि पनि भन्न सकिन्छ । यस विधिबाट प्रायः प्राथमिक सूचनाहरूको अपेक्षा गरिन्छ । यस शोधकार्यमा स्थलगत अध्ययनलाई पहिलो प्राथमिकतामा राखिएको छ । यसमा स्वयम्

अध्येताले स्थलगत भ्रमण गरी तथ्याङ्क सङ्कलन गरिन्छ । यसबाट सूचना, तस्बिर आदि प्राप्त हुन्छन् ।

### १.७.२. पुस्तकालयीय अध्ययन

यस विधि अन्तर्गत अनुसन्धानमूलक अप्रकाशित ग्रन्थ, पुस्तक, पत्रिका, जर्नल, वृत्तचित्र, वेवसाइट आदिको अध्ययनको माध्यमबाट सूचना सङ्कलन हुन्छ ।

स्थलगत अध्ययन प्राथमिक स्रोतको माध्यम हो । यसमा अवलोकन गरेर सूचना र तस्बिर सङ्कलन गरिन्छ । त्यसैगरी प्रकाशित पुस्तक, पत्रिका, जर्नल, वृत्तचित्र, वेवसाइट आदि द्वितीय स्रोत हुन् । यस क्रममा अन्तर्वार्ता पनि महत्वपूर्ण हुन आउँछ । यस शोधकार्यमा स्थलगत अध्ययन र पुस्तकालयीय अध्ययन दुवै प्रकारका विधिहरू अवलम्बन गरिएको छ ।

### १.७.३ विश्लेषण विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न विभिन्न विधिहरूबाट सङ्कलित सामग्रीहरूलाई अनेक विधिहरू प्रयोग गरेर विश्लेषण गरिएको छ । यसमा शोध तथ्य सङ्कलनको प्रक्रियाका कारण परिमाणात्मक (Quantitative) को लक्षण देखिन्छ भने कतै एक सम्पदा र अर्को सम्पदा बिच निर्माण शैलीको विश्लेषणात्मक गर्दा तुलनात्मक पद्धतिको लक्षण समेत देखिए पनि यो शोधकार्यमा तथ्यको चयन प्रक्रिया, तथ्य विश्लेषणको पद्धति र प्रयोग सन्दर्भमा गुणात्मक पद्धति (Qualitative) प्रयोग गरिएको छ । साथै प्राविधिक पक्षमा एपिए सातौं संस्करणको ढाँचालाई अवलम्बन गरिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : संस्कृति र सम्पदाको परिचय

परिच्छेद तीन : राप्ती क्षेत्रको परिचय

परिच्छेद चार : राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको परिचय

परिच्छेद पाँच : राप्ती क्षेत्रको मूर्त सांस्कृति सम्पदाहरूको निर्माण शैली

परिच्छेद छ : मूर्त सांस्कृतिक सम्पदाहरूमा धार्मिक सम्वन्ध र प्रभाव

परिच्छेद सात : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्री सूची

परिशिष्ट

# परिच्छेद दुई

# राप्ती क्षेत्रको परिचय

राप्ती क्षेत्र (विगतको राप्ती अञ्चल) नेपालको मध्यपश्चिमाञ्चल भूभागमा रहेको छ । भौगोलिक र सांस्कृतिक विविधता रहेको यो क्षेत्र प्राचीन तथा ऐतिहासिक सांस्कृतिक सम्पदाहरूका दृष्टिले पनि महत्वपूर्ण रहेको छ । यिनै दृष्टिले प्रस्तुत शोधकार्य राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययनमा केन्द्रित छ । यस परिच्छेदमा विवेच्य क्षेत्रको चिनारी प्रस्तुत गरिएको छ । यस सन्दर्भमा यहाँ भौगोलिक अवस्थिति र अवस्था, राप्ती क्षेत्रको प्रशासनिक विभाजन, जनसङ्ख्या, सांस्कृतिक अवस्था आदि उपशीर्षकहरूमा राप्ती क्षेत्रको चिनारी दिइएको छ ।

## २.१. भौगोलिक अवस्थिति र अवस्था

राप्ती क्षेत्रको भूभाग तराईदेखि बाह्रै महिना हिउँले ढाक्ने हिमाली क्षेत्रसम्म फैलिएको छ । यो २८°१२'५१४८" उत्तरी अक्षांश र ८२°३७'०१।९२" पूर्वी देशान्तरमा अवस्थित छ (स्रोत : गुगल) । यो क्षेत्र समुद्री सतहबाट २१३ मिटरदेखि ६००० मिटरसम्मको उचाइमा रहेको छ । न्यूनतम ३ दशमलव ६ डिग्री सेल्सियससम्मको (दाङ) तापक्रम रहेको राप्ती क्षेत्रमा उष्ण, समशीतोष्ण र शीतोष्ण तीन प्रकारको हावापानी रहेको पाइन्छ (आचार्य, २०७३, पृ. १-१९) । यसको कूल क्षेत्रफल ११०४१ वर्गकिलोमिटर रहेको छ (पूर्ववत) । राप्ती क्षेत्रको उत्तरमा जाजरकोट, डोल्पा, दक्षिणमा भारत, पूर्वमा बाग्लुङ, कपिलवस्तु, स्याग्दी, अर्घाखाँची र पश्चिममा बाँके तथा सुर्खेत रहेका छन् ।

राप्ती क्षेत्रको भौगोलिक अवस्था तराई, पहाड, र हिमाली क्षेत्र गरी तीन प्रकारको रहेको छ । यस क्षेत्रमा दाङ र देउखुरी जस्ता ठूला उपत्यका रहेका छन् । दाङ उपत्यका भित्रमधेशको रूपमा चिनिन्छ भने देउखुरी उपत्यकामा हावापानी र भौगोलिक अवस्थाका कारण तराईमा पाइने विशेषता पाइन्छ । रोल्पा, सल्यान र प्युठान पहाडी क्षेत्रमा रहेका छन् । रुकुमको उत्तरी भाग बाह्रै महिना हिउँले ढाकेको हिमाली क्षेत्रका रूपमा चिनिन्छ । रुकुमको उत्तरी भागमा समुद्र सतहदेखि ५८१४ मिटर उचाइ भएको सिस्ने हिमाल र ६००० मिटर उचाइ रहेको पुथा हिमाल रहेका छन् । यस उचाइका काखमा ढोरपाटन, चित्रीपाटन, लालपाटन आदि घाँसे मैदान र सुन, गुप्ता दह जस्ता हिमालहरू रहेका छन् ।

राप्ती क्षेत्रको परिचय दिने क्रममा यस खण्डमा निम्नानुसार प्राकृतिक सम्पदाहरूको जानकारी दिइएको छ ।

## २.१.१ प्राकृतिक सम्पदा

राप्ती क्षेत्र प्राकृतिक दृष्टिले विविधतायुक्त भौगोलिक अवस्था रहेको जानकारी माथि दिइएको छ । यसै विविधताका कारण यस क्षेत्रमा अनेक नदनदी, लेक, उपत्यका, तालतलैया, झरना, गुफा र हिमालहरू उपलब्ध हुन्छन् । यहाँ राप्ती क्षेत्रको चिनारी प्रस्तुत गर्ने क्रममा ताल, झरना, लेक, गुफा र हिमालहरूको नाम दिइएको छ ।

### क) नदी

राप्ती क्षेत्रमा निकै धेरै नदनदी र खोलाहरू रहेका छन् । यीमध्ये केही नदीहरूका स्रोत हिमाली क्षेत्र छन् भने धेरै सङ्ख्याका खोलाका स्रोत महाभारत पर्वत रहेको पाइन्छ । यस क्षेत्रमा बग्ने मुख्य नदीहरूमा राप्ती नदी (दाङ), बबई ( दाङ), शारदा (सल्यान) माडी (रोल्पा) झिम्रुक (प्युठान), लुङ्ग्री (रोल्पा), सानीभेरी ( रुकुम), ठूली भेरी (रुकुम), लुकुम गाड (रुकुम), सेती गाड (रुकुम) र अरङखोला ( प्युठान), अर्जुन खोलो (दाङ) आदि छन् ।

### ख) ताल, दह

राप्ती क्षेत्रमा नदी, खोलाहरू जस्तै प्राकृतिक रूपमा निकै धेरै ताल, दह रहेका छन् । राप्ती क्षेत्रमा रहेका ताल, दहमा गुप्ता दह (रुकुम), सुन दह (रुकुम), कमल दह (रुकुम), स्यार्पु ताल (रुकुम), पारिबाङ दह (रोल्पा), कुपिण्डे दह (सल्यान), कछुवा ताल (सल्यान), बाह्रकुने दह (दाङ), ज्यामिरे दह (दाङ), जखेरा ताल (दाङ), चरिङ्गे दह (दाङ), चेपे ताल (दाङ), गौरीगाउँ ताल (दाङ) आदि महत्वपूर्ण छन् ।

### ग) झरना

राप्ती क्षेत्रमा केही प्राकृतिक झरनाहरू पनि रहेका छन् । राप्ती क्षेत्रलाई चिनाउने त्यस्ता झरनाहरूमा सिमै छहारी (रुकुम), सुनछहरी (रोल्पा) र पुरन्धारा झरना (दाङ) महत्वपूर्ण हुन् ।

**घ) लेक**

राप्ती क्षेत्रको पहाडी क्षेत्र उच्च लेकका दृटिले पनि महत्वपूर्ण छ । यस क्षेत्रको रोल्पामा जलजला, राँकमा धुरी र मुरुल्ले लेक महत्वपूर्ण छन् । रुकुममा मौराखारा लेक र कनखाने लेक महत्वपूर्ण छन् । सल्यानमा थर्कोट र कुमाख महत्वपूर्ण लेखमा आउँछन् । प्युठानमा कोठीभिर महत्वपूर्ण छ ।

**ङ) गुफा**

गुफा पनि प्रकृतिप्रदत्त सम्पदा हुन् । राप्ती क्षेत्रमा निकै धेरै प्राकृतिक गुफाहरू उपलब्ध हुन्छन् । त्यस्ता गुफाहरूमा शिव पार्वती गुफा (रोल्पा), मच्छिन्द्रनाथ गुफा (रोल्पा), मोखला गुफा (सल्यान), कुमाख गुफा (सल्यान), सिद्ध गुफा (सल्यान) र चमेरे गुफा (दाङ) महत्वपूर्ण छन् ।

यस क्षेत्रमा प्राकृतिक सम्पदाका रूपमा रहेका सिस्ने हिमाल, पुथा हिमालका अतिरिक्त धवलागिरि हिमशृङ्खला अन्तर्गत आउने अन्य कयौं हिमालहरू रहेका छन् ।

## २.२ प्रशासनिक विभाजन र जनसङ्ख्या

विक्रम संवत् २०१८ सालको प्रशासनिक विभाजन अघि राप्ती क्षेत्रको नाम स्वर्गद्वारी अञ्चल रहेको थियो । २०१८ सालको प्रशासनिक विभाजनपछि यस क्षेत्रको नाम राप्ती नदीको नामबाट राप्ती अञ्चल नामकरण गरिएको थियो । गणतान्त्रिक व्यवस्था लागु भएपछि गरिएको प्रशासनिक विभाजनमा राप्ती क्षेत्रलाई लुम्बिनी र कर्णाली गरी दुई प्रदेशमा पारिएको छ । पहिले रहेको रुकुम जिल्लालाई रुकुम पूर्व र रुकुम पश्चिममा विभाजन गरी रुकुम पश्चिम र सल्यान जिल्ला कर्णाली प्रदेशमा परेका छन् भने अन्य रुकुम पूर्व, रोल्पा, प्युठान र दाङ लुम्बिनी प्रदेशमा पर्दछन् ।

### २.२.१ प्रशासनिक विभाजन

हाल राप्ती क्षेत्रमा रुकुम पश्चिम, रुकुम पूर्व, रोल्पा, प्युठान, सल्यान र दाङ जिल्लाहरू छन् । यी जिल्लाहरूलाई निम्नानुसार पालिकाहरूमा विभाजन गरिएको छ;

**क) रुकुम पश्चिम**

१. बाँफीकोट गाउँपालिका

२. त्रिवेणी गाउँपालिका

३. सानी भेरी गाउँपालिका

४. आठबिसकोट नगरपालिका

५. मुसिकोट नगरपालिका

६. चौरजहारी नगरपालिका

**ख) रुकुम पूर्व**

१. भूमे गाउँपालिका

२. पुथा उत्तर गंगा गाउँपालिका

३. सिस्ने गाउँपालिका

**ग) रोल्पा**

१. परिवर्तन गाउँपालिका

२. लुङ्ग्री गाउँपालिका

३. माडी गाउँपालिका

४. रुन्टीगढी गाउँपालिका

५. सुनिल स्मृति गाउँपालिका

६. गंगादेव गाउँपालिका

७. सुनछहारी गाउँपालिका

८. थबाङ गाउँपालिका

९. त्रिवेणी गाउँपालिका

१०. रोल्पा नगरपालिका

**घ) सल्यान**

१. कपुरकोट गाउँपालिका

२. त्रिवेणी गाउँपालिका

३. छत्रेश्वरी गाउँपालिका

४. कालीमाटी गाउँपालिका

५. सिद्धकुमाख गाउँपालिका

६. दार्मा गाउँपालिका

७. शारदा नगरपालिका

८. कुमाख गाउँपालिका

९. बागचौर नगरपालिका

१०. वनगार कुपिण्डे नगरपालिका

**ङ) प्युठान**

१. ऐरावती गाउँपालिका

२. गौमुखी गाउँपालिका

३. झिमरुक गाउँपालिका

४. मालारानी गाउँपालिका

५. माण्डवी गाउँपालिका

६. नौबहिनी गाउँपालिका

७. सरुमारानी गाउँपालिका

८. प्युठान नगरपालिका

९. स्वर्गद्वारी नगरपालिका

**च) दाङ**

१. बबई गाउँपालिका

२. शान्तिनगर गाउँपालिका

३. दंगीशरण गाउँपालिका

४. राप्ती गाउँपालिका

५. गढवा गाउँपालिका

६. राजपुर गाउँपालिका

७. बंगलाचुली गाउँपालिका

८. लमही नगरपालिका

९. घोराही उपमहानगरपालिका

१०. तुलसीपुर उपमहानगरपालिका

### २.२.२ जनसङ्ख्या

राप्ती क्षेत्रमा रहेका जिल्लाहरूमा निम्न बमोजिमको जनसङ्ख्या वितरण रहेको छ ।

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| रुकुम पूर्व | २९२७० | २७५१६ | ५६७८६ |
| रुकुम पश्चिम | ८५६४९ | ८१०९१ | १६६७४० |
| रोल्पा | १२४९२२ | १०९८७१ | २३४७९३ |
| सल्यान | १२३५३३ | ११४९८२ | २३८५१५ |
| प्यूठान | १२७८८७ | १०४१३२ | २३२०१९ |
| दाङ | ३५४४२० | ३२०५७३ | ६७४९९३ |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. १२-२०)

## २.३ सांस्कृतिक अवस्था

राप्ती क्षेत्र सांस्कृतिक विविधता रहेको क्षेत्र हो । यस क्षेत्रमा जाति, भाषा र धर्मका दृष्टिले पनि विविधता पाइन्छ । यो क्षेत्रमा जाति, भाषाभाषी र विविध प्रकारका धर्मावलम्बीहरूको बसोबास रहेका कारण विविध प्रकारका पुराना धार्मिक प्रतिष्ठानहरू पाइन्छन् भने पुराना भुरे राज्यहरूले प्रयोग गरेका दरबार र किल्लाहरूका संरचना एवम् तिनका भग्न अवशेषहरू उपलब्ध हुन्छन् । यहाँ राप्ती क्षेत्रमा रहेका जातजाति, भाषाभाषी र उपलब्ध हुने प्रमुख मठ, मन्दिर, गुम्बा, दरबार र किल्लाका नामावली दिइएको छ ।

## २.३.१ रुकुम (पश्चिम-पूर्व)

### क) जातजाति

| क.सं. | जातजाति | सङ्ख्या |
|---|---|---|
| १. | क्षेत्री | ९३८५७ |
| २. | मगर | ४९७४३ |
| ३. | दलित | १११८३ |
| ४. | ठकुरी | ९८८५ |
| ५. | ब्राह्मण | ६९१० |
| ६. | दशनामी-सन्यासी | १२८४ |
| ७. | नेवार | ५८९ |
| ८. | अन्य | ११७० |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. १७४)

### ख) भाषा-भाषी

| क.सं. | भषा | सङ्ख्या |
|---|---|---|
| १. | नेपाली | १९११०६ |
| २. | मगर | १६६१५ |
| ३. | गुरुङ | ३९८ |
| ४. | अन्य | ४४८ |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. २५९)

### ग) धर्म

| क.सं. | धर्म | सङ्ख्या |
|---|---|---|
| १. | हिन्दू | १८५२१३ |
| २. | बौद्ध | १७५२ |
| ३. | अन्य | १४७३ |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. १७४)

## २.३.२ प्यूठान

### क) जातजाति

| क.सं. | जातजाति | सङ्ख्या |
|---|---|---|
| १. | मगर | ७८१०४ |
| २. | क्षेत्री | ५९४३४ |
| ३. | दलीत | ५०७२३ |
| ४. | ब्रह्माण | १९७५० |
| ५. | दशनामी | ६५८७ |
| ६. | नेवार | ३६३९ |
| ७. | गुरुङ | ३४५१ |
| ८. | अन्य | १०३३१ |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. १४६)

### ख) भाषा-भाषी

| क.सं. | भाषा | सङ्ख्या |
|---|---|---|
| १. | नेपाली | २,२०,१२० |
| २. | मगर | ७७९९ |
| ३. | नेवार | १२८४ |
| ४. | गुरुङ् | १२३१ |
| ५. | अन्य | १५८५ |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. २६०)

### ग) धर्म

| क.सं. | धर्म | प्रतिशत |
|---|---|---|
| १. | हिन्दू | २२३८३५ |
| २. | बौद्ध | २८७९ |
| ३. | इस्लाम | ७७८ |
| ४. | अन्य | ४५२७ |

(केन्द्रीय तथ्याङ्क कार्यालय, २०७८, पृ. ४९२)

## २.३.३ रोल्पा

### क) जातजाति

| क.सं. | जतजाति | प्रतिशत |
|---|---|---|
| १. | मगर | ४३.७८ प्रतिशत |
| २. | क्षेत्री | ३३.३८ प्रतिशत |
| ३. | कामी | १०.५० प्रतिशत |
| ४. | अन्य | १२.३४ प्रतिशत |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. १४५)

### ख) भाषा-भाषी

| क.सं. | भषा | प्रतिशत |
|---|---|---|
| १. | नेपाली | ८५.१७ प्रतिशत |
| २. | मगर | ११.७३ प्रतिशत |
| ३. | अन्य | ०.२८ प्रतिशत |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. २५९)

### ग) धर्म

| क.सं. | धर्म | प्रतिशत |
|---|---|---|
| १. | हिन्दू | ८५.१७ प्रतिशत |
| २. | बौद्ध | ११.७३ प्रतिशत |
| ३. | अन्य | ३.१ प्रतिशत |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. ४९२)

## २.३.४ सल्यान

### क) जातजाति

| क.सं. | जतजाति | प्रतिशत |
|---|---|---|
| १. | क्षेत्री | ५७.३३ प्रतिशत |
| २. | मगर | १४.९७ प्रतिशत |
| ३. | दलित | १७.९४ प्रतिशत |
| ४. | दशनामी | ११.७० प्रतिशत |
| ५. | ठकुरी | ३.४९ प्रतिशत |
| ६. | ब्राह्मण | २.४७ प्रतिशत |
| ७. | अन्य | बाँकी सङ्ख्या |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. १७५)

### ख) भाषा-भाषी

| क.सं. | भाषा | प्रतिशत |
|---|---|---|
| १. | नेपाली | ९९.३५ प्रतिशत |
| २. | मगर | ०.३२ प्रतिशत |
| ३. | नेवार | ०.०७ प्रतिशत |
| ४. | अन्य | ०.२६ प्रतिशत |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. २७४)

### ग) धर्म

| क.सं. | धर्म | प्रतिशत |
|---|---|---|
| १. | हिन्दू | ९७.७३ प्रतिशत |
| २. | बौद्ध | ०.८१ प्रतिशत |
| ३. | अन्य | १.४६ प्रतिशत |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. ४९६)

## २.३.५ दाङ

### क) जातजाति

| क्र.सं. | जातजाति | प्रतिशत |
|---|---|---|
| १. | थारू | २८.८५ प्रतिशत |
| २. | क्षेत्री | २५.३४ प्रतिशत |
| ३. | मगर | १३.८६ प्रतिशत |
| ४. | ब्राह्मण | १०.३० प्रतिशत |
| ५. | दलित | १२.१२ प्रतिशत |
| ६. | दशनामी | २.४१ प्रतिशत |
| ७. | अन्य | ७.१२ प्रतिशत |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. १५९)

### ख) भाषा-भाषी

| क्र.सं. | भाषा | प्रतिशत |
|---|---|---|
| १. | नेपाली | ६७.६६ प्रतिशत |
| २. | थारू | २७.४७ प्रतिशत |
| ३. | अवधी | १.६८ प्रतिशत |
| ४. | मगर/खाम | १.९२ प्रतिशत |
| ५. | अन्य (हिन्दी, नेवारी, मैथिली, भोजपुरी आदि) | १.२७ प्रतिशत |

(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८, पृ. २६६)

### ग) धर्म

| क्र.सं. | धर्म | प्रतिशत |
|---|---|---|
| १. | हिन्दू | ९६.४६ प्रतिशत |
| २. | बौद्ध | १.१६ प्रतिशत |
| ३. | इस्लाम | ०.८७ प्रतिशत |
| ४. | अन्य | १.५१ प्रतिशत |

(केन्द्रीय तथ्याङ्क कार्यालय, २०७८, पृ. ४९४)

माथि प्रस्तुत गरिएको जातजाति, भाषाभाषी र धर्म सम्बन्धी सूचनामा प्युठान जिल्लाको सूचना समावेश छैन । बाँकी पाँच जिल्लाका सूचनाको आधारमा राप्ती क्षेत्रमा सबैभन्दा धेरै क्षेत्री जातिको बसोबास देखिन्छ । त्यसपछि क्रमशः मगर, थारू र अन्य जातिहरू आउँछन् । भाषाभाषीका दृष्टिले हेर्दा नेपाली भाषीको सङ्ख्या अत्यधिक छ र त्यसपछि मगर, थारू, अवधी आदि भाषीहरू रहेको देखिन्छ । धर्मावलम्बीहरूको अवस्था हेर्दा हिन्दू धर्मावलम्बीको अत्यधिक सङ्ख्या छ भने त्यसपछि बौद्ध र इस्लाम धर्मावलम्बीहरूको सङ्ख्या आउँछ ।

## २.४ ऐतिहासिक धरोहरहरू

राप्ती क्षेत्र धार्मिक मठ, मन्दिर, गुम्बा, मस्जिद तथा ऐतिहासिक कालका साक्षका रूपमा रहेका दरबार, किल्ला आदि ऐतिहासिक धरोहरूहरूका दृष्टिले महत्वपूर्ण छ । यहाँ मठ, मन्दिर, गुम्बा, मस्जिद आदि धार्मिक र दरबार, किल्ला, घर जस्ता आवासीय प्रमुख धरोहरहरूको नामावली दिइएको छ ।

### २.४.१ मठ, मन्दिर, गुम्बा, थान

राप्ती क्षेत्रमा हिन्दू धर्मावलम्बीहरूसँग सम्बन्धित धेरै सङ्ख्यामा मठ, मन्दिर तथा थानहरूको सङ्ख्या उपलब्ध हुन्छन् । यसैगरी बुद्ध धर्मसँग सम्बन्धित गुम्बा र इस्लाम धर्मावलम्बीहरूका मस्जिदको स्थापना पनि पाइन्छ । उपलब्ध मठ, मन्दिर, गुम्बा, मस्जिदहरूमध्ये अम्बिकेश्वरी मन्दिर (दाङ), गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ (दाङ), बाघनाथबाबा (दाङ), बाघेश्वरी मन्दिर (दाङ), नमःछु गुम्बा (दाङ), अलसलफिया जामे मस्जिद (दाङ), आदि महत्वपूर्ण छन् ।

त्यसै गरी रुकुमका डिग्रे साइकुमारी मन्दिर, कालिका भगवती मन्दिर, विजयश्वरी भगवती, चन्दननाथ मन्दिर, बराह मन्दिर, शेरमुक्तेश्वर मन्दिर र रोल्पाका चतुर्भुज शिव पाञ्चायन मन्दिर, चिन्नेनाथ, जलजला, त्रिपुरेश्वरी मन्दिर महत्वपूर्ण छन् । प्युठानका स्वर्गद्वारी मन्दिर, झाँक्रीथान, कालिका भगवती मन्दिर, ऐरावती मन्दिर र सल्यानका भुवनेश्वरी मन्दिर, छत्रेश्वरी मन्दिर, शङ्खमूल मन्दिर, लक्ष्मीपुर भगवती, शीतलपाटी शिवमन्दिर आदि महत्वपूर्ण छन् ।

### २.४.२ दरबार, किल्ला

राप्ती क्षेत्रमा ऐतिहासिक कालदेखि नै अनेक राजारजौटाहरूका ठूला-साना राज्यहरू सञ्चालनमा रहेको बुझिन्छ । एकीकरण अभियानपश्चात त्यस्ता राज्यहरू विशाल नेपालमा गाभिएका थिए । यस क्षेत्रमा अहिलेसम्म त्यस्ता राज्यहरूका साक्षका रूपमा दरबार र सुरक्षा किल्लाका अवशेषहरू उपलब्ध हुन्छन् । त्यस्ता स्थलाहरूमा सुकौराकोट (दाङ), जसपुरकोट (दाङ), भित्रीकोट (प्यूठान), छिल्लीको (दाङ), मुसीकोट दरबार (रुकुम), खुङ्ग्री (रोल्पा), थुनी (रोल्पा) महत्वपूर्ण छन् । यस सन्दर्भमा गढी किल्ला (रोल्पा), उमागढी (रोल्पा) गढीलेक किल्ला (दाङ) पनि महत्वपूर्ण छन् ।

## २.५ निष्कर्ष

परिच्छेद तीनमा यस शोधकार्यको विवेच्य क्षेत्रको रूपमा रहेको राप्ती क्षेत्रको सङ्क्षिप्त परिचय दिइएको छ । यस सन्दर्भमा सर्वप्रथम राप्ती क्षेत्रको भौगोलिक अवस्थिति र अवस्था प्रस्तुत गरिएको छ । राप्ती क्षेत्रमा भौगोलिक दृष्टिले विविधतायुक्त भूभाग रहेको छ । समुद्र सतहबाट २१३ मिटरदेखि ६००० मिटरसम्मको उचाइसम्म फैलनुले यसको भौगोलिक विविधता प्रस्तुत गर्दछ । यस विविधताभित्र तराई, पहाड र हिमाली हावापानी र तदनुसारको प्राकृतिक अवस्था निर्माण भएको छ । यस क्षेत्रमा दाङ-देउखुरी जस्ता विशला उपत्यका, थर्कोट, जलजला, मौराखारा, कुमाखजस्ता पहाडी लेक र सिस्ने, पुथा जस्ता हिमालहरू रहेका छन् । यस क्षेत्रमा प्राकृतिक सम्पदाका रूपमा राप्ती, भेरी, बबई आदि नदी तथा गहिरा तालहरू रहेका छन् ।

राप्ती क्षेत्र प्रशासनिक विभाजनको दृष्टिले वि.सं. २०१८ सालको विभाजनमा राप्ती अञ्चलभित्र परेको थियो, यस अञ्चलमा रुकुम, रोल्पा, सल्यान, प्युठान र दाङ जिल्ला थिए । हाल पछिल्लो प्रशासनिक विभाजनमा राप्ती क्षेत्रको रुकुम जिल्लालाई रुकुम पश्चिम र रुकुम पूर्व गरी दुई जिल्लामा विभाजन गरी सल्यान र रुकुम पश्चिमलाई कर्णाली प्रदेशमा राखिएको छ भने रुकुम पूर्व, रोल्पा, प्युठान र दाङलाई लुम्बिनी प्रदेशमा राखिएको छ ।

राप्ती क्षेत्रको सांस्कृतिक अवलोकन गर्दा यस क्षेत्रमा सबैभन्दा बढी क्षेत्री जातिको बसोबास छ । त्यसपछि क्रमशः मगर, थारू, दलित, ब्राह्मण आदि जातिको देखिन्छ । भाषाभाषीका दृष्टिले नेपाली भाषा सर्वाधिक प्रयोग हुन्छ । त्यसपछि मगर, थारू, अवधी आदि भाषा बोलिन्छन् । धर्मावलम्बीका दृष्टिले हेर्दा हिन्दू धर्मावलम्बीको सङ्ख्या अत्यधि छ ।

त्यसपछि बौद्ध, इस्लाम र क्रिश्चियन धर्मावलम्बीहरूको सङ्ख्या आउँछ । राप्ती क्षेत्र विशाल अठार मगरात, डँगौरा थारू र अवधी भाषी समुदायको बसोबास रहेको स्थल हो । त्यसैले यी समुदायका बेग्लै र मौलिक भाषा संस्कृति पाइन्छन् ।

राप्ती क्षेत्र धार्मिक प्रतिष्ठान र ऐतिहासिक धरोहरहरू पाइने दृष्टिले पनि महत्वपूर्ण छ । यस क्षेत्रमा हिन्दू धर्मावलम्बीहरूका आराध्य देवदेवीहरूसम्बन्धी सयौँ मठमन्दिर तथा थानहरू उपलब्ध हुन्छन् । त्यसैगरी ऐतिहासिककालदेखि नै यस क्षेत्रमा साना-ठूला राज्यहरू सञ्चालन भएका निकै धेरै प्रमाणहरू भेटिन्छन् । हालसम्म पनि यहाँ ऐतिहासिक कालमा सञ्चालन भएका राज्यहरूका दरबार र राज्यको सुरक्षाका लागि प्रयोग गरिएका किल्लाहरूका अवशेषहरू उपलब्ध हुन्छन् । यी सबैले राप्ती क्षेत्रको समष्टि परिचय दिन्छन् ।

# परिच्छेद तीन

# संस्कृति र सम्पदाको परिचय

## ३. विषय परिचय

परिच्छेद दुईलाई सैद्धान्तिक अध्ययनको रूपमा प्रस्तुत गरिएको छ । यसमा संस्कृति, सम्पदा र कला-वास्तुकलासम्बन्धी अवधारणाका साथै संस्कृतिलाई विभिन्न आधारहरूमा वर्गीकरण गरेर हेरिएको छ । मूर्त सांस्कृतिक सम्पदाहरूको निर्माण शैलीका दृष्टिले विश्लेषण गर्ने उद्देश्य अनुसार कला-वास्तुकलाको सैद्धान्तिक आधारहरू पनि प्रस्तुत गरिएको छ । यस परिच्छेदमा सैद्धान्तिक आधार प्रस्तुत गर्दा संस्कृतिको परिचय, संस्कृतिका मूलभूत मान्यता र अभिलक्षण, संस्कृतिका प्रकार, सम्पदाको परिचय, सांस्कृतिक सम्पदा तथा सम्प्रदाय र मूर्त सांस्कृतिक सम्पदा विश्लेषणका आधारहरू प्रस्तुत गरिएको छ ।

## ३.१ संस्कृतिको परिचय

संस्कार गर्ने, परिष्कार गर्ने, सुध्याउने, परिमार्जन गर्ने, संस्कृत रूप दिने, चम्किलो पार्ने, उज्यालो तुल्याउने इत्यादि अर्थमा संस्कृति शब्दको प्रयोग गरिने भए पनि संस्कृति शब्दका धेरै अर्थहरू छन् । बृहत् समाज, सभ्यता, जीवनशैली, जीवनदृष्टि, दर्शन, विचार, परम्परा, प्रवृत्ति चिन्तन, विश्वास, रूचि, आचार, व्यवहारलगायत धेरै सन्दर्भगत अर्थ हुने संस्कृति शब्दले समग्र सभ्यता र जीवनपद्धतिलाई समेटेको हुनाले यसको अर्थ धेरै व्यापक छ । संस्कृतिलाई शब्दार्थले मात्र चिनाएर पुग्दैन । संस्कृतिका भावार्थहरूले संस्कृति के हो भन्ने बुझ्न केही मद्दत गर्ने छन् तापनि संस्कृति यही नै हो भन्ने कुरा त्यसपछि पनि व्याख्येय र अनुसन्धेय विषय रही आएको छ । देश, कालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएका लोकमान्यता, जीवनबोध, आचार, विचार, रहनसहन, आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिका स्वरूप छुट्टिने यावत् मान्यता, भावना, चिन्तन मनन, भौतिक अभिव्यक्तिहरू समेतको समूह वा साधन, कला, साहित्य, सङ्गीत, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टि रूपलाई संक्षेपमा संस्कृति भन्न सकिन्छ । संस्कृति मानव सभ्यता र विकाससँग जोडिएर युगयुगदेखि मानव परम्परामा सर्दै, व्यवहृत हुँदै आएको चिन्तन, दर्शन र दृष्टि हो ।

त्यसैले संस्कृति के हो भन्नुभन्दा संस्कृति के होइन ? भनेर चिन्न सजिलो छ। अर्थात् संस्कृति चिन्न धेरै कुरा चिन्न आवश्यक हुन्छ ।

नेपाली बृहत् शब्दकोशमा संस्कृतिको अर्थ विभिन्न किसिमले गरिएको छ । (१) कुनै वस्तुलाई परिमार्जन गरेर वा संस्कृत रूप दिएर उज्यालो र निखर बनाउने संस्कार, परिष्कार । (२) कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप । (३) धेरै समयदेखि देश कालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको आचार, विचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, कुनै समाज, जाति आदिका स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधन । (४) कला, साहित्य, इतिहास, भाषा, धर्म दर्शन आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टि नाम भनेर चिनाइएको छ । माथिको शब्दार्थ र तात्पर्यार्थबाट नै संस्कृति शब्द र यसको अर्थले समेटेको विषय र क्षेत्र धेरै व्यापक छ भन्ने स्पष्ट हुन्छ। प्रज्ञा संस्कृति कोशमा “संस्कृति, सहजीवनको पद्धति र कला हो, आदत, रीतिरिवाज र विश्वासको बन्धन हो । त्यसैले मानिस आफु, आफैद्वारा निर्मित विधि-व्यवस्था, नैतिक सदाचार र सामाजिक अनुबन्धमा बाँधिने संस्कृतिमा आबद्ध हुन्छ” । “संस्कृतिको सार सामान्य हुन्छ र रूप विशिष्ट हुन्छ” (प्रभात, २०७४, पृ. ४६२) भनिएको छ । यो परिभाषाले पनि संस्कृतिको व्यापकता र विशिष्टतालाई नै सङ्केत गरेको छ ।

त्यस्तै संस्कृतिलाई चिनाउने सन्दर्भमा खण्डेलवालले पनि विभिन्न विद्वान्हरूका संस्कृतिसम्बन्धी धारणाहरूलाई एकै ठाउँ समेट्दै संस्कृतिलाई “प्रकृति र प्रत्ययको आधारमा संस्कृति र संस्कारको एउटै अर्थ हुन्छ तर संस्कृतिको अर्थ हिँजोआज बेग्लै प्रकारले लिइन्छ । “कुनै पनि जाति अथवा राष्ट्रका शिष्ट पुरुषहरूका विचार, वाणी एवम् क्रिया जुन सबैतिर व्याप्त रहन्छ त्यसैको नाम संस्कृति हो” भन्ने चक्रवर्तीको धारणा, “संस्कृतिको शब्दार्थ हो उत्तम वा सुधारिएको स्थिति । मनुष्य स्वभावैले प्रगतिशील प्राणी हो । उसले बुद्धिको प्रयोगद्वारा आफ्नो चारैतिरका प्राकृतिक परिस्थितिहरूलाई निरन्तर सुधार्छ अनि उन्नति गर्दछ । यस्तो प्रत्येक जीवनपद्धति रीति-नीति, रहनसहन, आचार-विचार, नवीन अनुसन्धान अनि आविष्कार जसद्वारा मानिस पशुहरू अनि जङ्गली स्तरदेखि माथि उठ्छ तथा सभ्य बन्छ, त्यही नै सभ्यता र संस्कृति हो” भन्ने हरिदत्त वेदालंकारको धारणा, “संस्कृति समाजको विरासत हो” भन्ने लिन्टनको धारणालाई समेट्दै संस्कृतिलाई चिनाउने प्रयत्न

गरेका छन् (खण्डेलवाल, सन् १९८४, पृ. १-२) । यसैगरी भृकुटी (संस्कृति विशेषाङ्क) मा "मानव समाजद्वारा निर्माण गरिने संस्कृति मनुष्यको भिन्न स्वको आधार, जीवनमूल्य र उत्प्रेरणाको जीवन्त तत्व उसको सिर्जनात्मक सामर्थ्य र उर्ध्वगामी यात्राको परिचायक मात्र रहँदै आएको छैन, जीवन बाँच्ने सबै प्रकारको पद्धति र पक्षलाई संस्कृति शब्दले सम्बोधन गर्छ। सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, धार्मिक व्यवहार आदिलाई संस्कृति शब्दले सोझो रूपमा सम्बोधन गरेको पाइन्छ" (गिरी र पाण्डे, २०७०, पृ. १४) भनिएको छ ।

संस्कृतिलाई अङ्ग्रेजीमा कल्चर शब्दले चिनाउने गरेको पाइन्छ। कल्टका वीजारोपण, पद्धति, बुद्धि विकास, सुसंस्कार, शिक्षा, संस्कृति आदि अर्थहरू हुन्छन् भनिएको छ। कल्चरले बुद्धि, पद्धति, संस्कार, शिक्षा दिए जस्तै संस्कृत भाषाको संस्कृति भन्ने शब्दका पनि समानार्थी धेरै अर्थहरू हुने भएकाले कल्चर र संस्कृतिलाई समानार्थी शब्द मान्न सकिन्छ तापनि संस्कृति शब्दका अनेक तात्पर्यार्थहरूले संस्कृति र यसले वहन गर्ने अर्थ अझै गरिमापूर्ण छ भन्न सकिन्छ ।

अंग्रेजी शब्द कल्चरको नेपाली रूपान्तर संस्कृति हो। अंग्रेजी शब्द कल्चर ल्याटिन अमेरिकी शब्द कुलतुरा (कल्चर) बाट आएको हो। यो अंग्रेजी भाषाको to cultivate बाट अपभ्रंश हुँदै आएको हो (दाहाल, २०६०, पृ. ९) । जसको शाब्दिक अर्थ बीजारोपण गर्नु भन्ने हुन्छ। बीजारोपण भन्नाले खराब चरित्रलाई परिष्कृत गरेर मानिसका परम्परागत मूल्य र मान्यताहरूलाई उज्यालो, चम्किलो बनाई सभ्य र विशिष्ट बनाउनु हुन्छ । संस्कृतिका कारणले गर्दा मानिस आज सु-संस्कृत र सभ्य हुन सफल भएको छ । यदि मानिसमा संस्कृति नभएको भए वा संस्कृतिलाई अनुकरण नगर्ने भएको भए मानिस र पशुमा केही फरक हुँदैन थियो। त्यसैले मानिसको जीवनमा संस्कृति एक आवश्यक तत्वको रूपमा रहेको छ। संस्कृति भन्नाले मानवले आर्जन गरेका आस्था, विश्वास, परम्परा, संस्कार, मूल्य, मान्यता, धर्म, दर्शन, कला, साहित्य, सङ्गीत, रहनसहन, भेषभूषा, खानपान, चाडपर्व आदि सबैलाई बुझाउँछ। यति मात्र हैन संस्कति भित्र मानिसले निर्माण गरेका मठ, मन्दिर, स्मारक, दरबार, भवन, पुरातात्विक स्थल, ऐतिहासिक तथा धार्मिक स्थल, मूर्ति, बाजागाजा आदि सबै पर्दछन्। त्यसैले मानिसले समाजको एक सदस्यको नाताले समाजबाट आर्जन गरेका सम्पूर्ण व्यवहारहरूलाई संस्कृति भनिन्छ। यस्ता व्यवहार, प्रचलन, परम्परा, मूल्य, मान्यताहरू सधैँभरि पुरानो पुस्ताबाट नयाँ पुस्तामा पिँढी दर पिँढी हस्तान्तरण हुँदै जान्छ। यस अर्थमा विगतदेखि वर्तमानसम्म समय अनुसार संस्कृति परिस्कृत तथा परिमार्जित हुँदै

जाने एक प्रक्रिया पनि हो । त्यसैले संस्कृतिको निर्माण तथा विकास एकै पटक वा एक्कासी नभएर हजारौँ हजार वर्षको अनुभवबाट निर्माण हुन्छ । समाजमा बसोबास गर्ने जातजातिहरूको सामूहिक योगदानको परिणामस्वरूप संस्कृतिको निर्माण हुन्छ। यसरी हेर्दा संस्कृतिको अर्थ र क्षेत्र व्यापक र विशाल रहेको देखिन्छ। संस्कृति अन्तर्गत कुनै पनि समुदाय, समाज वा राष्ट्रका सम्पूर्ण क्रियाकलापहरू पर्दछन् तसर्थ, संस्कृतिलाई शाब्दिक अर्थले मात्र प्रष्ट्याउन सकिँदैन। यो मानव जीवनको व्यापक परिवेशमा व्याप्त छ।

इ.बी. टोयलरका अनुसार “संस्कृति त्यो जटिलताको समिष्टि हो जसमा मानिसले समाजबाट सिकेका ज्ञान, विश्वास, कला, आदर्श, नियम, कानून, प्रथा, बानी, व्यवहार आदि हुन्छन्” (उपाध्याय, १९९९, पृ २)। पन्तका अनुसार “जीवन र जगत्सँग सम्बद्ध भौतिक र अभौतिक पक्षको साझा नाम संस्कृति हो । यसभित्र सम्पूर्ण प्राणीको कल्याण गर्नका लागि गरिने चालचलन, आचार, व्यवहार, खानपान, रहनसहन, आस्था, विश्वास, नीति नियम, ज्ञान, विज्ञान, साधना आदि सबै पर्दछन्” (पन्त, २०६९, पृ. ३२)। रिमालका अनुसार, “जातिको उत्पत्ति नभएको समयमा, नेपाली भाषाको जन्मै नभएको समयमा वा त्योभन्दा पनि अगाडि संस्कृतिको जन्म भएको थियो” (रिमाल, २०४५, पृ ३३)। यसरी संस्कृतिको परम्परा निकै पुरानो रहेको देखिन्छ।

के.एम.मुन्सीका अनुसार, “संस्कृति बिस्तारै तर क्रमबद्ध रूपमा निर्माण हुन्छ र संस्कृति बन्नका लागि हजारौँ वर्ष लाग्दछ। बेग्लाबेग्लै स्थानमा रहेर विशेष प्रकारसँग सामाजिक वातावरण, आस्था, प्रथा, व्यवस्था, धर्म, दर्शन, भाषा, लिपि, कला, परम्परा आदि विकास भई संस्कृतिको निर्माण हुन्छ” (मुन्सी, सन् १९८५, पृ. ४)। मोहनप्रसाद खनालका अनुसार– “नेपाली संस्कृति आर्य संस्कृतिको शाखा हो । स्थान विशेष तथा जाति विशेषको संस्कृति नै एक सामूहिक योग हो, जसको निर्माता, संरक्षक मानव समुदाय नै हो । हजारौँ हजार वर्षको आयात-निर्यात र जातिगत मिश्रणको क्रमबद्ध इतिहास नै संस्कृति हो” (बराल, २०४४, पृ. ३)। वासु बरालका अनुसार “संस्कृति बिस्तारै तर क्रमबद्ध रूपमा निर्माण हुन्छ र यो बन्नका लागि सयौँ वर्ष लाग्दछ। विशेष गरी सामाजिक वातावरण, संस्था, प्रथा, व्यवस्था, धर्म, दर्शन, लिपि, भाषा, कला, साहित्य आदिको विकास गरी मान्छेले विशिष्ट संस्कृतिको निर्माण गर्दछ । यसरी संस्कृतिको निर्माता स्वयम् मानिस नै हो भन्ने स्पष्ट हुन्छ।

माथिका विद्वानहरूका परिभाषाहरूलाई अध्ययन गर्दा संस्कृतिको क्षेत्र व्यापक देखिन्छ । संस्कृतिभित्र कुनै व्यक्ति विशेष मात्र नभएर सिँगो समाज, समुदाय वा राष्ट्रभित्रका मानवीय सम्पूर्ण क्रियाकलाप पर्दछन् । त्यसैले मानवीय जीवनलाई सरल र सहज बनाउनका लागि योजनागत रूपमा गरिने सम्पूर्ण क्रियाकलापलाई संस्कृति भनिन्छ । जसमा भाषा, धर्म, लवाइखवाइ, परम्परा, विश्वास, मान्यता, कला, सङ्गीत आदि पर्दछन् । यस्ता संस्कृतिहरू स्थान अनुसार, जात अनुसार, राष्ट्र अनुसार फरक-फरक हुन्छन् । हिमालमा बस्ने जातजातिको भाषा, पेशा, लवाइखवाइ, रहनसहन, धर्म, चालचलन आदि आफ्नै किसिमको हुन्छ भने पहाड र तराईको संस्कृति भिन्दाभिन्दै किसिमको हुन्छ । हिमाल, पहाड र तराईको हावापानी, वातावरण भू-धरातलले गर्दा फरकपना आउँछ । जातजाति अनुसार पनि संस्कृतिमा फरक हुन्छ । जस्तैः नेवारको भाषा, भेषभूषा, खानपान, संस्कार, परम्परा, रहनसहन, कला, संगीत, लिपि आदि आफ्नै किसिमको हुन्छ । त्यसै गरी थारू, मगर, गुरुङ, राई, लिम्बु, थकाली आदि सबै जातजातिको आ-आफ्नै किसिमको हुन्छ । राष्ट्र अनुसार पनि संस्कृति फरक फरक हुन्छ । नेपालको संस्कृति भिन्दै हुन्छ । नेपालीहरूको भाषा, भेषभूषा, खानपान, धर्म, संस्कार, विश्वास, परम्परा, आस्था आदि आफ्नै किसिमको छ । त्यसै गरी भारत, चिन, भुटान, जापानको संस्कृति अलग अलग किसिमको छ । यसरी भौगोलिक सीमाका आधारमा, जातको आधारमा संस्कृतिलाई अलग अलग रूपमा चिनाइए पनि सबैका आ-आफ्नै आयामहरू छन् । तर, पनि संसारका जुनसुकै भागमा भएका मानवीय क्रियाकलापहरू जे जस्ता भए पनि त्यसभित्र सांस्कृतिक गुण अन्तर्निहित हुन्छन् । त्यसैले मानवका शारीरिक र मानसिक आवश्यकता पूरा गराउन सिकेको व्यवहार र व्यवहारबाट उत्पन्न परिणाम नै संस्कृति हो । यस्ता संस्कृतिहरू समयअनुसार परिवर्तन भइरहन्छन् । विगतका संस्कृति भिन्दै किसिमका थिए भने वर्तमान को संस्कृति भिन्दै किसिमका छन् । संस्कृति एक पुस्तादेखि अर्को पुस्तामा निरन्तर रूपमा हस्तान्तरण हुँदा पुस्ता दरपुस्ता परिमार्जित हुँदै जान्छ । त्यसैले संस्कृति परिवर्तनशील पनि छ । संस्कृति निरन्तर परिवर्तनशील भए पनि संस्कृति तत्काल परिवर्तन भएको थाहा पाउन वा देख्न सकिँदैन । लामो समयको अन्तराल पछि मात्र त्यसको परिवर्तित नयाँ स्वरूप थाहा पाउन सकिन्छ । प्रत्येक युगहरूमा मानवीय संस्कृति फरक फरक थिए । मानिसले आफ्ना पूर्खाहरूबाट विश्वास, परम्परा, संस्कार, रीतिरिवाज, कला, नीतिनियम आदिका माध्यमबाट प्राप्त गर्ने प्रमुख सम्पदाको रूपमा संस्कृति रहेको छ ।

कुनै पनि समुदाय वा राष्ट्रको अमूल्य सम्पदाको रूपमा त्यहाँको संस्कृतिलाई लिने गरिन्छ भने कुनै पनि राष्ट्रको मूल्याङ्कन पनि त्यहाँको संस्कृतिको प्राचीनता, समृद्धि, उत्पादकत्व आदिका आधारमा गरिन्छ। संस्कृति राष्ट्रको सम्पत्ति वा गहना हो। राष्ट्रले संस्कृतिलाई संरक्षण गर्न सकेन भने राष्ट्र वा समुदायले आफ्नो अस्तित्व वा स्वाभिमान बचाउन सक्दैन । त्यसैले हाम्रा पूर्खाहरूले छोडेका भौतिक तथा अभौतिक वस्तुहरूलाई संरक्षण गर्दै भावी पुस्तालाई हस्तान्तरण गरिँदै आएको छ। जसले गर्दा संस्कृतिको जगेर्ना हुन सकेको छ। तर, आज आएर आधुनिकको नाममा होस् वा पश्चिमा संस्कृतिको कारणले गर्दा संस्कृतिमा केही विचलन आएको देखिन्छ। मानिसका क्रियाकलापबाट संस्कृति बन्ने भएकोले संस्कृति, समुदाय वा समाजसँग मात्र सम्बन्धित हुने गर्दछ। कुनै मानिसले एक्लै गरेको क्रियाकलापलाई संस्कृति भनिँदैन । तर, समाजले मान्यता दिएका क्रियाकलाप यदि कुनै मानिसले गर्छ भने त्यो संस्कृति भित्र पर्दछ। संस्कृति कसैको पेवा हुँदैन, संस्कृति त सम्पूर्ण समाज, समुदाय वा राष्ट्रमा बस्ने नागरिकको सामूहिक क्रियाकलाप हो ।

संस्कृतिको इतिहासलाई खोज्दै जाने हो भने प्रागैतिहासिक कालसम्म पुग्न सकिन्छ। विद्वानहरूको अध्ययन, अनुसन्धान अनुसार मानव संस्कृतिको इतिहास ढुङ्गाबाट विभिन्न प्रकारका औजारहरू निर्माण गरी जङ्गली जनावरको शिकार गरी जीवन निर्वाह गर्ने परम्पराबाट सुरु भएको थियो जसमा हजारौं वर्षको अनुभवबाट क्रमशः परिस्कृत हुँदै आजको संस्कृति निर्माण भएको देखिन्छ।

नेपाल बहुभाषी, बहुधार्मिक, बहुसांस्कृतिक, बहुजातीय, बहुसामाजिक संरचना भएको राष्ट्र हो। जसले गर्दा यहाँको संस्कृतिमा विविधता रहेको छ। यही सांस्कृतिक विविधताले गर्दा नेपाल विश्व सामु परिचित रहेको छ। नेपालको विविध सांस्कृतिक पक्ष नै नेपालको पहिचान हो। नेपालको राष्ट्रिय संस्कृतिको सन्दर्भमा राष्ट्रिय संस्कृति नीति २०६७ मा भनिएको छ । वर्तमान नेपालको सीमा भित्र इतिहासका विभिन्न कालखण्डहरूमा बसोवास गरेका विभिन्न मानव समुदाय वा मानव समुदायहरूले सिर्जना गरेर छाडेका र हाल बसोबास गरिरहेका हाम्रो पूर्खाहरूले सिर्जना र अवलम्बन गरी हामीलाई जिम्मा लगाएर गएका भौतिक-अभौतिक सम्पदाहरू र त्यस अनुसारको जीवनशैलीको समष्टिगत रूप नै नेपालको राष्ट्रिय संस्कृति हो । नेपाली संस्कृति भन्नाले जाति, अल्पसंख्यक, दलित, मधेशी, मुस्लिम, थारू, नेवार, गुरुङ, मगर आदि सबैको साझा संस्कृति हो । तर, वर्तमान समयमा आएर नेपाली संस्कृतिको ह्रास हुँदै गइरहेको छ भने विकृतीकरण पनि भइरहेको छ।

द इन्साइक्लोपिडिया अफ ब्रिटानिकाले विभिन्न विचारहरूलाई मान्यता दिएर संस्कृति विकासका सम्बन्धमा विविध आयामहरू प्रस्तुत गरेको पाइन्छ । यस्ता आयामहरूमा प्रमुख भाषा, सामाजिकीकरण, धर्म, कला, प्रविधिहरूको विकास आदि हुन् (सफरा, १९९० इ., पृ. ७८५) । परिवेशवद्धताले संस्कृतिलाई स्थानीय र राष्ट्रिय रूप प्रदान गरेजस्तै विचारबद्धताले अन्तर्जातीय र बहुराष्ट्रिय रूप प्रदान गर्दछ । वर्गीय सीमा नाघेर सर्वसाधारण जनसमुदायका मनमा समेत प्रभाव पार्न सक्नु संस्कारगत समानतामा एउटा निश्चित धारणाद्वारा मानिसलाई बाँध्न सक्नु संस्कृतिको खुबी वा विशेषता हो (प्रभात, २०७४, पृ. ५१२) । यी सम्पूर्ण उदाहरणबाट मानवको व्यवहार अनि मानव विकासको क्रममा निर्माण गर्दै ल्याएका मूर्त र अमूर्त पदार्थहरू नै संस्कृति बनेको कुरा स्पष्ट रूपमा पुष्टि भएको पाइन्छ ।

उपर्युक्त व्युत्पत्ति, अर्थ, तात्पर्य र परिभाषाहरूबाट संस्कृति शब्द र यसका विभिन्नार्थको बोध हुन्छ । संस्कृति भनेको जीवनपद्धति र संस्कार हो । दर्शन र धर्मको पनि आधार हो । सभ्यताको परिचायक हो । व्यवस्था र विधि हो । आचरण र व्यवहार हो । समग्रमा मानव सभ्यता र विकासको गतिसँग गतिशील हुँदै आएको हाम्रो परिचयको आधार हो । मानव समाजको सबैभन्दा मुख्य संस्कार र सभ्यतालाई इङ्गित गर्ने काम संस्कृति शब्दले बोकेको पाइन्छ । विशेष अर्थ मात्र नबुझाएर विभिन्न वातावरण, परिस्थिति, भौगोलिक सीमा आदिद्वारा प्रभावित व्यापक अर्थ संस्कृतिबाट व्यक्त हुन्छ भन्न सकिन्छ ।

## ३.२ संस्कृतिका मूलभूत मान्यता र अभिलक्षणहरू

मानिसले सामाजिक व्यवहारका क्रममा निर्माण गरेका सम्पूर्ण भौतिक तथा बौद्धिक मूल्य मान्यताहरूको कूल योग अर्थात् सामाजिक विकासको ऐतिहासिक परिप्रेक्ष्यमा प्राप्त भौतिक उपलब्धि, प्रविधि, उत्पादन अनुभव, विकास निर्माण सँगसँगै बौद्धिक उपलब्धि, दर्शन, साहित्य, कला, सङ्गीत, नैतिकता, शिक्षा र विज्ञानजस्ता कुराहरूको समुच्चयलाई संस्कृति भनिन्छ । कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत मानस रूप संस्कृति हो । प्रकृतिको परिस्कार, मानिसको दोस्रो स्वभाव भन्दै संस्कृतिलाई सभ्यतासँग जोडिन्छ र त्यसलाई मान वनिर्मित प्रकृति भनिन्छ । मानवता प्रबर्द्धन गर्ने सुसङ्गत सोच संस्कृति हो । राजनीतिक संस्कृति, आर्थिक संस्कृति,

नैतिक संस्कृतिको रूप आचरणसँगै सम्बद्ध हुन्छ (प्रभात, २०७४, पृ.४६१-४६२)। उल्लेखित पक्षहरूका माध्यमद्वारा संस्कृति अनि यसका मूलभूत मान्यताका सङ्केत प्राप्त गर्न सकिन्छ ।

संस्कृतिका साधनहरू धेरै छन् । इतिहास, साहित्य, कला र सङ्गीतजस्ता प्राज्ञिक क्षेत्र मात्र होइन, विज्ञान-प्रविधि, रङ्गमञ्च-सिनेमा, पत्रपत्रिका, सांस्कृतिक संस्थाहरू, रेडियो-टेलिभिजनजस्ता कर्मक्षेत्र पनि संस्कृतिका साधन हुन् । इतिहासले मानव जातिको अतीतलाई समग्रतामा सम्झना गराउँछ । विज्ञान र कलाको समन्वयद्वारा नयाँ अनुभूति प्रदान गर्दछ । सामाजिक जीवनको समग्रतामा साहित्य निर्माण हुन्छ । भाषा र लिपि, भाव र भङ्गिहरूको पहिचान दिन्छ । कथा र काव्यको माध्यमबाट जीवन र जीवनका चलनहरूलाई परिष्कार गर्ने चेतना दिन्छ । संस्कृतिको नवीन परिष्कारका निम्ति कला-साहित्यले, गीत-संगीतले निकै टेवा दिन्छ (प्रभात, २०७४, पृ.५१२) । भौतिक संस्कृतिलाई ती पदार्थहरूले अभिव्यक्त गर्ने काम गरे तापनि भाषा र लिपिले पनि अभिव्यक्ति दिएको पाइन्छ । यस कारणले भौतिक र अभौतिक दुई प्रकारकै संस्कृतिका अभिव्यञ्जक तत्व भाषा-लिपि नै हो भन्ने कुरा स्पष्ट रूपमा पाइन्छ । त्यसकारणले गर्दा यस विषयका प्राज्ञहरूले भाषालाई नै संस्कृतिको मुख्य संवाहक तत्व मानेको पनि पाइन्छ ।

## ३.३ संस्कृतिका प्रकार

संस्कृतिलाई वर्गीकरण गर्दा विभिन्न आधारहरूमा गर्न सकिन्छ । यस सन्दर्भमा धेरै आधारहरू हुन सक्छन्; जस्तै :

**१. प्रचलित युगको आधारमा**

क) प्राचीन/वैदिक संस्कृति

ख) आधुनिक संस्कृति

**२. प्रचलित स्थानको आधारमा**

क) पूर्वीय संस्कृति

ख) पाश्चात्य संस्कृति

**३. निर्माण र प्रयोगकर्ताको आधारमा**

क) शास्त्रीय संस्कृति

ख) लौकिक संस्कृति

४. **अवस्था वा विधागत आधारमा**

क) मूर्त संस्कृति

ख) अमूर्त संस्कृति

यहाँ नेपाली संस्कृतिको सन्दर्भमा विशेष गरी पूर्वीय वा वैदिक संस्कृति, लौककि संस्कृति र अवस्था वा विधागत आधारमा मूर्त र अमूर्त संस्कृतिका कोटीमा राखेर चर्चा गरिएको छ ।

संस्कृतिविद्हरूले विविध पक्षहरूको अध्ययन गरेर संस्कृतिलाई विधागत आधारमा मुख्य दुई प्रकारमा विभाजन गरेको पाइन्छ (१) भौतिक संस्कृति (२) अभौतिक संस्कृति । भौतिक संस्कृतिलाई स्थूल वा मूर्त संस्कृति पनि भनेको पाइन्छ भने अभौतिक संस्कृतिलाई सूक्ष्म वा अमूर्त संस्कृति भनिन्छ। भौतिक संस्कृतिमा भौतिक सम्पदा, उपकरण, हातहतियार, खाद्यपदार्थ, बासस्थान, भेषभूषा, गरगहना, पेसा, उद्योगधन्दा, जीवनवृत्तिसँग सम्बन्धित वस्तु पर्दछन् भने अभौतिक संस्कृतिमा मानवीय सीपसँग सम्बन्धित ज्ञान, धर्म, दर्शन, भाषा, लिपि, संस्कार, समाज व्यवस्था, कला, चाडपर्व, लोकविश्वास, लोकप्रविधि शासन प्रणाली, आस्था, विचार आदि पर्दछन् (कट्टेल, २०७४, पृ २१) । भौगोलिक दृष्टिले पूर्वी गोलार्द्धमा विकसित संस्कृतिलाई पूर्वीय संस्कृति र पश्चिमी गोलार्धमा प्रचलित संस्कृतिलाई पाश्चात्य संस्कृति भनिन्छ । पूर्वीय संस्कृतिको लामो इतिहास भएकोले पुरानो र पाश्चात्य संस्कृतिको छोटो इतिहास भएकोले तथा पछि विकसित भएको भन्ने बुझिन्छ । पूर्वीय संस्कृतिलाई पनि वैदिक र लौकिक संस्कृति भनेर वर्गीकरण गर्न सकिन्छ । खासगरी पूर्वीय संस्कृतिमा संस्कृति पहिचानका भौतिक र अभौतिक दुई आधार वा प्रकारमध्ये धेरैजसो अभौतिक संस्कृतिका तत्वहरू वैदिक संस्कृतिबाट अनुप्राणित र प्रेरित रहेका छन् भने भौतिक संस्कृति अन्तर्गतका तत्वहरू तिनै अभौतिक संस्कृतिका कार्य वा प्रकार्यहरू छन् । संस्कृतिका धेरै कुराहरूले भौतिक (लौकिक) र अभौतिक (वैदिक) युग र चरणका साझा प्रवृत्तिहरूलाई नै सम्बोधन गरेका हुन्छन् । संस्कृतिले विभिन्न प्रकारका कला, साहित्य, धर्म, विश्वास, मूल्य, मान्यता, चाडबाड, आहारविहार, मनोरञ्जनका साथै मानवीय सिर्जनाका सीप र ज्ञानलाई समेटेको हुन्छ । माथि अभिव्यक्त संस्कृतिका कार्यहरू सबै अभौतिक संस्कृतिका सङ्केतक तत्वहरू हुन् । संस्कृतिभित्रैका यी तत्वहरूको व्याख्या, विवेचना र विश्लेषणलाई अभिव्यक्ति दिने संस्कृतिको पूरक धार भनेकै पूर्वीय परम्परा भएकाले धेरैजसो अभौतिक संस्कृतिका तत्वहरूलाई पूर्वीय संस्कृतिका तत्वहरू मान्न

सकिन्छ । यस अध्ययनमा संस्कृतिका विभिन्न वर्गीकरणमध्ये पूर्वीय कोणबाट गरिने व्याख्या र विवेचनालाई आधार मानेर त्यसका पनि वैदिककालीन संस्कृति र लौकिककालीन संस्कृतिसम्बन्धी अवधारणाहरूका केन्द्रमा रहेर पूर्वीय संस्कृतिको स्वरूप पहिचान गर्ने प्रयत्न गरिएको छ ।

## ३.४ पूर्वीय संस्कृति

माथि संस्कृतिको पहिचानका सन्दर्भमा संस्कृतिको प्राचीनता, संस्कृतिको विषय, संस्कृतिले समेटेको अर्थ र तात्पर्यको क्षेत्रसमेतबाट संस्कृति मानव सभ्यतासँग जोडिएर आएको छ भन्ने बुझ्न सकिन्छ । भारतवर्षमा प्रचलित पुरानो वाङ्मय परम्पराले मानव विकासको आधारका रूपमा विश्वसाहित्यको सर्वप्राचीन ग्रन्थ ऋग्वेदलाई मानेको छ । अनि त्यो समयदेखिको परम्परालाई वैदिक परम्परा, वेदले उल्लेख गरेका विधि र व्यवहार जोडिएको शास्त्र वैदिक शास्त्र, वेदसँग जोडिएको युग, वेदसँग जोडिएको दर्शन, वेदसँग जोडिएको संस्कार र संस्कृति एवम् युग, दर्शन, संस्कार, संस्कृति, विचार, दृष्टि, धर्म, ज्ञान, विज्ञानसमेतको एकमुष्ट परम्परालाई पूर्वीय परम्परा मानेर त्यस अनुकूल व्याख्या र विवेचना गर्दै आएको छ । यस अर्थमा पूर्व अर्थात् भूखण्ड मध्येको पूर्वी खण्ड अनि पूर्वी खण्डमा प्रारम्भ भएको वैदिक वाङ्मयको ज्ञान परम्परा अनि वैदिक ज्ञानबाट निःसृत विभिन्न सभ्यता र सभ्यतासँग जोडिएर आएको संस्कार/संस्कृतिलाई आधार बनाएर थालिएको सांस्कृतिक परम्परालाई पूर्वीय संस्कृतिक परम्परा मानेर पूर्वीय संस्कृति भन्ने मान्यताको स्थापना भएको कुरालाई पृष्ठभूमि मानेर पूर्वीय संस्कृतिको परिचय थालिएको छ ।

पूर्वीय संस्कृति भन्नाले वैदिक कालीन संस्कृति अथवा वेदविहित संस्कृति, वेदानुशरण संस्कृति वा वेद निर्देशित संस्कृति भनेर पनि चिन्न सकिन्छ । समग्रमा वेद, उपनिषद्, वैदिक दर्शन, पुराण, रामायण र महाभारतसम्मको चिन्तन र परम्परालाई अनुशरण गरी विकसित वा स्थापित भएको संस्कृतिलाई पूर्वीय संस्कृति भन्न सकिन्छ । संस्कृति स्वयम् पूर्वीय शब्द हो । हाम्रो ज्ञान परम्परा नै पूर्वीय परम्परा भएकाले संस्कृति भन्ने बित्तिकै पूर्वीय संस्कृति भन्ने पनि बोध हुन्छ । तापनि संस्कृति आ-आफ्नो हुने भएकाले पश्चिमको भूगोलसँग सम्बन्धित संस्कृतिलाई छुट्याउन अनि पूर्वी भूगोलमा पनि धेरै देश र तदनुसारका संस्कृतिका व्याख्या र विवेचना भएकाले मूलतः भारत भूखण्डमा त्यो पनि वैदिक वाङ्मय परम्परामा विवेचित अनि व्यवहृत संस्कृतिलाई मात्र विषय बनाउनु पर्ने

भएकाले पूर्वीय संस्कृति भन्नु परेको हो । यस अध्ययनमा संस्कृतिसम्बन्धी जे-जति कुरा भएका छन् ती सबै पूर्वीय संस्कृतिलाई नै द्योतन गर्न, बुझाउनको निम्ति भएका छन् ।

यसरी वैदिक वाङ्मयग्रन्थले विवेचनाको विषय बनाएका आचार, व्यवहार, कला, कौशल, ज्ञान, विज्ञान, धर्म, दर्शन, संस्कार, परम्परा, भेषभूषा, रहनसहन, भाषा, साहित्य इत्यादि यावत् पक्षमा गरिएका काम र कुराहरूलाई पूर्वीय संस्कृतिका कार्यक्षेत्रका, विषय क्षेत्रका कुराहरू मानेर पूर्वीय संस्कृतिलाई परिचयमा समेट्ने काम यहाँ गरिएको छ । पूर्वीय संस्कृति मूल संस्कृतिभन्दा फरक कुरा नभएर मूल संस्कृतिकै पूरक पक्ष हो । अर्थात् मूल संस्कृतिमै उल्लेख भई आएका सांस्कृतिक पक्षहरूमध्ये जुन तत्वप्रति वैदिक वाङ्मय परम्पराको थप दृष्टि परेको छ तिनका पक्षमा अलि बढी व्याख्या भई आएको संस्कृति नै पूर्वीय संस्कृति हो । संस्कृतिका धेरै तत्वहरू अभौतिक अर्थात् आत्मिक चेतनाबाट परिपोषित रहेका छन् । ती तत्वहरू जसका विषयमा पाश्चात्य चिन्तन मौन छ तिनका विषयमा पूर्वीय चिन्तनले थप स्पष्ट पार्ने प्रयत्न गरेको पाइन्छ । यसै आधारमा संस्कृतिका अभौतिक पक्षमाथि प्रकाश पार्ने प्रयत्नलाई पूर्वीय संस्कृति मानेर यस शोधमा संस्कृतिको पूर्वीय पक्षमा थप अध्ययन गरिएको छ ।

हिन्दू संस्कृति, आर्य संस्कृति वा भारतीय संस्कृति पनि भन्न सकिने पूर्वीय संस्कृतिको मूल जग नै वैदिक सभ्यता र परम्परा रहेकाले वैदिक सभ्यता र परम्पराले मानेका, निर्धारण गरेका, स्थापित गर्न चाहेका कुराहरूको समष्टि रूप नै मूलतः पूर्वीय संस्कृति हो । समाजव्यवस्था, शासन व्यवस्था, धर्म, दर्शन व्यवस्था, साहित्य, कला र कौशल व्यवस्था, रहनसहन, चालन व्यवस्था भेषभूषा, भाषा र व्यवहार व्यवस्था आदिका बारेको वैदिक चिन्तन र व्यवहार नै पूर्वीय संस्कृतिको पहिचान हो । त्यसैले वैदिक परम्पराबाट चलिआएको व्यवस्थाकै केन्द्रीयतामा रहेर गरिने सांस्कृतिक अध्ययन नै यहाँ पूर्वीय संस्कृतिसम्बन्धी अध्ययन हो ।

### ३.४.१ पूर्वीय संस्कृतिका दुई चरण

संस्कृतिका पूर्वीय र पाश्चात्य दुईथरि अवधारणाहरूले मूल संस्कृतिलाई दृढ र स्पष्ट पार्न आ-आफ्नो क्षेत्रबाट मद्दत गर्दछन् । मानव सभ्यता र विकाससँग जोडिएर आउने संस्कृतिका मूर्त र अमूर्त दुई प्रकारमध्ये अमूर्त संस्कृतिको संरक्षण, संवर्द्धन र कार्यान्वयनमा बढी भूमिका निर्वाह गर्ने पूर्वीय संस्कृतिका पृष्ठभूमिका रूपमा वैदिक वाङ्मयलाई लिइन्छ ।

सभ्यता र विकासको सही सूचनाको अभिलेखीकरण वाङ्मय ग्रन्थहरूमा लिपिबद्ध भएकैले उत्तरवर्ती अन्वेषक, अध्येता र अनुशरणकर्ताहरूले आफ्नो परम्परालाई यथोचित अनुकरण गर्न र आवश्यक परिष्कार र परिमार्जनसहित विकास र बिस्तारमा मद्दत गर्न सकेका हुन् । आज हामी आफ्नो सभ्यता र संस्कृतिमा जे-जति जानकारी राख्न सकेका छौँ, गौरव बोध गर्न सकेका छौँ वा अनुशरण गर्न सकेका छौँ ती सबैको पृष्ठभूमिमा हाम्रा ज्ञान भण्डारका रूपमा रहेका वाङ्मय ग्रन्थहरू छन् । त्यस्तै साक्ष प्रमाणका रूपमा अन्य धेरै ऐतिहासिक सामग्रीहरू हाम्रा सामु छन् । पूर्वीय संस्कृति, सभ्यता र वाङ्मयको कुरा गर्दा पनि हामी त्यस्तै अमूल्य ग्रन्थ परम्पराको आधारमा उभिन पुग्छौं । वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, भगवद्गीता, अठार पुराण र उपपुराणहरू, सूत्रसाहित्य, दर्शनग्रन्थहरू, रामायण र महाभारतजस्ता ग्रन्थहरूलाई पृष्ठाधारका रचना मानेर मात्र हाम्रो सांस्कृतिक अभियान सार्थक र पूर्ण बन्न सक्छ । त्यसैले हाम्रो संस्कृतिको निर्माण र पहिचानका आधारका रूपमा रहेका यिनै ग्रन्थहरूको स्वभाव र धर्मलाई पहिचान गर्नु नै पूर्वीय संस्कृतिको पहिलो सोपान चढ्नु हो । त्यसैले पूर्वीय संस्कृतिको सैद्धान्तिक स्वरूपको पहिचानका निम्ति सर्वप्रथम वैदिक ग्रन्थहरू र तिनबाट निःसृत संस्कृतिको स्वरूप पहिचान गर्न आवश्यक ठानिएको छ । त्यसपछि वैदिक परम्परालाई नै शिष्ट अनुशरण गरेको लौकिक संस्कृतिको पहिचानका निम्ति लौकिक ग्रन्थहरूको पृष्ठाधार स्वरूप पहिल्याउन आवश्यक ठानिएको छ । त्यसका निम्ति वेद, उपनिषद्, समेटिएको वैदिक संस्कृतिको परिचय, भगवद्गीता र अन्य दर्शनहरू अनि पुराण, रामायण र महाभारतसमेत समेटिएको लौकिक संस्कृतिको परिचयलाई पूर्वीय संस्कृतिका आधारभूत रचना मानेर तिनको छुट्टाछुट्टै परिचय प्रस्तुत गरिएको छ ।

### ३.४.१.१ पूर्वीय वैदिक संस्कृति

संसारको सर्वप्राचीन ग्रन्थ वेद र त्यसमा पनि पहिलो वेद ऋग्वेद हो भन्ने कुरा र वेदहरू धेरैजसो ज्ञानमीमांसाका आधारहरू नै हुन् भन्ने विषयमा यसअघि नै कुराहरू भइसकेका छन् । पौरस्त्य परम्पराका अनुयायी आर्यहरूको धर्म, दर्शन, संस्कृति, साहित्य, ज्ञान, विज्ञान र प्रविधिको मूलस्रोत वैदिक वाङ्मय नै हो (रेग्मी, २०७३, पृ.३) भनिएको कुराले पनि वेद र वैदिक वाङ्मय सबै प्रकारका ज्ञान र विज्ञानको आधार हो भन्ने कुरालाई नै बल प्रदान गरेको छ । अरू धेरै ज्ञानपरम्पराको आधार जस्तै वेद हाम्रो पूर्वीय संस्कृतिका पनि आधारग्रन्थ नै हो । पूर्वमा त वेदलाई प्रमाण मानेर वैदिक युग नै भनिएको छ । एउटा युग नै वेदनिर्देशित छ भनेपछि स्वभावैले त्यो युगको सभ्यता र संस्कृतिमा वेदको गहिरो

प्रभाव हुनु स्वाभाविक नै हुन्छ । संस्कृतिभित्र भौतिक र अभौतिक यावत् पक्षहरू पर्दछन् । ज्ञान, विश्वास, विज्ञान र जीवनपद्धतिमै संस्कृति घुलमिल हुने भएकाले संस्कृति व्यापक विषय हो । राजनीति, अर्थनीति, समाजनीति, दर्शन, धर्म, परम्परा र प्रकृतिसमेत मिलेर संस्कृति निर्माण हुने कुराले हाम्रो जीवनचर्या संस्कृतिको समष्टि रूप हो भन्न सकिन्छ । त्यसमाथि वेद कसैले लेखेको नभएर स्वयम् ईश्वरीय अवतार नै रहेको र त्यसको माध्यमका रूपमा ऋषिहरू रहेका अनि तिनले ईश्वरप्रदत्त वेदमन्त्रहरूको साक्षात्कार गरेका हुनाले वेद ईश्वर जत्तिकै विशिष्ट तत्व हो भन्ने पनि विश्वास र विद्वान्हरूको ठहर रहेको छ । वेद तपः पूत मन्त्रद्रष्टा ऋषि-महर्षिहरूद्वारा दृष्ट ईश्वरीय ज्ञान हो (रेग्मी, २०७३, पृ. ३-४) । यसप्रकार ईश्वर सदृश ज्ञानको भण्डार वेदमा सबै कुरा छ, तिनलाई प्राप्त गर्ने सामर्थ्य चाहिन्छ भन्ने पनि मत रहेकाले संस्कृतिको पनि आधार वेद नै हो भन्ने विषयमा विमति रहन्न । अब संस्कृतिका के कस्ता पक्ष वेदबाट निःसृत भए भन्ने कुरा महत्वपूर्ण तर्क हुन जान्छ । हामीले संस्कृतिको परिचय र परिभाषा गर्दा विभिन्न शब्दकोशहरू र विभिन्न विद्वान्हरूले गरेका परिभाषाहरूको सार संक्षेपमा, संस्कार, परिष्कार, राजनीतिक, सामाजिक, आर्थिक क्रियाकलापको परिष्कृत रूप, आन्तरिक, वैचारिक धारणा, आचारविचार, रहनसहन, भाषा, साहित्य, कला, दर्शन, चिन्तन, धर्म, मूल्यपरम्परा आदि कुराहरू संस्कृति हुन् भनिएको छ । अब यी सबै कुराहरूको समष्टि र व्यष्टि रूप वेद हो भनेपछि वेदमा संस्कृतिका प्रायः सबै पक्षहरू समाविष्ट छन् भन्ने स्पष्ट हुन्छ ।

वेदको सामाजिक महत्वको कुरा गर्दै आधुनिक दृष्टिबाट वेदको अध्ययन अनुसन्धान गर्दा वेदमा गर्भित धर्म-संस्कृति, इतिहास कला, विज्ञान, समाज इत्यादिसँग सम्बद्ध अनेकौं लौकिक उपयोगिताका कुराहरू छन् । वैदिक समाज आध्यात्मिक र आधिदैविक दृष्टिबाट मात्र नभई आधिभौतिक दृष्टिबाट समेत समुन्नत छ भनेर समाजका धेरै महत्वपूर्ण कुराहरू वेदमा छन् भन्ने तर्क प्रस्तुत गरिएको छ (रेग्मी, २०७३, पृ. ५-६) । त्यसै गरी आधिभौतिक उन्नतिका दृष्टिले र आधिदैविक उन्नतिका दृष्टिले अनि ऐतिहासिक प्रमाण र महत्वका दृष्टिले पनि वेद महत्वपूर्ण ग्रन्थ हो (रेग्मी, २०७३, पृ. ६-१०) । धेरै कोणबाट वेदको महत्व माथि प्रकाश पारिएको कुराले वेदमा के कति कुरा प्राप्त गर्न सकिन्छ भन्ने सङ्केत पाइन्छ । जसले संस्कृतिका धेरै कुराहरूको पृष्ठाधार ग्रन्थ वेद हो भन्ने कुरा स्पष्ट हुन्छ । वेदको महत्व पूर्वीय परम्परामा भाषा, धर्म, दर्शन र संस्कृतिमा बढी छ भनिए जस्तै पश्चिमाहरूले पनि वेदलाई आफ्नै शैलीले अनि आफ्नै उद्देश्यले अध्ययन गरेका छन् । पूर्वीय वाङ्मयका

अन्वेषक प्रसिद्ध विद्वान् म्याक्समूलरले वेदलाई भारतीय परम्परामा मात्र होइन विश्व इतिहासकै पहिलो लिखित दस्तावेज मानेको कुरा अनि, ए.ए. म्याक्डोनलले वेदलाई संसारको सर्वप्राचीन आलेख मानेको कुरा, अनि जर्मन विद्वान् मौरिस विन्टर्निट्ज्ले वेद आफ्नो संस्कृतिको उत्पत्ति थाहा पाउन भारतमा गई वेदको अध्ययन गर्नुपर्ने र इन्डोजर्मनिकहरूको मिथकको अनुसन्धानका लागि वेदभन्दा महत्वपूर्ण ग्रन्थ अरू नभएको भनेको कुरालाई उद्धरण गरिएको छ (रेग्मी, २०७३, पृ. ११-१२) । वेद पढेपछि वेदको महत्व र उपयोगिताबारे पश्चिमाहरूको दृष्टिकोण पनि स्पष्ट हुन्छ । हामीले हाम्रो सनातन परम्परामा महत्वपूर्ण मानिएको वेद हामीभन्दा फरक संस्कार, संस्कृति, धर्म र परम्परामा हुर्किएका पश्चिमाहरूले समेत उपयोगी एवम् महत्वपूर्ण ग्रन्थ मानेको कुराबाट वेदको उपादेयता थप स्पष्ट हुन्छ ।

संस्कृतिको अर्थ, तात्पर्य र परिभाषाका सन्दर्भमा विभिन्न विद्वानहरूले व्यक्त गरेकै धारणाहरूलाई मान्दामान्दै पनि के वेदभन्दा पहिला अथवा वैदिक कालीन समाजको लिखित अभिलेख प्राप्त हुनुभन्दा पहिलाको अर्को कुनै समाजको लिखित ऐतिहासिक दस्तावेज प्राप्त भएको प्रमाण छ त ? भन्ने प्रश्न गर्ने हो भने त्यसको उत्तर हामीसँग छैन । अर्थात् पश्चिमा अन्वेषकहरू समेतले वेदलाई नै संसारको पहिलो लिखित अभिलेख मानेकाले हामी स्पष्टसँग भन्न सक्छौं संस्कृति चाहे त्यो पश्चिमतिर पुगेर व्याख्या र विश्लेषण भएर आएको किन नहोस् त्यसको पनि आदिभूमि पूर्व नै हो अनि आदि ग्रन्थ वेद नै हो । यस अर्थमा हाम्रो संस्कृतिको प्रादुर्भाव मानव सभ्यतासँग भएको भए पनि र हजारौं वर्ष यसले अलिखित परम्परामा आफ्नो अस्तित्वलाई निरन्तरता दिए पनि वेदपछि नै संस्कृतिको पनि लिखित इतिहास आरम्भ भएको हो । त्यसैले संस्कृतिको पनि पहिलो अभिलेख वेद र वैदिक परम्परा हो । अनि वैदिक कालदेखि प्रारम्भ भएको भाषा, भेष, खानपान, रहनसहन, चालचलन, धर्म, परम्परा, समाज र जीवनसँग घुलमिल भएर आएको मूर्त र अमूर्त संस्कृति नै हामी सबैको साझा संस्कृति हो । त्यसैले वैदिक संस्कृति भन्नु नै संस्कृतिको प्राचीन रूप हो भन्ने मानेर नै संस्कृतिको आधुनिक परिचय थाल्नु सान्दर्भिक र तर्कसङ्गत हुन्छ ।

वैदिक परम्परालाई विश्वास गर्ने आर्यहरूका दृष्टिबाट हेर्दा सबै प्रकारको संस्कृतिको आदिभूमि वेद नै हो भन्ने निष्कर्ष आउँछ तापनि केही परम्परा वेदलाई मानेर अनि केही परम्परा भूगोललाई मानेर पूर्वी भूगोलमा प्रचलित मंगोल, द्रविड, आग्नेलीहरूको पनि संस्कृतिको सम्मिश्रण गरेर मात्र पूर्वीय संस्कृति मान्नु युक्तिसँगत हुन्छ भन्ने पनि आशय विद्वानहरूको रहेको छ । विश्वमा बस्ने मानवमात्रको पहिलो इतिहास अनि विश्वमानवको

पहिलो साहित्य ऋग्वेद भएपछि यसले कुनै जात, धर्म, सम्प्रदाय वा वर्गविशेषको ग्रन्थ भनेर ऋग्वेदलाई वा वैदिक ग्रन्थ परम्परालाई मान्नु आधुनिक र प्राचीन विकासवाद मान्नु पनि केटाकेटी कल्पना हो । अग्निमीडे भन्ने वेद वचनले विश्वमा बस्ने मानव भनेको हो भन्ने आशय प्रपन्नाचार्यको पाइन्छ (प्रपन्नाचार्य, २०६४, पृ. द) । यसमा अर्को तर्क के पनि हुन्छ भने हिमालका आदिवासी मंगोलहरू जुन यही आर्यावर्तमा जन्मिए, हुर्किए, सुसंस्कृत भए तिनलाई अनार्य मान्ने अनि पश्चिमाहरू जो छुट्टै सभ्यतामा हुर्किए जसलाई वेद थाहा छैन तिनलाई बरु आर्य मान्ने हाम्रो आधुनिक विभाजन पनि युक्तिसँगत लाग्दैन । आर्यावर्त के हो ? आर्यहरू को हुन् ? आर्यभूमि कुन हो ? इत्यादि विषयमा पनि प्रपन्नाचार्यले आफ्नो ग्रन्थमा केही तार्किक आधारहरू दिएर स्पष्ट पारेका छन् (प्रपन्नाचार्य, २०६४, पृ. १२-१८) । वेदका अध्येता अनि अनुसन्धाताहरूका अनुसार हिजोआज जे कुरालाई आधुनिक कोणबाट व्याख्या गरेर पूर्व वा पश्चिम, प्राचीन वा आधुनिक भनेर वर्गीकरण गर्ने गरिएको छ ती धेरै कुराहरू वेदमा विद्यमान छन् । जस्तै आज सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, धार्मिक, दार्शनिक, साहित्यिक आदि क्षेत्रका कुरा गरेर तिनका बारेमा जे जति नयाँ व्याख्या गरिएका छन् ती सबै वेदमा छन् । समयअनुसार केही नयाँ चिन्तन र दृष्टि थप भए बाहेक यी सबै कुराको आदिभूमि वैदिक काल र आद्यग्रन्थ वेद नै हो भन्ने ठहर धेरै अध्येताहरूको पाइन्छ जुन तर्कसँगत पनि रहेको छ । यस अध्ययनमा वेदको वाङ्मय परम्परालाई आधार मानेर अन्वेषक नवराज कट्टेलले निर्धारण गरेका वैदिक समाजव्यवस्था, वैदिक जीवन वृत्ति, जीवनशैली, वैदिक राज्यव्यवस्था, वैदिक भाषा, संस्कृति र साहित्य, कलाकौशल, धर्म, दर्शनलाई नै यस अध्ययनमा आधार मानेर यिनै पक्षमा प्रकाश पारेर पूर्वीय संस्कृतिको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । जसलाई विभिन्न उपशीर्षकहरूमा विभाजन र वर्गीकरण गरी देखाइएको छ ।

### ३.४.१.२. पूर्वीय लौकिक संस्कृति

पूर्वीय संस्कृतिकै अर्को महत्वपूर्ण पक्ष लौकिक संस्कृति हो । पूर्वीय संस्कृतिमध्येको वैदिक संस्कृति वैदिक कालीन संस्कृति हो । विशेषतः वेद, ब्राह्मण, आरण्यक र उपनिषद् रचनासम्मको काललाई संस्कृत साहित्य र इतिहासमा वैदिक काल मानिएको छ । यसको तार्किक आधार के हो भने वेदहरू, ब्राह्मण, आरण्यक र उपनिषद्हरूसम्म पनि मानिसले लेखेको नभएर ऋषिहरूले यी कुराको साक्षात्कार गरेका हुनाले यिनलाई अपौरुषेय नै मानिएको छ (रेग्मी, २०७३, पृ. २) । अनि ती अपौरुषेय कृतिका द्रष्टाको युगलाई पूर्वीय

वाङ्मयमा वैदिक युग मानिएको छ। वेदविहित कर्म र आचरण गर्ने त्यस युगलाई अलौकिक, ज्ञानयुक्त, काल मानिएको छ किनभने जुन युगमा ऋषिले साक्षात् वेदमन्त्रको रूपमा साक्षात् ईश्वरको दर्शन गर्न सक्छन्, देश, कालको सीमामा नबाँधिएको अनन्त ज्ञानको भण्डार वेदलाई साक्षात्कार गर्न सक्छन्, त्यो शाश्वत्, सर्वाभौम वेदको प्रादुर्भाव भएको समय निश्चय पनि साधारण मानिसको समय हुन सक्दैन। त्यसैले वेदमा वर्णित इतिहास, विज्ञान, समाज, राजनीति इत्यादि विषयलाई पनि लौकिक दृष्टिबाट हेरिनु हुँदैन भन्ने वैदिक परम्परा रहेकाले त्यो युग र जीवनका कुरा अलौकिक नै हुन् भनेर विश्वास गर्नु पर्ने हुन्छ (रेग्मी, २०७३, पृ. ३-६)।

## ३.५ सांस्कृतिक सम्पदा

नेपाल विभिन्न जातजाति, भाषाभाषी तथा धर्म संस्कृतिका अनुयायीहरूको साझा फूलवारी हो। यहाँ रहेका विभिन्न जातजातिका धर्म, संस्कृति, संस्कार, रहनसहन, भेषभूषा, खानपान आदि सबै अलग-अलग हुन्छ र महत्व पनि आ-आफ्नै हुन्छ । त्यसैले सबै जातजाति, धर्म, संस्कृतिको समान रूपले संरक्षण तथा विकासमा ध्यान दिनु पर्छ। यदि कुनै एउटा मात्र जाति, धर्म, भाषा तथा संस्कृतिलाई महत्व दिइयो भने राष्ट्रियता कमजोर हुन सक्दछ भने अन्य जातजाति, धर्म, भाषा, संस्कृति पनि लोप हुन्छ। संस्कृति परिवर्तनशील भएको हुनाले विगतको संस्कृतिको स्वरूप वर्तमान समयमा पाउन सकिँदैन । त्यसैले विगतकै संस्कृतिलाई बचाई राख्नका लागि समाज तथा राष्ट्रले प्रयास गर्नु पर्छ। सांस्कृतिक सम्पदा भन्ने बित्तिकै कुनै पनि समुदाय वा राज्यको अमूल्य निधि वा वस्तुहरू हुन्छन्। सम्पदा कुनै एकको नभई सबैको सामूहिक सम्पत्ति हुन्छ। यी सम्पदाहरू कुनै निश्चित समय वा कुनै पुस्ताको मात्र नभई युगौँयुगका हुन्छन्। पारस्परिक रूपमा चल्दै आएका रचनाहरू, परम्पराहरू, विश्वासहरू आदि सम्पदामा रहेका हुन्छन् जसले समुदाय वा राज्यको परिचय गराउँदछ। त्यसैले संस्कृति प्रचलनको रूपमा मात्र नरही सम्पदाको रूपमा पनि व्याख्या गरिएकोले सांस्कृतिक सम्पदाहरूको महत्व प्रत्येक व्यक्ति, समुदाय, समाज वा राज्यको चिनारीको रूपमा रहेको छ, सम्पदाहरू मानवनिर्मित र प्राकृतिक दुवै हुन्छन्। सांस्कृतिक सम्पदाहरू मानिसले उपयोग गरेका सम्पूर्ण भौतिक तथा अभौतिक वस्तुहरू हुन् जो एकपछि अर्कोमा सर्दै जान्छ । यसको संरक्षण, सम्वर्द्धनको जिम्मेवारी पनि अर्को पुस्तासम्म सर्दै जान्छ। यसरी सांस्कृतिक सम्पदाहरू भन्नाले हाम्रा अग्रजहरूको अनुभवबाट खारिएर बनेका सबै मूर्त-अमूर्त प्रचलन तथा वस्तुहरू बुझिन्छ।

### ३.५.१ मूर्त (भौतिक) सांस्कृतिक सम्पदा

प्रकृति वा मानव निर्मित भौतिक वस्तुहरू जसलाई छुन, देख्न तथा प्रयोग गर्न सकिन्छ जो परापूर्वकालदेखि प्रचलनमा रहँदै आएका छन् त्यस्तालाई मूर्त तथा भौतिक सांस्कृतिक सम्पदा भनिन्छ । त्यस्ता मूर्त सांस्कृतिक सम्पदाहरूमा भवन, मठ, मन्दिर, स्मारक, दरबार, गुफा, शिला, मूर्ति, बाजा, भेषभूषा, गहना, पुरातात्विक, धार्मिक तथा ऐतिहासिक स्थलहरू, कलाकृति पूजासामग्री आदि पर्दछन् । मूर्त सांस्कृतिक सम्पदाहरूको उत्पत्ति अमूर्त संस्कृतिको परिकल्पनाबाट हुने गर्दछ । यस्ता मूर्त सांस्कृतिक सम्पदाहरूबाट विगतको इतिहास तथा संस्कृतिका बारेमा थाहा पाउन सकिन्छ । यस्ता सम्पदाहरू विनाश भएर जान सक्ने भएकोले यसको संरक्षण तथा सम्बर्द्धन गर्नु आवश्यक छ । हाम्रा कतिपय यस्ता सम्पदाहरू नास भएर लोप भइसकेका छन् जसका बारेमा हामी अध्ययन गरेर मात्र थाहा पाउन सक्छौं । मूर्त सांस्कृतिक सम्पदाको अध्ययन तथा अनुसन्धान गर्न सहज मानिन्छ । यी सम्पदाहरू वस्तुगत प्रमाण हुन् जसलाई इतिहासका प्रमुख स्रोतको रूपमा लिइन्छ । तसर्थ, भौतिक सांस्कृतिक सम्पदा इतिहासको जीवन्त प्रमाण भएकोले यसको संरक्षण र विकास गर्नु आजको आवश्यकता रहेको छ, जो भावी पिँढीलाई अध्ययन अनुसन्धान गर्ने माध्यम बन्दछ । मूर्त सांस्कृतिक सम्पदालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ;

१. मठ, मन्दिर-गुम्बा, थान आदि धार्मिक प्रतिष्ठान ।

२. दरबार, किल्ला, घर आदि ।

३. अन्य भौतिक सामग्री ।

दैनिक प्रयोगका भाँडाकुँडा, सङ्गीतसम्बन्धी सरसामान, गर्गहना-पहिरनसम्बन्धी, खेतीपाती, पशुपालनसम्बन्धी र परिकार एवम् लोकप्रविधिसम्बन्धी सामग्री आउँदछन् ।

### ३.५.२. अमूर्त (अभौतिक) संस्कृति

अमूर्त सांस्कृतिक सम्पदालाई अभौतिक सांस्कृतिक सम्पदा पनि भनिन्छ । अमूर्त सांस्कृतिक सम्पदा भन्नाले देख्न, छुन नसकिने तर सुन्न, अनुभव गर्न सकिने मानवीय व्यवहार तथा सोच विचार, स्वभाव आदिलाई बुझिन्छ, जस्तै : धर्म, विश्वास, आस्था, परम्परा, चालचलन, संस्कार, चाडपर्व, गीत, सङ्गीत, भाषा, मूल्य, मान्यता आदि अमूर्त सांस्कृतिक सम्पदाहरू हुन् । अर्मूत सांस्कृतिक सम्पदालाई जीवित सम्पदा पनि भनिन्छ,

किनभने यी सम्पदा कहिले पनि नास भएर जाँदैनन् वा मर्दैनन् । अझ यी त एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरित हुँदै जान्छन् । यसरी हस्तान्तरण हुँदा अर्को पिँढीको मानवको मस्तिष्कमा परिमार्जित भई बीजारोपण हुन्छ । अमूर्त संस्कृतिले गर्दा नै मानिस आज प्राणीहरूमा सर्वश्रेष्ठ भएको छ । यी मानवका उपज हुन् । वर्तमान समयमा बाहिरी संस्कृतिको प्रभावका साथै बढ्दो शहरीकरण, आधुनिकीकरण, मानिसको कार्यव्यस्तता, बसाइँ सराइ, संस्कृतिप्रतीको उदासीनता, बढ्दो प्राविधिक वस्तुहरूको प्रयोगले गर्दा दिन प्रतिदिन लोप हुन सक्ने खतरामा रहेका छन् । लोकजीवनमा प्रचलनमा रहेका विभिन्न संस्कारहरू, धार्मिक अनुष्ठानहरू, चाडपर्व, मेला, जात्रा, सङ्गीत, रहनसहन, परम्परा, भाषा आदिलाई संरक्षण गरी व्यवहारमा प्रयोग गर्न सकियो भने मात्र संरक्षण गर्न सकिन्छ । अमूर्त सम्पदालाई संरक्षण गर्ने उद्देश्यले १७ अक्टुबर सन् २००३ मा यूनेस्कोको साधारणसभाले अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि पारित गरेको थियो । जसलाई नेपालले सन् २०१० मा हस्ताक्षर गरेको थियो (शर्मा, २०७३, पृ. ८) । युनेस्को र विश्वव्यापी मान्यता अनुसार अमूर्त संस्कृतिभित्र निम्न बमोजिम सांस्कृतिक विधाहरू पर्दछन्;

क) भाषा एवम् मौखिक परम्परा र अभिव्यक्ति,

ख) प्रस्तुति कला (नाँच, अभिनय, चित्र आदि)

ग) सामाजिक अभ्यास, धार्मिक अनुष्ठान, चाडपर्व, संस्कार, उत्सव, मेला, जात्रा, प्रथा,

घ) प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यास एवम् लोकविश्वास,

ङ) परम्परागत शिल्पकारिता (हस्तकला, लोक प्रविधि) ।

## ३.६. सम्पदा विश्लेषणका आधारहरू

यस शोधकार्यको मुख्य शीर्षक "राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन" रहेको छ । त्यसैले राप्ती क्षेत्रमा रहेका सबै प्रकारका मूर्त सांस्कृतिक सम्पदाहरूको परिचय दिनु आवश्यक छ । त्यसैगरी राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूमध्ये ऐतिहासिक धरोहरका रूपमा रहेका तथा कला-वास्तुकलाका दृष्टिले महत्वपूर्ण मानिने मठ, मन्दिर, गुम्बा, दरबार आदि संरचनायुक्त सम्पदाहरूलाई कला-वास्तुकलाका दृष्टिले निर्माण शैली विश्लेषण गर्नु यस शोधकार्यको केन्द्रीय उद्देश्य हो । यस सन्दर्भमा कला-वास्तुकला विश्लेषण मुख्य आधार हो भने मठ, मन्दिर, गुम्बा, दरबार आदिका सन्दर्भमा अवस्थिति,

ऐतिहासिकता तथा आनुष्ठानिक प्रचलन र मूर्त सांस्कृतिक सम्पदाका कोटीमा आउने अन्य भौतिक सामग्रीहरूको परिचय दिन निर्माण प्रविधि र प्रयोग विश्लेषणको सहायक आधार हो । यस शोधप्रबन्धमा परिच्छेद चारमा मठ, मन्दिर, गुम्बा, दरबार आदि मूर्त सांस्कृतिक सम्पदाहरूको अवस्थिति, ऐतिहासिकता तथा आनुष्ठानिक प्रचलनका आधारमा परिचय दिइएको छ भने अन्य वस्तुहरूको निर्माण प्रविधि र प्रयोगको आधारमा परिचय दिइएको छ । परिच्छेद पाँचमा मठ, मन्दिर, गुम्बा, दरबार, घर-किल्ला आदिको कला-वास्तुकलाका दृष्टिले निर्माण शैलीको आधारमा विश्लेषण गरिएको छ ।

### ३.६.१. कला तथा वास्तुकला

संस्कृतको 'वास' धातुबाट बनेको 'वास्तु' शब्दको अर्थ वासस्थान हुन्छ । यसर्थ वासस्थानसम्बन्धी कलाकृतिलाई नै वास्तुकला भनिन्छ । कला तथा वास्तुकलाको इतिहास खोज्दै जाने हो भने मानव सभ्यताको उत्पत्तिसम्म पुग्न सकिन्छ । मानवले सुरू-सुरूमा आफ्नो वासस्थानको रूपमा गुफा र कन्दराको प्रयोग गरेको थियो । ती गुफा र कन्दराको भित्तामा विभिन्न चित्रहरू कोर्ने गर्दथे । त्यही चित्रको विकसित रूप नै आजको कला हो । ती कलाहरूमा मृत्तिकाकला, काष्ठकला, धातुकला, प्रस्तरकला, चित्रकला आदि आउँछन् । त्यसरी नै वास्तुको सुरूवात मानवले प्रयोग गरेका झोपडीबाट भएको मानिन्छ । समयको विकाससँगै आफूलाई पनि परिवर्तन गर्दै रुखको हाँगा र ढुङ्गाको प्रयोग गरी झोपडीको निर्माण गर्‍यो । जसले गर्दा मानिस घुमन्ते जीवन त्यागी सामुदायिक जीवनसँग सम्बन्धित रहेको पाइन्छ । यसरी झोपडीबाट सुरू भएको वास्तुकला आज आएर आधुनिक वास्तुकलाको विकास भएको पाइन्छ । सभ्यताको विकाससँगै मानिसले आवश्यकता अनुसार ठूला, साना तथा अनेक कलाकृतिले सजिएका घरहरू बनाउन थाल्यो । पछि देवस्थलहरू बन्न थालेपछि वास्तुकलाको विकासमा नयाँ मोड देखा पर्‍यो । कला तथा वास्तुकलाको प्राचीनतालाई करीब तीन हजार वर्ष पूर्वको सिन्धुघाटीको सभ्यताले पुष्टि गर्छ । त्यस समयमा बनाइएको भवनको अवशेष तथा कलाको अवशेषबाट त्यस समयको विकसित कला तथा वास्तुकलाको बारेमा प्रमाणित हुन्छ । सिन्धुघाटीको सभ्यताको उत्खनन्मा भवनहरू, इँट्टा, ढुङ्गाबाट निर्माण गरिएको र झ्यालढोकाहरू काठ वा ढुङ्गाबाट बनाएको अवशेषबाट प्रमाणित हुन्छ ।

नेपाली कला तथा वास्तुकलाको इतिहास पनि मानवको विकाससँगै भएको पाइन्छ । तर, त्यसलाई प्रमाणित गर्ने कुनै स्रोत पाइँदैन । नेपालको प्रमाणित इतिहास लिच्छवीकालदेखि सुरु हुन्छ । जसले गर्दा नेपाली कला तथा वास्तुकलाको इतिहास पनि लिच्छवीकालसम्म पुग्छ । त्यस समयकको कला तथा वास्तुकला निकै समृद्ध अवस्थामा रहेको देखिन्छ । लिच्छवीकाल अघिको कला, वास्तुकला त्यत्ति प्रस्ट छैन । शिलालेख र विदेशीहरूको वर्णनबाट लिच्छवीकालमा भवन, मन्दिर, बिहार, दरबार आदि बनाउँदा इँटा, काठ, टायल, प्रस्तर आदि वस्तुको प्रयोग भएको देखिन्छ । त्यस समयदेखि आजसम्मको नेपाली कलाको मुख्य सारको रूपमा धार्मिक तत्वले नै महत्वपूर्ण भूमिका खेलेको छ । यसैले गर्दा धार्मिक भाव र महत्वका कलाकृति नै बढी छन् । कलाकृतिहरू माटो, काठ, ढुङ्गा, धातुबाट निर्माण भएको पाइन्छ । निर्माण भएका कला तथा वास्तुकलाको शैली, बनावटको अधारमा निम्न भागमा विभाजन गरी व्याख्या गरिएको छ । जस्तै तले शैली, शिखर शैली, गुम्बज शैली, दरबार वास्तुकला आदि रहेका छन् । त्यसै गरी लौकिक वास्तुकलाभित्र पाटीपौवा, घरहरू र अन्य शैलीभित्र मुगल शैली सम्बन्धी सम्पदा तथा गुम्बा छ्योरतेन् राखिएको छ । यहाँ वास्तुकलासम्बन्धी यिनै शैलीहरू बारे जानकारी दिइएको छ ।

### ३.६.१.१ तले शैली

तले शैलीलाई नेपाली शैली, तले शैली र प्यागेडा शैली पनि भनिन्छ । बहुतले छाना भएको, बहुतले आधारपेटी भएको, मन्दिरको ढोकासम्म पुग्न अनेक सिँढीमा, विभिन्न जीवजन्तुको मूर्ति राखिएको मन्दिरलाई नै तले शैली भनिन्छ । यो शैली नेपालको निकै प्राचीन शैली हो । त्यसैले गर्दा कतिपयले यसलाई नेवारी शैली पनि भन्दछन् । यस शैलीको उत्पत्ति कहाँबाट भयो भन्ने सम्बन्धमा निश्चित रूपमा केही भन्न सकिँदैन । यसको उत्पत्ति कसैले भारत, कसैले चीन, कसैले नेपालबाट भएको हो भनेका छन् । जसले जे भने पनि यो शैलीलाई विशुद्ध नेपाली शैली भन्नेमा आधिकांस सहमत छन् । नेपालमा कहिलेदेखि यस्तो मन्दिर बनाउने चलनको सुरुवात भयो भन्ने सम्बन्धमा केही भन्न सकिएको छैन । पहिले पहिले भित्ताहरूमा खोपा बनाई त्यो खोपामा देवीदेवताको मूर्ति राखी पूजा गर्थे र पछि त्यसलाई सुरक्षित पार्न अर्कोतिर पनि पर्खाल लगाई माथि छाना हाल्ने चलनको विकास भयो । यसरी तले शैली मन्दिरको विकास भएको देखिन्छ ।

**तले शैलीको विशेषता**

तले शैलीमा विशेष गरी इँटा, ढुङ्गा, टायल, माटो, काठ र धातु आदिको प्रयोग गरिएको देखिन्छ । यस शैलीमा झ्याल, ढोका, बिमहरू काठका हुन्छन् । जसमा विभिन्न पूलबुट्टाहरू कुँदिएका हुन्छन् । मन्दिरको मुख्य स्थान गर्भगृह हुन्छ । गर्भगृहमा मुख्य देवता राखिएको हुन्छ । गर्भगृहलाई परिक्रमा गर्न चारैतिर प्रदक्षिणा पथ गराइएको हुन्छ । मन्दिर अलङ्कृत गरिएको हुन्छ । तले शैलीका विशेषतालाई निम्नानुसार देखाइएको छ,

**क) गजुरको प्रयोग** : मन्दिरको सबैभन्दा माथिको भागमा मुकुटको रूपमा घण्ट आकारको सुनको जलप लगाएको पित्तलको गजुर बनाएको हुन्छ । यस्ता गजुर तलबाट माथितिर सानो हुँदै कलात्मक बनाएको हुन्छ । वर्गाकार छाना भएको मन्दिरमा बीचमा मूलगजुर र छानाको चार कुनामा चार साना गजुर राख्ने प्रचलन पनि रहेको छ । कुनै मन्दिरमा एउटा मात्र गजुर त कुनैमा तीन, कुनैमा पाँच गजुर पनि राखिएको हुन्छ ।

**ख) तह तहको छाना निर्माण गर्नु** : तह तह भएको धेरै छाना निर्माण गर्दा सबैभन्दा तलको छाना सबैभन्दा ठूलो र त्यसपछि माथिका छाना क्रमशः साना हुँदै जान्छन् । यी छानाहरू झिगँटी या धातुबाट बनाइएको हुन्छ ।

**ग) टुँडालको प्रयोग** : ढल्केको छानाको बोझलाई छानाको किनारबाट भित्तामा अडयाइएको काठलाई टुँडाल भनिन्छ । यी टुँडालहरूमा धार्मिक विषयवस्तु कुँदिएका हुन्छन् । चारकुनामा राखिएको टुँडाल विशेष महत्वपूर्ण हुन्छ । तिनमा भेँडाको मुखाकृति र सिँहको शरीर भएको मेषप्याल नामक अनौठो प्राणीको आकृति बनाउने चलन रहेको छ । अन्य भागको टुँडालहरूमा देवीदेवता, कामुक दृश्य, फूल, लहरा आदिका आकृति कुँद्ने चलन छ ।

**घ) खम्बाको प्रयोग :** मूल गर्भगृहको चारैतिर एकहोरो खम्बा वा दोहोरो खम्बाहरू हुन्छन् । यी खम्बाहरूले मन्दिरको सम्पूर्ण माथिको भागलाई थामेका हुन्छन् । खम्बाको तल्लो आधार ढुङ्गा वा काठको हुन्छ र मन्दिरको बिमलाई यिनै खम्बाले थामेको हुन्छ । यी खम्बाहरूमा विभिन्न आकृतिहरू कुँदिएका हुन्छन् भने केही साधा पनि हुन्छन् ।

**ङ) झ्याल ढोकाको प्रयोग** : तले शैलीमा ढोकाहरू अलङ्कृत तथा आँखीझ्याल हुन्छन् । झ्याल ढोकाका पल्लाहरू साधारण तथा बुट्टाहरू कुँदिएका हुन्छन् ।

**च) तोरणको प्रयोग** : अर्धवृत्तकारको काठ वा पित्तल जस्ता धातुहरूको पाताबाट निर्मित तोरण ढोका तथा झ्याल माथिको कलात्मक सजावट मात्र नभएर धार्मिक धारणाको

माध्यमको कार्य पनि गर्दछ । तोरणले कला, मूर्तिकलाका र पुराणका विषयहरूलाई पनि प्रस्तुत गर्दछ । तोरणको केन्द्रमा मन्दिरको गर्भगृहमा स्थापित देवमूर्तिको आकृति रहेको हुन्छ भने राम्रो देखाउन चारैतिर फूलबुट्टाहरू पनि कुँदिएका हुन्छन् ।

**छ) विशेष प्रकारको गर्भगृह निर्माण गर्नु :** गर्भगृह आधार पेटीमाथि निर्माण गरिन्छ । गर्भगृहको देवताको दर्शन गर्न एउटा, दुई वटा वा चार वटा ढोका राखिएको हुन्छ । गर्भगृहलाई परिक्रमा गर्न चारैतिर प्रदक्षिणा पथको व्यवस्था पनि गरिएको हुन्छ । प्रदक्षिणापथको चारैतिर बत्ती बाल्ने दियो र बजाउने घण्टहरू राखिएको हुन्छ ।

**ज) मन्दिरको बीचको भाग खोक्रो छाड्नु :** तले शैलीको मन्दिरको बीचको भाग प्रायजसो खोक्रो हुन्छ । मन्दिरको गर्भदेखि माथि गजुरसम्मको भित्रभाग खुल्ला देखिन्छ ।

**झ) आधारपेटीको निर्माण** : आधारपेटी एक वा धेरै पनि हुन्छन् । प्राय जसो तले शैलीको मन्दिरमा जतिवटा छाना हुन्छन् त्यत्ति वटा आधारपेटी बनाउने चलन रहेको पाइन्छ । यस्ता आधारपेटी खासगरी पहिले मूल गर्भगृहमा हिलो, चिसो वा फोहरबाट बचाउनका लागि बनाउने गरिन्थ्यो । पेटीबाट गर्भगृहसम्म पुग्न ढोका आगडि सिँढी बनाउने र ती सिँढीहरूमा द्वारपालको रूपमा सिंह, हात्ती तथा अन्य जनावरको मूर्ति राख्ने चलन रहेको छ ।

**ञ) मन्दिर प्राङ्गणमा कलात्मक वस्तुहरू निर्माण गर्नु** : तले शैलीको मन्दिरको प्राङ्गणमा गर्भगृहमा रहेको मूल देवताको वहान राख्नुका साथै अनेक स-साना मन्दिर तथा मूर्तिहरू निर्माण गर्ने चलन छ ।

उपर्युक्त विशेषता बाहेक कतिपय मन्दिरहरूमा भक्तजनले चढाएको सामान झुण्डाउने, छाना वरिपरि स-साना घण्ट झुन्डाउने, गजुरदेखि तल्लो छानाको केही तलसम्म धातुको ध्वजा झुन्डाउने गरेको पाइन्छ ।

### ३.६.१.२ शिखर शैली

'शिखर' शब्द संस्कृत शब्द हो, जसको अर्थ चुच्चो वा अग्लो हुन्छ । यसरी हिमालय वा पहाडको चुचुरोको स्वरूपमा निर्माण गरिएका मन्दिर नै शिखर शैलीका मन्दिर हुन् । शिखरलाई श्रृंग वा सिंग पनि भनिन्छ । यसरी जनावरको सिंगझैं तल फैलिएको माथि साँगुरिँदै गएको भन्ने बुझिन्छ । शिल्पशास्त्रमा हिमालयदेखि विन्ध्याञ्चलसम्म यस शैलीका मन्दिर निर्माण गर्नु भन्ने उल्लेख छ । भारतमा यस शैलीका मन्दिरको निकै लोकप्रियता पाइन्छ । यो शैलीमा धेरै प्रकार छन् ।

## शिखर शैलीका प्रकार

शैलीको आधारमा शिखर शैलीका मन्दिरहरूलाई निम्न तीन प्रकारमा विभाजन गर्न सकिन्छ;

**क) नागर शैली :** जात्रामा प्रयोग गरिने रथको अनुकरणबाट उत्तर भारतमा विकसित भएको शैलीलाई नागर शैली भनिन्छ । यस शैलीमा मन्दिरको बीच भागमा गर्भगृह हुन्छ । गर्भगृहको अगाडि बरन्डा जस्तो मण्डप हुन्छ । मन्दिरको सबैभन्दा माथि अमलकको प्रयोग गरिएको हुन्छ । मन्दिर चतुष्कोणाकारमा निर्माण गरिएको हुन्छ ।

**ख) द्रबिड शैली :** दक्षिण भारतको गर्मी र वर्षा धेरै हुने क्षेत्रमा जसरी धेरै भिरालो छाना भएको भवनको आवश्यकता भयो त्यसै भिरालो छानाबाट यो द्रबिड शैलीको शिखर मन्दिरहरू निर्माण भयो । द्रबिड शैलीको मन्दिरमा गर्भगृह छकुने वा आठ कुने हुन्छ । अमलकको स्थानमा गुम्बज जस्तै स्वरूप बनाउने गरिन्छ ।

**ग) वेशर शैली :** नागर शैली र द्रबिड शैलीको मिश्रित स्वरूप नै वेशर शैली हो । यस शैलीका मन्दिरहरू गोलाकार, अण्डाकार, अर्धचन्द्रकारका हुन्छन् ।

शिखर शैलीको उत्पत्ति कसरी र कहाँबाट भयो भन्ने सम्बन्धमा निम्न तर्कहरू पाउन सकिन्छ;

क) मध्यभारतको गुम्बजहरूको विकासबाट शिखर शैलीको उत्पत्ति भएको हो ।

ख) बौद्धस्तुपको आकारबाट शिखर शैलीको उत्पत्ति भएको हो ।

ग) जात्रामा प्रयोग गरिने रथको अनुकरणबाट यो शैलीको उत्पत्ति भएको हो ।

घ) यज्ञकुण्डको ज्वाला र धुवाँको सुरक्षा गर्दा यो शैलीको विकास भयो ।

शिखर शैलीको मन्दिर भारतमा इसाको सुरुदेखि नै बन्न थालिसकेका थिए भने नेपालमा लिच्छवीकालीन समयदेखि नै सुरुवात भएको मानिन्छ । उपत्यका बाहिर पनि शिखर शैलीका मन्दिरहरू प्रशस्त बनेको पाइन्छ ।

## शिखर शैलीका मन्दिरको विशेषता

क) विभिन्न तहको पेटीमाथि शिखर मन्दिर निर्माण गरिएको छ ।

ख) शिखर मन्दिर पिरामिड जस्तै माथितिर चुच्चो पर्दै गएको छ ।

ग) शिखर मन्दिर विशेषगरी माटो, इँट्टा र प्रस्तरको प्रयोग गरी बनाइन्छ ।

घ) शिखर मन्दिरका तला र छाना बनाइँदैन भने झ्याल समेत हुँदैन । झ्यालको स्थानमा खापाहरू र गुम्बजहरू बनाइन्छ ।

ङ) शिखर मन्दिर त्रिरथ, पञ्चरथ, सप्तरथ शैलीमा बनाइन्छ ।

च) शिखर मन्दिरमा अमलक, छत्र, गजुरको प्रयोग गरिन्छ ।

छ) शिखर मन्दिरको गर्भगृहमा मूलदेवता स्थापना गरिन्छ ।

ज) गर्भगृहदेखि माथिको भाग वर्गाकार वा चौपाटे स्वरूपको हुन्छ ।

झ) शिखर मन्दिर निर्माण गर्दा नेपाली तलेशैली, मुगल शैलीको विशेषतालाई समेत समावेश गरी मिश्रित शिखर शैलीको प्रयोग हुन्छ ।

ञ) शिखर मन्दिरको भित्ता वा पर्खालमा विभिन्न धार्मिक चित्र बनाइएको हुन्छ ।

ट) शिखर मन्दिरको मूल ढोका अगाडि गर्भगृहको देवता वहान र वरिपरि बरन्डा मा बाल्नका लागि दियो राखिएको हुन्छ ।

नेपालमा उपर्युक्त विशेषता रहेका शिखर शैलीका मन्दिर तले शैलीको अनुपातमा निकै कम छन् ।

### ३.६.१.३ गुम्बज शैली

नेपालमा सबैभन्दा बढी प्रयोग भएको शैली  तले शैली हो । भारतका सन्दर्भमा शिखर शैलीको ज्यादा प्रयोग भएको पाइन्छ । यी दुई शैली पछि गुम्बज शैलीको स्थान पाइन्छ । यस शैलीमा शिखर शैली र तले शैली दुवैको विशेषता पाइन्छ । यो शैली निर्माणमा ज्यादा सावधानी अपाउनु पर्ने भएकाले यस शैलीको कम प्रयोग भएको देखिन्छ । गुम्बज शैलीको प्रयोग भएको उदाहरण पूर्व-मध्यकालदेखि मठ, मन्दिरमा पाइन्छन् । गुम्बज शैलीका विशेषता निम्न बमोजिम छन्; ।

क) होँचो एक तहको पेटीमाथि आधारित हुन्छ ।

ख) वर्गाकार रूपमा निर्माण हुन्छ ।

ग) निश्चित उचाइपछि अर्धवृत्ताधार गुम्बज रूप दिई गोलाकार बनाइएको हुन्छ ।

घ) माथिल्लो भागमा अर्धअण्डाकार गुम्बज बनाइन्छ ।

ङ) गुम्बजको माथिल्लो भागमा गजुर राखिएको हुन्छ ।

च) मन्दिरको मध्यभागमा मूर्ति स्थापना गरिएको हुन्छ ।

छ) काठ वा धातुको कम प्रयोग हुन्छ ।

ज) पाको इँट्टाबाट निर्माण गरिन्छ ।

झ) चौडा गारोमा निर्माण गरिन्छ ।

ञ) चारकोण (सुर) बाहिर साधारण र भित्र अर्धवृत्ताकार बनाइएको हुन्छ ।

ट) सुरक्षित राख्न रातो वा सेतो बज्र लेपन गरिएको हुन्छ ।

**३.६.१.४ दरबार वास्तुकला**

राजा रजौटाहरूको उत्पत्ति जहिलेदेखि भयो त्यसै समयदेखि दरबारको पनि सुरुवात भयो । प्रचीन तथा मध्यकालमा यस्ता राजा रजौटाहरू धेरै थिए । यी राजाहरू बस्ने स्थानलाई दरबार भनिन्छ । प्राचीनकालका दरबारहरू नासिएर गएको हुनाले त्यस समयका दरबारको वास्तुशैली कस्तो थियो भन्ने सम्बन्धमा धेरै विषयहरू थाहा पाउन सकिँदैन । तर, मध्यकालीन समयका दरबारहरू केही मात्रामा रहेको हुनाले यस समयको दरबारको वास्तुशैली भने थाहा पाउन सकिन्छ । राजाहरूको निवास स्थानको रूपमा दरबार बनाइए पनि त्यही दरबारबाट नै प्रशासनिक कार्यहरू पनि गरिन्थ्यो । राजाको सुरक्षाको लागि सेनाको निवास स्थान पनि दरबारमा नै गराइएको हुन्थ्यो । त्यसैले दरबारमा अनेक चोक, कोठाहरू निर्माण गरिन्थ्यो । त्यस समयमका दरबारको अध्ययनबाट दरबार वास्तुकलाका निम्नानुसार विशेषता देखिन्छन्;

क) दरबार जनसमुदायभन्दा अलग तर सहर वा गाउँको बीचमा उच्च स्थानमा बनाएको र दरबारलाई सुरक्षाको लागि चारैतिरबाट पर्खालको व्यवस्था गरी किल्लाको रूपमा निर्माण गरिएको हुन्थ्यो ।

ख) दरबारभित्र वा बाहिर प्राङ्गणमा इष्टदेवता तथा अन्य देवताहरू स्थापना गरिएको हुन्थ्यो ।

ग) दरबारहरू विशेष गरी काठ, इँट्टाबाट बनाइएको हुन्छ भने छानामा टायलको प्रयोग गरिएको हुन्छ । दरबारको झ्याल, ढोका, खापा, चौकस आदिमा देवीदेवताका साथै अन्य बुट्टाहरू कुँदिएको हुन्छ ।

घ) दरबारभित्र धेरै चोक तथा खोपाहरू बनाइएको हुन्छ र राजपरिवार सुत्ने कोठाहरू लामा तथा आकर्षक हुन्छन् ।

ङ) दरबारमा चाहिने पानीको लागि केही गहिरो बनाई ढुङ्गे धारा वा इनारको व्यवस्था गरिएको हुन्छ ।

च) दरबार अगाडि जनतालाई दर्शन दिने तथा सांस्कृतिक कार्यक्रम गर्नका लागि विशाल आँगनको व्यवस्था गरिएको हुन्छ ।

उपर्युक्त विशेषता रहेका दरबारहरू अहिले केही राम्रो अवस्थामा रहेका छन् भने केही जीर्ण अवस्थामा रहेका छन् । धेरैजसो पुराना दरबारहरू नष्ट भइसकेका छन् । हाल उपलब्ध दरबारहरूमध्ये धेरैजसो मध्यकालीन हुन् ।

### ३.६.१.५ लौकिक वास्तुकला

लौकिक वास्तुकला भन्नाले पाटी, पौवा, धर्मशाला, ढुङ्गेधारा, जलद्रोणी र परम्परागत घर आदि निर्माण शैली बुझिन्छ । यस्ता वस्तुहरू धर्म कमाउनका लागि धार्मिक उद्देश्यले, सामाजिक भावनाले वा व्यक्तिगत प्रायोगका लागि निर्माण गर्दै आएको पाइन्छ । यी वस्तुहरू सर्वसाधारण, धनीमानी परिवार र राजाहरूले निर्माण गर्दथे । पहिले पहिले यातायात तथा सञ्चारको सुविधा नभएको समयमा तीर्थयात्रीहरू, व्यापारीहरू, बटुवाहरूका लागि बाटामा बास बस्न, केही समय थकाइ मार्नका लागि तथा पानी पिउनका लागि जुन व्यवस्था गरिन्थ्यो ती वास्तुहरू नै लौकिक वास्तु हुन् । जो वास्तुकलाको दृष्टिले महत्वपूर्ण छन् । प्राचीनकालका यस्ता वास्तुहरू हाल पाउन सकिँदैन । आज जीर्ण अवस्थामा उपलब्ध यस्ता वास्तुहरू प्रायः मध्यकालका देखिन्छन् । लोकले आफ्नो आवासका लागि बनाइने जातीय संस्कृतिमा आधारमा घरहरू भने वर्तमानसम्म पनि निर्माण गरिँदै छन् । यस प्रकारका घरहरूको वास्तुकलामा स्थानीय भूगोल र जातीय संस्कृतिको प्रभाव रहन्छ ।

### ३.६.१.६ अन्य वास्तुकला शैली

तले शैली, शिखर शैली, गुम्बज शैली, दरबार वास्तुकला शेलीका अतिरिक्त, स्तूप वास्तुकला तथा मुगल वास्तुकला शैलीहरू पनि महत्वपूर्ण रहेको पाइन्छ । स्तूप तथा विहार वास्तुकलामा बौद्ध धर्मावलम्बीहरूका गुम्बा तथा छ्योरतेन निर्माणका आ-आफ्ना शैली प्रचलित छन् । छ्योरतेन उत्तरी नेपाल र तिब्बतमा बौद्ध धर्मावलम्बीहरूले उपासना गर्ने स्थल हो । त्यसै गरी तीब्बती भाषाको 'गोयन्पा' शब्दबाट निर्मित 'गुम्बा' शब्दले सेर्पाहरूको मन्दिर बुझाउँछ (क्षेत्री र रायमाझी, २०५६, पृ. २८५) । सेर्पाहरू बौद्धमार्गी भएकाले पनि यसो हुन पुगेको हो ।

राप्ती क्षेत्रका केही मूर्त सांस्कृतिक सम्पदाहरू मुगल गास्तुकलासँग पनि सम्बन्धित रहेको पाइन्छ । यस शैलीमा भवनहरूमा मिनार बनाउने, झ्याल, ढोका धनुषकार राख्ने, बुर्ज वा बार्दलीजस्ता विशेषता देखिन्छन् ।

### ३.६.२ अवस्थिति, ऐतिहासिकता र आनुष्ठानिक प्रचलन

मठ, मन्दिर, गुम्बा, दरबार, किल्ला आदि मूर्त सांस्कृतिक सम्पदासँग त्यसको अवस्थिति, ऐतिहासिकता र त्यहाँ गरिने अनुष्ठानहरू जोडिएर आउँछन् । सम्पदाहरूको परिचय दिनका लागि मठ, मन्दिर, गुम्बा, दरबार आदि कुन स्थानमा अवस्थित छ, त्यसको ऐतिहासिक पृष्ठभूमि कति पुरानो छ र त्यहाँ सम्पन्न गरिने पूजा पद्धति तथा त्यहाँ आयोजना हुने मेला, चाडपर्व के-कति छन् भन्ने विषय महत्वपूर्ण हुने हुँदा यस अध्ययनको चौथो परिच्छेदमा राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको परिचय दिँदा अवस्थिति, ऐतिहासिकता र आनुष्ठानिक प्रचलनलाई विश्लेषणको आधार बनाइएको छ ।

### ३.६.३ निर्माण प्रविधि र प्रयोग

यस शोधकार्यको केन्द्रीय विषय ऐतिहासिक धरोहरका रूपमा रहेका मठ, मन्दिर, गुम्बा, दरबार आदिको कला-वास्तुकला विश्लेषण हो । तर, राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा अन्तर्गत अन्य दैनिक प्रयोगका वस्तुहरू पनि आउने हुँदा परिच्छेद चारमा तिनको परिचय दिँदा निर्माण प्रविधि र प्रयोगलाई पनि विश्लेषणको आधार बनाइएको छ ।

## ३.७ निष्कर्ष

परिच्छेद दुईमा संस्कृति र सम्पदाको परिचय दिनुका साथै यस शोधकार्यमा गरिने मूर्त सम्पदा विश्लेषणका आधारहरू तय गरिएको छ । संस्कृतिको परिचय दिने क्रममा यसलाई मानव जातिद्वारा निर्मित वा प्रकृति निर्मित तर मानिसले परम्परागत रूपमा प्रयोग र प्रचलनमा ल्याउने सबै मूर्त-अमूर्त सम्पदाहरू संस्कृति हो भनिएको छ । संस्कृतिले मानव समाजलाई सभ्य, सरल, सहज बनाउनुका साथै समुदायगत मौलिकता पनि प्रदान गरेको छ। संस्कृतिको परिभाषा दिने क्रममा अनेक अध्येताहरूका विचारलाई उद्धृत गर्दै पूर्व र पश्चिमा संस्कृतिलाई हेर्ने धारणा र प्रयोगसम्बन्धी अवस्था प्रस्तुत गरिएको छ ।

यसपछि यस परिच्छेदमा संस्कृतिको वर्गीकरण गरेर तिनको चर्चा गरिएको छ । यस सन्दर्भमा संस्कृतिलाई अनेक आधारहरूमा वर्गीकरण गरेर पूर्वीय संस्कृति र तिनलाई मूर्त-

अमूर्त संस्कृतिका उपशीर्षकहरूमा राखेर परिचय दिइएको छ । यसमा मानव जातिले परम्परागत रूपमा प्रयोग गर्दै आएका वस्तु, संरचना र प्रचलनहरू नै सांस्कृतिक सम्पदा हुन् भन्ने विचारका साथ सांस्कृतिक सम्पदाहरूसँग धार्मिक सम्प्रदायहरूको सम्बन्ध देखाइएको छ । विशेष गरी मठ, मन्दिर, गुम्बा, दरबार आदिसँग धार्मिक सम्प्रदायहरूको सम्बन्ध रहेको हुँदा यहाँ शैव, वैष्णव, शाक्त र अन्य सम्प्रदायहरू र सम्पदाको परिचय दिइएको छ । यस क्रममा धार्मिक सम्प्रदायहरूको ऐतिहासिकता र सम्प्रदायगत देवीदेवताहरूको विषयमा पनि जानकारी दिइएको छ ।

यस परिच्छेदको अन्त्यमा, मूर्त सांस्कृतिक सम्पदाहरूको विश्लेषणको आधार तय गरिएको छ । यसमा मठ, मन्दिर, गुम्बा, दरबार आदि ऐतिहासिक धरोहरहरूको परिचय दिन अवस्थिति, ऐतिहासिकता र आनुष्ठानिक प्रचलनलाई आधार बनाइएको छ भने र कला-वास्तुकलाका दृष्टिले निर्माण शैलीलाई विश्लेषणको आधार तय गरिएको छ । त्यसै गरी मूर्त संस्कृतिभित्र आउने दैनिक जीवनमा प्रयोग हुने अन्य वस्तु तथा सामग्रीहरूको परिचय दिन निर्माण प्रविधि र प्रयोगलाई परिचयको आधार बनाइएको छ ।

## परिच्छेद चार

# राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको परिचय

## ४. बिषय परिचय :

राप्ती क्षेत्रमा प्रागैतिहासिक कालदेखि नै मानिस विचरण गरेका प्रमाणहरू उपलब्ध भएका छन् । विवेच्य क्षेत्रको दाङ उपत्यका प्रागैतिहासिक मानव जातिको अध्ययनको दृष्टिले विशेष महत्वपूर्ण छ । हालसम्म गरिएका अध्ययनहरूबाट अनेक प्रकारका नवपाषाणकालीन प्रस्तर औजारहरू प्राप्त भएका छन् । यस क्षेत्रमा आदिकालदेखि बसोबास गर्दै आएका कयौँ जातिहरूको जीवनशैली अवलोकन गर्दा राप्ती क्षेत्रमा मानव सभ्यताको आरम्भकालदेखि नै मानव जातिको उपस्थिति भयो भन्न सकिन्छ । त्यसै गरी पूर्वमध्यकालदेखिको इतिहास अध्ययन गर्दा राप्ती क्षेत्रमा निकै धेरै राज्य तथा रजौटाहरूले ठूला-साना राज्य सञ्चालन गरेको बुझिन्छ । मानव चेतना र आवश्यकताको बिस्तार हुँदै जाँदा सांस्कृतिक सम्पदाहरू पनि निर्माण हुँदै जान्छन् । यसै क्रममा नै गुफा जीवन यापन गर्ने प्रागैतिहासिक कालको मानिसले क्रमशः घाँसपातको झुप्रो हुँदै ठूला र कलात्मक दरबार निर्माण गर्न लागेको हो ।

राप्ती क्षेत्रमा जातीय विविधता रहेको छ । रुकुम, रोल्पा आदि प्राचीन मगरातका रूपमा निनिन्छन् । त्यसै गरी दाङ-देउखुरी थारू जातिको आदि थलोका रूपमा चिनिन्छ । सल्यान, प्युठान र दाङका काँठ क्षेत्र अन्य जातिका प्राचीन बसोबास स्थल थिए भन्ने बुझिन्छ । अतः यी सबै अवस्थाबाट राप्ती क्षेत्र सांस्कृतिक सम्पदाको दृष्टिले सम्पन्न रहेको देखिन्छ । यस शोधकार्यको प्रस्तुत परिच्छेदमा राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको परचय दिइएको छ । यस क्रममा विवेच्य क्षेत्रमा उपलब्ध हुने मूर्त सांस्कृतिक सम्पदाहरूलाई मठमन्दिर र गुम्बा, थान आदि धार्मिक सम्पदा, दरबार, घर, पाटी-पौवा, किल्ला जस्ता आवास तथा सुरक्षासँग सम्बन्धित सम्पदा र दैनिक जीवनमा प्रयोग गरिने भाँडाकुँडा आदि सम्पदाहरूका वर्गमा राखेर परिचय दिइएको छ ।

## ४.१. मठ-मन्दिर, गुम्बा, थान

राप्ती क्षेत्र जातीय र सांस्कृतिक विविधतामय छ । यस क्षेत्रमा अनेक धर्मावलम्बी र भाषाभाषीहरूको बसोबास रहेको छ । धार्मिक विविधताको कारण तिनका धार्मिक आस्थाका

केन्द्रहरूमा पनि विविधता हुन्छ । राप्ती क्षेत्रमा हिन्दू धर्मावलम्बीहरूको बाहुल्य छ । यसका अतिरिक्त बौद्ध, इस्लाम र प्रकृति धर्म मान्नेहरूको पनि उपस्थिति छ । यसैले राप्ती क्षेत्र यिनै धर्महरूसँग सम्बन्धित धर्मावलम्बीहरूले परापूर्वकालदेखि आ-आफ्ना आस्थाका केन्द्रका रूपमा मठ-मन्दिर गुम्बा, थान आदि स्थापना गर्दै आएको पाइन्छ । यहाँ राप्ती क्षेत्रमा उपलब्ध प्रमुख मठ-मन्दिर, गुम्बा र थानहरूको अवस्थिति, ऐतिहासिकता र तिनका अनुष्ठानिक प्रचलनहरूको आधारमा परिचय दिइएको छ ।

## ४.१.१ अम्बिकेश्वरी भगवती मन्दिर, अम्बापुर, दाङ

### ४.१.१.१ अवस्थिति

घोराही उप-महानगरपालिका वडा नं. १८ अम्बापुरमा अवस्थित अम्बिकेश्वरी मन्दिर यस क्षेत्रको मात्र नभएर सम्पूर्ण हिन्दूहरूको आस्थाको केन्द्र हो । एक प्रसिद्ध शक्तिपीठको रूपमा रहेको यो मन्दिरलाई कतिपय बुढापाकाहरूले "माईको थान" पनि भन्ने गर्दछन् । घोडदौरा पहाडको फेँदीमा रहेको यो मन्दिर दाङ जिल्लाको सदरमुकाम घोराहीदेखि १.५ कि.मि पूर्वमा अवस्थित छ । घोराही बजारदेखि नजिकै रहेको यो मन्दिरको पूर्व अम्बापुर गाउँ, पश्चिम कटुवाखोला, दक्षिण नवलपुर, डबरी र उत्तरमा बाँसखोली, काभ्रेखोला गाउँहरू पर्दछन् । धार्मिक तथा पर्यटकीय क्षेत्रको रूपमा रहेको यो मन्दिर सत्ययुगमा सतीदेवीको दाहिने कान पतन भएको कारण यस स्थलमा शक्तिपीठ उत्पत्ति भएको विश्वास गरिन्छ । त्यसैले यो मन्दिर आज एक प्रसिद्ध शक्तिपीठको रूपमा विकास हुँदै गइरहेको छ । दाङमा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूमध्ये प्रमुख स्थलको रूपमा रहेको यो मन्दिरप्रति सबैको प्रगाढ आस्था छ ।

### ४.१.१.२ ऐतिहासिकता

अम्बिकेश्वरी मन्दिरको ऐतिहासिकतालाई प्रमाणित गर्ने ऐतिहासिक स्रोतको अभावले गर्दा यसको प्रमाणिक ऐतिहासिकतालाई २५० वर्षभन्दा अगाडि बढाउन सकिँदैन । मन्दिरमा राखिएको एउटा घण्टमा साके १७२८ मा रणभीम शाह चौतारिया पश्चिम क्षेत्र बाहिनीद्वारा चढाइएको उल्लेख थियो (शर्मा, २०६७, पृ. २) । तर, उक्त घण्ट हाल मन्दिरमा छैन । यसबाट यो मन्दिरको स्थापना २१४ वर्ष पुरानो मान्न सकिन्छ । यो घण्ट मन्दिर निर्माण भइसकेपछि चढाएको हुन सक्छ । त्यसैगरी श्री ५ त्रैलोक्यको विवाह र व्रतबन्धको उपलक्ष्यमा धीर शमशेरबाट चढाइएको पित्तलको सिंहका दुईवटा मूर्तिहरू रहेका छन् । यी

मूर्तिहरूमा वि.सं. १९२२ बैशाख १ गते रोज ४ लेखिएको छ। यी दुईवटा ऐतिहासिक प्रमाण बाहेक अन्य कुनै पनि मन्दिरका बारेमा उल्लेख गरिएका शिलापत्र, ताम्रपत्र, हस्तलिखित ग्रन्थहरू वा लिखित सामग्रीहरू पाइँदैन। यसरी प्राप्त ऐतिहासिक स्रोतहरूले मन्दिरको ऐतिहासिकतालाई मध्यकालको अन्त्यभन्दा अगाडि पुऱ्याउन नसकिए पनि पौराणिक ग्रन्थ, जनश्रुति तथा पुराणहरूलाई आधार मान्ने हो भने यसको इतिहासलाई सत्य युगसम्म पुऱ्याउन सकिन्छ। त्यसैले इतिहास लेखनमा पुराणहरूको पनि सहयोग लिनुपर्ने हुन्छ। जसअनुसार स्वस्थानी व्रतकथामा यस शक्तिपीठको उत्पत्तिका बारेमा उल्लेख गरिएको छ। दक्षप्रजापतिको यज्ञमा सतीदेवीले हाम फाली देह त्याग गरेपछि देवाधिदेव महादेवले सतीदेवीको मृत शरीरलाई आफ्नो पीठमा बोकेर बौलाहा जस्तै भएर पृथ्वीलोक विचरण गर्ने क्रममा सतीदेवीको शरीर गलेर टुक्रा-टुक्रा भई विभिन्न स्थानमा पतन हुँदै गयो । जहाँ जहाँ सतीदेवीको अङ्गहरू पतन भए त्यहाँ त्यहाँ एक-एक पीठ, एक-एक शिवलिङ्ग र एक-एक योगिनी उत्पन्न भए। जस अनुसार "पौरबन्धमा सतीदेवीको दाहिने कान पतन भयो र पौरबन्ध पीठ, अम्बिकादेवी, चन्द्रवेगायोगिनी, धनेश्वर महादेव उत्पन्न भए। त्यस पुण्यभूमिमा दैत्यगणहरू आई तपस्या गरे र ईश्वरी प्रसन्न भई देवतालाई जित्न सके भनी वरदान दिइन्" (श्री स्वस्थानी व्रतकथा, २०५५, पृ. ९३)। यो शक्ति पीठ चौथो शक्ति पीठ हो। यसरी पौरबन्धमा सतीदेवीको दाहिने कान पतन भई पौरबन्ध पीठ र अम्बिकादेवी उत्पत्ति भएको हुँदा उक्त स्थानको नाम "अम्बापौर" रहन गएको र पछि अम्बापौर भन्दाभन्दै अप्रभंश भई "अम्बापुर" भन्न थालिएको हो भनिन्छ। सतीदेवीको कान पतन भएको मुख्य स्थानमा कर्णाकार सागर रहेको छ । मन्दिर निर्माण नहुँदासम्म उक्त सागरको वरिपरि धमिराको देवल थियो भनिन्छ।

अम्बिकेश्वरी मन्दिरको उत्पत्ति तथा स्थापना भएका सम्बन्धमा लौकिक कथन तथा किम्वदन्तीहरू जनमानसहरूले भन्ने गरेको पाइन्छ। जसअनुसार एक कथा यस्तो रहेको छ, एक दिन राती सपनामा अम्बापुर गाउँका एकजना बुढाथोकी परिवारका बृद्धलाई त्यस स्थानमा सतीदेवीको दाहिने कान पतन भएर सागर बनेको छ। तिमी त्यहाँ गएर भगवतीको पूजा आराधना गऱ्यौ भने तिम्रो कल्याण हुनेछ भनिए पछि अर्को दिन बिहानै उठी त्यस स्थानमा जाँदा कर्णाकार सागर रहेको र सागरको वरिपरि धमिराको देवल देखेपछि त्यही स्थानमा उनले देवीको पूजा आराधनाको सुरुवात गरे। केही समयपछि उनलाई मेरो आराधनाबाट भगवती प्रसन्न भइन् कि भइनन् भनी बुझ्ने इच्छा लागेछ।

जसले गर्दा उनले यदि तिमी सत्यकी देवी हौ भने जिब्राको टुप्पा जस्ताको त्यस्तै गरिदेऊ भनी आफ्नो जिब्राको टुप्पो काटी देवीलाई चढाए भने उनकी श्रीमतीले पनि आफ्नो स्तनको मुन्टो काटी देवीलाई चढाइन् । देवीको शक्तिले दुवैको जिब्रो र स्तनको मुन्टो जस्ताको त्यस्तै भएछ । यसपछि सबैले भगवतीको शक्तिप्रति विश्वास गरी पूजा आराधना गर्न थाले ( आचार्य, २०७३, पृ. ३) । यसरी भगवतीको महिमा फैलिँदै गएपछि त्यस समयमा शासन गर्ने भुरेटाकुरे राजाहरूले यस शक्तिपीठको दैनिक पूजा सञ्चालन गर्नका लागि अम्बापुर मौजाको ३५० बिगाहा र काउले मौजाको ५० बिगाहा जमीन गुठी राखी अमृत बुढाथोकीलाई गुठियार कायम गरिएको थियो । यसपछि नित्य पूजा गर्नका लागि एकजना पुजारी र एकजना सहायक पुजारी राखी नित्य पूजा गरी चैते दशैँ र बर्खे दशैँमा ब्राह्मणद्वारा चण्डी पाठ गर्ने, पञ्चबलि दिने व्यवस्थाको पनि सुरुवात गरियो । यसरी चल्दै आए पनि पछि आएर गुठियार र रैतीबीच झगडा भएपछि त्यो झगडा अदालतसम्म पुग्यो । अदालतको निर्णय अनुसार गुठी जग्गा रैकरमा परिणत भयो। त्यसपछि रैतीहरूद्वारा जमिनदार चुन्ने र तिनै जमीन्दारबाट मन्दिरको पूजाआजा पनि सञ्चालन गर्ने प्रचलनको सुरुवात भयो । यसै क्रममा गंगाधर खनाल जमीनदार चुनिए । यसरी नेतृत्व बुढाथोकीबाट खनाल परिवारमा सर्‍यो । त्यसपछि खनाल परिवारकै सन्तान दर सन्तानहरू पुजारीको रूपमा रहँदै आएको पाइन्छ (पूवत्) । अम्बिकेश्वरी मन्दिर उत्पत्तिको विषयमा अन्य धेरै जनश्रुतिहरू पाइन्छन् ।

### ४.१.१.३. आनुष्ठानिक प्रचलन

अम्बिकेश्वरी मन्दिर राप्ती क्षेत्रकै एक प्रसिद्ध शक्तिपीठको रूपमा रहेको छ । समस्त हिन्दू धर्मावलम्बीहरूको महत्वपूर्ण धार्मिकस्थलको रूपमा रहेको यस तीर्थस्थलमा बर्सेनी लाखौँको सङ्ख्यामा भक्तजनहरू आउँछन् ।

विशेष गरी शनिबार, सोमबार र मङ्गलबार भक्तजन बढी मात्रामा उपस्थित हुने गरेको पाइन्छ । बडा दशैंको पञ्चमीदेखि नवमीको रात्रीसम्म भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ । त्यसैगरी चैतेदशैंको अष्टमीमा पनि त्यत्तिकै मात्रामा भक्तहरू आउने गर्दछन् । भक्तहरूबाट चढाइने प्रसादमा एक माना पिठोको एउटा रोटको नाभी (बीचको भाग) भगवतीलाई चढाउने प्रचलन रहेको छ । मन्दिरको पुजारीले बिहानै स्नान गरी मन्दिरमा आई सन्ध्या जप कार्य गरी मन्दिर भित्र सरसफाइ तथा देवमूर्तिहरूको स्नान कार्य पूरा गर्नु पर्दछ । त्यसपछि शुद्ध जल ल्याई मन्दिर भित्र रक्तचन्दन घोटी रातो अक्षता, चन्दन, पुष्पबाट

भगवती, कुण्ड तथा अन्य देवीदेवताको पूजा गरिन्छ। भगवतीको अङ्ग पूजा गर्दा भगवतीकै स्तोत्रबाट गरिन्छ। पूजा गर्दा चमर डोलाई, शङ्ख फुकी, घण्ट बजाई, साष्टाङ्ग दण्डवत् गरी पुष्प लिई मन्दिरको प्रदक्षिणा गरेर मन्दिर परिसरमा भएका अन्य देवीदेवताको पूजा गरिन्छ।

यस शक्तिपीठमा दशैंका साथै हिन्दूहरूका अन्य पर्वहरूमा पनि दर्शनार्थीहरूको उल्लेख्य मात्रामा उपस्थिति रहेको पाइन्छ। यस शक्तिपीठमा भगवतीका साथै गणेश, शिव, सरस्वती, रामजानकी, राधाकृष्ण, कालिकादेवी, सूर्य मन्दिरहरू पनि रहेका छन्। यसले गर्दा यी देवीदेवतासम्बन्धी पर्वहरूमा दर्शनार्थीहरूको विशेष उपस्थिति रहन्छ। यस पीठमा अक्षयतृतीयाको दिन आफ्ना घरमा भित्राइएको नयाँ अन्नबाट विशेष किसिमले बनाइएका वस्तुहरू (जस्तै गहुँको सातु, चामलको न्वाँगी आदि) भगवतीलाई चढाउने र त्यसपछि मात्र आफूहरूले प्रयोगमा ल्याउने प्रचलन रहेको पाइन्छ। चाडपर्वका साथै विवाह, व्रतबन्ध, लक्ष्यवर्तिका, पुराण, यज्ञ, कथा आदि शुभकार्यहरू पनि आयोजना हुन्छन्। बडादशैंको सप्तमीका दिन यस स्थलमा फूलपाती लिन जाने विशेष अनुष्ठानको प्रचलन छ।

## ४.१.२ ऐरावती मन्दिर

### ४.१.२.१ अवस्थिति

प्युठान जिल्लाको ऐरावती गाउँपालिका वडा नं. १ सल्लीकोटमा अवस्थित ऐरावती मन्दिरको वास्तविक नाम अमरेश्वर महादेव मन्दिर हो। गौमुखीबाट आएको झिमरुक नदी र जलजलाबाट आएको माडीखोलाको सङ्गमस्थलमा रहेको ऐरावती मन्दिर ऐरावती सामुदायिक वन क्षेत्रमा अवस्थित छ। माडी नदी र झिमरुक नदीको सङ्गम स्थलमा हात्तीको आकारको ठूलो शिला थियो। त्यसै शिलाको नामबाट यस सङ्गम स्थललाई ऐरावती भनिएको हो। यी दुई नदी मिलेर बनेको नदीलाई ऐरावती भन्न थालिएको किम्वदन्तीमा उल्लेख गरिएको छ। 'ऐरावती' शब्द क्रमशः रावती, रापती र राप्ती बनेको हो (आचार्य, २०७३, पृ. ६७)। सदरमुकाम खलङ्गादेखि दक्षिण-पश्चिममा पर्ने ऐरावती मन्दिर राप्ती नदी पार गरेपछि अर्घाखाँचीको जलुकेमा पर्दछ। त्यसै गरी पश्चिममा प्युठानको दुमही, दक्षिणमा राप्ती नदी र उत्तरमा सल्लीकोट पर्दछन्।

ऐरावती मन्दिरमा पुग्न भालुबाङ-प्युठान सडकखण्डको दरबाङ्देखि बाङ्गेसाल हुँदै १० किलोमिटरको ग्राभेल बाटो पार गर्नु पर्दछ। मन्दिरमा पुग्न भालुबाङ-प्युठान

सडकखण्डको बड्डाँडाबाट गडी-भकुन्ने-चावा-काँसकोट-पालुथान हुँदै दुमईसम्म १५ किलोमिटर दूरी पार गरी माडीको झोलुङ्गे पुल तरेर माडीको देब्रे किनारै किनार ऐरावतीसम्म पुग्न सकिन्छ ।

### ४.१.२.२ ऐतिहासिकता

प्राकृतिक तथा सांस्कृतिक महत्वले पूर्ण ऐरावती एक ऐतिहासिक तीर्थस्थल हो भन्ने कुरालाई सबैले स्वीकारे पनि यो स्थलको प्राचीनताको सम्बन्धमा भने केही भन्न सकिँदैन । धार्मिक पुराणहरूलाई आधार मान्ने हो भने सत्ययुगसम्म पुग्न सकिन्छ । पुराणहरूमा ऐरावती तीर्थस्थलमा स्वस्थानी व्रत आरम्भ भएदेखि स्वस्थानी साङ्गेताको दिनसम्म अप्सराहरू ऐरावती दोभानमा आई स्नान गर्ने, व्रत बस्ने र साङ्गेता गरी स्वर्ग फर्कने कथाहरूको उल्लेख पाइन्छ । यस्तै एक अर्को कथनमा स्वयं देवराज इन्द्र ऐरावत हात्तीमा सवार भई यस पवित्र स्थलमा स्नान गर्ने तथा दर्शन गर्न आउने क्रममा एकदिन हतार हतारमा अन्तर्ध्यान हुदाँ ऐरावत हात्तीले पनि आफ्नो शरीर पत्थरमा परिणत भई स्वर्ग गएको हुँदा यस क्षेत्रको नाम ऐरावती भएको हो भनिन्छ । यहाँ रहेको हात्ती आकारको शिला र अन्य मूर्तिहरू वि.सं. १९७५मा आएको बाढीले पुरिन गएको हुनाले यो क्षेत्र ओझेलमा पर्न गएको हो ।

### ४.१.२.३. आनुष्ठानिक प्रचलन

इस स्थलमा बर्सेनी माघेसङ्क्रान्ति र शिवरात्रीको अवसरमा ठूलो मेला लाग्दछ । यस स्थलमा दैनिक पूजा गर्ने व्यवस्था पनि मिलाइएको छ । विशेष पर्वोत्सवहरूमा यहाँ प्युठान, अर्घाखाँची, दाङ, सल्यान आदि जिल्लाहरूबाट दर्शनार्थीहरू आउने प्रचलन छ । बाढीले अस्तव्यस्त पारेपछि लामो समयसम्म यहाँ कुनै पनि संरचनाहरू बन्न सकेन भने मानिसहरूको आवागमन पनि कम हुन गयो । वि. सं. २०१९ सालमा हेमराज पण्डित र सल्लीकोट निवासी गङ्गाराम सुवेदीले दुवै नदीको सङ्गमस्थलभन्दा केही माथि एक सानो शिव मन्दिर निर्माण गरी पूजाआजाको सुरु गरे । वि.सं. २०२४ सालमा बनारसबाट आएका एक बाबालाई ऐरावती स्थलको सम्पूर्ण जिम्मा लगाई बाबा बस्ने कुटीको निर्माण गरियो । यो मन्दिर जीर्ण भएपछि वि.सं. २०४२ सालमा जुकेना दाङसिङका पुरसनाथ पण्डितको सक्रियतामा जनस्तरबाट सङ्कलित रकमबाट पक्की शिखर शैलीको मन्दिर निर्माण गरिएको पाइन्छ । मन्दिर निर्माण गरी बचेको रकमले ५ मुरी धान हुने खेत, २ मुरी मकै हुने पाखो

जग्गा तथा केही बगैँचा गुठीको रूपमा राखिएको छ (गिरी, २०६२, पृ. ८७)। यसरी ऐरावती धार्मिकस्थल प्राचीन समयदेखि नै भक्तजनहरूका लागि धार्मिक आस्थाको केन्द्रको रूपमा रहँदै आएको देखिन्छ ।

## ४.१.३ कालिका भगवती मन्दिर, बिजुवार, प्युठान

### ३.१.३.१ अवस्थिति

यो प्युठान नगरपालिका वडा नं. ४ बिजुवार बजारको कालिका टोलमा अवस्थित एक प्रसिद्ध भगवतीको मन्दिर हो । मन्दिरको प्रसिद्धि प्युठान जिल्लामा मात्र नभई वरपरका जिल्लाहरूमा पनि रहेको छ। यो मन्दिर प्युठान जिल्लाको सदरमुकाम खलङ्गादेखि करीब १६ किलोमिटर पश्चिममा अवस्थित रहेको छ । जसको पूर्वमा झिमरुक नदी, पश्चिममा दाखाक्वाँडी गाउँ, उत्तरमा भित्रीकोट र दक्षिणमा खैरागाउँ पर्दछन् । बस्तीका बीचमा रहेको यस मन्दिर परिसरको क्षेत्रफल दुई रोपनी छ। बिजुवार बजार क्षेत्रको बीचमा बिजुवार - सडकखण्डको किनारमा अवस्थित यो मन्दिर सानो भए पनि सुन्दर र कलात्मक छ ।

### ४.१.३.२ ऐतिहासिकता

कालिका मन्दिरको सम्बन्ध भित्रीकोट राज्यसँग जोडिएको किम्वदन्तीहरूमा उल्लेख पाइन्छ । यहाँका पुजारी तथा बुढापाकाहरूको भनाइअनुसार- भित्रीकोटका राजालाई एकपटक सपनामा कालीमाताले म यस स्थानमा खिरुवाको वृक्षमुनि जमीनमा धसिएर रहेकी छु भन्ने जानकारी दिएको र मन्दिर बनाई पूजाको व्यवस्था गर्ने आदेश दिएको हुँदा (अहिलेको मन्दिर भएको स्थानमा पहिले खिरुवाको वृक्ष थियो) राजाले त्यस स्थानमा मन्दिर निर्माण गरी नाथ सम्प्रदायका पुजारीलाई नित्य पूजा गर्ने जिम्मा लगाए (अन्तर्वार्ता, पुजारी गोपालनाथ योगी) । तर, मन्दिर निर्माण गर्ने र पूजाको सुरुवात गराउने राजा को थिए भन्ने सम्बन्धमा कहीँ केही पनि उल्लेख गरिएको पाइँदैन । मन्दिरको मूल प्रवेशद्वार माथि भित्तामा ताम्रपत्र राखिएको छ, तर, त्यो ताम्रपत्रहरूको अक्षर घिसिएर पढ्न सकिँदैन । भित्रीकोटका राजासँग यस मन्दिरको सम्बन्ध जोडिएको हुनाले मन्दिरको स्थापना र पूजाको सुरुवात आजभन्दा ६०० वर्ष अगाडि नै भएको हुनु पर्ने अनुमान गर्न सकिन्छ । यसको प्रमाणिक इतिहासलाई हेर्दा वि.सं. १९१६ सम्ममात्र पुग्न सकिन्छ। प्रमाणको रूपमा वि.सं. १९१६ मा चढाइएको सिंहको पित्तलको मूर्तिलाई लिन सकिन्छ। यसरी वि.सं. १९४४ सालमा राजकुमार गुलाफजङ्ग शाहबाट चढाइएको घण्टले मन्दिरको इतिहासलाई प्रमाणित गर्दछ।

यसको इतिहासको अर्को प्रसङ्ग  भारतको उत्तर प्रदेशस्थित तुलसीपुरको पाटनदेवी मन्दिरको यस मन्दिरसँग सम्बन्ध रहेको देखिन्छ । पाटनदेवी मन्दिरमा हुने पर्वहरूमा यस मन्दिरका ब्राह्मणहरू पाठ गर्न गएको पाइन्छ (गिरी, २०६२, पृ. ४३) । अर्को एक प्रसङ्गमा प्युठान राज्यका राजा महिचन एक धार्मिक प्रवृत्तिका राजा थिए र भारतको पाटनदेवी मन्दिरमा चैतेदशैं र बडादशैंको दुर्गामा ब्राह्मणद्वारा पाठ गराउने व्यवस्था मिलाएका थिए । यो कार्य गर्नका लागि गुठीको व्यवस्था पनि मिलाएका थिए । चन्द राज्यको पतन भए पछि पनि गुठी सञ्चालनमा आइरहेको थियो, तर, पछि चन्द्र शमशेरले गुठीको व्यवस्था हटाएपछि पाटनदेवीमा पाठ तथा पूजा गर्न जाने परम्परा पनि हटेको पाइन्छ (गौतम, २०५०, पृ. ४३) । यसरी हेर्दा कालिका मन्दिरको इतिहास तथा प्राचीनता १७औं १८ औं शताब्दीसम्म पुग्न सक्ने देखिन्छ ।

### ४.१.३.३ आनुष्ठानिक प्रचलन

यस मन्दिरमा नित्य पूजा गर्ने प्रचलन छ । बडादशैं, अष्टमी र चैतेदशैंका पावन अवसरहरूमा यस स्थलमा ठूलो मेला लाग्दछ । शिवरात्रिमा पनि विशेष पूजा र मेला लाग्ने परम्परा छ । प्युठान लगायत दाङ, अर्घाखाँची, देउखुरी, कपिलवस्तु तिरबाट भक्तजनहरूले नयाँ अन्न खानु अघि रोट बनाई यस मन्दिरमा चढाउने र त्यसलाई प्रसादको रूपमा खाएपछि मात्रै सो अन्न घरमा राख्ने प्रचलन छ ।

## ४.१.४ कालिका भगवती मन्दिर, मसिना, दाङ

### ४.१.४.१ अवस्थिति

कालिका भगवती मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १८ मसिनामा अवस्थित छ। मसिना गाउँको बीचमा अवस्थित यो मन्दिर सदरमुकाम घोराहीदेखि २ किलोमिटर उत्तरमा पर्दछ। घोराहीको पिपलबोटबाट रझेना हुँदै मसिनागाउँ पुगेपछि यो मन्दिरमा पुगिन्छ। घोराही-मर्पेस-स्यूजा-बोझपोखरा मार्गको मसिनाखण्डको किनारामा नै रहेको यो मन्दिरमा जानका लागि यातायातको राम्रो व्यवस्था रहेको छ। यस मन्दिरको पूर्वमा कटुवाखोला, पश्चिममा घोराही-मर्पेस सडक, उत्तरमा महाभारत पर्वत (झिङ्गटेकोट पहाड) र दक्षिणमा रझेना गाउँ पर्दछ। यस क्षेत्रको महत्वपूर्ण धार्मिक स्थलको रूपमा रहेको यो मन्दिर भुरेटाकुरे राजाको समयमा स्थापना भएको विश्वास गरिन्छ। यस मन्दिरको नाम कालिका भगवती भए पनि यसको प्राचीन नाम भने गुह्यश्वरी मन्दिर भनिन्थ्यो। यहाँ

स्थित गुह्यखोलादेखि अम्बिकेश्वरी मन्दिरसम्म जाने एउटा गुह्यमार्ग (गुप्तमार्ग) रहेको थियो (आचार्य, २०६५, पृ. ४९) । यसैले गर्दा यस मन्दिरलाई गुह्यश्वरी देवीको मन्दिर भनिएको हो । यो मन्दिर महाभारत पर्वतको फेदीमा रहेकाले यस स्थलबाट प्राकृतिक दृष्यको अवलोकन गर्न सकिने र पर्यावरणीय दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

### ४.१.४.२ ऐतिहासिकता

कालिका भगवती मन्दिर रहेको क्षेत्र प्राचीन समयदेखि नै एक विकसित वस्तीको रूपमा रहँदै आएको देखिन्छ । यो प्राचीन बस्तीको स्थापना र यस क्षेत्रको नाम मसिना कसरी रहन गयो भन्ने सम्बन्धमा जनश्रुतिहरू सुनिन्छ । यो क्षेत्र पहिले पूरै जङ्गल थियो । प्रशस्त पानी भएको, जङ्गल पनि नजिकै भएको, समतल भू-भाग हुनाले स्थानीय मच्छिन्द्रबहादुर कँवंरले जङ्गल फँडानी गरी बसोबासको व्यवस्था मिलाएपछि मानिसहरू यस क्षेत्रमा बसोबास गर्न थाले । पछि वरपर गाउँका मानिसहरूले त्यस नयाँ बस्तीलाई मच्छिन्द्रगाउँ भन्न थाले । यसरी मच्छिन्द्र भन्दाभन्दै कालान्तरमा आएर (मच्छिन्द्र–मसिन्द्र–मसिना) मसिना भएको हो भनिन्छ (शर्मा, २०६७, पृ. २) ।

एउटा किम्वदन्ती अनुसार प्राचीन समयमा यस क्षेत्रमा घना जङ्गल थियो । मानिसहरूको आवादी बढ्दै जान थालेपछि यस क्षेत्रका अगुवा मच्छिन्द्रबहादुर कुँवरले जङ्गल फँडानी गरी बस्ती बसालिसकेपछि नयाँवस्तीको नाम के राख्ने भन्ने सम्बन्धमा छलफल गर्दा एकजना बृद्ध व्यक्तिले हामी सबैले जङ्गल फँडानी गरी मसिनो बनाएको हुनाले यस बस्तीको नाम मसिनो राख्नु पर्छ भने । यस प्रस्तावलाई सबैले स्वीकार्दै यसको नाम मसिनो भएको हो । पछि आएर शब्द अपभ्रंश हुँदाहुँदै मसिना भएको हो भनिन्छ (शर्मा, २०७५, पृ. २) ।

केहीको भनाइअनुसार यस क्षेत्रमा पहिले मसिने माझी नाम गरेका प्रतिष्ठित व्यक्ति बस्दथे । उनी धन सम्पत्ति भएका विद्वान्, शिक्षित व्यक्ति थिए । यसले गर्दा उनलाई सबैले मान्दथे र उनको नामबाट मसिने गाउँ भन्दाभन्दै मसिना भएको हो भनिन्छ (अन्तर्वार्ता–थम्मन माझी) । यसरी नामकरणको विषयमा माथिका जनश्रुतिहरू जे-जस्तो रूपमा प्रस्तुत गरिए तापनि यो क्षेत्र प्राचीन समयदेखि एक बस्तीको रूपमा विकसित भएको थियो भन्ने स्पष्ट हुन्छ ।

कालिका भगवती मन्दिरको प्रामाणिक इतिहास थाहा पाउन सकिएको छैन। मन्दिरका बारेमा जानकारी दिने प्रमाणिक ऐतिहासिक सामग्रीहरू प्राप्त हुन सकेका छैनन्। किम्वदन्ती तथा प्रचलित कथनहरूलाई आधार मानी कालिका मन्दिरको इतिहासलाई अगाडि बढाउन कोसिस गरिएको छ। मन्दिरको उत्तरतिर भिङ्गटीकोट महाभारत पहाड पर्दछ। मध्यकालीन समयमा भुरेटाकुरे राजाको समयमा यस भिङ्गटीकोटमा एउटा राज्य थियो। यसलाई भिङ्टीकोटे राज्य भनिन्थ्यो। जुम्लाबाट आएका मल्ल वंशका सन्तानले यस भिङ्गटीकोटमा दरबार बनाई सल्यानी राजाका सामन्त भई राज्य गरेका थिए। सल्यानी राजालाई राज्य गरे बापत केही कर पनि तिर्दथे। यस भिङ्गटीकोट राज्यको बर्खे राजधानी भिङ्गटीकोटमा र हिउँदे राजधानी मसिनामा थियो। यस राज्यको सिमाना पुरानो घोराही नगरपालिकाको क्षेत्र जत्तिकै थियो भनिन्छ। यसै भिङ्गटीकोटे राज्यको समयमा यी भिङ्गटीकोटे राजाहरूले नै कालिका भगवतीको मन्दिर स्थापना गरेको कुरा ऐतिहासिक स्रोतहरूले उल्लेख गरेको पाइन्छ (आचार्य, २०६५, पृ. ५०)। भुरेटाकुरे राजाहरूको समय आजभन्दा लगभग ५०० वर्ष अगाडिको मानिन्छ। त्यसैले मन्दिरको स्थापना पनि त्यसै समयको आसपासमा भएको हुन सक्छ। भिङ्गटीकोटे राज्य थियो भन्ने प्रमाणस्वरूप यस मन्दिर क्षेत्रभन्दा उत्तरतिरको पहाडमा प्राचीन भिङ्गटीकोट दरबार क्षेत्रमा अहिले पनि अनेक प्रकारका अवशेषहरू पाउन सकिन्छ भने त्यसै गरी मसिना गाउँको आसपासमा रहेको सानासाना गाउँहरूको नाम राजाको हात्ती बान्ने ठाउँलाई "हात्तीखर्क", त्यस स्थानमा राज्य गर्ने राजाहरू ठकुरी वंशका भएको हुनाले "थकरे" नामकरण गरिएको पाइन्छ। मसिनामा रहेको दरबार क्षेत्र वर्तमान समयमा व्यक्तिद्वारा आवादी गरिएको छ। धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण रहेको कालिका मन्दिर एक तीर्थस्थलको रूपमा रहेको छ। स्थानीय बुढापाकाहरूको भनाइअनुसार कालिका भगवती र अम्बापुरको अम्बिकेश्वरी भगवती दुई बहिनी हुन् भनिन्छ। यस मन्दिरमा गीर्वाणयुद्धको व्रतबन्धमा चढाएको ठूलो घण्ट र गणेशको मूर्ति धेरै पहिले सुरक्षाका लागि अम्बिकेश्वरी मन्दिरमा राख्न दिएको थियो भनिन्छ, जो अम्बिकेश्वरी मन्दिरबाट पनि हराइसकेको छ।

मसिना स्थित कालिका मन्दिरको स्थापनाका सम्बन्धमा एउटा किम्वदन्ती प्रचलित रहेको छ। जसअनुसार-भिङ्गटीकोटमा राज्य गर्ने मल्ल राजाका कुनै पनि सन्तान थिएनन्। दशैंको नवदुर्गाको एकरात रानीलाई सपनामा कालिका भगवतीले मलाई चिन्छौ ? भनेर सोध्नुभयो ? रानीले माता हजुरको दर्शन पाएर म धन्य भएँ आफ्नै आमा जस्तोको

दर्शन पाएँ भनिन् । कालिका भगवतीले मसँग हिँड भनी रानीलाई आफुसँगै लगी एउटा प्वालनिर लगेर म यही स्थानमा बस्छु अब भोलिदेखि मेरो पूजाको व्यवस्था तिमीले गर्नु तिम्रो कल्याण हुनेछ भनी अन्तरध्यान हुनुभयो । अर्को दिन बिहान रानीले पूजा सामग्री लिएर त्यस स्थानमा जाँदा सपनामा देखे जस्तो प्वालमाथि महाकालको कालो प्रस्तरको मूर्ति थियो । त्यसै मूर्तिलाई दैनिक पूजा गर्न थालिन् । केही समयपछि आएर फुसको छाना भएको सानो मन्दिर निर्माण गरिदिए । यस मन्दिरमा नित्य पूजा गर्न थालेको केही समयपछि एकाएक महाकालको मूर्तिको छेउँमा कालो प्रस्तरको सुन्दर कालिकाको मूर्ति देखियो । त्यो मूर्ति कहाँ, कसले, कसरी मन्दिरमा ल्यायो भन्ने सम्बन्धमा केही पनि थाहा पाउन सकिएन । यसरी अचानक स्थापित भएको यो कालिकाको मूर्ति जसरी अकस्मात् उत्पत्ति भएको थियो त्यसरी नै केही वर्ष पछि अकस्मात् विलय भयो । यो मूर्ति हराएपछि बर्गद्दीका पटवारी पं. खुशलराम, बोधिलाल, नन्दराम आदि मिलेर बनारसबाट सिङ्गमरमरको कालिकाको मूर्ति ल्याई स्थापना गरिदिएको बुझिन्छ (शर्मा, २०७५, पृ. १०) । यसरी कालिकाको मूर्ति हराउने र फेरि स्थापना गर्ने काम भएको पाइन्छ ।

स्थानीयहरूको भनाइ अनुसार अम्बिकेश्वरी भगवती र कालिका भगवती दुई दिदीबहिनी हुन् । पहिले यी दुवै मन्दिरमा जाने आउने सुरुङमार्ग थियो भनिन्छ । अम्बिकेश्वरी भगवतीको दर्शन तथा पूजा अर्चना गरिसकेपछि कालिका भगवतीको दर्शन नगरेसम्म कुनै फल प्राप्त हुँदैन । यही विश्वासले गर्दा आज पनि अम्बिकेश्वरी भगवतीको दर्शन तथा पूजा अर्चना गरिसकेपछि अम्बिकेश्वरी भगवतीको उत्तरतिर रहेको ढिस्कोमा गएर मसिना कालिका भगवतीतर्फ फर्केर कालिका भगवतीको दर्शन गर्ने परम्परा छ ।

नेपालको एकीकरण अभियानमा झिङ्गटीकोटे राज्य विलय भएपछि राजदरबार र राजाको जमीन बेवारिस भए । जसले गर्दा जमीन अतिक्रमण हुँदै गए भने दरबार तथा मन्दिर जीर्ण हुँदै गए । मल्ल राजाका कुनै पनि सन्तान नभएको हुनाले जमीन अतिक्रमण हुन थालेपछि मसिनाका तत्कालीन जमीनदार महिपाल कार्कीले बर्गद्दीका पटवारी खुशलरामलाई बेचिदिए । खुशलरामले जग्गा किनेपछि पानी चुहिएर भत्किन थालेको कालिका मन्दिरलाई खुशलराम, लोकराज राइटर, माइकाथाने नारायण र जुद्धवीर कुँवरको सक्रियतामा काठमाडौंबाट कालीगढ ल्याएर नेपाली शैलीको झिङ्गटीको छाना भएको मन्दिर निर्माण गरिएको थियो । मन्दिरको बाहिर छाना अड्याउनका लागि प्रयोग भएका टुँडालहरूमा सालभञ्जिका मूर्तिहरू कुँदिएका थिए जो काष्ठकलाको नमुनाको रूपमा

लिइन्छ। मन्दिर सम्पन्न भएपछि गर्भगृहमा सिङ्गमरमरको कालिकाको मूर्ति स्थापना गरिएको थियो (शर्मा, २०६७, पृ. १२)। मन्दिर स्थापना भएपछि बर्गद्दीका पटवारीहरूले मन्दिरको नित्य पूजाका लागि मन्दिरलाई एक बिगाहा जग्गा दान दिएका थिए । त्यस समयमा सो जग्गा मन्दिरको नाममा दर्ता श्रेस्ता गर्ने चलन नभएको हुनाले मसिनाका स्थानीय समाजसेवी राममणि अधिकारीको नाममा दर्ता श्रेस्ता गरिएको थियो । मन्दिरमा जो पुजारी हुन्छ त्यही पुजारीले उक्त जग्गा भोगचलन गर्दै आएकोमा राममणिको देहावसानपछि उनका छोराहरू बीच अंशबण्डा हुँदा मन्दिरको जग्गा पनि अंशवण्डा गरी भोगचलन गरी मन्दिरलाई आयस्ता दिन छाडेपछि मन्दिरको नित्य पूजामा अवरोध हुँदा सबैतिरबाट विरोध हुन थालेपछि निज राममणिका सन्तानहरूले मन्दिरलाई जग्गावापत एक लाख रूपैयाँ दिएको पाइन्छ (शर्मा, २०६७, पृ. १३) ।

### ४.१.४.३ आनुष्ठानिक प्रचलन

नित्य पूजाबाहेक यस मन्दिरमा शिवरात्री, बडादशैँ, चैतेदशैँ, जनै पूर्णिमा, तीज, पञ्चमी आदिमा विशेष पूजा हुने गर्दछ। उपर्युक्त पर्वहरूमा भक्तजनहरूको विशेष उपस्थिति हुन्छ । यहाँ मनाइने पर्वहरूमध्ये जनै पूर्णिमामा जनैधारी ब्राह्मणहरू मन्दिरमा उपस्थित भई रुद्री पूजाका साथै जनै पूजा गरी मनाउने गर्दछन् भने शिवरात्रीमा दिनभरि पूजा हुन्छ र बेलुका जाग्रत बसी भजन-कीर्तन गर्दछन् । त्यसैगरी तीज, पञ्चमीमा महिलाहरूले सामूहिक पूजा गर्ने प्रचलन छ । बडादशैँमा घटस्थापनादेखि नवदुर्गाभरि चण्डी पाठ गर्ने र पूजा गर्ने गर्दछन् । यस अवसरमा भक्तजनहरूबाट बलि दिने चलन छ । नित्य पूजा, विशेष पूजाका साथै यस मन्दिरमा विवाह, व्रतबन्ध, रुद्री, लक्ष्यवर्तिका आदि पूजा आयोजना गर्ने प्रचलन छ ।

## ४.१.५ कालिका भगवती मन्दिर, खलङ्गा, रूकुम

### ४.१.५.१ अवस्थिति

मुसीकोट नगरपालिका वडा नं. १ खलङ्गा बजारको प्रमुख स्थानमा अवस्थित कालिका भगवतीको मन्दिर यस क्षेत्रको प्रमुख आस्थाको केन्द्रका रूपमा रहेको छ । खलङ्गा बजारको त्रिवेणी चोकदेखि करीब १०० मिटर उत्तर जिल्ला प्रशासन कार्यालय जाने बाटोसँगै पिपलको रुखमुनि रहेको यो कालिका भगवतीको मन्दिर आजभन्दा लगभग ४०० वर्ष अगाडि निर्माण गरिएको हुनु पर्छ भन्ने विश्वास छ । बाटोको किनारमै बजारको बीचमा

रहेकाले मन्दिर परिसरमा सधैँभरि मानिसहरू प्रायः रहन्छन् । कालिका-स्थान पिपल चौतारा भनेर चिनिने यो स्थान रुकुम जिल्लामा नै प्रसिद्ध रहेको छ । यो बस्तीको बीचमा अवस्थित छ ।

### ४.१.५.२ ऐतिहासिकता

कालिका मन्दिरको प्राचीनता पुष्टि गर्ने कुनै प्रामाणिक स्रोतहरू पाउन सकिएको छैन । तर, पनि स्थानीय बुढापाकाहरूको भनाइ अनुसार- मुसीकोटका प्रसिद्ध समाजसेवी तथा राजनीतिज्ञ, पूर्व राज्यमन्त्री गोपालजी जङ्ग शाहका पूर्खाहरू जुम्लाबाट यहाँ आई खलङ्गामा राज्य सञ्चालन गरेको र सोही समयमा इष्टदेवीका रूपमा कालिका भगवतीको मूर्ति स्थापना गरी मन्दिर निर्माण गरिएको हो भनिन्छ । मन्दिरमा रहेको कालिका मूर्तिको कलाशैली स्वरूपलाई हेर्दा मूर्ति मध्यकालको अन्तातिर भएको देखिन्छ (पुरातत्व विभाग, २०७२, पृ. २१) । केही ऐतिहासिक तथ्यहरूलाई केलाउँदा जुम्लाका शाहवंशी राज्यमाथि आक्रमण भएपछि त्यहाँबाट भागेर रुकुम खलङ्गामा आई मुसीकोटे राजाको सल्लाह अनुसार खलङ्गामा जुम्ली राजाहरू बस्न थालेपछि यस स्थानलाई जुम्ली खलङ्गा भन्न थालेको पाइन्छ । यसरी जुम्लाबाट भागेर आउँदा आफ्नो साथमा खड्ग, ढाल, कालिका भगवतीको शिला र चन्दननाथको धजा लिएर आएका थिए । जसमध्ये कालिका भगवतीको शिलालाई स्थापना गरी आफ्नो इष्टदेवी मानी पूजाको सुरुवात गरेका हुन् भनिन्छ । त्यसैले यस कालिका भगवतीलाई पुराना बुढापाकाहरूले बुढीकालिका वा भोटेकालिका पनि भन्ने गर्दछन् । कालिका मन्दिरको स्थापनाका सम्बन्धमा कसैले मुसीकोट क्षेत्रमा ४ मुखिया, १२ घाट बुढाहरूले स्थानीय प्रशासन चलाउने गर्थे । मुसीकोट र खलङ्गामा राजा भए पनि ती राजाहरू नाम मात्रका थिए । ती राजाहरूले कालिकादेवीको स्थापना गरी पूजा गरेको देखेपछि यी मुखिया तथा घाट बुढाहरूले पनि हामी र हाम्रो कुलको रक्षा होस् भनी कालिका मन्दिरको स्थापना गरी पूजाको सुरुवात गरेको हो भनिन्छ (अन्तर्वार्ता-डा. नवराज गौतम) ।

यसरी कालिका मन्दिरको स्थापनाको समय र स्थापनाकर्ताका सम्बन्धमा माथि उल्लेख गरिएको वर्णनअनुसार यसको स्थापना १८ औँ शताब्दीतिर जुम्लाबाट आएका शाहहरूले नै गरेको स्पष्ट हुन्छ । वर्तमान समयसम्म पनि यस मन्दिरको विशेष हेरविचार खलङ्गामा बसोवास गर्ने शाहहरूले नै गरिरहेको पाइन्छ । यस स्थलमा दैनिक पूजाआजाका साथै बडादशैँ, चैतेदशैँहरूमा विशेष पूजा हुन्छ ।

## ४.१.६ कालिका भगवती मन्दिर, लिबाङ, रोल्पा

### ४.१.६.१ अवस्थिति

रोल्पा नगरपालिका वडा नं. ४ लिबाङ बजारमा अवस्थित कालिका मन्दिर रोल्पा जिल्लाका प्राचीन सांस्कृतिक सम्पदाहरूमध्येको एउटा प्रमुख सम्पदा हो । चारैतिर घरैघरले घेरिएको कालिका मन्दिर लिबाङ बजारको उत्तरतर्फ केही अग्लो स्थानमा रहेको छ । शक्तिको प्रतीकको रूपमा विश्वास गरिने कालिकादेवीको पूजा तथा दर्शन गर्नाले मनोकाङ्क्षा पूर्ण हुन्छ । शक्ति, बल प्राप्त हुन्छ भन्ने विश्वास जनमानसमा भएकाले भक्तहरू पूजाआजा गर्न आउने गर्दछन् । नेपाली शैलीको यो कालिकादेवीको मन्दिर सानो भए पनि सुन्दर र आकर्षक रहेको छ ।

### ४.१.६.२ ऐतिहासिकता

कालिकादेवी मन्दिरको स्थापना र उत्पत्ति समय आदिका बारेमा अन्योल रहेको छ । मन्दिर निकै पुरानो हो भन्ने कुरा जनमानसमा भए पनि यसको ऐतिहासिकताका बारेमा केही भन्न सकिएको छैन । यसको ऐतिहासिकतालाई अगाडि बढाउनका लागि स्थानीयहरूको भनाइलाई आधार लिनुपर्ने हुन्छ । स्थानीय बुढापाकाहरूको भनाइअनुसार यो मन्दिर बाइसे राज्य अन्तर्गत पर्ने गजुलकोट राज्यका राजाले निर्माण गराएका हुन् भनिन्छ । वि.सं. १५०९ तिर जाजरकोटबाट देवीदास आचार्य नाम गरेका ब्राह्मण लिबाङ आई बसेका थिए । उनी संस्कृतका प्रकाण्ड विद्वान् थिए भने पुरोहित काम गर्न पनि सिपालु थिए । जसको चर्चा रोल्पाभरि चल्न थाल्यो र चर्चा चल्दाचल्दै गजुलका राजाकहाँसम्म पुग्यो । राजाले ती ब्राह्मणलाई बोलाई आफ्नो पुरोहित तथा पूजारीमा नियुक्त गरी ती ब्राह्मणलाई लिबाङ मौजा नै बिर्ता दिए (आचार्यहरूको वंशावली) । बिर्ता पाएको हुनाले नै लिबाङ क्षेत्रमा अहिले पनि आचार्यहरूको बाहुल्य रहेको पाइन्छ । यी आचार्यहरू गजुलका राजाको बिर्ता पाई लिबाङमा बस्न थालेपछि धार्मिक क्रियाकलापहरू बढ्न थाल्यो । लिबाङ क्षेत्रमा कुनै मठ, मन्दिर तथा थानहरू नभएकाले पूजाआजा गर्न अप्ठेरो भएको महसुस गरी लिबाङका ब्राह्मणहरूले राजासँग बिन्ती गरेपछि राजाको निर्देशन अनुसार वि.सं. १५०९ को आसपासतिर कालिका मन्दिरको निर्माण भएको अनुमान गरिन्छ (अन्तर्वार्ता-खडानन्द सुवेदी) । मन्दिरको इतिहासलाई आजभन्दा ४०० वर्ष अगाडिसम्म लग्न सकिन्छ । ढुङ्गा, माटो, काठ र स्लेट प्रयोग गरी बनाइएको यो नेपाली शैलीको मन्दिर वर्तमान समयमा

रहेको स्थानभन्दा केही दक्षिण, पश्चिममा रहेको थियो । वि.सं. २०२५ सालमा हालको स्थानमा सारिएको थियो । मन्दिरमा पहिले कुनै मूर्ति थिएन । देवीको प्रतीकको रूपमा शिला मात्र थियो । वि.सं. २०२५ सालमा यस स्थानमा मन्दिर सारिए पछि कालो प्रस्तरको १ फिट अग्लो कालिकाको मूर्ति काठमाडौंबाट ल्याई स्थापना गरिएको थियो ।

मध्यकालीन समयमा आ-आफ्नो बस्ती, क्षेत्र वा राज्य सुरक्षित होस्, बल, शक्ति, ऐश्वर्य प्राप्त होस् भन्नका लागि शक्तिको प्रतीकका रूपमा देवीहरूको मन्दिर निर्माण गर्ने चलन थियो । गजुल राज्य अन्तर्गत पर्ने लिबाङमा पनि जब ब्राह्मणहरू आई बस्न थाले तब यहाँको चालचलन, संस्कृतिमा परिवर्तन आउन थाल्यो । यहाँको समाज धर्मतिर आकर्षित हुन थालेपछि आफू र आफ्नो समाज सुरक्षित राख्नका लागि देवीदेवताको पूजा गर्न थालियो, जसले गर्दा कालिका मन्दिरको स्थापना भएको हुनसक्छ । जेहोस् कालिका मन्दिर एक प्राचीन मन्दिर हो ।

## ४.१.७ कालिका मालिका मन्दिर, छिल्लीकोट, दाङ

### ४.१.७.१ अवस्थिति

कालिका मालिका मन्दिर तुलसीपुर उपमहानगरपालिका वडा नं १९ छिल्लीकोटको अग्लो टाकुरामा अवस्थित छ । यस स्थल मध्यकालीन समयका शक्तिशाली राज्यहरूमध्येको प्रमुख राज्य छिल्लीकोट राज्यको राजधानी थियो । यो क्षेत्र धार्मिक, सांस्कृतिक, राजनैतिक, सामाजिक तथा प्राकृतिक दृष्टिले महत्वपूर्ण रहेको छ । सदरमुकाम घोराहीदेखि करीब २४ कि.मी. पश्चिममा अवस्थित छिल्लीकोटमा समशीतोष्ण हावापानी भएको हुनाले न जाडो न गर्मी ठिक्कको हुन्छ । यो स्थल समुद्री सतहदेखि करीब १४७५ मिटरको उचाइमा रहेको छ । छिल्लीकोटको पूर्वमा पैंयाटाकुरा, पश्चिममा खानीगाउँ, उत्तरमा रोल्पाको डुब्रिङ र दक्षिणमा भुल्के सामुदायिक वन पर्दछ । यो स्थल करीब १० बिगाहा क्षेत्रफलमा फैलिएको छ । यो यस क्षेत्रको ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्वपूर्ण स्थलको रूपमा रहेको छ । छिल्लीकोटमा तीनवटा चुचुराहरू रहेका छन् । सबैभन्दा अग्लो चुचुरो पैयाँ चुचुरो हो भने दोस्रो मालिका चुचुरो र तेस्रो कालिका चुचुरो रहेको छ । यी चुचुराबाट दाङका अधिकांश भाग र भारतका केही भागहरूको अवलोकन गर्न सकिन्छ । यो स्थान अग्लो भएकाले टाकुरालाई किल्लाको रूपमा प्रयोग गरिएको हुँदा अहिले पनि राजदरबार तथा किल्लाका अवशेषहरू यत्रतत्र छरिएर रहेको देख्न सकिन्छ ।

यस स्थलमा कालिका भगवतीको मन्दिर र शक्तिपीठको रूपमा स्थापित मालिका देवीको मन्दिर रहेका छन्। टाढैबाट देख्न सकिने यी दुवै मन्दिर यस क्षेत्रको आस्थाको केन्द्रका रूपमा रहेका छन् । मगर जातिको बसोबास रहेको यो स्थल राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाका दृष्टिले महत्वपूर्ण छ ।

### ४.१.७.२ ऐतिहासिकता

कुनै पनि स्थानको नामकरण त्यस स्थानको भौगोलिक विशेषताको आधारमा वा ऐतिहासिक पृष्ठभूमिमा गरिएको हुन्छ। छिल्लीकोटको नामकरणको सम्बन्धमा गरिएका विभिन्न तर्कहरू प्रायःजसो सबैको उस्तैउस्तै रहेको देखिन्छ ।

दाङको थारू राज्यमाथि कब्जा गरी मेघनाथ दाङको राजा भएपछि उनले अग्लो टाकुरामा दरबार बनाई बस्न थाले जसलाई छिल्लीकोट नामकरण गरियो र उनको राज्यलाई छिल्ली प्रगन्ना भन्न थालियो (मजगैयाँ, २०५३, पृ. ३)। कर्णाली प्रदेशका चल्ल वंशीय राजाले दाङ कब्जा गरेपछि बाजुराका एकजना क्षेत्रीय वंशका आफ्ना चेलालाई सामन्ती राजा बनाई पठाएको हुनाले ती चेला बस्ने स्थानलाई चेलाकोट भन्न थालियो र चल्लाकोटबाट छेलाकोट हुँदै छिल्लीकोट भएको हो भनिन्छ (सुवेदी, २०५५, पृ. ४०)। दाङमा कर्णाली प्रदेशका चल्लवंशीले विजय प्राप्त गरी दाङको अग्लो स्थानमा गढी बनाई बस्न थालेपछि उनी बस्ने स्थानलाई चल्लकोट भन्न थालियो भने त्यही चल्लकोटबाट अपभ्रंश हुँदै छिल्लीकोट नामकरण भएको हो भनिन्छ (मजगैयाँ, २०५३, पृ. ४०)। अर्को कथन अनुसार टाकुरालाई पहिले चाक्लाकोट वा चाकलकोट भनिन्थ्यो । यसैको अपभ्रंश नै छिल्लीकोट भनिएको हो भनिन्छ। छिल्लीकोटको नामकरणका सम्बन्धमा उपर्युक्त तर्कहरू जे-जस्ता भए पनि वास्तवमा छिल्लीकोटलाई पहिले पहिले नाङ्लो जस्तो आकार भएको हुनाले नाङ्लोकोट भनिन्थ्यो । तर, पछि यस कोटमा दरबार बनाई बस्न थालेपछि चल्लवंशबाट छिल्लीकोट नामकरण गरिएको हो भन्ने भनाइ पनि छ ।

दाङको उत्तरतिर रहेको महाभारत पर्वत श्रृङ्खलाको उच्च स्थानमा रहेको यस छिल्लीकोटको ऐतिहासिकतालाई उत्तरमध्यकालीन समयको हो भनी ऐतिहासिक स्रोतहरूले प्रमाणित गरिसकेका छन् । वर्तमान समयमा देखिने संरचनाहरू सबै पुनःनिर्माण गरिएका हुन् । यसको ऐतिहासिकतालाई नियाल्दै जाँदा ५०० वर्ष अगाडिको अर्थात् वि.सं. १५०० को

आसपासतिर हुनसक्ने अनुमान छ। छिल्लीकोटको इतिहासलाई अध्ययन गर्दा यो क्षेत्र चल्लवंशीय राजाहरूको बर्खे राजधानी भएको देखिन्छ।

पन्ध्रौँ शताब्दीतिर दाङका थारू राजा दङ्गीशरणलाई जुम्लाका चल्लवंशीय राजाले आफ्नो अधीनमा लिई चल्लवंशका दानवहादुर शाहका छोरा मेघनाथ शाहले दाङको राज्य सञ्चालन गरी आफ्नो बर्खे राजधानी छिल्लीकोट र हिउँदे राजधानी बिजौरी बाँसगढीलाई कायम गरेका थिए। यसरी चल्लवंशीय शाह राजाले राज्य सञ्चालन गरेपछि छिल्लीकोटमा कालिका भगवती मन्दिर स्थापना गरी उत्तरतर्फको टाकुरामा सिद्धपीठ मालिका भगवतीको समेत पूजा सञ्चालन गरेका थिए (मजगैयाँ, २०५३, पृ. ३)। सिँजाका राजा अशोक चल्लले दाङको थारू राज्यलाई आफ्नो अधीनमा ल्याएपछि छिल्लीकोट नजिकका भिनाम, डुब्रिङ्ग आदि स्थानका जाट राजाहरूलाई पनि पराजित गरी ती विजय गरिएका राज्यलाई छिल्लीकोट राज्यमा गाभी छिल्लीकोट उपयुक्त स्थान मानी छिल्लीकोटमा नै दरबार बनाई बर्खे राजधानीको रूपमा प्रयोग गरी राज्य सञ्चालन गरेका थिए भनिन्छ। सुरुमा छिल्लीकोट राज्यको सिमाना पूर्व माडीखोला, पश्चिम फलाबाङ, उत्तरमा सिबाङखोला-खुङ्ग्री राज्य र दक्षिण भारतको बलरामपुर-तुलसीपुरसम्म फैलिएको थियो। गौतमको अनुसार अशोक चल्लको अवसान पछि सिँजाका मल्ल राजाले बाजुराका सिंह वंशी ठकुरीलाई आफ्नी छोरी र दाइजोको रूपमा छिल्ली राज्य दिएका थिए। यसरी दाइजो दिए पनि सिँजाको सामन्ती राज्यको रूपमा ठकुरी राजाहरूले राज्य गर्न थालेको पाइन्छ (गौतम, २०५५, पृ ६५)। छिल्लीकोटको प्रथम राजाको रूपमा मेघबहादुर शाह देखिन्छन् भने बाजुराबाट छिल्लीमा राजा आउँदा राजाको पुरोहित तथा सल्लाहकारको रूपमा जसोधर उपाध्याय पनि आएका थिए। त्यसै गरी प्युठान दाखाक्वाँडीबाट पोखेल ब्राह्मणहरूलाई पनि छिल्लीकोटमा ल्याइएको थियो। केही समयपछि पोखेलहरूको राज्य सञ्चालनमा गरेको सहयोगबाट प्रभावित भएर मजगाउँ बिर्ता पाएका थिए । यसरी बिर्ता पाएपछि ती पोखेलहरूलाई मजगैयाँ भन्न थालिएको पाइन्छ (सुवेदी, २०५५, पृ. ४२)। आज पनि धेरै मजगैयाँहरू सोही स्थानमा बस्दै आइरहेका छन्।

बाजुराका ठकुरीहरूले छिल्लीमा राज्य गर्न थालेपछि बाजुराको बडीमालिका आराधना गर्न छिल्लीकोटमा पनि मालिका मन्दिर स्थापना गरेका थिए (गौतम, २०५०, पृ ६६)। केही ऐतिहासिक तथ्यहरूमा छिल्लीकोटमा मेघबहादुर शाहले अलग राज्य स्थापना गरेपछि दाङका दङ्गीशरणलाई केही क्षेत्र दिई अलगअलग राज्य स्थापना गरिए पनि थारू

राज्य र छिल्ली राज्य बीच राम्रो सम्बन्ध भएकोले दङालीको सल्लाह अनुसार दाङको बागेश्वरी देवीकी बहिनी मानिने कालिकादेवीको मन्दिर स्थापना गरी सिद्धपीठ मालिका देवीको पूजा सञ्चालन गरेका थिए (जिल्ला विकास समिति, २०७४, पृ. ५०) । पहिले छिल्ली राज्य र दाङ राज्य कर्णाली प्रदेशको सिँजा राज्यको अधीनमा थिए । जसले गर्दा यी दुवै राज्यले सिँजालाई कर तिर्दथे । त्यस्तो करलाई “शाहीकर” भनिन्थ्यो । पछि वि. सं. १५५० सालतिर केन्द्र राज्य सिँजा कमजोर भएको मौका छोपी छिल्लीकोटका राजा मेघबहादुर शाहले छिल्लीलाई स्वतन्त्र भएको घोषणा गरे ।

छिल्लीकोटे राजा मेघबहादुर शाहको विवाह प्युठानको भित्रीकोटे राजा लटराजकी मैया तारादेवी (तारादेई) सँग भएको थियो । मेघबहादुर शाहको ससुराली प्युठान भए पनि भित्रीकोटले छिल्लीकोटमाथि आँखा लगाएर दाङका दानसिङ दनुवारसँग मिली प्युठानी सेना दाङमा आक्रमण गर्न आउँदा मेघबहादुर शाहले आफ्नो पुरोहित वा सल्लाहकार जशुधर उपाध्यायलाई पठाई आउँदै गरेको प्युठानी सेनालाई देउखुरीमा नै गर्मीको चेपुवामा पारी भाग्न बाध्य बनाएका थिए । यसपछि सन्धि भएको र यस सन्धिले प्युठानको पश्चिमतिर केही भागहरू दाङमा गाभेको थियो । ती गाभिएकामध्ये उदयपुरलाई अलग गराई जसुधर उपाध्याय अधिकारीलाई “कार्की” पद सहित उदयपुरलाई बिर्ता राज्य दिएका थिए (गौतम, २०५०, पृ. ६६) ।

छिल्लीकोटमा राज्य गर्ने राजाहरूमा मेघबहादुर शाह, प्रसह्या शाह, मणिराम शाह, चिन्तामणि शाह, वीरभद्र शाह स्वतन्त्र शासकहरू हुन् । वीरभद्र शाहको समयमा नेपालको एकीकरण अभियानका कारण वि. सं. १८४३ साल कार्तिकमा छिल्ली राज्य पनि विशाल नेपालमा गाभिएपछि वीरभद्र शाह नै विशाल नेपालको सामन्ती राजाको रूपमा रहेका थिए । वीरभद्रका कुनै सन्तान थिएनन् भने उनका भाइ सिद्धिप्रताप शाह (शिव शाह) को विवाह नेपालकी राजकुमारीसँग भएको थियो । त्यसैले वैवाहिक सम्बन्धले गर्दा फेरि छिल्लीकोटको सामन्ती रजौटाको रूपमा सिद्धिप्रताप शाहलाई स्थापित गरिएको थियो । जसको प्रमाण वि.स. १८८१ जेष्ठ ३० को लालमोहरबाट स्पष्ट हुन्छ । त्यसैगरी वि.स. १८९३ को एक पत्रमा छिल्ली राज्यले सल्यानको मौलो र अमाली मान्नुपर्ने थिति बसालेको उल्लेख पाइन्छ । यस भनाइबाट छिल्लीकोटे राजाहरू शक्तिहीन सामन्ती राज्य भएको प्रस्ट हुन्छ । त्यसै गरी वि.सं. १८७३ को एक आदेशपत्रमा छिल्लीका एवर्ण जोशी, खुलाल आचार्य र सूदयराम मजगैयाँले छिल्लीका राजालाई ऋण सापटी खोजिदिएको र उक्त ऋण तिर्न

नसकेको उल्लेख छ । यसबाट छिल्लीकोट राज्यको आर्थिक अवस्था निकै कमजोर रहेको देखिन्छ । सिद्धिप्रताप शाह पछि भवन्त शाह, सुदेराम शाह, जागेश्वर शाह, डिल्ली शाह, केशवराज शाह, इन्द्रबहादुर शाह, दामोदर शाह, मोहनलाल शाह, कविराम शाह, शान्तराज शाहले छिल्लीमा राज्य गरेको उल्लेख पाइन्छ । तर, अधिकारीले छिल्लीमा राज्य गर्ने दानबहादुर शाह, मेघबहादुर शाह, प्रसछया शाह, वीरभद्र शाह र सिद्धिप्रताप शाहको नाम उल्लेख गरेका छन् । साथै उनले सिद्धप्रताप शाह पछि वंशावली अन्यौल रहेको भनेका छन् (अधिकारी, २०६०, पृ. ८७)।

छिल्लीकोटको पश्चिमतिरको टाकुरामा रहेको मालिका देवीलाई सिद्धपीठ (शक्तिपीठ) को रूपमा लिइन्छ । यस स्थानमा सतीदेवीको बायाँ कुम पतन भएको विश्वास गरिन्छ । स्कन्द पुराणको स्वस्थानी व्रतकथाको दशौँ अध्यायमा- "देवाधिदेव महादेव सतीदेवीको मृत शरीर काँधमा राखी बौलाहा जस्तै भई पृथ्वीमा भौँतारिदै हिँड्ने क्रममा सतीदेवीको बायाँ कुम मल्लगिरीमा पतन भयो । जसले गर्दा त्यस स्थानमा मल्लगिरी पीठ, मल्लिकादेवी, केकुरा योगिनी, उत्पन्नेश्वर महादेव उत्पन्न भए र त्यस शुद्ध भूमिमा भूतप्रेत, पिशाच आदि आएर नाचगान गरी तपस्या गरे र ईश्वरी प्रसन्न भई वरदान माग भनिन् र भूतप्रेत, पिशाचले सधैँ तिम्रो नजिकमा बस्न पाऊँ भनी मागे । ईश्वरीले तथास्तु भनी वरदान दिइन् । स्वस्थानी व्रतकथामा उल्लेख गरिएको उक्त वर्णनहरूबाट यो क्षेत्र सत्ययुगदेखि नै अस्तित्वमा भएको देखिन्छ ।

### ४.१.७.३. आनुष्ठानिक प्रचलन

छिल्लीकोट ऐतिहासिक र धार्मिक दुवै दृष्टिले महत्वपूर्ण स्थल हो । यस स्थलमा स्थापित कालिका र मालिका देवीका मन्दिरले यस स्थलको धार्मिक महत्व बढाएका छन् । छिल्लीकोटमा बडादशैँ र चैतेदशैँका अवसरहरूमा विशेष पूजा आराधना गर्ने प्रचलन रहेको छ । यस अवसरमा मेला पनि लाग्दछ । जनता विद्यापीठ परिवार बिजौरीले यस स्थलमा वर्षमा एकपटक महापूजा गर्ने परम्परा रहेको छ । यसै गरी नेपाल संस्कृत विश्वविद्यालय दाङले पनि छिल्लीकोटमा मार्गशुक्ल अष्टमीको दिन वर्षबन्दी पूजा गर्ने प्रचलन छ । यिनका अतिरिक्त यस स्थलमा दैनिक पूजा र धार्मिक पर्वहरूमा विशेष पूजा गर्ने प्रचलन रहेको छ ।

## ४.१.८ कृष्ण मन्दिर, खलङ्गा, सल्यान

### ४.१.८.१ अवस्थिति

यो शारदा नगरपालिका वडा नं. २ सल्यान खलङ्गामा अवस्थित छ । खलङ्गा बजारभन्दा अग्लो स्थानमा रहेको यो कृष्ण मन्दिर नेपाली तले शैलीमा निर्माण भएको छ। यस मन्दिरलाई पहिले लक्ष्मीनारायणको मन्दिर भनिन्थ्यो । यस मन्दिरमा पहिले कृष्णका साथै नारायणको मूर्ति पनि रहेको थियो । तर, पछि नारायणको मूर्ति चोरी भएकाले यहाँ कृष्णको मूर्ति मात्र रहेको हुनाले पछि कृष्ण मन्दिर भन्न थालिएको हो । जिल्ला प्रशासन कार्यालय परिसरमा रहेको यस मन्दिरको चारैतिर पर्खालले घेरिएको छ ।

### ४.१.८.२ ऐतिहासिकता

यस मन्दिरको इतिहाससम्बन्धी प्रामाणिक स्रोतहरू पाउन सकिएको छैन । यसको स्थापना कसले, कसरी र कुन समयमा गऱ्यो भन्ने सम्बन्धमा प्रामाणिक स्रोतको अभावमा यकिनका साथ किटानी गरेर भन्न सकिँदैन। स्थानीय बुढापाकाहरूको भनाइ र प्रचलित किम्वदन्तीहरूलाई आधार मानेर यसको इतिहासलाई अगाडि बढाउनु पर्ने बाध्यता रहेको छ। यस मन्दिरका ८३ वर्षीय पुजारी कृष्णप्रसाद उपाध्यायका अनुसार सल्यानी राजाको समयमा यो मन्दिर स्थापना भएको बुझिन्छ । उहाँका पूर्खाहरू छ पुस्ताभन्दा पनि अगाडिदेखि मन्दिरको पुजारीका रूपमा पूजा गर्दै आएको हुनाले यसको इतिहासलाई आजभन्दा ५००/६०० वर्ष अगाडिसम्म पुऱ्याउन सकिन्छ। मन्दिर अगाडि राखिएका निकै पुराना देखिने दुईवटा घण्टहरू छन् । ती घण्टहरूमध्ये एउटामा संवत् १९३४ र अर्कोमा संवत् १९३५ उल्लेख गरिएको छ। यी घण्टहरूमा लक्ष्मीनारायणलाई चढाएको विषय उल्लेख गरिएको छ। उक्त घण्टमा अङ्कित अभिलेखबाट यो मन्दिरको निर्माण यस अगाडि नै भइसकेको हुनु पर्छ। यसले यो मन्दिर मध्यकालमा निर्माण भएको होला भन्ने अनुमान गर्न सकिन्छ। त्यसै गरी उक्त अभिलेखबाट यसभन्दा अगाडि त्यहाँ लक्ष्मीनारायणको मूर्ति थियो भन्ने पनि प्रमाणित हुन्छ।

### ४.१.८.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

नेपाली तले शैलीमा निर्मित यो मन्दिरको प्राचीन स्वरूप जीर्ण भएपछि वर्तमान मन्दिर नयाँ स्वरूपमा निर्माण गरिएको पाइन्छ। यसमा माटाको गाह्रो, ढुङ्गाको छानो र सामान्य एउटा गजुर रहेको छ। मन्दिरमा प्रदक्षिणापथ राखिएको छैन । तर, मन्दिरको

चारैतिर पेटी निर्माण गरिएको छ। मन्दिरमा पूर्वतिर फर्किएको एउटा मात्र प्रवेशद्वार छ। मन्दिरको उत्तर र दक्षिण भागमा एकएक वटा बुट्टेदार आँखीझ्यालहरू रहेका छन्। मन्दिरको गर्भगृहमा कालो पत्थरको बामे सर्न लागेको मुकुट लगाएका बालक कृष्णको सुन्दर र आकर्षक मूर्ति रहेको छ। उक्त मुकुट विशेष पर्वमा निकालेर चाँदीको मुकुट लगाइदिने प्रचलन छ। कृष्णको मूर्तिको बायाँ स्थानमा ६ वटा हात भएका, मुण्डमाला लगाएका, उभिएको अवस्थामा रहेको कालो प्रस्तरकै कालिकाको मूर्ति रहेको छ। कृष्णको मूर्ति विभिन्न स्थानमा चाँदीले मोडिएको खट (रथ) मा राखिएको छ। गर्भगृहमा चाँदीको डण्डा पनि रहेको छ।

यहाँ श्रीकृष्णको जन्मोत्सवको अवसरमा विशेष पूजा गरिन्छ। यस दिन पूजा गर्नका लागि टाढाटाढाबाट भक्तजन आउँछन्। यस समयमा मन्दिरमा निकै भिडभाड हुने गर्दछ। अष्टमीको अर्को दिन कृष्णको मूर्तिलाई विशेष किसिमले सिङ्गारिएको खटमा राखी डोलीमा सजाएर बाजा बजाउँदै भजनकीर्तन गर्दै बजार परिक्रमा गराउने प्रचलन छ। यस्तो पूजा तथा बजार परिक्रमा गराउने काम पहिले सरकारी स्तरबाट हुने गर्दथ्यो भने वर्तमान समयमा भक्तजनहरू मिलेर गर्दछन्। वर्तमान समयमा रथसहितको खट गाडीमा राखी बजार परिक्रमा गराउने गर्दछन् र मन्दिरमा आई समापन हुन्छ (अन्तर्वार्ता–पुजारी कृष्णप्रसाद उपाध्याय)।

## ४.१.९ गणेश मन्दिर, घोराही, दाङ

### ४.१.९.१ अवस्थिति

घोराही उपमहानगरपालिका वडा नं. १४ पुरानो बजारमा अवस्थित यो मन्दिर बजारको मुख्य भागमा रहेको छ। यस मन्दिर भएको स्थानबाट तीनतिर जाने बाटोहरू रहेका छन्। घोराहीको पुरानो बजारबाट आउने बाटो, नयाँ बजारबाट आउने बाटो र पीपल बोटबाट आउने बाटोको केन्द्रबिन्दुमा रहेको यो गणेश मन्दिर यस क्षेत्रको आस्थाको केन्द्रबिन्दु हुनुका साथै प्राचीन मन्दिर पनि हो। भिरालो पाखोमा निर्माण गरिएको यस मन्दिरको पूर्वतिरको भाग निकै होचो रहेको छ भने पश्चिमतिरको भाग बाटोसँग नै समान रहेको छ। यस मन्दिरको नामबाट यहाँ गणेश टोल र गणेश चोक नामकरण गरिएको छ। यो घोराही बजारको प्रसिद्ध मन्दिर हो।

### ४.१.९.२ ऐतिहासिकता

गणेश मन्दिर आजभन्दा करीब ९० वर्ष अगाडि अर्थात् वि.सं. १९८५ सालमा घोराही भरतपुर निवासी उजिरबहादुर श्रेष्ठले आफ्नै निजी खर्चमा कच्ची इँटाको गाह्रो, फुसको छानो भएको मन्दिरका रूपमा स्थापना गरेका थिए (शर्मा, २०६७) । यो कच्ची भएकाले होला छिट्टै नै जीर्ण भएपछि मन्दिर निर्माण भएको २७ वर्षपछि वि.सं. २०१२ सालमा उजिरबहादुर श्रेष्ठका छोराहरू भुपेन्द्रश्वर श्रेष्ठ र अम्मरध्वज श्रेष्ठले आफ्नो निजी खर्चमा पक्की इँटा, टिन प्रयोग गरी मन्दिरलाई नयाँ स्वरूप दिई जीर्णोद्धार गरेका थिए ( अन्तर्वार्ता-राजेन्द्र श्रेष्ठ) । नेवारहरूको बस्ती भएको यस मन्दिर क्षेत्रमा पहिले घोराही बजारको व्यापारिक दृष्टिकोणले मुख्य केन्द्र रहेको थियो । भगवान् गणेशको स्थापनाले सुख, शान्ति, व्यापार, व्यवसाय राम्रो हुन्छ भन्ने जनविश्वासले गर्दा पनि धार्मिक स्वभावका उजिरबहादुरले मन्दिरको स्थापना गराएका थिए । यो मन्दिर जीर्ण भएको हुनाले पुनः २०७५ चैत्रदेखि नेपाली शैलीको दुई तले आधुनिक कला तथा वास्तुकलाले युक्त मन्दिरको निर्माण भएको छ ।

### ४.१.९.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

नेपाली शैलीमा निर्माण भएको गणेश मन्दिर पश्चिम-उत्तर फर्केको छ। यस मन्दिरको प्रदक्षिणापथ ४ फिटको छ भने मन्दिरको गर्भगृहमा ४ फिट अग्लो श्वेत सिङ्गमरमरबाट निर्मित गणेशको आकर्षक मूर्ति स्थापना गरिएको छ । त्यसै गरी गर्भगृहमा पाञ्चायन देवी देवताहरूका स-साना मूर्तिहरू स्थापना गरिएका छन् । इँटाको गारो र जस्तापाताको छानो भएको मन्दिरमा चारैतिर काठ तथा फलामका सरियाको रेलिङ निर्माण गरी प्रदक्षिणापथको व्यवस्था गरिएको छ । मन्दिरको छानामा सुनौलो गजुर राखिएको छ ।

यहाँ अन्य सम्पदाहरू छैनन् । मङ्गलबार भगवान् गणेशको जन्मबार मानिन्छ । यस दिन व्रत बसी गणेशको पूजा तथा दर्शन गर्नाले मनोकाङ्क्षा पूरा हुने, सुख शान्ति मिल्ने विश्वास गरिन्छ । यस मन्दिरमा विशेष पर्व तीज र ऋषिपञ्चमीका दिन पूजा गर्नका लागि भक्तजनहरूको उपस्थिति ज्यादा हुन्छ भने चौथीलाई विशेष पर्वको रूपमा लिई पूजा अर्चना र भजन-कीर्तन गर्ने प्रचलन छ ।

## ४.१.१० गणेश मन्दिर, खलङ्गा, सल्यान

### ४.१.१०.१ अवस्थिति

शारदा नगरपालिका वडा नं. २ स्थित सल्यान खलङ्गा बजारको गणेशथान टोलमा अवस्थित गणेश मन्दिर तले शैलीमा निर्माण गरिएको छ। यो बसपार्क चोकदेखि दक्षिण-पश्चिममा अवस्थित छ। सानो र सुन्दर यो मन्दिर यस क्षेत्रकै महत्वपूर्ण सम्पदाको रूपमा लिने गरिन्छ। नेवार बस्तीको बीचमा रहेको हुनाले नेवारहरूद्वारा नै मन्दिरको व्यवस्थापन, संरक्षण गरिँदै आएको पाइन्छ। नेवार समुदायको बीचमा प्रायः गणेश मन्दिर हुने गरेको पाइन्छ । मन्दिरको उत्तर र पूर्वमा सडकहरू छन् भने दक्षिण र पश्चिमतिर व्यक्तिगत घरहरू रहेका छन् ।

### ४.१.१०.२ ऐतिहासिकता

सल्यान जिल्लाका महत्वपूर्ण सम्पदाहरूमध्ये गणेश मन्दिर पनि एउटा सम्पदा हो । यस मन्दिरको ऐतिहासिकतालाई प्रमाणित गर्ने कुनै ऐतिहासिक स्रोत पाउन सकिएको छैन । त्यसैले गर्दा यो मन्दिर कहिले स्थापना भयो, कसले स्थापना गऱ्यो र कुन घटनाक्रमले गर्दा स्थापना हुन पुग्यो भन्ने सम्बन्धमा निश्चित गर्न सकिँदैन । मन्दिरको भित्तामा राखिएको एउटा ताम्रपत्रमा वि.सं. १९३५ सालमा स्थापना भएको यस मन्दिरलाई वि.सं. २०५२ मा लिलाबहादुर भँडेलको सक्रियतामा जीर्णोद्धार भएको उल्लेख गरिएको छ। यस ताम्रपत्रलाई आधार मान्ने हो भने यसको स्थापना वि.सं. १९३५ मान्नु पर्ने हुन्छ । तर, स्थानीय ८६ वर्षका टेकबहादुर श्रेष्ठका अनुसार त्योभन्दा पनि धेरै अगाडि गणेशथान स्थापना भइसकेको थियो भन्ने बुझिन्छ । उनका अनुसार यो मन्दिर सानो थानको रूपमा मात्र पूजा गरिन्थ्यो पछि आएर ढुङ्गा माटाको गारो र ढुङ्गाकै छाना राखेर सानो मन्दिर निर्माण गरी पूजा गर्न थालियो । हालको संरचना धेरै पछि निर्माण भएको बुझिन्छ ।

### ४.१.१०.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

जम्मा डेढ आना क्षेत्रफलमा निर्माण भएको यो मन्दिर जमीनको सतहभन्दा लगभग ५ फिट उचाइमा स्थापना भएको छ। चारैतिर फलामका पाइपको रेलिङले सुरक्षा प्रदान गरिएको छ। तले शैलीको मन्दिरको प्रदक्षिणापथ पेटीलाई नै बनाइएको छ। मन्दिरको गर्भगृहमा दुईवटा गणेशका मूर्ति स्थापना गरिएका छन् । एउटा कालो पत्थरबाट निर्मित चार हात भएको पुरानो मूर्ति रहेको छ, जो वि.सं. २०३६ साल बैशाख १२ गते भक्त

हेमराज भँडेलले आफ्ना बुवा, आमा र श्रीमतीको सम्झनामा स्थापना गरिएको बुझिन्छ । अर्को गणेशको मूर्ति वि.सं. २०६९ साल असोजमा स्थानीय टोपबहादुर शाक्यले आफ्नो बुवा, आमाको स्मृतिमा स्थापना गरिएको थियो । यो मूर्ति पुरानोभन्दा केही ठूलो आकार र रङ्गीन रहेको छ। यस मूर्तिमा एउटा खुट्टा तल भुइँमा झारेको छ भने अर्को खुट्टा खटमै मोडेर राखिएको छ। सिमेन्ट, इँटाबाट निर्मित यो मन्दिरको ढलाइ गरी छानामा एउटा ढलोटको गजुर राखिएको छ। मन्दिरको प्रवेशद्वार पूर्वतिर फर्केको छ।

यस मन्दिरमा गणेश चौथीको दिनमा विशेष पूजा हुने गर्दछ। यस दिन भगवान् गणेशलाई मन पर्ने विभिन्न किसिमका लड्डु, हलुवा, फलफूल अर्पण गर्दछन्। पूजा सम्पन्न भएपछि गणेशलाई रथमा राखी बजार परिक्रमा गराई गणेशजात्रा गर्ने प्रचलन रहेको छ। यस अवसरमा टाढाटाढाबाट भक्तजनहरू आउने प्रचलन छ (टेकबहादुर श्रेष्ठ, ८६ सँगको अन्तर्वार्ता)।

## ४.१.११ गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ, चौघेरा, दाङ

### ४.१.११.१ अवस्थिति

'गोरक्षपात्रदेवता सिद्ध गोरक्ष रत्ननाथ मठ' नाथ सम्प्रदायको मात्र नभएर सम्पूर्ण हिन्दू धर्मावलम्बीहरूको पनि प्रमुख धार्मिक स्थल हो। यस भेगको प्रसिद्ध मठको रूपमा रहेको यस मठ घोराही उपमहानगरपालिका वडा नं. १७ चौघेरामा रहेको छ। यो समुद्री सतहदेखि ६६० मिटर उचाइमा रहेको छ (शर्मा, २०६८, पृ. ७)। गोरक्ष सिद्धरत्ननाथ मठ दाङ जिल्लाको सदरमुकाम घोराहीदेखि १ किलोमिटर पूर्वमा अवस्थित छ। सुगम स्थानमा रहेकाले यस मठमा जान यातायातको राम्रो व्यवस्था छ। यस मठको पूर्वमा सिस्ने खोला, पश्चिममा कटुवा खोला, दक्षिणमा हरिद्वारगाउँ र उत्तरमा डबरी गाउँ छन्। यस मठमा गोरखनाथद्वारा रतननाथलाई दिएको "पात्र" स्थापना गरिएको छ। उक्त पात्रको नाथ सम्प्रदायका पुजारीहरूले पूजा गर्दछन्। यो स्थल राप्ती क्षेत्रको राजनीतिक इतिहास र धार्मिक आस्थाका कारण ज्यादै महत्वपूर्ण छ। यस स्थलमा टाढा-टाढाबाट साधु सन्त, महात्माहरू आउने गर्दछन्। यस मठले समस्त हिन्दूहरूको धार्मिक भावनालाई आध्यात्मिक रूपमा टेवा दिइरहेको छ भने सनातन धर्म र संस्कृतिको निरन्तरताको बोध गराउने एउटा जीवन्त संस्थाको रूपमा स्थापित हुन सफल भएको छ। कला तथा वास्तुकलाले विशेष

उल्लेख्य रतननाथ मठ यस क्षेत्रको प्रमुख मूर्त सम्पदा हो । यो मठ लमो इतिहास बोकेको शैव सम्प्रदायसँग सम्बन्धित रहेको छ । यो मठ नाथ सम्प्रदायको केन्द्रका रूपमा चिनिन्छ ।

## ४.१.११.२ ऐतिहासिकता

रतननाथ मठको इतिहास अध्ययन गर्नका लागि इतिहास तथा प्रचलित जनश्रुति र अभिलेखहरूको आधार लिनु पर्दछ । यस मठका बारेमा निश्चित जानकारी दिने ऐतिहासिक ठोस प्रमाणिक स्रोतहरू नभए पनि सहयोगी सामग्री पाइन्छन् । ठोस प्रमाणका लागि यसको वरिपरिका क्षेत्रहरूको उत्खनन्, खोज तथा अनुसन्धान हुनु आवश्यक रहेको छ। सिद्धरतननाथ, मठ र दाङ राज्यको इतिहास एक आपसमा सम्बन्धित रहेका छन्। पूर्वमध्यकालमा यस क्षेत्रमा थुप्रै स-साना राज्यहरूको अस्तित्व रहेको कुरा विभिन्न स्रोतहरूबाट थाहा हुन्छ। ती राज्यहरूमा रतननाथको पूजा भएको पाइन्छ। यसबाट दाङ राज्य, रतननाथ र रतननाथ मठको अस्तित्व धेरै अघिदेखि रहेको बुझ्न सकिन्छ ।

दाङ उपत्यका प्राचीन समयमा विशाल ताल थियो, जसलाई रत्नेश्वर तलाई भनिन्थ्यो (योगी, २०१३, पृ. ९-१३) । यो तालको पानी समयको परिवर्तनसँगै बबई र ऐरावती नदी हुँदै निकास भएर गयो । अर्को किम्वदन्तीअनुसार दाङ उपत्यकाको पानी पूर्वमा अर्जुनले काटेर निकास गरेको हुनाले अर्जुन खोला र पश्चिममा भीमले काटेकाले भ्यूडहर नाम राखे भन्ने भनाइ पनि छ । यसरी पानी निकास भएर गएपछि यो कृषियोग्य भूमिको रूपमा परिवर्तन भयो र बाहिरबाट मानिसहरू आई बसोवास गर्न थाले । यही क्रम बढ्दै जाँदा जनघनत्व बढ्दै गयो । परिणामस्वरूप विभिन्न समाजहरू निर्माण हुन थाल्यो । वृद्धि हुँदै गएको जनसंख्या समाज आदिलाई व्यवस्थित गर्न र सञ्चालन गर्न राज्यको विकास भयो जसका पहिला राजा माणिक्यपरीक्षक भए। त्यसपछि उनका छोरा रत्नपरीक्षकले राज्य गरे। रत्नपरीक्षकले रत्नपुरी (चौघेरा)लाई राजधानी बनाई राज्य सञ्चालन गरे र दाङमा राज्यको सुरुवात भयो । प्राचीन समयमा हाल मठ भएको स्थानमा दरबार थियो । दरबार रक्षाका लागि चारैतिर किल्लाले घेरिएर रहेको हुनाले यस स्थानलाई चौघेरा भनिएको हो भनिन्छ (गौतम, २०७४, पृ. ८४) । यसको नामकरणको सम्बन्धमा अर्को भनाइ पनि छ । भारत बलरामपुरका राजकुमार नवल सिंह शिकार खेल्ने क्रममा उनले हानेको बाणले मृग घाइते भयो । घाइते मृग भाग्दै यस स्थानमा आएर झाडीमा लुकेको अवस्थामा चारैतिरबाट स्थानीयहरूले घेरा हाली पक्रन खोज्दा मृग भाग्यो । यसरी

यस घटनामा चारैतिरबाट घेरा हालेको हुनाले यस स्थानको नाम चौघेरा रहन गएको हो भनिन्छ ।

यसरी चौघेराको नामकरणका सम्बन्धमा माथि जे भनिए तापनि पवित्र स्थलको रूपमा स्थापित रहेको छ । यो स्थान दाङ राज्यको दरबार थियो भन्ने कुरा पनि ऐतिहासिक स्रोतहरूले पुष्टि गरेको पाइन्छ । तर, दाङमा राज्यको सुरुवात कहिले भयो र कसरी भयो ? यहाँ कुनकुन वंशका राजाहरूले राज्य गरे भन्ने कुरा ऐतिहासिक प्रमाणको अभावमा अहिलेसम्म निक्यौंल हुन सकेको छैन । गौतमका अनुसार माणिक्यपरीक्षक र रत्नपरीक्षक ब्राह्मण राजा हुन् जसलाई मणि पाण्डे र रतन पाण्डे पनि भनिन्छ । दाङमा पहिले थारू राजा दानसिंह दनुवारको राज्य थियो । दानसिंहले हापुरका मणि पाण्डेलाई सवारीकोटको सानो राज्य दिएका थिए (गौतम, २०७०, पृ. ६४) । मणि पाण्डेपछि उनका छोरा रतन पाण्डे राजा भए । रतन पाण्डे पछि रत्नपरीक्षकको नामले चर्चित भए । रत्नपरीक्षक महत्त्वाकाङ्क्षी, ओजस्वी, तेजस्वी, बुद्धिमान राजा थिए । उनले छिल्लीकोटको सहयोग लिएर थारू राज्यमा आक्रमण गरी पूरै दाङमा आफ्नो हैकम जमाई दाङको राजा भए । रत्नपरीक्षकका दुई वटी रानीहरू केतकी र भानुमतीको कोखबाट कुनै पनि सन्तान नभएकोले दाङ राज्य चलाउन सिंह वंशीय बझाङी राजा शक्ति सिंहका कान्छा छोरा दलिसिंहलाई ल्याई दाङको राजगद्दीमा राखी रत्नपरीक्षक गोरखनाथबाट नाथ शिक्षा लिई नाथ सम्प्रदायको प्रचार गर्ने क्रममा भारततिर लागे (गौतम, २०७०, पृ. ६४) । यसरी रत्नपरीक्षकले आफ्नो राजकाज त्यागेका थिए ।

दाङ उपत्यकाको चर्चा गर्ने क्रममा योगी नरहरिनाथले सिद्ध रत्ननाथको चर्चा गर्दै राजा मानिकपारखुका छोरा रतन पारखुले सवालाख झारखण्ड (दाङ देउखुरी) देखि पाटनसम्म राज्य गर्थे भन्ने उल्लेख गरेका छन् (गौतम, २०७०, पृ. ६४) । यी माथिका प्रसङ्गहरूलाई हेर्दा मणि पाण्डे नै माणिक्य परीक्षक वा मानिकपारखु र रतन पाण्डे नै रत्नपरीक्षक हुन् कि भन्ने अनुमान गर्न सकिन्छ । यसरी यी विभिन्न प्रसङ्गहरूलाई हेर्दा के भन्न सकिन्छ भने दाङमा रत्न परीक्षकको राज्य थियो । उनी नाथ सम्प्रदायमा प्रवेश गरेपछि नाथ सम्प्रदायकै प्राचारप्रसारमा देशदेशावर विचरण गर्न थाले । सिद्धरत्ननाथ मठ उनैको राज्यको केन्द्र थियो । चौघेरा हिउँदे राजधानी थियो भने सवारीकोट बर्खे राजधानी थियो ।

### ४.१.११.३ सिद्धरत्ननाथको परिचय

सिद्धरत्ननाथ गोरखनाथका प्रमुख शिष्य थिए । सिद्धरत्ननाथले आफ्नो सम्पूर्ण जीवन लोककल्याणकारी कार्यमा लगाएको पाइन्छ । नेपालमा मात्र नभई भारत, पाकिस्तान, अरब, काबुल आदि स्थानसम्म पनि उनको ख्याति पाइन्छ । सिद्धरत्ननाथ नाथ सम्प्रदायका अमूल्य रत्न मानिन्छन् । उनले नाथ सम्प्रदायको गहन विचारलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गराउन विभिन्न क्षेत्रको भ्रमण समेत गरेका थिए । उनले स्थापना गरेका मर्यादाहरू आजसम्म पनि यस मठका योगीहरूबाट पालना भइरहेको छ ।

राजा रत्नपरीक्षक कसरी योगी भए भन्ने सम्बन्धमा यस्तो कथन छ, - रत्नपरीक्षकलाई शिकार खेल्ने इच्छा लाग्यो र आफ्ना सैन्यका साथ शिकार खेल्न जङ्गलतिर जाने क्रममा एउटा सुन्दर मृग देखी मृगलाई बाण प्रहार गरे र मृग भाग्न थाल्यो र राजाले घाइते मृगको पिछा गर्दै जाँदा सेनासहित निकै टाढा विशाल अर्को जङ्गलमा प्रवेश गरे, तर, मृग एक्कासी लोप भयो । आश्चर्यचकित भएका राजाले रगतको निशान हेर्दै खोजी गर्न थाले । त्यसै समयमा अनकन्टार एकान्त जङ्गलको बीचमा धुनी जगाई, चिम्टा गाडी ध्यानमग्न अवस्थाका एक सिद्धपुरुष देखे । ती पुरुषको कोखामा आलो घाउको चिन्ह थियो भने राजाले प्रहार गरेको बाण छेउँमा गाडिएको थियो । राजालाई आफूले मृगको रूप लिई वन विहार गरिरहेका सिद्धपुरुषलाई बाण प्रहार गरेको महसुस भयो । यसले राजा लज्जित भई आत्मग्लानि गर्दै सिद्धपुरुषको अगाडि उभिइरहे । केही समय पश्चात् ती सिद्ध पुरुषको ध्यान खुल्यो र दिव्य दृष्टिले राजालाई हेरे । ती सिद्धपुरुष गोरखनाथ रहेछन् । राजाले आफ्नो गल्तीप्रति पश्चाताप गर्दै ती सिद्धपुरुषसँग अनुनय विनय गरी क्षमा मागे । गोरखनाथले "राजन्" अहिंसा परमोधर्म अहिंसा नै सबैभन्दा ठूलो धर्म हो । जीव हिंसा गर्नु हुँदैन पाप लाग्छ भन्नुभयो । तर, राजाले "जीवो जीवस्य जीवनम्" एक जीवले अर्को जीवलाई मारेमा पाप हुँदैन । यो त प्रकृतिको नियम हो भने । यसरी राजा र गोरखनाथ बीच संवाद हुँदै जाँदा गोरखनाथले राजालाई सम्झाउँदै मानिसले प्राणी हिंसा गर्नु हुँदैन, आत्माको विकार त्याग्नु पर्ने दीक्षा दिए (योगी, २०१३, पृ. २३) । अर्थात् "जसको छाती छैन, नङ्ग्रा छैन, चुच्चो छैन, प्वाँख पनि छैन तर जो हाँस दिन रात हिँडिरहन्छ त्यो जनावरलाई मार जसमा रगत पनि छैन र मासु पनि छैन ।" राजा गोरखनाथको भनाइबाट प्रभावित भए । त्यसपछि हंस गायत्रीको दीक्षा दिई आफ्नो प्रतिनिधि स्वरूप रत्ननाथलाई अमृत पात्र प्रदान गरी

राजाको नाम योगी रत्ननाथ भयो । उक्त अमृत पात्र चौघेरामा ल्याई एउटा मठ खडा गरी पात्रदेवताको रूपमा स्थापना गरी पूजा आराधनाको सुरुवात भयो ।

सिद्धरत्ननाथका सम्बन्धमा एउटा अर्को जनश्रुति पाइएको छ । जसअनुसार- एकपटक फलाबाङका राजाले आफ्नो बगैँचामा बँदेल चरिरहेको देखेपछि उनले तत्काल नै बँदेललाई बाण प्रहार गरे । बाण लागेको बँदेल भाग्दै थर्कोट डाँडामा गयो । राजाले पिछा गर्दै त्यहाँ पुग्दा बँदेल थिएन, तर, बँदेलको शरीरबाट बगेको रगतले त्यहाँ पोखरी बनेको थियो । त्यसपछि बँदेल तुलसीपुरको जङ्गलमा देखियो । त्यहाँ राजा पुगे पनि रगत मात्र देखियो तर, बँदेल छिल्लीकोटमा देखियो । यसरी राजा त्यहाँ पनि पुगे तर, त्यहाँ पुग्दा राजाको अगाडि एक तेजश्वी, शरीरमा गहना लगाएको, हातमा बाण समातेको, पाखुराबाट रगत बगिरहेको योगी देखिए । जसले गर्दा राजा झस्किए र उनले तुरुन्त ती योगीसँग क्षमा मागे । योगीले आफु रत्ननाथ भएको कुरा राजालाई भनी "जहाँजहाँ मेरो रगत देखिएको छ त्यहाँत्यहाँ मेरो मन्दिर बनाई पूजा सञ्चालन गर्नु र गुठी राखिदिनु" भने । यसरी राजाले तुलसीपुर, थर्कोट र छिल्लीकोटमा रत्ननाथको मन्दिर निर्माण गरिदिएका हुन् र ती मन्दिरहरू अहिले पनि जीर्ण अवस्थामा रहेका छन् (गौतम, २०७५, पृ. ३७-३८) । रत्ननाथको मन्दिर फलाबाङमा पनि रहेको छ । यहाँको रत्ननाथ मन्दिरमा पनि नाथ सम्प्रदायका योगीहरूबाट नै पूजा हुन्थ्यो । वि. सं. १८६९ को एउटा पत्रमा फलाबाङमा परापूर्वकालदेखि गर्दै आएको नैमित्तिक पूजा खर्च छुट्याएको छ भन्ने उल्लेख छ । यहाँका योगीहरूमा प्रमुख र प्रसिद्ध भवन्तनाथ थिए । उनी सल्यानी राजाका विश्वासपात्र थिए भने पृथ्वीनारायण शाहले समेत ठूलो महत्त्व दिई सम्पूर्ण योगीहरूको प्रमुख मानेका थिए (पन्त, २०२५, पृ. १०६९) । धेरैले उनको महिमाबारे उल्लेख गरेका छन् ।

सिद्धरत्ननाथका सम्बन्धमा अर्को एक भनाइ पनि पाइएको छ, जस अनुसार छिल्लीका राजा मेघबहादुर शाह र सुकौराकाका राजा दानसिंह दनुवारबीच युद्ध हुँदा हापुरका ब्राह्मण मणि पाण्डेले दानसिंहलाई सहयोग गरेको हुनाले सवारीकोटको सानो राज्य दानसिंहले मणि पाण्डेलाई दिए । राजा भएपछि मणि पाण्डेले आफ्नो नाम माणिक्य परीक्षक राखे । माणिक्य परीक्षकले जुम्लाका राजालाई कर तिरेर आफ्नो राज्यलाई मान्यता प्राप्त गराए । राजा माणिक्यको देहान्त पछि उनका छोरा रत्नपरीक्षक (रतन पाण्डे) राजा भए । रत्नपरीक्षकले पाटेश्वरीमा अध्ययन गर्ने क्रममा नाथ सम्प्रदायका योगीहरूसँग सम्पर्क हुनाले गोरखपुर मठबाट गोरखनाथको अमृत पात्र ल्याएर चौघेरामा पात्रदेवको स्थापना गरे ।

यसरी रत्ननाथले गोरक्ष पात्रदेवको स्थापना गरेको हुनाले गोरक्ष रत्ननाथ मठ नामकरण भयो (गौतम, २०४४, पृ. ४१)। सिद्ध रत्ननाथले चौघेरालाई हिउँदे राजधानी र सवारीकोटलाई बर्खे राजधानी गराई राज्य सञ्चालन गरेका थिए भन्ने भनाइ पनि छ ( गौतम, २०४४, पृ. ४४)। कहीँ कहीँ रत्ननाथ निः सन्तान भएको र आफू ब्राह्मण भएर पनि राज्य गरेकोमा पश्चाताप गरी उनले बझाङ्बाट सिंह वंशीय राजकुमारलाई झिकाई राजपाठ बझाडी राजकुमारलाई सुम्पी आफु नाथ सम्प्रदायबाट दीक्षित भई योगको प्रचार गर्दै विभिन्न स्थानको भ्रमण गर्दै हिँडे भनिएको छ । यसरी सिद्धरत्ननाथको सम्बन्धमा भारतमा पनि विभिन्न आख्यान पाइन्छन् । एक स्थानमा भारतको भटिण्डामा मोहम्मद गोरीले पृथ्वीराज चौहानसँग युद्ध गर्दा सिद्धरत्ननाथसँग सहयोग मागेका थिए। सिद्धरत्ननाथले मोहम्मद गोरीको विजयको भविष्यवाणी गरेका थिए र दिव्यज्योति प्राप्त पनि गरेका थिए। मोहम्मदका सेनालाई एक कमण्डलुको जलले तृप्त गराएको कथन पनि पाइन्छ (गौतम, २०४४, पृ. ६४)। अर्को कथनमा धर्म प्रचारको सिलसिलामा सिद्धरत्ननाथ कान्धाहार पुगे र कान्धाहारका बादशाहको बगैँचाको सुकेको रुखमुनि रत्ननाथ ध्यानमा बसेका थिए। सिद्धको प्रभावबाट उक्त रुखमा नयाँ पालुवा पलाएको देखेर बगैँचाको मालीले बादशाहलाई उक्त हरियाली भएको कुरा सुनाउँदा बादशाहले पत्याएनन् र आफ्नो योगको बलले रत्ननाथले बादशाहको दरबारको एक पुरुषलाई स्त्री बनाइदिए । त्यसपछि मालीको सल्लाह बमोजिम बादशाह रत्ननाथको शरणमा परे र उक्त स्त्रीलाई पुनः पुरुष बनाइदिए ( गौतम, २०४४, पृ. ६७)। यसरी रत्ननाथको यौगिक चमत्कारको अनेक चर्चा पाइन्छन् ।

माथिका किम्वदन्ती तथा जनश्रुतिहरूबाट रत्ननाथ पहिले कनिपाउ नामक व्यक्ति राजा भएपछि रत्नपरीक्षक भएको र त्यसपछि सिद्धि प्राप्त गरेपछि सिद्धरत्ननाथ भएको पाइन्छ। तर, कनिपाउको अर्को नाम कृष्णप्रसाद भएको र जालन्धरनाथको चेला कनिपाउ भएकोले रत्ननाथ र जालन्धरनाथको सम्बन्ध भएको देखिन्छ । यसबाट रत्ननाथ गोरखनाथका तेश्रो चेला भन्न सकिन्छ (ज्ञवाली, २०३६, पृ. ४७-४८)। यसरी के बुझिन्छ भने सिद्धरत्ननाथ सिद्ध व्यक्तित्व हुन् । उनले मानव कल्याणको लागि आफ्नो सम्पूर्ण जीवन अर्पण गरे। मानवलाई सुखी बनाउनका लागि योगको प्रचारप्रसार गरे। त्यतिमात्र नभई हिन्दू सनातन धर्मलाई बचाइराख्नका लागि स्थापना गरेका विभिन्न स्थानका मठ मन्दिरले महत्त्वपूर्ण भूमिका निभाइरहेका छन्। उनी गएका स्थानहरूमा अहिले पनि मठहरू रहेका छन्। ती मठहरूमा बनाइएको नीति, नियम अनुसार पुण्य कार्य तथा समाज उपयोगी

कार्यहरू गरिँदैछ। यस्ता सिद्ध पुरुषको समय कहिले हो भन्ने प्रमाणिक रूपमा भन्न सकिएको छैन। एउटा श्लोकमा यस्तो लेखिएको छ :

"नाथाकाश वसाबन्दे ८०९ वैक्रमे मरुमण्डले

शिव गोरक्ष शिष्यः श्री रत्ननाथेष्ट सिद्धिभाक्" (योगी, २०१३, पृ ३९)

यस श्लोकबाट वि.सं. ८०९ मा गोरक्षका शिष्य सिद्धरत्ननाथले सिद्धि प्राप्त गरेको भन्ने छ। जसअनुसार रत्ननाथको समय आजभन्दा १३०० वर्ष अगाडिको मानिन्छ। त्यसै गरी गोरक्षसिद्धरत्ननाथ मठको स्थापना पनि त्यसै समयको हुनसक्छ। अनुसन्धानकर्ताहरूका अनुसार सिद्धरत्ननाथ आठौँ शताब्दीदेखि पन्ध्रौँ शताब्दीसम्म जीवित रहेको र पञ्जाबको पटियाला नजिक भटिण्डा रेलवे स्टेशनबाट तीन माइल टाढा समाधिलीन भएको भनिन्छ। रत्ननाथको वास्तविक समय आठौँदेखि पन्ध्रौँ शताब्दीसम्म प्राप्त स्रोतहरूले उल्लेख गरेको पाइन्छ। स्रोत अनुसार गोरखनाथको समय सातौँ शताब्दी भनिन्छ। गोरखनाथका चेला रत्ननाथ भएकोले सातौँ शताब्दीपछि रत्ननाथको समय र मठ स्थापनाको समय पनि सातौँ शताब्दीको आसपास नै हुनसक्छ। तर, रत्ननाथ मठको स्थापना कहिले भयो भन्ने तिथिमिति किटेर भन्न सकिँदैन। रत्ननाथको समय र रत्ननाथ मठको स्थापना समयका सम्बन्धमा विवाद पाइन्छ। जेहोस् सिद्धरत्ननाथ एक ऐतिहासिक सिद्धव्यक्ति हुन् र उनले दाङको चौघेरा (रत्नपुरी) मा रत्ननाथ मठ स्थापना गरेका थिए भन्ने कुरा निर्विवाद छ। वर्तमान समयमा यो स्थल दाङको राजनैतिक इतिहास तथा धार्मिक महत्त्वको केन्द्रका रूपमा रहेको छ।

### ४.१.११.४ आनुष्ठानिक प्रचलन

गेरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ पूजा पद्धति, यहाँ सञ्चालन गरिने चाडपर्व र संस्कारगत अनुष्ठानहरूका कारणले विशिष्ट प्रकारको देखिन्छ। यस स्थलमा तान्त्रिक विधिद्वारा रात्रिभर पूजा हुने परम्परा छ। यहाँ मूल पुजारी र पीरले पात्रदेवताको तथा भण्डारी र सिरानेले भैरवको पूजा गर्दछन्। यस स्थलमा बालब्रह्मचारी दर्शनधारीहरूले पूजा गर्ने प्रचलन छ। यस स्थलमा वार्षिक पर्वका रूपमा विजया एकादशीका दिन नवपीर स्थापना गर्ने अनुष्ठान सम्पन्न गरिन्छ। त्यसै गरी यहाँ वैशाख पूर्णिमाको दिनमा गोरख जयन्ती, जनैपूर्णिमाको दिनमा रक्षाबन्धन पर्व मनाउने र काली रोटीको भण्डारा लगाउने चलन छ।

त्यसै गरी हरिबोधिनी एकादशीका दिन पात्रदेवता महास्नान, माघ शुक्ल पूर्णिमाको दिनमा नागा पीर स्थापना जस्ता पर्वहरू मनाइन्छन् । यस स्थलमा नितान्त सन्त योगीहरूसँग सम्बन्धित धर्मजागरण संस्कार, त्याग चुकाउने संस्कार, शङ्खढाल र दर्शन दिने संस्कार पनि गरिन्छन् ।

यात्रा प्रचलनका रूपमा शिखर सवारीकोट यात्रा र देवीपाटन यात्रा महत्वपूर्ण छन् । सवारीकोट यात्रा वि.सं. २०२१ सालदेखि टुटेको पाइन्छ भने देवीपाटन (भारत) यात्रा निरन्तर चलिरहेको छ । भारतको उत्तर प्रदेश स्थित देवीपाटनको पाटेश्वरी मन्दिरमा वर्षेनी होली पूर्णिमाको भोलिपल्टदेखि (प्रतिपदा) एकमास गरिने यात्राले ऐतिहासिक र धार्मिक महत्व राख्दछ ।

## ४.१.१२ गौमुखी धार्मिक स्थल, प्युठान

### ४.१.१२.१ अवस्थिति

गौमुखी गाउँपालिका वडा नं. १ दोभान प्युठानमा रहेको यो स्थल तीर्थस्थलको रूपमा प्रसिद्ध रहेको छ। सदरमुकाम खलङ्गादेखि लगभग ४५ किलोमिटर उत्तर पूर्वी भागमा अवस्थित गौमुखी धार्मिक स्थलसम्म पुग्न बिजुवार बजारदेखि बाग्दुला हुँदै पैयुँपाटासम्म मोटरबाटोको यात्रा गरेपछि करीब २ घण्टाको पैदल यात्रा गर्नुपर्छ। त्यसैगरी अर्को पैदलबाटो बिजुवार बजारबाट बाग्दुला, तोरबाङ, मरन्ठाना, ओखरकोट, बाँधिकोट, नारीकोट, पुँजा, अग्लुङ् हुँदै अर्खागाउँको दोभानस्थित गौमुखीसम्म लगभग ४ घण्टाको पैदल यात्रा गर्नु पर्छ। समुद्री सतहदेखि २१०० मिटरको उचाइमा रहेको यो स्थलमा समशीतोष्ण हावापानी रहेको छ (आचार्य, २०७३, पृ. ७३)। गौमुखी धार्मिकस्थलको पूर्वमा अग्लुङ् फेँदी, पश्चिममा रोल्पा र रजवारा गाउँ, उत्तरमा बाग्लुङ् र दक्षिणमा अर्खा पर्दछन् ।

यो आध्यात्मिक, सांस्कृतिक र प्राकृतिक महत्वको स्थल हो । झिम्रुक नदीको उद्गमस्थल रहेको गौमुखी पहाडको एउटा गुफाको कन्दरामा रहेको छ। यस गुफामा रहेको गाईको मुख आकारको चट्टानबाट पानी निस्कने हुँदा यसलाई गौमुखी भनिएको हो । लक्ष्मीको प्रतीक मानिने गाईको सम्मान गर्दै यस स्थलमा हजारौँ भक्तजनहरू आउने गर्दछन्। गौमुखीबाट निस्कने पानी प्युठान, दाङ, बाँके तथा भारतबासीहरूको जीवन सञ्चालनका लागि जलस्रोतको रूपमा पनि रहेको छ। गौमुखीको प्राकृतिक, सांस्कृतिक र आश्चर्यचकित पार्ने भू-बनावटले सबैलाई आकर्षित गर्दछ ।

### ४.१.१२.२ ऐतिहासिकता

गौमुखीको ऐतिहासिकता कति पुरानो हो भन्ने सम्बन्धमा निश्चित समय दिन सकिँदैन। कसैले यसको इतिहासलाई द्वापरयुगसम्म पनि पुऱ्याएका छन्। उनीहरूका अनुसार गौमुखी गुफाभित्र द्वापरयुगमा भगवान् श्रीकृष्ण आफ्ना गोठालाहरूसहित बसेको र महाभारतका प्रमुख पात्र पाँच पाण्डवहरू पनि यस गुफामा तपस्या गरी बसेको उल्लेख गरेको पाइन्छ (आचार्य, २०७३, पृ. ७५)। यसरी यसको इतिहासलाई द्वापरयुगसम्म लगिए पनि यसलाई पुष्टि गर्ने तथ्य पाइँदैन। यस गुफाभित्र देखिने गाईका थुन, गाईको मुख, मदानी, चरा आदिका आकृतिहरूको अध्ययन गर्दा यो क्षेत्र धेरै पुरानो भएको अनुमान गर्न सकिन्छ।

गौमुखी धार्मिक स्थलको उत्पत्ति तथा नामकरण सम्बन्धमा केही जनश्रुति पाइन्छन्। जसअनुसार बाग्लुङ निसीका ताँगरा बुढा मगर निसेल नामका एक गोठाला थिए। ताँगरा बुढामगर गर्मीमा वस्तुभाउ लिएर त्यता जाने र जाडोमा प्युठान अर्खातिर झर्दथे। यसै क्रममा एकदिन भैँसीको गोठ बनाउनका लागि ताँगरा निसेलले खर काटेर खर राख्ने स्थान खोज्दै जाने क्रममा जङ्गलको बीचमा गुफा भित्रबाट पानी आइरहेको देखे। गुफाभित्र गएर हेर्दा अँध्यारो गुफाको चट्टानबाट सेतो दूधजस्तै पानी छङ्छङ् गरी निस्किरहेको देखे। गाईको दूध दुहेको जस्तै गरी पानीका सिर्काहरू झरिरहेको देखेपछि ताँगरा निसेललाई यहाँ गौमुखी देवता रहेछन् भन्ने लागेछ र गाउँमा गएर सो कुरा सबैलाई सुनाएछन् (पौडेल, २०७२, पृ. १९६)। यसरी तीर्थस्थल गौमुखी पत्ता लगाउने र त्यसलाई गौमुखी नामकरण गर्ने व्यक्ति ताँगरा बुढा निसेल रहेको बुझिन्छ। गौमुखी पत्ता लागेको तिथिमिति भने निश्चित गर्न सकिँदैन। जे होस्, गौमुखी पत्ता लागी नामकरण र यसको प्रचारप्रसार हुँदै जान थालेपछि यहाँ योगीहरू, तपस्वीहरू, तीर्थयात्रीहरू भ्रमण गर्न, दर्शन गर्नका लागि दिन प्रतिदिन बढ्दै जान थाले र गौमुखी एक तीर्थस्थल तथा पर्यटकीय स्थलको रूपमा विकास हुँदै गयो।

गौमुखी स्थलका सम्बन्धमा अनेकौँ कथनहरू प्रचलित छन्।

*स्थानीयहरूको भनाइ अनुसार* पहिले पहिले गौमुखी गुफाभित्र गाई कराएको आवाज सुनिने तथा विभिन्न किसिमका बाजाहरू बजेको सुनिने गर्दथ्यो। तर, पछि मानिसहरूको आवागमन बढेपछि आवाज सुनिन छाडेको हो भनिन्छ।

*अर्को एक कथन अनुसार* गौमुखी गुफा भेटिएपछि गुफामा गाईका थुनहरूबाट दूध चुहेको, गाई कराएको, दूध दुहेको आवाज सुनिन्थ्यो । यी कुरा गाउँभरि नै प्रचार भएपछि गौमुखी देवताको रूपमा मानी पूजा गर्न थालियो भने यस स्थलमा स्नान गर्नाले पापमुक्त हुने विश्वास बढ्दै गयो ।

गौमुखीमा भक्तजनहरूले पूजा गर्ने क्रम बढ्दै जाँदा एकजना भक्तले बोकाको बलि दिएकाले उनी र उनको परिवारमा अनिष्ट भएकोले यहाँ बलि नदिइने र बलिको साटो चौपाया वृद्धि होस् भनी चौपायाको दाम्लो चढाउने चलन रहेको छ। बाग्लुङका ताँगरा बुढा गाईवस्तु चढाउने क्रममा अर्खा दोभानमा गएको समयमा कुनै कारणले उनका गाई वस्तुहरू नष्ट भएपछि तिनको सुरक्षाको लागि गौमुखीको पूजा आराधना गर्न सुरु गरेपछि ताँगरालाई शुभ भएको भनिन्छ। गिरीले अर्खाका घाँसे पाखाहरूमा बाग्लुङ, गुल्मी, रोल्पा, प्युठानबाट आफ्ना वस्तुभाउहरू चराउन ल्याउने गर्दथे यसै क्रममा बाग्लुङका ताँगरा बुढामगर पनि चरन खोजी गर्दै अर्खा आइपुगे । उनले आफु र आफ्ना वस्तुभाउको सुरक्षाको लागि ओतको खोजी गर्दै जाँदा ठूलो गुफा र गाईको मुख जस्तो आकारबाट पानी झरिरहेको देखी त्यस स्थानको गौमुखी नामकरण गरी पूजाको सुरुवात गरेका थिए भन्ने विचार राखेको पाइन्छ (गिरी, २०५२, पृ. ८६) । यसरी गौमुखीका बारेमा विभिन्न विचार प्रकट भएका छन् ।

### ४.१.१२.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

गौमुखीको प्रमुख भागमा एउटा गुफा रहेको छ। यो अँध्यारो गुफा नै गौमुखीको आकर्षणको केन्द्र हो। यस गुफाको लम्बाइ ४५ फिट, चौडाइ १८ फिट र उचाइ २० फिटसम्म रहेको छ। गुफाको प्रवेशद्वारको चौडाइ ६ फिट रहेको छ भने द्वारको उचाइ समथल नभई एकातिर १२० से.मि. र अर्कोतिर १० फिट अग्लो रहेको छ। गुफाभित्र फराकिलो भए पनि भित्रतिर क्रमशः साँघुरिदै गएको छ। गुफाभित्र अन्तिम भागको दायाँपट्टि चट्टानबाट एकनासरूपले पानी निस्किरहन्छ । गुफा अँध्यारो भएको हुनाले पानी निस्कने मुहानको चट्टानको आकृति गाईको मुख जस्तो रहेको छ। गुफा भित्र माथितिर थुन आकृतिका फुस्रा चट्टानहरूका साथै अनेक आकारप्रकारका विभिन्न चट्टानहरू देखिन्छन् । ती चट्टानहरूबाट पानीको सानासाना धारा रोकिँदै झर्दै गरिरहन्छन् । गुफाभित्र ठेकी, मदानी, देवीदेवताका र हातहतियारका आकृति छन् । गुफाको प्रवेशद्वारदेखि करीब ४५ फिटको दूरीमा स्थानीय सीप र कला झल्काउने शिखर शैलीको मन्दिर रहेको छ। मन्दिर ध्वजा र

घण्टहरूले घेरिएको छ । मन्दिरको गर्भगृहमा गाईका दुईवटा पित्तलका मूर्तिहरू रहेका छन् । मन्दिरको पश्चिमपट्टि गुफा छ र छहराबाट झरेको पानीलाई गाईको मुख आकारको ९ वटा धाराबाट झारिएको छ ।

यहाँ स्थानीय सुबेदार नरबहादुर थापाले तले शैलीको दुईतले पौवा निर्माण गरेका थिए । करिब सात दशक अगाडि निर्माण भएको यस पौवाको उचित संरक्षण र संवर्द्धन हुन नसकेकोले यो कलात्मक पौवा जीर्ण भई भू-गर्भमा विलय भयो । यस पौवामा प्रयोग भएका कलात्मक तोरण, टुँडाल, खम्बा, दलिन र आँखीझ्यालहरू समेत सबै नष्ट भएको पाइन्छ । हाल यसै पुरानो पौवा भएको स्थानमा स्थानीयहरूको सक्रियतामा सानो एकतले पौवा निर्माण गरिएको छ । यस स्थलमा वरपरका जिल्लाहरूबाट प्रकृतिप्रेमी एवम् भक्तजनहरू दर्शनार्थ जाने पूज ागर्ने प्रचलन छ । यस स्थलमा मनोकाङ्क्षा सिद्धिको लागि स्नान, पूजा गर्ने र उपवास बस्ने प्रचलन छ । यहाँ माघे सङ्क्रान्ति र बैशाखे पूर्णिमामा स्नान गर्नाले पुण्य प्राप्त हुने विश्वास छ ।

## ४.१.१३ चतुर्भुज शिव पाञ्चायन मन्दिर, खुङ्ग्री, रोल्पा

### ४.१.१३.१ अवस्थिति

यो स्थल माडी र लुङग्री नदीको दोभानमा अवस्थित छ । यो मन्दिर रोल्पा जिल्लाको सुनिल स्मृति गाउँपालिका वडा नं. २ चतुर्भुज भन्ने स्थानमा पर्दछ । समुद्री सतहदेखि ६६० टिर उचाइमा अवस्थित यो स्थल रोल्पाको सदरमुकाम लिबाङदेखि ३८ किलोमिटर पूर्व दक्षिणमा लिबाङ-भालुबाङ सडकखण्डको किनारमा रहेको छ। पूर्व-पश्चिम राजमार्गको भालुबाङदेखि ६१ किलोमिटर उत्तरमा रहेको यस मन्दिर प्युठान जिल्लाको सदरमुकाम स्वर्गद्वारीबाट १५ किलोमिटर उत्तरमा पर्दछ (आचार्य, २०७१, पृ. २३) । मन्दिरको पूर्वमा लुङ्ग्री नदी, पश्चिममा माडी नदी र घोडागाउँ, उत्तरमा मिझिङ र दक्षिणमा किमीचौर बजार पर्दछन् । रोल्पा जिल्लामा रहेका प्राचीन सांस्कृतिक सम्पदाहरूमध्ये यो चतुर्भुज शिव पाञ्चायन मन्दिर एउटा महत्त्वपूर्ण सम्पदाको रूपमा चिनिन्छ। ब्रह्माजीको उपनयन संस्कार गरेको स्थान भनी यस तपोभूमिलाई पवित्र तीर्थस्थलको रूपमा मानिन्छ । यस तपोभूमिका बारेमा विभिन्न पुराणहरूमा चर्चा पाइन्छ । दुई नदीको दोभानमा देवीदेवताको निवास हुन्छ भन्ने पौराणिक भनाइ रहेको सन्दर्भमा यो स्थल स्वाभाविक रूपमा त्यसमा पनि लुङग्री नदीको उद्गम स्थल सुनछहारी भएको र सो पवित्र जल अविरल बग्ने भएकाले यो

स्थल पवित्र स्थलको रूपमा मानिन्छ। सुनछहारीमा सुनखानी रहेको र सो सुन पानीको चोटबाट टुक्रिएर नदीको बालुवामा मिसिएको हुँदा यस नदीको बालुवा चालेर सुन प्राप्त गर्दछन् । सुनलाई पवित्र धातुको रूपमा लिइन्छ। त्यसैले पवित्र धातुले पूरै नदीलाई नै पवित्र बनाउने भएको र दुई नदीको दोभानमा स्नान गर्नाले पुण्य प्राप्त हुनुका साथै पवित्र हुने विश्वास रहेको सन्दर्भमा यो स्थल आस्थाको केन्द्र बनेको छ।

यो पहाडी क्षेत्रमा रहेको छ। यहाँबाट उत्तरका हिमालहरू देखिन्छन् भने हिमालबाट आउने चिसो हावाले यहाँको वातावरण नै रमणीय र आनन्दित बनाएको छ। यस स्थलको नामाकरणका सम्बन्धमा धेरै प्रकारका कथन पाइन्छन् । यहाँको भू-भाग चतुर्भुज आकार भएको हुनाले चर्तुभुज भनिएको हो (आचार्य, २०७१, पृ. २३) भन्ने एउटा भनाइ छ।

यस तपोभूमिमा चतुर्मुखी ब्रह्माजीले तपस्या गरी व्रतबन्ध गरेको हुनाले चतुर्भुज भनिएको हो भन्ने अर्को भनाइ छ भने तपोभूमिमा सत्य, त्रेता, द्वापर र कली चारै युगका ऋषिमुनिहरू आई तपस्या गर्ने गरेको हुँदा चतुर्भुज नाम रहन गएको हो (आचार्य, २०७३, पृ. १३८) । त्यसै गरी यो तपोभूमि चारै दिशाको केन्द्र भएको हुँदा चतुर्भुज भनिएको हो (पूर्ववत) ।

तपोभूमिमा ब्रह्मा, विष्णु, महेश्वर र भगवती चारै देवीदेवताको सङ्गम स्थल भएकाले चतुर्भुज भनिएको हो (तेजप्रसाद अधिकारी, ७० सँगको अन्तर्वार्ता) ।

### ४.१.१३.२ ऐतिहासिकता

चतुर्भुज शिवपाञ्चायनको स्थापना कहिले भयो, कसरी भयो, कुन कालखण्डमा हुनगयो र यहाँ पूजाको सुरुवात कसरी, कहिलेदेखि भयो भन्ने सम्बन्धमा कुनै ऐतिहासिक ठोस प्रमाणहरू पाउन सकिँदैन । तर, यस इतिहासलाई अगाडि बढाउने क्रममा विभिन्न पुराणहरू, किम्वदन्ती, जनविश्वास, परम्परा, प्रचलन आदिलाई आधार लिएर चर्चा गरेको पाइन्छ। चतुर्भूज शिव पाञ्चायनको इतिहासलाई अध्ययन गर्दै जाने हो भने सत्ययुगसम्म पुग्न सकिन्छ । स्कन्द पुराणको हिमवत् खण्ड, शिव पुराण र गङ्गा महिमामा यस तपोभूमिका बारेमा वर्णन गरिएको छ।

यो स्थल प्राचीन समयदेखि नै एउटा तपोभूमिको रूपमा रहेको जनविश्वास छ। हरेक युगमा पृथ्वीमा सङ्कट पर्दा धर्मको रक्षा गर्न मानवीय रूपमा ईश्वरीय शक्ति र सामर्थ्य लिई पृथ्वीमा अवतरण गर्ने क्रममा त्रेता युगमा ब्रह्माजी आई तपस्या गरी व्रतबन्ध

गरेको जनविश्वास छ (आचार्य, २०७३, पृ. १३६) । हिमवत् खण्ड शिवपुराण आदिमा यस भूमिमा धनञ्जय नाम गरेका ऋषिले यहाँ रहेको धमसिकुना भन्ने गुफामा धनञ्जय आश्रम बनाएर तपस्या गरेको उल्लेख पाइन्छ (अधिकारी, २०७३, पृ. १६) । यो स्थल पवित्र भएको हुनाले नै स्वर्गद्वारी प्रभुमहाराज स्वर्गद्वारी आश्रमबाट यहाँको सङ्गम स्थलमा आई नुहाई यहाँको जल चतुर्भुजमा चढाउनुहुन्थ्यो भन्ने जनविश्वास रहेको पाइन्छ (पूर्ववत) ।

यस स्थलमा परापूर्वकालदेखि नै योगी, ऋषिमुनिहरू आई सङ्गम स्थलमा स्नान गरी यज्ञ गर्ने, तपस्या गर्ने र यहाँ तपस्या गरी  सिद्धि प्राप्त गर्ने  बुझिन्छ । पछि कुनै बाबा तथा योगीहरू यतैतिर गृहस्थ भएर बस्न थालेको हुनाले नै यस क्षेत्रमा गिरी, पुरी, भारतीहरूको बाहुल्य रहेको पाइन्छ । प्राकृतिक रूपले चतुर्भुज आकारको जस्तो देखिने यस भूमिमा ब्रह्माको उपनयन संस्कार गर्दा हवन, यज्ञ गर्नका लागि यहाँ आएको र ती १६ जना ऋषिहरूले चतुर्भुज यज्ञ सम्पन्न गरी त्यसपछि ती ऋषिहरूले त्यहीँबाट स्वर्ग प्राप्त गरेको जनविश्वास रहेको पाइन्छ (आचार्य, २०७१, पृ. २३) । यसरी यस भूमिको ठुलो महत्व रहिआएको छ ।

खुङ्ग्रीकोटमा टीका प्रचण्ड सेन करीब वि.सं. १९५० को आसपासतिर राजा भएका थिए । यी राजा धार्मिक तथा विकासप्रेमी थिए । त्यसैले चतुर्भुज क्षेत्रलाई एक पवित्र स्थलको रूपमा मानी त्यस स्थानमा मन्दिर बनाई पूर्वतर्फ आँपका रुखहरू लगाइदिएका थिए (गौतम, २०५०, पृ. ३९) । जनश्रुति अनुसार- दुई नदीको सङ्गम स्थलदेखि माथि एउटा गुफा रहेको छ । त्यस गुफामा एउटा बाबा बस्दथे । ती बाबा कहिले बाघ, कहिले भेँडा, कहिले नन्दी भएर भ्रमण गर्दथे । कसैले केही वस्तु मागे भने त्यो वस्तु दिन्थे । निकै शान्त स्वभावका ती सन्यासी रहँदासम्म कसैलाई कुनै विघ्न बाधा भएन भन्ने जनश्रुति छ ।

माथिका जनश्रुतिहरू मनन गर्दा यो स्थल सत्ययुगदेखि नै पवित्र तीर्थस्थलको रूपमा रहँदै आएको र पुजित हुँदै आएको देखिन्छ । यो मन्दिर वि.सं. १९५० तिर मात्र स्थापना भएको देखिन्छ । यस समयभन्दा अगाडि यस भूमिमा मन्दिर थियो कि थिएन भन्ने सम्बन्धमा केही भन्न सकिँदैन । तर, यो भूमि एक प्रसिद्ध धार्मिक क्षेत्र भएको र यहाँ केही न केही धार्मिक क्रियाकलाप हुने हुँदा नै खुङ्ग्रीका तत्कालीन राजाले मन्दिर स्थापना गरेको हुनसक्छ । यहाँका स्थानीय बुढापाकाहरूको भनाइअनुसार यस स्थानमा धेरै अगाडिदेखि नै उन्मत्तेश्वर महादेवको मन्दिर र धर्मशाला स्थापना गरिएको थियो । तर, सो मन्दिर र धर्मशाला कसले कहिले स्थापना गरेका हुन् भन्ने सम्बन्धमा केही पनि भन्न सकिँदैनन् ।

### ४.१.१३.३ आनुष्ठानिक प्रचलन

चतुर्भुज शिव पाञ्चायन मन्दिर रोल्पा र प्युठान क्षेत्रमा प्रसिद्ध धार्मिक स्थल हो । यस स्थलमा मकर सङ्क्रान्ति, वसन्तपञ्चमी र पावन अवसरहरूमा विशेष पूजा अर्चना साथ मेला लाग्ने प्रचलन छ । यस स्थलमा हिन्दू धर्मावलम्बीहरूले मनाउने पर्वोत्सवहरूका अतिरिक्त भक्तहरूले रुद्री लगाउने र विवाह-व्रतबन्ध जस्ता अनुष्ठानहरू आयोजना गर्ने प्रचलन छ। यस स्थलको दर्शन गर्नाले मनोकाङ्क्षा पूर्ण हुन्छ भन्ने लोकविश्वास छ।

## ४.१.१४ चन्दननाथ मन्दिर, खलङ्गा, रुकुम

### ४.१.१४.१ अवस्थिति

यो मुसीकोट नगरपालिका वडा नं. १ त्रिवेणी चोकमा अवस्थित छ । यो पुरानो मन्दिर हो। त्रिवेणी चोकदेखि लगभग २५० मिटर पूर्व उच्च भागमा अवस्थित चन्दनाथको मन्दिर जुम्लाबाट आएका शाहवंशी ठकुरीहरूको कुलदेवताको रूपमा स्थापित रहेको छ। यो खलङ्गा त्रिवेणी चोकदेखि सल्ले जाने सडकको १०० मिटरको उचाइमा रहेको छ। त्रिवेणी चोकको व्यक्तिगत घरको पछाडि रहेको यो मन्दिरसम्म पुग्नका लागि १०० मिटर उकालो चढ्नु पर्छ। यस स्थलबाट मुसीकोट, खलङ्गा, सेरीगाउँ तथा अन्य स्थानहरूको अवलोकन गर्न सकिन्छ।

### ४.१.१४.२ ऐतिहासिकता

चन्दननाथ मन्दिरको ऐतिहासिकता रुकुमका देवस्थल, कालिका मन्दिर जत्तिकै पुरानो रहेको पाइन्छ। ती मन्दिरहरूको स्थापनासँगै चन्दननाथ मन्दिरको पनि स्थापना भएको ऐतिहासिक स्रोतहरूले उल्लेख गरेका छन्। चन्दननाथका सम्बन्धमा एउटा कथन प्रचलनमा रहेको छ। जसअनुसार चन्दननाथको मूल थलो जुम्ला हो। जुम्लामा चन्दनाथको ठूलो मन्दिर रहेको छ। नाथ सम्प्रदायभित्र पर्ने चन्दननाथको पूजा जुम्लामा कान चिरेका कानफट्टा जोगीद्वारा गरिन्छ। चन्दननाथ भगवान् शिवका चेला मानिन्छन्। यी एउटा सिद्ध पुरुष हुन्। उनी जुम्लाका प्रसिद्ध तपस्वी तथा सिद्धि प्राप्त योगी भएको हुनाले उनलाई राजामहाराजाहरूदेखि सर्वसाधारण सबैले पुज्ने गर्दछन्। यिनै चन्दननाथलाई जुम्लामा बस्दा शाहवंशीय राजाहरूले आफ्नो कुलदेवता मानी पूजा गर्दथे। जुम्ला राज्यमा शाहवंशको पतन भएपछि राज्य छोडेर भाग्न लाग्दा हतार हतारमा चन्दननाथको पहेँलो धजा चन्दननाथको प्रतीकका रूपमा लिएर आएका थिए। रुकुम खलङ्गामा जुम्ली शाहवंशी राजाले बासस्थान

पाएपछि वर्तमान चन्दननाथको मन्दिर भएको स्थानमा जुम्लाबाट ल्याएको धजा लिङ्गोमा बाँधी आफ्नो कुलदेवता मानी स्थापना गरी पूजाको सुरुवात गरेका थिए । त्यस समयदेखि अहिलेसम्म पनि यथास्थितिमा नै सबै कार्यहरू चलि नै रहेको छ (अन्तर्वार्ता, टोपीलाल शर्मा, पुजारी) । जुम्ली राजाले भागेर रुकुम आउँदा आफ्नो साथमा ल्याएका कुलदेवताका प्रतीक चन्दननाथलाई खलङ्गामा स्थापना गरेको कुरा मेचीदेखि महाकालीमा उल्लेख गरिएको छ (सूचना विभाग, २०३१, पृ. ६३) । यसरी जुम्ली ठकुरी राजाहरूले स्थापना गरेको चन्दननाथलाई अहिले पनि रुकुमका जुम्ली शाहहरूले कुलदेवताको रूपमा पूजा गर्दै आएका छन् ।

### ४.१.१४.३ भौतिक अवस्था र अनुष्ठानिक प्रचलन

पहिले यहाँ चन्दननाथ मन्दिरको कुनै संरचना थिएन । लामो लिङ्गोमा पँहेलो वस्त्र बाँधी गाडिराखेको मात्र हुन्थ्यो । त्यही लिङ्गोलाई चन्दननाथको प्रतीक मानी पूजा गरिन्थ्यो। अहिले शाहवंशीय ठकुरीहरू मिलेर वि.सं. २०७१ सालमा सानो पक्की मन्दिर निर्माण गरिएको छ। पूर्वाभिमुख मन्दिरको पूर्वतिर एउटा काठको प्रवेशद्वार रहेको छ। प्रदक्षिणापथ विहीन यस मन्दिरको लम्बाइ ११.३ फिट, चौडाइ १०.३ फिट र उचाइ लगभग ८ फिट रहेको छ। मन्दिरमा प्रवेश गर्ने एउटा मात्र ढोका रहेको छ भने मन्दिरमा झ्याल राखिएको छैन । यसको गर्भगृहमा मूर्तिहरू छैनन् । मन्दिरको पूर्वी भागमा मन्दिरसँगै जोडेर लगभग २२ फिट अग्लो काठको लिङ्गो गाडिएको छ । लिङ्गोमा धजा बाँधिएको छ। मन्दिरको अग्रभागमा एउटा पुरानो घण्ट रहेको छ , जसमा लेखिएको अभिलेख बुझिँदैन ।

ठकुरीहरूका कुलायन देवता भएकाले उनीहरूले नै संरक्षण तथा व्यवस्थापन गर्दै आएका छन् । यस मन्दिरको पहिले परिसरका साथै अन्य जग्गा निजी गुठी पनि थियो । तर, सबै जमीन अतिक्रमण भई लगभग ५ आना जग्गा भित्र मन्दिर रहेको छ। नाथ सम्प्रदाय अन्तर्गत पर्ने यस चन्दननाथ मन्दिरमा विशेष गरी नाथ सम्प्रदायका कानफट्टा जोगीहरूबाट पूजा गर्ने प्रचलन भए तापनि रुकुममा रहेको चन्दननाथ मन्दिरमा ब्राह्मणद्वारा पूजा गरिन्छ। जुम्ली ठकुरीहरूका कुलदेवताका रूपमा स्थापना गरिएको हुनाले रुकुमका जुम्ली ठकुरीहरूले वर्षमा दुईपटक बडादशैंको कोजाग्रत पूर्णिमा र चैतेदशैंको पूर्णिमामा कूलपूजा गर्ने प्रचलन छ ।

## ४.१.१५ चिन्नेथान, रुन्टीगढी, रोल्पा

### ४.१.१५.१ अवस्थिति

यो स्थल रुन्टीगढी गाउँपालिका वडा नं. ५ कुइरीपोखरामा रहेको छ । यो स्थान रोल्पाको होलेरी बजारबाट करीब ४ किलोमिटर पूर्व होलेरी-स्वर्गद्वारी सडकको दक्षिणमा अवस्थित छ । यसको उत्तरमा सैबाङ, दक्षिणमा वडा नं. ५ को जसपुर गाउँ, पूर्वतर्फ बाइजा र पश्चिममा गढीलेक पर्छन् (आचार्य, २०७८, पृ.३६-३७) । यो थान चिन्नेथान जङ्गलको बीचमा स्थापित छ । यो रोल्पा जिल्लाकै प्रसिद्ध धार्मिक स्थलको रूपमा चिनिन्छ । बालसिद्धको थान र भगवतीको मन्दिर रहेको यस स्थलमा सल्लो, काफल, लालीगुराँसज स्ता वृक्ष वनस्पतीहरू पाइन्छन् ।

### ४.१.१५.२ ऐतिहासिकता

चिन्नेथानको ऐतिहासिक पक्षलाई पुष्टि गर्ने लेख्य तथ्य उपलब्ध हुँदैनन् । तर, चिन्नेथानको प्रचीनता तथा स्थापनासम्बन्धी जानकारी भने स्थानीयहरूमा प्रचलित जनश्रुतिहरूले दिन्छन् । यस वरपरका पाका व्यक्तिहरूको कथन अनुसार परापूर्वकालदेखि नै यस स्थलमा दसौंदी र बस्नेत थरका परिवारहरूले आ-आफ्ना कूलपूजा गर्ने गरेको पाइन्छ । एउटा जनश्रुति अनुसार यस स्थलकै नजिकमा रहेको धौलाबाङ र जस्पुरमा थान थिए । ती थानमा बोकाको बलि दिन खोज्दा त्यहाँ बोकाले मन्सिन मानेन र बोको त्यहाँबाट भागेर चिन्नेथान स्थलमा आएर अड्यो । यस घटनालाई लोकले सिद्ध त्यस स्थलबाट सरेर हाल चिन्नेथान रहेको स्थलमा आएको बुझ्यो । यसपछि भक्तजनहरूले चिन्नामा (सुकेको लौका) उठाएर राखेका धूप-धजा आदि चढाएर बोकाको बलि दिइयो । यसपछि लोकले यस स्थलको नाम चिन्नेथान राख्यो र यस स्थललाई सिद्धथानको रूपमा पूजा गर्न थाल्यो । स्थानीयबासीहरूका अनुसार यस घटनाको समय आजभन्दा बरिब ३०० वर्ष अघि ठानिन्छ । वि.सं. २०६८ सालमा यस स्थलको विकाससम्बन्धी योजना बनेको थियो (नेपाल पर्यटन विकास केन्द्र, २०६८, पृ. १९) ।

### ४.१.१५.३ अनुष्ठानिक प्रचलन

चिन्नेथानमा जेठासी पूर्णिमाको दिनमा सिद्धको पूजा हुन्छ र यस दिन ठूलो मेला लाग्छ । यहाँ बडादशैँको पञ्चमीको दिनमा (पाँचपुनी) श्राद्धका पितृ सम्झनाका तिथिहरूमा विशेष पूजा गर्ने चलन छ । यस स्थानमा पहिले पहिले पैयाँ जातको रुखको हाँगो गाडेर

पूजा हुन्थ्यो । तर, अहिले बाँझको रुख वरिपरि पर्खाल लगाएर बनाएको थानमा पूजा हुन्छ । यहाँ थानमा रोट, राता-सेता धजा चढाएर पूजा गर्छन् । पहिलेकै परम्परा अनुसार आजसम्म पनि बस्नेत थरका परिवारको सदस्य मुख्य पुजारी हुन्छन् । अन्य गाउँ-गाउँका आ-आफ्ना पुजारीहरू पनि रहने परम्परा छ । यहाँ बडादशैँको पूर्णिमाको दिनमा विशेष पूजा हुन्छ र यस दिन पनि मेला लाग्छ । पूजाका दिनमा यहाँ गाउँ-गाउँबाट धामी-धमिनीहरू आउने र काँप्ने प्रचलन छ । मेला लाग्ने अवसरहरूमा त्यहाँ गाउँ-गाउँका आ-अफ्ना चर्खेपिङ व्यवस्था गर्ने र सबैलाई चर्खेपिङ चढाएर मनोरञ्जन दिन्छन् । यी मेलाहरू स्थानीय नाचगान तथा संस्कृति प्रदर्शनका दृष्टिले पनि महत्वपूर्ण छन् ।

## ४.१.१६ छत्रेश्वरी शक्तिपीठ, छायाँक्षेत्र, सल्यान

### ४.१.१६.१ अवस्थिति

छत्रेश्वरी गाउँपालिका वडा नं. ६ छायाँक्षेत्रमा रहेको छत्रेश्वरी यस क्षेत्रको एक प्रमुख तीर्थस्थल हो। नेपालमा रहेका विभिन्न शक्तिपीठहरूमध्ये यो शक्तिपीठ पनि महत्वपूर्ण मानिन्छ। जङ्गलको बीचमा रहेको यस स्थललाई सतीदेवीका बाँकी अङ्गहरू पतन भएको हुँदा सतीवन पनि भन्ने गर्दछन्। यस टाकुराको उचाइ करीब ३४०० फिट रहेको छ (वली, २०७३, पृ. १५) । सुन्दर, शान्त, मनोरम, चारैतिर जङ्गलै जङ्गलको बीचमा र बस्तीदेखि टाढा टाकुरामा रहेको छत्रेश्वरी शक्तिपीठको पूर्वमा लङ्किनी खोला, पश्चिममा गरीज्यूला, दक्षिणमा शङ्खमूल र शारदा नदी तथा उत्तरमा गर्चे गाउँ पर्दछन्। प्रसिद्ध छत्रेश्वरी शक्तिपीठ सल्यानको सदरमुकाम खलङ्गादेखि २० किलोमिटर दक्षिण र श्रीनगर बजारदेखि १५ किलोमिटर पूर्व दाङ-सल्यान सडकखण्डको घोप्टे अमराईबाट ५ किलोमिटर उत्तरमा अवस्थित छ। घोप्टे अमराईबाट छत्रेश्वरी शक्तिपीठमा पुग्न लगभग चालीस मिनेटको पैदलयात्रा गर्नु पर्छ। यस शक्तिपीठको सम्बन्धमा स्कन्दपुराण, श्रीस्वस्थानी ब्रतकथा आदि पुराणहरूमा वर्णन गरिएको पाइन्छ। यहाँ वि. सं. १९९० को दशकमा शिव मन्दिरको रूपमा स्थापना भई पूजा अर्चनाको सुरुवात गरिएको थियो । पछि वि.सं. २०३४ सालमा प्रेम गिरी महाराजले वास्तविक छत्रेश्वरी शक्तिपीठ पहाडको टाकुरामा हो भनी यस स्थानमा मन्दिर स्थापना गरी पूजा अर्चनाको सुरुवात भएको थियो (राजेन्द्र श्रेष्ठसँगको अन्तर्वार्ता) ।

### ४.१.१६.२ ऐतिहासिकता

छत्रेश्वरी शक्तिपीठको इतिहासलाई सत्य युगसम्म पुऱ्याउन सकिन्छ । यस सन्दर्भमा स्कन्द पुराण अन्तर्गत श्री स्वस्थानी व्रतकथामा वर्णन गरिएको केही अंशलाई व्याख्या गर्नु उपयुक्त देखिन्छ । स्वस्थानी व्रतकथाको दशौँ अध्यायमा वर्णन गरेअनुसार- छायाँक्षेत्रमा पुगेर सतीदेवीका शेष रहेका सबै अङ्गहरू पतन भएका थिए । यहाँ छायाँक्षेत्र पीठ, छत्रेश्वरीदेवी सुसुकोदरा योगिनी, पिशाचेश्वर महादेव उत्पन्न भएका थिए । पुण्यभूमिमा अष्ठभैरव आएर नाना उपचारले पूजा एवं तपस्या गरे र ईश्वरी प्रसन्न भई वरदान माग भनिन् । अष्ठभैरवले मातृकागणको अधिपति होऔँ भनी मागे र ईश्वरीले तथास्तु भनी वरदान दिइन् (श्रीस्वस्थानी व्रतकथा, २०५५, पृ. १०६) । स्वस्थानी व्रतकथाको उपर्युक्त वर्णनअनुसार छायाँक्षेत्रमा सतीदेवीका बाँकी अङ्गहरू पतन भएपछि यहाँ छत्रेश्वरी देवी, सुसुकोदरा योगिनी, (योगिनी भनेको तपस्या गर्ने नारी हुन्, उत्पत्ति भइन् । त्यसैले गर्दा यहाँ देवीदेवताहरूको मन्दिरहरू निर्माण गरिएको छ भन्ने किम्वदन्ती रहेको छ ।

सतीदेवीको मृत शरीर बोकेर देवाधिदेव महादेव बौलाहा जस्तै भएर १०० वर्ष जति पृथ्वीका विभिन्न स्थानमा भौँतारिँदै जाँदा सतीदेवीका अङ्गहरू विभिन्न स्थानमा पतन हुने क्रममा ७ ५० ००० शक्तिपीठहरू उत्पत्ति भएको पाइन्छ । ती शक्तिपीठहरू शाक्त धर्मको प्रमुख तीर्थस्थलको रूपमा रहेका छन् (आचार्य, २०७०, पृ. ३६) । छायाँक्षेत्र वास्तवमा शाक्त क्षेत्र हो र यो स्थल भगवान् शिवसँग प्रत्यक्ष जोडिएको छ । त्यसैले नेपालका शक्तिपीठहरूमध्ये बलि पूजा नहुने शक्तिपीठमध्ये यो पनि एउटा रहेको छ । शिव र शक्ति एक अर्काका परिपूरक हुन् त्यसैले शिव र शक्तिको साथसाथै पूजा गरिन्छ । शिव पूजामा शिवलिङ्गको पूजा हुन्छ भने शक्ति पूजामा उनको शक्ति (योनी) को पूजा हुन्छ ।

यस स्थलमा वि. सं. १९९० को दशकमा शिव मन्दिरको स्थापना भएको देखिन्छ (आचार्य, २०६७, पृ. १०) । छायाँक्षेत्रको स्थापना र विकासमा स्थानीय समाजसेवी तथा छत्रेश्वरीका भक्त स्व. रामबहादुर श्रेष्ठको योगदान महत्वपूर्ण रहेको छ । स्व. रामबहादुर श्रेष्ठले छायाँक्षेत्रको तल्लोभागमा रहेको शिवालय, धर्मशाला, यज्ञशाला आदिका निर्माणमा महत्वपूर्ण योगदान गर्नुका साथै केही जमीन दान दिएका थिए ।

यस पुण्य भूमिमा विभिन्न समयमा विगत समयदेखि नै सन्त, तपस्वी, ऋषिमुनि, साधुहरू आउने क्रम चलेको स्थानीयहरूको भनाइ पाइन्छ । यसै क्रममा वि.सं. १९९७ तिर

नागाबाबा सरयु गिरी यहाँ आएको र पूजा तथा धार्मिक सत्सङ्ग गर्ने परम्पराको सुरुवात भएको थियो । दैनिक पूजा, यज्ञ, धार्मिक कार्यहरू गर्न थालेपछि यस क्षेत्रको महिमा बढ्दै गयो र भक्तजनहरूको सङ्ख्यामा वृद्धि हुन थालेको थियो । सरयु गिरी महाराजले छत्रेश्वरीमा कुटी, यज्ञशाला, धर्मशाला, गौशाला आदि निर्माण गर्नुका साथै विभिन्न जातका फलफूलको उद्यानको विकास गरेको बुझिन्छ । त्यसपछि भारतको गुजरातबाट नागा बाबा प्रेम गिरी वि.सं. २०३७ सालतिर छायाँक्षेत्रमा आई आध्यात्मिक ज्ञानको विकास गरेको पाइन्छ । प्रेम गिरी महाराजको प्रयासबाट छत्रेश्वरी मन्दिरको स्थापनाका साथै अन्य विभिन्न भौतिक संरचनाहरूको निर्माण भएका थिए ।

### ४.१.१६.३ आनुष्ठानिक प्रचलन

यस स्थलमा धुनी घर छ । यहाँ अखण्ड धुनी बलिरहन्छ । यहाँ आगो निभ्न हुँदैन र निभ्यो भने अशुभ हुन्छ भन्ने विश्वास गरिन्छ। मन्दिर परिसरमा सत्सङ भवन, पानी ट्याङ्की, प्रतीक्षालय निर्माण गरिएका छन् ।

यस स्थलमा शिवरात्रीमा विशेष पूजा हुने प्रचलन छ । शिवरात्रीको अवसरमा भक्तालुहरू दाङ, नेपालगञ्ज, रोल्पा, रुकुम, भारतका विभिन्न स्थानहरूबाट आउँछन् । त्यस अवसरमा यहाँ साधु, सन्त, सन्यासी, ऋषिमुनिहरू पनि धेरै मात्रामा आउने गरेको पाइन्छ । यस शक्तिपीठको दर्शन गर्नाले मनोकामना पूर्ण हुने, पापहरू नष्ट हुने, रोगव्याधी नष्ट हुने, अनिष्ट नहुने विश्वास गरिन्छ। छत्रेश्वरी मन्दिरभन्दा केही तल रहेको शङ्खमूलमा स्नान गरी त्यहाँको जल ल्याई यहाँ चढाएर दर्शन गर्नाले पुण्य प्राप्त हुनुका साथै पूजाले पूर्णता पाउँछ भन्ने विश्वास रहेको छ (डिल्लीराज रेग्मी, ६४, अन्तर्वार्ता) ।

## ४.१.१७ छायाँ शिला, छायाँक्षेत्र, सल्यान

### ४.१.१७.१ अवस्थिति

यो स्थल छत्रेश्वरी गाउँपालिका वडा नं. ५ छायाँक्षेत्रमा रहेको छ । यस शक्तिपीठको पाखोमा रहेको छायाँ शिला यस पीठको एक प्रमुख धार्मिक तथा दर्शनीय स्थल हो । छायाँ शिला छत्रेश्वरी भगवती मन्दिरदेखि लगभग १७५ मिटर तल पूर्वउत्तर पाखोमा रहेको छ । यही शिलाको नामबाट यस क्षेत्रको नाम छायाँक्षेत्र रहेको विश्वास गरिन्छ । छायाँको अर्थ प्रतिबिम्ब र शिलाको अर्थ ढुङ्गा हुन्छ । यसरी यहाँ रहेको एक ढुङ्गामा टाढा टाढासम्मको छायाँ देखिने भएकाले छायाँ शिला भनिएको हो र त्यस चम्किलो शिलामा उत्तरतिरको सयौं

कोश टाढासम्म छायाँ देख्न सकिने हुनाले छायाँक्षेत्र नामकरण गरिएको हो । यस शिलासम्म जानका लागि छत्रेश्वरी शक्तिपीठबाट नजिकै पैदल यात्रामा पुग्न सकिन्छ। यस छायाँ शिलाको पूर्वमा लम्किनी खोला, पश्चिममा छत्रेश्वरी शक्तिपीठ, उत्तरमा गर्चेगाउँ र दक्षिणमा शङ्खमूल पर्दछन् । यो स्थल सल्यानको सदरमुकाम खलङ्गादेखि २० किलोमिटर दक्षिणमा छ भने दाङ-सल्यान सडकखण्डको घोप्टे अमराईबाट ५ किलोमिटर उत्तरमा अवस्थित रहेको छ। यस छायाँ शिलासम्म पुग्नका लागि घोप्टे अमराईबाट लगभग ४५ मिनेट कच्ची बाटोको पैदलयात्रा गर्नुपर्दछ। सुन्दर तथा बाक्लो जङ्गलका बीचमा अवस्थित यस छायाँ शिलाबाट पूर्वतर्फका फाँटहरू तथा रमणीय पहाडहरू देख्न सकिन्छ ।

### ४..१.१७.२ ऐतिहासिकता

छायाँ शिलाको ऐतिहासिकतालाई खोज्दै जाने हो भने छत्रेश्वरी शक्तिपीठभन्दा पनि अगाडिको भन्न सकिन्छ। किम्बदन्तीको आधारमा सतीदेवीको अङ्ग पतन हुनुभन्दा अगाडि छायाँ शिला यस स्थानमा रहेको थियो। यसबाट सत्ययुगभन्दा अगाडि नै छायाँ शिलाको अस्तित्त्व रहेको भन्न सकिन्छ। किम्वदन्ती अनुसार जब सतीदेवीको शेष अङ्ग छायाँक्षेत्रमा पतन भएपछि शिवजी अगाडि जाने क्रममा एउटा गोलो चम्किलो आकर्षक शिला देखे र यो सतीदेवीलाई मन पर्ला भनी उठाएर सतीदेवीलाई देखाउन खोज्दा आफुले बोकेकी सतीदेवीलाई नदेखे पछि भगवान् शिव ढुङ्गासहित त्यहीँ ढले र मूर्छित भए। त्यसपछि त्यो शिला झन् आकर्षक, चम्किलो र छायाँ देखिने भयो भनिन्छ (आचार्य, २०७०, पृ. ३८)। यसरी छाया क्षेत्रको स्थापना भएको मानिएको छ।

त्यसैगरी अर्को किम्बदन्ती अनुसार पहिले पहिले कसैको कुनै वस्तु हराएमा शिलामा हेरेर पत्ता लाग्थ्यो। एक पटक एकजना किसानको गोरु हराएछ । खोजतलास गर्दा नभेटिएपछि यही चम्किलो शिलामा गएर हेर्दा जाजरकोटमा जोतिरहेको देखियो र गोरु मालिकले आफ्नो गोरु गएर ल्याएपछि गोरु चोरले आफ्नो बेइज्जत भएको महसुस गरी रिसाएर सुङ्गुरको सपेटाले छायाँ शिलालाई हान्दा शिला टुक्राटुक्रा परी एउटा टुक्रा लगभग ५०० मिटर तल गयो । त्यस घटनापछि शिलामा छायाँ देखिन बिस्तारै कम हुँदै गयो । त्यसपछि सो अलौकिक शक्ति पनि लोप हुन गएको विश्वास गरिन्छ। यस शिलाबाट अझैं पनि दूध, पानीले धोएर हेरेमा उत्तरतिरका फाँट, पहाड, जङ्गल र नदीहरू देख्न सकिन्छ। माथिको शिलामाभन्दा फुटेर गएको शिलामा छायाँ स्पष्ट देख्न सकिन्छ। पहिले पहिले

आफ्नो हराएको सामान, वस्तुहरू पत्ता लगाउनका लागि यसै शिलामा सतीदेवी, महादेव र अष्टभैरवको पूजा गर्ने परम्परा रहेको थियो ।

अर्को एक किम्बदन्ती अनुसार भगवान् शिवले सतीदेवीको मृत शरीर बोकेर यत्रतत्र घुम्दा अशुद्ध भएको भगवान् शिवको शरीरलाई जलद्वारा शुद्ध भएपछि शिवजीलाई पूर्ण चेतना आयो र पत्नी वियोगको चिन्तामा रही भौतारिदै छायाँ शिलाको पहरामा शीतलता प्राप्त गरिरहेको अवस्थामा सतीदेवीले हिमालयको पुत्रीका रूपमा मेनकाको गर्भबाट पार्वतीको रूपमा जन्म लिई महादेव स्वामी पाऊँ भनी तपस्या गरिरहेको दृश्य छायाँ शिलारूपी पहराले देखाइदिएपछि देवाधिदेव महादेवले पहरालाई तथास्तु भनी मानसरोवरतिर लागेको विश्वास गरिन्छ । त्यसपछि शिलाको महत्त्व बढ्नुका साथै शिला झन् चम्किलो भयो (आचार्य, २०७०, पृ. ३९) । छायाँक्षेत्रको मुख्य आकर्षणको रूपमा रहेको छायाँ शिला चम्किलो, सुन्दर र आकर्षक रहेको छ ।

**४.१.१७.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन**

छायाँ शिला पहरामा टाँसिएर रहेको निकै ठूलो तर ठाउँठाउँमा चर्किएको छ । छायाँ शिलाको लम्बाइ, चौडाइ ७.५ × ७.५ फिट रहेको छ । पहिले पहिले यो छायाँ शिला खुला आकासमुनि रहेको थियो । पछि वातावरण, प्राकृतिक प्रकोप, प्रदूषण तथा मानिसहरूबाट संरक्षण गर्नका लागि छायाँ शिला रहेको स्थानलाई भित्र पारेर सानो तले शैलीको मन्दिर निर्माण गरिएको छ । पहरामा टाँसिएर मन्दिर निर्माण गरिएको हुँदा मन्दिरमा प्रदक्षिणापथको व्यवस्था छैन । मन्दिरको प्रवेशद्वार पूर्वतिर रहेको छ । इँटा र सिमेन्टबाट निर्मित मन्दिरको छाना ढलाइ गरिएको छ । मन्दिरभित्र सिमेन्टबाट निर्माण गरिएका शिव-पार्वती, गणेश, भगवती, शिवलिङ्ग, सरस्वती, महालक्ष्मी आदिका मूर्तिहरू स्थापना गरिएको छ भने मन्दिरको छानामा सिमेन्टकै काली, शिव, विष्णु आदिका मूर्तिहरू रहेका छन् ।

छत्रेश्वरी शक्तिपीठमा आएका भक्तहरू यस शिलामा पनि पूजा गर्न आउँछन् । छत्रेश्वरी र यस शिला एक अर्कासँग जोडिएका छन् । यस छायाँ शिलाको पूजा तथा दर्शन गर्नाले सम्पूर्ण पाप नष्ट हुने, पुण्य प्राप्त हुने, मनकामना पूर्ण हुने, अनिष्ट नहुने विश्वास गरिन्छ ।

## ४.१.१८ झाँक्रीथान, काँच्रे खोला, प्युठान

### ४.१.१८.१ अवस्थिति

प्युठानका प्रसिद्ध धार्मिक तीर्थस्थलहरूमध्ये झाँक्रीथान एउटा महत्वपूर्ण स्थल हो । यो मल्लरानी गाउँपालिका वडा नं. ४ काँच्रे खोलामा अवस्थित छ । झाँक्रीथानलाई झाँक्री महाराज पनि भनिन्छ । स्थानीय बोलीचालीमा काँच्रे खोला देवता पनि भन्ने गरिन्छ । काच्रेखोलाको छेउँमा भएको हुनाले काँच्रे खोला देवता भनिएको हो । झाँक्रीथानको पूर्वमा कसेरी गाउँ, पश्चिममा काँच्रे खोला गाउँ, उत्तरमा खलङ्गा र दक्षिणमा सराङकोट पर्दछन् । प्रायःजसो देवीदेवताका मठ, मन्दिरहरू पहाड, टाकुरा वा उच्चस्थानमा भएको पाइए पनि झाँक्रीथान भने पहाडको खोँच तथा खोलाको किनारमा अवस्थित छ । झाँक्रीथानमा पुग्न खलङ्गादेखि करीब ५ किलोमिटर दक्षिण कच्ची मोटर बाटो वा हिँडेर एक घण्टाको पैदल यात्रा गर्नु पर्छ । यो थान भैरव सामुदायिक वन क्षेत्रभित्र पर्ने भएको हुँदा यहाँ जाँदा-आउँदा मात्र हैन थानको वरिपरि वन, जङ्गल, डाँडापाखा, खोला, अनेक आकार प्रकारका ढुङ्गा तथा चट्टानका सुन्दर आकृतिहरू देख्न पाइनुका साथै अनेक प्रजातिका पशुपन्छी अवलोकन गर्न सकिन्छ ।

### ४.१.१८.२ ऐतिहासिकता

झाँक्रीथानको महत्व र लोकप्रियता यस क्षेत्रमा दिन प्रतिदिन बढ्दै गए पनि यसको स्थापना तथा सुरुवात कहिले कसरी र कसले गऱ्यो भन्ने सम्बन्धमा कुनै ठोस आधार पाउन सकिएको छैन । यहाँ कुनै संरचना नभएको हुँदा यसै समयदेखि यहाँ पूजाआजाको सुरुवात भएको हो भन्न गारो भएको छ । तर, यस झाँक्रीथानको स्थापनाका सम्बन्धमा भने गाउँघरमा किम्वदन्ती प्रचलनमा रहेको पाइन्छ । जनश्रुतिका अनुसार लिच्छवी कालमा एकपटक झाँक्रीथानदेखि लगभग १०० मिटर माथि रहेको सानो दहलाई एकजना व्यक्तिले नाप्न खोज्दा झाँक्री देवताको कानको जाली फुटेको हुँदा झाँक्री देवता रिसाएर त्यस मानिसलाई बलिको रूपमा खाएको र त्यसपछि झाँक्री देवता कान नसुन्ने (बहिरो) भएको भनाइ रहेको पाइन्छ ।

यस पछिका दिनहरूमा झाँक्री देवतासँग वरदान माग्दा वा भाकल गर्दा चिच्याएर माग्नु पर्ने जनविश्वास रहेको छ (उपाध्याय, २०७१, पृ. ७५) । वर्तमान समयमा पनि आफ्नो मनोकाङ्क्षा पूर्ण हुन्छ भनी वरदान वा चिच्याएर भाकल माग्ने चलन रहेको छ । यसरी

झाँक्रीथानप्रति यहाँका बासिन्दाहरूको जनविश्वास र प्रचलित किम्वदन्तीहरूको आधारमा यस थानको ऐतिहासिकता लिच्छवीकालभन्दा पनि अगाडिसम्म पुऱ्याउन सकिन्छ ।

### ४.१.१८.३ भौतिक अवस्था र अनुष्ठानिक प्रचलन

यस स्थलमा मठ-मन्दिरहरूमा जस्तो कुनै संरचना बनाएको छैन । झाँक्री देवता मन्दिर भित्र बस्न नरुचाउने, छानामुनि नबस्ने, खुला आकाशमुनि बस्न मन पराउने र शृङ्गारपटार पनि नरुचाउने भएको हुँदा काच्रेखोलाको किनारमा फलेदोको रुखमुनि अनेक आकृतिका ढुङ्गालाई देवताको रूपमा स्थापित गरी पूजा गर्ने प्रचलन छ । फलेदोको वृक्षमुनि स्थापित थानलाई संरक्षण गर्नका लागि रुखमा राखिएको थानलाई फलामको रेलिङ्ले चारैतिर घेरेर राखिएको छ भने अर्को रेलिङ केही टाढा निर्माण गरिएको छ । झाँक्रीथान फलेदोको वृक्षमुनि भएकोले यस क्षेत्रमा फलेदो वृक्षलाई महत्वपूर्ण रूपमा मान्ने गरेको देखिन्छ। थानका रूपमा प्रयोग गरिएको फलेदो वृक्षभरि भक्तजनहरूले चढाएका साना ठूला त्रिशूल र घण्टहरू रहेका छन् । घण्ट, त्रिशूलहरू यहाँ चढाएमा मनले चिताएको पूरा हुने, राम्रो हुने आदि विश्वास रहेको छ (स्थानीय रमेश श्रेष्ठ सँगको अन्तर्वार्ता) ।

इस स्थलमा पशुपन्छीको बलि दिने प्रचलन छ । शनिबारको दिनमा यस स्थलमा भक्तजनहरूको बाक्लो उपस्थिति रहन्छ । यहाँ भक्तजनहरूले पाती पनि चढाउँछन् । झाँक्रीथान वरपरका खलङ्गा, बिजुवार, विजयनगर, खैरा, धरमपानीका गाउँलेहरूले नयाँ बाली खानुअघि झाँक्रीथानमा चढाउने प्रचलन छ (आचार्य, २०७३, पृ. ७८) । यसरी स्थानीय जनताले यसलाई आफ्नो आस्थाको केन्द्र बनाएका छन् ।

## ४.१.१९ डिग्रे साईकुमारी भगवती मन्दिर, डिग्रे, रूकुम

### ४.१.१९.१ अवस्थिति

यो मुसीकोट नगरपालिका वडा नं. ५ थर्पुमा अवस्थित छ । यो मन्दिर यस क्षेत्रका सम्पूर्ण हिन्दूहरूको आस्थाको केन्द्रका रूपमा परिचित छ। यो मन्दिर सदरमुकाम मुसीकोटदेखि तीन किलोमिटर उत्तर–पूर्वमा रहेको उच्च स्थानमा अवस्थित छ । गाउँदेखि टाढा एकान्त स्थानमा रहेको यो मन्दिर क्षेत्रमा अन्य देवीदेवताका मूर्तिहरू पनि स्थापित छन् । मन्दिरको पूर्वमा मेलचोट, पासाबाङ, पश्चिममा मठ, खलङ्गा, उत्तरमा धिमाने र दक्षिणमा थर्पु गाउँ पर्दछन् । मन्दिर भएको स्थान समुद्र सतहदेखि १८०० देखि २२०० मिटरको उचाइमा रहेको छ । जङ्गलको बीचमा रहेको यो मन्दिर क्षेत्र सुन्दर, शान्त र

रमणीय छ। पहिले यहाँ खप्तड स्वामी आएर बसेको हुनाले उनी बसेको स्थानमा खप्तड मन्दिर पनि निर्मित छ । यसको क्षेत्र २४,७६५ वर्गमिटरमा फैलिएको छ र यो मन्दिरमा रुकुम, रोल्पा, प्युठान, सल्यान, दाङ, डोल्पा, जुम्ला, दैलेख, बाँके, सुर्खेत, बर्दिया, कैलाली आदि स्थानबाट दर्शनार्थ भक्तजनहरू आउँछन् । यस नजिकै ३१०० मिटरको उचाइमा भएको जन्ती लोप लेक भ्यूटावरको रूपमा अवस्थित रहेको छ। यस लेकबाट रुकुमका प्रमुख पर्यटकीय स्थलहरू सिस्ने हिमाल, स्यार्पुताल, रुकुमकोट, बाँफीकोट, सानीभेरी नदी, कमलदह, तीन बहिनी लेक, चित्री पाटन आदि अवलोकन गर्न सकिन्छ ।

### ४.१.१९.२ ऐतिहासिकता

डिग्रे साईकुमारी भगवतीको उत्पत्ति तथा पूजाको सुरुवात कहिलेदेखि कसरी भयो र मन्दिरको स्थापना कसले गऱ्यो भन्ने सम्बन्धमा विभिन्न प्रकारका किम्वदन्तीहरू प्रचलित छन्। मन्दिरको इतिहास बुझ्न यिनै किम्वदन्तीहरूलाई आधार मान्नु पर्ने भएको छ। डिग्रे साईकुमारीको उत्पत्तिका सम्बन्धमा प्रचलित किम्वदन्तीमध्ये एउटा किम्बदन्ती अनुसार– सेरीगाउँमा बस्ने गौतम ब्राह्मणहरू गाई चराउन डिग्रे गएको समयमा जङ्गलमा बच्चा रोएको सुनेपछि ती गौतम ब्राह्मण खोज्दै जाँदा झाडीमा एउटी सानी बच्ची रोइरहेको देखे। ती बच्चीले ब्राह्मणलाई प्रत्यक्ष दर्शन दिइन् र "म साईकुमारी भगवती हुँ" भनिन्। तिमी र तिम्रो सन्तानले यसै गुफामा मेरो स्थापना गरी पूजा गर्नु, तिम्रो कल्याण हुनेछ भनी साईकुमारी भगवती अन्तर्ध्यान भइन् । त्यही गुफामा गौतम ब्राह्मणले फल्याकको छाना भएको सानो मन्दिर बनाई भगवतीलाई श्वेत पत्थरमा मन्दिर स्थापना गरी पूजाको सुरुवात गरे । यसै किम्वदन्तीसँग मिल्दोजुल्दो अर्को किम्वदन्ती रहेको रुकुम गोतामकोटका ब्राह्मणहरू विभिन्न विषयमा सिपालु थिए र रुकुमका विभिन्न भागमा छरिएर विभिन्न कार्यमा संलग्न थिए। तीमध्ये मुसीकोट सेरीगाउँमा बस्ने गौतम ब्राह्मण एकदिन गाई चराउन नजिकैको जङ्गलमा गएछन् । तर, ती गाईहरू हराए। गाई खोज्दै जाने क्रममा एक ठाउँमा पानीको मुहान भेटाए। उक्त मुहानमा एउटी सुन्दर नारीले स्नान गरिरहेकी र केही पर एकजना सिद्ध पुरुष ध्यान मुद्रामा बसेका देखिए। ती सुन्दर नारीले तिम्रा गाईहरू उन्ने चउर भन्ने स्थानमा पाउनेछौ भनी आफु साईकुमारी भगवती भएको बताइन्।

सिद्ध पुरुषले त्यसै स्थानमा मन्दिर बनाएर, पूजाविधिका बारेमा गौतम ब्राह्मणलाई जानकारी गराए। साईकुमारीले गुफामा मन्दिर बनाउनु पर्ने र दैनिक एकै वर्णको गाईको दूध चढाउनु पर्ने भनी पूजा विधि बारे बताइछन् । जसअनुसार ठूलो एकादशीको दिनमा

तुलसी रोपी बैकुण्ठ एकादशीमा पूजा गर्ने प्रचलन चल्यो र बैकुण्ठ एकादशीदेखि चतुर्दशीसम्म प्रमुख पर्वको रूपमा मान्न थालियो । ती सिद्धपुरुष सिद्धबाबा थिए । उनको मन्दिर अलग्गै बनाउने र दशैंको पूर्णिमामा पूजा गर्ने निर्देशन भयो । भगवतीको भनाइ अनुसार ब्राह्मणले आफ्ना गाई उन्नेचउरमा भेटाएको भन्ने भनाइ छ (तुलसीराम गौतमसँगको अन्तर्वार्ता) ।

डिग्रे साईकुमारीको उत्पत्ति तथा स्थापनाका सम्बन्धमा अर्को एक किम्वदन्ती पनि रहेको छ । जसअनुसार, मुसीकोटे राजाका गाईहरू वर्तमान मन्दिर क्षेत्रमा चराउन लग्ने र ल्याउने क्रममा एकदिन एउटी दुधालु गाई गोठमा नफर्के पछि अर्को दिन गाई खोज्दै जाने क्रममा गुफामा बसिरहेको अवस्थामा भेटियो । गोठालाले गाईलाई फर्काएर लग्न खोज्दा गुफाबाट एक सुन्दरी नारी आएर गोठालालाई आफु साईकुमारी भगवती भएको र आफ्नो सेवामा आएका यी गाईहरू लगेमा अनिष्ट हुनेछ भनिन् । राजालाई यस स्थानमा मन्दिर बनाई पूजा गर्न भन्दिनु, यसो गरेमा सबैको कल्याण हुनेछ भन्ने जानकारी पनि सुनाइन् । गोठाला दरबारमा आई सबै कुरा सुनाएपछि अर्कोदिन राजा स्वयं त्यस स्थानमा गई साईकुमारीको प्रतिमा स्थापना गरी पूजाको सुरुवात गरेका हुन् । काठका फल्याकका छाना भएको, ढुङ्गा र माटोको गारो भएको सानो मन्दिर बनाए । मन्दिरको संरक्षण तथा नित्य पूजा गर्नका लागि डिग्रेबाट साँख नजिक र त्यो क्षेत्र साँखमा पर्ने भएकाले साँखबासीलाई जिम्मा दिइयो (आचार्य, २०७३, पृ. १०६) । आज पनि यसको जिम्मेवारी उनीहरूले निर्वाह गरिरहेका छन् ।

साईकुमारीको उत्पत्तिका सम्बन्धमा अर्को एउटा जनश्रुति अनुसार एकपटक द्वापर युगको अन्त्यसँगै लामो समयसम्म पानी नपरी खडेरी पर्‍यो । थर्पु गाउँका गौतम ब्राह्मणका गाईहरू पानीको खोजी गर्दै हिंडेको समयमा साईकुमारी मन्दिरको तलतिर पहराबाट पानी बगिरहेको र उक्त पानीमा अपरिचित सुन्दरीले स्नान गरिरहेको देखे । ती सुन्दरीको तेजले सुन्दरीलाई हेर्न नसकी फर्किंदा पहेँलो वस्त्रधारी एउटा योगीलाई त्यस जङ्गलमा देखेपछि केही बोल्न नसकी उनी त्यहाँबाट हतारहतार गाई खोज्नतिर लागे । उन्नेचउरमा गाईहरू भेटिएपछि गाईहरूलाई घरतिर लान खोज्दा गाईहरू सुन्दरीको वरिपरि बस्न थाले । ब्राह्मणले गाईहरूलाई घरतिर लान खोज्दा सुन्दरीले यी गाईहरू तपाईंका होइनन्, अबदेखि मेरा भइसके । यदि यी गाईहरूलाई लग्न चाहन्छौ भने यस स्थानलाई शक्तिपीठ बनाऊ भनिन् । त्यसका लागि ठूलो एकादशीका दिन तुलसी रोपी, मठ बनाई कार्तिकको बैकुण्ठ

एकादशीका दिन स्नान गरी तुलसीको पूजा गरी बाँसको लिङ्गो गाडी तुलसीको जल खाई शुद्ध भई व्रत बस्ने आदि पूजा विधि सिकाइन् । आफुले भने अनुसार नगरेमा अनिष्ट हुने भन्ने विषयमा समेत सचेत गराइन् । त्यसपछि ती नारी सिद्धपुरुष र गाईहरू अदृश्य भए । ती गौतम ब्राह्मण गाउँघरमा आई सबै वृत्तान्त सुनाई गाउँलेको सहयोग लिएर फल्याकको छाना भएको देवीको मन्दिर बनाई पूजा गर्ने परम्परा थालियो । किम्वदन्तीहरूलाई आधार मान्दा मन्दिरको स्थापना परापूर्वकालमा भएको देखिए पनि देवीभक्त कालीबहादुरले चढाएको घण्टमा वि. सं. १६४२ उल्लेख भएबाट मन्दिर १६औं शताब्दीको देखिन्छ ।

### ४.१.१९.३ आनुष्ठानिक प्रचलन

यस स्थलमा मन्दिर स्थापनाको सन्दर्भमा देवीको आज्ञा अनुसार साईकुमारी र सिद्धबाबा मन्दिरको सुरक्षाको जिम्मा साँख गाउँलाई दिइएको छ । त्यसैले आज पनि पूर्णिमाको दिन साँखबासीहरू हातमा लठ्ठी आदि लिएर आउँछन् । यहाँ नित्य पूजा हुनुका साथै कार्तिक शुक्ल चतुरदशीदेखि कार्तिक पूर्णिमासम्म मेला लाग्ने परम्परा छ । यहाँ मनोकाङ्क्षा पूर्ण होस् भनी भाकल गर्दा मनाकोङ्क्षा पूर्ण हुने विश्वास छ । यस स्थलमा बोकाको बलि चढाउने प्रचलन छ । यहाँ विवाह, ब्रतबन्ध जस्ता यज्ञ-यज्ञादि अनुष्ठान आयोजना गर्नुका साथै श्रावण, कार्तिक र बैशाख महिनामा रुद्री लगाउने चलन छ ।

## ४.१.२० त्रिपुरेश्वरी भगवती मन्दिर, खुङ्ग्री, रोल्पा

### ४.१.२०.१ अवस्थिति

यो रोल्पाको महत्वपूर्ण शक्तिपीठ हो । यो मन्दिर रोल्पा जिल्लाको सुनिल स्मृति गाउँपालिका वडा नं. २ खुङ्ग्रीमा अवस्थित छ। यस भगवती मन्दिरको पूर्वमा लुङ्ग्री ( सुवर्णवती) नदी, पश्चिममा माडी (माण्डवी) नदी, उत्तरमा खुङ्ग्रीबजार, दक्षिणमा किमीचौर बजार पर्दछ। पवित्र लुङ्ग्री नदी र माडी नदीको बीचमा अवस्थित यस त्रिपुरेश्वरी भगवती मन्दिर समुद्र सतहदेखि ६७० मिटर उचाइमा रहेको छ (आचार्य, २०७३, पृ. १५०)। भालुबाङ- लिबाङ सडकखण्डको किनार खुङ्ग्रीमा अवस्थित यो मन्दिर रोल्पा जिल्लाको सदरमुकाम लिबाङदेखि ३७ किलोमिटर पूर्व-दक्षिणमा पर्दछ भने पूर्व-पश्चिम राजमार्गको भालुबाङदेखि ६५ किलोमिटर उत्तरमा पर्दछ ।

### ४.१.२०.२ ऐतिहासिकता

यो शक्तिपीठ सतीदेवीको अङ्ग पतन भएर उत्पत्ति भएको हो भनी विश्वास गरिन्छ। यहाँ सतीदेवीको कण्ड्यौलो पतन भएकाले यस स्थानलाई उद्यान पीठ पनि भनिन्छ। यसरी यसको प्राचीनतालाई खोज्दै जाने हो भने सत्ययुगसम्म पुऱ्याउन सकिन्छ। त्रिपुरादेवीको आठवटा नाम रहेका छन्। जसमा कामेश्वरी, कमला, महेश्वरी, शाम्भवी, जगत्जननी, परावाग्देवी र त्रिपुरेश्वरी आउँछन् (अधिकारी, २०७३, पृ. १९)। यी ८ वटा नामहरू बिहान स्मरण मात्र गर्नाले पनि मनोकाङ्क्षा पूर्ण हुन्छ भन्ने विश्वास गरिन्छ। रोल्पा जिल्लाको महत्वपूर्ण तथा ऐतिहासिक धार्मिक सम्पदाको रूपमा रहेको यो त्रिपुरेश्वरी भगवती मन्दिरको स्थापना कहिले भयो र यहाँ पूजाको सुरुवात कहिलेदेखि भयो भन्ने सम्बन्धमा निश्चित तिथिमिति भन्न सकिने प्रामाणिक आधारहरू नभए पनि पुराण तथा किम्वदन्तीहरूलाई आधार मान्दा सत्ययुगदेखि नै यहाँ पूजा गर्न थालेको विश्वास गरिन्छ।

### ४.१.२०.३. आनुष्ठानिक प्रचलन

यस मन्दिरका विषयमा विभिन्न जनविश्वास र किम्वदन्तीहरू सुनिन्छ। एउटा भनाइ अनुसार मेघ आई तपस्या गरी पूजा गरेको हुनाले ईश्वरी प्रसन्न भई मेघलाई जलदान गर्ने वरदान दिएको हुँदा यहाँका बासिन्दाले वर्तमान समयसम्म पनि वर्षात् भएन भने शुभमुहूर्त पारी बिहानै प्रत्येक घरघरबाट कलशमा जल लिएर भगवतीको दर्शन गर्ने र मेघलाई पुकारी पानीको माग गर्ने प्रचलन रहेको छ। यसो गरेमा पानी पर्छ भन्ने जनविश्वास रहेको छ (अधिकारी, २०७३, पृ. २०) त्यस्तै अर्को भनाइअनुसार- यस मन्दिर परिसरमा रहेको सम्पत्ति वा वस्तुहरू कसैले चोरेमा वा लगेमा त्यस्ता व्यक्तिको धनजनको क्षति हुन्छ भन्ने विश्वास रहेको छ। एकपटक भिङ्ग्रीको पुल निर्माण गर्ने क्रममा काठ आवश्यक परेकाले विदेशी एकजना इञ्जिनियरको जिद्दीका कारण मन्दिर परिसरमा रहेका सालका रुखहरू काटेकोले इञ्जिनियरको रगत वमन गरेर मृत्यु भएको थियो। त्यसैले यस मन्दिर परिसरका वृक्षहरू हावाहूरी तथा अन्य कारणले ढलेमा पनि कसैले लग्दैनन्। यस शक्तिपीठप्रति यस क्षेत्रका मानिसहरूको धेरै आस्था र विश्वास रहेको पाइन्छ। त्रिपुरेश्वरी भगवतीको मन्दिर सतहदेखि केही उच्च स्थानमा रातो माटोमा, सालको वृक्षले घेरिएको स्थानमा स्वयम् उत्पत्ति भई विराजमान भएको विश्वासले गर्दा भक्तजनहरू पूर्ण निष्ठाका साथ भगवतीको दर्शन तथा पूजाअर्चना गर्ने गर्दछन्। यहाँ आउने भक्तहरूले मन र चित्तले

आफ्नो र अरूको पनि भलो सोचेर आराधना गर्नाले फल प्राप्त हुन्छ भन्ने विश्वास छ । यस स्थलमा मङ्गलवार र शनिवारका दिन दर्शनार्थीहरूको धेरै उपस्थिति रहन्छ । बडादशैंको महाष्टमी र चैत्राष्टमीमा मेला लाग्दछ । यहाँ मनोकामना पूर्ण होस् भनी भाकल गर्ने र कामना पूर्ण भएमा एक माना पिठोबाट बनाइएको रोट, काँचो नरिवल र पञ्चबलि दिने चलन छ ।

## ४.१.२१ त्रिसिद्धेश्वरी मन्दिर, तुलसीपुर, दाङ

### ४.१.२१.१ अवस्थिति

यो मन्दिर तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ त्रिसिद्धेश्वरी टोलमा अवस्थित छ । त्रिसिद्धेश्वरी मन्दिर यस क्षेत्रको प्रमुख धार्मिक स्थलको रूपमा रहेको छ । सदरमुकाम घोराहीदेखि २४ किलोमिटर पश्चिममा अवस्थित यो मन्दिर तुलसीपुर बजारको घोराही चोकदेखि "ग" लाइन हुँदै करीब एक किलोमिटरको दूरीमा रहेको छ। यो स्थल समुद्र सतहदेखि ६०० मिटरको उचाइमा रहेको छ (शर्मा, २०६७, पृ. ७) । यस मन्दिरको पूर्वमा टरिगाउँ कुलो, पश्चिममा सडक, उत्तरमा बरुवागाउँ, दक्षिणमा सेन्टर मा.वि. पर्दछन् । त्रिसिद्धेश्वरी भन्नाले श्रीमहालक्ष्मी, श्रीमहासरस्वती, श्रीमहाकाली देवीलाई जनाउँछ। यी तीनदेवीको सङ्गमस्थल भएको हुनाले मन्दिरलाई छोटकरीमा त्रिसिद्धेश्वरी मन्दिर भनिएको हो । त्रिसिद्धेश्वरी भनिए पनि यस मन्दिर परिसरमा भगवान् शिव, गणेश, दुर्गा, राधाकृष्ण, रामजानकी, हनुमान, विश्वकर्मा आदि देवीदेवताका मूर्तिका साथै यज्ञमण्डप, विवाह मण्डप, हवनकुण्ड आदि रहेका छन् । यहाँको मन्दिर परिसरमा अनेक कला तथा वास्तुकलाले पूर्ण निकै संरचनाहरू रहेको पाइन्छ ।

### ४.१.२१.२ ऐतिहासिकता

यो मन्दिरको इतिहास त्यति लामो छैन । मन्दिरको इतिहासलाई हेर्दा वि.सं. २०२३ सालसम्म मात्र पुग्न सकिन्छ । यस मन्दिर रहेको स्थानमा योगी नरहरिनाथको अग्रसरतामा वि.सं. २०२३ सालमा एक आध्यात्मिक सम्मेलन भएको थियो र यस अनुष्ठानको उद्घाटन तत्कालीन राजा महेन्द्रबाट भएको थियो। सो सम्मेलनले यस स्थलको नामकरण आध्यात्मिकनगर गरेर यस स्थललाई आध्यात्मिक केन्द्रको रूपमा विकास गर्ने योजना बनाइएको थियो । यस स्थललाई पहिले मनैयाडाँडा भनिन्थ्यो । यहाँ थारू समुदायले शव गाड्नको लागि प्रयोग गर्ने हुँदा च्यानडाँडा (मनैयाडाँडा) भनिएको हो । पछि सिद्धरत्ननाथ

मठ चौघेरामा आएका भारतका अद्वैतानन्द, भागवत राजौरे र नारयण रजौरेको सक्रियतामा मन्दिर बनाउने योजना बनेको थियो । जस अनुसार वि.सं. २०३१ मा स्वामीको सल्लाह अनुसार धार्मिक मन्दिर बनाउने योजना भयो। जसअनुसार वि. सं. २०३१ सालमा तत्कालीन राप्ती अञ्चलका अञ्चलाधीश चन्द्रमान थकाली र एस.पी. जम्बुदीपमान श्रेष्ठसँग सल्लाह भयो। चन्द्रमान थकाली, जम्बुदीपमान श्रेष्ठ, स्वामी अद्वैतानन्द, भागवत धर्म रजौरे, नारायण रजौरे, वासुदेव लामिछाने र मच्छेन्द्रबहादुर शाहको सल्लाहअनुसार उक्त आध्यात्मिक स्थललाई आध्यात्मिक केन्द्रका साथै धार्मिक क्षेत्रको रूपमा विकास गर्ने योजना भयो । मूर्तिकार स्वामी अद्वैतानन्दलाई मूर्ति बनाउने जिम्मा दिइयो। स्वामी अद्वैतानन्दले उक्त खुला मैदानमा चारवर्ष लगाएर महालक्ष्मी, महासरस्वती, महाकाली, गणेश र महाकालेश्वरको सिमेन्ट मूर्ति निर्माण सम्पन्न गरी वि.सं. २०३५ सालमा मूर्तिको प्राण प्रतिष्ठा गरी पूजा अर्चना पनि सुरुवात भयो (शर्मा, २०६७, पृ. २)। खुला मैदानमा मूर्ति स्थापना भएकाले त्यसको संरक्षण गर्नका लागि मन्दिर आवश्यक पर्ने भयो । त्यसैले भागवतधर्म रजौरेको अग्रसरतामा वि.सं. २०४१ सालमा देवीदेवताका मन्दिरहरू निर्माण गरियो। वि.सं. २०५६ सालमा योगी नरहरिनाथद्वारा सञ्चालित कोटीहोमबाट सङ्कलित रकमबाट महाकालेश्वर महादेवको मन्दिर र मूर्ति निर्माण सम्पन्न गरिएको थियो।

### ४.१.२१.३ आनुष्ठानिक प्रचलन

त्रिसिद्धेश्वरी मन्दिरमा महालक्ष्मी, महासरस्वती र महाकाली मुख्य देवीहरूका रूपमा स्थापना गरिए पनि यहाँ श्रीकृष्ण, गणेश, रामजानकी, हनुमान, शिव, दुर्गा आदि धेरै देवदेवीहरूका प्रतिमा सहित मन्दिर निर्माण गरिएका छन् । यसै कारण यस स्थलमा स्थापित देवीदेवताहरूसँग सम्बन्धित पर्वहरूमा विशेष पूजा हुने परम्परा छ । यहाँ शिवरात्री, तीज, श्रावण महिनाका सोमबार र कृष्णाष्टमीमा विशेष पूजा हुन्छ । यस स्थलमा बेलाबेला यज्ञयज्ञादि अनुष्ठानहरूका साथै व्यक्ति विशेषले विवाह, ब्रतबन्ध आदि सांस्कारिक अनुष्ठान पनि गर्दछन् । मन्दिर परिसरमा किरिया भवन पनि निर्माण गरिएकाले आवश्यक पर्नेहरूले यसै स्थलमा आई किरिया बस्ने परम्परा पनि देखिन्छ ।

## ४.१.२२ देवलस्थान शिव मन्दिर, चौरजहारी, रूकुम

### ४.१.२२.१ अवस्थिति

यो चौरजहारी नगरपालिका वडा नं. ३ देवलस्थानमा अवस्थित छ । यस मन्दिरलाई स्थानीयहरूले देवलस्थान भन्दछन् । चौरजहारी बजारबाट एक किलोमिटर पूर्व-उत्तरमा अवस्थित यस मन्दिरमा जानका लागि व्यक्तिको बारीको आलीआली भएर जानु पर्दछ । यो स्थल विजयश्वरी मन्दिरदेखि करीब ५०० मिटर तल गहिरो भागमा अवस्थित छ । यो मन्दिर यहाँको पुरानो सम्पदाको रूपमा चिनिन्छ । यस मन्दिरको पूर्व लाकुले गाउँ, पश्चिम रुकुमे गाउँ, उत्तर विजयश्वरी र दक्षिण चौरजहारी बजार पर्छन् । विजयश्वरी भगवतीको काखमा अवस्थित यो शिव मन्दिरमा जाने बाटोको असुविधा तथा प्रचार-प्रसारको अभावले गर्दा देवलस्थान ओझेलमा परेको छ । केही ढल्केको जस्तो देखिने सिङ्गो ढुङ्गाबाट निर्माण भएको यो मन्दिर एउटा अलङ्कृत स्तम्भ जस्तो गोचर हुन्छ । जीर्ण अवस्थामा रहेको यो देवलस्थान यहाँका स्थानीयहरूले संरक्षण गर्दै आएका छन् । यो धमिराको देवल (घर) जस्तो आकार प्रकारको भएकोले यस शिव मन्दिरलाई देवलस्थान भन्ने गरेको पाइन्छ । देवलस्थान भन्नाले देवता बस्ने घर वा देवताको घर भन्ने अर्थ हुन्छ । यो देवलस्थान विजयश्वरीको मन्दिर र चौरजहारी बजार अवलोकन गर्न सकिन्छ ।

### ४.१.२२.२ ऐतिहासिकता

यस मन्दिरको स्थापना कसले गऱ्यो, कहिले भयो र स्थापना गर्नुको कारण के हो आदि प्रश्नहरूको जवाफ दिन सक्ने दरिलो आधारहरू पाइँदैन । यस मन्दिरका बारेमा बुझ्न स्थानीय व्यक्तिहरूको भनाइलाई नै आधार मान्नु पर्ने बाध्यता रहेको छ । स्थानीय व्यक्तिहरूको भनाइअनुसार पहिले वि.सं. १७५५ साल अङ्कित शिलालेख थियो तर हाल उक्त शिलालेख हराएको छ । त्यसैगरी स्थानीयहरूकै भनाइ अनुसार– धेरै पहिले भोटबाट आएका "चिने साहु"भन्ने भोटे यस स्थानमा आई बसोवास गर्न थालेपछि आफु बस्नका लागि यस शिव मन्दिर नजिकै नौ कोठा भएको भव्य महल बनाएका थिए । चिने साहु शिवभक्त थिए, जसले गर्दा शिव भगवान्को पूजाअर्चना गर्नका लागि नजिकै कुनै पनि शिवालय नभएकाले त्यस भोटेले आफ्नो घर नजिकै कला तथा वास्तुकलाले पूर्ण यो मन्दिर स्थापना गरेका थिए (हरिशरण जैसीसँगको अन्तर्वार्ता) । यसै शिवालयमा भोटेले दैनिक नित्य पूजा गर्न थाले । तर, केही समयपछि भोटे एकाएक हराए । भोटे हराएपछि यस मन्दिरको

संरक्षण तथा हेरविचार गर्ने कोही भएन । मन्दिरको स्थापनाकर्ता चिने साहु भए पनि उनको समय कहिले हो भन्ने सम्बन्धमा कसैले केही भन्न सक्दैनन् । तर, मन्दिरमा रहेको शिवलिङ्ग र मन्दिरको वास्तुकलालाई हेर्दा यो मन्दिर सोह्रौं/सत्रौं शताब्दीमा निर्माण भएको अनुमान गर्न सकिन्छ। यस मन्दिरको स्थापनाकर्ता मानिने ती चिने साहुको सामाजिक चिनारी के हो र उनी को हुन् भन्ने सम्बन्धमा कुनै पनि ऐतिहासिक स्रोतहरूमा उल्लेख गरिएको पाइँदैन । त्यसैले यस शिव मन्दिरको विस्तृत रूपमा अध्ययन र अनुसन्धान गर्नु पर्ने देखिन्छ। यस स्थलमा दैनिक पूजा हुन्छ भने शिवरात्रीमा विशेष पूजा गर्ने प्रचलन छ।

## ४.१.२३ नमछु बौद्ध गुम्बा, ढोंडेनी, दाङ

### ४.१.२३.१ अवस्थिति

यो गुम्बा घोराही उपमहानगरपालिका वडा नं १८ उपल्लो ढोँडेनीमा रहेको छ। यो स्थल घोराही बजारदेखि करीबडेढ किलोमिटर उत्तरतिर अवस्थित छ । करीब पन्ध्र कठ्ठा जति क्षेत्रफल रहेको यस गुम्बाको परिसरमा एउटा छोर्तेन पार्क, बुद्धको मूर्ति र हाल एउटा भ्युटावर पनि रहेका छन् । धार्मिक दृष्टिले हेर्दा गुम्बा बौद्ध धर्मावलम्बीहरूको भए पनि यो स्थल सुन्दर, शान्त र अग्लो स्थानमा रहेको हुँदा घोराही क्षेत्र अवलोकन गर्न प्रायः सबै धर्मावलम्बी तथा समुदायका मानिसहरू यस स्थलमा पुगेको पाइन्छ।

### ४.१.२३.२ ऐतिहासिकता र आनुष्ठानिक प्रचलन

गौतम बुद्ध विश्वमा शन्तिका प्रतीक मानिन्छन् । यस नमछु बौद्ध गुम्बाको स्थापना सान्दर्भिक समयमा नै भएको पाइन्छ । यो नेपालमा द्वन्द्व चलिरहेको तथा अशान्तिले देश आक्रान्त भइरहेको अवस्थामा अर्थात् वि.सं. २०५८ साल मार्ग ३ र ४ गते बौद्ध धार्मिक विधि अनुसार लामा गुरु कालसाङ लामाबाट शिलन्यास भएको थियो (आचार्य, २०६५, पृ. ६४) । त्यसपछि उदारमना दाता महानुभाव तथा संघसंस्थाहरूबाट प्राप्त आर्थिक सहयोगबाट वि.सं. २०६२ साल जेष्ठमा निर्माण सम्पन्न गरी २०६२ जेष्ठ ९ गते बुद्ध पूर्णिमाको पवित्र दिनमा त्यस बेलाका राप्ती अञ्चल प्रशासक ललितबहादुर थापा मगरबाट विधिवत उद्घाटन भएको थियो । यस स्थलमा पहिले छ्योरतेन र लामा निवास निर्माण भएको थियो भने पछि अनेक संरचनाहरू बनेको देखिन्छ।

यस स्थलमा ४५ फिट अग्लो आकर्षक छोर्तेन (स्तुप), लामा निवास, पार्क, पक्की प्रवेशद्वार र बुद्धको ठूलो मूर्ति निर्माण गरिएका छन् । यस स्थलबाट दाङ उपत्यका

अवलोकन गर्न सकिने गरी पिता मानबहादुर पुन ८४ वर्ष पुगेको उपलक्ष्यमा छोराहरूले एउटा भ्युटावर निर्माण गरिदिएको पाइन्छ ।

यस स्थलमा प्रत्येक दिन नियमित पूजा अर्चना गर्ने परम्परा छ । बुद्ध पूर्णिमाको दिनमा विशेष पूजा गरिन्छ । यस स्थलमा बौद्ध धर्मावलम्बी र अन्य धर्मावलम्बीहरू पनि आउने र छोर्तेनको दर्शन गर्ने प्रचलन छ ।

## ४.१.२४ पाटेश्वरी कालिका भगवती मन्दिर, गजुल, रोल्पा

### ४.१.२४.१ अवस्थिति

यो सुनिल स्मृति गाउँपालिका वडा नं. ६ गजुलको पाटेभिरमा अवस्थित छ । यस क्षेत्रको महत्वपूर्ण सम्पदाका रूपमा रहेको भगवती मन्दिर गजुलकोट दरबार क्षेत्रभन्दा लगभग ६०० मिटर पश्चिम खालमा रहेको छ । बस्तीको बीचमा रहेको यो मन्दिरको पूर्वमा काभ्रा, पश्चिममा गजुलगाउँ, उत्तरमा पानी पोखरी र दक्षिणमा मिभिङगाउँ पर्दछन् । हरिया पहाडको फेदीमा रहेको यो क्षेत्र मनमोहक रहेको छ भने यहाँबाट कोट, दरबार क्षेत्र र गजुल गाउँ देख्न सकिन्छ । यहाँ जानका लागि भालुबाङ–लिबाङ सडक खण्डको मिभिङबाट ११ किलोमिटर कच्ची सडकको यात्रा गर्नु पर्छ । सदरमुकाम लिबाङदेखि ३४ किलोमिटर पूर्व रहेको यस क्षेत्रका सांस्कृतिक सम्पदाहरू हाल ओझेलमा परेका छन् । गजुल राज्यसँग जोडिएको इतिहासका कारण यो ऐतिहासिक दृष्टिले महत्वपूर्ण छ । कोटदरबारको समकालीन मानिने यो मन्दिर सानो भए पनि सुन्दर र आकर्षक रहेको छ । गजुलका सेनवंशी राजाहरूको इष्टदेवीको रूपमा स्थापना गरिएको पाटेश्वरी कालिका भगवती यस क्षेत्रकै प्रमुख धार्मिक स्थलको रूपमा रहेको छ । यस क्षेत्रको प्रसिद्ध धार्मिक स्थलको रूपमा रहेको पाटेश्वरी मन्दिरमा विशेष पर्वहरूमा भक्तजनहरूको उल्लेख्य उपस्थिति रहन्छ ।

### ४.१.२४.२ ऐतिहासिकता

पाटेश्वरी कालिका भगवतीको ऐतिहासिकता खोजी गर्दै जाने हो भने १५औँ शताब्दीको आरम्भसम्म पुग्न सकिन्छ । गजुल राज्यको स्थापनासँगै पाटेश्वरी कालिका भगवतीको पनि स्थापना भएको विश्वास गरिन्छ । कालिका भगवतीको स्थापनाका सम्बन्धमा यस्तो भनाइ रहेको छ । गजुलमा राज्य स्थापना भएपछि शक्तिको प्रतीकका रूपमा भगवतीलाई स्थापना गर्ने इच्छा राजा र राजगुरुलाई भएछ । जस अनुसार प्रथम राजा तुथा सेन र राजगुरु कुलानन्द उपाध्याय दुवैको सल्लाह अनुसार भारतको उत्तर प्रदेश

तुलसीपुरमा रहेको प्रसिद्ध देवीपाटन पाटेश्वरी कालिका भगवतीको मन्दिरमा पूजा आराधना गरी देवीको प्रतीकका रूपमा त्यहाँबाट शिला ल्याई गजुलमा पाटेश्वरी कालिका भगवतीको मन्दिर स्थापना गरियो । राजाले यिनै देवीलाई आफ्नो इष्टदेवी मानी पूजा आराधना गर्न सुरुवात गरेको पाइन्छ (आचार्य, २०७३, पृ. १३१) । यस भनाइबाट मन्दिरको स्थापना वि.सं. १५०९ को आसपासमा भएको देखिन्छ। भारत स्थित देवीपाटनमा पूजाआजा गर्न बर्सेनी सल्यानका र प्युठानका राजाहरूले आफ्ना ब्राह्मणलाई पठाउने चलन थियो भने दाङ स्थित सिद्धरत्ननाथ मठबाट धेरै पहिलेदेखि आजसम्म पनि विशेष अनुष्ठानका साथ पाटेश्वरीमा पूजा गर्न जाने प्रचलन छ । यसबाट रतननाथ र देवीपाटनबीच गहिरो सम्बन्ध भए जस्तै सल्यान र गजुल राज्यको पनि देवीपाटनसँग गहिरो सम्बन्ध भएको देखिन्छ। देवीपाटन गजुलबाट टाढा पर्ने भएकोले देवीपाटनको प्रतीकको रूपमा गजुलमा भगवतीको मन्दिर स्थापना गरिएको हो। फलाबाङ र दाङको सिद्धरत्ननाथ मठमा पनि पाटेश्वरी मन्दिर स्थापना गरिएको छ ।

कालिका भगवती मन्दिरको स्थापनाका सम्बन्धमा अर्को भनाइ पनि रहेको छ। गजुलका राजाले शक्तिको प्रतीकका रूपमा कालिका भगवतीलाई स्थापना गरेका थिए। मन्दिरमा राखिएको घण्टमा सं. १७०७ अङ्कित छ भने त्यहाँ प्राप्त ताम्रपत्रका आधारमा १७औं शताब्दीतिर मन्दिर निर्माण भएको हुन सक्छ (पुरातत्व विभाग, २०७१, पृ. ३१)। सोही घण्ट सं. १९५९ मा गजुलका भक्तले चढाएको उल्लेख छ। यसबाट यो मन्दिर स. १९५९ भन्दा धेरै अघि नै स्थापना भएको हो भन्न सकिन्छ। मन्दिरको गर्भगृहमा देवीपाटनबाट ल्याएको निकै पुरानो जस्तो देखिने शिला रहेको छ।

पाटेश्वरी कालिका भगवती ज्यादै शक्तिशाली देवी थिइन् भन्ने विश्वास छ । यस सम्बन्धमा विभिन्न कथनहरू प्रचलनमा रहेका छन्। जनश्रुति अनुसार भगवतीको मन्दिरभन्दा दक्षिणतिर बुढा मगरहरूको बस्ती रहेछ। तिनीहरूले पालेका सुङ्गुर भगवतीको मन्दिरमा गई बाहिर ढोकाबाट देवीलाई हेरिरहेको थियो। मानिसहरूले सो दृश्य देखेपछि सुङ्गुर धपाए। यसको केही समयपछि बुढामगरहरूको क्षय सुरु भयो र क्रमशः यिनीहरूको सबैको मृत्यु हुँदै गयो (स्थानीय मिठ्ठु सेनसँगको अन्तर्वार्ता)। त्यसैगरी अर्को एउटा घटना अनुसार मन्दिरभन्दा केही माथि एउटा विद्यालय थियो। विद्यालयका लागि चाहिने शौचालय निर्माण गरिएको थियो । शौचालय तिरबाट झर्ने पानी मन्दिर परिसर भएर बग्थ्यो। शौचालय निर्माण भएको पन्ध्र दिनमा नै मुसलधारे पानी परेर ठूलो बाढी आयो र विद्यालय,

शौचालय सबै बगाएर लग्यो । तर, मन्दिरमा कुनै क्षति गरेन । यस प्रकारका घटनाका कारण स्थानीयहरूमा पाटेश्वरी भगवतीप्रति प्रगाढ आस्था र विश्वास बढाएको पाइन्छ ।

### ४.१.२४.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

पाटेश्वरी कालिका भगवती मन्दिर सानो भए पनि सुन्दर र आकर्षक छ । पुजारी र स्थानीय बुढापाकाहरूको भनाइ अनुसार प्राचीन समयमा निर्माण गरिएको यो मन्दिर पहिले ढुङ्गा र माटोको गारो र खरको छाना भएको सानो थियो । उक्त मन्दिर जीर्ण भएपछि वि. सं. २०२८ सालमा स्थानीय बासिन्दा र तत्कालीन गाउँ पञ्चायतको आर्थिक सहयोगमा ढुङ्गा, माटोको गारो र प्रस्तरको छाना राखी पुनःनिर्माण गरिएको थियो । मन्दिरको मौलिक स्वरूपमा भने स्थापना भएदेखि वर्तमान समयसम्ममा कुनै परिवर्तन गरिएको छैन (स्थानीय निर्मल सेनसँगको अन्तर्वार्ता) ।

यो मन्दिर नेपाली शैलीमा निर्मित छ । पूर्वाभिमुख एकतले संरचना रहेको यो मन्दिर तीन फिट अग्लो पेटीमाथि ढुङ्गा र माटोको गारो लगाई, माटोले पोतिएको छ । मन्दिरको बाहिरी भागमा दशवटा खम्बा राखी माथिको छानालाई अड्याइएको छ र खम्बाहरूबाट २.९ फिटको प्रदक्षिणापथ व्यवस्था गरिएको छ । मन्दिरको गर्भगृहमा छानाभन्दा तल काठहरू तेर्स्याएर सामान राख्ने ठाउँ बनाइएको छ । मन्दिरको खापाहरूमा कलात्मक बुट्टाहरू कुँदिएको छ भने काठको सामान्य प्रवेशद्वार रहेको छ । प्रदक्षिणापथको पेटीको छेउँमा बुट्टेदार काठ तेर्सो पारेर राखिएको छ । मन्दिरको छाना प्रस्तरको छ भने छानाको माथिल्लो भागमा काठको एउटा गजुर रहेको छ । त्यसैगरी छानाको गजुरसँगै धातुको त्रिशूल राखिएको छ । मन्दिरको गर्भगृहमा गजुले राजाले देवीपाटनबाट ल्याई स्थापना गरिएको कालो प्रस्तरको अण्डाकारको प्रतिमा रहेको छ । यस प्रस्तर प्रतिमासँगै सिंहमाथि चढेकी भगवतीको मूर्ति पनि रहेको छ । भक्तहरूले चढाएका सं. १९५९ र सं. १९८० अङ्कित दुईवटा ढलोटका घण्टहरू रहेका छन् । मन्दिरको प्रवेशद्वार अगाडि दशैँमा बलि चढाउनका लागि काठको मौलो गाडिएको छ ।

यस स्थलमा बडादशैँ र चैतेदशैँलाई विशेष पर्वको रूपमा मनाउने प्रचलन छ । यस अवसरमा मेला लाग्छ । नवदुर्गाभरि बिहान-बेलुका बाजागाजा बजाउँदै चण्डी पाठ गरिन्छ । अष्टमी र नवमीको दिन पञ्चबलि दिने परम्परा छ । यस स्थलमा ऐतिहासिककालदेखि नै सेन (राजा), थापा (काजी) र सुवेदीहरूको (राजगुरु) विशेष भूमिका रहेको हुँदा हालसम्म

यिनै सन्तानहरूले नै संरक्षण गर्दै आएको पाइन्छ । आज पनि सदरमुकामबाट बडादशैँको सप्तमीमा सेना र प्रहरीको टुकडी फूलपाती लिन आउने प्रचलन छ ।

## ४.१.२५ पाण्डवेश्वर महादेवधाम, धारापानी, दाङ

### ४.१.२५.१ अवस्थिति

पण्डवेश्वर महादेव धाम, धारपानी घोराही उपमहानगरपालिका वडा नं. ५ धारापानी दाङमा अवस्थित छ । सदरमुकाम घोराही बजारदेखि दक्षिण भागमा रहेको यस मन्दिरमा पुग्न करीब नौ किलोमिटर यात्रा गर्नु पर्दछ । चुरे पर्वत अन्तर्गत सुनकोट लेकको काखमा अवस्थित यस पाण्डवेश्वर महादेव धामको उत्तरमा बबई नदी, दक्षिणमा सरिकोट लेक, दक्षिण-पूर्वमा सुनकोट लेक पर्दछन् । यो स्थल समुद्र सतहदेखि ६३३ मिटरको उचाइमा अवस्थित छ (शर्मा, २०६८, पृ. ७) । यसलाई धारपानी मन्दिरको नामले पनि चिनिएको छ ।

पाण्डवेश्वर शिवालयको दक्षिण तथा पश्चिम पहाडको टाकुरामा प्राचीन खड्गदेवी र दुर्गादेवीको मन्दिरका अवशेषहरू रहेका छन् । यी टाकुरामा प्राचीन समयमा बस्तीहरू र राज्य थियो भनिन्छ । सरिकोट वि.सं. १९९० सम्म दाङ, सल्यान जिल्लाको प्रशासनिक केन्द्र रहेको बुझिन्छ । सुनकोट टाकुराबाट दाङ देउखुरी उपत्यका र हिमशृङ्खलाहरू अवलोकन गर्न सकिन्छ (रेग्मी, २०७४, पृ. ३-४) । पाण्डवेश्वर महादेवधाम मन्दिर परिसर १२ हेक्टर क्षेत्रफलमा फैलिएको छ । उत्तर-पूर्वतर्फ विशाल बगैँचामा रुद्राक्ष, आँप, कटहर, केरा, चिउरी, अम्बा, बाँस, बेल, लप्सी, लिच्ची, साल, सल्ला, साज आदि वनस्पतीका वृक्ष रहेका छन् । यस क्षेत्रमा बाघ, भालु, राते, घोरल, बँदेल, चितुवा, वनबिरालो, स्याल, दुम्सी, मृग आदि जङ्गली पशुहरू र मयूर, तित्रा, लुइँचे परेवा, ढुक्कुर, सिम कुखुरा, वन कुखुरा आदि पन्छीहरू पाइन्छन् । यसरी यो क्षेत्र पर्यावरणीय तथा जैविक विविधताको दृष्टिले पनि महत्वपूर्ण छ ।

### ४.१.२५.२ ऐतिहासिकता

पाण्डवेश्वर महादेव धामको ऐतिहासिक पृष्ठभूमिलाई अध्ययन गर्दा पौराणिककालसम्म पुग्न सकिन्छ । तर, यसको कुनै ठोस प्रमाणिक स्रोत भने पाउन सकिएको छैन । पाण्डवेश्वर महादेव धाम बबई नदीको दक्षिणी क्षेत्रमा रहेको र बबई क्षेत्र पाषाणकालीन मानव विचरणका दृष्टिले महत्वपूर्ण क्षेत्र रहेको प्रमाणित भएको सन्दर्भमा यस स्थललाई मानव सभ्यताको आदिकालसम्म पनि लग्न सकिन्छ । यस स्थलको उत्पत्ति र

अस्तित्वका सम्बन्धमा अनेक जनश्रुतिहरू पाइन्छन् । एउटा किम्वदन्ती अनुसार द्वापर युगको अन्तातिर महाभारतको युद्ध समाप्त भएपछि यस धरतीमा धर्मको स्थापना गरी भगवान् श्रीकृष्णले स्वर्गारोहण प्राप्त गरेपछि पाँच पाण्डवहरू द्रौपदीसहित उत्तरापन्थको यात्रामा जाने क्रममा जलकुण्डीको राप्ती नदीमा भीमले बाँध बाँधी राप्ती नदी पार गरेका थिए । जहाँ अहिले पनि ठूलो शिला रहेको र यसलाई भीमबाँध भनिन्छ । राप्ती नदी पार गरेपछि बगारबाबा र सतबरियाको चुरे पर्वतको फेदीमा रहेको जलेश्वर महादेवको दर्शन तथा यज्ञ, यज्ञादि गरी टाकुरामा रहेको सुनकोट गाउँमा बास बसे । गाउँमा केही दिन विश्राम गर्ने सोचअनुसार बिहान ब्रह्म मुहूर्तमा नित्य कर्मका साथ बबई नदीमा स्नान गरी गाउँतिर फर्कने क्रममा बाटोमा पर्ने जङ्गलमा शिवलिङ्ग देखी शिवलिङ्गमा जलाभिषेक र पूजा गरी गाउँतिर फर्के भन्ने जनश्रुति छ। पाण्डवहरू शिल्पकार पनि भएकाले आफूहरू त्यहाँ आएको प्रमाण स्वरूप शिवलिङ्गको वरिपरि पादुका, नदी, नाग, बाघको आँखा अङ्कित गर्नुका साथै शिवलिङ्गमा चढाएको जल कुल्चिएला भनी उक्त विशाल शिलाको एक छेउँमा अर्थात् शिवलिङ्गको उत्तर-पूर्वी कुनामा मन्त्रबलले प्वाल बनाइदिएका थिए । त्यस प्वालबाट गएको पानी कहाँ जान्छ भन्ने अहिलेसम्म पनि जानकारी हुन सकेको छैन । त्यसमा जति पानी हाले पनि न भरिन्छ न सुक्छ, जहिले पनि पानी रहिरहन्छ (रेग्मी, २०७५, पृ. ३) । त्यस गाउँमा रहँदासम्म पाण्डवहरूले नित्य पूजाअर्चना गरेको र केही समय तपस्या गरेको भनाइ पाइन्छ । यसरी पाण्डवहरूले यहाँ महादेवको तपस्या, पूजाअर्चना गरेको हुनाले यस स्थानको नाम पाण्डवेश्वर महादेव नामकरण भएको विश्वास गरिन्छ ।

यस सुनसान जङ्गलमा कसरी यो शिवलिङ्ग स्थापना भयो र कसले स्थापना गऱ्यो भन्ने सम्बन्धमा एउटा जनश्रुति रहेको छ । जस अनुसार पाण्डवहरूले शिवलिङ्ग भेटाएपछि अर्जुनमा निकै कौतुहल जाग्यो र आफ्ना दाजु युधिष्ठिरसँग यस्तो सुनसान, अनकन्टार जङ्गलमा कसले यो शिवलिङ्ग स्थापना गऱ्यो होला भनी युधिष्ठिरले सोध्दा भगवान् श्रीकृष्ण र शिवलिङ्ग स्थापनाको बारेमा एउटा कथा सुनाए । परापूर्व कालमा सुनकोटमा ठूलो बस्ती थियो । त्यो बस्तीमा सुधर्म नाम गरेका ब्राह्मण र उनकी सुदेहा नाम गरेकी पत्नी बस्दथे । उनीहरू निःसन्तान थिए । उनीहरूले अनेक पूजा, यज्ञ, अनुष्ठान गर्दा पनि सन्तान प्राप्त गर्न सकेका थिएनन् । अन्तमा सुदेहाले आफ्ना पति सुधर्मलाई आफ्नो कोखमा सन्तानको योग छ कि छैन हेरिदिन अनुरोध गरिन् । सुर्धमले आफ्नो योगबलबाट हेर्दा सन्तानको योग नभएको देखेपछि आफ्नी पत्नीलाई सबै कुरा सुनाए । उनी ज्यादै दुःखित

भइन् । यसै क्रममा एक दिन साथीहरूसँग वनमा गएको समयमा आफ्ना साथीहरूसँग सुदेहाको झगडा भयो र एउटी साथीले यस्ती बाँझीसँग पनि के झगडा गर्नु भनी सुदेहालाई एक्लै जङ्गलमा छोडी गए । यसरी दुःखित भएकी सुदेहा घरमा आई पतिसमक्ष आफु सन्तानहीन भएकोले अर्को विवाह गर्न प्रस्ताव गरी आफ्नै बहिनीलाई विवाह गराइदिइन् । केही समयपछि बहिनीको कोखबाट पुत्रको जन्म भयो । त्यसपछि सुदेहा बिस्तारै पति र बहिनीबाट अपहेलित हुन थालिन् । उनी निराश भई सुनकोटको दक्षिणतिर रहेको जलेश्वर महादेवको गुफामा रहेका पाञ्चायन देवीदेवताको दर्शन गरी शिवको आराधनामा लागिन् । कठोर तपस्या गरेको देखी देवाधिदेव महादेव प्रत्यक्ष प्रकट भई म तिम्रो तपस्यादेखि सन्तुष्ट भएँ के चाहन्छ्यौं भन्नु भयो । सुदेहाले शिवको चरणमा परी म निःसन्तान छु प्रभु ! मेरो मुक्तिको लागि प्रभु नै मेरो छोराको रूपमा मेरो घरमा आउन प्रार्थना गर्छु भनेपछि प्रभुले तिमीलाई पुत्र लाभ हुनेछ भन्नुभयो । कहीँ पनि बिसाउन नहुने शर्तमा सुदेहाले उक्त ज्योतिर्लिङ्ग लिएर घरतिर लागिन् । तर, बाटोमा उनलाई शौचले च्यापेका कारण वनमा घाँस, दाउरा गर्न आएकी एक महिलालाई उक्त ज्योतिर्लिङ्ग भुइँमा नराख्न भन्दै सबै कुरा भनी समाउन दिइन् । ती महिलाले समाएको केही छिनपछि ज्योतिर्लिङ्ग गह्रुँगो हुँदै गएपछि थाम्न नसकी नजिकैको शिलामाथि राखी महिला डरले भागिन् । केही समयपछि सुदेहा आउँदा महिला थिइनन् । ज्योतिर्लिङ्ग त्यहीँ शिलामाथि थियो । यो देखेर सुदेहा आफ्नो भाग्यलाई नै धिकार्दै ज्योतिर्लिङ्गलाई अङ्कमाल गर्दै रुन थालेपछि भगवान् शिवलाई दया लागि आकाशवाणी भयो । शिवबाट ज्योतिर्लिङ्गका कारण तिम्रो शिवलोकमा निवास हुनेछ र यो ज्योतिर्लिङ्ग विश्वकै चर्चित र दर्शनीय हुनेछ भन्ने उद्घोष भयो । यो आकाशवाणी सुनेपछि ज्योतिर्लिङ्गको पूजा गरी घरतिर लागिन् । त्यही ज्योतिर्लिङ्ग नै पाण्डवेश्वर महादेवको शिवलिङ्ग हो । त्यसैले यो कथाको आधारमा यो शिवलिङ्ग सत्ययुगको हो भन्न सकिन्छ (रेग्मी, २०७५, पृ. ४) । यस कथाका कारणले पनि धेरैले यसप्रति भक्ति भाव राख्ने गरेका छन् ।

सुनकोट तथा पाण्डवेश्वर परिसरमा भएका पुरातात्विक वस्तुहरू तथा त्यसको इतिहासलाई अगाडि बढाउन तथा प्रमाणित गर्ने एउटा कथा यहाँ उल्लेख गर्न उपयुक्त देखिन्छ । युधिष्ठिरले भाइ अर्जुनलाई सुनाएको कथा अनुसार सुनकोटमा परापूर्वकालमा ऋषभ नाम गरेका राजाले राज्य गर्दथे । उनी शिव-पार्वतीका परमभक्त थिए । सुनकोटमा दुर्गा भवानीको मन्दिर बनाई शिव-पार्वतीको मूर्ति स्थापना गरी सधैं ब्रह्मममुहूर्तमा शिव-

पार्वतीको षोडषोपचार विधिद्वारा पूजा गर्ने गर्थे । यसबाट प्रसन्न भएर पार्वतीले भगवान् शिवलाई भन्नुभयो, “प्रभु राजा ऋषभ हामी दुवैका परमभक्त हुन्, उनले निःस्वार्थ रूपमा लोककल्याणकारी कार्य गरिरहेका छन् । उनीमाथि आशीर्वाद हुनु पर्छ ।” भगवान् शिव ऋषभको कल्याण गर्ने मनसाय अनुसार ऋषभले पूजा गरिरहेको समयमा प्रकट भई “हे राजन ! तिम्रा कार्यहरूबाट म प्रसन्न भएको छु तिमी के चाहन्छौ माग” भनेपछि राजाले दुवै हात जोडी भने, “प्रभु मेरा प्रजाले सधैँ हजुरको दर्शन गर्न पाइरहून्, सनातन धर्मको रक्षा गर्न सकून्, कलीको प्रभावबाट कुबाटोमा नलागून् भनी विन्ती गरेछन्” । देवादिदेव महादेव तथास्तु भनी अन्तर्ध्यान हुनुभएछ । भगवान् शिवले आफ्नो वचनलाई पूरा गर्नका लागि सुदेहालाई माध्यम बनाएर यस स्थलमा ज्योतिर्लिङ्ग स्थापना गराउनु भएको हुन सक्छ । प्राकृतिक प्रकोपले गर्दा सुनकोट लगायत आसपासका सबै गाउँहरू नष्ट भए भने मानिसहरू सबै विस्थापित भए । त्यसपछि यो स्थान बिरानो भयो (रेग्मी, २०७५, पृ. १०-११) । यस स्थानमा अहिले पनि ती प्राचीनता प्रस्तुत गर्ने अवशेषका रूपमा त्रिशूल र घण्टहरू रहेका छन् । यसबाट यी स्थलहरूमा प्राचीन समयमा बस्ती भएको प्रमाणित हुन्छ ।

आजभन्दा करीब एक सय पचास वर्ष अगाडिको कुरा हो, यो क्षेत्र घना जङ्गलले भरिएको थियो । थारूहरूको बस्ती रहेको र थारूहरूको विशेष पर्व माघको लागि नजिकैको गाउँबाट दाउरा काट्न गएको समयमा एकजना थारूले त्यहाँ रहेको साजको एउटा रुख दिनभरि लगाएर काट्दा पनि रुख ढाल्न नसकेपछि घर फर्के र अर्को दिन पुनः त्यसै रुखलाई ढाल्नको लागि गएछन् । तर, त्यो रुख जस्ताको त्यस्तै देखेछन् । अघिल्लो दिन काटेको रुखको घाउ पुरिएको देखेर उनी आश्चर्यमा परेछन् । उनलाई यस स्थानमा भूत बस्ने रहेछ, भूतले गर्दा नै यसो भएको हो भन्ने लागेछ । उनी गाउँ फर्केर गाउँलेलाई सबै कुरा सुनाएछन् । अर्को दिन गाउँलेसहित त्यस स्थानमा पुगी रुखमुनिको सबै पातपतिङ्गर हटाउँदा रुखको फेदमुनि एउटै ढुङ्गामा पादपीठ र शिवलिङ्ग, बाघको आँखाको जस्तो आकृति, जलकुण्ड र विष्णुपादुका समेत भेटाएछन् । यो कुरा नजिकैका सबै गाउँहरूमा चर्चा परिचर्चा चल्न थाल्यो । त्यसै समयमा एकदिन गुरुवा मानबहादुर चौधरी नामका व्यक्ति त्यसै जङ्गलमा गाउँलेहरू सहित दाउरा काट्न गएको समयमा चिसापानी भन्ने खोलामा बेहोस अवस्थामा फेला परेछन् । अर्को दिन उनलाई बबई नदीमा स्नान गराई शिवलिङ्गमा जल चढाएपछि उनी चेतमा आएछन् । यसले गर्दा यस स्थानको महत्त्व झन्

बढ्न गयो (शर्मा, २०६८, पृ. २) । आज धेरै मानिसहरूले यसलाई आफ्नो गन्तव्य बनाउँदै आएका छन् ।

यी विभिन्न माथिका घटना तथा परिघटनामा कति सत्यता छ, त्यो अनुसन्धानको विषय रहेको छ । तर, यी विभिन्न जनश्रुतिहरूले पाण्डवेश्वर महादेव धाम प्राचीन स्थल हो भन्ने बुझिन्छ । शिब कुमार सुवेदीले मानव सभ्यताको प्रारम्भसँगै सुरु भएको लिङ्ग पूजाको प्रचलनबारे चर्चा गर्दै पाण्डवेश्वर महादेवधाममा मुख्य पुरातात्विक सम्पदाको रूपमा रहेको पीठिका, जलकुण्ड र पादुका सहितको शिवलिङ्गको आधारमा यो महाभारत कालभन्दा अगाडिको हो भन्ने धारणा राखेको पाइन्छ (सुवेदी, २०७९, पृ. २५) ।

### ४.१.२५.३ आनुष्ठानिक प्रचलन

यस स्थलमा शिव मन्दिर, गणेश मन्दिर, सूर्य मन्दिर, भगवती मन्दिर, गायत्रीमाता मन्दिर, लक्ष्मीनारयण मन्दिर, हनुमान मन्दिर, राम-जानकी मन्दिर आदि मठ-मन्दिरहरू छन् । यस स्थलको सर्वाधिक ठूलो पर्व शिवरात्री हो । यस पर्वमा हजारौँ भक्तजनहरू दर्शनार्थ आउने परम्परा छ । यस स्थलमा दैनिक पूजा-आराधनाका साथमा सोमबारको दिनमा विशेष पूजा हुन्छ । यस स्थलमा नागपञ्चमी, रक्षाबन्धन, कृष्णाष्टमी, तीज र बडादशैँका पावन अवसरहरूमा विशेष पूजा हुने परम्परा छ । पछिल्ला दिनमा श्रावण महिनामा यस स्थलमा टाढा-टाढाबाट बोलबम यात्रामा आउने प्रचलन पनि चलेको छ । यस स्थलसँगै जोडिने सरिकोटमा पालुको मन्दिर छ र यहाँ दूधको धार दिएर सिद्धपालुको पूजा गर्ने परम्परा छ (सुवेदी, २०७९, पृ. ५७) । यो आज पनि चलिरहेको देखिन्छ ।

## ४.१.२६ बगारबाबा, रिहार, दाङ

### ४.१.२६.१ अवस्थिति

यो लमही नगरपालिका वडा नं. ९ रिहारमा अवस्थित छ । बगारबाबा यस क्षेत्रमा प्रसिद्ध धार्मिक स्थलको रूपमा रहेको छ। चुरे पहाडको फेदीमा अवस्थित बगारबाबा धार्मिक स्थललाई जङ्गलले घेरेको छ। राप्ती नदीको उत्तरतिर रहेको यो धार्मिक स्थल सदरमुकाम घोराहीदेखि ४४ किलोमिटर दक्षिणमा रहेको छ भने लमही नगरपालिकाको प्रमुख व्यापारिक केन्द्र लमही बजारदेखि २१ किलोमिटर पश्चिममा पूर्व-पश्चिम राजमार्गको किनारमै अवस्थित छ। लगभग २५ बिगाहा क्षेत्रफलमा फैलिएको यस स्थलको पूर्वमा रिहार खोला/असानी गाउँ, पश्चिममा हर्दुवा/तेलिया गाउँ, उत्तरमा अम्लिबाँस/हिले पहाड र

दक्षिणमा राप्ती नदी रहेका छन् । यादव तथा थारू समुदायको ऐतिहासिक पृष्ठभूमिसँग सम्बन्धित रहेको यस स्थलमा भौगर्भिक महत्व राख्ने तप्त कुण्ड, नुनिलो पानी आदि पनि रहेका छन् । पौराणिक तीर्थस्थल र पौराणिक बाँगड बेलहरी सहरको रूपमा रहेको बुझिने रिहार द्वापर युगदेखि अस्तित्वमा रहेको देखिन्छ । भगवान् श्रीकृष्णका एक लाख गाईहरूको चरन क्षेत्र, महर्षि व्याघ्रपादको तपस्थलको रूपमा विख्यात यो क्षेत्र श्री बराहबाबा, मामी सौँरी र भाञ्जा परशुको निवासक्षेत्र रहेको बुझिन्छ (शर्मा, २०५५, पृ. १) ।

रिहार नामकरणका सन्दर्भमा अनेक धारणा पाइन्छन् । योगी नरहरिनाथका अनुसार प्राचीनकालमा यस तपोभूमिमा ऋषिमुनिहरूले तपस्या गरेको हुँदा 'ऋषि विहार' गरेको क्षेत्रलाई कालान्तरमा लोकले रिहार भनेको हो । अर्को धारणा अनुसार यस स्थलको पानी नुनिलो छ र पानी सुक्दै सतहमा सेतो जम्दछ । यसलााई 'रेरा' वा 'रेहरा' भन्छन् । यसै 'रेहरा' शब्द अपभ्रंश भएर 'रिहार' भयो भन्ने ठानिन्छ (आचार्य, २०६५, पृ. ६८-६९) ।

### ४.१.२६.२ ऐतिहासिकता

बगारबाबा धार्मिक स्थलको ऐतिहासिक पृष्ठभूमि अध्ययन गर्दा पौराणिक कालसम्म पुग्न सकिन्छ । रिहारको नामकरणका सम्बन्धमा धेरै प्रकारका भनाइहरू पाइए पनि विहारबाटै 'रिहार' भएको हुन सक्छ भन्ने भनाइ अलि नजिक रहेको देखिन्छ ।

अवधी भाषी यादव समुदायमा प्रचलित ''चनैनी" लोककाव्य र रिहार महात्म्यमा उल्लिखित किम्वदन्ती अनुसार नेपालको पहिलो राजवंश गोपालवंशीहरू उपत्यका पतन भएपछि गोपालवंशीका एकजना "रसोली" नाम गरेको व्यक्ति नौलाख गाईहरू चराउँदै पूर्वको मोरङ हुँदै बाँगड बेलहरीमा (रिहार) आई बसोबास गरेका थिए । यी गाईपालक भगवान् श्रीकृष्णका उत्तरतिरका गोठालाका नाइकेको रूपमा रहेको मानिन्छ । रिहारमा बस्ने क्रममा यिनको दाङका दङ्गीशरण राजासँग गाई चरन र घोडीको विषयमा झगडा हुँदा मथुरा गई फैसला गराएको प्रसङ्ग उल्लेख गरिएको छ । यसरी रिहार महाभारतकालीन समयभन्दा पनि अगाडिको स्थल हो भन्न सकिन्छ ।

अर्को कथन अनुसार गाईपालक 'रसोली' नामक ग्वालाले सौँरीलाई विवाह गरी घरमा ल्याउँदै गर्दा बाटोमा पर्ने गाईलोक भन्ने स्थानमा अप्सराहरू नाचगान गरिरहेको देखी पत्नी सौँरीलाई बिर्सी अप्सराहरूसँग नाँचगान गर्दै इन्द्रलोक गए । यसरी रसोलीले सौँरीलाई बाटोमा नै छोडी इन्द्रलोक गएको थाहा पाएपछि रसोलीका भान्जा "परशु" गौलोक गई

माइजू सौँरीलाई बाँगड बेलहरी ल्याएका थिए भनिन्छ । तर, अर्को भनाइ अनुसार रसोलीले सौँरीलाई छोडेर गएपछि सौरीलाई तेलङ्गना राज्यको एक तेलीले तेलङ्गना पुऱ्याएको र पछि भाञ्जा परशुले तेलङ्गनाबाट बाँगड बेलहरीमा ल्याएको भनिन्छ । विवाह भए पनि शारीरिक सम्पर्क नभएका कारणले गर्दा सौँरी बाल ब्रह्मचारिणी नै थिइन् । त्यसैले सौँरी सत्यमा नडग्मगाई बेलहरीमा नै बसी गृहस्थी गरेको हुनाले गाईको अगुवा चौँरी गाईबाट सात महिनामा नै रसोलीले पुनर्जन्म लिएको र गाईको गर्भबाट जन्मेको रसोलीलाई हुर्काएकी थिइन् भनिन्छ । यसरी सौँरी सत्यवादी, पतिव्रता, पवित्रता र धार्मिक भएको हुनाले सधैँ बद्रिनारायणमा रहेको तप्तकुण्डमा स्नान गर्न जान्थिन् । यसरी सधैँ बद्रीनारायण पुग्न र फर्किन हतार भएको देखी भगवान् शिवले आफ्नो तपको बलले बद्रिनारायणको तप्तकुण्डको पानी बेलहरीमा पठाइदिएको र त्यसपछि बेलहरीमा नै स्नान गर्न थालेको विश्वास गरिन्छ । त्यसैले अहिलेसम्म पनि भारत तथा यहाँका स्थानीय भक्तजनहरू यस तप्तकुण्डमा स्नान गर्न आउँछन् । उक्त भनाइबाट पनि यस धार्मिक स्थल महाभारतकालीन समयभन्दा आगाडिको हो भन्ने देखिन्छ ।

रसोलीका भाञ्जा परशु र परशुकी माइजू सौँरी एक धार्मिक, सत्यवादी, निष्ठावान् हुनुका साथै बेलहरीका लागि योगदान दिएको हुनाले लोकले उनका मन्दिरहरू निर्माण गरी पूजा गर्न थाले । यादव समुदायले भैने परशु (भाञ्जा परशु) र मामी सौँरी (माइजू सौँरी) लाई आफ्ना कुलदेवता र कुलदवीको रूपमा मानी पूजा तथा प्रार्थना गर्ने प्रचलन रहेको छ ( शर्मा, २०५४, पृ. २०) । महाभारतको अन्त्य भएपछि भगवान् श्रीकृष्णका अनुयायी तथा प्रतिनिधि मानिने यादवहरूको समूह पश्चिमतर्फ लागेको कुरा पुराणहरूमा उल्लेख गरिएको हुनाले त्यही यादव समुदाय यस क्षेत्रमा बसोबास गरेको हुनसक्छ ।

रिहारबाट तेलिया गाँउमा जाने बाटोको उत्तरतर्फ माटोको एक ठूलो ढिस्को रहेको छ । त्यस ढिस्कोको माटोबाट घ्यूको बासना आउँछ । त्यस स्थानमा परापूर्वकालमा गाई चराउने ग्वालाहरूको बसोबास रहेको थियो । ती ग्वालाहरूका नौलाख गाईहरू थिए । ती नौलाख गाईहरूको घ्यू राखेको भाँडो फुटी घ्यू पोखिएको थियो । जसले गर्दा त्यस स्थानको माटोमा घ्यूको बासना आइरहन्छ भन्ने लोकविश्वास रहेको छ । मकरसङ्क्रान्तिमा आउने भक्तजनहरूले यहाँको माटो घरमा लग्ने परम्परा रहेको छ ।

अर्को कथन अनुसार भगवान् श्रीकृष्ण विहार गर्ने क्रममा बाँगड बेलहरीमा भएका आफ्ना अनुयायीहरूको परिवारसँग बसेर खाना खाँदै गरेको समयमा भाञ्जा परशुको एउटा

भौरीमा (पिठोको डल्ले रोटी) झिँगा बसेछ। यो देखेर भगवान् श्रीकृष्णले कलियुगको सुरुवात भएको सङ्केत हो भनी मथुरातिर लाग्नु भयो र भौँरीका साथै सौँरी, परशु र नौलाख गाईहरू सबै पाषाण (पत्थर) भए। ती पाषणहरूमध्ये भौँरीको पाषाण बगारबाबाको मन्दिरको अगाडि रहेको प्रस्तर हो भनिन्छ। शिव मन्दिरभन्दा पश्चिमको पाषाणलाई मामी सौँरीको र तप्तकुण्ड नजिकमा रहेको बेलको रुखमुनि भएको पाषाणलाई भैने परशुको पाषण हो भनिन्छ। हाल मामी सौँरीको पाषाणलाई भैने परसुको पाषाण नजिकै लगी स्थापना गरिएको छ। यस किम्वदन्तीअनुसार यस स्थलको उत्पत्ति कलियुगको सुरुवातमा भएको हो भन्न सकिन्छ।

### ४.१.२६.३ आनुष्ठानिक प्रचलन

यस स्थलमा दैनिक पूजाअर्चनाको व्यवस्था मिलइएको छ। यस स्थलमा माघे सङ्क्रान्तिको अवसरमा पौष मसान्त र माघसङ्क्रान्तिको दिन ठूलो मेला लाग्दछ। यस अवसरमा भारतका विभिन्न स्थलबाट दर्शन गर्न आउने प्रचलन छ। यहाँ मेलाका लागि पौष १५ पछि नै भारतका व्यापारीहरू आफ्ना पसलहरू लिएर आएको पाइन्छ। यहाँ यादव समुदायले फलफूल र ल्वाङ, सुपारीले बगारको पूजा गर्छन् भने थारू समुदायले बलि दिएर बगार पुज्ने चलन छ। यिनीहरको लागि बेग्लाबेग्लै कोठाको व्यवस्था गरिएको छ। बगार मन्दिरको प्रङ्गणमा रहेको भौँरीको पाषाण भनी विश्वास गरिने शिला सजिलोसँग उचाल्न सक्ने मानिस धर्मात्मा हो र उचाल्न नसक्ने व्यक्ति पापी हो भन्ने लोकविश्वास छ। त्यसैले यस स्थलमा जाने सबैले सो शिला उचाल्ने प्रयास गर्छन्।

## ४.१.२७ बराह क्षेत्र बाह्रकुने दह, सेवार, दाङ

### ४.१.२७.१ अवस्थिति

घोराही उपमहानगरपालिका वडा नं. १३ सेवारमा अवस्थित बराहक्षेत्रलाई बाह्रकुने दह पनि भन्छन्। सदरमुकाम घोराहीदेखि ३ किलोमिटर. उत्तर-पश्चिम महाभारत पहाडको काखमा अवस्थित बराह क्षेत्र घोराही-होलेरी शहीदमार्ग किनारमै रहेको छ। पूर्वमा घोराही-होलेरी शहीदमार्ग, पश्चिममा ज्यामिरे दह, उत्तरमा मौलाकोट र दक्षिण-पूर्व सेवार गाउँ पर्दछन्। चारैतिर पहाडै पहाडले घेरेको होचो यो क्षेत्र पहिले पूरै तालको रूपमा रहेको थियो। पछि भौगोलिक कारणले गर्दा पश्चिमतिरको भागबाट तालको पानी निकास भई दह सानो भयो। यस क्षेत्रमा बाह्रभाइ बराहहरूमध्ये कान्छो बराह (सेतु बराह) यसै स्थानमा

बसोवास गरेको विश्वास गरी यहाँ बराह मन्दिर निर्माण गरी पूजा अर्चना गर्न थालेको मानिन्छ । प्राकृतिक तालको रूपमा रहेको यो बराह क्षेत्र रमणीय हुनुका साथै यहाँ महत्वपूर्ण धार्मिक क्षेत्रको रूपमा चिनिन्छ ।

यस दहको उत्तरमा महाभारतको टापुमा मौलाकोट रहेको छ । यहाँ जानका लागि ३ किलोमिटर कच्ची सडकको यात्रा तय गर्नुपर्छ । मौलाकोट पनि बाह्रकुने दहसँग सम्बन्धित धार्मिक क्षेत्र हो । यहाँ पनि बराहको थान रहेको छ । मौलाकोट बर्खे पूजा स्थल र बाह्रकुने हिउँदे पूजा स्थलका रूपमा बुझ्न् सकिन्छ । त्यसैले जेष्ठको पूर्णिमामा कोट लग्ने र असोजको पाँच पूर्णिमामा पूजा गरी फेरि तल बाह्रकुने ल्याउने प्रचलन रहेको छ । मौलाकोटबाट सदरमुकाम घोराही र उत्तरको मिहचुचुराका रमणीय दृश्यहरू हेर्न सकिन्छ । बाह्रकुने दहको नजिकै ज्यामिरे दह रहेको छ । यो दह बाह्रकुने दहदेखि एक किलोमिटर पश्चिम र मौलाकोटको फेदीमा अवस्थित छ । यस स्थानमा विभिन्न प्रजातिका चराचुरुङ्गीहरू प्रशस्त मात्रामा पाइन्छन् ।

### ४.१.२७.२ ऐतिहासिकता

कुनै पनि स्थानको नामकरणको पछाडि कुनै न कुनै घटना, स्थान विशेष आदिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । बाह्रकुने दहको नामकरण सम्बन्धमा अनेक कथनहरू पाइन्छन् । बुढापाकाहरूको भनाइअनुसार पहिले यस तालको वरिपरि १२ वटा कुनाहरू थिए । त्यसकारण यस ताललाई बाह्रकुने ताल भनिएको हो (स्थानीय रेशमबहादुर घर्ती मगरसँगको अन्तर्वार्ता) । यो तालको उत्पत्तिको समयमा यहाँ बाह्रभाइ गोठालाहरूको बसोबास थियो । ती बाह्रभाइ गोठालाहरूमध्ये जेठा गोठाला मात्र बाँचेको र अन्य एघार भाइहरू यसै तालमा परी मृत्यु भएको हुनाले यस तालको नाम 'बाह्रकुने' भएको हो भनिन्छ । यो तालमा बाह्रभाइ बराहहरूको बसोबास थियो । ती बाह्रभाइ बराहहरू बस्ने भएको हुनाले बाह्र र कुनामा ताल भएको हुनाले बाह्रकुने ताल नामकरण भएको हो भनिन्छ । यस तालमा बराहहरूको बसोबास भएको हुनाले बराहबाट बाह्र भएको हुनसक्छ । किनभने बराह र बाह्र एक अर्कासँग मिल्दाजुल्दा शब्दहरू देखिन्छन् । बाह्रकुने दह नजिकै रहेको गाउँको नाम सेवार रहेको छ । 'सेवार' शब्द मगर शब्द हो । मगर भाषामा देवताको पूजा अर्चना गर्ने व्यक्तिलाई सेवारे भनिन्छ (आचार्य, २०६७, पृ. २) । बराह देवताको पूजा अर्चना गर्ने सेवारेहरू यहाँ बस्ने भएको हुनाले सेवारे भन्दाभन्दै सेवार नाम रहन गएको हो भनिन्छ (के.सी., २०५५, पृ. ३४) ।

यसरी नामकरणका सम्बन्धमा धेरै प्रकारका विचार उल्लेख गरिएको भए तापनि वास्तवमा कसरी यस स्थानको नाम रहन गएको हो भन्ने सम्बन्धमा कुनै तथ्य पाइँदैन । तर, बाह्रवटा कुनाबाट बाह्रकुने ताल नाम रहन गएको हो भन्ने सम्बन्धमा धेरैले सहमति जनाएको देखिन्छ । बाह्रकुने बराहक्षेत्र प्रसिद्ध धार्मिक तीर्थस्थल हो । यो क्षेत्रको उत्पत्ति, स्थापना तथा परम्पराका सम्बन्धमा अनेक किम्वदन्तीहरू रहेका छन् । एउटा किम्वदन्ती अनुसार प्राचीन समयमा घना जङ्गलले भरिएको यस क्षेत्रमा डरलाग्दा जङ्गली जनावरहरू प्रशस्त हुने भएकाले मानिसहरू स्थायी रूपमा बसोवास गर्न सक्दैनथे । तर, अस्थायी रूपमा हिउँदतिर गोठालाहरू आफ्ना चौपाया चराउन छाप्राहरू बनाई केही समयका लागि बस्ने गर्दथे । सोही क्रममा पुस महिनाको अन्त्यतिर एक दिन राती गोठालामध्येका जेठा गोठालालाई सपनामा सेतै फुलेका बूढाले यो देवताहरू बस्ने स्थान हो, तिमीहरूले यो स्थान छोडी अन्यत्र जाऊ, यो स्थानमा ठूलो जलाशय हुनेछ भनी ती वृद्ध अदृश्य भएछन् । यी सबै कुरा बूढाले अर्को दिन बिहान सबै साथीहरूलाई सुनाए । तर, कसैले पनि विश्वास गरेनन् र त्यहीँ बसे । ती जेष्ठ गोठालाले स्थान छोडी आफ्ना चौपायाहरू लिएर टाकुरामा गई बसे । पुस मसान्तको रातमा आँधी बेहरी, असिनासहित मुसलधारे पानी पऱ्यो र रातभरिमा यो क्षेत्र जलाशयमा परिणत भयो । त्यहाँ बसेका गोठालाहरू र उनका चौपायाहरू बेपत्ता भए भने जेठा ग्वाला र चौपायाहरू जीवित नै रहे । कसैकसैले ती गोठालाहरू बाह्र भाइ बराह नै थिए पनि भन्दछन् (आचार्य, २०७३, पृ. ५३-५४) । यसरी बाँचेका ती जेठा गोठालाले आफ्ना भाइहरूको सम्झना र बराहको सम्मानमा तालको छेउमा थान बनाई पूजाको सुरुवात गरे ।

यस स्थलको उत्पत्तिका सम्बन्धमा अर्को किम्वदन्ती पनि रहेको छ । जसअनुसार प्राचीन समयमा यो क्षेत्र एउटा बस्तीको रूपमा रहेको थियो । त्यस बस्तीमा एक दिन एउटा सन्यासी यात्राको क्रममा बेलुका भएपछि त्यहाँ बास बस्न खोज्दा कसैले पनि बास दिएनन् र अन्त्यमा एउटी बूढी आमाले बास दिई मकैको रोटी खान दिइन् । तर, उक्त सन्यासीले बूढी आमाले दिएको रोटी नखाई त्यहीँ राखिदिए र बिहान जान लाग्दा सन्यासीले बूढी आमालाई यो स्थानमा नबस्नुहोला विपत पर्नसक्छ भनी बाटो लागे । बूढी आमा पनि पहाडको टाकुरामा गई बसिन् । सन्यासीले छोडेको रोटी सुनमा परिणत भयो । त्यसै रात ठूलो हावा हूरीसहित मुसलधारे पानी परी त्यो क्षेत्र जलमग्न भयो । जलमग्न क्षेत्रमा बराह देवताको निवास भएछ । त्यस तालको पानी झरनाको रूपमा बग्न थालेपछि त्यहाँ

मानिसहरू माछा मार्न आउन थालेछन् र यसै क्रममा एकदिन स्थानीय छिमेकी स्त्रीहरू पनि माछा मार्न त्यहाँ आएछन् । माछा मार्दै जाँदा एकजना मगर्नीको माछा मार्ने हेलुका थाप्दा सुनको औँठी मात्र आउन थालेपछि उनी अचम्म मान्दै घरमा आई आफ्नी आमासँग ती सबै कुरा भनेपछि आमाले औँठी ल्याउनु पर्दैन त भनिन् । अर्को दिन फेरि माछा मार्न जाँदा फेरि पनि औँठीहरू आउन थाले । उनले एउटा मन पराई खेलाउँदै आफ्नो हातको औँलामा लगाइन् । यसरी औँलामा मगर्नीले लगाउनाले बराहसँग स्वयम्बर भएको ठानी बराह र ती मगर्नी महिलासँग भेटघाट हुन थाल्यो र अन्तमा विवाह हुने दिन निश्चित भयो । बेलुका हुँदासम्म पनि बराह नआएपछि चिन्तित भइरहेको समयमा एक्कासी हूरी बतास आयो र ती महिला हराइन् । राती सपनामा महिलाकी आमालाई बराहले तपाईकी छोरी मैले लगेको छु, चिन्ता नलिनुहोला भनेपछि आमा पनि खुशी भइन् । यसरी विवाह भएको केही समयपछि आमाले छोरीलाई भेट्न तालको छेउँमा गइन्, तर, छोरीलाई नदेखेपछि रुन थालिछन् । त्यसै बेला बराहले ताल भित्रबाट छोरीको उत्पत्ति गराई आमा छोरीको भेट भएछ । यसै क्रममा ती मगर महिलाले बाह्रभाइ बराहको पनि जन्म दिइछन् । छोरी सुत्केरी भएको थाहा पाएपछि आमा फेरि छोरीलाई भेट्न गइछन् र आफ्ना नातिलाई हेर्ने इच्छा गरिछन् । तर, छोरीले नहेर्नुस् तपाईँ डराउनु हुन्छ भन्दा नमानेपछि ती महिलाले धोतीको सप्कोमा राखी ल्याएर आमालाई थाप्नुस् भनिन् र आमाको धोतीको पोल्टामा राखिदिइन् । तिनीहरूको टाउको मान्छेको र शरीर सर्पको देखी आमा डराएर ती बच्चाहरूलाई भुइँमा छाडिन् । यसरी छाड्दा कान्छा बराहको कानको जाली फुटेछ र बहिरा भएछन् । त्यसैले गर्दा यहाँ वर माग्दा चिच्याएर माग्ने प्रचलन रहेको छ । ती कान्छा बराहलाई ‘सेतुबराह’ पनि भनिन्छ । त्यस घटनापछि नजिकैको सिमलको रुखमुनि थान बनाई मगरहरूले बराहको पूजा गर्न थालेको विश्वास गरिन्छ । पछि आएर छुट्टिने क्रममा ती बाह्रभाइ बराहहरूमध्ये एघार भाइ बराहहरू अन्यत्र गएछन् भने कान्छा बराह अपाङ्ग र सानो पनि भएकाले यहीँ बसेछन् भन्ने विश्वास गरिन्छ (स्थानीय रेशम बहादुर घर्तीसँगको अर्न्तवार्ता) ।

बाह्रकुने तालमा मन्दिरको स्थापना तथा पूजा अर्चना कसरी सुरु भयो भन्ने सम्बन्धमा अर्को किम्वदन्ती पनि रहेको छ । जस अनुसार बाह्रकुने ताल प्राचीन समयमा निकै ठूलो र कञ्चन पानी भएको सुन्दर स्थान थियो । यस तालमा मानिसहरू नुहाउन, माछा मार्न, घुम्न जाने गर्थे । यसरी जाने व्यक्तिहरूले त्यस तालमा भेँडा, कुखुरा, गाई, कुकुर आदि कराएको आवाज सुनिन्थ्यो । यसै क्रममा एक दिन नुहाउन गएकी स्थनीय

किशोरी डुबेर बेपत्ता भइन् । उनका परिवारले खोज्दा कहीँ पनि पत्ता लागेन । तर, केही दिनपछि ती किशोरी परिवारलाई भेट्न गईन् र सबै कुरा आमा बुवालाई बताइन् । उनले आफुलाई बराह बाजेले लगेको र आफ्नो विवाह उनैसँग भएको कुरा भनिन् । यति भनिसकेपछि हूरी बतास आयो र फेरि उनी अदृश्य भइन् । केही समयपछि आमा भेट्न जाँदा आफ्ना बच्चा भएको कुरा आमालाई ती महिलाले भनेपछि आमाले नाति हेर्ने इच्छा गरिन् । उनले आफ्ना बच्चा ल्याएर आमाको पोल्टामा राखिदिइन् । तर, ती बच्चा देखेर आमा डराइन् र भूँइमा छोडिदिइन् । ती बच्चाहरूको टाउको मान्छेको र शरीर सर्पको थियो । यसरी छोड्दा कान्छा बराहको कान फुटेको थियो भनिन्छ । त्यस घटनापछि कहिले पनि ती महिला आफ्ना परिवारलाई भेट्न आइनन् । यसपछि समय बित्दै जाँदा धेरै वर्षपछि तालको पानी बिस्तारै बिस्तारै घट्दै गयो र त्यहाँ सिमलको रुख देखियो । त्यो सिमलको रुखमा सर्पको आकृति भएको र रुखमुनि खाना पकाउने भाँडाहरू पनि देखिए । भरियाहरू त्यो बाटो जाँदा आउँदा त्यहीँ रुखमुनि बास बस्ने र तिनै भाँडामा खाना पकाई खाने गर्थे । यसै क्रममा एकदिन एउटा लोभी भरियाले भाँडा चोरेर लगेछ । यसरी चोरी गरी लगेको भरिया दिनभरि जहाँ गए पनि रात परेपछि त्यहीँ रुखमुनि नै आइपुग्थ्यो । यसरी अनेक प्रयास गर्दा पनि भरिया आफ्नो घर जान नसके पछि अन्तमा ती भाँडाहरू त्यहीँ रुखमुनि नै छोडी गयो । यसरी मानिस पापी, अधर्मी भएकोले ती भाँडाहरू त्यस समयदेखि विलय भएर देखिनछाडे भनिन्छ (के.सी., २०५५, पृ. ३४) ।

बराह क्षेत्रको स्थापनाका सम्बन्धमा स्थानीय बुढापाकाहरूको भनाइ अनुसार यस तालमा बराहको बासस्थान छ भन्ने विश्वास गर्न थालेपछि यहाँ सफासुग्घर गरी सानो थान निर्माण गरियो । दहमा स्नान गरी थानमा गई गाईको दूध र जल चढाई पूजा गर्ने परम्पराको सुरुवात भएको हो भनिन्छ । बराहको स्थापना र पूजाको सुरुवातका सम्बन्धमा कसैले यस तालको किनारमा एउटा ठूलो सिमलको रुख थियो । त्यही रुखमा मालुकाको लहरा बेरिएर गएको थियो । एकपटक त्यो रुख काटी केही काम गर्नु पर्‍यो भनी गाउँका एकजना व्यक्तिले रुख काट्न आदेश दिएछन् । त्यो रुख काट्दा रुखबाट रगत बगी काट्ने मान्छेको तत्कालै मृत्यु भयो भने रुख काट्न आदेश दिने व्यक्तिको घरमा आगो लागेर सबै खरानी भएछ । त्यसपछि त्यहाँ बराहको बास रहेछ भन्ने विश्वास गरी चारैतिरबाट ढुङ्गाले घेरी रुखको जरालाई नै भित्र राखी थान बनाई पूजाको सुरुवात गरिएको हो भनिन्छ (अन्तर्वार्ता, जलजला खबर, गिरबहादुर घर्ती मगर) । यस मन्दिरमा विगतदेखि वर्तमान

समयसम्म रम्थाली मगरहरू नै पुजारी हुने परम्परा रहेको छ। यी पुजारी मगरहरू बराहका माइतीतिरका वंशज मानिन्छन् । यसरी बाह्रकुने बराह क्षेत्रको उत्पत्ति विकास र पूजाको परम्परालाई अहिलेको अवस्थासम्म ल्याई पुऱ्याउनुमा यहाँका स्थानीय मगर समुदायको ठूलो भूमिका रहेको देखिन्छ। बराह मन्दिरको पुजारी मगर हुनु पर्ने परम्परा भएको, मगर समुदायले बराहलाई आफ्नो इष्ट देवता मानेको तथा माथिको किम्वदन्तीहरूबाट बराहको उत्पत्ति भएको सन्दर्भमा बाह्रकुने बराह क्षेत्र वा बराह मन्दिर नभई बराहथान हो र यहाँ पुजिने बराह भगवान् विष्णुको दशौँ अवतारमध्येका बराह अवतार नभई मगर जातिको कूलदेवता हुन् भन्ने बुझिन्छ।

### ४.१.२७.३ आनुष्ठानिक प्रचलन

बाह्रकुने दह बराहक्षेत्र राप्ती क्षेत्रमा महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा हो । यस स्थलमा मुख्य मन्दिरको रूपमा बराह मन्दिर रहेको छ। यहाँ बाराही र गणेश मन्दिर पनि स्थापित छन् । भारतको काँसीमा स्नान गरेको व्यक्तिले बाह्रकुने दहमा स्नान गर्नु पर्ने अन्यथा फल प्राप्त नहुने विश्वासले यस स्थलको महत्ता अझ बढाएको छ। यस स्थलमा मगर जातिका पुजारी रहने प्रचलन छ । यहाँ दैनिक पूजाको परम्परा रहेको छ । माघेसङ्क्रान्तिको दिन बिहान स्नानको विशेष महत्व ठानिन्छ । यस स्थलमा पुस मसान्तदेखि माघसङ्क्रन्तिको दिनसम्म ठूलो मेला लाग्दछ । यस अवसरमा राप्ती क्षेत्रका सबै जिल्लाहरू र वरपरका अन्य जिल्लाहरूका साथै भारतका सीमावर्ती क्षेत्रका भक्तजनहरू दर्शनार्थ आउने प्रचलन छ। यस स्थलमा भेँडाको बलि दिने प्रचलन रहेको छ।

## ४.१.२८ बराहक्षेत्र, जलजला, रोल्पा

### ४.१.२८.१ अवस्थिति

यो थबाङ गाउँपालिका वडा नं. १ जलजलामा रहेको छ। यो राप्ती क्षेत्रको एउटा प्रसिद्ध तीर्थस्थलको रूपमा रहेको छ। बराहको उत्पत्ति स्थलको रूपमा रहेको विश्वास गरिने जलजलाको भूभाग भिरालो, उच्च लेकमा रहेको छ। समुद्र सतहदेखि ३१५० मिटरको उचाइमा रहेको जलजला स्थित बराहक्षेत्रमा पुग्नका लागि सदरमुकाम लिबाङदेखि दुईखोली, इरिबाङ, थबाङ, तालाबाङ ७० किलोमिटर मोटरबाटो र त्यसपछि लगभग तीन घण्टा उकालो पैदल यात्रा गर्नु पर्दछ। त्यसैगरी सुलिचौर-फगाम-जैमा-जेलबाङ हुँदै ठूलो गाउँसम्म अठार किलोमिटर मोटरबाटो र त्यसपछि करीब तीन घण्टा पैदलयात्रा गरेर पनि

पुग्न सकिन्छ । थबाङ गाउँपालिकाको केन्द्र थबाङ बजारदेखि लगभग चार घण्टा पैदल यात्रा गरेर पनि जलजला पुग्न सकिन्छ । जाडो मौसममा जलजला क्षेत्र हिउँले ढाकेको हुन्छ । यहाँ सल्ला, धुपी, लालीगुराँस, उत्तिस, टिम्मुर आदि वनस्पतीका साथै कस्तुरी, मृग, घोरल, रेडपाण्डा, डाँफे, मुनाल आदि पशुपन्छीहरू पाउन सकिन्छ । जलजलाको पूर्वमा उवा गाउँ, पश्चिममा थबाङ, दक्षिणमा मिरुल र उत्तरमा जेलबाङ पर्दछन् ।

जलजला हिमालको काखमा रहेको जमीन अनौठो छ । यहाँको भूभाग दलदलले किसिमको छ । जमीनको सतहमा धेरै पानी भएको हुनाले जमीन जलजल गरिएको भएको हो । जमीन जलजल गर्ने भएको हुनाले यस क्षेत्रलाई जलजला भनिएको हो भने जलजलाकै नामबाट हिमालको नाम पनि जलजला हिमाल नामकरण गरिएको छ । जलजलाको प्राचीन नाम “गाङ्ग” थियो । मगर भाषामा गोङ्ग भनेको लेक हो । जलजला क्षेत्रमा अग्लाअग्ला लेक भएकोले गोङ्ग भनिएको हुनसक्छ । पछि यस स्थानमा मानिसहरू आउन थालेपछि जलजला नामकरण गरिएको हो । स्थानीय बुढापाकाहरू अहिले पनि गोङ्ग नै भन्छन् ।

### ४.१.२८.२ ऐतिहासिकता

जलजला क्षेत्रमा पुजिने बराहको ऐतिहासिकता कति पुरानो हो, यो कहिले स्थापना भयो र कसले स्थापना गऱ्यो  भन्ने सम्बन्धमा निश्चित गर्न सकिँदैन । यसका लागि यहाँका स्थानीय बराहका पुजारीहरूको भनाइ र प्रचलित किम्वदन्तीहरू नै आधार मान्नु पर्ने अवस्था छ । एक किम्वदन्ती अनुसार जलजला क्षेत्रको पूर्वी कुनामा “भमा गुफा” रहेको छ । यसै गुफामा परापूर्वकालमा बाह्रभाइ बराहको बासस्थान थियो । एकपटक ती बराह र “सात सल्ले” (सात भाइ देवता)हरूबीच युद्ध भयो । यसरी युद्ध हुँदा बाह्रभाइ बराहको विजय भयो भने सात सल्लेहरू पराजित भए । सात सल्लेका बहान नागहरूको मृत्यु भयो । यसरी बराहहरूले विजय प्राप्त गरेपछि नौ भाइ बराहहरू तीन भाइ बराहहरूलाई जलजलामा नै छोडी तराईका विभिन्न स्थानमा गइ बसोबास गरे । यसरी युद्ध भएको केही समयपछि थबाङबाट रोका मगरका दुई भाइहरू आफ्ना पशु चौपाया चराउने क्रममा जलजलामा बास बसेको समयमा राती सपनामा बराहले आफु यस स्थानमा भएको र सात सल्ले र बराहका बीच युद्ध हुँदा नागहरूको मृत्यु भएको आदि दृश्य देखेपछि यस स्थानमा बराहको बासस्थान छ भनी बराहथानको स्थापना गरी पूजाको सुरुवात गरेका थिए भनिन्छ । यसरी रोका मगरहरूले स्थापना गरेको हुँदा रोकामगरहरूले नै सुरुदेखि नै पूजा गर्न थालेपछि यिनीहरू नै बराहको पुजारी हुने परम्परा बसेको पाइन्छ (स्थानीय गिरिस पुनसँगको अन्तर्वार्ता) ।

अर्को एउटा किम्बदन्ती अनुसार प्राचीन समयमा भमा गुफामा बराहहरूको बासस्थान थियो । गुफामा शक्ति थियो, त्यहाँ गएर मागेमा मागेको पूरा हुन्छ भन्ने जनविश्वास विगतदेखि वर्तमानसम्म पनि रहेको छ। पहिले पहिले यस गुफामा नवआगन्तुक पाहुनाहरू आउँदा स्वागतका लागि मिठामिठा पकवानहरूले स्वागत गरिन्थ्यो। यसै क्रममा एकदिन एउटा गन्धर्व त्यस गुफामा आई मिठामिठा परिकार खाइसकेपछि लयबद्ध तरिकाले खानेकुरा खाइयो अब मालिकको दर्शन पाए म धन्य हुने थिएँ भन्दै पटक पटक गीत गाएछ । त्यसपछि गुफाभित्रबाट रातो सिन्दूर लगाएका ठूलाठूला नागहरू आएछन्। त्यो देखेर गन्धर्व डरले जेलबाङतिर भागेछ। यसरी भाग्ने क्रममा जेलबाङको परमेश्वरी ढोकामा लडेछ र त्यहीँ उसको मृत्यु भएछ। अहिले पनि ऊ लडेको स्थानमा सारङ्गीको आकार देख्न सकिन्छ। सारङ्गीको आकार र परमेश्वरी ढोका दुवै प्राकृतिक पत्थरबाट बनेका छन्। यसपछि गुफामा सन्यासी आएछन् । उनले पनि मिठा परिकार खाइसकेपछि भाँडाहरू माझ्रेर राख्नु पर्नेमा सन्यासी आफैले लिएर गएछन्। बराह देवता रिसाएर असिना पानी पारेछन् र "इला" भन्ने स्थानमा उक्त सन्यासीको मृत्यु भएछ। यस घटना पछि भमा गुफामा स्वादिष्ट पकवान आउन छाडेछ। एउटा अर्को किम्वदन्ती अनुसार मगर जातिका कर्मपाल र धर्मपाल नाम गरेका शिकारीलाई एकपटक सपनामा बजु र बराहले पानी, हावा र मेघ जता जतातिर सर्दै जान्छ त्यतैतिर बाण हान्नु भन्ने आदेश दिएछन्। सपनामा दिएको आदेश अनुसार ती दुई शिकारी बाण हान्दा भ्यारबी भन्ने स्थानमा विशाल अजिङ्गर टुक्राटुक्रा भई मरेछ। यसरी अजिङ्गर मर्दा पश्चिमतिर बग्ने भ्यारबी खोला पूर्व तिरबाट बग्न थालेछ। फलस्वरूप त्यस स्थानमा बजु, बराह र सातसल्लेका छोरीहरू बस्न थालेछन्। मगरहरूले यिनलाई आफ्नो कूल देवता मानी पूजा गर्न थालेछन्। जलजला बाह्रभाइ बराह र बाइस बहिनी बजुहरूको स्थलको रूपमा लिइन्छ (आचार्य, २०७३, पृ. १४२)।

जलजला क्षेत्रको भौगोलिक बनावट हेर्दा पूर्व तथा उत्तरतिर अग्लाअग्ला लेक र दक्षिण तथा पश्चिमतिर उच्च डाँडा, टाकुराहरूको बीचमा खाल्डो भएकाले पहिला ताल थियो होला भन्न सकिन्छ। यहाँको पानी उत्तरतिर बगेर गएको छ भने जमीन पानी सुकेको सिम्यान जस्तै देखिन्छ । यहाँको पानी कुनै भौगोलिक कारणले पूर्व उत्तरतिरबाट बाहिर निकास भई गएपछि जलजला क्षेत्रको उत्पत्ति भएको बुझिन्छ । जलजला स्थित बराह क्षेत्रमा तीन भाइ बराहको बसोबास रहेको विश्वास गरिएको छ। यही विश्वास तथा आस्थाका कारणले गर्दा तीनभाइ बराहको अलग अलग मन्दिरको निर्माण गरिएको छ भने

बराहको मूल बासस्थानमा मन्दिर निर्माण गरिएको छैन । यी चार स्थान नै यहाँका प्रमुख दर्शनीय हुन् ।

### ४.१.२८.३ आनुष्ठानिक प्रचलन

जलजला प्राचीनकालदेखि दर्शनीय स्थलको रूपमा रहेको बुझिन्छ । यस स्थलमा नित्य पूजाको व्यवस्था गरिएको छ । नेपालका अन्य ठाउँहरूमा पुजिने बरा-बजुहरू यहाँबाट नै गएको विश्वास गरिन्छ । जलजलामा सधैँभरि पूजा गर्न सकिए पनि वैशाखपूर्णिमा, जेठे पूर्णिमा र साउने पूर्णिमा विशेष पूजा अनुष्ठानका पर्व मानिन्छन् । यी सबै पर्वहरूमा भेँडा, कुखुरा र परेवाको बलि चढाउने प्रचलन छ । यस स्थलमा तीनवटा थानहरू, एउटा पोखरी र एउटा मन्दिर छन् । यी सबै दर्शनीय स्थलहरू हुन् ।

## ४.१.२९ बराह मन्दिर, कुपिण्डे दह, सल्यान

### ४.१.२९.१ अवस्थिति

कुपिण्डे दह प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको सङ्गम स्थलको रूपमा रहेको छ। यस स्थलमा बराहको मन्दिर र विशाल जलाशय रहेको छ। यो दह सल्यान जिल्लाको सदरमुकाम खलङ्गादेखि १५ किलोमिटर पश्चिममा पर्दछ। यो स्थल वनगाँड कुपिण्डे नगरपालिका वडा नम्बर ८ कुपिण्डेमा अवस्थित छ । कुपिण्डे दहलाई तीन तिरबाट ठूलाठूला पहाडले घेरेको छ भने निकासतिर पनि चट्टानले थुनेको छ। पूर्व-पश्चिम लाम्चो आकारमा फैलिएको दहको लम्बाइ ८३४ मिटर छ र उत्तर-दक्षिण चौडाइ ५३८ मिटर रहेको छ। समुद्र सतहदेखि ११२० मिटरको उचाइमा रहेको यो स्थल लगभग २३.५३ हेक्टरमा फैलिएको छ । यस तालको गहिराइ ६९ मिटरसम्म रहेको पाइन्छ। प्राकृतिक रूपले मनमोहक, आकर्षक, स्वच्छ, सुन्दर र सधैँ पानी सफा भइरहने यस तालमा कुनै पात खस्ने बित्तिकै चरा आएर टिपेर फाल्छन् । कुपिण्डे दहको वरिपरि मुस्लेरी, आग्नेटी, गाइनटी, लामडाँडा, सुनचौर, ज्यामिरे, होलारुख, कुपिण्डे र पारिगाउँ आदि रहेका छन् । यस तालको पूर्वी पहाडको फेदीमा कैलुबराहको मन्दिर रहेको छ। बराह पुराण अनुसार बराहका बाह्र भाइहरू थिए । ती बाह्र भाइहरू सबैलाई पूर्वतिर विभिन्न स्थानहरूमा स्थापना गर्दै जेठा बराह यस कुपिण्डेमा बसेका हुन् भन्ने विश्वास गरिन्छ । त्यसैले यो तीर्थस्थलको रूपमा प्रसिद्ध रहेको छ ।

### ४.१.२९.२ ऐतिहासिकता

कुपिण्डे दहको ऐतिहासिकतालाई खोजी गर्दै जाने हो भने किम्वदन्तीअनुसार द्वापर युगको अन्त्यतिर पुगिन्छ । यसको उत्पत्ति वा स्थापनाका सम्बन्धमा केही जनश्रुतिहरू प्रचलनमा रहेका छन् । एउटा किम्वदन्ती अनुसार द्वापर युगको अन्त्यतिर यस दह भएको स्थानमा एउटा गाउँ थियो । त्यस गाउँमा एकदिन एकजना सिद्धपुरुष घुम्दै हिँड्ने क्रममा बेलुका गाउँमा बास बस्नका लागि आए । गाउँका घरघरमा बास माग्दै जाँदा कसैले पनि नदिएपछि अन्त्यमा एकजना बृद्धाको घरमा बास पाएछन् । ती वृद्धा आमा निकै गरिब भएकाले उनीसँग खानेकुरा केही थिएन । तर, छिमेकीको घरबाट ढुटो ल्याएर त्यही ढुटोको रोटी पकाई कर्कलाको तरकारीसँग ती साधुलाई खान दिइछन् । साधुले पनि निकै मिठो मानी ढुटोको रोटी खाएर सुतेछन् । अर्को दिन बिहानै उठेर जाने समयमा वृद्धालाई आफू कैलु बराह भएको जनाएछन् । बास बस्न नदिने पापीहरूको गाउँ भएकाले बराहले वृद्धालाई लेकमा बस्न सल्लाह दिई घनघोर वर्षात गराई अन्य सबैलाई जलाशयमा डुबाएर मारे । सिद्धपुरुष आफु जाने समयमा बृद्धाको अवस्थादेखि आफु सुतेको बिस्तरामा सुनका डल्ला छोडेर गएका थिए पनि भनिन्छ। यो गाउँ जलमग्न भएको हजारौं वर्ष पछिसम्म पनि जलमग्न ताल भित्र घरका आकृतिहरू देखिने, भाले बासेको, कुकुर भुकेको, ढिकी जाँतोको आवाज सुनिन्थ्यो भनिन्छ। लुगा धुन आउनेहरूलाई चाहिएको जति ताउला, भाडाहरू तालबाट आफै आउँथे र काम सकिए पछि आफै ताल भित्र जान्थे पनि भनिन्छ । तर, एकपटक एउटा महिलाले ती भाँडाहरू लुकाएपछि त्यहाँ भाडा आउन छाडेको थियो भनिन्छ। अहिले पनि औंसी पूर्णे र संक्रान्तिमा तालभित्रबाट विभिन्न थरिका आवाजहरू सुनिन्छ भन्छन् (आचार्य, २०६७, पृ ८) ।

यहाँ स्थापित बराह मन्दिरको स्थापनाको सम्बन्धमा पनि जनश्रुतिहरू पाइन्छन् । एउटा किम्वदन्तीअनुसार तालको उत्पत्ति पश्चात स्थानीय गोसाई थरका एक व्यक्ति एक्कासी तालभित्र हराएछन् । सात दिन सात रातपछि हराएका व्यक्ति घण्ट, सुनको त्रिशूल, बालुवा, मौलो (काठको खम्बा) लिएर तालबाट निस्केछन् । उनले त्यतिबेलै मौलो ठोकी, त्रिशूल गाडी, बालुवा अक्षतामा परिवर्तन गरी बराहको स्थापना गरी नित्य पूजाको सुरुवात गरेछन् (स्थानीय लालबहादुर गोसाईसँगको अन्तर्वार्ता) ।

कुपिण्डे दह र बराह मन्दिर उत्पत्तिका सम्बन्धमा अनेक किम्वदन्तीहरू भए जस्तै दहको नामकरणका सम्बन्धमा मा पनि जनश्रुतिहरू प्रचलित रहेको पाइन्छ। दहको

नामकरणको विषयहरूको उत्पत्तिसँग नै जोडिएको छ। जस अनुसार जलमग्न यो स्थल जलमग्न भएपछि जलमा प्रशस्त कुपिण्डाहरू तैरिरहेको देखियो। फलस्वरूप पानी भरिएको ताललाई कुपिण्डे दह भन्न थालियो। गाउँमा प्रशस्त कुपिण्डाहरू फलेका कारण तिनै कुपिण्डा पानी भरिएपछि ताल माथि आएको हुनु पर्छ भनी अनुमान गर्न सकिन्छ। कसैकसैले यो दहको आकार कुपिण्डो जस्तो भएको हुनाले कुपिण्डे दह भनिएको हो भन्छन्।

### ४.१.२९.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

यहाँ रहेका संरचनाहरूमा दहको पूर्वी भागमा तले शैलीको बराहको मन्दिर रहेको छ। पहिले सानो छाप्राको रूपमा स्थापना भएको यो मन्दिरको पछि जीर्णोद्धार गरिएको पाइन्छ। इँटा र सिमेन्टबाट निर्माण गरिएको यस मन्दिरको प्रदक्षिणापथको व्यवस्था छैन। मन्दिरको चारैतिर पेटी राखिएको छ। मन्दिरको पूर्वतर्फ काठको प्रवेशद्वार रहेको छ। गर्भगृहमा काठको १० फिट अग्लो मौलो (खम्बा) रहेको छ, जो दहको समकालीन मानिन्छ। यही मौलो नै बराहको प्रतीक मानिन्छ। यसैगरी मौलोसँगै काठका अनेक आकृतिका अन्य काठका मूर्तिहरू रहेका छन्। मन्दिरभित्र सिमेन्टबाट निर्मित नीर रँङ्गको महादेवको मूर्ति रहेको छ। काठका आकृतिहरूसँगै भक्तहरूले चढाएका त्रिशूल, घण्ट तथा अन्य काठका मूर्तिहरू छन्। मूर्ति, मौलोलाई ध्वजा तथा कपडाले छोपिएको छ।

यस स्थलमा कार्तिक पूर्णमाको दिनमा ठूलो मेला लाग्दछ। यस अवसरमा टाढाटाढादेखि भक्तजनहरू दर्शनार्थ आउने र भेँडाको बलि दिने चलन छ। यस स्थलमा पूजन गरी सन्तान प्राप्तिको भाकल गरेमा सन्तान प्राप्त हुने लोकविश्वास छ। त्यसरी मनोकामना पूर्ण भएपछि भेँडाको बलि दिने चलन छ।

## ४.१.३० बराह मन्दिर, रूकुमकोट, रुकुम

### ४.१.३०.१ अवस्थिति

सिस्ने गाउँपालिका वडा नं. ७ बाहुनठानामा अवस्थित कमल दह र बराहको मन्दिर यस क्षेत्रका महत्वपूर्ण सम्पदा हुन्। यो स्थल समुद्र सतहदेखि १५८१ मिटरको उचाइमा अवस्थित छ। कमल दहको दक्षिणतिरको किनारामा बराहको मन्दिर रहेको छ। यस मन्दिरको स्थापना पन्ध्रौं, सोह्रौं शताब्दीतिर भएको विश्वास गरिन्छ।

#### ४.१.३०.२ ऐतिहासिकता

बराह मन्दिरको स्थापनाको सम्बन्धमा धेरै प्रकारका जनश्रुतिहरू प्रचलनमा रहेका छन् । एउटा जनश्रुति अनुसार सत्य युगमा कमल दह भएको स्थानमा गैरीगाउँ थियो । त्यस गैह्रीगाउँमा एकपटक भगवान् विष्णु योगी रूप धारण गरी पृथ्वी भ्रमण गर्ने क्रममा बेलुका भएपछि बस्नका लागि गाउँका घरघरमा गएछन् । तर, त्यस गाउँमा कसैले पनि बास दिएनछन् । अन्त्यमा निराश भई एकजना गरिब तथा दुखी कुटम्बरी बज्यैको छाप्रोमा बस्न गएछन् । कुटम्बरीले कनिकाको दुईवटा रोटी पकाएर ती योगीलाई खान दिइछन् । त्यस रात कुटुम्बरीको घरमा बास बसी अर्को दिन बिहानै कुटुम्बरीलाई कुखुराको खोलेसोमा हेर्नु भनी योगी आफ्नो बाटो लागेछन् । योगी गएपछि खोलेसोमा हेर्दा दुईवटा अण्डा रहेछन् । बास नपाएको रिसमा योगीले त्यस गाउँको डाँडाबाट कमण्डलुको पानी खन्याई त्यस गाउँलाई जलमग्न गराएछन् । गाउँ जलमग्न भए पनि कुटुम्बरीको घर भने डुबेन । कुटुम्बरी जीवित नै रहन सकिन् । यसरी त्यो गाउँ एउटा दहमा परिणत भयो (स्थानीय गम्भीर थापसितको अन्तर्वार्ता) । त्यहाँ बास माग्न आउने योगी बराह हुन् भनी त्यस स्थलमा बराहको मन्दिर स्थापना गरिएको थियो । यो बराहको मन्दिर सोह्रौँ शताब्दीतिर रुकुमकोटका ठकुरी राजाले स्थापना गरेका हुन् भनिन्छ । तर, आज पनि दहमा प्रशस्त मात्रामा दुधे कमलको बिरुवा पाइन्छ, जसलाई भगवान् विष्णुको प्रसाद ठानी ग्रहण गर्ने प्रचलन रहेको छ । योगी रूप विष्णुले कमलको बिरुवा स्वर्गबाट ल्याएर रोपेका हुन् भनिन्छ । अर्को किम्वदन्ती अनुसार पौराणिक कालमा दहभित्र अनेकौँ देवीदेवताका कुण्डहरू थिए । तिनै देवीदेवताहरूका प्रतीकका रूपमा दहको वरिपरि नागहरू निवास गरेको विश्वास छ । वर्तमान समयमा यस दहको पूर्वी भागमा अनेक प्रकारका सर्पहरू पाइन्छन् (गौतम, २०७१, पृ ३५) । यसै कारणले यस क्षेत्रको नाम सर्पकोट पनि रहेको छ ।

मन्दिरको प्राचीनतालाई स्पष्ट गर्ने कुनै प्रमाणिक ऐतिहासिक स्रोतहरू पाउन सकिएको छैन, तर, कल्चु मल्लले वि.सं. १८९७ मा चढाएको एक दमाहा पाइएकाले उक्त समयभन्दा अगाडि नै बराह मन्दिरको स्थापना भएको हुने देखिन्छ । यसबाट यस मन्दिरको ऐतिहासिकतालाई आजभन्दा २५० वर्ष अगाडिसम्म लग्न सकिन्छ । मन्दिर स्थापनाको समय अनुमान गरिए पनि मन्दिरको स्थापनाकर्ता, स्थापना हुनुको कारण भने पाउन सकिँदैन । बराह पुराणको एक अध्यायमा भगवान् विष्णुले बराह अवतार लिई पृथ्वी भ्रमण गर्दा नेपाल भूमिको सर्पकोटमा पितृकुण्ड ५२ पोखरीमा स्नान गरेको उल्लेख छ । त्यसैगरी पूर्वीय

साहित्यहरूमा श्वेत बराहले यस दहमा स्नान गरेकाले श्वेत बराहको स्थान कमल दह हो भनिन्छ। यसरी कमल दह र बराह मन्दिरको उत्पत्ति सत्य युगमा नै भएको देखिन्छ।

### ४.१.३०.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

बराह मन्दिरको पुरानो स्वरूप ढुङ्गा माटोको गारो र फुसको छाना भएको सानो नेपाली शैलीको थियो। यो पुरानो मन्दिर जीर्ण भई भत्केपछि इँटाको गारो र झिँगटीको छाना भएको पहिलेको भन्दा ठूलो आकारमा पुरानै स्वरूपमा मन्दिर निर्माण गरिएको छ। यो मन्दिर पनि जीर्ण भएपछि वि. सं. २०३५ सालमा मौलिक स्वरूपमा केही परिवर्तन गरी मन्दिर पुनःनिर्माण गरिएको थियो। सो संरचना पनि जीर्ण भएपछि वि. सं. २०७२ सालमा पुरानै शैलीमा इँटा र सिमेन्टको गारो, तामाको छाना भएको नेपाली शैलीको दुईतले मन्दिर निर्माण गरिएको छ। पश्चिमाभिमुख यस मन्दिरको लम्बाइ, चौडाइ २१ × २१ फिट र उचाइ लगभग २२ फिट रहेको छ। मन्दिरको माथिल्लो छानामा पित्तलको गजुर रहेको छ। मन्दिरको माथिल्लो तलामा काठको साधारण झ्याल रहेको छ। यस मन्दिरमा दुई तहको गारो रहेको छ। बाहिरको गारो र भित्र गर्भगृहको गारोको बीच ६.५ फिटको प्रदक्षिणा पथको व्यवस्था गरिएको छ। गर्भगृहमा कालो प्रस्तरको बराह मूर्ति स्थापना गरिएको छ। स्थानीयहरूको भनाइ अनुसार गर्भगृहमा रहेको बराहको प्रस्तर मूर्ति र घण्ट वि.सं. २०६४ सालमा चोरी भएको थियो। हाल रहेका मूर्तिहरू सबै नयाँ मानिन्छन्। गर्भगृहमा पन्ध्रौँ सोह्रौँ शताब्दीको मानिने एउटा ठूलो खड्ग पनि रहेको छ। यो खड्ग दशैँको नवमीको दिन कपडाले मोडेर रुकुमकोट दरबारमा बलि दिनका लागि लगिन्छ। बेलुका पुनः मन्दिरमा नै फिर्ता ल्याएर राख्ने प्रचलन छन्।

यस दहमा सोमबार, मङ्गलबार र शनिवारका दिन स्नान गर्नेहरूको विशेष उपस्थिति रहन्छ। दहमा स्नान गर्नाले विभिन्न रोगहरू सञ्चो हुने, पापहरू नष्ट हुने, पुण्य प्राप्त हुने लोकविश्वास रहेको छ। कमल दह क्षेत्रमा रहेको मन्दिर तथा दह किनारमा बडा दशैँ, तीज, पञ्चमी, शिवरात्री आदि पर्वहरूमा विशेष पूजा तथा मेला लाग्ने परम्परा रहेको छ। बराह मन्दिरप्रति यस क्षेत्रका मानिसहरूको विशेष आस्था र विश्वास रहेको छ। यस क्षेत्रमा पहिलो पुत्रको जन्म भयो भने बोका वा भेँडाको बलि दिने र सन्तान प्राप्त नहुँदा वा बच्चा भएको छैन, बच्चाको बोली फुटेको छैन भने बराहको मन्दिरमा पूजा गरी भाकल गरेमा कार्यसिद्धि हुन्छ भन्ने जनविश्वास रहेको छ।

## ४.१.३१ बागेश्वरी भगवती मन्दिर, उजा, दाङ

### ४.१.३१.१ अवस्थिति

यो बङ्गलाचुली गाउँपालिका वडा नं. ८ उजा, धनडाँडा दाङमा अवस्थित छ । बागेश्वरी भगवती मन्दिरलाई उजा भगवती मन्दिर पनि भनिन्छ । सदरमुकाम घोराहीदेखि लगभग तीस किलोमिटर उत्तर–पूर्व पहाडी भागमा रहेको यो देवीको मन्दिर पुग्न घोराही–हर्नोक–स्यूजाको बोझपोखरा–हर्जा शिवालय हुँदै उजा धनडाँडासम्मको यात्रा गर्नु पर्छ । उजा भगवतीको मन्दिरमा घोराही–मसिना–मरपेस–खारा–बोझपोखरा हुँदै जाने अर्को बाटो पनि प्रयोग गर्न सकिन्छ । यस स्थलको पूर्वमा-तापा, पश्चिममा-बोझपोखरा, उत्तरमा-अरङ्खोला र दक्षिणमा-काभ्रे पर्दछन् । समुद्र सतहदेखि ११०० मिटरको उचाइमा रहेको यो मन्दिर सुन्दर हरियाली सल्लेरी वन, खोलानाला, लेक र पाखाहरूको बीचमा अवस्थित रहेको छ । बागेश्वरी मन्दिर प्रसिद्ध धार्मिक शक्तिपीठको रूपमा रहेको छ ।

### ४.१.३१.२ ऐतिहासिकता

बागेश्वरी भगवती मन्दिरको स्थापना कहिले भयो, कसरी भयो र कसले स्थापना गर्‍यो भन्ने सम्बन्धमा निश्चित भन्न सकिने प्राचीन आधार नभए पनि पछिका प्रमाणहरू पाइन्छन् । यस मन्दिरको इतिहासबारे जानकारी लिन प्रचलित किम्वदन्तीहरूलाई नै आधार मान्नु पर्ने भएको छ । एउटा किम्वदन्ती अनुसार आजभन्दा लगभग २१५ वर्ष अगाडि स्थानीयबासी सिद्धिरामकी पत्नी सुशीला पाण्डेलाई राती सपनामा एउटा सागर, सागरमा बाघमाथि आसन जमाई बसेकी भगवती देखिइन् । त्यसबाट प्रकाश प्रज्ज्वलित भइरहेको थियो । अर्को दिन बिहान सपना देखेको स्थानमा हेर्न जाँदा सानो सागर, सागरको किनारको ढुङ्गामा बाघमाथि आसिन भगवती चढेको आकृति देखेपछि तत्काल आफुले लगाएको घलेक निकाली सागर ढाकी घरमा आइन् र सिद्धिरामलाई सबै कुरा भनिन् । साक्षात् देवी प्रकट भई दर्शन दिएकी रहिछन् भनी खुशी भई त्यस स्थानमा देवीको सानो मन्दिर बनाई नित्य रूपमा बिहान बेलुका पूजाको सुरुवात गरियो । यसपछि सिद्धिरामले तत्कालीन सरकार समक्ष सबै कुरा जाहेर गरे र सरकारबाट नित्य पूजाआजाको लागि तत्काल ३ मोहर धूप, घण्ट, धूपौरो, लगायतका पूजा सामग्री दिएको थियो (पाण्डे, २०६७, पृ. १३) । मन्दिर स्थापना भएको एक पत्रमा–"रूपला खोलाको खेत, घुमाउनेको खेत लगायत मुरी ३० को अधियाको आम्दानीले सरकारको जय मनाई नित्य पूजाआजा गर्नू र बाँकी बचेको खानू"

भन्ने चौतरिया पुष्कर शाहबाट इ.सं. १८८९ मा सिद्धिरामको नाममा लेखिएको पत्र छ । मन्दिरको उत्तरी भित्तामा बाहिरतिर रहेको शिलालेखमा वि.सं. १८८८ मा मन्दिर निर्माण भएको उल्लेख छ, यसबाट यो मन्दिरको स्थापना तथा पूजाको सुरुवात धेरै अगाडि नै भएको प्रष्ट हुन्छ । हाल यस स्थलमा नेपाली शैलीको सुन्दर मन्दिर बनेको छ ।

### ४.१.३१.३ आनुष्ठानिक प्रचलन

यो मन्दिर दाङ जिल्लाको पहाडी क्षेत्रको ज्यादै प्रसिद्ध र आस्थाको केन्द्र हो । यस स्थलमा बडादशैं र चैत्रदशैंका दुर्गाभरि दर्शनार्थीहरूको विशेष उपस्थिति रहन्छ । यस मन्दिरमा आफ्नो मनोकामना पूर्ण होस् भनी भाकल गर्ने र कामना पूर्ण भएपछि घण्ट चढाउने प्रचलन छ । यस स्थलमा भण्डारी र पाण्डेय थरका दुई जना पुजारी रहने परम्परा छ । यहाँ नित्य पूजाको परम्परा छ र भक्तजनहरूले मन्दिर परिसरमै रोट पकाएर चढाउने तथा परेवा उडाउने प्रचलन छ । यहाँ राँगा, बोको, कुखुराका भालेको बलि दिने परम्परा छ।

## ४.१.३२ बाघनाथ बाबा, जङ्गलकुटी, दाङ

### ४.१.३२.१ अवस्थिति

यो गढवा गाउँपालिका वडा नं. ३ गोबरडिहाको जङ्गलकुटीमा अवस्थित छ। लगभग २०० वर्ष पुरानो मानिने यो मन्दिर सदरमुकाम घोराहीदेखि ५१ किलोमिटर पूर्व दक्षिण देउखुरीमा रहेको छ । यस स्थलमा जान कालाकाँटे-गढवा सडक खण्डको गोबरडिहादेखि पाँच किलोमिटर पूर्वको यात्रा तय गर्नु पर्छ । यस आश्रमको पूर्वमा चिमचिमे खोला तथा चिमचिमे गाउँ, पश्चिममा गोबरडिहा सामुदायिक वन, उत्तरमा गोबरडिहा गाउँ र दक्षिणमा चुरे भावर पर्वत पर्दछ । नौ बिगाहा क्षेत्रफलमा फैलिएको यस धार्मिक स्थलमा आँप, कटहर, अम्बा, भुइँकटहर, अमला, दालचिनी, मालागेडी, साल, नास्पाती, अमिलो, केरा, लिच्ची, रुद्राक्ष, मेवा आदिका ठूलो बगैंचा रहेको छ । बगैंचाको दक्षिण चुरे पर्वतको फेदीमा नै बाघनाथ बाबाको कुटी रहेको छ । त्यसै कुटीमा नै बाघनाथ बाबाको समाधि रहेको छ भने समाधि स्थलमा नै बाबाले प्रयोग गरेका काठको खराउ, शङ्ख, खप्पर, त्रिशूल, सुल्फा, साफी, चिम्टा, बिगुल, एकतारे, खैंजडी, भौंकर, धनुकाँड, तिरहरू, मृगको छाला, चम्चा, हरिणको सिङ, घण्टी, रुद्राक्षको माला आदि संरक्षण गरी राखिएको छ । कुटीमा बाबा सुत्ने गरेको खाटमा सधैं तन्ना, सिरानी राखिएको हुन्छ । त्यसै गरी बाबाको चेली सेउमती

माताको समाधि पनि त्यही कुटीमा नै रहेको छ। सेउमती माताको समाधि स्थलमा पनि उनले प्रयोग गरेका लोटा, लट्ठी, तन्ना, सिरानी आदि राखिएका छन्।

### ४.१.३२.२ ऐतिहासिकता

पूर्व तिरबाट आएका एक सिद्धपुरुषले यस सुनसान जङ्गलमा कुटी बनाएर बसेको हुनाले यस स्थानको नाम 'जङ्गलकुटी' रहन गएको हो भनिन्छ। यसैगरी एउटा जोगी कुटीमा बस्ने भएकाले यस स्थानको नाम थारूहरूले आफ्नो भाषामा जोगीयक कुटी भन्न थालेको बुझिन्छ। पूर्वतिरबाट आएका एक सिद्धपुरुष यस स्थानमा बस्ने र जङ्गलमा बाघमाथि बसेर विचरण गर्ने, बाघसँग खेल्ने र उनी बस्ने कुटीमा बाघहरू आउने भएको हुनाले ती सिद्धपुरुषलाई बाघनाथ बाबा पनि भन्न थालियो र उनै बाघनाथ बाबाको नामबाट यस स्थलको नाम बाघनाथ बाबा मन्दिर पनि भनिन्छ। अतः यस स्थललाई जङ्गलकुटी, जोगीयक कुट्टी र बाघनाथ बाबा भन्ने प्रचलन छ।

*बाघनाथ बाबा,* जङ्गलकुटीको ऐतिहासिकता अध्ययन गर्ने प्रामाणिक स्रोतको अभाव रहेको छ। प्रमाणहरू पाउन सकिएको छैन। त्यसैले किम्वदन्तीहरूलाई नै आधार मानेर यस कुटीको ऐतिहासिकता अध्ययन गर्नु पर्ने बाध्यता रहेको छ। प्राप्त स्रोतको आधारमा यसको इतिहास त्यति लामो देखिँदैन। यस कुटीको प्रवेशद्वारमा वि.सं. १८७९ स्थापना काल उल्लेख छ। प्राप्त स्रोत अनुसार आजभन्दा २०० वर्ष अगाडि वि.सं. १८७९ सालमा बुटवल तामनगर, चारपाल कुटीमा सिद्धि प्राप्त गरी त्यहाँबाट घुम्दै मोरङको मोरङझारी, चितवनको जङ्गल हुँदै नवलपरासीको दाउन्ने पहाडमा तपस्या गर्ने एकजना सिद्धपुरुष दाङको गोबरडिहा बोक्सनियागन्जीमा आएर बसे। आएका ती सिद्धबाबाको नाम भुवनेश्वरनाथ थियो। केही समयपछि ती भुवनेश्वरनाथलाई गोबरडिहाको थारू समुदायले स्थायी रूपमा बस्न अनुरोध गरे र बाबाको इच्छाअनुसार डुंडुवा पहाडको एउटा थुम्कामा एउटा कुटी बनाइदिए। अहिले त्यसलाई पुरानो कुटी भनिन्छ। बाबा त्यहाँ बस्न थालेपछि यहाँका आदिवासी थारूहरू कुटीमा जानआउन थाले। यसबाट बाबा र यहाँको थारू समुदायबीच गहिरो सम्बन्ध स्थापित भयो। गाउँघरमा बिरामी पर्दा, आकस्मिक दैवीय प्रकोप पर्दा, घर बनाउँदा, खेतीपातीमा किरा लाग्दा, कुनै अप्ठेरो पर्दा निवारणका लागि त्यहाँका बासिन्दाहरू बाबा कहाँ जाने गर्थे र बाबाको सिद्धि शक्तिबाट सबै दुःख, कष्टहरू निवारण हुन्थे। यसबाट बाबाको प्रसिद्धि टाढा–टाढासम्म फैलिँदै गयो।

भुवनेश्वरनाथ बाबा गाउँमा घुम्न आउँदा जाँदा बाघमा बसेर सयर गरेको देखिन थाल्यो । यस्तो चमत्कार देखेपछि भुवनेश्वरनाथ बाबालाई बाघनाथ बाबा भन्न थालियो । बाबा जमिनमुनि खाल्डोमा बसी माथिबाट फल्याक आदि राखेर बन्द गरी प्राणायाम आदि योग गर्नुहुन्थ्यो । बाबाको आज्ञा बमोजिम चेलाहरूले भनेको दिनमा खाल्डोमाथि राखिएका पल्याक आदि हटाएर खोलिदिन्थे । यस्तो ध्यान-तप ६ महिनासम्म पनि हुन सक्थ्यो ।

बाघनाथ बाबा लामो समयसम्म डुँडुवा डाँडाको कुटीमा बस्नु भयो । पुरानो कुटी गाउँदेखि निकै टाढा भएको र त्यहाँ पानीको अभाव हुन थालेपछि गोबरडिहाका बासिन्दाले वर्तमान कुटी भएको स्थानमा आउन अनुरोध गरे । जस अनुसार वि.सं. १९३८ सालतिर यस स्थानमा कुटी बनाई बसाइ सारी नौ बिगाहा जग्गामा आँप र अन्य फलफूलहरूको बगैँचा बनाउने कामको सुरुवात भएको थियो । जङ्गलमा बगैँचा लगाएको हुनाले बाबालाई जङ्गल अतिक्रमण गरेको भन्दै विरोधीहरूले वन कार्यालयमा मुद्दा दायर गरे र बाबालाई हतकडी लगाई जेलमा थुनियो । तर, बाबा केही समयपछि कुटीमा नै देखिनुभयो । बाबाको दिव्य शक्ति देखेर उहाँलाई लगाइएको मुद्दा खारेज गरियो । त्यसपछि कुटीले ओगटेको जमीन सबै बाबाको आश्रमको नाममा दर्ता गर्ने निर्णय पनि गरियो । जसअनुरूप वि.सं. १९४३ सालमा आश्रमको नाममा जग्गा दर्ता गरी पूर्जा पनि बनाइयो । वि.सं. १९५९ सालमा बाबाले आफ्नो अन्तिम अवस्था आएको बुझी आफ्ना नजिकका व्यक्तिहरूलाई बोलाई कुटी राम्रोसँग सञ्चालन गर्ने जिम्मा लगाई खाल्डोभित्र पसी ध्यानमा बस्नुभयो र त्यहीँबाट ब्रह्मलीन हुनुभयो । उहाँको इच्छाअनुसार बाबालाई त्यसै कुटीमा नै समाधिस्थ गरियो । बाबाको निधन पश्चात गोबरडिहाका उल्टहा थरका थारू जिम्दारले जमीनको कर बुझाउन थाले (श्रीसिद्ध बाघबाबा., २०६७ : पृ. १) ।

बाघनाथ बाबाको निधन भएपछि चेलाहरूले बाघनाथ बाबाको आश्रम, बगैँचा आदिको संरक्षण गर्दै आएका छन् । उनका सबै शिष्यहरू थरू समुदायका रहेका छन् । त्यसैले स्वयम् बाघनाथ बाबा पनि थारू जातिका नै थिए भनिन्छ (डि.सी., २०६७, पृ. ३३) ।

बाघनाथबाबा पछि शिष्यपरशिष्य परम्परा

(१) बाघनाथ बाबा (भुवनेश्वरनाथ संस्थापक)

(२) प्रेमनाथ बाबा (भुवनेश्वरका शिष्य)

(३) शिउमती माता (भुवनेश्वरकी शिष्या)

(४) विश्वनाथ बाबा (शिउमतीका शिष्य)

(५) नान्हकदास बाबा (शिउमतीका शिष्य)

(६) सुन्दरी माता (शिउमतीकी शिष्या)

(७) जेदुराम बाबा (मोहनदास) (नान्हक दासका शिष्य)

(८) देवी सिंह बाबा (जेदुरामका शिष्य)

### ४.१.३२.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

बाघनाथ बाबा, जङ्गलकुटी एउटा आश्रमस्थल वा समाधिस्थल हो । यस स्थलमा देवी देवताका मूर्तिहरू रहेका छैनन्, तर, मन्दिरको रूपमा विकास भइरहेको देखिन्छ । बाघनाथ बाबाको पुरानो कुटी वर्तमान समयमा भएको कुटीभन्दा दक्षिणतिरको केही माथिको डाँडामा रहेको थियो । त्यो पुरानो कुटी फुसको छाना भएको दाउराले बेरिएको दुई कोठे सानो छाप्रोको रूपमा रहेको थियो । त्यस पुरानो कुटी भएको स्थलमा पानी अभाव भएको र गाउँदेखि धेरै टाढा भएको हुनाले वर्तमान स्थानमा ढुङ्गा, माटोको गारो र फुसको छाना भएको तीनकोठे कुटी निर्माण गरिएको थियो । केही समयपछि कुटी जीर्ण भएपछि जीर्णोद्धार गर्ने क्रममा झिँगटीको छाना राखिएको देखिन्छ । तीन कोठा भएको यो पुरानो कुटीको दुई कोठा बाबाको समाधिस्थलको रूपमा रहेको छ । यसलाई कुटीको गर्भगृह भन्न सकिन्छ । यसै गर्भगृहमा बाबाका काठको खराउ र सम्वत् १९५३ सालमा लेखिएको “ज्ञान सरोदर” नामक हस्तलिखित ग्रन्थ, कमलपत्रहरू, कुँदिएको ढुङ्गाको कचौरा आदि राखी पूजा गरिन्छ भने बाँकी रहेको एक कोठा भण्डारको रूपमा प्रयोग गरिएको छ (सुवेदी, २०६७ पृ. १४) । कुटीको माथिल्लो तला पूरै खुला रहेको छ, जसलाई थारू भाषामा ‘अँटुवा’ भनिन्छ । कुटीको प्रवेशद्वार पूर्वतिर रहेको छ भने प्रत्येक तीनवटा कोठामा अलग-अलग एकएकवटा प्रवेशद्वार राखिएको छ। मन्दिर परिसरमा प्रवेश गर्नका लागि पक्की कलात्मक प्रवेशद्वार रहेको छ ।

यस स्थलमा माघेसङ्क्रान्तिको दिनमा देउखुरी, सिउराज, नेपालगञ्ज र भारतका भामर, सौनी, बालापुर आदि स्थानहरूबाट भक्तजनहरू आउने प्रचलन छ । यस दिनमा आफुले गरेको भाकल बमोजिम चढाउने चलन छ । नचढाएमा बाघले दुःख दिन्छ भन्ने विश्वास छ । यहाँ भक्तजनहरूले भण्डारा लगाउने प्रचलन रहेको छ । यस स्थलमा बर्का भण्डाराको पनि प्रचलन छ ।

## ४.१.३३ भीमसेन मन्दिर, खलङ्गा, सल्यान

### ४.१.३३.१ अवस्थिति

यो शारदा नगरपालिका वडा नं. २ खलङ्गा बजारको भीमसेन टोलमा अवस्थित छ । खलङ्गा बजारको बसपार्क चोकदेखि करीब २० मिटर पश्चिममा अवस्थित भीमसेन मन्दिर नेपाली तले शैलीमा निर्माण गरिएको छ । यो यहाँको पुरानो मन्दिर हो । खलङ्गा बजारको बीचभागमा रहेको यस मन्दिरको पूर्व र दक्षिणतिर बजारका सडकहरू छन् भने अन्य भागमा व्यक्तिगत घरहरू रहेका छन् । नेवार समुदायले भीमसेनलाई आफ्नो इष्टदेवताको रूपमा मान्ने हुँदा यो मन्दिर स्थापना गरेको देखिन्छ । यस मन्दिरको संरक्षण र व्यवस्थापन नेवार समुदायबाट नै हुने गरेको छ । नेपालका अन्य स्थानमा पनि नेवार समुदायको बस्ती रहेको ठाउँमा प्रायः भीमसेन मन्दिरको स्थापना गरिएको पाइन्छ ।

### ४.१.३३.२ ऐतिहासिकता

यो मन्दिर पुरानो हो, कहिले स्थापना भएको हो र कसले स्थापना गरेको हो भन्ने सम्बन्धमा निश्चित गर्न सकिने तथ्य नपाइए पनि मन्दिरमा प्राप्त पुरातात्विक सामग्री र प्रचलनहरूका आधारमा अड्कल गर्न सकिन्छ । प्रायःजसो नेवार बस्तीहरूमा भीमसेन मन्दिर स्थापना गर्ने परम्परा रहेको पाइन्छ । नेवारहरू प्रायः नेपालको एकीकरणपछि व्यापारको सिलसिलामा विभिन्न व्यापारिक क्षेत्रहरूमा जाने क्रममा स्थायी रूपमा त्यहीँ नै बसी व्यापार गरेको पाइन्छ । त्यसैले खलङ्गाको भीमसेन मन्दिरको निर्माण पनि एकीकरण अभियानपछि नै भएको भन्न सकिन्छ । मन्दिर बाहिर राखिएको एउटा घण्टमा संवत् १९४५ कार्तिकमा श्री भीमसेन भगवान्लाई डिट्ठा शेरमानसिंह जोशीले चढाएको उल्लेख रहेको छ । यस घण्टमा लेखिएको अभिलेखबाट मन्दिर सं. १९४५ भन्दा अगाडि नै स्थापना भएको देखिन्छ । यसबाट मन्दिर लगभग २०० वर्ष पुरानो हो भन्ने निश्चित गर्न सकिन्छ ।

### ४.१.३३.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

यो मन्दिर माटो र ढुङ्गाबाट निर्माण गरिएको छ । मन्दिरको छाना ढुङ्गाको रहेको छ भने छानामा एउटा गजुर रहेको छ । छाना अड्याउनका लागि काठका सादा टुँडालहरू रहेका छन् । मन्दिरमा प्रदक्षिणापथको व्यवस्था छैन, तर, चारैतिर सानो पेटीको व्यवस्था गरिएको छ । मन्दिरको प्रवेशद्वार पूर्वतिर रहेको छ भने उत्तर र दक्षिणतिर सानासाना आँखीझ्यालहरू राखिएका छन् । मन्दिरको गर्भगृहमा कालो प्रस्तरको निकै पुरानो दुईहात

भएको भीमसेनको मूर्ति रहेको छ। उक्त मूर्तिको दाहिने हातले खड्ग समातेर माथि उठाएको छ। गर्भगृहमा अन्य साना साना मूर्तिहरू पनि छन् जो चिन्न सकिँदैन। भीमसेन मन्दिरको गर्भगृहमा रहेको भीमसेनको मूर्तिलाई सुरक्षाका लागि स्थानीय नरेशकुमार श्रेष्ठको घरमा राखिएको छ। वर्तमान समयमा मन्दिरमा रहेको मूर्ति पछि स्थापना गरिएको भनिन्छ। व्यक्तिका घरमा राखिएका मूर्तिहरू वर्षमा एक पटक भीमसेन जात्राको दिन प्रदर्शन र पूजा अर्चनाको लागि ल्याइन्छ (देवराज आचार्य, ७९ र टेकबहादुर श्रेष्ठ, ८६ सँगको अन्तर्वार्ता)।

भीमसेन मन्दिरको पूजा वर्षमा दुई पटक गर्ने प्रचलन छ। एउटा विशेष पूजा भाद्र कृष्णाष्टमीको अर्को दिन मन्दिर सरसफाइ, पूजा र भजनकीर्तन गरी रातभरि जाग्राम बस्ने गर्दछन् र अर्को दिन बिहान सबै नेवारहरूले आ-आफ्नो घरबाट पूजा सामग्री ल्याई पूजाअर्चना गरी भीमसेनको मूर्तिलाई विशेष किसिमले सजाइएको खटमा राखी रथयात्रा गरिन्छ।

## ४.१.३४ भुवनेश्वरी-पाटेश्वरी भगवती मन्दिर, खैराबाङ, सल्यान

### ४.१.३४.१ अवस्थिति

यो यस क्षेत्रको प्रसिद्ध धार्मिक स्थल हो। यो मन्दिर शारदा नगरपलिका वडा नं. ११ खैराबाङ्मा पर्दछ। खैराबाङ् भगवती मन्दिर पुग्न सदरमुकाम खलङ्गादेखि २६ किलोमिटर र श्रीनगर बजारदेखि ६ किलोमिटर कच्ची मोटरबाटो यात्रा गर्नु पर्छ। भुवनेश्वरी भगवतीलाई पाटेश्वरी भगवती पनि भनिन्छ। यस मन्दिरको पूर्वमा श्रीनगर, पश्चिममा हिवल्चा, उत्तरमा खलङ्गा र दक्षिणमा खैराबाङ गाउँ पर्दछन्। खैराबाङ्को टाकुरामा अवस्थित यो मन्दिर समुद्र सतहदेखि १६०० मिटर उचाइमा रहेको छ (बि.क., २०७५, पृ. ४)।

### ४.१.३४.२ ऐतिहासिकता

खैराबाङ स्थित भुवनेश्वरी भगवतीको उत्पत्ति तथा ऐतिहासिकता बारे जानकारी दिने प्रामाणिक तथ्यहरूको अभाव छ। तर, यस सम्बन्धमा केही जनश्रुतिहरू र ऐतिहासिक परिघटनाहरू पाइन्छन्। एउटा जनश्रुतिअनुसार महाभारतमा भगवान् श्रीकृष्णकी बहिनी योगमायालाई कंशले ढुङ्गामा झट्केर मार्न खोज्दा कंशको हातबाट फुत्केर भुवन अर्थात् भुन (प्वाल) हुँदै विन्ध्याचल पर्वतमा पुगेको कुरा उल्लेख गरेको पाइन्छ। यस मन्दिरको पनि

गर्भ भागमा गहिरो प्वाल रहेको छ, जसलाई तामाको गोलो ढक्कनले छोपेर राखिएको हुन्छ । यसरी छोप्नुलाई पाट्नु पनि भनिन्छ ।

दोस्रो किम्वदन्ती अनुसार १४/१५ औँ शताब्दीतिर खैराबाङका एक बुढाथोकी परिवारकी महिला रातिमा पानी लिन पँधेरामा जाँदा नजिकै पाटेबाघ बसिरहेको र एउटा सुन्दरी युवती धारामा नुहाइधुवाइ गरी पूजापाठ गर्न लागेकी देखिइन् । पूजा सकेर ती सुन्दरी बुढाथोकी महिला कहाँ आई यो समय तिम्रो होइन, यो समयमा कहिले पनि नआउनू भनिन् र ती महिलालाई एउटा पञ्चपात्रो दिई घरमा लगी स्थापना गर्नु राम्रो हुनेछ भनी पाटेबाघमा चढी खैराबाङ्तिर लागिन् । ती बुढाथोकी महिला घरमा आई परिवार र गाउँमा सबैलाई यसबारे जानकारी दिइन् । त्यसपछि भगवतीका बारेमा चर्चा चल्न थाल्यो । फलस्वरूप भुनबाट भुवनेश्वरी र पाटे बाघबाट पाटेश्वरी भगवतीको नामकरण भयो र मन्दिर स्थापना गरी पूजाको सुरुवात गरियो ।

अर्को कथन अनुसार त्यस क्षेत्रमा बाघमा चढेर हिँड्ने एउटी युवतीको विषयमा चर्चा हुन थाल्यो । त्यस विषयमा खोजतलास गर्दै जाँदा जङ्गल बीचको टाकुरामा एउटा भुन (प्वाल) भेटियो । प्वालको नजिकै एउटा तरवार पनि भेटियो । गाउँकी बुढाथोकी थरकी महिलालाई भगवतीले आफू पाटेश्वरी कालिका भएको जानकारी दिइछन् । त्यसपछि त्यस स्थलमा पूजा गर्न थालियो । त्यसपछि वि.सं. १४७७ मा स्थानीय फल्गुदत्त उपाध्यायले कच्ची खर र काठको मन्दिर निर्माण गरी पूजा सुरुवात भएको विश्वास गरिन्छ । यस प्रकारका धेरै प्रकारका जनश्रुतिहरू पाइन्छन् ।।

खैराबाङ् भगवतीको उत्पत्ति तथा प्राचीनताका सम्बन्धमा एउटा ऐतिहासिक प्रसङ्ग पनि रहेको छ । पृथ्वीनारायण शाहको एकीकरण अभियानभन्दा अगाडि जुम्ला, प्युठान, सल्यान, दाङ, रुकुम आदिले भारतको तुलसीपुर स्थित पाटेश्वरी देवीलाई इष्टदेवी मानी बडादशैँ र चैतेदशैँमा पूजा गर्नका लागि आ-आफ्ना ब्राह्मणलाई त्यहाँ पठाउने प्रचलन रहेको थियो । त्यसैबेला एकीकरण अभियान सुरु भयो र भगवन्तनाथको सल्लाह बमोजिम पृथ्वीनारायण शाहकी छोरी विलास कुमारीको विवाह सल्यानी राजाका जेठा छोरा रणभीम शाहसँग भएको थियो । वि.सं. १८४३ मा गोर्खाली सेनाले दाङ लिएपछि दाङ-देउखुरी र तुलसीपुर (भारत) सल्यानको हातमा गयो । सल्यान र तुलसीपुरबीच सम्बन्ध बिग्री सल्यानीलाई पाटेश्वरी भगवतीको दर्शन तथा पूजा गर्न नदिने भएपछि वि.सं. १८४८ मा सल्यानीहरूले सल्यानस्थित खैराबाङ्मा नै पाटेश्वरी देवीको स्थापना गरी पूजाको सुरुवात

गर्न थालेको विश्वास गरिन्छ (गौतम, २०५०, पृ. ५१) । यी माथिका किम्वदन्ती, पुराण तथा ऐतिहासिक तथ्याहरूलाई केलाउँदा यसको लामो इतिहास देखिन्छ ।

### ४.१.३४.३ आनुष्ठानिक प्रचलन

यस स्थलमा नित्य पूजाअर्चनाको प्रचलन छ । यस मन्दिरमा आरम्भमा कालुदत्त अधिकारी र उनका सन्तानले पूजापाठको काम गर्दै आएकोमा वि.सं. १८१४ साउन ४ गतेदेखि तत्कालीन राजाबाट अधिकार पाई पौडेल थरका पुजारीले पूजा गर्न थालेको बुझिन्छ (आचार्य, २०७३, पृ. १७६) । यस स्थलमा बडादशैं र चैत्रदशैंमा विशेष पूजा हुने परम्परा छ । यस अवसरमा चण्डी, दुर्गा पाठ गरिन्छ । सप्तमीको दिन बाजागाजासहित भैरवको पूजा गर्ने र फूलपाती लिने प्रचलन छ । भैरवको पूजा गरी कालो बोको बलि दिने चलन छ ।

## ४.१.३५ मन्ठोऱ्या भवानी मन्दिर, उत्तर अमराई, दाङ

### ४.१.३५.१ अवस्थिति

यो स्थल घोराही उपमहानगरपालिका वडा नं. १० उत्तर अमराईमा अवस्थित छ । यो घोराही बजारदेखि करीब १० किलोमिटर पश्चिम घोराही-तुलसीपुर सडक खण्डमा अमराईबाट करीब१ किलोमिटर उत्तरमा रहेको छ । यसको नामकरण थारू जातिले गरेको देखिन्छ । यसलाई मनोकामना भगवती भन्न सकिन्छ । यस मन्दिरसँग विशेष गरी चौघेरा स्थित सिद्धरत्ननाथ मठ, देवी पाटन (भारत) स्थित पाटेश्वरी मन्दिर र दाङको थारू जातिको सम्बन्ध रहेको देखिन्छ । यस स्थलमा गुम्बजाकार शैलीको मन्दिर रहेको छ ।

### ४.१.३५.२ ऐतिहासिकता

मन्ठोऱ्या भवानी मन्दिरको विषयमा प्राचीन लेख्य तथ्यको अभाव छ तर यसको सम्बन्ध देवीपाटन (भारत) स्थित पाटेश्वरी देवी मन्दिर र सिद्धरत्ननाथ मठसँग देखिएको हुँदा यो निकै पुरानो स्थल हो भन्न सकिन्छ । जनश्रुति अनुसार पाटेश्वरी भगवतीले आफ्ना अनुचरहरूलाई एक रातमा सम्पन्न गर्ने गरी यस स्थलमा पठाएर मन्दिर निर्माण थालियो । तर, एक रातमा सम्पन्न हुनुपूर्व नै उज्यालो भएकोले देवीको आज्ञा अनुसार उनीहरू अपूर्ण मन्दिरको निर्माण कार्य छोडेर फर्केका थिए । त्यसैले मन्ठोऱ्या मन्दिर निर्माण पूर्ण हुन नसकी छानोको कार्य बाँकी नै रह्यो । यसको मध्य भागमा शिवलिङ्ग स्थापना गरिएको छ ।

गुम्बजाकार शैलीमा निर्मित यसमा मुगल शैलीका विशेषता देख्न सकिन्छ । कसैकसैले राजा रत्नपरीक्षकले मन्ठोऱ्या भवानीको तपस्या गरी सिद्धि प्राप्त गरेको भन्ने विचार राखेको हुँदा यो आठौँ शताब्दीतिरको हो कि भन्ने लाग्छ । हालै पुरानो अपूर्ण संरचना भत्काएर पुरातत्व विभागले नयाँ मन्दिर निर्माण गरेको छ ।

### ४.१.३५.३ आनुष्ठानिक प्रचलन

आजसम्म पनि प्रचलनमा रहेको पूजा अनुष्ठानका आधारमा मन्ठोऱ्या भवानी मन्दिरको सिद्धरत्ननाथ मठ र थारू जातिसँग सम्बन्ध देखिन्छ । यस मन्दिरमा माघ पर्वमा थारू जातिले पूजा गरेर भोग चढाएपछि मात्र सिद्धरत्ननाथ मन्दिरमा रोट भोग आदि चढाइन्छ । यस स्थलमा फागुनमा रोट र खिचडीको भोग चढ्छ भने असारमा खिरको भोग चढाउने चलन छ । सिद्धरत्ननाथ मठबाट देवीपाटन यात्रा गर्दा पहिले मन्ठोऱ्यामा पूजा गर्नु पर्ने प्रचलन रहेको छ । जनश्रुति अनुसार मन्ठोऱ्या मन्दिरभित्र पहिले एउटा कुवाँ थियो । त्यस कुवाँको पानीबाट अनेक रोगहरूको उपचार गरिन्थ्यो । उक्त कुवाँ रोगी व्यक्ति बाहेक अन्यले देख्दैनथे । कुवाँभित्र अनेक थरिका माछा, भ्यागुता, साप आदि जीवहरू र शिवलिङ्ग देखिन्थे । वर्षा याममा वर्षात भएन भने थारू समुदायले यस मन्दिरमा भेँडा, बोका, सुँगुर आदिको बलि र घिउमा पकाएको रोटी तथा गाईको दूधको धार दिएर पूजा गर्थे । हाल ल्वाङ, सुपारी, गडी, छोहरा, जाइफल चढाएर पूजा गरिन्छ (आचार्य, २०६५, पृ. २२) ।

## ४.१.३६ राधाकृष्ण मन्दिर, दुधेना, दाङ

### ४.१.३६.१ अवस्थिति

यो तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ दुधेनामा अवस्थित छ । सदरमुकाम घोराहीदेखि २७ किलोमिटर पश्चिममा रहेको मन्दिर दाङको प्रमुख व्यापारिक केन्द्र तुलसीपुरदेखि तीन किलोमिटर पश्चिम तुलसीपुर-सुर्खेत सडक खण्डको दुधेना गाउँमा अवस्थित छ । तुलसीपुर बजारबाट बसपार्क हुँदै पातुखोलाको पुल पार गरी दुधेना गाउँ हुँदै यस मन्दिरमा जान सकिन्छ । यस मन्दिरको पूर्वमा चन्द्रगञ्ज, पश्चिममा अस्वारा, दक्षिणमा बटोलपुर र उत्तरमा दमारगाउँ पर्दछन् ।

यस मन्दिरको नाम राधाकृष्ण भए पनि राधाकृष्ण मन्दिर परिसरमा अन्य देवीदेवताका मन्दिर तथा मूर्तिहरू पनि रहेका छन् । नेपाली शैलीको यो मन्दिर सुन्दर तथा आकर्षक रहेको छ । यस मन्दिरको प्रवेशद्वार दक्षिणतर्फ फर्केको छ । यस मन्दिरको नजिकै

मन्दिरकै नाममा धार्मिक वन रहेको छ । मन्दिर परिसरमा गणेश मन्दिर, सूर्य मन्दिर, शिव मन्दिर, सिद्धदेवीको आदि संरचनाहरू रहेका छन् ।

**४.१.३६.२ ऐतिहासिकता**

यस मन्दिरको स्थापना वि.सं. २०२९ सालमा तत्कालीन प्रधानपञ्च रामलाल के.सी.द्वारा भएको हो । आरम्भमा सानो फुसको छाना भएको मन्दिरमा राधाकृष्णको मूर्ति स्थापना गरिएको थियो (शोभाकर सापकोटासँगको अन्तर्वार्ता) । यसबाट यो मन्दिर आजभन्दा ४६ वर्ष अगाडि स्थापना भएको देखिन्छ । स्थानीय व्यक्तिहरूको भनाइअनुसार मन्दिर स्थापना हुनुभन्दा अगाडि यो स्थल केटाकेटीहरूले खेल मैदानको रूपमा प्रयोग गर्दथे । स्थानीय समाजसेवी तथा तत्कालीन प्रधानपञ्च रामलाल के.सी. धार्मिक स्वभावका भएको र त्यस वरिपरि देवीदेवताका अन्य मन्दिरहरू पनि नभएको हुनाले एकजना सन्यासीको सल्लाह अनुसार राधाकृष्ण मन्दिर स्थापना गरिएको थियो । मन्दिर स्थापना गरिएको केही समयपछि एकजना अपरिचित सन्यासी यस मन्दिर परिसरमा धुनी जगाई बसेपछि मन्दिरबारे चर्चा हुँदै गयो । वि.सं. २०४९ सालमा यस स्थलमा स्थानीयहरूको प्रयासमा अठार पुराण वाचन गराइयो । पुराण वाचनबाट रु. ६२ हजार सङ्कलन भएकोमा महाकाली क्लाथ हाउस तुलसीपुरका ध्रुवराज श्रेष्ठले दिएको एक लाख एक सय एघार रूपैयाँ दान र स्थानीयहरूको सहयोगबाट वर्तमान मन्दिर निर्माण गरियो । यसको शिलन्यास वि.सं. २०५० सालमा श्रवणनाथ योगीले गरेका थिए (आचार्य, २०६५, पृ. ८२-८३) ।

**४.१.३६.३ आनुष्ठानिक प्रचलन**

यस स्थलमा राधा-कृष्णका अतिरिक्त अन्य देवीदेवताहरूका मन्दिरहरू स्थापना गरिए पनि श्रीकृष्णाष्टमीलाई नै मुख्य पर्वका रूपमा मनाइन्छ । यहाँ प्रसादको रूपमा ज्वानो, टिमुरको जाउलो भोग लगाइन्छ । श्रावण महिनामा शिवपूजा विशेष किसिमले गरिन्छ । त्यसैगरी शरदकालको नवरात्र र चैत्र शुक्ल अष्टमीमा सिद्धि भवानीको पूजा गरिन्छ ।

## ४.१.३७ रामजानकी मन्दिर, कोइलाबास, दाङ

### ४.१.३७.१ अवस्थिति

यो गढवा गाउँपालिका वडा नं. ८ कोइलाबास बजारमा अवस्थित छ । यस क्षेत्रको प्रमुख धार्मिक तीर्थस्थलको रूपमा रहेको यो मन्दिर सदरमुकाम घोराहीदेखि ५२ किलोमिटर दक्षिण नेपाल-भारत सीमामा अवस्थित छ । यस स्थलमा पुग्न घोराहीदेखि लमही-गढवा-जमुनीबास हुँदै कोइलाबाससम्मको यात्रा गर्नु पर्दछ। राप्ती अञ्चलको द्वारको रूपमा चिनिने कोइलाबास भारतको बालापुरदेखि तीन किलोमिटर उत्तरमा रहेको छ । यस मन्दिरको पूर्वमा कोइलाबास खोला, पश्चिममा र उत्तरमा पर्वत शृङ्खला र दक्षिणमा कोइलाबास बजार रहेको छ। कोइलाबास भारतसङ्ग जोडिएको हुनाले यहाँका बासिन्दाहरूको सम्बन्ध भारतसँग नै हुने गर्दछ। मिश्रित शैलीमा निर्मित यो मन्दिर कोइलाबास बजारको मध्य भागमा रहेको छ । राप्ती क्षेत्रका रोल्पा, रुकुम, सल्यान, प्युठान र दाङ जिल्लाबाट दैनिक उपभोग्य वस्तुहरू, निर्माण सामग्रीहरू किन्न र आफ्ना उत्पादनहरू बिक्री गर्न समेत प्रयोग गरिने कोइलाबास नाका पहिले निकै प्रसिद्ध स्थलका रूपमा चिनिथ्यो । त्यसताका रामजानकी मन्दिर पनि यस क्षेत्रकै प्रसिद्ध धार्मिक स्थलका रूपमा प्रसिद्ध थियो । पूर्व–पश्चिम राजमार्गको निर्माण भएपछि यातायातको सुविधा र यस स्थलमा बाटो सुधार नहुँदा कोइलाबास खण्डहरको रूपमा र रामजानकी मन्दिर पनि ओझेलमा पर्‍यो । हाल बाटो निर्माणसँगै पुनः कोइलाबास र रामजानकी मन्दिर चर्चामा आउन थालेका छन् ।

### ४.१.३७.२ ऐतिहासिकता

कोइलाबास स्थित रामजानकी मन्दिरको इतिहास प्रकाश पार्ने तथ्यहरूको अभाव छ । यहाँको मूल मन्दिर वि.सं. १८८५ मा स्थापना भएको भनी मन्दिरको अग्रभागमा उल्लेख गरिएको छ। त्यसै गरी मन्दिरको अन्य भागहरू भने क्रमिक रूपमा बन्दै गएको देखिन्छ। स्थानीय बैजुनाथ गुप्ताका अनुसार यो मन्दिर आजभन्दा २०० वर्ष अगाडि स्थापना भएको बुझिन्छ। उनका अनुसार यो मन्दिरको निर्माण भारत तुलसीपुर निवासी कुनै गुप्ता परिवारले गरेका थिए। कसैले कोइलाबास निवासी तथा भारत बालापुर निवासी भक्तहरूको सहयोगमा यो मन्दिर निर्माण गरिएको हो भन्छन्। यस स्थलको सम्बन्ध दाङ स्थित रतननाथ मठसँग पनि रहेको देखिन्छ । प्रत्येक वर्षको चैत्र शुक्ल पूर्णिमामा भारत तुलसीपुर स्थित पाटनदेवी मन्दिरमा दाङबाट पात्रदेवता यात्रा गर्ने क्रममा काली मन्दिर र

रामजानकी मन्दिरमा बस्ने प्रचलन छ । यसै आधारमा कसैकसैले यस मन्दिरको स्थापना रतननाथ मठ स्थापनाकालको आसपास भएको हुन सक्ने अड्कल गर्दछन् । यस मन्दिरमा रामनवमीमा विशेष पूजाअर्चना हुन्छ । यस स्थलमा दैनिक पूजाको प्रचलन छ

## ४.१.३८ रुन्टीगढी प्रभु जन्मस्थल, रुन्टी, रोल्पा

### ४.१.३८.१ अवस्थिति

यो रुन्टीगढी गाउँपालिका वडा नं. ९ रुन्टीमा अवस्थित छ । यो स्थल स्वर्गद्वारीका प्रभुमहाराजको जन्मथलो हो । रुन्टीगढी गाउँपालिकाको केन्द्र होलेरीदेखि १६ किलोमिटर उत्तरमा अवस्थित रुन्टीको नामबाट नै गाउँपालिकाको नाम रुन्टीगढी राखिएको छ । सहिदमार्गको होलेरी-टिलामार्गको दहवनबाट करीब १२ किलोमिटर यात्रा तय गरेपछि रुन्टी पुग्न सकिन्छ । घोराहीबाट दुईखोली-होलेरी-दहवन हुँदै गाडीबाट २.५ घण्टामा यहाँ पुग्न सकिन्छ । यस स्थलमा प्रभु जन्मेको घर, यज्ञस्थल, गौशाला, धर्मशाला आदि संरचनाहरू रहेका छन् । रुन्टीदेखि पूर्वमा-गुनाम, पश्चिममा-हर्‍याङपहर, उत्तरमा–हरलधारा र दक्षिणमा–टुनिबोट रहेका छन् । गाउँहरूको बीचमा रहेको रुन्टी शान्त स्थानमा रहेको छ ।

### ४.१.३८.२ ऐतिहासिकता

स्वर्गद्वारी आश्रमका संस्थापक महाप्रभुको जन्म, बाल्यकाल र युवा अवस्था गरी पैंतीस वर्षको उमेर यसै रुन्टीमा व्यतीत भएको थियो । त्यसैले यो स्थल प्रभुमहाराजको पारिवारिक जीवन, बाल्यअवस्था, युवाअवस्था र सन्यासी जीवनको अनुभव र अनुभूतिको सङ्गम स्थलको रूपमा रहेको छ । वि.सं. १९१६ साल श्रावण शुक्ल एकादशीको दिन मध्यरातमा बुवा अनिरुद्र खत्री र आमा श्वेता खत्रीको जेठा छोराको रूपमा जन्मनु भएका प्रभुमहाराजको बाजेको नाम वासुदेव उपाध्याय गौतम थियो । भनिन्छ उहाँको जन्म हुँदा जल वर्षाका साथै पुष्प वृष्टि पनि भएको थियो । जनश्रुति अनुसार उहाँको जन्म भएपछि विभिन्न देवीदेवताहरू फरक फरक भेषमा नवजात शिशुको दर्शन गर्न आएका थिए (सुवेदी, २०७०, पृ. ५) । प्रभुमहाराज एक अलौकिक शक्तिले सिद्ध भएकाले जन्मेको छैठौं दिनपछि उहाँका अलौकिकता देखिन थालेको थियो । प्रभुमहाराज जन्मेको छैठौं दिनमा आमाले मासु खाएको हुनाले आमाको दूध खान छाडेको बुझिन्छ । यसरी नवजात शिशुले दूध खान छोडेपछि वैद्य, धामीको खोजी गर्न थालियो । त्यसै समयमा सपनामा आमालाई वास्तविक कुराको जानकारी गराई आफूलाई अबदेखि गाईको दूध खान दिन आग्रह गरी एकादशीमा

आफू निराहार बस्ने कुरा पनि आमालाई जानकारी दिनुभयो । प्रभु जन्मेको सातौँ दिनदेखि गाईको दूध सेवन गराई प्रभुको जीवन बचाइएको थियो ।

प्रभुको बाल्यकालमा पनि धेरै अलौकिक घटनाहरू घटेको पाइन्छ। भनिन्छ, एकपटक भगवान् श्रीकृष्णले जस्तै प्रभुमहाराजले आमाको काखमा खेल्दै हाँस्ने क्रममा आफ्नो मुखभित्र सम्पूर्ण ब्रह्माण्ड आमालाई देखाइदिनुभएको थियो । त्यसैगरी पाँच वर्षको उमेरमा एक दिन रुन्टीका किसानहरू आफ्ना पशुचौपायाहरू चराउन जङ्गलतिर जाने क्रममा प्रभुमहाराजले किसानहरूलाई आज दिउँसो त्यो पहाडमा ठूलो पहिरो जानेछ त्यसकारण त्यतातिर नजाऊ भने तर केही किसानहरू विश्वास नगरी पशुचौपायालाई त्यतै लैजाँदा ठूलो क्षति भएको थियो। यी घटनाहरूपछि उहाँ प्रभु महाराज कहलिनुभयो । प्रभुमहाराज शान्त, एकान्त स्थान चाहनुहुन्थ्यो एक दिन पाँच वर्षको उमेरमा एकाएक हराउनु भयो। तीन वर्षसम्म पनि घरमा नआएपछि घरपरिवारले आशा मारिसकेका थिए । तर, तीन वर्षपछि गाउँ नजिकैको एउटा गुफामा ध्यानमग्न आवस्थामा गोठालाहरूले देखेछन् । यसरी तीन वर्षपछि आशा मारिसकेका छोरा पाउँदा उनका परिवारमा मात्र नभई गाउँ नै हर्षित भयो । घरपरिवार सबैले घर फर्कनका लागि अनुरोध गर्दा पनि घरमा फर्कन नमानेपछि गाउँलेहरूले रुन्टी गाउँको माथि एकान्त जङ्गलमा सानो कुटी बनाई त्यहीँ कुटीमा बस्ने व्यवस्था मिलाए। प्रभुमहाराज दश वर्ष हुँदा बाबुको निधन भएपछि घरमा गई हिन्दू धर्म अनुसारको सम्पूर्ण अन्तिम संस्कार सम्पन्न गरी पुनः तपस्यारत हुनुभयो। प्रभुमहाराज १४ वर्षको हुँदा विवाहको लागि घर परिवारबाट दबाब आउन थालेपछि प्रभुमहाराजले आफैँले आफुमा कुष्ठरोग उत्पन्न गरी विवाहबाट मुक्त हुनुभएको बुझिन्छ । प्रभुमहाराज २४ वर्षको उमेरसम्म रुन्टीको कुटीमा तपस्यारत भई हिन्दू धर्म संस्कार अनुसार औपचारिक रूपमा सन्यास लिनु पर्ने भएकाले होलेरीदेखि पूर्वमा रहेको सखीलेक (गढीलेक) मा आफ्नो आश्रम बनाई तपस्यारत सच्चिदानन्द स्वामीबाट सन्यास दीक्षा लिई सन्यासी बन्नुभयो । उहाँको नाम हंसानन्द भयो । विधिवत् सन्यास धारण गरी प्रभुमहाराजले त्यही सखीलेकमा दुई वर्षसम्म गुरुको सेवा गरी बिताएपछि दुई वर्षपछि गुरुको आज्ञा लिएर आफ्ना चेला बोधानन्दका साथ पुनः रुन्टीको कुटीमा नै गएर तपस्या गरी अखण्ड यज्ञको सुरुवात गर्नुभयो। यो यज्ञ अनवरत आठ वर्षसम्म चलाई त्यहाँ यज्ञ सम्पन्न गरी वि.सं. १९५१ सालमा रुन्टीमा यज्ञको पूर्णाहुति गरी ३५ वर्षको उमेरमा चेला बोधानन्दका साथ शान्त स्थान र ज्ञानको खोजीमा स्वर्गद्वारी गएको बुझिन्छ (ध्रुवश्री, २०६९, ३४) ।

प्रभुमहाराजको न्वारानको नाम नारायण थियो । पछि भूत र भविष्य भन्न थालेपछि प्रभुमहाराज भन्न थालियो भने पाँच वर्षको उमेरमा नै तपस्या गरेको हुनाले बालतपसी भनियो । गुरु सच्चिदानन्दबाट गुरु दक्षिणा दिई हंसानन्द नाम दिइयो । सन्यास धारण गरी फर्केर रुन्टी आई अखण्ड यज्ञ सञ्चालन गर्न थालेपछि गुरु महाराज, प्रभुमहाराज र स्वर्गद्वारीमा गई यज्ञ सुरु गरे पछि महाप्रभु भन्न थालियो (श्रेष्ठ, २०७२, पृ. १४१) । यस स्थलमा दैनिक पूजा आराधना हुने प्रचलन छ । स्वर्गद्वारीमा हिन्दू धर्मावलम्बीहरूले मान्ने पर्वहरूमा विशेष पूजा हुने परम्परा रहेको छ ।

## ४.१.३९ विजयश्वरी भगवती मन्दिर, चौरजहारी, रूकुम

### ४.१.३९.१ अवस्थिति

यो चौरजहारी नगरपालिका वडा नं. २ गोतामेगाउँमा अवस्थित छ । यो मन्दिर चौरजहारी बजारदेखि डेढ किलोमिटर पूर्व अग्लो स्थानमा रहेको छ। यो मन्दिर सदरमुकाम मुसीकोटदेखि ४८ किलोमिटर पश्चिममा रहेको छ। मन्दिरसम्म नै मोटर बाटोको व्यवस्था भएकाले सजिलैसँग मन्दिरसम्म पुग्न सकिन्छ। यस मन्दिरको पूर्वमा–छेलो हान्ने धर्का/कोटजहारी, पश्चिम गोतामे गाउँ, दक्षिण रुकुमे गाउँ र उत्तर लाप्ले गाउँ रहेका छन्। लगभग एक रोपनी क्षेत्रफलमा फैलिएको यस मन्दिरको परिसरलाई चारैतिर सानो ढुङ्गाको पर्खाल र काँढे तारबारले संरक्षण गरिएको छ। पुरातत्व विभागमा सूचीकृत रहेको यस मन्दिर नेपाली शैलीको सानो भए पनि आकर्षक छ। मन्दिर अग्लो स्थानमा भएकाले यस स्थलबाट चारैतिरका सुन्दर दृश्यहरू सजिलैसँग अवलोक गर्न सकिन्छ । यो स्थल चौरजहारीको बाइसे राजाको दरबार क्षेत्रदेखि लगभग २५० मिटर दक्षिणमा अवस्थित छ र विजयश्वरी मन्दिरको उत्पत्ति हुनुभन्दा अगाडि यस स्थानलाई चौरजहारी नै भनिन्थ्यो। विजयश्वरी देवीको स्थापना भएपछि विजयश्वरी टोल भन्न थालियो र स्थानीयहरू विजयश्वरी माई भनी पूजा गर्दछन्।

### ४.१.३९.२ ऐतिहासिकता

विजयश्वरी भगवती मन्दिरको ऐतिहासिकता बारेमा प्रकाश पार्ने तथ्यको अभाव छ। त्यसैले यसको ऐतिहासिकतबारे जानकारी लिन स्थानीय बुढापाकाहरूको भनाइ तथा गाउँघरमा प्रचलित जनश्रुतिहरूलाई आधार मान्नु परेको छ ।स्थानीयहरूको भनाइ अनुसार यस मन्दिरको स्थापना पन्ध्रौं/सोह्रौं शताब्दीतिर भएको हो भन्ने अनुमान हुन्छ ।

जाजरकोटका बाइसे ठकुरी वंशका राजाले यसको स्थापना गरेको किम्वदन्ती अनुसार जाजरकोटका राजा दीपनारायण शाहलाई सपनामा भगवतीले म यस स्थानमा छु, मेरो पूजाआजा गरे तिम्रो कल्याण हुनेछ भनी भगवती अन्तर्ध्यान भएपछि अर्को दिन त्यस स्थानमा गई हेर्दा देवीको शिला भेटियो र त्यस शिलालाई स्थापना गरी पूजाको सुरुवात गरिएको थियो । लामो समयसम्म नै जाजरकोटबाट राजाहरू चौरजहारी आई पूजा गर्ने परम्परा थियो। तर, पछि जाजरकोटी एकजना राजाले देवीलाई नै जाजरकोटमा लगी स्थापना गर्ने उद्देश्यले प्राकृतिक रूपमा गाडिएको शिलालाई दिनभरि लगाएर खन्दा पनि मूर्ति निकाल्न सकेनन् त्यसै छोडेर गए। अर्को दिन पुनः खन्न जाँदा अघिल्लो दिन खनेको स्थान जस्ताको त्यस्तै भएछ। दोस्रो दिन पनि खन्न सुरु गरे तर पूरै खन्न सकेनन् र छाडेर गए । तेस्रो दिन पनि मूर्ति भाटिएर उस्तै भयो। यो अवस्था देखेर राजाले देवीलाई जाजरकोट लग्ने इच्छा त्यागी चौरजहारीमा नै मन्दिर बनाई पूजाको सुरुवात गरे भनिन्छ ( स्थानीय हरिशरण जैसीसँगको अन्तर्वार्ता) ।

जमीनमा गाडिएको अवस्थामा रहेको भगवतीको पूर्ण रूप देख्न नसकिए पनि तलको भाग मानिसको जस्तै दुईवटा खुट्टाको आकारमा रहेका छन् भनिन्छ (अन्तर्वार्ता–मोतीलाल पोखेल)। विजयश्वरी भगवतीलाई कसैले जमीनमुनि जगबाट उत्पन्न भएकाले जगदम्बा भवानी पनि भन्दछन्। यो मन्दिर मध्यकालको मध्यतिरको हो भन्ने अड्कल गर्न सकिन्छ।

### ४.१.३९.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

विजयश्वरी भगवतीको मन्दिर यहाँ भएका सम्पदाहरूमध्येको प्रमुख संरचना हो। विजयश्वरी भगवतीको स्थापनाकालमा अन्य कुनै भौतिक संरचना थिएनन् । यहाँ खुला डाँडामा भगवतीको मूर्ति मात्र थियो। पछि जाजरकोटका राजा दीपनारायण शाहले इँटाको गारो, ढुङ्गाको छाना भएको सानो मन्दिर बनाएका थिए। यो मन्दिर जीर्ण भएर भत्किने अवस्थामा पुगेपछि वि.सं. २०६० सालतिर मुकुन्दबहादुर शाहको सक्रियतामा नेपाली शैलीको वर्तमान मन्दिर निर्माण गराएका थिए। यो मन्दिर पहिलेको मन्दिरभन्दा केही ठूलो भए पनि पुरानै शैलीमा निर्माण गरिएको छ। पूर्वाभिमुख यस मन्दिरको पूर्व र उत्तर दुईवटा काठका ढोका रहेका छन्। प्रदक्षिणापथविहीन यो मन्दिर डेढ फिट अग्लो आधार पेटीमाथि चारैतिर सातवटा काठका खम्बा राखी छानोलाई अड्याइएको छ। मन्दिरको गर्भगृहमा कालो प्रस्तरको विजयश्वरी भगवतीको शिलाफलक स्थापना गरिएको छ। गर्भगृहको बीच भागमा एउटा सानो खाडलमा प्राकृतिक शिला रहेको छ। यो वर्तमान मन्दिर डेढ फिट

अग्लो आधार पेटीमाथि इँटा र माटोको गारो भएको, दुई तहको ढुङ्गाको छाना भएको र छानामा एउटा सुनौलो गजुर रहेको छ। यस मन्दिरको अग्रभागमा पीपलको रुखमुनि मन्दिरको पर्खालमा टाँसिएको ढुङ्गाको पाँच फिट अग्लो, एक फिट चाख्लो तीर रहेको छ। यो तीर जक्तीसेन महाराजले हानेको तीर हो भनिन्छ। यस्तै तीरहरू यस विजयश्वरी टोलका विभिन्न स्थानमा देख्न सकिन्छ। स्थानीयहरूको भनाइअनुसार जाजरकोटको पश्चिमतिरको पहाडमा जक्तीसेन महाराज बस्थे। मन्दिरको गर्भगृहमा सुर्खेतका रघुनाथ गिरीले सिमेन्टको भगवतीको मूर्ति निर्माण गरी स्थापना गरेका थिए।

### ४.१.३९.३ अन्य भौतिक संरचना र आनुष्ठानिक प्रचलन

विजयश्वरी भगवती मन्दिरको पूर्व-उत्तर भागमा नेपाली शैलीमा निर्मित कालिकाको मन्दिर रहेको छ। यस मन्दिरको स्थापना जाजरकोटका राजाका वंशज विवेक शाहले वि.सं. २०६० सालमा निर्माण गरेका थिए। यो जमीनको सतहदेखि एक फिट अग्लो आधार पेटीमाथि ढुङ्गा, माटोको गारोमा बाहिरबाट सिमेन्टको प्लाष्टर गरेको नेपाली शैलीको एकतले मन्दिर रहेको छ। पूर्वाभिमुख यस मन्दिरको आधार पेटीमाथि काठका ४ वटा खम्बा राखी खम्बाले छानालाई अड्याएको छ। यस मन्दिरको गर्भगृहमा भगवान् शिवको छातीमाथि उभिएकी पूर्णकदको सिमेन्टबाट निर्मित कालिकाको मूर्ति रहेको छ। यस मूर्तिमा कालिका भगवतीले मुण्डमाला, शिरमा अलङ्कृत मुकुट लगाएकी र विभिन्न आयुध समाती, जिब्रो बाहिर निकालेकी डरलाग्दो स्वरूप रहेको छ।

पहिले यस मन्दिरको नाममा केही गुठी जग्गा पनि थियो, तर, पछि आएर सबै अतिक्रमण भई अहिले मन्दिर परिसर मात्र रहेको छ। मन्दिरमा पूजा गर्नका लागि चौरजहारी, जाजरकोट, मुसीकोटबाट भक्तजनहरू आउँछन्। कसैले यस भगवती मन्दिरमा भाकल गरेको छ भने कुनै पनि पञ्चमी तिथिमा बलि दिने प्रचलन रहेको छ। यहाँ पूजा तथा दर्शन गर्नाले मनकामना पूर्ण हुने। सुख समृद्धि प्राप्त हुने, जनविश्वास छ।

## ४.१.४० शिव मन्दिर, उत्तर पिपरी, दाङ

### ४.१.४०.१ अवस्थिति

यो राप्ती गाउँपालिका वडा नं ८ पिपरीमा अवस्थित छ। यो मन्दिर गुम्बज शैलीमा निर्माण गरिएको छ। यो निकै कलात्मक, सुन्दर र आकर्षक छ। व्यक्तिगत जग्गामा भएको हुनाले मन्दिरको संरक्षणको अभावले गर्दा मन्दिर जीर्ण अवस्थामा रहेको छ। पिपरी गाउँको

बीचमा रहेको यो मन्दिर दाङको सदरमुकाम घोराहीदेखि २८.५ कि.मी दक्षिण पूर्वमा अवस्थित छ । यो स्थल घोराहीबाट लमही, सिसहनिया हुँदै पिपरी गाउँमा पुगेपछि उत्तरतिर गाउँको बीचमा रहेको छ ।

### ४.१.४०.२ ऐतिहासिकता

पिपरी स्थित शिव मन्दिरका बारेमा जानकारी दिने ऐतिहासिक तथ्यहरूको अभाव छ । यससम्बन्धी कुनै लिखित दस्तावेजहरू पाइँदैनन् । त्यसैले यस मन्दिरको इतिहासबारे जानकारी लिन स्थानीय व्यक्तिहरूको भनाइ र काठमा अङ्कित सङ्क्षिप्त अभिलेखको आधार लिनु पर्दछ । यस मन्दिरको ऐतिहासिकता त्यति लामो छैन । यसको इतिहास १७५ वर्ष अघिसम्म लग्न सकिन्छ । यस मन्दिरको स्थापना स्थानीय समाजसेवी, जमीनदार स्व. जगत्राम चौधरीले वि.सं. १९९९ सालमा भारतबाट कालीगढहरू ल्याएर आफ्नै व्यक्तिगत खर्चमा आफ्नै जग्गामा स्थापना गरेको कुरा स्थापनाकर्ताका सन्तानहरूले जानकारी दिन्छन् (आचार्य, २०६९, पृ. १२) । यस मन्दिरमा प्रयोग भएको एउटा काठमा वि.सं. १९९९ अङ्कित भएको छ, जसबाट यो मन्दिरको स्थापनाकाल बारेमा प्रष्ट बुझ्न सकिन्छ । यस क्षेत्रमा बस्ने थारू समुदायहरू शिवभक्त थिए र त्यस समयमा आ-आफ्ना क्षेत्रहरूमा शिवको मन्दिरहरू बनाउने प्रचलन रहेको देखिन्छ ।

### ४.१.४०.३ भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

यो मन्दिर चुनासुर्कीको प्रयोग गरी निर्मित छ । मन्दिरको गोलाई ४८ मिटर रहेको छ भने भित्रतिर आठ ठाउँमा कलात्मक खोपाहरू छन् । मन्दिरभित्र शिवलिङ्ग, शिव-पार्वती र गणेशका मूर्तिहरू छन् । मन्दिरमा परिवारबाट नित्य पूजा हुन्छ । शिवरात्रीमा विशेष पूजा गर्ने परम्परा रहेको छ ।

## ४.१.४१ शिव मन्दिर, घोराही, दाङ

### ४.१.४१.१ अवस्थिति

यो घोराही उपमहानगरपालिका वडा नं. १४ शिव मन्दिर टोलमा अवस्थित छ । यो मन्दिर घोराही बजारका मन्दिरहरूमध्ये सबैभन्दा पुरानो मानिन्छ (शर्मा, २०६८, ७) । घोराही बजारको केन्द्रमा रहेको यो मन्दिर सब्जीमण्डीको पछाडिको सडकको किनारमा रहेको छ । शिखर शैलीमा निर्मित यस मन्दिरको पूर्वमा थाना मार्ग रहेको छ भने अन्य

तीनतिर व्यक्तिगत घरहरू रहेका छन् । लगभग १२ धुर जति क्षेत्रफलमा रहेको यो मन्दिर कलात्मक र आकर्षक छ ।

### ४.१.४१.२ ऐतिहासिकता

शिव मन्दिरको ऐतिहासिक पृष्ठभूमिलाई केलाउने लिखित प्रमाणहरू पाइँदैन । तर, यो मन्दिर स्थापनाको बारेमा स्थानीयबाट जानकारी पाइन्छ । उनीहरूका अनुसार स्थानीय व्यापारी, समाजसेवी तथा धार्मिक व्यक्ति शिवदत्त गुप्ता र बुधै गुप्ता दुई दाजुभाइले वि.सं. १९८६ सालमा भारतबाट कालीगढहरू ल्याई आफ्नै जग्गा र निजी खर्चमा मूर्तिसहित मन्दिर निर्माण गरेका थिए (राजकुमार गुप्तासँगको अन्तर्वार्ता) । यस मन्दिरसँगै इनार पनि निर्माण गराएका थिए । तर, वर्तमान समयमा उक्त इनार भाटिएको छ । यो मन्दिर वि.सं. १९९० सालमा आएको भूकम्पबाट पूर्ण रूपमा भत्कियो । त्यसपछि स्थापनाकर्ताका छोराहरू सुन्दर गुप्ता र जगन्नाथ गुप्ताले भत्किएको पुरानो मन्दिरभन्दा केही सानो आकारमा तर पुरानै स्वरूपमा वि. सं. २०१० सालमा पुनःनिर्माण गरेको थिए (रामचन्द्र गुप्तासँगको अन्तर्वार्ता) ।

## ४.१.४२ शिव मन्दिर, दक्षिण पिपरी, दाङ

### ४.१.४२.१ अवस्थिति

यो मन्दिर राप्ती गाउँपालिका वार्ड नं. ८ दक्षिण पिपरीमा अवस्थित छ । यो स्थल लमहीदेखि पन्ध्र किलोमिटर पूर्व राजमार्गकै किनारामा रहेको छ । शिखर शैलीमा निर्मित यो मन्दिर यस क्षेत्रका महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा हो । यस मन्दिरको पूर्वमा बिजौरी गाउँ, पश्चिम रउत्तरमा शङ्कर मा. वि. तथा दक्षिणमा पूर्व-पश्चिम राजमार्ग रहेका छन् । थारू बस्तीको बीचमा रहेको यो मन्दिर यस क्षेत्रमा प्रसिद्ध छ । मन्दिरको पुजारी थारू जातिको रहने परम्परा भएको यस मन्दिरको स्थापना र संरक्षक थारू समुदाय नै रहेको छ । करीब ४ कट्ठा जग्गामा फैलिएको यस मन्दिरको परिसरमा शिव मन्दिरका साथै धुनीस्थल, प्रतीक्षालय, व्यास गढी, गणेश, कालिकादेवी आदिको पनि मन्दिर रहेका छन् ।

### ४.१.४२.२ ऐतिहासिकता

देउखुरीको दक्षिण पिपरी स्थित शिव मन्दिरको ऐतिहासिकताको विषयमा प्रकाश पार्ने लेख्य आधारको अभाव रहेको छ । यस सन्दर्भमा स्थानीय पाकाहरूको कथन नै आधार

मानिएका छन् । स्थानीय व्यक्तिहरूको भनाइ अनुसार वर्तमान समयमा पिपरीमा बसोवास गर्दै आएका पाँच पुस्ता अगाडिका पूर्वज तत्कालीन पटवारी तथा स्थानीय समाजसेवी शिवभक्त स्व. मनबोध चौधरीले आफ्नो व्यक्तिगत खर्चमा शिखर शैलीको यो शिव मन्दिर निर्माण गराएका थिए (शर्मा, २०६९) । यसबाट यो मन्दिर आजभन्दा लगभग २२५ वर्ष अगाडि स्थापना भएको हुन सक्छ । अर्थात् वि.सं. १८५० को आसपासतिर यस मन्दिरको स्थापना भएको हुन सक्ने अनुमान गरिन्छ । त्यस समयमा देउखुरीमा थारू समुदाय शिवभक्त भएको र आ-आफ्नो बसोबास क्षेत्रमा शिव मन्दिर स्थापना गर्ने प्रचलन रहेको देखिन्छ । देउखुरीका विभिन्न स्थानहरूमा शिव मन्दिरहरू स्थापना भएका छन् । त्यसैले यो मन्दिर पनि त्यसै समयमा निर्माण गरिएको हुन सक्छ ।

## ४.१.४३ शिव मन्दिर, सिसहनिया, दाङ

### ४.१.४३.१ अवस्थिति

यो राप्ती गाउँपालिका वडा न. ७ बड्का सिसहनियाँ गाउँमा अवस्थित छ । सदरमुकाम घोराहीदेखि सैँतीस किलोमिटर दक्षिण पूर्वमा रहेको यो मन्दिर पूर्व-पश्चिम राजमार्गको लमही-भालुबाङ सडकखण्डको सिसहनियाँ बजारदेखि ३५० मिटर दक्षिणमा रहेको छ। झण्डै ३०० वर्ष पुरानो यो मन्दिर कलात्मक छ। यो स्थल यस क्षेत्रका भक्तजनहरूको केन्द्र हो । थारू समुदायको बीचमा अवस्थित यो मन्दिरको पूर्वमा पिपरी, पश्चिममा कालापानी, दक्षिणमा छोट्की सिसहनियाँ र उत्तरमा सिसहनिया बजार पर्दछन् ।

### ४.१.४३.२ ऐतिहासिकता

यस मन्दिरको ऐतिहासिकतालाई स्पष्ट पार्ने पर्याप्त तथ्य पाइँदैन । त्यसैले मन्दिरको ऐतिहासिकता बारे बुझ्न बुढापाकाहरूको भनाइ, जनश्रुति तथा उपलब्ध अभिलेखहरूलाई आधार मान्नु पर्छ । यहाँ भेटिने अभिलेखमा मन्दिरको स्थापना वि.सं. १७२५ मा स्व. धर्मदास सतगैँयाले गरेको उल्लेख छ। यसको जीर्णोद्धार वि.सं. २०५० सालमा गरिएको पाइन्छ। स्थानीय व्यक्तिहरूको भनाइ अनुसार यो मन्दिरको निर्माण हुनुभन्दा धेरै अगाडि फुसको छाप्रो मात्र थियो । पछि यो मन्दिर निर्माण भएको हो । यो मन्दिर स्थापना गर्नुभन्दा अगाडि सिसहनियाँ गाउँभन्दा केही दक्षिण एउटा इमलीको रुखमुनि थानको रूपमा स्थापना गरिएको थियो । तर, त्यस स्थानमा थानको रूपमा कसरी स्थापना हुन गयो, सुरुमा कसले स्थापना गरेको थियो र कहिले सो थान स्थापना भएको थियो भन्ने सम्बन्धमा केही थाहा

पाउन सकिएको छैन । इमली भएको स्थानतिर राप्ती नदीको बहाव जान थालेपछि त्यस ठाउँबाट वर्तमान स्थानमा थान सारिएको थियो भनिन्छ । सोही थान भएको स्थानमा पछि आएर स्थानीयहरूको सहयोगमा समाजसेवी धर्मदास सतगैंयाले कलात्मक, सुन्दर र भव्य शिखर शैलीको मन्दिर निर्माण गराएका थिए (रोहणप्रसाद चौधरीसँगको अन्तर्वार्ता, २०७८) । यस मन्दिरप्रति यहाँका जनताहरूको प्रगाढ आस्था तथा विश्वास रहेको छ ।

## ४.१.४४ शिव मन्दिर (शङ्खमूल, सल्यान)

### ४.१.४४.१ अवस्थिति

यो छत्रेश्वरी गाउँपालिका वडा नं. ५ शङ्खमूलमा अवस्थित छ । यो मन्दिर सल्यानका प्रसिद्ध धार्मि कस्थलहरूमध्ये प्रमुख मानिन्छ । यो मन्दिरसम्म दाङ-सल्यान सडक खण्डको घोप्टे अमराईबाट पाँच मिनेटको पैदल यात्रा गरी पुग्न सकिन्छ । सदरमुकाम खलङ्गादेखि लगभग ११ किलोमिटर पूर्व-दक्षिणमा अवस्थित रहेको यो शिव मन्दिर सल्यानको प्रसिद्ध शारदा नदीको किनारमा अवस्थित छ । यो मन्दिर निकै सुन्दर र आकर्षक छ । शिखर शैलीको यो मन्दिर छत्रेश्वरी जाने मार्गको समीपमा छ । मन्दिरको छेउँमा शङ्ख आकारबाट पानी आउने मूल रहेको छ, त्यसैले शङ्खमूल नामकरण भएको विश्वास गरिन्छ । शङ्खमूलमा स्नान गर्नाले मनुष्य सम्पूर्ण पापहरूबाट मुक्त हुन्छ र मनोकाङ्क्षा पूर्ण हुन्छ भन्ने विश्वास छ ।

### ४.१.४४.२ ऐतिहासिकता

शङ्खमूलको उत्पत्ति र यसको धार्मिक महत्वका सम्बन्धमा प्रामाणिक स्रोतहरूको अभाव छ । तर, यस स्थलको महत्व, महिमा तथा प्राचीन समयदेखि नै पुजित हुँदै आएको कुरामा दुई मत छैन । यसको उत्पत्ति तथा स्थापनाका सम्बन्धमा विभिन्न जनश्रुतिहरू प्रचलनमा रहेको पाइन्छ ।

एउटा जनश्रुति अनुसार देवादिदेव महादेवले काँधमा बोकेको सतीदेवीको मृत देहबाट बाँकी रहेका शेष अङ्ग सबै छायाँक्षेत्रमा पतन भएर महादेवले आफूले बोकेकी सतीदेवीलाई नदेखेपछि यसै स्थानमा मूर्छित भई भूँइमा लडे । यसरी लड्दा महादेवको जटा भुइँमा बज्रियो र बज्रिएको स्थानबाट पानीको मुहान फुट्यो । त्यो शङ्खाकारको रूपमा हुन पुग्यो र लोकले यो पवित्र स्थान भनी पूजा गर्न थाले ।

दोश्रो जनश्रुति अनुसार महादेव मूर्छित भएर यस स्थानमा ढलेपछि स्वर्गमा हाहाकार भयो। सबै चिन्तित हुन थाले। सबै देवताहरूले भगवान् विष्णुलाई पुकार्न थाले । फलस्वरूप भगवान् विष्णु स्वयं यहाँ आई मूर्छित भगवान् महादेवलाई ब्युँताउनका लागि र मृत शरीर बोकेर अशुद्ध, भएका महादेवलाई शुद्ध पार्नका लागि यस स्थानमा भगवान् विष्णुले आफ्नो शङ्ख जमीनमा बजारी पानी उत्पत्ति गराए र उक्त पानीको फोहराबाट महादेवलाई ब्युँझाई शुद्ध पारिएको हुँदा यो स्थान पवित्र मानी पूजा गर्न थालेको विश्वास गरिन्छ (डिल्लीराज रेग्मीसँगको अन्तर्वार्ता)। यसको उत्पत्तिको सम्बन्धमा धेरै प्रकारका जनश्रुतिहरू छन् ।

शङ्खमूलको उत्पत्ति र पूजाको सुरुवातका सम्बन्धमा माथिका विभिन्न जनश्रुतिहरूका साथै अन्य कथनहरू पनि रहेका छन्। जे भए पनि शङ्खमूलको उत्पत्ति र पूजाको सुरुवात सत्ययुगदेखि नै भगवान् महादेवका कारणले भएको हो भन्ने कुरामा सबैको एकमत पाइन्छ।

### ४.१.४४.३ भौतिक अवस्थ र आनुष्ठानिक प्रचलन

प्रसिद्ध शारदा नदीको पूर्वी किनारमा अवस्थित यो शङ्खमूल ढुङ्गाको शङ्खाकार डोबमा रहेको छ। शङ्खाकार डोबबाट पानी आउँथ्यो। तर, पछि त्यसको संरक्षणका लागि दुईवटा कुण्डहरू निर्माण गर्नाले शङ्खाकार छोपिएको छ। पानीको सतहमा कुनै आकार आउँदैन। यस नयाँ संरचनामा एउटा कुण्डको जल अर्को कुण्डमा जाने व्यवस्था गरिएको छ। संरक्षण गर्न थालेपछि शङ्खाकार ढुङ्गाको संरक्षण त भएको छ तर मूल भने ढाकिएको छ। यस स्थलमा सानो शिव मन्दिर पनि रहेको छ। यो शिखर शैलीमा इँटा र ढुङ्गाबाट निर्माण गरिएको छ। लगभग ४ फिट अग्लो रहेको यस मन्दिर भित्र कालो प्रस्तरको शिव मूर्ति स्थापित  छ।

यस स्थलमा शिवरात्रीमा ठूलो मेला लाग्दछ। शिवरात्रीमा स्नान गर्नका लागि भक्तजनहरू ठूलो सङ्ख्यामा आउँछन्। शङ्खमूलमा स्नान गर्नाले सम्पूर्ण पापहरू नष्ट हुने, मनोकाङ्क्षा पूरा हुने विश्वास गरिन्छ। त्यसैले शिवरात्री तथा विशेष पर्वहरूमा यहाँ स्नान गर्न टाढा-टाढाबाट भक्तजनहरू आउने प्रचलन छ। विशेष गरी यहाँ स्नान गरी यहाँको जल छत्रेश्वरीमा चढाउनाले पुण्य प्राप्त हुनुका साथै पूजाको सार्थकता हुन्छ भन्ने

जनविश्वास रहेको छ। छत्रेश्वरी मन्दिर र शङ्खमूल एक अर्काका नजिक रहेकाले दुवैलाई जोडेर पनि हेर्न सकिन्छ।

## ४.१.४५ शिव मन्दिर, सित्तलपाटी, सल्यान

### ४.१.४५.१ अवस्थिति

यो शारदा नगरपालिका वडा नं. १ सित्तलपाटीमा अवस्थित छ। यसलाई रुद्रेश्वर महादेव पनि भन्छन्। यो मन्दिर सल्यानको सदरमुकाम खलङ्गादेखि ९ किलोमिटर पूर्वमा पर्दछ। दाङ-सल्यान सडक खण्डको सित्तलपाटी बजारमा रहेको यस मन्दिरको पूर्वमा दाङ-सल्यान सडकखण्ड र उत्तर, दक्षिण र पश्चिममा व्यक्तिगत घरहरू रहेका छन्। गुम्बज शैलीमा निर्माण भएको यो मन्दिर राणा शासनकालीन मानिन्छ। यो क्षेत्रको प्रसिद्ध शिवालयको रूपमा प्रचलित छ।

### ४.१.४५.२ ऐतिहासिकता

यो मन्दिर र पाटीको इतिहास त्यति धेरै पुरानो देखिँदैन। यिनीहरूको इतिहास खोज्दै जाने हो भने राणाकालीन समयसम्म मात्र पुग्न सकिन्छ। एउटा शिलालेखमा शाके १७३५, श्री गीर्वाणयुद्ध विक्रम शाहको समयमा निर्माण गरिएको उल्लेख छ। यस शिलालेख अनुसार यो पाटी गीर्वाणयुद्धविक्रम शाहको समयमा निर्माण भएको स्पष्ट हुन्छ। स्थानीय बुढापाकाहरूका अनुसार शिवमन्दिर र पाटी एकै समयमा निर्माण गरिएको भनिन्छ। त्यस समयमा बेसीमा औलो लाग्ने भएको हुँदा सबै कोट लाग्ने चलन थियो। यसले गर्दा बडाहाकिम, जर्नेल, साहेबज्यू आदि सरकारी मानिसहरू खलङ्गामा बस्थे। यिनीहरू शनिबार वा बिदाको दिन शारदा नदीमा नुहाउन आउने र दिनभरि यतै बसी रमाइलो गर्थे। त्यस समयमा त्यहाँ ठूलो पीपलको रुख थियो। यही रुखमुनि बस्थे। सल्यानको भ्रमण गर्न गीर्वाणयुद्धविक्रम शाह आएको समयमा साहेबज्यूले यस स्थानमा पाटी र शिव मन्दिरको आवश्यकता छ भनी बिन्ती चढाएपछि गीर्वाणयुद्धको आदेश अनुसार यो पाटी र शिव मन्दिर निर्माण गरिएको बुझिन्छ। यसपछि शारदामा नुहाउने, शिव मन्दिरमा पूजाअर्चना गर्ने र दिनभरि पाटीमा बसी रमाइलो गर्ने भयो। यस मन्दिरको दक्षिणतिर पहिले लमपाटी थियो। यस लमपाटीमा टाढाबाट आउँदा जाँदा बास बस्ने गर्थे। यो लमपाटी अहिले छैन भत्केको छ। यस मन्दिर र पाटीका सम्बन्धमा पुरातत्व विभागले प्रकाशन गरेको पुस्तकमा यी दुवै सम्पदाहरू अलगअलग समयमा स्थापना भएको उल्लेख गरेको छ। उक्त पुस्तक अनुसार

शिवालयको निर्माण वि.सं. १८७४ मा श्री रुद्रवीर शाहले निर्माण गराएका थिए भने पाटीको निर्माण वि.सं. १९७० मा गीर्वाणयुद्धविक्रम शाहले बनाउन लगाएको उल्लेख पाइन्छ ।

### ४.१.४५.३ अन्य सम्पदा र आनुष्ठानिक प्रचलन

यस मन्दिरको संरक्षणका लागि चारैतिर पर्खालले घेरिएको छ । मन्दिर परिसरमा प्रवेश गर्नका लागि पूर्वतिर फलामको सानो प्रवेशद्वार राखिएको छ । यो मन्दिर गुम्बज आकारमा निर्मित छ । मन्दिरमा गुम्बजको माथिको भागमा पित्तलको एउटा गजुर रहेको छ। मन्दिरमा प्रदक्षिणा पथ राखिएको छैन । तर, मन्दिरको चारैतिर पेटी भने रहेको छ। मन्दिरको गर्भगृहमा कालो प्रस्तरको पादपीठसहितको शिवलिङ्ग रहेको छ। मन्दिरभित्र प्रवेश गर्नका लागि पूर्व दिशामा काठको एउटा प्रवेशद्वार राखिएको छ। प्रवेशद्वारको बाहिर भित्तामा एकातिर पार्वती र अर्कोतिर गणेशको आकृति बनाइएको छ। मन्दिरको मूल प्रवेशद्वार अगाडि मन्दिरतर्फ फर्केको कालो प्रस्तरकै बसेको साँढेको मूर्ति रहेको छ भने प्रवेशद्वारको दुवैतिर निकै पुरानो देखिने घण्टहरू छन् । एउटा घण्ट फुटेको र अर्को बजाउन सकिने घण्टमा सम्वत् १९७४ अङ्कित छ । तर, अक्षर भने घिसिएर अस्पष्ट छन् । मन्दिर इँटा, सुर्की र चुनाबाट निर्माण भएको देखिन्छ । वि.सं. २०५५ सालतिर सामान्य जीर्णोद्धार गर्ने क्रममा कहीँ कही सिमेन्टको पनि प्रयोग गरिएको पाइन्छ। मन्दिरको पूर्व दक्षिण भागको पर्खालका खोपाहरूमा निकै पुराना मानिने कालो प्रस्तरका मूर्तिहरू राखिएका छन्, जो घिसिएर चिन्न नसकिने अवस्थामा छन् । दाक्षिणतिर दुईवटा रुख पनि रहेका छन् । यस स्थलमा भक्तजनहरूले पूजाअर्चना गर्ने प्रचलन छ । शिवरात्रीमा यहाँ भक्तजनहरूको उल्लेख्य उपस्थिति रहन्छ ।

## ४.१.४६ शिव महादेव मन्दिर, भदौरे, रोल्पा

### ४.१.४६.१ अवस्थिति

यो रोल्पा नगरपालिका वडा नं. १ भदौरे रोल्पामा अवस्थित छ । यो मन्दिर यस क्षेत्रकै प्रसिद्ध तीर्थस्थलको रूपमा चिनिन्छ। यस मन्दिरलाई भदौरे मन्दिर पनि भन्छन् । यस मन्दिरमा वर्षमा एकपटक भदौ महिनाको पूर्णिमामा मात्र पूजा गरिन्छ। यसरी भदौमा मात्र पूजाआजा हुने भएकाले भदौरे मन्दिर भनिएको हो । भालुबाङ-लिबाङ सडक खण्डको भदौरे भन्ने स्थानमा अवस्थित यो मन्दिर सदरमुकाम लिबाङदेखि ६ किलोमिटर पश्चिममा रहेको छ। यो स्थल पहाडको फेदी तथा जङ्गलको बीचमा रहेकाले यो क्षेत्र सुन्दर, शान्त र

प्राकृतिक वातावरणले पूर्ण रहेको छ । यस मन्दिरको पूर्वमा बामरुक, पश्चिममा सातदोबाटो, उत्तरमा पोखरी र दक्षिणमा भदौरे पहाड रहेका छन् । यो स्थल त्यति पुरानो नभए पनि यसको ख्याति भने चारैतिर फैलिएको छ ।

### ४.१.४६.१ ऐतिहासिकता

भदौरे मन्दिरको ऐतिहासिकता त्यति पुरानो देखिँदैन । यसको प्रचीनता खोजी गर्दै जाँदा वि.सं. १९६१ सालसम्म मात्र पुग्न सकिन्छ । यसको स्थापना तथा उत्पत्तिको विषयमा विभिन्न अनेक जनश्रुतिहरू पाइन्छन् । एउटा कथन अनुसार वि.सं. १९४१ मा जन्मेका जसराम पुन बीस वर्षको उमेरमा वि.सं. १९६१ सालमा एकाएक बौलाहा जस्तै भएर बरबराउँदै हिँड्नथाले । उनी गाउँघर, इष्टमित्र सबै बिर्सिएर भौँतारिन थाले । यसै क्रममा उनी एकाएक हराए । उनको खोजी घरपरिवारबाट भए पनि पत्ता लगाउन सकिएन । एक महिनापछि उनी फेरि आफैँ घरमा आए र उनले सबै कुरा गाउँलेलाई सुनाए । उनी हराएपछि जङ्गलमा अर्धचेत अवस्थामा यत्रतत्र घुमिरहन्थे । तर, कसले घुमायो उनलाई केही थाहा हुँदैनथ्यो । यसरी घुम्दा अनौठो आकारको सेतो शिला उनी जहाँ जान्थे त्यहीँ देखिन्थ्यो । पछि जङ्गलबाट फर्केपछि पनि त्यो शिलाले उनको पिछा छाडेन । त्यो शिला उनले मात्र देख्दथे अन्य कसैले देख्दैनथे । त्यसै समयमा भगवान् शिवले उनलाई प्रत्यक्ष दर्शन दिई मेरो स्थापना गरी पूजा गर्नु सबै ठिक हुन्छ भनी अन्तर्ध्यान भए । त्यसपछि जसरामले प्राप्त गरेको उक्त शिला स्थापना गरी पूजाको सुरुवात गरेका हुन् भनिन्छ (धामी पणीलाल पोखेलसँगको अन्तर्वार्ता) ।

त्यसैगरी अर्को जनश्रुति अनुसार वर्तमान मन्दिर भएको स्थानमा पहिले मगर समुदायको मकैबारी थियो र बारीको एकछेउँमा गोठ पनि थियो । त्यस गोठमा अचानक आगो लाग्यो । गोठमा भएका सबै सामानहरू जलेर नष्ट भए । त्यसै समयमा धामी त्यहीँ मकैबारीमा नाच्न थाले । धामी नाच्दै यो स्थान मेरो हो, यहाँ थान बनाई पूजा गर्नु, यो स्थान तिमीहरूले छोड भनी बक्न थाले । धामीले यहाँ शिव भगवान्को थान बनाई पूजा गर्नू भनेका छन् भनेपछि मगरहरूले यो स्थान छोडेर गए ।

वि.सं. १९६१ सालमा सानो ढुङ्गा, माटोको गारो र फुसको छाना राखी शिवथान निर्माण गरी जसरामले प्राप्त गरेका शिला र काँसको सानो घण्टलाई शिवथानमा स्थापना गरी पूजाको सुरुवात गरिएको थियो । यसले अहिलेसम्म पनि निरन्तरता पाइरहेको छ ।

यसरी मन्दिरको संस्थापक जसराम पुनलाई मानिन्छ । उनले मन्दिरको स्थापना गरी पूजाको सुरुवातका साथै पूजा सम्बन्धी विधिविधान समेत लागु गरे । उनको वि.सं. २०२१ सालमा ९० वर्षको उमेरमा मृत्यु भयो। उनको मृत्यु भएपछि उनले बाँधेको विधिविधान अनुसार नै यस मन्दिरको पूजा सञ्चालन भइरहेका छन् (धामी नन्द पोखेलसँगको अन्तर्वार्ता) ।

### ४.१.४६.३. भौतिक अवस्था र आनुष्ठानिक प्रचलन

भदौरे मन्दिरको इतिहास नयाँ भएको हुनाले मन्दिरमा भएका सबै संरचनाहरू पनि नयाँ नै रहेका छन्। यहाँ पहिले जसराम पुनले वि.सं. १९६१ सालमा ढुङ्गाको पर्खाल लगाई प्राप्त शिला र घण्ट स्थापना गरी सामान्य थानको रूपमा निर्माण गरी पूजाको सुरुवात गरेका थिए । पछि जसरामले नै ढुङ्गा, माटोको गारो तथा फुसको छाना लगाई मन्दिर निर्माण गरेका थिए। यो मन्दिर जीर्ण भएपछि ढुङ्गाको छाना हाली मन्दिरको जीर्णोद्धार गरियो तर यो मन्दिर पनि समयको गतिसँगै जीर्ण भई भत्किने अवस्थामा पुगेपछि स्थानीयहरूको पहलमा वि.सं. २०६५ सालतिर शिखर शैली र तले शैलीको मिश्रित रूपमा मन्दिर निर्माण गरिएको थियो। यो मन्दिरको निर्माण गर्दा तत्कालीन नेपाली सेनाका जवानहरूले निःशुल्क श्रमदान गरेका थिए । पूर्वतिर फर्केको यो मन्दिरको प्रवेशद्वार सामान्य रहेको छ भने मन्दिर एक फिट अग्लो प्रदक्षिणापथ निर्माण गरी इँटा, सिमेन्टको गारो र गारोमा बाहिरबाट प्लाष्टर गरिएको छ। मन्दिरको गर्भगृहमा चार हातयुक्त ध्यानमग्न अवस्थाका जटायुक्त महादेवको मूर्ति रहेको छ। गर्भगृहमै जसराम पुनले प्राप्त गरेको प्रस्तरको मूर्ति पनि रहेको छ। त्यसै गरी भक्तहरूले चढाएका घण्ट, त्रिशूलहरू पनि गर्भगृहमै रहेका छन्। ढलाइ गरेको छानामा माथितिर चुच्चो परेको छ र त्यही चुच्चो भागमा एउटा फलामको त्रिशूल गजुरको रूपमा राखिएको छ ।

भदौरे मन्दिरमा मुख्य शिव मन्दिरका साथै मन्दिर परिसरमा भगवान् शिवका अनेक वाहनहरूमध्ये वनस्पति सिद्ध, पुठापालु र महाकालीका थानहरू रहेका छन्। यी सबै थानहरू एकै आकार प्रकारका छन् भने निर्माण सामग्रीहरू पनि एउटै छन् । वि.सं. २०७२ सालतिर निर्माण भएका यी थानहरूको गर्भगृहमा भक्तहरूले चढाएका साना ठूला धातुका त्रिशूल रहेका छन् ।

रोल्पा जिल्लामा रहेका सांस्कृतिक सम्पदाहरूमध्ये यो नयाँ सम्पदाको रूपमा चिनिन्छ । सामान्य पर्खालले घेरिएर थानको रूपमा सुरुवात भएको यो मन्दिर उचित व्यवस्थापन र स्थानीयहरूको चासो तथा सहयोगले गर्दा नै होला आज आएर पक्की मन्दिरको रूपमा विकास हुन सकेको छ । यस स्थलमा नित्य पूजा गरिँदैन । वर्षमा दुई पटक मात्र पूजा गरिन्छ । एउटा पूजा जेष्ठ पूर्णिमामा र अर्को पूजा भदौरे पूर्णिमामा गर्ने प्रचलन छ । भदौरे पूर्णिमामा हुने पूजामा ठूलो मेला लाग्दछ । यस समयमा टाढाटाढाबाट भक्तजनहरू आउँछन् , यस स्थलमा पूजा आराधना गर्नाले मनोकामना पूरा हुने, सन्तान प्राप्त हुने विश्वास गरिन्छ ।

## ४.१.४७ शेरमुक्तेश्वर शिवालय, बाहुनठाना, रूकुम

### ४.१.४७.१ अवस्थिति

यो सिस्ने गाउँपालिका वडा नं. ७ बाहुनठानामा अवस्थित छ । शेरमुक्तेश्वर शिवालय कमलदहको दक्षिणतिर मध्यपहाडी लोकमार्गको किनारमा रहेको छ । यो शिवालय पूर्वी रुकुमको मुख्य व्यापारिक केन्द्र छिप्रीदह बजारदेखि दुई किलोमिटर उत्तर-पूर्वमा रहेको छ । कमलदह र यो शिवालय मध्यपहाडी लोकमार्गको वरपर रहेका छन् । यो स्थल समुद्र सतहदेखि १५८१ मिटरको उचाइमा अवस्थित छ । यो शिवालयको पूर्व कमल दह, पश्चिम मध्यपहाडी लोकमार्ग, उत्तर चिउरेनी र दक्षिण छिप्रीदह बजार पर्दछन् । शिवालयसम्म जानका लागि मध्यपहाडी लोकमार्ग प्रयोग गर्न सकिन्छ । शेरमुक्तेश्वर शिवालय यस क्षेत्रको पुरानो धार्मिक सम्पदा हो । यो कला तथा वास्तुकलाको दृष्टिले महत्वपूर्ण रहेको छ । यस शिवालयबाट कमलदहको प्राकृतिक सुन्दरताका साथै रुकुमकोट तथा अन्य प्राकृतिक दृश्यहरूको अवलोकन गर्न सकिन्छ ।

### ४.१.४७.२ ऐतिहासिकता र आनुष्ठानिक प्रचलन

यस शिवालयको ऐतिहासिकतालाई प्रमाणित गर्ने कुनै ऐतिहासिक स्रोतहरू उपलब्ध छैनन् । शिवालयको स्थापना कसले, कहिले र किन गरे भन्ने सम्बन्धमा लामो जानकारी पाइँदैन । त्यसैले यसको इतिहासका बारेमा जानकारी स्थानीय बुढापाकाहरूको कुराकानीबाट प्रसङ्गबाट लिनु पर्ने हुन्छ । जस अनुसार श्री ३ देव शमशेरकी कान्छी रानी कर्मकुमारीले तानसेन जेलमा कैदी अवस्थामा नै रहेका बाबु शेरजङ्गशाहको मृत्यु भएपछि बाबुको स्मृतिमा शिवालय स्थापना गरिएको हो भनिन्छ । शेरजङ्ग शाहको स्मृतिमा स्थापना

गरिएको शिवालयको नाम शेरमुक्तेश्वर शिवालय नामकरण गरियो । त्यसै गरी यस शिवालयमा रहेको भग्न घण्टमा अस्पष्ट संवत्सहित कर्मकुमारीले चढाएको उल्लेख भएबाट यो मन्दिरको निर्माणकर्ता कर्मकुमारी हुन् भन्न सकिन्छ (पुरातत्व विभाग, २०४६, पृ. ५४) यसका साथै मन्दिरको गजुरमा संवत् १९५३ उल्लेख गरिएको छ। यी माथिका विभिन्न प्रमाणहरूबाट मन्दिरको स्थापना वि.सं. १९५३ मा भएको प्रमाणित हुन्छ। कसैकसैले यो शिवालय वि.सं. १९५३ सालमा देव शमशेरले आफ्नी छोरीलाई पूजा आराधना गर्नका लागि स्थापना गरिदिएका हुन् भनिन्छ। देव शमशेरकी छोरीको विवाह रुकुमकोटका राजखलकसँग भएको थियो (गम्भीर थापासँगको अर्न्तवार्ता)। शिवालयको स्थापनाका सम्बन्धमा विवाद देखिए पनि स्थापना भने देव शमशेरको समयमा भएको स्पष्ट छ। यस स्थलमा दैनिक पूजा हुन्छ।

## ४.१.४८ सिद्ध भगवन्तनाथ समाधि, श्रीगाउँ, दाङ

### ४.१.४८.१ अवस्थिति

सिद्ध भगवन्तनाथ समाधि नाथ सम्प्रदायको महत्वपूर्ण प्रमुख धार्मिक स्थल हो । तर, यो सबैको लागि धार्मिक स्थलको रूपमा प्रसिद्ध रहेको छ। यो समाधि दङ्गीशरण गाउँपालिका वडा नं. ७ श्रीगाउँमा अवस्थित छ। यो स्थल जिल्ला सदरमुकाम घोराहीदेखि लगभग ३६ कि.मी पश्चिम तुलसीपुर-सुर्खेत खण्डमा अवस्थित छ। तुलसीपुर बजारदेखि लगभग १२ किलोमिटर पश्चिममा अवस्थित यो मन्दिर ऐतिहासिक तथा धार्मिक सम्पदा हो। यो स्थल योगी भगवन्तनाथको जीवनसँग जोडिएको छ भने सिद्ध भगवन्तनाथको सम्बन्ध नेपालको एकीकरण अभियानसँग जोडिएको छ। सिद्ध भगवन्तनाथ र उनका शिष्य भुवनेश्वरनाथको समाधि रहेको यस स्थलमा बाघ भैरव, महामया भगवती, धुनीघर तथा शिव मन्दिरहरू रहेका छन् ।

### ४.१.४८.२ ऐतिहासिकता

सिद्ध भगवन्तनाथको ऐतिहासिकतालाई खोज्दै जाने हो भने उत्तर मध्यकालसम्म पुग्न सकिन्छ । ऐतिहासिक प्रमाणहरूले उनको सम्बन्ध सल्यानी राजा कृष्ण शाह र गोरखाका राजा पृथ्वीनारायण शाहसँग भएको पुष्टी गरेका छन्। त्यसैले उनी मध्यकालीन समयका हुन् भन्ने प्रमाणित हुन्छ। जसले गर्दा यस मन्दिरको प्रारम्भिक समय पनि मध्यकालको नै हुनसक्छ। यस समाधि मन्दिरको प्रमुख व्यक्ति सिद्ध भगवन्तनाथ भएकोले

उनको ऐतिहासिकताबारे प्रकाश पार्नु आवश्यक छ । उनका बारेमा योगी वंशावली भाग १ मा जानकारी दिइएको छ । भारतको हुण्डर कल्हुडका शासक भगवन्तले छोरालाई आफ्नो सम्पूर्ण राजकाज सुम्पी सन्यासी भई विभिन्न स्थानको भ्रमण गर्दै हिँड्ने क्रममा वि.सं. १८२० तिर सल्यान आइपुगे । त्यस समयमा गोरखामा पृथ्वीनारायण शाह र सल्यानमा श्रीकृष्ण शाहको शासन थियो । कानमा कुण्डल लगाएका, बाघको छालामा विराजमान भएका सवालाख झारखण्ड घुम्दै सल्यानी राजाको दरबारनेर लाखुरीको रुखमुनि धुनी जगाई लामो समयसम्म बस्दा पनि उनलाई कसैले ध्यान दिएनन् । एकदिन राजाका भारदारहरूले योगीको लटाबाट पानी तप्की रहेको देखी राजालाई जाहेरी गरे । फलस्वरूप राजाले योगीलाई दरबारमा बोलाई लटाबाट पानी तप्केको कारण सोध्दा “राजा भएर व्यक्तिगत सुखभोगमा भुलिरहने, प्रजाको सुखदुखबारे केही थाहा नहुने तिमी कस्ता राजा हौ ? भेरी नदीमा डुङ्गा पल्टिँदा सैरालु (भैलो) खेल्न जान थालेका दुईवटा कन्या डुब्न थालका थिए, उनैलाई बचाएर फर्केकोले लटाबाट पानी तप्केको हो भनी जवाफ दिए । योगीको कुरामा विश्वास नगरी भारदारलाई घाटमा बुझ्न पठाउँदा योगीले भनेका कुरा सबै देखेका दुईजना गोठाला घाटमा नै भेटिए । योगीले भनेको कुरा सत्य सावित भएपछि राजा स्वयं योगी समक्ष गई विनय गरे, “गुरु दया गरी गोरखाको राजाको खारो जाग्या छ त्यसबाट यो राज्य बचाउनु होस्, पार लगाउनु होस्” भने र योगीले भने उसो भए “राजा सबैको साझा हुनुपर्छ, मालिक बन्न्या होइन, माली हुन्या हो । दरबारमा मात्र बसी अयस आराम गरी रैतानलाई दुःख दिन्या होइन, पुत्र बराबर पालना गर । तिम्रो डुङ्गा अड्याउने उपाय जोरी दिन्या छु” भने । यसबाट राजा श्रीकृष्ण शाहले योगीको श्रद्धा गर्न थाले । श्रीकृष्ण शाहको राजकाजमा धेरै सुधार गराई योगी जनताको सुख, दुःख, मर्म बुझ्दै भिख माग्दै गोरखा पुगे । गोरखामा गोरखनाथ गुफामा धुनी जगाई बसे । शिव रूपी योगी गुफामा बसेको कुरा थाहा पाई पृथ्वीनारायण शाह गुफामा गई गोरखनाथको स्वरूप मानी योगीलाई दण्डवत् गरे । पृथ्वीनारायण शाहलाई कीर्तिपुर विजय गर्न निकै गाह्रो भएको थियो । मेरो धेरै क्षति भयो । केही उपाय छ भनी सोध्दा, योगीले तिम्रो काम फत्य होला म उपाय जोरुँला भनी सल्यानी राजा श्रीकृष्ण शाहका सुपुत्र रणभीम शाहसँग मैयाँ विलासकुमारीको विवाह गरी पश्चिम सल्यान-जाजरकोट र जुम्लाबीच एकता गर्ने सल्लाह दिए (योगी वंशावली, पृ. ८७) । जसअनुसार वि.सं. १८२५ मा सिद्ध भगवन्तनाथको मध्यस्थतामा पृथ्वीनारायण शाह र कृष्ण शाहबीच एक धर्मसन्धि पनि भएको थियो (आचार्य, २०७४ पृ. ८७-८८) ।

सल्यानी राजकुमार रणभीम शाह र गोरखाकी राजकुमारी विलासकुमारीको विवाह सम्पन्न भएपछि कीर्तिपुर विजयका लागि राजा र फौजका साथ सिद्ध भगवन्तनाथ पनि गएका थिए । विष्णुमती दोभान कालमोचन घाटमा पुगेपछि भगवन्तनाथले योग विचार गरी हेर्दा कीर्तिपुरमा बाघभैरवको ज्यादै आराधना गर्ने भएकोले गोर्खालीको हार भएको रहेछ । योगीको आदेश अनुसार एउटा तित्रो ल्याई भैरवको उपासना गरी तित्रो राजाको हातमा दिई कीर्तिपुर बाघभैरवको छाना हेरेर उडाउन लगाए तर उडाएको तित्रो छानामा नबसी अगाडि गयो । यो साइत परेन भनी त्यस रातभरि बाघभैरवको उपासना गरी अर्को दिन फेरि अर्को तित्रोलाई पहिले जस्तै उपासना गरी राजालाई उडाउन लगाए । यो तित्रो भैरव मन्दिरको छानामा गई बस्यो । अब कीर्तिपुर आक्रमण गर्ने साइत छ भनेपछि गोरखालीले कीर्तिपुरमा आक्रमण गरी विजय भएपछि पृथ्वीनारायण शाह खुशी भई कीर्तिपुरको राजगद्दीमा बस्न आग्रह गर्दा सिद्ध भगवन्तनाथले “म योगीलाई राजपाठ चाहिएन जो दिन्या हो मैया विलासकुमारीलाई “देनू” भनी पृथ्वीनारायण शाहलाई उपदेश दिई पश्चिमतिर लागे । पृथ्वीनारायण शाहले सम्मान स्वरूप शाके १६९५ सम्वत् १८३० मा एक राजनीतिक पत्र सिद्ध भगवन्तनाथलाई चढाएका थिए ।

सिद्ध भगवन्तनाथबाट प्रभावित भएर पृथ्वीनारायण शाहले उनलाई श्री १०६ को उपाधि दिएर बागरखोलादेखि पश्चिम चिरेगारदेखि दक्षिण र बबई नदीदेखि उत्तर पूर्वको चारकिल्ला भित्रको भूभाग गुरु दक्षिणाको रूपमा प्रदान गरे । उक्त चारकिल्ला भित्रको वन फँडानी गरी बस्ती बसाली श्रीगाउँमा मठ स्थापना गरे (पूर्ववत) । सल्यानी राजा श्रीकृष्ण शाहले पनि भगवतीको नाममा गुठी दिनुका साथै काशी जाँदा सुनारमा सिसुवा गाउँ दिएका थिए । कृष्ण शाहद्वारा जारी गरिएको रुक्का पत्र यस प्रकार छ “श्री श्री श्रीमहाराजधिराजकस्य रुक्का श्रीकृष्ण साह सुत श्री रणभीम श्रीश्रीश्री सिद्ध भुवनेश्वरनाथजीके ...... कासी बस्न जाँदा........लाई सुनारमध्ये सीसवा गाउँ भीक दियाँको हो सो बमोजिम हामीबाट पनि थामी बिर्ता गरी दिञ्यूँ सो गाउँले चर्च्याको जग्गा बिर्ता जानी चलं गर इति सम्वत् १८५४ साल मिति आषाढ वदि ९ रोज ३ शुभम” (योगी, २०२२, पृ ६) ।

यसरी सिद्ध भगवन्तनाथबाट प्रभावित भएर त्यस समयका अन्य राजाहरूले पनि उनको सम्मान स्वरूप विभिन्न गाउँहरू गुठीको रूपमा दिएका थिए । छिल्लीका राजाले डाँडागाउँ, बडहरा, चौवागाउँ, दिए, लखनउका नबाबले बहराइच जिल्लाको गोरखपुरमा

तीन गाउँ दिएका थिए । त्यसै गरी पृथ्वीनारायण शाहले भगवन्तनाथलाई केही निश्चित जातिहरूलाई एक आना दस्तुर चढाउने व्यवस्था गर्नुका साथै कृष्ण शाहले दाङका पछिल्ला प्रगन्नाका चौधरीहरूलाई श्रीगाउँ मठलाई बेठबेगारी गर्ने पत्र जारी गरेका थिए (योगी, २०२२, पृ ९०) । यसै गरी मध्यकालका पृथ्वीनारायण शाहका साथै अन्य राजाहरूले समेत उनको सम्मान गर्थे । नेपालको एकीकरणमा उनको विशेष योगदान देखिन्छ । जसले गर्दा पृथ्वीनारायण शाहले उनी र उनका उत्तराधिकारीको कदर गर्दै विभिन्न सुविधा प्रदान गरेका थिए । भगवन्तनाथ सिद्ध योगी मात्र नभई एक सफल कुटनीतिज्ञ पनि थिए । श्रीगाउँ मठमा उनले चलाएको नियम पछिसम्म पनि चल्दै आए पनि आर्थिक अभावका कारणले गर्दा अहिले प्रायः सबै कार्य बन्द नै रहेको छ । सिद्ध भगवन्तनाथले सम्पूर्ण जगत्को भलो गर्दै उनको इच्छा अनुसार वि.सं. १८४३ मा श्रीगाउँ मठमा नै जीवित समाधि लिएको बुझिन्छ ।

## ४.१.४९ सूदय रामेश्वर शिवालय, बिजौरी, दाङ

### ४.१.४९.१ अवस्थिति

यो तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ बिजौरीमा अवस्थित । सूदय रामेश्वर शिवालय बिजौरी क्षेत्रको एक महत्वपूर्ण धार्मिक स्थल हो । सदरमुकाम घोराहीदेखि २१ किलोमिटर पश्चिममा अवस्थित यो मन्दिर तुलसीपुर–घोराही सडकखण्डको बिजौरी चोकबाट १ कि.मी दक्षिण रहेको छ । लगभग २५० वर्ष पुरानो मानिने यो शिवालय रहेको स्थानमा ब्राह्मण जातिको बस्ती रहेको छ । यस मन्दिरको पूर्वमा मानपुर/डाँडागाउँ, पश्चिममा बकुलाही, उत्तरमा बिजौरी र दक्षिणमा मानपुर पर्दछ । बिजौरी-भोजपुर सडक खण्डको बिजौरी गाउँको पूर्वतिर अवस्थित यस मन्दिरमा शिव पाञ्चायन देवताहरू रहेका छन् । जसमा शिवालय बीचमा रहेको छ भने शिवालय वरिपरि हनुमान, सरस्वती, गणेश, सूर्यनारायण, राधाकृष्ण, स्वस्थानी माता, लक्ष्मीनारायण देवीदेवताका मन्दिर तथा मूर्तिहरू स्थापित छन् । मजगैयाँहरूका पूर्वज लक्ष्मीनारायणले विद्वान् सूदयराम नाम गरेका पुत्र प्राप्त गरेपछि डेढ बिगाहा क्षेत्रफल रहेको जग्गामा यस शिवालयको स्थापना गरेको बुझिन्छ । मजगैयाँका पुर्खाले स्थापना गरेको हुनाले मजगैयाँ परिवारको संरक्षणमा यस मन्दिरको व्यवस्थापन तथा विकास गरिँदै आएको पाइन्छ ।

### ४.१.४९.२ ऐतिहासिकता

सूदयरामेश्वर शिवालयको ऐतिहासिक पृष्ठभूमिलाई खोज्दै जाने हो भने आजभन्दा लगभग २५० वर्ष अगाडिसम्म पुग्न सकिन्छ। ऐतिहासिक स्रोत अनुसार पन्ध्रौं शताब्दीको आसपासमा आजका मजगैयाँहरूका पुर्खा विद्याधर उपाध्यायलाई छिल्लीका राजा मेघनाथ शाहले प्युठान दाखाक्वाडीबाट ल्याई आफ्नो गुरूपुरोहितको रूपमा राखेका थिए (मजगैयाँ, २०५३, पृ. ९) । उनै विद्याधरका छैठौँ पुस्ताका लक्ष्मीनारायण अत्यन्त धार्मिक स्वभावका पण्डित थिए। यसले गर्दा लक्ष्मीनारायणका छोरा सूदयरामको समय वि.सं. १८३० देखि १८९६ साल मानिएको छ। त्यसै गरी यस मन्दिरको धर्मशालामा राखिएको एउटा शिलालेखमा वि.सं. १८३४ सालमा लक्ष्मीनारायण पोखेलद्वारा यस सन्तानेश्वर महादेवको रूपमा स्थापित सूदयरामेश्वर शिवालय स्थापना गरेको उल्लेख भएको छ (मजगैयाँ, २०५३, पृ. १०)। यस मन्दिरको स्थापनाको सम्बन्धमा एउटा जनश्रुति रहेको छ । जस अनुसार लक्ष्मीनारायणले एकदिन बिहान आफ्नो नित्यकर्म सकी पूजा कोठामा पूजा गर्दै गरेको बेला 'अलख निरञ्जन' भन्दै एक सिद्ध पुरुष आए र लक्ष्मीनारायण पुजारीको भेषमा नै बाहिर आई योगीलाई शिष्टाचार गर्दै के टक्र्याऊँ महात्मा भने। महात्माले तिमीहरूको सन्तान धेरै पुस्तादेखि एउटा मात्र हुँदै आएको रहेछ, यसैले तिमीबाट मैले केही पनि लिँदैन बरु मेरो उपदेश सुन "तिमीहरूले परम्परादेखि देउखुरीबाट प्राप्त गर्दै आएको जुठो रकम जम्मा गरी एक ठाउँमा राखी त्यसमाथि शिवलिङ्ग स्थापना गरी पूजा सञ्चालन गर्नु त्यस स्थानमा बगैँचा लगाउनु, त्यसपछि तिम्रो सन्तान वृद्धि हुनेछ" भनी महात्मा अन्तरध्यान भएछन्। महात्माको भनाइअनुसार लक्ष्मीनारायणले आफ्नै निजी जग्गामा शिवालय स्थापना गरी बगैँचा लगाए। यस कार्यपछि लक्ष्मीनारयणका पुत्र सूदयरामका चार वटा पुत्रहरूको जन्म भयो । यसैले सन्तानेश्वर महादेवको स्वरूपमा छोराको नाम जोडेर सूदयरामेश्वर शिवालयको नामकरण गरिएको थियो। सुरुमा शिवालयको स्थापना बिजौरी कुलोको किनारामा भए पनि पछि त्यो स्थान सानो र साँघुरो भएको हुनाले वि.सं. १९९१ सालमा जीवनारायण र बामदेवको सक्रियतामा भारत बलरामपुरका कालिगढबाट हालको स्थानमा गुम्बज शैलीको मन्दिर निर्माण भएको थियो (मजगैयाँ, २०५३, पृ. १८)। यो मन्दिर पनि जीर्ण भएपछि वि.सं. २०२२ सालमा जनता महाविद्यायालयका सचिव पं. रामप्रसादको सक्रियतामा अर्को नयाँ मन्दिरको पुनः स्थापना गरियो । यो मन्दिर पनि जीर्ण भएपछि वि.सं. २०५३ सालमा श्रीधर मजगैयाँको अध्यक्षतामा गठित कार्यसमितिले वर्तमान मन्दिर निर्माण

गऱ्यो भने पछि आएर भक्तहरूले देवीदेवताका मन्दिरहरू निर्माण गरिदिएका छन् । मन्दिरको व्यवस्थापन तथा नित्य पूजा गर्नका लागि बिजौरीमा डेढ बिगाहा खेत पनि रहेको छ (भैरवप्रसाद मजगैयाँसँगको अन्तर्वार्ता) । यस स्थलमा दैनिक पूजाको व्यवस्था मिलाइएको छ । शिवरात्रीमा विशेष पूजा गर्ने प्रचलन रहेको छ ।

## ४.१.५० स्नादेवी थान, टिमुरचौर, प्युठान

### ४.१.५०.१ अवस्थिति

प्युठान जिल्लामा रहेका विभिन्न सांस्कृतिक सम्पदाहरूमध्ये स्नाथान महत्वपूर्ण धार्मिक स्थल हो । यस थानलाई इश्नादेवी थान, स्नाकोट देवी थान, स्षना थान आदि नामहरूले पनि सम्बोधन गरिन्छ । यस स्थानको प्राचीन नाम स्षना थान हो । तर, पछि समयको क्रमसँगै स्षना अपभ्रंश हुँदै जाँदा उपर्युक्त विभिन्न नामले पुकारिन थालिएको पाइन्छ । यो झिमरुक गाउँपालिका वडा नं. ८ टिमुरचौर गाउँदेखि माथि अग्लो डाँडामा अवस्थित छ । अग्लो स्थानमा भएकाले यहाँबाट चारैतिरका प्राकृतिक दृश्यहरू अवलोकन गर्न सकिन्छ । यो प्युठान जिल्लाको सदरमुकाम खलङ्गादेखि लगभग २६ किलोमिटर उत्तर-पश्चिममा अवस्थित छ । स्नाथानको पूर्वमा टिमुरचौर, पश्चिममा तुसारा गाउँ, उत्तरमा दियाल्नचौर र दक्षिणमा पनि तुसारा गाउँ नै पर्दछन् ।

### ४.१.५०.२ ऐतिहासिकता

स्नाथानको ऐतिहासिक पृष्ठभूमिलाई खोज्दै जाने हो भने १५औं/१६औं शताब्दीसम्म पुग्न सकिन्छ । प्रामाणिक स्रोतको अभाव रहेकाले इतिहास तथा यसको उत्पत्तिका सम्बन्धमा यहाँका बासिन्दाहरू बीच प्रचलित जनश्रुतिलाई आधार मान्नु पर्ने अवस्था छ । यहाँ कुनै संरचनाहरू नभएको हुनाले पनि स्नाथानको प्राचीनताबारे थाहा पाउन गाह्रो भएको हो । स्नाथानको उत्पत्ति सम्बन्धमा स्नाथान नजिकै रहेका तुसारागाउँ र टिमुरचौरमा प्रचलित जनश्रुतिले महत्व राख्दछ । जस अनुसार तुसाराकोटका एक राजाका (खड्का) तीन बहिनी छोरीहरू कालिका, मालिका र स्ना थिए । यी तीन छोरीहरूमध्ये कालिका र मालिकाको विवाह भई आ-आफ्नो स्थानमा गए तर स्नाको विवाह नहुँदै तुसाराकोटमा आक्रमण भयो । यसले गर्दा स्ना भागेर हालको अग्लो स्थान स्नाथानमा गएर लुकिन् । तर, त्यहाँ पनि शत्रु आएपछि भाग्ने ठाउँ पाइनन् र शत्रुबाट मर्नुभन्दा आफै मर्न राम्रो भनी धर्तीमातालाई चिरा पर्न आग्रह गरिन् । फलस्वरूप धर्ती चिरा पऱ्यो । त्यही चिरामा स्ना

पसी अदृश्य भइन् । त्यसपछि यस ठाउँमा मानिस आउन-जान छाडे । लामो समयसम्म चिरा परेको प्वालबाट कुनै वर्ष कपाल देखिने र कुनै वर्ष नदेखिने हुन थाल्यो । कपाल देखिएको वर्ष सहकाल हुने, वर्षा हुने, रोग ब्याध नलाग्ने जस्ता शुभ हुने र नदेखिएको वर्ष नराम्रो हुन थाल्यो । स्नाको कपाल हरेक चैतेदशैंमा पुजारीले हेर्ने गर्थे (गिरी, २०५२, पृ. १३१) । यसपछि स्नाथानप्रति मानिसहरूको विश्वास बढ्न थाल्यो । स्नाथानको उत्पत्तिका सम्बन्धमा अनेक लोकआख्यानहरू प्रचलनमा आउन थाले । एउटा कथन अनुसार यस्तो रहेको छ । स्नाथानमा गाई चराउन जाँदा कहिलेकाँही स्नाले ग्वालाहरूलाई टीका लगाइदिने गरेको भनाइ रहेको छ । त्यसै गरी अर्को कथन अनुसार एकपटक एउटा जोगी समक्ष स्नादेवी प्रकट भई मलाई काली पाठीको भोग दिई पूजा गर्ने गरेमा यस वरपरको स्थानमा सहकाल आउने, रोगब्याधी नलाग्ने, दुःख दरिद्रबाट टाढा रहने, मनोकामना पूरा हुने, सुख शान्ति प्राप्त हुने कुरा बताए पछि उक्त जोगीले सबै कुरा गाउँलेहरूलाई सुनाए । जोगीको सल्लाह अनुसार स्नाथानमा काली पाठीको बलि दिई पूजा गर्ने प्रचलनको सुरुवात भयो ( आचार्य, २०७३, पृ ९३) । स्नादेवीको पूजाको सुरुवातका सम्बन्धमा अर्को भनाइ पनि प्रचलनमा रहेको छ । वि.सं. २०१७ सालदेखि स्नाथान र तुसाराकोटको दशैंको पूजा गर्दै आएका मुख्य पुजारी केशव पोखेलका अनुसार स्नाथानमा पहिले कुनै मन्दिर वा संरचना थिएनन् । अहिले सानो थान बनाइएको छ । त्यसै समयमा धेरै पहिले तुसारागाउँमा प्राकृतिक प्रकोप तथा रोगब्याधी वृद्धि भएपछि धामी झाँक्रीलाई हेर्न लगाउँदा स्नादेवीलाई काली पाठीको बलि दिने, काली मैली गाईको दूधको धार दिने र चामलको रेखी हाली स्नाथानमा पूजा गर्नु पर्छ भन्न थाले । त्यसै अनुसार पूजा गर्ने चलनको सुरुवात भएको मानिन्छ । त्यसैगरी पूजाको सुरुवातका सम्बन्धमा तुसारा गाउँका सबैभन्दा पहिलो बासिन्दा बस्नेतहरू थिए र बस्नेतको अगुवालाई एकपटक सपनामा स्नादेवी प्रकट भई महतराहरूसँग भएको कालीमैली गाईको दूधको धार दिई पूजा गरेमा यहाँ राम्रो हुने भनेपछि स्नाथानमा पूजाको सुरुवात भएको विश्वास गरिन्छ (गिरी, २०५२, पृ १३२) ।

कसैले स्नाथान तुसाराकोट अन्तर्गतको अग्लो डाँडामा थियो भन्छन्, कसैले तुसाराकोट अलग्गै राज्य थियो भन्दछन् । कसैले भित्रीकोट राज्यकै एउटा सामन्ती राज्य थियो भनेका छन् । तुसाराकोटका मुख्य पुजारीका अनुसार त्यस समयमा स-साना थुप्रै भुरेटाकुरे राज्यहरू थिए । तुसाराकोटमा पनि मन्त्रीसहितको फौज बसेको थियो । यहाँको अन्तिम मन्त्री रते बिष्ट निकै अत्याचारी र क्रुर थियो । यसले गर्दा यहाँका मानिसहरू

भित्रीकोटे राजा रते बिष्टलाई हटाउन निवेदन गरे र बस्नेत जातिको फौजलाई तुसाराकोट पठाए। उक्त फौजले तुसाराको पुजारीको सल्लाह अनुसार बिहान कुखुराको डाँकोमा आक्रमण गर्न सल्लाह दिए। पुजारीको सल्लाह अनुसार तुसारामा आक्रमण गरी रते बिष्टलाई जिउँदै खाल्डोमा गाडी मारेको भनिन्छ। ती बस्नेत फौजहरू यही तुसारामै बस्न थालेको पाइन्छ। यी बस्नेतहरूको हातमा शासन आएपछि बस्नेतहरूले कोटको वरिपरिको जग्गा अन्य जातिहरूलाई दिए भने बीचको बाँकी मुख्य जग्गामा आफू बसे। तुसाराकोट र स्नाथानमा पूजाको सुरुवात गरे । एउटा भनाइअनुसार बस्नेत फौजहरूसँग आएका केही फौजहरू लडाइँ सकेर म्यालपानीको धारामा नुहाइरहेकी दमिनीको हातबाट पानी खाएको हुनाले उनीहरू दमाई थरमा पुगे । उनीहरू रन प्याली दमाई भनिन्छन्। यी दमाईहरूलाई त्यहीँ बसोबास गर्नको लागि जग्गा बिर्ता दिई बस्ने व्यवस्था मिलाइयो । यिनै रन प्याली दमाईले बनाएको टपरी मूल टपरीको रूपमा स्नादेवीलाई चढाइन्छ (गिरी, २०७२, पृ. १३३)। अर्को भनाइ अनुसार तुसाराको पछ्याईहरूसँग श्रीपेच थियो भन्ने भनाइबाट तुसारामा अलग्गै राज्य थियो भन्न सकिन्छ। त्यसैले कसैले तुसारामा ठकुरी वंशका खड्का राजा थिए, ती खड्का राजाकी छोरी नै स्ना थिइन् भन्ने गर्दछन्। जेहोस्, तुसारा एउटा सामन्ती राज्य थियो जहाँ स्नाथान थियो भन्ने कुरा इतिहासले स्पष्ट गरेको छ।

### ४.१.५०.३ आनुष्ठानिक प्रचलन

यस स्थानमा सानो थान बनाइएको छ। पहिल पहिले स्वतस्फूर्त रूपमा पूजा हुने प्रचलन थियो । अहिले यहाँ चैतेदशैं र बडादशैंमा विशेष पूजा हुन्छ। यस अवसरमा ठूलो मेला लाग्छ। यहाँ चैतेदशैंभन्दा अगाडि त्यस वर्षका लागि पुजारी चयन गर्ने प्रचलन छ।

## ४.१.५१ स्वर्गद्वारी आश्रम, स्वर्गद्वारी, प्युठान

### ४.१.५१.१ अवस्थिति

'स्वर्गद्वारी' शब्द 'स्वर्ग' र 'द्वार' दुई शब्द मिली बनेको छ। 'स्वर्ग' भनेको देवलोक र 'द्वार' भनेको ढोका भन्ने हुन्छ। यसरी स्वर्गको ढोकाको रूपमा स्वर्गद्वारीलाई मान्ने गरिन्छ। स्वर्गद्वारी भन्नाले देवलोक प्राप्त गर्ने ढोका भन्ने बुझिन्छ। यो स्वर्गद्वारी नाम किन रहन गयो भन्ने सम्बन्धमा विभिन्न कथनहरू पाइन्छन्। जस्तै वैदिककालमा ऋषिमुनिहरू र तपस्वीहरू यस स्थानमा आई यज्ञ, अनुष्ठान तथा तपस्या गर्दा स्वर्ग प्राप्त गरेकाले यस स्थानको नाम स्वर्गद्वारी रहन गयो भनिन्छ। अर्को भनाइ अनुसार वेदव्यास जस्ता

त्रिकालदर्शी महर्षिले पनि स्वर्ग प्राप्त गर्ने उद्देश्यले यस स्थानमा ठूलाठूला यज्ञ गरेका थिए भनिन्छ । त्यसै गरी अर्को एक भनाइ अनुसार, सत्य युगमा प्रजापति ब्रह्माले यही स्थानमा यज्ञ गरी ठूलो शक्ति प्राप्त गरेर सृष्टि गरेकाले पनि यो स्थान तपोभूमिको रूपमा प्रसिद्ध रहन गएको हो भनिन्छ। त्यसैगरी अर्को भनाइ अनुसार, महाभारतका प्रसिद्ध पाँच पाण्डवहरू यात्राको क्रममा स्वर्गद्वारीमा आई यज्ञ तथा तपस्या गरी स्वर्ग प्राप्त गरेको हुनाले यस स्थानको नाम स्वर्गद्वारी रहन गएको हो । यो स्थान प्राचीन परिकल्पनाको सुन्दर र समुन्नत स्वर्गका रूपमा रहेको थियो । स्वर्ग प्रवेश गर्ने ढोकाको रूपमा यहाँका उच्च शिखरहरू रहेका हुनाले यस स्थानको नाम स्वर्गद्वारी रहन गएको हो भन्ने विश्वास गरिन्छ ( ध्रुवश्री, २०६४, पृ. २) ।

यसरी उपर्युक्त जनश्रुतिलाई अध्ययन गर्दा स्वर्गद्वारी प्राचीन समयदेखि नै धार्मिक, सांस्कृतिक तथा यज्ञ, अनुष्ठानको केन्द्रको रूपमा रहेको देखिन्छ। विभिन्न क्षेत्रका ऋषिमुनिहरू यहाँ आई यज्ञ, तपस्या, पूजा आराधना र धर्म प्राप्त गर्ने गर्दथे र साथै मोक्ष प्राप्त गर्थे भन्न सकिन्छ। किनभने यस स्थानको सामान्य उत्खनन् गर्दा जलेका चरु र पूजासा मग्रीहरू प्राप्त भएकाले पनि यसको पुष्टि हुन्छ भने महाप्रभुले यस स्थानमा आफ्नो पहिलो जन्ममा यज्ञ गरेको भन्ने भनाइबाट पनि केही सत्यता देखिन्छ (ध्रुवश्री, २०६४, पृ. ३६)। जेहोस् स्वर्गद्वारी प्राचीन समयदेखि नै प्रसिद्ध तीर्थस्थलको रूपमा तथा धार्मिक महत्वको केन्द्रका रूपमा रहँदै आएको स्पष्ट हुन्छ। त्यसैले स्वर्गद्वारीमा आई यज्ञ, तपस्या, पूजा, अर्चना गर्नाले धर्म प्राप्त तथा स्वर्ग प्राप्त हुन्छ भन्ने जनविश्वास रहेको छ। विगतदेखि वर्तमान समयसम्म यस क्षेत्रको दर्शन गर्न पूजाअर्चना गर्न देशविदेशबाट लाखौँको सङ्ख्यामा भक्तजनहरू आउँछन् ।

स्वर्गद्वारी वर्तमान समयमा प्युठान जिल्ला अन्तर्गत स्वर्गद्वारी नगरपालिका वडा नं. २ मा पर्दछ। प्युठान जिल्लाको सदरमुकाम खलङ्गादेखि २६ किलोमिटर पश्चिममा अवस्थित स्वर्गद्वारी समुद्र सतहदेखि २१२२ मिटर उचाइमा रहेको छ (सुवेदी, २०७०, पृ. १)। यो क्षेत्र जङ्गलै जङ्गलले भरिएको, कोलाहल र मानव बस्तीबाट टाढा एकान्त स्थानमा अवस्थित छ। स्वर्गद्वारी आश्रमले लगभग २८,४८२ रोपनी ६ आना १ दाम जमीन भोगचलन गर्दै आएको छ भने त्यसमध्ये २५८८९ रोपनी १२ आना ३ पैसा १ दाम जमीन वनक्षेत्र रहेको छ (ध्रुवश्री, २०६४, पृ. ३)। स्वर्गद्वारी क्षेत्रले यति ठूलो भू-भाग ओगटे पनि

वर्तमान समयमा स्वर्गद्वारी आश्रम क्षेत्र करीब २.६ हेक्टर क्षेत्रमा मात्र फैलिएको छ (श्रेष्ठ, २०७५, पृ. १४१) ।

### ४.१.५१.२ ऐतिहासिकता

स्वर्गद्वारीको ऐतिहासिकतालाई खोज्दै जाने हो भने वैदिककालसम्म पुग्न सकिन्छ । वैदिककालमा रोल्पाको चतुर्भुजमा स्नान गरी ऋषिहरूले स्वर्गद्वारीमा साधना गर्ने गर्थे भनी ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ। त्यसैले वैदिककालमा साधना केन्द्रको रूपमा स्वर्गद्वारीको विकास भएको देखिन्छ (आचार्य, २०७३, पृ. ९५) । त्यसै गरी द्वापर युगमा महाभारतका पाँच पाण्डवहरू उत्तरापन्थको यात्राको क्रममा स्वर्गद्वारीमा यज्ञ गरी जीवितै स्वर्ग पुगेका थिए भनी व्याख्या गरेको पनि पाइन्छ ।

स्वर्गद्वारी महाप्रभुको जन्म वि.सं. १९१६ साल श्रावण शुक्ल एकादशीको मध्यरातमा रोल्पा जिल्लाको रुन्टीमा बाबु अनिरुद्र गौतम खत्री र आमा स्वेताकुमारीको गर्भबाट जेठो छोराको रूपमा भएको थियो । उनी बाहेक अन्य दुई भाइ छोरा उदयराम र मोतीलाल पनि थिए। भनिन्छ, महाप्रभु जन्मदा जल वृष्टिसँगै पुष्प वृष्टि पनि भएको थियो र बिहान योगीको रूपमा विभिन्न देवताहरू आई नवजात शिशु महाप्रभुको दर्शन गरेका थिए । महाप्रभुको न्वारानको नाम नारायण थियो, तर, पछि उनले ५ वर्षको उमेरदेखि नै भूत र भविष्यका बारेमा भन्न थालेपछि र उनमा अलौकिक शक्ति भएको थाहा पाएपछि उनलाई प्रभु, महाप्रभु, गुरुमहाराज, बालतपस्वी, हंसानन्द गिरी, परमहंश आदि नामले संबोधन गर्न थालियो (सुवेदी, २०७०, पृ. ५-९) । उपर्युक्त यी विभिन्न नामले विभिन्न समयमा सम्बोधन गरिए पनि विगतदेखि वर्तमान समयसम्म महाप्रभु र प्रभुमहाराज नै सबैभन्दा बढी प्रचलनमा रहेको पाइन्छ। उनको भविष्यवाणी वरपर गाउँहरूमा फैलियो । फलस्वरूप आफ्नो भविष्य जान्नका लागि मानिसहरूको भिड बढ्दै जान थाल्यो। भिडभाडका कारण एकान्तप्रिय प्रभुमहाराजले असजिलो महसुस गरेर होला पाँच वर्षको उमेरमा नै घर, बाबु, आमा, परिवारलाई त्यागी बस्तीबाट टाढा एकान्त जङ्गलको गुफामा गई तपस्यामा बसे। तीन वर्षपछि ध्यानमग्न अवस्थामा भेटिएपछि घर फर्कन आग्रह गर्दा नमानेपछि उनको इच्छाअनुसार गाउँको शीर्ष भागमा कुटी निर्माण गरी राखियो । प्रभुमहाराज १० वर्षको हुँदा उहाँका बाबुको मृत्यु भयो। हिन्दू धर्म संस्कार अनुसार सम्पूर्ण कार्य गरी पुनः आफ्नो कुटीमा नै फर्की साधनामा तल्लीन रहनुभयो । २६ वर्षको उमेरमा विधिवत् रूपमा सन्यास ग्रहण गर्दा गुरुले हंसानन्द नाम राखिदिएका थिए। गुरुको आश्रममा दुई वर्ष बसी गुरुको

सेवा गरी गुरुको आज्ञा लिएर आफ्ना शिष्य बोधानन्द गिरीका साथ पुनः रुन्टी फर्की विश्वकल्याणका लागि अखण्ड महायज्ञ प्रारम्भ गर्नु भयो। त्यहाँ चाहे अनुसारको शान्ति प्राप्त नहुँदा मानव बस्तीदेखि टाढा, सुन्दर, एकान्त, शान्त, पवित्र स्थानको खोजीमा प्रभु महाराज र शिष्य बोधानन्द गिरी वि.सं. १९५१ सालमा स्वर्गद्वारी पुग्नुभयो । स्वर्गद्वारीमा पुगेको रात त्यहाँस्थित बाँझको वृक्षमुनि बितेको थियो। यो बाँझ वृक्ष लगभग ६८२ वर्ष पुरानो मानिन्छ।

यसै स्थलमा अखण्ड यज्ञ सञ्चालन गर्ने निधो गरी सो अनुसार कार्य थालियो । स्वर्गद्वारीमा भौतिक संरचनाहरूको व्यवस्था गरिसकेपछि विश्व शान्ति र मानव मात्रको कल्याणको लागि त्यस अघि नै यज्ञकुण्ड भएको स्थानमा प्रभुमहाराजबाट महायज्ञको सुरुवात भयो । वि.सं. १९५२ बैशाख शुक्ल पूर्णिमाका दिन महाप्रभुसहित अन्य विद्वान् ब्राहमणहरूको उपस्थितिमा सामूहिक वैदिक मन्त्रोच्चारण गर्दै अग्निको ज्वाला उत्पन्न गराई यज्ञको सुरुवात गरियो। त्यस समयदेखि वर्तमान समयसम्म स्वर्गद्वारीमा अटुट रूपमा यज्ञ चल्दै आइरहेको छ। उक्त यज्ञ कुण्डमा दैनिक रूपमा ३४ जना ब्राह्मणद्वारा पहिले पहिले पूजा तथा हवन गरिन्थ्यो भने वर्तमान समयमा २४ जना ब्राह्मणद्वारा मात्र पूजा तथा हवन गरिन्छ। यसरी दैनिक रूपमा गरिने यज्ञ, हवन, समय-समयमा गरिने विशेष महायज्ञ र अनुष्ठानले यो स्थल ऋषिमुनिहरूको प्रमुख स्थलको रूपमा रहेको छ।

जङ्गलै जङ्लको बीचमा अवस्थित स्वर्गद्वारी आश्रमको दैनिक कार्य प्रभुमहाराजको समयसम्म त राम्रोसँग नै सञ्चालन भइरहेको थियो । तर, प्रभुमहाराजले आफ्नो जीवन ओरालो भएको महसुस गरी आफ्नो जीवनपछि पनि आश्रमको दैनिक कार्य सम्पादन तथा नित्य चल्ने हवन, यज्ञ, अनुष्ठान, पूजा आदि सबै यथावत् नै चलिरहोस् भन्ने चाहनाले स्थायी स्रोतको रूपमा जमीनलाई लिनुभएको देखिन्छ। यसका लागि वि.सं. १९८३ बैशाख १५ गते प्रभुमहाराजको आफ्नै झोलीबाट सबैभन्दा पहिले देउखुरीको वनगाउँ, चैलाही, उत्तर मजगाउँ र अर्नवामा करीब ७४५ बिगाहा जमीन खरिद गरियो (श्रेष्ठ, २०७३, पृ. १४३) । त्यसपछि वि.सं. १९९३ भदौमा देउखुरीको निम्बुगाउँमा ८७ बिगाहा, वि.सं. १९९१ मा दाङको झिँगौरामा ६५ बिगाहा, वि.सं. १९९३ मा नैनवारमा १२८ बिगाहा जमीन खरिद गरियो। यसरी आश्रमको जग्गा दाङ जिल्लामा लगभग १०१२ बिगाहा र प्युठानमा २९००० रोपनी भयो (मसाल, २०५४, पृ. ४)। यसरी यी स्थायी स्रोतको रूपमा खरिद गरिएका जमीनहरूबाट उत्पादन भएका वस्तुहरूले आश्रमको नियमित कार्यहरूमा सहयोग पुग्दै

आएको थियो । तर, ती जमीनहरू अहिले आएर अतिक्रमण हुँदा आश्रम सञ्चालनमा समस्या देखिन थालेको छ ।

### ४.१.५१.३ आनुष्ठानिक प्रचलन

स्वर्गद्वारीमा पहिले ३४ जना ब्राह्मणहरू वरणी गरिन्थे । हाल २४ जना ब्राह्मणबाट हवन-पूजा गरिन्छ । २४ जना पण्डित, गणेश, होता पुजारी तथा वैदिक ब्राह्मणका रूपमा भूमिका विभाजन गरिएको हुन्छ । यस स्थलमा दैनिक नित्य पूजाको प्रचलन रहेको छ । यहाँ प्रातःकालीन र सन्ध्याकालीन पूजाको परम्परा रहेको छ ।

स्वर्गद्वारीमा नित्य पूजाका अतिरिक्त धार्मिक पर्वहरूमा विशेष पूजाको पनि परम्परा रहेको छ । ती पर्वहरूमा बैशाख पूर्णिमा, गुरूपूर्णिमा, नागपञ्चमी, श्रावणशुक्ल एकादशी, जनैपूर्णिमा, तीज, दसैँ, तिहार, कार्तिक शुक्ल पूर्णिमा, मार्गशुक्ल चतुर्थी, मार्ग शुक्ल पूर्णिमा, माघेसङ्क्रान्ति, शिवरात्री आदि महत्वपूर्ण छन् । बैशाख पूर्णिमा महाप्रभुद्वारा स्वर्गद्वारीमा अखण्ड यज्ञ आरम्भ गरिएको अवसर हो भने मार्गशुक्ल चतुर्थी महाप्रभु वि.सं. १९९७ मा ८१ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएको तिथि हो । स्वर्गद्वारीमा शिवालय, गुफा मन्दिर आदि धेरै दर्शनीय स्थल छन् । तर, यहाँको मूल यज्ञमण्डप नै सर्वाधिक महत्वपूर्ण स्थल हो ।

## ४.१.५२ हंसेश्वर महादेव, गोबरडिहा, दाङ

### ४.१.५२.१ अवस्थिति

यो गढवा गाउँपालिका वडा नं. ३ गोबरडिहामा अवस्थित छ । यो मन्दिर स्थानीय स्व. जोखनप्रसाद चौधरी र उनका भाइहरूबाट उपलब्ध गराएको जग्गामा वि.सं. १९८२ सालमा स्व. डिठ्ठा जोखनप्रसाद चौधरीले भारतबाट कालीगढ ल्याएर निर्माण गराएका थिए (आचार्य, २०६९, पृ. ४) । शिखर शैलीमा निर्माण भएको यो मन्दिर अत्यन्त कलात्मक छ भने मन्दिरमा शिवलिङ्ग, गणेश, विष्णु आदिका मूर्तिहरू रहेका छन् । यस क्षेत्रको प्रसिद्ध धार्मिक तीर्थस्थलको रूपमा रहेको यो हंसेश्वर महादेव मन्दिरको नजिकमा बाघनाथ बाबा जङ्गलकुटी, पच्पन्नभ्याले दरबार पनि रहेका छन् । हंसेश्वर महादेव मन्दिर जिल्लाको सदरमुकाम घोराहीदेखि पूर्व-दक्षिण ४०.५ किलोमिटर दूरीमा रहेको छ। पूर्व-पश्चिम राजमार्गको लमही बजारदेखि गढवा-गोबरडिहा हुँदै मन्दिरमा पुग्न १७.५ किलोमिटरको यात्रा गर्नु पर्छ ।

यो मन्दिर गोबरडिहा गाउँको बीचमा रहेको छ भने मन्दिरको चारैतिर व्यक्तिगत घरहरू रहेका छन् । यस मन्दिरसँगै स्व. डिठ्ठा जोखनप्रसाद चौधरीले आफ्नो निवासको लागि निर्माण गरेको ५५ झ्याले दरबार पनि रहेको छ । यो दरबार हाल जीर्ण अवस्थामा रहेको छ ।

### ४.१.५२.२ ऐतिहासिकता

हंसेश्वर महादेव मन्दिरको इतिहास त्यति लामो देखिँदैन । यसको इतिहासलाई वि.सं. १९८२ सालभन्दा अगाडि लग्न सकिँदैन । यो कुरा मन्दिरमा राखिएको अभिलेखले प्रस्तुत गर्दछ । मन्दिर स्थापनाको सम्बन्धमा यस्तो भनाइ रहेको पाइन्छ, आफ्ना सन्तति तथा अन्य सर्वसाधारणले सजिलैसँग धर्म-कर्म गर्न सकून् भन्ने उद्देश्यले ब्राह्मणहरूसँग सल्लाह गरी यस क्षेत्रका प्रसिद्ध, प्रतिष्ठित, समाजसेवी तत्कालीन डिठ्ठा स्व. जोखनप्रसाद चौधरीले वि.सं. १९८२ सालमा भारतबाट कालीगढ ल्याएर १० वर्ष लगाएर यो भव्य र सुन्दर शिवालय निर्माण गरेका थिए भनिन्छ (अन्तर्वार्ता, भुवनेश्वर चौधरी) । यस मन्दिरको सम्बन्धमा एउटा किम्वदन्ती रहेको छ । जस अनुसार मन्दिर स्थापना भएपछि मन्दिरका संस्थापक जोखनप्रसाद चौधरीलाई सपनामा आफु यस स्थानमा भएको र त्यहाँबाट यहाँ ल्याई स्थापना गर्न भनेपछि साविक बेला गाउँ विकास समितिमा पर्ने खरदरिया खोलामा रहेको शिवलिङ्गलाई लडियामा राखी ल्याउन लाग्दा लडिया नै चल्न नसकेपछि त्यहाँ पूजा गरेपछि लडिया चलेको थियो । त्यहाँबाट ल्याएको शिवलिङ्ग नै मन्दिरको गर्भगृहमा रहेको छ । यस मन्दिरमा स्व. जोखनप्रसादका सन्तानहरू र गाउँलेहरूले पूजा गर्दछन् ।

यिनका अतिरिक्त राप्ती क्षेत्रमा कन्दरा मन्दिर (दाङ), गढीटाकुरा देवस्थल (दाङ), भद्राक्षी देवी मन्दिर (दाङ), सुन्दरादेवी मन्दिर (दाङ), बौद्ध गुम्बा (तुलसीपुर), डुमडुमा मन्दिर (दाङ), समयठान (दाङ), लक्ष्मीपुर भगवती (सल्यान), देवरकाजी भद्रकाली मन्दिर (सल्यान), रतननाथ मन्दिर (सल्यान), माईको मन्दिर (रुकुम), रामेश्वर शिवालय (प्युठान्), गढीलेक मन्दिर (रोल्पा), नागदेवता शिला (रोल्पा) आदि धार्मिक क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरू रहेका छन् ।

## ४.२ दरबार क्षेत्र, दरबार, घर, किल्ला र पाटीपौवा

राप्ती क्षेत्र पूर्वमध्यकालमा नै ठूला-साना राज्य निर्माण र सञ्चालका दृष्टिले महत्वपूर्ण रहेको बुझिन्छ । मध्यकालमा यस क्षेत्रमा निकै धेरै राज्यहरू रहेको जानकारी

पाइन्छ । राज्य सञ्चालन गर्ने सन्दर्भमा राजा, राजपरिवार र राज्य सञ्चालनका सहयोगीहरूको आवास तथा सुरक्षाका लागि दरबार र किल्लाहरू आवश्यकता पर्नु स्वाभाविक हो । त्यसैले यसै सन्दर्भमा राप्ती क्षेत्रमा विगतमा राज्यका केन्द्र रहेका स्थलमा दरबार क्षेत्र, दरबार र सुरक्षा किल्लाहरू रहेको पाइन्छ । कतै-कतै राज्यसँग निकट रहेका वा धनीमानीहरूले पनि विशेष प्रकारका महलहरू निर्माण गरी आवासका रूपमा प्रयोग गरेको पाइन्छ । यस खण्डमा राप्ती क्षेत्रमा रहेका यस्ता ऐतिहासिक महत्वका आवासीय सम्पदाहरूमध्ये मुख्य दरबार क्षेत्र दरबार, पाटीपौवा र किल्लाहरूको सङ्क्षिप्त परिचय दिइएको छ । परिचय दिँदा तिनको अवस्थिति, ऐतिहासिकता र भौतिक संरचना उपशीर्षकमा अन्य संरचनाहरू र संरचनाहरूको अवस्थाबारे जानकारी दिइएको छ । बसोबास स्थान र जातीय संस्कृतिका आधारमा बनेका समुदायहरूले आवासका लागि प्रयोग गर्ने घरहरूको पनि विशिष्ट स्थान रहेको हुँदा विशेष गरी डँगौरा थारू घर, दुईपाखे घर, चारपाखे घर र माटोको छानो भएको घरहरूका बारेमा जानकारी दिइएको छ ।

## ४.२.१ उदयपुरकोट दरबार, उदयपुरकोट, प्युठान

### ४.२.१.१ अवस्थिति

उदयपुरकोट दरबार क्षेत्र माण्डवी गाउँपालिका-४ उदयपुरकोटमा पर्दछ । मध्यकालको सोह्रौं शताब्दीतिर स्थापित भएको मानिने उदयपुरकोटमा ब्राह्मण राज्य थियो । सम्भवतः त्यस समयको नेपालको एकमात्र ब्राह्मण राज्य हुनुपर्छ । यो राज्य प्युठानको सदरमुकाम खलङ्गादेखि ३५ कोस पश्चिममा अवस्थित रहेको छ, भने रोल्पा-भालुबाङ सडकदेखि १५ किलोमिटर पश्चिम अग्लो टाकुरामा रहेको छ । उदयपुरकोटमा जानका लागि रोल्पा-भालुबाङ सडकमा पर्ने चकचकेबाट ४५ मिनेटको कच्ची मोटर बाटो पार गर्नुपर्छ । उदयपुरकोटको पूर्वमा माछापोखरी, पश्चिममा डाँडा कटेरी र चोरपानी, उत्तरमा भैँडाबारी र दक्षिणमा अरङ्खोला रहेका छन् । अग्लो टापुमा अवस्थित यो उदयपुरकोटबाट चारैतिरको रमणीय दृश्य अवलोकन गर्न सकिन्छ । उदयपुरकोटबाट उत्तरतिरको हिमाली दृश्य र हरियाली फाँटहरू देखिनाले पनि यो स्थान महत्वपूर्ण रहेको छ । दरबार रहेको स्थानको जग्गाको क्षेत्रफल ५ आना रहेको छ । प्राचीन दरबार क्षेत्र रहेको यस स्थानमा वर्तमान समयमा प्राचीन दरबारको कुनै पनि अवशेष पाउन सकिँदैन । यो दरबार क्षेत्र रहेको जग्गाको क्षेत्रफल ५ रोपनी उदयपुरका अन्तिम राजा शान्तराजले वि.सं. २०२९ सालमा श्री

कामाक्षी मा.वि.लाई दान दिएको पाइन्छ (सुन्धानी मन्दिरका पुजारी श्रीधर अधिकारीसँगको अन्तर्वार्ता) । वर्तमान समयमा स्कुल दरबार क्षेत्र रहेका स्थानमा सञ्चालन भइरहेको छ ।

### ४.२.१.२ ऐतिहासिकता

नेपाल एकीकरण पूर्व नेपालमा स–साना १५७ वटा राज्यहरू भएको ऐतिहासिक प्रमाणहरूले प्रमाणित गरेको छ । ती राज्यहरूमध्ये प्युठानको उदयपुरकोटको ब्राह्मण राज्य पनि एउटा हो । यो ब्राह्मण राज्य मध्यकालको सोह्रौँ शताब्दीको अन्त्यतिर स्थापित भई राज्य व्यवस्थाको सुरुवात भएको पाइन्छ (उदयपुर राज्यको इतिहास तथा अधिकारी वंशावली, २०५८, पृ. ३) । उदयपुर राज्यको स्थापनाका सम्बन्धमा विवाद रहेको पाइन्छ । कसैले प्युठानका भित्रीकोटे राजा, दाङका राजा र छिल्लीकोटका राजाबीच आपसमा प्रायः झगडा भइरहन्थ्यो त्यसै समयमा जसुधर र उनका भाइ यज्ञधरले कुटनैतिक चतुऱ्याइँले यी तीन राज्य बीच मैत्री सम्बन्ध कायम गराउन सफल भएको र सधैँका लागि युद्ध, झगडाबाट मुक्त भएकोले यी राज्यका राजाहरू खुसी भएर तीनैवटा राज्यको बीचको भू–भाग बिर्तास्वरूप २९ मौजा "मैत्री राज्य" को रूपमा यी ब्राह्मणहरूलाई दिएको ठान्दन्छ (वंशावली, २०५८, पृ. ७) । अर्को भनाइअनुसार बाजुरा जुगाडाबाट आएका जसुधर उपाध्याय कार्की ठूला ज्योतिषी थिए । उनले दाङ छिल्लीकोट दरबारमा आश्रय र सम्मान पाएका थिए । त्यसै समयमा प्युठानका भित्रीकोटे राजाले दाङको थारू राज्यमा आक्रमण गरे । फलस्वरूप थारू राजा दानसिंह दनुवार छिल्लीकोट दरबारमा शरण माग्न गए । यो थाह पाएर छिल्लीकोटमा पनि आक्रमणको तयारी गर्न थाले तर, जसुधरको कुटनैतिक चतुऱ्याइँले गर्दा प्युठानी फौज असफल भएर प्युठानी राजालाई दाङ र छिल्लीकोट बीच सन्धि गर्न बाध्य गराए । प्युठान, दाङ र छिल्लीकोट बीचको २९ मौजा बिर्ताको रूपमा सुधारलाई प्रदान गरे । यसरी उदयपुर राज्यको उदय भयो (अधिकारी, २०५०, पृ. १२०) । केही इतिहासकारको भनाइअनुसार जुम्लाका राजाले छिल्लीकोटका राजकुमारलाई छोरी दिँदा छोरीको हेरचाह र राज्य सञ्चालन गर्नका लागि बाजुरामा बिर्ता पाएका दुई भाइ जसुधर र यज्ञधरलाई दाङमा बिर्ता दिने शर्तमा छिल्लीकोट पठाएका थिए । यी दुवै भाइलाई कार्की पदले पनि सम्मान गरिएको थियो । केही समयपछि प्युठानको भित्रीकोटका राजाले आक्रमण गर्न थालेको थाहा पाएपछि छिल्लीका राजा मेघबहादुर शाह र दाङका राजा दानसिंह दनुवारले दुवै भाइलाई राज्यबाट निकाले जस्तो गरी प्युठानमा कुटनीति खेल्न पठाए । यी दुईभाइले प्युठानमा आक्रमण गर्न जाँदा प्युठानी फौजलाई देउखुरीको बाटो भई दाङमा

आक्रमण गर्न जाने व्यवस्था मिलाएर जाँदा देउखुरीमा धेरै प्युठानी फौजहरू औलोले मरे भने बाँकी थोरै फौजहरू देउखुरीबाट नै प्युठान फिर्ता भए । यसरी प्युठानीहरूको आक्रमण विफल गराएका कारणले गर्दा खुसी भएर छिल्ली र दाङका राजाहरूले आ-आफ्ना क्षेत्रका केही जमीन काटेर दुई भाइलाई बिर्ता दिए । फलस्वरूप उदयपुर राज्यको उदय भयो (गौतम, २०५०, पृ. ६७) । यसरी राज्यको उदयमा विवाद भए जस्तै यी दुईभाइले पाएको क्षेत्र बिर्ता हो या राज्यको रूप हो भन्ने सम्बन्धमा पनि विवाद रहेको पाइन्छ । मध्यकालीन समयमा बिर्ता राज्य, अंश राज्य, तिरुवा राज्य, ठेक्का राज्य आदि विभिन्न राज्यहरू हुन्थे । उदयपुर राज्य बिर्ता राज्य थियो, किनभने उदयपुर राज्यको एउटा छापमा "ढुङ्गा जुगाडा बिर्ता" उल्लेख छ । उल्लेखित ढुङ्गा शब्दले राज्य र जुगाडा शब्दले बिर्ता पाउने व्यक्तिको पुर्ख्यौली थलोलाई जनाउँछ (उदयपुर राज्यको इतिहास तथा अधिकारी वंशावली, २०५७, पृ ११) । जे भए पनि बिर्ताको रूपमा पाएको क्षेत्रलाई राज्यको रूपमा स्थापित गरेको प्रष्ट हुन्छ । उदयपुर राज्य अन्तर्गत जम्मा २९ मौजाहरू रहेका थिए । ती मौजाहरूको शासन व्यवस्था यही उदयपुरकोटको दरबारबाट सञ्चालन हुन्थ्यो ।

यसरी स्थापना भएको उदयपुरको ब्राह्मण राज्यमा जम्मा १७ पुस्ताले राज्य गरेका थिए । संस्थापक राजा जसुधरको नाम आए पनि उनी पछिका शासकका बारेमा अन्यौल देखिन्छ । उनीपछि एकै पटक उदयपुरको दशौं राजाको रूपमा इच्छारामको नाम पाइन्छ । बीचका ९ राजाका बारेमा केही पनि कुनै स्रोतमा उल्लेख गरेको पाइँदैन । दशौं राजा इच्छारामको समयमा वि.सं. १८४३ सालमा नेपाल एकीकरणको अभियानको क्रममा गोरखाली सेनासँग आफ्नो राज्य ब्राह्मण बिर्ता स्वरूप प्राप्त भएकोले कुनै सेना नभएको भनी आत्मसमर्पण गरेको पाइन्छ (वंशावली, २०५७, पृ. १३) । उदयपुर राज्य विशाल नेपालमा गाभिए पनि ब्राह्मण राज्य भएकोले राज्य हरण गरेमा पाप लाग्छ भनी कामकाज यथावत् गर्न दिएको पाइन्छ । पछि वि.सं. २०१९ सालको राजारजौटा उन्मूलन ऐनले उदयपुरको अन्तिम राजा शान्तराजलाई बनायो । त्यस समयमा शान्तराज बर्दियामा बसाइ सरी आइसकेका थिए । बर्दियापछि उनी काशी बास गएको र केही समयपछि काशीमै वि.सं. २०४२ सालमा मृत्यु भयो (वंशावली, २०५७, पृ. २८) ।

### ४.२.१.३ भौतिक संरचना

उदयपुरकोट उदयपुर राज्यको प्रशासनिक कार्य सञ्चालन गर्न र राजपरिवार बस्नको लागि राजदरबार रहेको स्थल थियो । तर, वर्तमान समयमा दरबार रहेको क्षेत्रमा

दरबारका कुनै पनि अवशेष पाउन सकिँदैन । यो दरबार रहेको क्षेत्र अन्य स्थानभन्दा अग्लो स्थानमा पहाडको टापुमा रहेको छ। त्यहाँ रहेका बुढापाकाहरूको भनाइअनुसार उदयपुर राज्यका दुईवटा दरबारहरू थिए। एउटा उदयपुरकोटमा र अर्को दाङको बङ्गलाचुली गाउँपालिका-६ बाडुलेमा थियो। बाडुलेको दरबार हिउँदे दरबार थियो भने उदयपुरको दरबार बर्खे दरबार थियो। तराईमा त्यस समयमा औलो तथा शीत अत्यधिक हुने भएको हुनाले त्यसबाट बच्नका लागि उदयपुरकोटमा दरबार बनाइएको भनिन्छ। उदयपुर दरबारमा चैतेदशैं मानेर आउने र बडादशैं मानेर बेसीको बाडुलेको दरबारमा जान्थे। उदयपुरको दरबारमा बसेर नै तीज, पञ्चमी, दशैं धुमधामसँग मनाउँथे । तीज, पञ्चमीमा गाउँभरिबाट दही, केरा, दूध तथा अन्य फलफूलहरू कोसेली स्वरूप राजा कहाँ चढाउँथे र त्यो कोसेली सुन्धानी मन्दिर अगाडि पञ्चमीको पूजा सम्पन्न गरिसकेपछि व्रतालु महिलाहरूलाई खुवाउँथे । मन्दिरको प्राङ्गणमा नाचगान गरी रमाइलो गर्थे । त्यसै गरी बडादशैंको घटस्थापनामा जमरा राखी दुर्गा पूजाको सुरुवात गरिन्थ्यो र घटस्थापनाको दिन दुईवटा पाठाको बलि दिई पूजा गरिन्थ्यो । अनि षष्ठीमा तीनवटा पाठा, अष्टमीमा चारवटा पाठा, नवमीमा तीनवटा पाठा र एउटा राँगो अनि दशमीमा एउटा पाठो बलि दिई दशैं विसर्जन गरिन्थ्यो। दरबार अगाडिको कोट घरमा बलि दिइन्थ्यो। दशैंमा गाउँका सबै गाउँलेहरू कोसेली लिएर राजा कहाँ टीका ग्रहण गर्न जाने गर्थे र दशमीको दिन बेलुका सबै गाउँलेहरू भेला भएर सराँय नाच नाच्ने गाउने गरी दशैं विसर्जन गर्ने गरिन्थ्यो ( सुन्धानी मन्दिरका पुजारी श्रीधर अधिकारीसँगको अन्तर्वार्ता) ।

उदयपुर दरबार र बाडुले दरबारको वर्तमान समयमा अवशेषसम्म पाउन सकिँदैन । यी दरबारका झ्याल, ढोका आदि त्यहीँका स्थानीय व्यक्तिले प्रयोग गरेका छन् । ती झ्याल, ढोकाहरू निकै आकर्षक र बुट्टेदार रहेका छन्। दुवै स्थानका दरबारहरू चारपाखे खरको छाना भएको, दुईतले, ढुङ्गा र माटोको गारो लगाइएको थियो । बाडुलेको दरबार भएको जमीन अन्तिम राजाका छोरा चन्द्रराजले बेचेको भनिन्छ भने उदयपुरको जग्गा कामाक्षी मा.वि.लाई दान दिएको भनिन्छ । दरबार बाहेक अन्य साना पाँचवटा मन्दिरहरू उदयपुर दरबार क्षेत्रभन्दा केही तल पूर्व दक्षिणतिर लगभग ५०० मिटर फेदीमा बरपीपलको रुखमुनि अवस्थित रहेका छन् जसको वर्णन निम्न बमोजिम गरिएको छ ।

### *क) सुन्धानीदेवी थान*

सुन्धानी देवीलाई राज्यको, जनताको, शासकको संरक्षकको रूपमा लिने गरिन्थ्यो । यसैले गर्दा सुन्धानी देवीको थान बनाई पूजा गरेको पाइन्छ। ब्राह्मण राजाहरूले सुन्धानी देवीलाई राज्य देवताको रूपमा पूजा गर्थे । तर, वर्तमान समयमा अधिकारी ब्राह्मणहरूले कुलदेवताको रूपमा पूजा गर्ने गर्दछन् । कुनै विशेष पूजा, विवाह, व्रतबन्ध, यज्ञ आदि जस्ता पावन अवसरमा कुलदेवतालाई धजा चढाउने चलन हुनुका साथै नयाँ बाली भित्राउँदा र नयाँ अन्न खाँदा कुलदेवतालाई सम्झेर चढाउने चलन रहेको पाइन्छ। कुलदेवताको पूजा एक वर्ष बिराई अर्को वर्षको मार्गशुक्ल पूर्णिमाको दिन गरिन्छ। यस समयमा सबै अधिकारी ब्राह्मणहरू जम्मा भई पूजा गर्ने गर्दछन्। सुन्धानी देवीको पूजा गर्नका लागि पहिले थापा पुजारीलाई राखिएको थियो र दैनिक रूपमा नित्य पूजा गर्थे, तर कुनै विशेष पूजा, नवदुर्गामा भने ब्राह्मण पुजारीद्वारा चण्डी पाठ गरी विशेष पूजा गरिन्थ्यो । तर, वर्तमान समयमा उदयपुरका स्थानीय अधिकारी ब्राह्मण ७५ वर्षका श्रीधर अधिकारीद्वारा हरेक आइतबार, पूर्णे, औंसी, चैतेदशैंमा पूजा गरिन्छ। बडादशैंमा विशेष पूजा गरिन्छ र बडादशैंमा भेँडा, बोका, कुखुरा आदिका बलि समेत दिइ पूजा गरिन्छ। सुन्धानी थानको पूजाआजाको लागि उदयपुरे राजाले अरङ्खोलामा तीन रोपनी र धोबीघाटमा दुई रोपनी जग्गा गुठी राखिदिएका छन्। त्यसैको आयस्ताबाट थानको पूजा गरिन्छ। सुन्धानी मन्दिरको प्राचीन रूप जीर्ण भएपछि उदयपुरका स्थानीयहरू मिलेर मर्मत गरी नयाँ मन्दिरको रूप दिएका छन् । यो सिमेन्ट, ढुङ्गाको गारो र टिनको दुईछाने सामान्य घर जस्तै रहेको छ। मन्दिर परिसरमा रहेका अन्य मन्दिरभन्दा यो सुन्धानीको मन्दिर केही अग्लो स्थानमा रहेको छ। यो मन्दिरको लम्बाइ १३.५ फिट र चौडाइ १०.५ फिट रहेको छ। यस मन्दिरमा रहेको पुरानो मूर्ति र तीनवटा घण्टहरू वि.सं. २०२९ सालमा चोरी भएका थिए। मन्दिरको गर्भगृहमा रहेका वर्तमान मूर्ति वि.सं. २०७० सालमा मन्दिरका पुजारी श्रीधर अधिकारीद्वारा स्थापित गरिएको हो (अन्तर्वार्ता, श्रीधर अधिकारी)। मन्दिरको गर्भगृहमा रहेको मूर्ति सिमेन्टबाट बनेको रङ्गीन रहेको छ भने उभिएको अवस्थाको मूर्तिका दुई हातहरू छन्। देवीको देब्रे हातमा कमण्डलु र दायाँ हात माथि उठाएको अवस्था देखिन्छ (चित्र नं.४)।

### *ख) खड्ग थान*

सुन्धानी मन्दिरभन्दा केही पूर्व नेपाली शैलीको एकतले खड्गथान मन्दिर रहेको छ। यो मन्दिर पनि ढुङ्गा र सिमेन्टबाट निर्माण भएको छ। जस्ताको छाना भएको उक्त

मन्दिरको लम्बाइ ७.८ फिट र चौडाइ ७.५ फिट रहेको छ । मन्दिर भित्रको गर्भगृहमा ठाडो पारी सेतो र रातो कपडाले बेरिएको खड्ग राखिएको छ र अन्य समयमा बन्द रहने यो खड्ग दशैंको सप्तमीदेखि एकादशीसम्म पूजाआजाको लागि खुला राखिन्छ । नवमीका दिनमा खड्गको विशेष रूपमा पूजा गरिन्छ ।

***ग) शिवजी थान***

खड्गथान जस्तै र उस्तै आकार प्रकारको खड्गथानसँगै रहेको अर्को मन्दिर परिसरमा रहेको छ, जसलाई शिवजी थान भनिन्छ। यस मन्दिरको गर्भगृहमा कालो प्रस्तरबाट बनेको पादपीठसहितको वि.सं. २०७० सालमा स्थापित शिवलिङ्ग रहेको छ ।

***घ) दुर्गा भगवती थान***

मन्दिर परिसरमा खड्गथान र शिवजी थान जस्तै आकार प्रकारका दुर्गा भगवतीको मन्दिर र थान रहेका छन् । मन्दिरको गर्भगृहमा सिंहमा आसिन चार हात भएको दुर्गाको पित्तलको मूर्ति रहेको छ । यो मूर्ति वि.सं. २०५० सालमा स्थापना गरिएको थियो (अन्तर्वार्ता, श्रीधर अधिकारी) ।

***ङ) गणेश थान***

गणेशथान मन्दिर पनि माथिका अन्य मन्दिर जस्तै आकारमा निर्मित छ। यस मन्दिरको गर्भगृहमा वि.सं. २०७० सालमा स्थापना गरिएको दुईवटा कालो र सेतो प्रस्तरका गणेशका मूर्ति राखिएका छन् । दुवै मूर्तिमा गणेशका चारवटा हातहरू रहेका छन् ।

उदयपुरमा पहिले पहिले उपर्युक्त देवीदेवताका नित्य पूजा हुने गरेको भए पनि केही समयदेखि नित्य पूजा टुटेको पाइन्छ। विशेष पर्वहरू बडा दशैँ, चैतैदशैँ, अधिकारीहरूको कुल पूजा तथा अन्य पर्वहरूमा मात्र पूजा गरिन्छ। यी मन्दिरहरूको संरक्षण तथा व्यवस्थापन त्यहाँ रहेका एकजना पुजारीद्वारा गरिन्छ। उदयपुर दरबार क्षेत्रमा उपर्युक्त भौतिक संरचना बाहेक अन्य कुनै पनि संरचनाहरू पाउन सकिएको छैन । बिर्ताको रूपमा पाएको राज्य भएको र व्यक्तिगत रूपमा निर्माण गरिएका भौतिक संरचनाहरू भएको हुनाले कतिपय संरचनाहरू संरक्षणको अभावले भत्किएका छन् भने कतिपय संरचनाहरू र जमीन उदयपुरका राजाका उत्तराधिकारीहरूले अन्यलाई बिक्री वितरण गरेको हुँदा नष्ट गरिएको हुनसक्छ । जे भए पनि उदयपुर ब्राह्मण राजाको दरबार उदयपुरकोटमा थियो भन्ने कुरामा भने सबै सहमत भएको पाइन्छ ।

## ४.२.२ कालिका पौवा, बिजवार, प्युठान

### ४.२.२.१ अवस्थिति

यो प्युठान नगरपालिका वडा नं. ४ बिजुवार बजारको कालिका टोलमा अवस्थित छ । कालिका भगवती मन्दिर परिसरमा रहेको यो पौवा ऐतिहासिक दृष्टिले महत्वपूर्ण रहेको छ । यो पौवा प्युठान जिल्लाको सदरमुकाम खलङ्गादेखि करीब १६ किलोमिटर पश्चिममा अवस्थित छ । यस पौवाको पूर्वमा इलाका प्रहरी कार्यलय, पश्चिममा दाखाक्वाडी गाउँ, उत्तरमा भित्रीकोट र दक्षिणमा खैरागाउँ पर्दछन् । बस्तीको बीचमा रहेको यस पाटी परिसरको क्षेत्रफल दुई रोपनी छ । बिजुवार बजार क्षेत्रको बीचमा र बिजुवार-बागदुला सडक खण्डको किनारमा अवस्थित यो पौवा सानो भए पनि सुन्दर रहेको छ ।

### ४.२.२.२ ऐतिहासिकता

कालिका पौवाको इतिहास बारेमा भन्न सकिने कुनै तथ्य प्राप्त भएको छैन । तर, कालिका पाटीको इतिहासलाई अध्ययन गर्दा मन्दिरको इतिहासलाई छोड्न सकिँदैन । किनभने यी दुवै सम्पदा एक आपससँग जोडिएका छन् । यसबाट कालिका पाटीको इतिहास १७औँ १८औँ शताब्दीसम्म पुग्न सक्छ । कालिका मन्दिरको स्थापना आजभन्दा ६०० वर्ष अगाडि नै भएको हुनु पर्ने अनुमान गरिएको छ । तर, यसको प्रामाणिक इतिहासलाई हेर्दा वि. सं. १९१६ सम्ममात्र पुग्न सकिने भनिएकोले तथ्यका आधारमा कालिका पौवाको इतिहासलाई पनि वि. सं. १९१६ सम्म मात्र लग्न सकिन्छ ।

### ४.२.२.३ भौतिक संरचना

कालिका मन्दिर परिसरमा मूल मन्दिरको पूर्वतिर सानो एकतले ढलाइ गरेको पौवा निर्माण गरिएको छ । पहिले यसको प्राचीन स्वरूप ढुङ्गा, माटोको गाह्रो भएको र छाना पनि ढुङ्गाको नै रहेको थियो । पुरानो स्वरूप जीर्ण भएपछि त्यही स्थानमा वर्तमान पौवा बनाइएको हो । कालिका मन्दिरतिर फर्केको अर्थात् पश्चिमाभिमुख यो पौवाको लम्बाइ १४ फिट, चौडाइ १० फिट र उचाइ ७ फिट रहेको छ । मन्दिरको अगाडि भागमा पूरै काठको सरिया र काठकै सरियाको ढोका रहेको छ । काठको खम्बाले माथिको छानालाई अड्याएको छ । पौवामा आराम गर्ने तथा भजन कीर्तन गर्ने व्यवस्था मिलाइएको छ । पौवाभित्र पुरानो नगरा बाजा राखिएको छ, जो नित्य पूजा गर्दा बजाइन्छ । पाटी संरक्षणको लागि चारैतिर

पर्खाल निर्माण गरिएको छ। पाटी परिसरको क्षेत्रफल सानो भएकोले उपर्युक्त संरचना बाहेक अन्य कुनै संरचनाहरू रहेका छैनन्। मन्दिर परिसर निकै साँघुरो देखिन्छ।

## ४.२.३ खुङ्ग्रीकोट दरबार, खुङ्ग्री, रोल्पा

### ४.२.३.१ अवस्थिति

यो सुनिल स्मृति गाउँपालिका वडा नं. २ खुङ्ग्रीकोटमा अवस्थित छ। खुङ्ग्रीकोट भाइ अंशको रूपमा स्थापित राज्य हो। यो स्थल पुग्न भालुबाङ-लिबाङ सडकखण्डको खुङ्ग्री भन्ने स्थानबाट करिब ५ किलोमिटर कच्ची उकालो बाटोको यात्रा पार गर्नुपर्छ। सदरमुकाम लिबाङदेखि ४३ किलोमिटर दक्षिणमा अवस्थित यस खुङ्ग्रीकोट दरबारको पूर्वमा खुङ्ग्री बजार, पश्चिममा गोगनपानी/भाले जाम, उत्तरमा धनचौर र दक्षिणमा जिम्रीगाउँ पर्दछन्। यो कोट दरबार उच्च पहाडको फेदीमा भए पनि खुङ्ग्री बजारदेखि उच्च स्थानमा नै रहेको छ। यस स्थानबाट सुन्दर प्राकृतिक दृश्यहरू अवलोकन गर्न सकिन्छ। गाउँ बस्तीदेखि केही टाढा रहेको यो दरबार क्षेत्रबाट खुङ्ग्री बजार र बेसीका रमणीय फाँटहरू देख्न सकिन्छ। जीर्ण अवस्थामा रहेको कोट दरबार संरक्षणको अभावले दरबारको पछाडिको भाग भत्किएको छ।

मध्यकालको मध्यतिर स्थापित यो खुङ्ग्री राज्य मध्यकालीन नेपालको बाइसे राज्य अन्तर्गत पर्दथ्यो। रोल्पा जिल्लाको प्रसिद्ध गजुल राज्यबाट अंश लिएर इन्द्रपाल सेनले यो राज्य स्थापित गरेको कुरा जानकारी पाइन्छ। यस क्षेत्रका भुरेटाकुरे राज्यभन्दा महत्वपूर्ण राज्यको रूपमा रहेको खुङ्ग्री राज्यको राजधानी रहेको कोट दरबार राप्ती क्षेत्रको महत्वपूर्ण ऐतिहासिक सम्पदाको रूपमा रहेको छ।

### ४.२.३.२ ऐतिहासिकता

खुङ्ग्रीको नामकरण यस क्षेत्रको पूर्वबाट बग्दै आउने खुम्रेखोलाको नामको आधारमा भएको पाइन्छ। खुम्रेखोलाको काखमा अवस्थित यो क्षेत्र खुम्रेबाट अपभ्रंश हुँदै 'खुङ्ग्री' नाम रहन गएको पाइन्छ (सुवेदी, २०५४, पृ. ४३८)। खुम्री राज्यलाई पहिले खुम्रु वाखु भनिन्थ्यो (पूर्ववत्)। नेपालको मध्यकालीन समयमा थुप्रै भुरेटाकुरे, बाइसे, चौबीसे, स-साना राज्यहरू थिए। ती राज्यहरूमध्ये रोल्पा जिल्लामा पर्ने खुङ्ग्री पनि एउटा हो। खुङ्ग्री राज्य त्यति शक्तिशाली राज्य नभए पनि त्यस समयको यस क्षेत्रको महत्त्वपूर्ण राज्य थियो। यो राज्यको ऐतिहासिकतालाई खोज्दै जाने हो भने मध्यकालको मध्यतिर अर्थात् १६औं शताब्दीसम्म पुग्न

सकिन्छ । त्यस समयका ऐतिहासिक स्रोतहरूका आधारमा डोटीका राजा रितुमल्लका सन्तान तुथैसेनले रुकुम सर्पकोटका राजा दारेजैतमकी छोरी तुम्बावती मैयासँग विवाह गरी गजुल राज्य दाइजोको रूपमा पाएको र तुथैसेनका वंशज अर्थात् सातौं पुस्ताका डौँडु सिनले आफ्ना जेठा छोरालाई गजुलको राजा बनाए भने कान्छा छोरा इन्द्रपाल सिनलाई अंशको रूपमा खुङ्ग्रीकोट राज्य दिई अलग राज्य स्थापना गरी राज्य सञ्चालन गरेका थिए । गजुल राज्यमा जम्मा १८ गाउँहरू थिए, जसमा ९ गाउँ गजुलमा र ९ गाउँ खुङ्ग्रीकोट राज्यमा विभाजन गरिदिएका थिए (सुवेदी, २०७४, पृ. ४३८) । गौतमले जेठी रानीका छोरा कर्णपाललाई गजुल राज्य र गजुल दक्षिणका ९ गाउँलाई खुङ्ग्री राज्य गराई वि.सं १६७५ मा इन्द्रपाललाई राजा बनाएको उल्लेख गरेको पाइन्छ (गौतम, २०५०, पृ. ३८-३९) । कुनै वंशावलीमा खुङ्ग्रीकोटका पहिला राजा हरि ज्यूसिन हुन् पनि भनिएको छ । तर, अन्य कुनै पनि ऐतिहासिक श्रोतहरूमा उनको उल्लेख पाइँदैन । वि.सं. १६७५ मा गजुलकोट राज्यबाट खुङ्ग्रीकोट र आसपासका ९ गाउँलाई अलग गराई राजा इन्द्रपाल सिनले आफु राजा र अलग राज्य भएको घोषणा गरेका थिए (अधिकारी, २०७१, पृ. १४) ।

खुङ्ग्री राज्य पछि स्थापना भएको र सानो राज्य भएकोले आर्थिक अवस्था निकै कमजोर रहेको थियो । शासन सञ्चालन गर्न पनि निकै अप्ठ्यारो परेको थियो । त्यस समयमा खुङ्ग्रीकोट राज्यमा जम्मा २०० घर धुरी मात्र थिए । खुङ्ग्रीका राजा सुकै सिनले शासन सञ्चालन गर्न गजुलका राजा कर्णपाल सिनसँग वि.सं. १८४२ मा मिभिङ, हिले, हरिगाउँ, खुमेललाई बन्धकी राखी १८०० रूपैयाँ ऋण लिएको र ऋण चुक्ता नहुँदासम्म त्यस स्थानको सेवा, कर गजुलले नै खानु भनी एक ताम्रपत्र गरिदिएका थिए । उक्त ऋण सुकै सिनले आफ्नो आम्दानीबाट मात्र तिर्न सक्ने तर जनताबाट कर उठाएर ऋण चुक्ता गर्न नपाउने उल्लेख छ (श्री ५ को सरकार सञ्चार मन्त्रालय, २०३१, पृ १०५) । सुकै सिनको समयमा नेपाल एकीकरण अभियानको क्रममा बहादुर शाहको नायबीकालमा पाल्पाको सहयोग लिएर बाइसे राज्य विजय गर्न आएका गोरखाली सेना प्युठान विजय गरिसकेपछि खुङ्ग्रीका राजा सुकै सिन काठमाडौं पुगेर नेपाल दरबारको शरणमा परी पश्चिम विजय गर्न सहयोग गर्ने र गोरखाली सेनालाई कुनै नोक्सान नपुऱ्याउने सम्झौता भएपछि खुङ्ग्रीकोट राज्य नेपाल सरकारको आश्रित राज्यको रूपमा स्थापित भयो भने पश्चिमको विजय अभियानमा खुङ्ग्रीले सहयोग पुऱ्याएको हुनाले खुङ्ग्री राज्यलाई वार्षिक रु. २००।- पाउने व्यवस्था भयो । वि.सं. २०१७ को राज्य रजौटा उन्मूलन ऐनले खुङ्ग्रीका

राजालाई जीवनभरि राजाको उपाधि पाउने र जीवनभर नै प्रति महिना रु. २५०।– पेन्सन पाउने व्यवस्था गरियो (अधिकारी, २०६०, पृ. २२९)। यो ऐन लागु भएपछि खुङ्ग्री राज्यको अस्तित्व सधैँका लागि समाप्त भएर गयो ।

खुङ्ग्री राज्य केही समयपछि अस्तित्वमा आएकाले त्यति व्यवस्थित र सम्पन्नशाली हुन सकेको थिएन । यस राज्यलाई सम्पन्न, बलियो गराउन विभिन्न राजाहरूले आ–आफ्नो समयमा अथक प्रयास गरेको पाइन्छ । यस राज्यका संस्थापक राजा इन्द्रपाल सिनले आफ्नो राज्यमा नयाँ गाउँ तथा बस्ती बसालेका थिए । इन्द्रपालपछि उनका छोरा धिर्जपाल सिन (प्रथम) राजा भए । यिनले कोटमा दरबार, किल्ला र इष्टदेवी पाटेश्वरीको स्थापना गरेका थिए र जनताका प्रिय पात्र थिए । यिनी पछि तुला सिन राजा भए । यिनले खुँग्री राज्यभरि अनिवार्य फलफूलका बिरुवा रोपेर बगैँचा गराएका थिए । यसपछि कीर्ति सिन राजा भए, बाबुको वृक्षारोपण कार्यलाई निरन्तर अगाडि बढाएका थिए । यिनीपछि पहार सिन, चन्द्र सिन, उदय सिन, धिर्जपाल सिन (द्वितीय) राजा भए । यिनकी रानी चतुर्भुज दोभानमा सती गएकी थिइन् । यसपछि सुकै सिन राजा भए । यिनको समयमा खुङ्ग्री राज्यको अवस्था निकै बिग्रिसकेको थियो । राज्य व्यवस्था सञ्चालन गर्न निकै अप्ठेरो थियो र यसबाट उन्मुक्ति पाउन गजुलका राजासँग खुङ्ग्रीका केही गाउँ धितो राखी रु. १८००।– ऋण लिएका थिए । यसै समयमा नेपालको एकीकरण अभियान अन्तर्गत नेपालको आधिपत्य स्वीकारी वि.सं. १८४३ मा खुङ्ग्री राज्य नेपालमा गाभियो । नेपालको पश्चिम एकीकरण अभियानमा सहयोग गरेकाले वार्षिक केही कर तिर्ने गरी खुङ्ग्री सामन्ती राज्यको रूपमा थामियो । यसपछि राहावीर सिन, बौद्धनारायण सिन, राजबहादुर सिन, टीका प्रचण्ड सिन राजा भए । टीका प्रचण्ड सिनका जेठा छोरा दैव प्रचण्ड सिनको मानसिक अवस्था कमजोर भएका कारण दैव प्रचण्ड सिनका जेठा छोरा फत्ते प्रचण्ड सिन राजा भए (सुवेदी, २०५४, पृ ४३८)। यी फत्ते प्रचण्ड सिन सिंह केही समयपछि खुङ्ग्रीको दरबार छाडी धनचउर बस्न थाले । यसपछि कोट दरबारको हेरचाह र संरक्षण हुन सकेन । यो दरबारको केही भाग भत्किन पुगेको थियो । यी फत्ते प्रचण्ड खुङ्ग्रीकोटका भत्ता खाने अन्तिम राजा हुन् । उनको मृत्यु वि.सं. २०४९ मा भएको थियो । यिनी रहँदासम्म भत्ता र दशैँमा हुने पूजा खर्च स्थानीय प्रशासनबाट आउँथ्यो र मृत्युपछि उनका सन्तानले केही समयसम्म पूजा खर्च ल्याए पनि वि.सं. २०५६ सालदेखि ल्याउन छाडेको पाइन्छ । दरबारमा न्यून पूजा खर्च रु. २०००।- मात्र पाइने र उक्त रकम निकासा गर्न झमेला हुने भएकाले रकम निकासा गर्न

छाडेको कुरा स्थानीयहरू भन्दछन् । फत्ते प्रचण्डको मृत्यु पश्चात् दरबार अस्तव्यस्त भएको र वर्तमान समयमा दरबार क्षेत्रको स्वामित्व उनका छोरा झगेन्द्र प्रचण्ड सेनको नाममा रहेको देखिन्छ ।

### ४.२.३.३ भौतिक संरचना

खुङ्ग्रीकोट दरबार खुङ्ग्री बजारभन्दा पश्चिम उच्च स्थानमा अवस्थित छ। यस दरबार क्षेत्रबाट खुङ्ग्री बजार, लुँग्री नदीको दृश्य, हरियाली फाँटहरूको दृश्यावलोकन गर्न सकिन्छ। पहिले यो दरबार रहेको क्षेत्र निकै ठूलो रहेको थियो तर पछि विभिन्न समयमा विभिन्न राजाहरूले बिक्री गरेकाले सङ्कुचित हुँदै वर्तमान समयमा यो दरबार क्षेत्रको क्षेत्रफल लगभग ९ रोपनी मात्र रहेको छ। संरक्षणको अभावमा दरबारमा झारपात उम्रेको र खण्डहरको रूपमा रहेको छ। यस दरबार क्षेत्रमा अझै निम्न बमोजिमका संरचनाहरू विद्यमान रहेका छन् ।

***क) कोट दरबार***

खुङ्ग्रीकोट दरबार परिसरमा रहेको प्रमुख संरचना कोटदरबार हो । कोट दरबारको निर्माण खुङ्ग्री राज्यको दोस्रो राजा धिर्जपाल सेनले निर्माण गराएका थिए । त्यस समयमा दरबार निकै ठूलो, सुन्दर र खड्ग मन्दिर पनि भित्र नै थियो । तर, पछि दरबार जीर्ण भएपछि मन्दिरलाई बाहिर पारी सोही स्थानमा सोही स्वरूपमा केही सानो आकारमा अन्तिम राजा फत्ते प्रचण्ड सिंहले दरबार पुनःनिर्माण गराएका थिए । हालसम्म उक्त दरबार जीर्ण अवस्थामै रहेको छ। यो पूर्व फर्केको दुईतले, दुई फिट अग्लो पेटी उठाएर पेटीमाथि ढुङ्गा र माटोको गारो लगाई निर्माण गरिएको देखिन्छ। दरबारको छाना दुईपाखे झिँगटीको छ। दरबारको अगाडि तल्लो तलामा काठका साधारण दुईवटा ढोका र दुईवटा झ्याल राखिएका छन् भने माथिल्लो तलाको पनि अग्रभागको बीचमा ठूलो र दुईतिर साना काठका बुट्टेदार आँखीझ्याल रहेका छन्। दरबार पछाडिको भाग पूर्ण रूपमा भत्किएको छ। दरबारको पछाडिको भागमा पहिलो तलामा काठका साधारण दुईवटा ढोका र माथिल्लो तलामा एउटा बुट्टेदार झ्याल रहेका छन्। तल्लो तलाको अगाडिको कोठामा राजाको सिंहासन जीर्ण अवस्थामा रहेको माटो र ढुङ्गा मात्र देखिन्छ। दरबारभित्र कुनै पनि वस्तुहरू छैनन्। दरबार पूर्णरूपले खाली रहेको छ। दरबारको पछाडिको भाग भत्किएकाले माथिल्लो तलामा

जान नसकिने अवस्थामा रहेको छ। यस दरबारको लम्बाइ ३१ फिट र चौडाइ १८ फिट रहेको छ।

दरबार संरक्षणको अभावले गर्दा पछिल्लो भाग पूर्ण रूपमा भत्किएको छ जसले गर्दा दरबार भित्रको स्वरूप बाहिरबाट नै देख्न सकिन्छ । त्यसै गरी दरबार माथिको छाना पछाडिको आधा भाग पनि पूर्ण रूपमा खसेको छ। छानाको झिङ्गटी, गारोका ढुङ्गा यत्रतत्र छरिएर रहेका छन्। दरबारको बाँकी रहेको भागमा पनि पानी चुहिएर जीर्ण हुँदै गइरहेको छ।

### *ख) खड्ग मन्दिर*

खुङ्ग्रीकोट दरबार क्षेत्रका संरचनाहरूमध्ये खड्ग मन्दिर महत्वपूर्ण सम्पदा हो। खड्ग मन्दिरलाई खड्गथान पनि भनिन्छ। यो खड्ग मन्दिर दरबारको ठिक अगाडि पूर्वी भागमा अवस्थित छ। दुईपाखे ढुङ्गाको छाना भएको नेपाली शैलीको यो मन्दिर एकतले छ। मन्दिर सानो आधार पेटिमाथि ढुङ्गा र माटोको गारो लगाई निर्माण गरिएको छ। यस मन्दिरको प्रवेशद्वार पूर्वतर्फ फर्केको सामान्य काठबाट निर्मित छ। दरबारसँगै निर्माण गरिएको खड्ग मन्दिर जीर्ण भएपछि खुँग्रीका अन्तिम राजा फत्ते प्रचण्ड सिंहले पुनःनिर्माण गराए पनि पुनः जीर्ण भएपछि वि.सं. २०७४ साल असोजमा सशस्त्र प्रहरी जवान स्व. टोपजङ्गसिंहको स्मृतिमा उनका आमा, दाजु, भाइ र श्रीमतीले ढुङ्गा, माटोको गारोमा सिमेन्ट लगाई पुनः मर्मत गराएका थिए। यस मन्दिरको लम्बाइ, चौडाइ १०.५ फिट रहेको छ भने उचाइ लगभग १२ फिट जति रहेको पाइन्छ। मन्दिरभित्रको गर्भगृहमा पुराना तरबार, खुकुरी, खुँडा, कटारी, खुर्पा, छुरी, भाला, खड्ग आदि २२ थान हतियारहरू ठडाएर राखिएका छन्। गर्भगृहमै ५ वटा खड्गहरूलाई ढाकेर आसनमा राखिएको छ। यिनलाई बडादशैंको अष्टमीमा र चैतेदशैंमा मात्र पूजाको लागि खोलिन्छ।

### *ग) कालिका मन्दिर*

यो कोटदरबार परिसरमा रहेको शक्ति स्वरूपा कालिका देवीको मन्दिर हो। कोटदरबारभन्दा पश्चिम र बराह मन्दिरभन्दा पूर्व रहेको यो कालिका मन्दिर पूर्वतिर फर्केको छ। नेपाली शैलीमा निर्माण गरिएको यो मन्दिरको निर्माण पनि दरबारसँगै भएको देखिन्छ। यो मन्दिर माटो र ढुङ्गाको गारो लगाई ढुङ्गाको छाना राखी बनाइएको छ। मन्दिरको प्रवेशद्वार साधारण काठको छ भने मन्दिरमा झ्याल राखिएका छैनन्। जमीनको सतहदेखि ६

इञ्च अग्लो पेटीमाथि निर्माण गरिएको यो मन्दिरको लम्बाइ, चौडाइ ६.५ फिट र उचाइ १० फिट रहेको छ। दरबारको समकालीन मानिने मन्दिरभित्रको गर्भगृहमा कालो प्रस्तरको १ फिट अग्लो कालिकाको सुन्दर मूर्ति रहेको छ। मन्दिरको प्रवेशद्वार अगाडि काठको मौला गाडिएको छ । बडादशैंको दिन खड्गथानको पूजा गरिसकेपछि कालिका देवीको पूजा गरी बोकाको बलि दिइन्छ। जीर्ण अवस्थामा रहेको यस मन्दिरका काठ, ढोकाहरू मक्किएका छन् भने छानाबाट पानी चुहिएर गारोमा खस्ने गरेको छ।

***घ) बराह मन्दिर***

यो कालिका मन्दिरभन्दा पश्चिमतिर अवस्थित छ। बराह मन्दिर एकतले नेपाली शैलीमा ५ फिट आधार पेटीमाथि माटो र ढुङ्गाको गारो लगाई निर्माण गरिएको छ। यस मन्दिरको छाना ढुङ्गाको नै रहेको छ। कालिका मन्दिर समान देखिने बराह मन्दिर पनि कोटदरबार समकालीन नै मानिन्छ। पूर्वतर्फ फर्केको मन्दिरको द्वार साधारण काठको छ। मन्दिरको आकार, प्रकार, लम्बाइ, चौडाइ र उचाइ सबै कालिका मन्दिर समान रहेको छ। जीर्ण अवस्थामा रहेको यो मन्दिर पनि कालिका मन्दिर जस्तै कुनै पनि समयमा भत्किन सक्ने अवस्थामा पुगेको छ। बराह मन्दिरमा मनोकामना पूरा होस्, सुख, समृद्धि होस्, परिवारमा शान्ति होस् भनी बजाउने भौंकर राख्ने प्रचलन रहेको छ। भौंकर राख्ने र बजाउनाले बराहा देवताले सुन्ने र आफ्नो इच्छा पूरा गरिदिने भनाइ रहेको छ। यस बराह मन्दिरको गर्भगृहमा भोकरहरू राखिएका छन्। यस मन्दिरमा बलि दिन नमिल्ने भएकाले बराहको मूर्तिलाई यस स्थानभन्दा ठिक माथि पहाडको टाकुरामा मन्दिर बनाई स्थापना गरिएको छ। बराह मन्दिरमा फत्ते प्रचण्ड सिंहका वंशजहरूले हरेक दुई वर्षमा मंसिर पूर्णिमाका दिन देवाली पूजा गर्छन्। खुङ्ग्री कोटदरबार एक ऐतिहासिक धरोहरको रूपमा रहेको भए पनि दरबार संरक्षणको अभावले गर्दा कतिपय वस्तुहरू हराएर गए भने कति नष्ट भइसकेका छन्।

## ४.२.४ गजुलकोट दरबार, गजुलकोट, रोल्पा

### ४.२.४.१ अवस्थिति

यो सुनिल स्मृति गाउँपालिका वडा नं. ६ गजुलकोटमा अवस्थित छ। 'गजुल' मध्यकालीन नेपालमा रहेका बाइसे राज्यहरूमध्येको एउटा महत्वपूर्ण राज्य हो। यो एकीकरण पूर्व बाइसे राज्यहरूमध्येको बाइस खुवा गजुल राज्यको सदरमुकाम पनि हो। सेन

वंशीहरूले राज्य गरेको यो गजुल कोटदरबार कुवाँपानीको उच्च टाकुरामा रहेको छ। यो कोटदरबार रहेको क्षेत्र समुद्र सतहदेखि १३३५ मिटरको उचाइमा रहेको छ । कोटदरबार रहेको क्षेत्रको पूर्व काभ्रा, पश्चिम गजुल-कुवाँपानी, उत्तरमा पानी पोखरा र दक्षिणमा मिभिङ गाउँ पर्दछन्। यस कोटदरबार क्षेत्रमा पुग्न रोल्पाको सदरमुकाम लिबाङ, सातदोबाटो-मिभिङ हुँदै ३४ किलोमिटरको यात्रा गर्नु पर्छ । यो स्थल भालुबाङ-लिबाङ सडक खण्डको मिभिङदेखि १२ किलोमिटरको दूरीमा रहेको छ।

गजुल कोटदरबार क्षेत्र रोल्पा जिल्लाको एक धार्मिक तथा ऐतिहासिक सम्पदा हो। यस क्षेत्रलाई अग्ला अग्ला पहाड र हरिया जङ्गलले घेरेका छन्। यहाँबाट उत्तरका हिमाल र वरिपरि स-साना बस्तीहरूका दृश्य अवलोकन गर्न सकिन्छ।

### ४.२.४.२ ऐतिहासिकता

गजुलकोटको नामकरणको सम्बन्ध यहाँ स्थापित पाटेश्वरी मन्दिरसँग रहेको बुझिन्छ । यहाँका प्रथम राजा तुथा सिन र राजगुरु कलानन्द उपाध्यायद्वारा भारतको तुलसीपुर स्थित देवी पाटनबाट देवीको प्रतीकका रूपमा शिला ल्याई कोट दरबारदेखि दक्षिण तल पाटीभिर क्षेत्रमा स्थापना गरी मन्दिर निर्माण गराए। सो मन्दिरको गजुरको लागि चाहिने सुन त्यहाँका जनताहरूबाट जम्मा गरियो। त्यतिबेला गजुर निर्माणको विषयले निकै चर्चा पायो। यसरी गजुर भन्दाभन्दै पछि 'गजुर' अपभ्रंश भई त्यस स्थान र राज्यलाई नै गजुल भन्न थालियो। केहीको भनाइ अनुसार मन्दिरको सबैभन्दा माथि गजुर रहने र यो स्थान उच्च भागमा भएको भएकाले यस स्थानको नाम गजुर भन्दाभन्दै गजुरबाट गजुल भएको हुन सक्छ। अर्को भनाइ अनसार गजुलको पहिलेको दरबार भएको क्षेत्र गजुर जस्तै अग्लो चुच्चो परेको हुनाले त्यस टाकुरालाई गजुर भन्दाभन्दै गजुल भएको हो भनिन्छ। यस क्षेत्रको नामकरणका सम्बन्धमा तथ्य प्राप्त हुँदैन । जे जसरी नामाकरण भए पनि धेरै पहिलेदेखि नै यो विकसित बस्तीको रूपमा थियो भन्न सकिन्छ।

मध्यकालीन नेपालमा रहेका बाइसे राज्यहरूमध्ये गजुलकोट एउटा महत्वपूर्ण राज्य हो। यस राज्यको स्थापना वि.सं. १५०९ तिर भएको कुरा त्यहाँ प्राप्त ताम्रपत्र, राजाहरूको वंशावली, स्थानीय बुढापाकाहरूको भनाइ आदिबाट प्रमाणित हुन्छ। तर, इतिहासकार टेकनाथ गौतमले वि.सं. १५५० को आसपासतिर गजुल राज्य स्थापना भएको कुरा व्याख्या गरेका छन् (गौतम, २०५०, पृ. ३७)। तुथा सेनको अस्तितव प्रमाणित गर्ने पाटेश्वरी मन्दिर

स्थापना गरिएको प्रसङ्गको वि.सं. १५०९ को अभिलेखले गजुल राज्यको स्थापनाकाल स्पष्ट गर्छ (सुवेदी, २०५५, पृ. ४३१) । यसरी राज्य स्थापना भएको सम्बन्धमा विवाद भए पनि १५औं शताब्दीको सुरुमा नै गजुल राज्यको स्थापना भएको कुरामा सबैको एकमत रहेको पाइन्छ। गजुल राज्यको स्थापना कुन घटनाक्रमले कसरी हुन गयो भन्ने सम्बन्धमा धेरै प्रकारका जनश्रुतिहरू पाइन्छन् । एकथरिको भनाइ अनुसार गजुल राज्यमा १३औं शताब्दीतिर कुनै मानव बस्ती थिएन, एकान्त र बिरानो, घनाजङ्गल थियो । त्यसै समयमा बाग्लुङका ताकामुनाबाट थापाहरू शिकार खेल्दै यस जङ्गलमा आइपुगे। यी थापाहरू शिकार कलामा निपूर्ण थिए र शिकार खेल्ने क्रममा बस्नको लागि उपयुक्त ठानी यहीँ स्थायी रूपमा घर बनाई बसोबास गर्न थाले। केही समयपछि बिस्तारै बस्ती ठूलो हुँदै गयो । सामाजिक जटिलताहरू उत्पन्न हुन थालेपछि एउटा अगुवाको आवश्यकता महसुस गरी सबैले मान्ने एउटा व्यक्तिलाई अगुवा चुनियो । केही समयपछि बिस्तारै यसले एउटा राज्यको रूप लियो। राज्यको रूपमा त्यस स्थान परिणत भएपछि राज्य सञ्चालन गर्नका लागि राजाको खोजी गर्न थालियो। त्यहाँ गजुलकोटको पूर्व र दक्षिणमा रहेको ठाँटी पोखरीमा विशिष्ट लक्षण र योग्यता भएको जुन व्यक्ति भेटिन्छ उसैलाई राजा बनाउने निर्णय भयो। त्यसै दिन पश्चिम सल्यानको बार्दलाम भन्ने स्थानबाट आएका तुथा सेन नाम गरेका व्यक्ति दक्षिण ठाँटीमा भेटिए। थापाहरूले ती व्यक्तिलाई नै योग्य र लक्षणयुक्त ठानी गजुलकोट राज्यको राजगद्दीमा बसाले । त्यसै दिनदेखि गजुलकोट राज्यको विधिवत् रूपमा स्थापना भयो भने गजुलकोट राज्यको प्रथम राजा तुथा सेन भए (आचार्य, २०७३, पृ. १३१-१३२)।

गजुल राज्यको स्थापना सम्बन्धमा अर्को भनाइ अनुसार गजुल क्षेत्र पहिले रुकुम भित्र पर्दथ्यो। रुकुममा त्यस समयमा दारे जैतमले शासन गरिरहेका थिए । उनका दुई छोरीहरू निकै रूपवती थिए। जेठी छोरी तुथावती र कान्छी छोरी तुम्बावती थिए। जेठी छोरीको विवाह प्युठानका राजकुमारसँग गरिदिएका थिए भने कान्छी छोरीको विवाह गर्न बाँकी नै थियो (सुवेदी, २०५४, पृ. ४३०)। कान्छी छोरीको लागि योग्य बरको खोजी गरिरहेको समयमा गजुल रुकुमदेखि धेरै टाढा भएको हुनाले गजुलमा नै राजा बनाई छुट्टै राज्य स्थापना गर्नका लागि रुकुमका राजा दारे जैतम कहाँ थपाला राख्न पाऊँ भनी बिन्ती चढाए। दारे जैतमले आफ्नी छोरी तुम्बावतीसँग विवाह गर्नेलाई त्यहाँको राजा बनाउने शर्त राखेपछि गजुलेहरूले योग्य, लक्षणयुक्त व्यक्ति राजा बनाउनका लागि खोज्न थाले । त्यसै

समयमा डोटीमा शासन गर्ने सेन वंशीहरू छुट्टिएर सल्यान आएका थिए। यिनीहरूमध्ये केहीले सल्यानको केही भागलाई ओगटेर शासन गरिरहेका थिए । ती मध्येका एक तुथासेनले नयाँ राज्यको खोजी गर्दै हिँडिरहेको भेटाए र वि.सं. १५५० तिर तुथासेनको तुम्बावतीसँग विवाह गराई दाइजोको रूपमा गजुल राज्य दिएका थिए भनिन्छ (गौतम, २०५०, पृ. ३७) ।

गजुलमा राज्य स्थापना गर्ने सम्बन्धमा सेन राजवंशीहरूले राज्य सञ्चालन गर्नु अघि नै गजुलमा राज्य व्यवस्था त थियो तर, कुनै कारणले राजगद्दी खालि भएको हुँदा काजीहरूले मात्र राज्य सञ्चालन गरिरहेका थिए । राज्य सञ्चालन गर्न गाह्रो भएको महसुस गरी काजीहरूले राजगुण भएका प्रतिभाशाली व्यक्तिको खोजी गर्न थाले । जस अनुसार गजुलको एउटा पोखरीको नजिकमा रहेको चौतारीमा शिरमा बाँधेको फेटा निकालेर जो बस्छ उसलाई नै राजा बनाउने भन्ने गोप्य सल्लाह भयो । त्यसै समयमा जाजरकोट जक्तिपुरबाट आएका तुथा सिन घुम्दै आउँदा थकाइ मेट्न त्यसै चौतारामा बसेका थिए । गोप्य सल्लाह बमोजिम काजीहरूले उनैलाई गजुलको राजा बनाए। तुथा सिन जाजरकोटका राजा थिए, उनी एक धार्मिक प्रवृत्तिका राजा थिए। उनका भाइको मृत्यु भएपछि विधवा भाइबुहारीलाई विवाह गर्न बाध्य गराउन थालेपछि उनी विरक्त भएर राज्य ब्राह्मणलाई दान दिएर भौंतारिदै हिँडेका थिए । यसरी भौंतारिएका तुथा सिनलाई गजुलका काजीहरूले राजगुण भएको सोचे जस्तो व्यक्ति महसुस गरी गजुलको राजा हुनका लागि अनुरोध गरे । त्यसपछि तुम्बावती मैँयासँग विवाह गरी गजुलको राजा भए (आचार्य, २०७१, पृ. १५) ।

त्यस समयमा गजुल राज्यमा १८ गाउँ गजुल, रिम्फा, कवाली, भन्भने, धवाङ, धाङ्सी, च्वेबाङ, मुम, गर्मा, होमाफाल्जा, लिबाङ, जेठाबाङ, हनिगाउँ, हिले मिम्फिङ, खुमेल, नुवाकोट आदि थिए (सुवेदी, २०५४, पृ. ४३०)। त्यस समयका गजुलमा थापा र मगरहरूको मात्र बस्ती थियो । पूजापाठ गर्नका लागि गुरु पुरोहितका लागि राजाले पूर्व राखापुला भन्ने स्थानबाट सुवेदी थरका ब्राह्मणलाई गजुलमा ल्याई बसोबासको व्यवस्था मिलाइदिएका थिए। त्यस समयमा गजुल राज्यमा २००० घरधुरीको सङ्ख्या मात्र थियो भनिन्छ (गौतम, २०५०, पृ. ३७) ।

गजुल र खुङ्ग्रीबाट प्राप्त वंशावली अनुसार गजुलमा १६ जना राजाले शासन गरेको प्रष्ट हुन्छ। तिनीहरूमा संस्थापक तथा प्रथम राजा तुथा सिन हुन्। त्यसपछि विधा सिन, उदय सिन, अशोक सिन, आधार सिन, गोगन सिन, डोडु सिन, इन्द्रपाल सिन, कर्णपाल सिन

(प्रथम), असोक सिन, जगत् सिन, प्रताप सिन, दलजित सिन, अजय सिन, कर्मपाल सिन (द्वितीय) र गजेन्द्रपाल सिन हुन्। गजुलबाट प्राप्त गजुले राजाहरूको वंशावलीमा यी सेनहरूको उद्ग मस्थल भारतको अयोध्या भनिएको छ। भारतको अयोध्याबाट डोटीमा आई लामो समयसम्म शासन गर्ने शासकहरूमध्ये रिपु मल्लको समयमा उनका सन्तानहरू त्यहाँबाट छुट्टिएर सल्यानको केही भागमा अलग राज्यको स्थापना गरी शक्ति शाही र कलान शाहीले राज्य गरेका थिए। यसरी सल्यानमा राज्य स्थापना भएपछि सल्यानी राजवंशमा खिचलो उत्पन्न भयो र आफ्ना भाइभारदारसँग असन्तुष्ट भई तुथा सेन राज्य छोडी नयाँ राज्यको खोजीको लागि गजुलमा पुगे। यी तुथा सेनले गजुलमा पाटेश्वरी भगवतीको मन्दिर पनि स्थापना गरेको कुरा मन्दिरमा रहेको काष्ठ अभिलेखमा उल्लेख गरेको पाइन्छ। यसरी तुथा सिनले गजुलमा आफ्नो इष्टदेवी कालिका भगवतीको स्थापना गरेको प्रमाणित हुन्छ (सुवेदी, २०५४, पृ. ४३२)। गजुल राज्यमा शासन गर्ने प्रमुख राजाहरूको समय, घटेका घटना तथा कार्यहरूको विवरण यसप्रकार रहेको छ।

तुथा सिनपछि गजुलमा राज्य गर्ने सातौँ राजा डौँडु सिनको समयमा उनका भाइ इन्द्रपाल सिनले गजुलका १८ गाउँमध्ये ९ गाउँ लिएर खुङ्ग्रीमा छुट्टै राज्य स्थापना गरेका थिए। त्यसपछि गजुल राज्यमा ९ वटा गाउँ मात्र रहन गए। गजुल राज्य र खुङ्ग्री राज्यको विभाजन भएका सम्बन्धमा विद्वान्हरूबीच विवाद भएको पाइन्छ। कसैले डौँडु सिनको समयमा राज्य विभाजन भएको भन्दछन् भने कसैले इन्द्रपाल सिनको समयमा भन्दछन् त कसैले असौज सिनको समयमा राज्य विभाजन भएको हो भन्दछन्। यसै गरी कसैले इन्द्रपाल सिनका दुई रानीहरूमध्ये जेठी रानीबाट कर्णपाल र कान्छी रानीबाट धैर्यपाल सिनको जन्म भएको थियो। दुवै रानीले आफ्नो छोरालाई राज्य दिलाउनका लागि कोसिस गरिरहेका थिए। त्यस पश्चात् दरबारमा विवाद उत्पन्न भयो। दुवै रानीको चित्त बुझाउन राजा इन्द्रपाल सिनले खुमेलदेखि उत्तरका ९ गाउँ गजुलमा राखी गजुलमा कर्णपाल सेनलाई राजा बनाए भने बाँकी खुमेलदेखि दक्षिणतिर खुङ्ग्री राज्य नाम दिई धैर्यपाल सिनलाई राजा बनाई राज्य विभाजन गरिदिए भनिन्छ (गौतम, २०५०, पृ. ३७)। इन्द्रपालपछि गजुलमा कर्णपाल, असोज सिन, जगत् सिन राजा भए । यी जगत् सिनको समयमा उनले गजुलकोटलाई बलियो बनाउनका लागि झिङ्गटीको छाना भएको बलियो दरबार निर्माण गरी किल्लाको (गढी) रूपमा स्थापित गराएका थिए। त्यसै गरी उनले जेलबाङमा फलाम खानी खन्न लगाए भने सुन खानी समेत पत्ता लगाएका थिए भन्ने कुरा वंशावलीमा उल्लेख

गरिएको छ। दरबार निर्माण र घर्ती पदवीको विषयमा यस्तो भनाइ रहेको पाइन्छ । त्यस समयमा गजुलमा थापाहरूको मुख्य बस्ती रहेको थियो। सामान्य जनताहरूका घरहरू सानासाना झुपडी हुन्थे । यी थापाहरूले राजाहरू बस्नका लागि ठूलो भव्य दरबार बनाइदिएका थिए । त्यसैले राजाले थापाहरूलाई "घर दि" पदवी दिएका थिए । यो 'घरदि' पद्वी पछि आएर थरमा परिवर्तन हुन गयो। यो 'घरदि' पद्वी लामो समयसम्म भन्दै जाँदा अपभ्रंश भई घरदि, घरती हुँदै 'घर्ती' हुन गयो र पदवी पाएका थापाहरूलाई घर्ती भन्दै थर नै घर्ती रहन गयो। गजुल राज्य स्थापनामा यी घर्ती क्षेत्रीहरूको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। जगत् सिनपछि क्रमशः प्रताप सिन, दल सिन राजा भए । दल सिनले बस्ती बिस्तार गर्नका लागि गजुलभित्रका केही जङ्गलहरू फँडानी गरी बस्ती बसालेका थिए। त्यस समयमा बस्ती बिस्तार भयो भने राज्यको आम्दानी बढ्छ भन्ने विश्वास थियो। दल सिनपछि अजय सिन राजा भए । अजय सिनको समयमा उनका भाइ सुन्दर सिनले बिद्रोह गरी लिबाङलाई अंशको रूपमा लिई छुट्टै राज्य स्थापना गरेका थिए । अजय सिनपछि कर्णपाल सेन राजा भए । यिनको वि. सं. १८४२ को एउटा ताम्रपत्र पाइएको छ । उक्त ताम्रपत्रमा "श्री गिरीराज चक्र चूडामणि नर नारायणेदि विविध विरुदावलि विराजमान मानोन्नत स्वास्ति श्री श्री श्री महाराजधिराज कर्णपाल सिन" उल्लेख गरी खुङ्ग्रीका साहेवज्यू सुकै सिनले रु. १८००।- सापटी लिएर मिझिङ गाउँ बन्धकी राखिएको उल्लेख छ। साथै उक्त रकम जनताबाट उठाउन नपाउने र राजा आफैले कमाएर तिर्नु पर्ने उल्लेख रहेको छ। यस ताम्रपत्रबाट गजुल राज्य त्यस समयमा सम्पन्न थियो भन्ने स्पष्ट हुन्छ। कर्णपालको मृत्युपछि गजेन्द्रपाल राजा भए । गजेन्द्रपालको समयमा गोरखालीको आक्रमण भएको थियो। प्युठानलाई गोरखालीले कब्जा गरेपछि खुङ्ग्री गोरखालीसँग मिली गजुलमा आक्रमण गर्ने बाटो देखाउँदै आक्रमण गर्न सहयोग गऱ्यो। गजुल र गोरखालीको ठूलो युद्ध भयो । यस युद्धमा गजुले राजाको मृत्यु भयो भनिन्छ भने कसैले सपरिवार भागेर लापत्ता भए भन्छन्। जे भए पनि गजुल गोरखालीसँग पराजित भई वि.सं. १८४३ कार्तिक १० गते गोरखामा समावेश भयो (गौतम, २०५०, पृ ३८)।

### ४.२.४.३ भौतिक संरचना

#### क) कोटघर

कोटघर नै यस क्षेत्रको विद्यमान महत्वपूर्ण ऐतिहासिक मूर्त सम्पदा हो। यस कोटमा रहेको प्राचीन दरबार कस्तो स्वरूपको थियो, दरबारमा के-कस्ता कला तथा वास्तुकला

प्रयोगमा आएका थिए भन्ने सम्बन्धमा कुनै प्रामाणिक ऐतिहासिक स्रोतहरू प्राप्त हुँदैनन् । दरबार संरक्षणको अभाव तथा भौगोलिक कारणले गर्दा दरबार जीर्ण भई भत्किन गएको र भत्किएका दरबारका सामग्रीहरू समेत नष्ट भई भूगर्भमा मिल्न पुगेको हुनाले दरबारको कुनै पनि प्रमाणहरू पाउन सकिएको छैन । पुरानो दरबारको स्वरूपका बारेमा स्थानीय बुढापाकाहरूको भनाइ अनुसार प्राचीन दरबार ढुङ्गा र माटोबाट बनेको तीनतले, नेपाली शैलीको, दुईपाखे खपटाको छाना भएको थियो । दरबारको चारैतिर काठको बार्दली रहेको थियो भने दरबारमा कलायुक्त झ्याल र ढोका प्रयोग गरिएका थिए । दरबारको तल्लो तलामा दुईवटा लामालामा कोठाहरू थिए । ती कोठाहरूमा खड्ग थान, गद्दी बैठक र भान्सा थिए । माथिल्लो तलामा राजपरिवार बस्ने कोठीहरू थिए (अन्तर्वार्ता- मिट्ठुलाल सेन, दामोदर सुवेदी) । यो दरबार राजा जगत सिनले बनाएको हुनु पर्छ, किनभने वंशावलीमा जगत सिनले झिँगटीले छाएको दरबार बनाएको कुरा उल्लेख गरिएको छ । यो दरबार १६औं वा १७औं शताब्दीतिर बनेको मानिन्छ । त्यो दरबार जीर्ण भई भत्किएपछि वि. सं. २०२३ सालतिर ढुङ्गा, माटो र काठ प्रयोग गरी प्रस्तरको छाना राखी कोटघरको पुनःनिर्माण गरिएको थियो । यो कोटघर पनि भत्किएपछि वि.सं. २०५१ सालमा स्थानीय बासिन्दा र गा. वि. स. को आर्थिक सहयोगमा माटो, ढुङ्गाको गारो र बाहिरबाट सिमेन्टको प्लास्टर गरी कोटघरको रूपमा निर्माण भएको थियो ।

वर्तमान समयमा गजुलकोटमा रहेको कोटघर, दरबार परिसरको बीच भागमा रहेको छ । यो कोटघर परिसरमा करीब १५ वर्गमिटर जग्गा रहेको छ । पूर्व फर्केको कोटघर एक फिटको एकतहको पेटीमाथि ढुङ्गा र माटोको गारो र बाहिरबाट सिमेन्टको प्लाष्टर गरिएको दुईपाखे ढुङ्गाको छाना रहेको छ । नेपाली शैलीको यो कोटघरको लम्बाइ २७.३ फिट, चौडाइ १३.३ फिट र उचाइ १६ फिट रहेको छ । कोटघरको प्रवेशद्वार सामान्य काठको दुईतल्ले रहेको छ भने सामान्य दुईवटा आँखीझ्याल छन् । कोटघरको अगाडि पेटीमाथि काठको खम्बा राखी ढुङ्गाको छाना भएको पाली राखिएको छ । यसमा दुईवटा कोठा रहेका छन् । एउटा कोठामा राजगद्दी रहेको छ । यो राजगद्दी ढुङ्गा र माटोले बनाइएको जसको ४६ इञ्च लम्बाइ, ३७ इञ्च चौडाइ र २६ इञ्च उचाइ रहेको छ । कोटघरको दायाँतिरको अर्को कोठामा दुर्गादेवीको पूजा कोठा रहेको छ । भऱ्याङ चढेर माथि गएपछि गजुले राजाले प्रयोग गरेका खुँडा, खुकुरी, तरवार, छुरी, ढाल आदि राखिएको काठको बाकस रहेको छ । यही पुराना हतियार राखेको कोठालाई दशैंमा खड्गथानको रूपमा प्रयोग गरिन्छ । कोटघरको

अगाडि एउटा काठको मौलो गाडिएको छ । बडा दशैँ र चैतेदशैँमा दुर्गादेवीको पूजा गरी मौलामा बलि चढाउने परम्परा रहेको छ । कोटघरमा जानका लागि पश्चिमतिरबाट सिँढीको व्यवस्था गरिएको छ ।

कोटघरदेखि लगभग २०० मिटर पूर्वको खुला भागमा प्राथमिक विद्यालय रहेको छ । यस विद्यालयभन्दा पूर्वको ठूलो डाँडो टुँडिखेल थियो । जहाँ सैनिकहरू कवाज खेल्दथे । गजुले राजाका काला जोखन र सेता जोखन भन्ने भारदारहरू थिए । उनीहरूमध्ये एकजना टुँडिखेलमा र एकजना कोटघर पछाडि बसेर छेलो खेल खेल्दथे । उनीहरूले खेल्ने ढुङ्गाको छेलो २६ इञ्च व्यास र नौ धार्नीको हुन्थ्यो भनिन्छ । यो छेलो कोटघरमा अझै सुरक्षित रहेको छ । जोखनहरू यति बलिया थिए कि एकमुरी चामलको खाजा एक्लै खान्थे, साठी मुरी धानको पराल एक्लै बोक्थे ।

**ख) पाटेश्वरी मन्दिर**

कोटदेखि दक्षिणको तल्लो भागमा रहेको पाटेश्वरी मन्दिर पनि यस स्थलको ऐतिहासिक मूर्त सांस्कृतिक सम्पदा हो । यस मन्दिरसँग गजुल राज्यको नामकरणको प्रसङ्ग जोडिएको पाइन्छ । यसबाट गजुल राज्यको भारत देवीपाटन स्थित पाटेश्वरी मन्दिरसँग सम्बन्ध रहेको देखिन्छ । हालसम्म पनि यस मन्दिरप्रति सबैको आस्था रहेको पाइन्छ । यस स्थलमा नियमित पूजा हुनुका साथै पर्व विशेषहरूमा विशेष पूजा हुने प्रचलन छ ।

## ४.२.५ गढीछैँडा किल्ला

### ४.२.५.१ अवस्थिति

गढीछैँडा किल्ला घोराही उपमहानगरपालिका वडा नं. १ काउले दाङ र बंगलाचुली गाउँपालिका वडा नं. ४ दाङमा रहेको छ । यो स्थल अग्लो टाकुरामा रहेको छ । यो किल्ला रहेको लेकको दक्षिण पानीढलो भाग घोराहीतिर र उत्तर पश्चिम र पूर्वको भाग बंगलाचुली गाउँपालिकातर्फ पर्छ । यस स्थलमा पुग्न सदरमुकाम घोराहीदेखि करीब १८ किलोमिटर पूर्व-उत्तरको यात्रा गर्नु पर्छ । यस किल्लाको उत्तरमा  जुम्लेपानी, दक्षिणमा काउले, पूर्वमा जङ्गल क्षेत्र र पश्चिममा मौवालेक पर्छन् । यो स्थल गढी साामुदायिक वन क्षेत्रभित्र रहेको छ । किल्ला वास्तुकलाको प्राचीन परम्परा छ । सुरक्षाका लागि निर्माण गरिने किल्ला धेरै प्रकारका हुन्छन् । यो किल्ला पहाडको टाकुरामा ढुङ्गाबाट निर्माण गरिएको छ ।

### ४.२.५.२ ऐतिहासिकता

काउले छैंडामा किल्ला रहेका कारण यस छैंडाको नाम 'गढीछैंडा' भएको हो । यो किल्ला कुन राज्यको सुरक्षाको लागि कहिले बनाइएको थियो भन्ने विषय अन्योल छ । यस सम्बन्धी स्पष्ट सूचना कतै पाउन सकिन्न । यस विषयमा अनुमान गर्न यस वरपरका राज्यहरू र घटित घटनाहरूतर्फ ध्यान दिन जरुरी देखिन्छ ।

गढीछैंडा किल्लाको पूर्व-उत्तरमा प्युठानको उदैपुर र भित्रीकोट राज्य, दक्षिणमा सवारीकोट राज्य (पछि समग्र दाङ राज्य), पश्चिममा छिल्ली तथा सल्यान राज्य पर्दथे । सदूर उत्तरमा भने खुङ्ग्री-गजुल राज्य पर्थे । यी राज्यहरूमध्ये सवारीकोट, उदैपुर र छिल्लीसँग नजिकको दृष्टिले बढी सम्बन्धित रहेको देखिन्छ । यो किल्ला सवारीकोट राज्यले आफ्नो सुरक्षाको लागि धेरै अघि निर्माण गरेको हुन सक्छ । यसै सन्दर्भमा वि.सं. १८४३ तिर एकीकरण अभियानको बेला गोरखालीबाट प्युठान र दाङतिर आक्रमण हुने सङ्केत देखिएपछि अन्य राज्यहरू कमजोर रहेकोले दाङका राजा नवलसिंह मात्रै युद्ध गर्ने विचारमा पुगेका थिए । यति बेला दाङका लागि सल्यानी राज्यबाट पनि आक्रमण हुने खतरा थियो । त्यसैले धेरै फौज लिएर दाङका राजा हर्नोकको बाटो प्युठानतिर लागे । प्युठान जाँदा राजा मानिकचन राज्य छोडेर भागेकाके तथा कार्कीहरू (उदैपुर राज्य) गोरखालीसँग मिलेको थाहा पाए । यस अवस्थामा दङाली राजाले प्युठानका पलायन सेनाहरूलाई तापामा रोकी भएका खरखजाना लिएर ठाना बाँधी बसे । त्यसै गरी तिराम नजिकको पाखा भिरमा (हाल पाछाभिर मानिने) फौज राखेर बसे । सल्यानी र उदैपुरेबाट गोरखालीले दङालीको रणनीति थाहा पाएपछि गोरखालीहरू देवीथानबाट मर्काबाङ हुँदै मुर्कुटी आएर नवलसिंहको सेनाहरूमाथि आक्रमण गरे ।

माथि उल्लिखित घटना भएका तापा, हर्नोक, मुर्कुटी भनेका गढीछैंडा किल्ला वरिपरिका ठाउँ हुन् । बर्खे राजधानी सवारीकोट र हिउँदे राजधानी चौघेरा भएको सवारी कोट राज्यको (दाङ राज्य) सीमा उत्तरमा माडीखोला, पूर्वमा उदैपुर, पश्चिममा छिल्ली र दक्षिणमा अवधराज्य थियो (गौतम, २०५०, पृ. ६३-६३) । यस आधारमा पनि गढीछैंडा किल्ला सवारीकोट राज्य (दाङ राज्य) भित्र नै पर्थ्यो । त्यसैले यो किल्ला सवारीकोट राज्यले आफ्नो पूर्वी-उत्तरी सीमा सुरक्षाको लागि निर्माण गरेको देखिन्छ । गौतम (२०५०) का अनुसार सवारीकोट राज्य छिल्ली राज्यभन्दा निकै पछि (वि.सं. १५५० तिर) मात्रै स्थापना भएको देखिन्छ । तर, रत्नपरीक्षक राजाले गोरखनाथको दीक्षा लिई सिद्धरत्ननाथ बनेको

समय वि. सं. ८०९ भन्ने उल्लेख भएको सन्दर्भमा सवारीकोट राज्य जुम्लाको खस साम्राज्यभन्दा पनि पुरानो देखिन्छ । जे भए पनि गढीछेँडा किल्ला राप्ती क्षेत्रको एउटा ऐतिहासिक स्मारक हो । तर, किल्लाको मुख्य भाग धेरै अघि नै भत्किसकेको छ । यसको थोरै भाग मात्रै रहेको छ । यो यस क्षेत्रको महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा हो ।

### ४.२.५.३ भौतिक संरचना

गढीछेँडा किल्ला पूर्व-पश्चिम लाम्चो गरी फैलिएको देखिन्छ । यसको पूर्व-पश्चिम लम्बाई ९१ मिटर छ भने पूर्व मोहडाको चौडाइ २७ मिटर छ, पश्चिमतिरको मोहडा थोरै छ । किल्लाभित्रको भागलाई क्रमशः ६.५ मिटर, ७.५ मिटर, २४ मिटर र ५३ मिटर लम्बाइका छन् । किल्लाभित्र पस्न पूर्व र पश्चिममा दुईवटा ढुङ्गाका द्वारहरू छन् । किल्लाको पूर्वतिर रहेको गाउँतिर एउटा पँधेरो छ । त्यसलाई स्थानीयहरूले कर्नेल पँधेरो भन्छन् । किल्लाको पश्चिम-दक्षिणमा रहेको गाउँको नाम गौँडाकोट छ । स्थानीयहरू त्यो गौँडा कालाहरूलाई रोक्न बनाइएको हो भन्छन् । किल्लामा प्रयोग भएका ढुङ्गाहरू गौँडाकोटबाट ल्याइएका हुन् भन्ने स्थानीयहरूको भनाइ छ (सुवेदी र आचार्य, २०७४, पृ २९-३४) ।

## ४.२.६ गढी लेक किल्ला, होलेरी, रोल्पा

### ४.२.६.१ अवस्थिति

यो रुन्टीगढी गाउँपालिका वडा नं. ९ गढीलेकमा पर्दछ । गढीलेक किल्ला रोल्पा जिल्लाको एक धार्मिक, ऐतिहासिक तथा प्राकृतिक दृष्टिले महत्वपूर्ण सम्पदा हो । गढीलेकलाई सखीलेक भन्छन् । यो लेक समुद्र सतहदेखि २३०० मिटरको उचाइमा अवस्थित छ (आचार्य, २०७३, पृ. १३४) । गढीलेक किल्लाको पूर्व दुबीडाँडा, पश्चिम होलेरी, उत्तर सखी र दक्षिण जसपुर पर्दछन् । घोराही-स्वर्गद्वारी मार्गको मध्यखण्डमा पर्ने होलेरी बजारको शीर्ष स्थानमा अवस्थित गढीलेक जानका लागि होलेरी बजारबाट करीब ३ किलोमिटरको दूरीमा छ । घोराही बजारदेखि दुईखोली–होलेरी हुँदै गढीलेक पुग्न करीब ३२ किलोमिटर दूरी यात्रा गर्नु पर्दछ । गढीलेक अग्लो भूभाग भएको हुँदा यहाँबाट वरपरका क्षेत्रका दृश्यहरू (उत्तरका हिमाल, दक्षिणको दाङ उपत्यकाका साथै प्राकृतिक दृश्यहरू) अवलोकन गर्न सकिन्छ । मध्यकालका भुरे राजाहरूको दरबार रहेको विश्वास गरिने यो स्थलमा दरबारका भग्न खण्ड र किल्ला रहेको छ । यसरी यो गढीलेक एउटा गढको रूपमा रहेको हुनाले यस

क्षेत्रलाई गढ भन्दाभन्दै गढीलेक नामकरण भएको देखिन्छ। स्वर्गद्वारीका महाप्रभुले यहाँ गुरुदीक्षा लिएको भन्ने सन्दर्भमा पहिले पहिले यस क्षेत्रलाई कुटी भन्ने गरिन्थ्यो । यसरी कुटी बनाएर बसेको हुनाले यसलाई कुटी भन्ने गरिन्थ्यो (रामप्रसाद श्रेष्ठसँगको अन्तर्वार्ता) । गढी लेख र सखी लेक एउटै हुन् कि बेग्लाबेग्लै हुन् भन्ने विषयमा मतैक्य छैन । त्यसैले महाप्रभुले गढीलेकमा गुरु दीक्षा लिएको हो वा होइन भन्ने विषय विवादास्पद छ ।

### ४.२.६.२ ऐतिहासिकता

गढीलेक किल्लाको इतिहासको बारेमा प्रामाणिक तथ्यको अभाव छ । यस सम्बन्धी कुनै लिखित सामग्रीहरू प्राप्त हुन सकेको छैन । गढीलेकमा कुन राजाले, कुन समयमा गढीको निर्माण गरे र कुन कुन राजाले यस दरबारबाट शासन गरे भन्ने सम्बन्धमा केही थाहा पाउन सकिएको छैन । स्थानीय बुढापाकाहरूको भनाइअनुसार गढीलेकमा मैचन्यका सिंह ठकुरीहरूको भुरे राज्यको केन्द्र रहेको थियो । यो भुरे राज्य वि.सं. १८९६–९७ सम्म रहेको थियो भनिन्छ। गढीलेकमा भएको किल्ला र दरबार तिनै ठकुरी भुरे राजाहरूको हो भनिन्छ। यहाँ राज्य गर्ने राजाहरूको सम्बन्ध प्युठानको भित्रीकोटे राज्यसँग थियो र यो गढीलेक राज्य भित्रीकोट राज्यको अधीनमा थियो जसले गर्दा निश्चित केही कर तिर्दथ्यो भनिन्छ। गढीलेकदेखि उत्तरमा रहेको पौवाको दुर्गा मन्दिरमा एउटा खण्डित शिलालेख प्राप्त भएको छ । शिवकुमार सुवेदी र गोविन्द आचार्यको टोलीले वि.सं. २०६९ असार १५ गते उक्त शिलालेख प्राप्त गरेको थियो । शिलालेखको आधा भाग फुटेर गएको छ भने आधा भाग मात्र भेटिएको छ। उक्त खण्डित शिलालेखमा वि. सं. १८७१ वा १८७२ मिति उल्लेख छ । धेरै शब्दहरू घिसिएको हुनाले पढ्न सकिँदैन । तर, यसमा 'रुद्रवीर' उत्कीर्ण भएको सन्दर्भमाा यो राज्य मध्यकालको अन्तिम समयतिरको हो भन्ने अनुमान गर्न सकिन्छ । सल्यान राज्यमा रणभीम शाह पदच्यूत भएपछि प्रशासनिक प्रमुखमा जगदेउ भण्डारी र रुद्रवीर शाही आएका छन् । त्यसैले यो क्षेत्र सल्यान राज्य अन्तर्गतको थियो र शिलालेख उनीहरूले लेखाएको भन्न सकिन्छ (आचार्य, २०६९, पृ. १३४-१३५) । वि. सं. १४४८ मा मलै बम्मले आफ्नो विशाल राज्य बाँडफाँड गरेर छोरा र छोरी ज्वाइँहरूलाई दिँदा सुमेरु बम्मले सल्यान राज्य पाएका थिए । त्यति बेला सल्यानको सीमाना पूर्वमा होलेरीको धुरी, पश्चिममा भेरी नदी, उत्तरमा जहारी र दक्षिणमा कोइलाबास, तुलसीपुर (भारत) सम्म थियो । होलेरी क्षेत्र पछिसम्म सातसय सल्यानभित्र पर्थ्यो ।

माथि उल्लिखित होलरीको धुरी भनेको गढलेक हो (सुवेदी, २०५४, पृ २७०-२७१) । अतः यो स्थल बाइसी राज्यको विभाजन कालदेखि नै सल्यान रहेको देखिनाले गढी किल्लालाई पनि सल्यान राज्यकै सुरक्षा किल्लाको रूपमा लिन सकिन्छ । यसकै नजिकमा म्याग्जन गढी पनि रहेकोले यो सुरक्षाका दृष्टिले महत्वपूर्ण किल्ला थियो भन्ने स्पष्ट छ ।

गढीलेकलाई धार्मिक स्थलको रूपमा पनि हेरिन्छ । यस स्थलमा बसी महाप्रभुले गुरु दीक्षा लिई विधिवत् रूपमा सन्यासी भई गुरुको सेवा गरेका थिए भन्ने एक थरिको विचार छ । प्रभुमहाराज यहाँबाट आफ्ना चेला बोधानन्दका साथ रुन्टी फर्केर गएको केही समय पछि गुरु सच्चिदानन्दले समाधि लिएका थिए । सच्चिदानन्द समाधिस्थ हुँदा सिमसिम पानी परेको थियो त्यस समयमा आफ्ना चेलाहरूलाई मेरो अन्तिम समय आइपुग्यो समाधि बनाऊ भने र त्यसै समाधिमा सच्चिदानन्द गई आफै समाधिस्थ भए । उनको समाधिलाई जीता समाधि भनिन्छ । तर, महाप्रभुका धेरैजना गुरुहरू भएको हुँदा यहाँ रहेको समाधि कुन गुरुको हो भन्ने विषयमा पनि मतैक्य छैन ।

### ४.२.६.३ भौतिक संरचना

गढीलेक ऐतिहासिक तथा धार्मिक दुवै दृष्टिले महत्वपूर्ण स्थल हो । यस स्थलमा हाल निम्न बमोजिम भौतिक संरचनाहरू छन् ।

**क) किल्ला**

यस स्थलमा बाह्रसुरे किल्ला रहेको छ । किल्लाको धेरै भाग भत्केको भए पनि केही भाग बाँकी छ । यसमा किल्ला भित्रबाट तोप, बन्दुकले शत्रु पक्षलाई आक्रमण गर्न मिल्ने गरी तोप र बन्दुकका नाल छिराउन मिल्ने प्वाल व्यवस्था गरिएको छ । यस स्थलमा किल्लाभन्दा पूर्वतिर साना किल्लाहरू पनि छन् । यस स्थलको नजिकै म्याग्जन गढी पनि छ । यहाँ अझैसम्म हतियार बनाउँदा प्रयोग भएका फलामका टुक्रा आदि पाइन्छन् ।

**ख) भग्न दरबार**

यस स्थलमा दरबार भन्न सकिने ठूलो भवनको भग्न भाग रहेको छ । स्थानीयका अनुसार यहाँ वि. सं. २०२०-२०२१ सालसम्म दरबारका भित्ताहरू रहेको थियो । वि. सं. २०४३/२०४४ तिर स्थानीयबासीले यसको पुनः निर्माण गरेका थिए । तर, पछि २०५० को दशकमा उक्त दरबार पूर्ण रूपले भत्केको बुझिन्छ ।

**ग) महाप्रभुका गुरुको समाधि**

यस स्थलमा स्वर्गद्वारी महाप्रभुका गुरुको समाधि रहेको छ । यो समाधि कुन गुरुको हो भन्ने विषयमा मतैक्य छैन ।

**घ) मन्दिरहरू**

यस स्थलमा दुईवटा शिव मन्दिर स्थापना गरिएका छन् । एउटा मन्दिरमा स्वर्गद्वारी महाप्रभुको प्रतिमा स्थापित छ । त्यसै गरी एउटा गणेश मन्दिर पनि स्थापना गरिएको छ ।

यिनका अतिरिक्त गढीलेकदेखि उत्तरमा पर्ने पौवा गाउँमा दुर्गा मन्दिर स्थापित छ भने यहाँ हालै भ्यूटावर पनि निर्माण गरिएको छ ।

## ४.२.७ फलाबाङ दरबार, फलाबाङ, सल्यान

### ४.२.७.१ अवस्थिति

फलाबाङ एक ऐतिहासिक स्थल हो । सल्यानी राजाको पछिल्लो अवशेषको रूपमा फलाबाङ दरबार रहेको छ । बाइसे राज्यहरूमध्येको एक शक्तिशाली राज्यको रूपमा रहेको सल्यानी राजाको राजधानी समेत यस ठाउँमा रहेको थियो । फलाबाङ दरबार सल्यान जिल्लाको त्रिवेणी गाउँपालिका वडा नं. ४ फलाबाङमा अवस्थित छ। राप्ती लोकमार्ग सल्यान खण्डको लुहामज्युलादेखि दक्षिणतिरको अग्लो डाडाँमा रहेको फलाबाङ दरबार क्षेत्रमा पुग्न सल्यानको कपुरकोट-कमिरेचौर-धनबाङहुँदै १४ किलोमिटर यात्रा गर्नु पर्दछ । त्यसै गरी सदरमुकाम खलङ्गादेखि दक्षिण श्रीनगर-शङ्खमूल-लुहामसम्म २५ किलोमिटर र लुहाम-काभ्रा-रिङ्गाटे-पैंयाचौरहुँदै १० किलोमिटर दूरी पार गर्नु पर्छ। फलाबाङको पूर्व धनबाङ, पश्चिम काभ्रा, उत्तर लुहाम र दक्षिण थर्कोट लेक पर्दछन् । चारैतिर पहाडै पहाडले घेरिएको बीचमा समथर उच्च भू-भागमा रहेको यो दरबार क्षेत्र सुन्दर, शान्त, रमणीय छ । पहिले फलाबाङको बाटो भएर दाङ-सल्यान गर्थे । तर, पछि अर्को बाटो खुलेपछि यो क्षेत्र बिस्तारै ओझेलमा परेको छ। फलाबाङमा रहेको बजारलाई पहिले 'रेख' बजार भनिन्थ्यो र यो बजार जिल्लाका प्रमुख बजारहरूमध्येको एउटा मानिथ्यो । फलाबाङ ऐतिहासिक स्थल चैतेडाँडादेखि शिवटोल हुँदै गौरीगाउँसम्म फैलिएको छ ।

### ४.२.७.२ ऐतिहासिकता

फलाबाङ एउटा मध्यकालीन समयको जल्दोबल्दो सल्यान राज्यको राजधानी हो । यो एक ऐतिहासिक स्थलको रूपमा रहेको छ। यहाँ रहेका संरचना, अवशेष, वस्तु सबै ऐतिहासिक सम्पदाहरू हुन् । फलाबाङ दरबार क्षेत्र उच्च पहाडमा सुन्दर जङ्गलको बीचमा अवस्थित छ। यस्तो सुन्दर स्थान, अनकन्टार जङ्गलको बीचमा बस्ती कसरी बस्यो यस स्थानको नाम फलाबाङ कसरी रहन गयो भन्ने सम्बन्धमा एउटा रोचक जनश्रुति रहेको छ। जनश्रुति अनुसार एघारौं शताब्दीतिर योगी रत्ननाथका चेला उपन्थनाथ आफ्नो गुरुको आदेश अनुसार यस घना जङ्गलमा बस्ती बसाल्ने उद्देश्यले यस स्थानमा आए। त्यस समयमा यस स्थानमा केही किराँतीहरू गाई पाल्ने, कन्दमूल खाने, गाईको दूध, दही, मही, घिउ खाने र आफ्नै भाषा बोल्थे। त्यहाँ जङ्गली जस्ता देखिने मानिसको बस्ती रहेको थियो । ती उपन्थनाथले यस स्थानमा बस्ती बस्न सक्ने समथर जमीन देखी किराँतीहरूसँग घुलमिल गरी, किराँतीका अगुवालाई आफ्नो हातमा लिई जङ्गल फँडानी गरी बस्ती बसाल्न सुरु गरेछन्। उपन्थनाथले मौसम मौसमका फलफूलहरू उत्पादन गरी फलफूलहरू बस्तीका मानिसहरूलाई खान सिकाए छन् । यसले गर्दा बस्तीका मानिसहरूले फलफूलहरू उत्पादन गर्न सुरु गरेछन्। फलफूलको घना जङ्गल भएपछि यस स्थानलाई फलाबाङ अर्थात् फलहरूको समथर भाग भन्न थालिएको हो भनिन्छ (बस्नेत, २०७१, पृ. ३५-३६) ।

फलाबाङको नामकरणका सम्बन्धमा उपर्युक्त जनश्रुति भए जस्तै फलाबाङको बस्ती कसरी बस्न गयो भन्ने सम्बन्धमा एउटा जनश्रुति पाइएको छ। त्यस अनुसार भारत बलरामपुरका राजकुमार नवल सिंह शिकार खेल्न जङ्गल गएको समयमा एउटा सुन्दर मृगलाई वाण हान्दा मृग घाइते भई रगतको निशाना छोड्दै दाङको चौघेरामा आई विश्राम गरेको रहेछ। घाइते मृगलाई समात्नका लागि त्यहाँका बासिन्दाले चारैतिरबाट घेरा हाले तर मृग त्यहाँबाट भागेर पश्चिमतिर लाग्यो। चारैतिरबाट घेरा हालेको हुनाले यस स्थानलाई 'चौघेरा' भन्न थालियो। घाइते मृग भाग्दै जाँदा सल्यानको थरकोट गढीलेकमा पुगी घाइते मृगले योगी रूप धारण गरी धुनीमा ध्यानमा बसे। केही समयपछि आफुले घाइते बनाएको मृग खोज्दै त्यहाँ राजकुमार आइपुगे र योगी धुनी जगाई ध्यानमा बसेको देखे। योगीको शरीरमा राजकुमारले हानेको वाणको आलो घाउ देखे र रगतको निशाना पनि त्यहीँसम्म मात्र देखियो । यसबाट घाइते मृग नै योगी हुन् भन्ने कुरा प्रस्ट भयो। योगीको ध्यान खुलेपछि राजकुमार लज्जित हुँदै योगीसँग मैले चिन्न सकिन भनी माफ मागे

र योगीले पनि केही छैन म रतननाथ हुँ तिमीलाई यहाँको राजा बनाउने उद्देश्यले मैले मृग रूप धारण गर्नु परेको हो । त्यसैले तिमी यहाँको राजा भई राज्य गर्नुपर्छ भनी राजकुमारको आँखामा पहेँलो रङको कपडाको पट्टी बाँधिदिए । त्यसपछि पहेँलो पट्टीबाट निकै ठूलो क्षेत्र देखेपछि यति ठूलो क्षेत्रमा राज्य गर्न नसक्ने भनेपछि फेरि कालो पट्टी बाँधे । यस पटक केही सानो क्षेत्र भएकोले राज्य गर्न स्वीकार गरे । फलस्वरूप फलाबाङमा आई रतननाथको मन्दिर स्थापना र अष्टभैरवको मूर्ति स्थापना गरी पूजाको सुरुवात गरे। पूजा गर्दा सिम्ठाराको चामल र मसुराको दाल भोग दिने चलन रहेको छ । किनभने रतननाथलाई उक्त चामलको भात र दाल मन पर्ने भएकोले हुनसक्छ (बस्नेतसँगको अन्तर्वार्ता) ।

फलाबाङमा राजदरबार वा राजधानी बनाई सल्यानमा राज्य सञ्चालन गरेको कुरा ऐतिहासिक प्रमाणहरूले पुष्टि गरिसकेका छन् । सल्यान राज्यको स्थापना वि.सं. १४४८ मा भएको ऐतिहासिक स्रोतहरूमा उल्लेख गरेको पाइन्छ । कर्णाली प्रदेशका राजा मलै बम्मले (मलय बर्मा) आफ्नो राज्य आफ्ना तीन छोरा र एक छोरी ज्वाइँलाई भागबण्डा लगाइदिएका थिए । जसअनुसार जेठा छोरा सुमेरु बम्मलाई सल्यान, माहिला मेदनी बम्म (जगत् सिंह)–जाजरकोट, कान्छा संसार बम्मलाई दैलेख र ज्वाइँ बलिराजलाई जुम्लाको राजा बनाएका थिए । शिवकुमार सुवेदीले राजा मलै बम्मले आफ्ना छोराहरू र एउटी छोरीलाई क्रमशः शक्ति सिंहलाई जाजरकोट, साहिँला सुर्तान वा सुमेरु बमलाई सामकोट (सल्यान), माहिला पीताम्बर बम्मलाई सर्पकोट, कान्छा संसारी बम्मलाई दैलेख र छोरीज्वाइँ बलिराजलाई जुम्लाको राजा बनाएको उल्लेख गरेको पाइन्छ (सुवेदी, २०५४, पृ. २६९) । यसरी भागबण्डा स्वरूप स्थापना भएको सल्यानमा मामु, सुरुजु, सुमेरु, सिँगारु, काला सुल्तान राजा भए । काला सुल्तानले दाङको केही भाग विजय गरी सल्यानमा गाभे र फलाबाङमा दरबार निर्माण गरी त्यहीँबाट राज्य सञ्चालन गर्न थालेका थिए । जसलाई कालाराजाको पुरानो दरबार भनिन्छ । काला सुल्तानपछि कनक शाह राजा भए । शाह पदवी लिने पहिला राजा कनक शाह नै थिए । कनक शाहपछि प्रताप शाह राजा हुन गए । यिनी पराक्रमी राजा थिए, किनकि यस समयमा फलाबाङ दरबारमा ३६५ थान बन्दुक, १० थान तोप भएको कुरा त्यस समयको दरबार क्षेत्रबाट प्राप्त भएको वि.सं. १६९१ को अभिलेखमा उल्लेख गरिएको छ (खनाल, २०५५, पृ. १२०) । प्रताप शाहपछि तुला शाह, मान्धाता शाह, श्रीकृष्ण शाह, रणभीम शाह क्रमशः राजा भएका थिए । रणभीम शाहले पृथ्वी नारायणशाहकी छोरी विलास कुमारीसँग भगवन्तनाथको सहयोगमा विवाह गरेका थिए (

सुवेदी, २०५५, पृ. ९५)। रणभीमका पिता श्रीकृष्णसँग पृथ्वीनारायण शाहले आफ्ना दूत भगवन्तनाथलाई पठाई सल्यानसँग मैत्री सम्बन्ध पनि कायम गरेको पाइन्छ। पृथ्वीनारायण शाहले छोरी विलास कुमारीलाई दाङसहित केही राज्य दाइजो स्वरूप दिने कबुल गरेका थिए। तर, पृथ्वीनारायण शाहको मृत्यु भएपछि उनका नाति गीर्वाणयुद्ध विक्रम शाहले आफ्नो जिजुबाजेले कबुल गरेको दाङसहित केही भू-भाग दाइजो स्वरूप दिएको कुरा वि.सं. १८६१ को ताम्रपत्रमा उल्लेख गरिएको छ (मेचीदेखि महाकाली भाग-४, २०३१, पृ. १९२)।

रणभीम पछि सल्यानका उत्तराधिकारी रघुनाथ शाह भए तर गोरखाली र सल्यानी बीच सम्बन्ध बिग्रेकाले रघुनाथ राजा हुन पाएनन्। किनकि रणभीमले अवधसँग बढी सम्बन्ध कायम गरेकाले गोरखालीहरू रिसाएका थिए। पछि वि.सं. १९०५ मा नरेन्द्रबहादुर शाह राजा भए। उनी निःसन्तान भएको हुँदा राज्य प्राप्तिका लागि भाइभाइ बीच झगडा हुन गयो। यो झगडा काठमाडौँ केन्द्रमा समेत पुगेको थियो। त्यस समयमा केन्द्रमा बमबहादुर प्रधानमन्त्री थिए। उनले "दाजु नरेन्द्र बहादुर शाहको अधीनमा रही काम गर्नू" भनी भाइहरू कुलदीप शाह र समरबहादुर शाहलाई एक पत्र पठाएका थिए (मेचीदेखि महाकाली भाग-४, २०३१, पृ. १९३)। नरेन्द्रबहादुर शाहको मृत्यु भएपछि उनकी रानी तोरण दिव्यश्वरीले केही समय राज्य सञ्चालन गरिन्। त्यसपछि शमशेरबहादुर शाह राजा भए। शमशेरबहादुर शाह प्रधानमन्त्री वीरशमशेरका ज्वाइँ थिए। यी शमशेरबहादुरले फलाबाङमा वि. सं. १९५७ मा नयाँ दरबारको निर्माण प्रारम्भ गरी वि.सं. १९६९ सम्पन्न गरेका थिए (आचार्य, २०६७, पृ. ७)। यो दरबार बेलायती शैलीमा निर्माण गरिएको थियो जसमा १५५ झ्याल र ५५ कोठाहरू रहेका थिए भने दरबारमा गद्दी बैठक, कचहरी बैठक, मोठकोठा, पूजाकोठा, आयुर्वेदसम्बन्धी कोठा, श्रृङ्गार कोठा, नृत्य कोठा आदि रहेका थिए। तर, बस्न्यातले (२०७१, पृ. ३५-३६) यो दरबार वि सं. १९६० मा निर्माण सुरु गरी वि. सं. १९६५ मा सम्पन्न गरेको उल्लेख गरेको पाइन्छ। त्यसै गरी वि.सं. १९६१ मा दरबार परिसरमा कालिका मन्दिर र शिवालय पनि निर्माण गराएका थिए। त्यसै गरी उनले सामाजिक कार्यहरूमा बाटोघाटो, सिँचाइ, पिउने पानी, बाँध, कुलो, भाषा पाठशाला, आयुर्वेद औषधालयको निर्माण आदि कार्यहरू गरेका थिए। यिनले हिउँदका लागि दाङको तुलसीपुरमा अत्याधुनिक हिउँदे दरबार पनि बनाएका थिए। हालको राप्ती अञ्चल अस्पताल रहेको स्थानमा उक्त दरबार रहेको थियो। त्यसै गरी आफ्नो राज्यभित्रको जग्गा जमीनलाई नापी पनि गराई तिरो तिर्ने व्यवस्था गराएका थिए। यिनी एक सुधारवादी राजाको रूपमा

चिनिन्छन् (गौतम, २०५०, पृ. ७५) । वि.सं. १९९५ सालमा शमशेरबहादुरले राज्य छाडी जेठा छोरा गेहेन्द्रबहादुर शाहलाई राज्य सुम्पेका थिए । गेहेन्द्रबहादुर शाह प्रधानमन्त्री जुद्ध शमशेरका ज्वाइँ थिए र निरङ्कुश प्रवृत्तिका थिए (गौतम, २०५०, पृ. ७७) । आफ्ना विरुद्ध कोही बोले सम्पत्ति जफत गर्ने, देश निकाला गर्ने सजायहरू दिने गर्थे । जसले गर्दा २००७ सालको आन्दोलनमा क्रान्तिकारीलाई सल्यानीले सहयोग गरेका थिए (गौतम, २०५०, पृ. ७६) । यसपछि जितेन्द्रबहादुर शाहले राजा पद पाए । यिनी शिक्षा विभागको डाइरेक्टर र कलकत्ताको महावाणिज्यदूत पनि भएका थिए । पछि यिनका जेठा छोरा पुष्पेन्द्रले राजा पद पाएपछि गोपेन्द्रबहादुर शाहले राजा पद पाए (आचार्य, २०६७, पृ. ७) । यसपछि वि.सं. २०१७ सालमा राज्यरजौटा उन्मूलन ऐनसँगै सल्यानी राजा र राज्यको अस्तित्व पनि सधैँका लागि समाप्त भयो ।

### ४.२.७.३ भौतिक संरचना

फलाबाङ बाइसी राज्यहरूमध्ये शक्तिशाली मानिने सल्यान राज्यको केन्द्र हो । हाल यस स्थलमा अवशेषका रूपमा केही जीर्ण संरचनाहरू रहेको पाइन्छ । पुरानो दरबार क्षेत्र चैते डाँडोमा एउटा जीर्ण दरबारको खण्डित भाग छ । यसलाई काला राजाको दरबार भनिन्छ । यस स्थलमा रतननाथको कलात्मक मन्दिर र योगी निवासको रूपमा प्रयोग गरिने धर्मशाला रहेका छन् । रतननाथ मन्दिर अगाडि घण्ट झुन्ड्याउने मौलाहरू छन्, तर, घण्ट छैनन् । यहाँ छाउनी डाँडो छ । काला राजाको दरबार क्षेत्रदेखि केही दक्षिणमा रहेको शिवटोलमा एउटा कलात्मक शिव मन्दिर स्थापित छ । मन्दिर अगाडि प्रस्तरको कलात्मक बसाहाको मूर्ति रहेको छ । शिव मन्दिरमा एउटा घण्ट छ । घण्टमा वि.सं. १९६१ रामबहादुर शाहले चढाएको भनी उत्कीर्ण गरिएको छ । फलाबाङकै गैरागाउँ टोलमा शमशेरबहादुर शहले निर्माण गराएको भनिएको पुतली दरबार रहेको थियो । यो दरबार निर्माण गर्दा आफ्नी छोरीलाई दाइजो स्वरूप देवशमशेरले बेलायतबाट कर्कटपाता ल्याइदिएको बुझिन्छ । बेलायती शैलीमा निर्माण गरिएको यो दरबाबर दशवर्षे द्वन्द्वकालमा भत्केको जानकारी पाइन्छ । गैरीगाउँ टोलमा नै खण्डित गोदाम घर बाँकी रहेको देखिन्छ ।

## ४.२.८ बिजुलीकोट, कोटफेरा, प्युठान

### ४.२.८.१ अवस्थिति

यो प्युठान जिल्लाको ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूमध्येको महत्वपूर्ण सम्पदा हो । बिजुलीकोट ऐरावती गाउँपालिका वडा नं. ६ कोटफेरा गाउँमा पर्दछ। बिजुलीकोट भएको स्थानलाई चलन चल्तीमा “कोट” मात्र भन्ने गर्दछन् । वरपरको अन्य गाउँभन्दा उच्च स्थानमा रहेको बिजुलीकोट प्राकृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिले निकै महत्वपूर्ण रहेको छ। बिजुलीकोटको उत्तरमा चुँजाठाँटी, दक्षिणमा बरौला गाउँ, पूर्वमा अर्घाखाँचीको छापेखोला र ढाकाबाङ्, असुरकोट र पश्चिममा रसपुरकोट पर्दछन्। बिजुलीकोट पुग्नका लागि खलङ्गादेखि च्यानटारी हुँदै १९ किलोमिटर वा बरौला, पकला हुँदै १९ किलोमिटर दूरी यात्रा गर्नु पर्दछ । कोटदरबार रहेको परिसरको जग्गाको क्षेत्रफल १४ रोपनी १ दाम रहेको छ। दरबारले यो जग्गा आफ्नो क्षेत्रमा राखे पनि अहिलेसम्म कोट दरबारको नाममा दर्ता हुन सकेको छैन ।

### ४.२.८.२ ऐतिहासिकता

बिजुलीकोटको इतिहासलाई केलाउँदै जाने हो भने १४औं १५औं शताब्दीसम्म पुग्न सकिन्छ । यो भित्रीकोटकै एउटा अङ्ग भएको हुँदा यहाँको कोट दरबार र पूजाआजा पनि त्यसै समयमा स्थापित भएको हुनसक्ने अनुमान गर्न सकिन्छ। त्यसै गरी भुरेटाकुरे राजाहरूबीच त्यस समयमा प्रायः युद्ध झगडा भइरहने कारणले मन्दिर र कोटको पूजामा समेत अवरोध हुनेहुँदा त्यसबाट सुरक्षित गर्नका लागि भित्रीकोट राज्यको निर्देशनमा गुल्मी निवासी नागर थापाहरूले यस क्षेत्रको सबैभन्दा उच्च स्थानमा किल्ला स्थापना गरी खड्ग भगवती मन्दिर र कोटदरबार बनाएर पूजा सुरुवात गरेको पाइन्छ । पहिले कोट दरबार र मन्दिर काठे पोखरामा रहेको थियो । काठे पोखरा केही होचो भू–भागमा रहेको हुँदा पछि बिजुलीकोटमा सारिएको थियो ।

बिजुलीकोट दरबार क्षेत्रमा कोट र दरबार स्थापना हुनुभन्दा अगाडि दर्लामी मगरहरूको बस्ती मात्र थियो । तर, पछि जब कोट र दरबारको स्थापना भयो तब अन्य जातिहरूको पनि आवश्यकता महसुस गरी नागर थापाहरूले बाजा बजाउनका लागि दमाई, जुत्ता सिलाउनका लागि सार्की, पूजा गर्नका लागि गुल्मीबाट घिमिरे ब्राह्मण, खड्ग समाउनका लागि खड्का डोली बोक्नका लागि अन्य जातिहरूलाई बाहिरबाट ल्याई

बसोबास गराए । त्यसै समयदेखि वर्तमान समयसम्म बिजुलीकोटमा दर्लामी मगर मूलपुजारी हुने गरेको पाइन्छ भने घिमिरे ब्राह्मणद्वारा पाठ गर्ने परम्परा रहेको छ । वि.सं. १९२० सालमा जङ्गबहादुर राणाको सवारीको समयमा दर्लामी मगरहरूको योगदान महसुस गरी बिजुलीकोट दरबारको रक्षा र कोट मन्दिरमा नित्य पूजा गर्ने व्यवस्थाको लालमोहर दिइएको पाइन्छ । यसरी दर्लामी मगरहरूको यस क्षेत्रको स्थापना र संरक्षणामा मुख्य भूमिका रहेको देखिन्छ ।

### ४.२.८.३ भौतिक संरचना

कोटदरबार क्षेत्रलाई चारैतिर ढुङ्गा र सिमेन्टको पर्खालले घेरिएको छ । दरबारको उत्तर-पूर्वमा प्रवेशद्वार राखिएको छ । दरबार क्षेत्रको केही दक्षिण पश्चिम भागमा सामान्य घर जस्तै देखिने कोटदरबार रहेको छ । कोटदरबार दुईपाखे टिनको छाना भएको दुईतले रहेको छ । घरको लम्बाइ ४१ फिट र चौडाइ १८ फिट रहेको छ । घरको माथिल्लो तलामा पूजा सामग्री राखिएको छ भने तल्लो तलामा वर्तमान समयमा नेपाल टेलिकमले आफ्ना सामानहरू राखी प्रयोगमा ल्याइएको छ । कोट दरबारको पछाडि पश्चिम भागमा टेलिकमका दुईवटा टावर रहेका छन्, टावरका लागि आवश्यक पर्ने ब्याट्री तथा सामग्रीहरू कोट दरबारको तल्लो तलामा राखिएको छ । दरबारका झ्यालढोकाहरू बुट्टेदार भए पनि जीर्ण अवस्थामा रहेका छन् । झ्यालढोकामा कालो रङ र भित्तामा सेतो रङ प्रयोग गरिएबाट पनि टाढाटाढाबाट सजिलै देख्न सकिन्छ । कोटदरबार पूर्वाभिमुख छ । कोटदरबार अगाडि पूर्वतिरको प्राङ्गणमा सानो पर्खालले घेरिएको केही होँचो भागमा पूजा गर्नका लागि विभिन्न देवीदेवताका आकृति निर्माण गरी पूजा गर्ने स्थान बनाइएको छ । पूजा स्थानलाई सुरक्षित राख्नका लागि दुईतिरबाट फलामे पाइपको रेलिङ राखिएको छ । पर्खालको पश्चिमतिरको बीच भागमा खोपा बनाइएको छ तर उक्त खोपामा देवीदेवताको मूर्ति देखिँदैन । खोपाको दुवैतिर सिंहका दुईवटा आकृति रहेका छन् । पर्खालले घेरिएको बीच भागमा काठको सानो खम्बा गाडिएको छ । कोटदरबार परिसरको उत्तर पूर्व भागमा बर र पीपलको जोडीका साथै एउटा समीको वृक्ष रहेको छ र वृक्ष निकै पुरानो जस्तो देखिन्छ । स्थानीयहरूको भनाइ अनुसार कोटदरबार जतिकै यी वृक्षहरू पुराना हुन् ।

बिजुलीकोट दरबार तथा मन्दिर संरक्षणको अभावले जीर्णहुँदै गएपछि वर्तमान समयमा व्यवस्थापन समिति गठन गरिएको छ । यस कोट दरबार र अन्य मन्दिरहरूको जस्तै गुठी, जग्गा आदिको व्यवस्था गरिएको छैन । यहाँ लाग्ने मेला तथा विशेष पर्वहरूमा

भक्तले चढाएको भेटीबाट यहाँको खर्च व्यवस्थापन गरिएको छ । त्यही भेटीबाट नै पुजारी तथा बाजा बजाउनेको खर्च चलाइएको छ। यहाँ बडादशैंको नौदिन विशेष पूजा हुन्छ र नवमीको दिनमा मेला लाग्छ।

## ४.२.९ भित्रीकोट दरबार, भित्रीकोट, प्युठान

### ४.२.९.१ अवस्थिति

यो प्युठान नगरपालिका वडा नं. ९ भित्रीकोटमा अवस्थित छ । यो मध्यकालमा चौबीसी राज्य अन्तर्गत पर्ने प्युठान राज्यको केन्द्र थियो । यो स्थल प्राकृतिक किल्लाको रूपमा पहाडको टाकुरामा अवस्थित छ। भौगोलिक रूपमा निकै कठिन भूभागमा रहेको यो स्थल अन्य ठाउँभन्दा निकै अग्लो स्थानमा रहेको छ। चारैतिर भन्ज्याङ, भिरपाखा, पहरा रहेको अग्लो स्थानमा रहेको भित्रिकोटलाई सुरक्षाका दृष्टिले राजधानी बनाएको देखिन्छ । भित्रीकोट सदरमुकाम खलङ्गादेखि ९ किलोमिटर उत्तर-पश्चिम टाकुरामा अवस्थित छ। भित्रीकोटको फेदीसम्म पुग्न बिजुवार, पुण्य खोलाको मुख्य सडकदेखि करीब ५ किलोमिटर उकालो बाटो यात्रा गर्नु पर्छ। भित्रीकोटको पूर्वमा पुण्यखोला, पश्चिममा स्वर्गद्वारी, उत्तरमा स्याउलीबाङ र दक्षिणमा चेरनेटा पर्दछन्। यो स्थल समुद्र सतहदेखि लगभग ३४५० मिटरको उचाइमा अवस्थित छ (जिल्ला स्वास्थ्य कार्यालय, प्युठान, २०६७, पृ. १३)। यस स्थानलाई पहिले थुम भित्रीकोट भनिन्थ्यो भने पछि भित्रीकोट मात्र भन्न थालियो । दरबार क्षेत्र रहेको जमीनको क्षेत्रफल करीब ६ रोपनी जति छ।

### ४.२.९.२ ऐतिहासिकता

नेपालको मध्यकालको उत्तरार्द्धतिर स्थापित भएको देखिने भित्रीकोट दरबारको ऐतिहासिकता खोज्दा ३०० वर्षभन्दा अगाडिसम्म पुग्न सकिन्छ। प्युठानमा भुरेटाकुरे राजाहरूले विभिन्न स्थानमा राज्य गर्दथे । पछि चन्द वंशीहरूले पहिले भित्रीकोटलाई राजधानी बनाई सिङ्गो प्युठानमा शासन गरेको पाइन्छ । चन्दहरूको शासनभन्दा अगाडि भित्रिकोटमा मगरहरूको राज्य थियो कि भन्ने ठानिन्छ । चन्दहरूले मगरहरूको सहयोग लिएर भित्रीकोटमा आक्रमण गरी आफ्नो राज्यको स्थापना गरेका थिए (गौतम, २०५०, पृ. ४०)। त्यहाँ मगरहरूको बाहुल्य भए पनि मगर राजा थिए भन्ने प्रमाणित नभएको देखिन्छ (गिरी, २०५२, पृ. १७) । चन्दहरू भारतको पञ्जाब, चन्ढीगढबाट एउटा शाखा यहाँ आई राज्य स्थापना गरेका थिए। चन्ढीगढबाट आएको हुनाले अपभ्रंश हुँदै चण्ढ्याल,

चण्ड्यालबाट चन्द, चन्दबाट चन भएको हो (गौतम, २०५०, पृ. ४१-४२) । वि.सं. १५५०–६० तिर चन्दवंशी शासकहरूले भित्रीकोटका राजा "खान"लाई पराजित गरी चन्दवंशको शासन स्थापना गरेका थिए । पहिला शासक को थिए भन्ने सम्बन्धमा इतिहासकारहरूले आ-आफ्नै किसिमले विभिन्न तर्कहरू प्रस्तुत गरेको पाइन्छ । प्रथम शासक कसैले ताराचन, कसैले मानिकचन त कसैले लटराज भनी व्याख्या गरेका छन् । गौतमले (२०५०, पृ. ४२) शिरु चन्दकाा नाति ज्ञानचननका छोरा ताराचनले वि. सं. १५५० तिर प्युठानमा आफ्नो शासन सुरु गरेको ठान्छन् । गिरीका अनुसार लटराजले वि सं. १५६० तिर चन्द शासनको आरम्भ गरेका थिए । ताराचनलाई रुकुमका राजा जैतम मल्लले छोरी दिएको हुँदा उनले जितेको केही भाग दाइजो स्वरूप प्युठानलाई दिएका थिए (गिरी, २०६२, पृ. १६) । ताराचनका छोरा मधुचनले पाल्पाका सेनहरूबाट हालको कपिलवस्तुको पश्चिममा पर्ने केही भाग प्राप्त गरेका थिए । मधुचनपछि उनका जेठा छोरा लालचन भित्रीकोटका राजा भए । मधुचनका कान्छा छोरा कृपालचन दक्षिण तराई चुरे पहाडमा गढी बनाई शिवजीको स्थापना गरी बसे जसले गर्दा यो क्षेत्रलाई शिवराज (सिउराज) भनियो (गौतम, २०५०, पृ. ४४) । यसरी लालचनको इतिहासमा अन्यौल देखिन्छ । चन्दवंशीय विभिन्न भाइहरू विभिन्न सानासाना राज्यको राजा बनेको इतिहासमा व्याख्या गरेको पाइन्छ । यसरी भित्रीकोटलाई राजधानी बनाई चन्दवंशीय १४ जना शासकहरूले करीब ३५० वर्ष शासन गरेको देखिन्छ ( गिरी, २०७३, पृ. ३९) । भित्रीकोटका अन्तिम राजा रुद्रप्रताप चन्दको समयमा वि.सं. १८४३ कार्तिक १९ गते बुधबारको दिन दामोदर पाण्डेको नेतृत्वमा आएको गोरखाली फौज सामु भित्रिकोटले आत्मसमर्पण गर्‍यो र प्युठान राज्यको अस्तित्व समाप्त भयो । अन्तिम राजाका सम्बन्धमा कसैले मोतीचनलाई पनि अगाडि सारेको देखिन्छ ।

भित्रीकोटमा शासन गर्ने चन्दवंशी राजाहरूको भिन्न प्रकारका वंशावली पाइन्छन् । एउटा वंशावलीमा लटराज, भुवराज, नरहरिराज, नरीन्द्रराज, गजीन्द्रराज, सुर्तानराज, दलपतिराज, रासाहीराज, पृथ्वीपतिराज, उदतराज, मोतीचन्दराज, मनिक चन्दराज, दीपप्रताप चन्दराज, रुद्रप्रताप चन्दराज गरी चौध जना चन्द राजाहरूले राज्य गरेको देखाइएको छ (गिरी, २०६२, पृ. ११६) । अर्को वंशावलीमा ताराचन, मधुचन, लालचन, कृपालचन, वीरचन, बालाचन, जिरुचन, पिरुचन, शिवधर, पालुचन, लालचन, कृपालचन, सेरचन, ताराचन । अर्कोमा धुरचन, रुद्रचन, मुतीचन, गजेन्द्रचन, गजकेशरीचन, रामचन्द्र, विनोदचन, श्रीरामचन्द, मनिकचन्द आदि (पूर्ववत) । रोल्पाका ध्वजबहादुर चनसँग रहेको

वंशावलीमा धेरै राजाका नाम देखिनुमा प्युठानका खैरा, बाँदीकोट, भित्रीकोट अलग अलग स्थानहरूमा क्षेत्रीय शासकका रूपमा बसेकाहरूलाई पनि राजाकै वंशावलीमा राखिएको कारण हुन सक्ने देखिन्छ (गिरी, २०६५, पृ १६ ।

### ४.२.९.३ भौतिक संरचना

भित्रीकोट दरबार क्षेत्रमा जानका लागि दक्षिण–पश्चिम र दक्षिण–पूर्व आवतजावत गर्ने मार्ग रहेका छन् । ती मार्गहरूमा सुरक्षाका लागि सुरक्षा (ठाना) को व्यवस्था पनि गरिएको देखिन्छ। यी स्थानलाई अहिले पनि ठानाकोट र ठानाचौर भनिन्छ। बिजुवार बजारदेखि माथि ठानकोटदेखि भित्रीकोट दरबार जाने करीब ६ फिट चाक्लो बाटोमा प्रस्तर राखिएको देखिन्छ (गिरी, २०५२, पृ. ८१) । दरबार क्षेत्रलाई सुरक्षित गर्न चारैतिर बाक्लो पर्खाल बनाइएको थियो । अहिले पनि पूर्वतिर इँटाको पर्खाल छ र तीनतिर ढुङ्गाको पर्खाल भत्किएको छ। दरबार परिसरमा रहेको मुख्य दरबार वि.सं. १९९० सालको भूकम्पले भत्किँदा दरबारको भग्नावशेष, भौतिक सामग्री जमीनमुनि विलीन हुने अवस्थामा पुगेकोछ । वर्तमान समयमा भित्रीकोट दरबार क्षेत्रको संरक्षणका लागि चारैतिर ढुङ्गा र सिमेन्टको पर्खाल लगाई पर्खालमाथि काँढेतार लगाइएको छ । दक्षिणमा प्रवेशद्वार राखिएको छ। भित्रीकोट क्षेत्रभित्र रहेका अन्य संरचनाहरूको निम्न बमोजिम जानकारी दिइएको छ।

***क) क्षेत्रपाल मन्दिर***

क्षेत्रपाल मन्दिर एकतले नेपाली शैलीमा टिनको छाना राखी बनाइएको छ । मन्दिरको छानामाथि पित्तलको एउटा गजुर राखिएको छ र मन्दिरको गर्भगृहमा कालो प्रस्तरबाट निर्मित उभिएको क्षेत्रपाल भगवतीको मूर्ति रहेको छ। यो मूर्ति त्यति पुरानो देखिँदैन । यो कालो चिल्लो प्रस्तरबाट निर्मित नेपाली शैलीमा निर्माण गरिएको छ। मन्दिरको ढोकामाथि एउटा घण्ट झुण्डाइएको छ उक्त घण्टमा (सम्वत् श्री साके १८१४ श्री सम्वत् १९५० साल आश्विन शुदि ९ रोज ५ श्री श्री श्री क्षेत्रपाल प्रति डिट्ठा महावीर खड्का क्षेत्रीले चढाएको" भनी उल्लेख गरिएको छ। मन्दिरको दुईतिरको भित्तामा काष्ठकलाको नमुना स्वरूप काठका टुँडालहरू राखिएका छन् । पाँच वटा टुँडालहरूमा उभिएका विभिन्न आकृतिका नारी मूर्तिहरू बनाइएको छ। ती काष्ठकलाका आकृतिहरू निकै पुराना जस्ता देखिन्छन् । इँटा र सिमेन्टबाट निर्मित क्षेत्रपाल मन्दिरको ढोका पूर्वतिर फर्किएको छ। मन्दिरको लम्बाइ १०.५ फिट र चौडाइ ९ फिट रहेको छ।

## *ख) खड्ग थान*

क्षेत्रपाल मन्दिरको दक्षिण-पूर्वी भागमा वा भग्नावशेष मात्र रहेको दरबारको पश्चिमतिर खड्गथान रहेको छ। खड्गथानलाई स्थानीय भाषामा खड्ग राजा पनि भन्ने गरिन्छ। खड्गथानको लम्बाइ २३.५ फिट र चौडाइ १२ फिट रहेको छ। सामान्य घर जस्तै देखिने यो खड्गथान टिनको दुईछाने एकतले घर जस्तै छ । पाको इँटाबाट बनेको यस खड्गथानमा दुईवटा कोठाहरू रहेका छन्। बाहिरको कोठा सामान्य छ भने भित्र अँध्यारो कोठामा भित्रीकोटे राजाका प्राचीन हतियारहरू रहेका छन् । ती प्राचीन हतियारहरू पहिले ४०० जति थिए भनिन्छ तर, वर्तमान समयमा ३६ वटा हतियार मात्र देख्न सकिन्छ । ती हतियारहरूमा तलवार, भाला, त्रिशूल, चुपी, खुकुरी, खुँडा, छुरी आदि छन्। ती हतियारहरूमध्ये कुनैमा चाँदी त कुनैमा सुनको जलपले विभिन्न आकृति वा अक्षरहरू कुँदिएका छन् ।

उपर्युक्त यी दुवै क्षेत्रपाल र खड्गथानको वर्षमा एकपटक बडादशैंको नवदुर्गामा विशेष पूजा गरिन्छ। यस समयमा ठूलो मेला लाग्ने गर्दछ। नवदुर्गाको अष्टमीका दिन कालरात्री मनाई जागाराम बसी अर्को दिन ब्राह्मणद्वारा विशेष पूजा गरी बोका, भाले, हाँस, परेवा, राँगाको बलि दिने परम्परा रहेको छ। नवमीको दिनमा त्यहाँ रहेका पुराना हतियारहरूको र खड्गु देवताको पनि विशेष पूजा गरी बलि दिइन्छ (अन्तर्वार्ता-सुवास के.सी.)।

## *ग) रक्त पोखरी*

दरबार क्षेत्रभन्दा दक्षिण केही तल खाल्डोमा वा ठानाकोटभन्दा करीब १५० गजमाथि रक्त पोखरी र चोरलोटे पहरो रहेको छ। स्थानीय व्यक्तिहरूको भनाइअनुसार यस पोखरीमा युद्धको समयमा शत्रु विनाश गर्दा शत्रुको रगतले भरिएको र शत्रुका लाशहरू पोखरी वरिपरि पाखाहरूमा गाडिएको थियो । यी स्थानहरू उत्खनन् गर्दा मानिसका अङ्गहरू जस्तै हात, खुट्टा, टाउकाका साथै कपाल, चुराहरू प्रशस्त मात्रामा देखिने भएकाले पनि माथिका भनाइको पुष्टि हुन्छ (गिरी, २०५२, पृ. ८१)। स्थानीयहरूको भनाइ अनुसार यस पोखरीमा वर्षाको समयमा पानी पर्दा पोखरीमा जमेको पानी रगत जस्तो हुन्छ। यसैले रक्त पोखरी नामकरण गरिएको हुनसक्छ।

### *घ) रानी गुफा*

दरबार क्षेत्रभन्दा केही पश्चिम एउटा गुफा छ । यसलाई रानी गुफा भनिन्छ । यो पहाडको पहरामा रहेको हुनाले जान आउन निकै गाह्रो रहेको छ । गुफाभित्र फराकिला कोठाहरू रहेका छन् । गुफामा पकाएर खाने भाँडाकुँडाहरू, शृङ्गारका सामानहरू यत्रतत्र रहेको पाइन्छ । स्थानीय बुढापाकाहरूको भनाइअनुसार यो गुफामा रानीहरू महिनावारी हुँदा बस्न आउने गर्थे । यहाँ मनोरञ्जनको लागि बाजाहरूको व्यवस्था गरिएको थियो भनिन्छ । यहाँ अझै पनि केही बाजाहरू रहेका छन् । यो गुफामा कुनै शत्रुको आक्रमण हुँदा सुरक्षाका लागि राजा, भाइभारदार, रानीहरू आदिलाई लुकाउनका लागि पनि प्रयोग गरिन्थ्यो (थापा, २०७०, पृ. ८) । गुफाबाट झिमरुक नदीको तीर पुण्यखोलासम्म जान आउन सकिन्थ्यो भनिन्छ । परापूर्वकालमा यस गुफामा महात्माहरूको बसोबास थियो र ती महात्माहरू गुफाबाट पुण्यखोलामा स्नान गर्न जान्थे भन्ने जनश्रुति रहेको छ (उपाध्याय न्यौपाने, २०२७, पृ. १८) ।

### *ङ) वृद्धिकोट*

यस क्षेत्रको अर्को आकर्षक स्थल वृद्धिकोट हो । भित्रीकोट नजिकै पूर्वपट्टिको टाकुरालाई वृद्धिकोट भनिन्छ । यसलाई स्थानीय चलनचल्तीमा वृद्धिथान पनि भन्दछन् । यस स्थानमा पहिले वृद्धि देवीको मन्दिर थियो भनिन्छ । अहिले भग्नावशेष मात्र पाउन सकिन्छ । स्थानीय जनश्रुति अनुसार यस स्थानमा पहिले मामा र भाञ्जाको निकै घनिष्ट सम्बन्ध भएको र पछि सम्बन्ध बिग्रिएर एक आपसमा मारकाट समेत भएको थियो । मामा र भाञ्जाका सम्बन्धको रूपमा स्थापित मानिने वृद्धिथान प्रशासनिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थान मानिन्छ । यहाँ अहिले देवीको नेपाली शैलीको मन्दिर र जगदम्बा प्रा.वि.रहेको छ । यस मन्दिरको गर्भगृहमा सिंहबाहिनी देवीको प्रस्तर मूर्तिको साथै ध्वजा, घण्ट आदि राखिएको छ । यस मन्दिरमा दशैंको अवसरमा नवदुर्गाको पूजा गरिन्छ । यस समयमा देवीलाई बलि दिनुका साथै देवीको दर्शन गर्ने र वर माग्नेको घुँइचो लाग्छ । यस समयमा वर मागेमा पूरा हुन्छ भन्ने विश्वास छ । नवदुर्गामा खासगरी सप्तमीको रातभरि दर्शन गर्ने र वर माग्नेको घुँइचो चलिरहन्छ भने त्यसै रात धामीहरू नाच्ने काम्ने पनि गर्दछन् । अष्टमीको दिन नयाँ बाँसको १३ आँख्लासम्म राखी उक्त बाँसलाई ध्वजा, फूलमालाले शृङ्गार गरी चाँदीको गजुर बाँसमा राखी झुल्के घामसँगै बाजागाजासहित घुमाइन्छ (जिल्ला स्वास्थ्य कार्यालय, २०६७, पृ. १८) ।

उपर्युक्त क्षेत्रबाहेक यस भित्रीकोट क्षेत्रमा अन्य विभिन्न स्थानहरू पनि छन् । तीमध्ये राजगुरु थान (राजाको गुरु बस्ने स्थान), क्षेत्रपाल मन्दिर, राजगुफा (राजाहरू भिमरुक नदीमा जान आउनको लागि प्रयोग गर्ने), ताडीचौर (राज, भाइभारदारहरू, सैनिकहरूले ताडी हान्ने वा सिक्ने ठाउँ) महत्वपूर्ण छन् । त्यसै गरी प्राचीन दरबारको भग्नावशेष पनि रहेको छ ।

## ४.२.१० मुसीकोट दरबार स्थल, मुसीकोट, रूकुम

### ४.२.१०.१ अवस्थिति

यो मुसीकोट नगरपालिका वडा नं. २ मुसीकोटमा अवस्थित छ। ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण मुसीकोट दरबार स्थल सदरमुकाम खलङ्गादेखि ३ किलोमिटर दक्षिण अग्लो टापुमा रहेको छ। रुकुम–सल्यानमार्गको चापाखण्डबाट करीब ५ मिनेटको पैदल यात्रा गरेर मुसीकोट दरबार स्थल पुग्न सकिन्छ। मुसीकोटबाट नै रुकुम जिल्लाको सदरमुकाम मुसीकोट नाम रहन गएको हो। मुसीकोट नामकरण हुनुभन्दा आगाडि सदरमुकाम क्षेत्रलाई जुम्ली खलङ्गा भनिन्थ्यो। मध्यकालीन बाइसे राजाहरूको राजदरबार स्थलको रूपमा परिचित यस स्थलमा वर्तमान समयमा दरबारका कुनै अवशेषहरू छैनन् । यस स्थलमा अहिले रहेका सबै संरचनाहरू नयाँ हुन् । मुसीकोट राज्यका अन्तिम राजा मानबहादुर शाहीको दरबार स्थल मुसीकोट दरबार स्थललाई मानिन्छ (अन्तर्वार्ता- तिलकबहादुर मल्ल)।

### ४.२.१०.२ ऐतिहासिकता

यस स्थानको नाम मुसीकोट रहनुमा विभिन्न जनश्रुतिहरू प्रचलनमा रहेको पाइन्छ। जस अनुसार चौखाबाङ्को कुकुरकोट (कुकुरको जस्तो अनुहार भएको पहाड) भन्ने स्थानमा बसोबास गर्ने एक जना राजा बँदेलका सौखिन थिए। एकपटक राजाको प्यारो बँदेल एकाएक हराएछ। बँदेल खोज्नका लागि आफ्ना सेना नोकरहरूलाई पठाएछन् । तर, कसैले पनि भेटाउन सकेनछन्। राजाकी नोकर्नी मुसी भण्डारी पनि बँदेल खोज्दै जाने क्रममा वर्तमान दरबारक्षेत्रको एक गुफामा भेटाएर दरबारमा ल्याएछन् । तर, केही दिनपछि फेरि उक्त बँदेल हराएछ र मुसीले उही गुफाबाट ल्याइछे। तेस्रो पटक पनि त्यही गुफाबाट ल्याएपछि यो स्थान बँदेललाई किन मन परेछ भनी गुफाको आसपास सबै स्थानमा हेरिछे। मुसीलाई त्यो क्षेत्र निकै मन परेछ । मुसी दरबारमा पुगेर राजालाई उक्त स्थानका बारेमा

सबै कुरा भनिछ । राजाले अर्को दिन नै सेनालाई त्यस स्थानको अवलोकन गर्न पठाएछन् । सेनाहरूबाट पनि उक्त स्थान उपयुक्त मानेपछि राजारानी सोही स्थानमा गई अवलोकन गरेपछि राजारानीलाई पनि यो ज्यादै मन परेछ । त्यसपछि कुकुरकोटबाट दरबार सारेको र मुसीबाट प्रभावित भई राजाले मुसीलाई तँलाई के चाहिन्छ भनी सोध्दा मुसीले मलाई सधैँभरि सम्भिने मेरो नामबाट मुसीकोट नाम राखियोस् भनी । राजाले उसको इच्छा अनुसार त्यहाँ दरबार बनाई मुसी भण्डारीको नामबाट मुसीकोट राखियो (आचार्य, २०७३, पृ ११९) ।

अर्को जनश्रुति अनुसार वर्तमान दरबार भएको क्षेत्र निकै घना जङ्गलले भरिएको थियो । त्यसको नजिकै चौखाबाङमा एकजना राजाले राज्य गर्दथे । ती राजाका मुसी नामकी एउटी नोकर्नी थिई । एक दिन दरबारका लागि चाहिने सालको पात टिप्न सोही घना जङ्गलमा पुगिछ । त्यस जङ्गलको उच्चस्थानबाट देखिने रमणीय दृश्यहरूबाट मुसी मोहित भइछे । उसलाई दरबार त यस्तो स्थानमा पो हुनु पर्ने हो भन्ने लागेर दरबारमा गई राजालाई त्यहाँको भौगोलिक तथा प्राकृतिक सौन्दर्यको वर्णन गरिछ । राजाले पनि उक्त स्थानको अवलोकन गर्दा ज्यादै मन परेछ र सोही स्थानमा बस्ती बसाले । त्यसपछि दरबार पनि त्यहीँ सारी राज्य सञ्चालन गर्न थाले । मुसीले पत्ता लगाएकोले यस स्थानको नाम मुसीकोट रहन गएको हो भनिन्छ ।

मुसीकोटको नामकरणका सम्बन्धमा अनेक जनश्रुतिहरू पाइए जस्तै मुसीकोट राज्यको उत्पत्ति तथा यहाँ राज्य गर्ने राजवंशका बारेमा पनि इतिहासकारहरूको मतैक्य छैन । मुसीकोट राज्यको स्थापना वि.सं. १४७५ सालमा भएको थियो । त्यस समयमा यस राज्यमा ४२०० घरधुरी मात्र थिए । यसबाट वार्षिक रु. १०,०००।- कर असुली हुन्थ्यो । मुसीकोट राज्यको सीमाना पूर्व पर्वत, गलकोट, पश्चिम जहारी र जाजरकोट, उत्तर बाँफी, गोताम, रुकुमकोट र दक्षिण सल्यान, दार्मा, मालनेटा राज्यहरू रहेका थिए । मुसीकोटमा पहिले ब्राह्मणहरूको राज्य थियो । ती ब्राह्मण राजासँग त्यहाँका ४ बुढा र १२ मुखियाहरू थिए । यी ४ बुढा र १२ मुखिया शासन व्यवस्थामा निकै शक्तिशाली थिए । यसै क्रममा एकपटक राजासँग कुरा नमिल्दा रुकुमकोटबाट ठकुरी राजा ल्याएर मुसीकोटमा राजा बनाइदिएका थिए । यसपछि मुसीकोटमा ठकुरी वंशको शासन सुरु भएको हो भनिन्छ ( अधिकारी, २०७३, पृ. १०२) ।

समग्र रुकुम राज्यको केन्द्र सर्पकोट (रुकुमकोट) थियो । राजा जैतम मल्लका तीन रानीबाट सातवटा छोरा थिए । जैतमको मृत्युपछि जेठा नरीबम रुकुमकोट, वि.सं. १५५० तिर माहिला जैतुबम मुसीकोट, अर्का जगतीबम बाँफी, चेतबम (सेनुबम) गोताम, कालुबम आठबीस र मलेबमलाई जहारी दिइयो (गौतम, २०५०, पृ. ३४) । मुसीकोटमा पहिले प्रशस्त पानी भएको स्थान भएको हुनाले मुसिकोटलाई पहिले गोगन्याउलो भनिन्थ्यो । रुकुमकोटको अधीनमा रहेको यो मुसीकोट रुकुमका राजा जयत बमका सात भाइहरूलाई अंशबण्डा गर्दा माहिला छोरा जैतु बमलाई (जैतुम बम) मुसीकोट राज्य अंश स्वरूप प्राप्त भएको थियो ( सुवेदी, २०५४, पृ. ३५७) । यिनै जैतुम बमका वंशजले मुसीकोटमा लामो समयसम्म राज्य गरेका थिए । मुसीकोटमा राज्य गर्ने जैतुम बमको वंशावली यस प्रकार रहेको छ : जैतुम बम, सुल्तान बम (शाही), दाना शाही, जैतु शाही, मान शाही, मातो शाही, मोहन शाही, मानदत्त शाही, पृथ्वीपति शाही, सोद्र र मुकुन्द शाही (सुवेदी, २०५४, पृ. ३५८) ।

जैतुम बम पछिका दोस्रा राजा सुल्तान बमले जुम्लाका राजालाई शाही कर तिर्न थालेपछि उनले आफ्नो नामको पछाडि थर नराखी सुल्तान शाही राखेका थिए । जैतुम बमका पाँचौं पुस्ताका शासक मान शाहीको शासनकालमा वि.सं. १८४३ सालतिर गोरखाली सेनाले मुसीकोटमाथि आक्रमण गरी विशाल नेपालमा मिलाए । मुसीकोटको जग्गा जमीन त्यहाँका मुखियालाई जिम्मा लगाई वार्षिक रु. ४१।- लिने परम्परा बसाली डाङडुङे भन्ने स्थानमा मुसीकोटका राजाहरूले आफ्नो बसाइँ सारेका थिए । मुसीकोटे राजाका सन्तानहरू अझैं डाङडुङेमा नै पाइन्छन् (सञ्चार मन्त्रालय, २०३१, पृ. ६२) । राजा मान शाही मुसीकोटका अन्तिम राजा हुन् । उनी पछिका वंशजहरू राजा भएका होइनन् ।

वि.सं. १८४६ असोज २३ गते जुम्ला पनि नेपालको एकीकरणमा मिलेपछि जुम्लाका राजा र काजीहरू भागेर भोटतिर गए । भोटमा जुम्ली राजा सूर्यमान शाहको मृत्यु भयो भने उनका छोराहरू मुसीकोटमा आई बसे । केही वर्ष पछि नेपाल सरकारले उनलाई नेपालको रजौटाको रूपमा छाप चल्ने व्यवस्था गऱ्यो । उनको वंशावली यसप्रकार रहेको छ : पृथ्वीनारायण शाह, नरनारायण शाह, प्रभुनारायण शाह, विक्रमबहादुर शाह, नरेन्द्रबहादुर शाह, वीरेन्द्रबहादुर शाह, नोदविक्रम शाह, महेन्द्रविक्रम शाह, निलेन्द्रविक्रम शाह, देवेन्द्रविक्रम शाह (सुवेदी, २०५४, पृ. ३५९) । वि.सं. २०१८ सालमा राजा-रजौटा ऐनले नेपाल अधिराज्यका सबै राजा-रजौटाहरू उन्मूलन भएपछि मुसीकोटमा राजाको पदवी पनि उन्मूलन भयो ।

मुसीकोटमा राज्य गर्ने शासकहरू र मुसीकोट राज्यको पतन सम्बन्धमा विवाद रहेको पाइन्छ। मुसीकोट पतनका सम्बन्धमा माथि उल्लेख जे गरिएको भए तापनि केही ऐतिहासिक प्रमाणहरूमा जुम्ला नेपालको अधीनमा भएपछि वि.सं. १८४६ सालमा गोर्खाली सेनाले मुसीकोटमा आक्रमण गर्दा मुसीकोटका राजा गोर्खालीको शरणमा नपरी युद्ध गर्न तम्सिँदा मुसीकोटका राजाका साथै धेरै भाइ भारदार र सैनिकहरू मारिएका थिए। धेरै धनजनको क्षति भएको थियो । तर, राजाका एकजना भाइ त्यहाँबाट भागेर डाङ्डुङ्गेमा गई लुकेर बाँच्न सफल भए। ती भागेका भाइ त्यहीँ डाङ्डुङ्गेमा नै बस्न थालेका थिए भनिन्छ। उनका वंशजहरू अझै पनि त्यहाँ पाइन्छन्। मुसीकोटे राजाको मृत्यु भएपछि मुसीकोट दरबार क्षेत्रका संरचनाहरू सबै अलपत्र भए । संरक्षणको अभावले संरचनाहरू जीर्ण हुँदै अन्त्यमा नष्ट भए । दरबार भत्किएपछि ११ वर्षसम्म सोही क्षेत्रमा नेपाली सेना बसेको थियो । नेपाली सेनाले छाडेपछि यसलाई संरक्षण गर्न थालिएको छ भने केही नयाँ संरचनाहरू निर्माण गरिएका छन्।

### ४.२.१०.३ भौतिक संरचना

यस स्थलमा पुराना संरचनाहरू नरहे पनि केही सान्दर्भिक संरचनाहरू निर्माण गरिएको र पुराना स्थलको संरक्षण गरिएको छ।

***क) कालिका भगवती मन्दिर***

कालिका मन्दिर मुसीकोट दरबार क्षेत्रको बीच भागमा अवस्थित छ) । नेपाली सेनाले आफ्नो बाटो निर्माण गर्दा दरबार क्षेत्रको जग्गा समतल गर्ने क्रममा सानो जगको अवशेष भेटिए पछि दरबार परिसरको बीच भागमा रहेको अवशेष मन्दिरको अवशेष हुनु पर्छ भनी नेपाली सेनाले वि.सं. २०५७ सालमा कालिका मन्दिरको निर्माण गरिदिएको छ । यो मन्दिर २ फिट अग्लो आधार पेटीमाथि इँटा र सिमेन्टको नेपाली शैलीको, जस्तापाताको छाना हालिएको एकतले छ। मन्दिरको लम्बाइ, चौडाइ ८.९ फिट चौडाइ लगभग १३ फिट रहेको छ। दक्षिणाभिमुख यस मन्दिरमा काठको एउटा द्वार रहेको छ भने छानामाथि काठकै एउटा गजुर रहेको छ। प्रदक्षिणापथविहीन यस मन्दिरको गर्भगृहमा १.३ फिट आधार स्तम्भमाथि १.३ फिट अग्लो कालो प्रस्तरको कालिका भगवतीको मूर्ति रहेको छ। चार हातयुक्त कालिकाले शिरमा मुकुट, घाँटीमा माला पहिरेको देखिन्छ (चित्र नं. १५)।

### *ख) घण्टाघर*

कालिका मन्दिरदेखि केही अगाडि दक्षिण भागमा चारैतिर फलामको ग्रिलले घेरिएर बनाएको घण्टाघर रहेको छ। घण्टाघरको लम्बाइ ९ फिट चौडाइ ५.५ फिट र उचाइ ८ फिट रहेको छ। पूर्वाभिमुख यस घण्टाघरको ढोकाका रूपमा फलामको ग्रील प्रयोग गरिएको छ। घण्टाघरभित्र दुईवटा ९ फिट अग्ला सिमेन्टका स्तम्भ छन् र ती स्तम्भलाई एकएक वटा सिमेन्टका हाँसका प्रतिमाले अड्याएका छन्। स्तम्भमाथि सिमेन्टको सानो छानो र बीचमा सिमेन्टको गजुर रहेको छ। ती दुई स्तम्भको बीचमा लगभग ५० किलो तौलको काँसको ठूलो घण्ट रहेको छ। यस घण्टलाई फलामको सिक्रीले स्तम्भमाथि अड्याइएको छ। त्यस घण्टको स्थापना रुकुम जिल्ला विकास समितिका तत्कालीन स्थानीय विकास अधिकारी भरतकुमार शर्मा र नेपाली सेनाका प्रमुख सेनानी डम्बरबहादुर दर्लामीद्वारा वि.सं. २०७२ साल भाद्र २५ गते निर्माण गरिदिएको पाइन्छ।

### *ग) त्रिशूल*

कालिका मन्दिरभन्दा केही पश्चिम त्रिशूल रहेको छ। दुई फिट उचाइ र ४ फिट लम्बाइ, चौडाइ भएको आधार स्तम्भमाथि ९.२ फिट अग्लो फलामको त्रिशूल स्थापना गरिएको छ। त्रिशूलको माथिल्लो भागमा डमरु र बञ्चरो पनि रहेको छ। त्रिशूलको स्थापना वि.सं. २०५९ सालमा तत्कालीन नेपाली सेनाको श्री फष्ट रैफल गणले निर्माण गरेको देखिन्छ।

### *घ) दुर्गामाता मूर्ति*

कालिका मन्दिरभन्दा पूर्वतिर खुला प्राङ्गणमा हिँड्न थालेको बाघमाथि विराजमान सिमेन्टको सुन्दर दुर्गामाताको मूर्ति रहेको छ। यो मूर्ति १ फिट अग्लो, ५.२ फिट लम्बाइ, चौडाइ भएको पेटीमाथि ४ फिट लम्बाइ र ५.८ फिट अग्लो सिमेन्टको दुर्गामाताको मूर्ति रहेको छ। यो मूर्तिमा चार हात, शिरमा मुकुट पहिरेको, घाँटीमा गहना, हातमा कङ्गन लगाएको देखिन्छ। यो वि.सं. २०७३ सालमा मुसीकोट दरबार संरक्षण समितिद्वारा स्थापना गरिएको हो।

### *ङ) मुसी प्रतिमा*

दरबार परिसरमा मुसीको प्रतिमा राखिएको छ। यो कालिका मन्दिरभन्दा उत्तर-पूर्वमा राखिएको छ। यो दरबार क्षेत्रको प्रमुख आकर्षणको रूपमा रहेको छ। मुसीको प्रतिमा

मुसीकोट दरबार संरक्षण समितिले वि.सं. २०७३ सालमा सिमेन्टबाट निर्माण गरेको देखिन्छ । मुसीको प्रतिमा ३ फिट अग्लो, ४ फिट लम्बाइ, चौडाइ भएको सिमेन्टको स्तम्भमाथि अर्धकदको संरचना छ ।

***च) बँदेलगुफा***

मुसीको प्रतिमाको ठिक तल बँदेलगुफा रहेको छ। यो गुफा सिमेन्टबाट बनाइएको हो । बँदेल र मुसीका कारणले मुसीकोट टाकुरा पत्ता लागेको हुँदा बँदेल गुफा मुसीको प्रतिमासँगै स्थापना गरेको देखिन्छ। यो गुफाभित्र प्रवेश गर्ने ६ फिट चौडाइ भएका दुईवटा प्वालहरू रहेका छन्। गुफाभित्र ८ फिट लामो सुरुङ जस्तो स्थान रहेको छ ।

***छ) बँदेल***

कालिका मन्दिरभन्दा दक्षिण मन्दिर परिसर बाहिर सिमेन्टको ४.५फिट लामो २ फिट अग्लो बसेको अवस्थाको बँदेलको प्रतिमा रहेको छ। उक्त बँदेलको दुईवटा सेता दाह्रा निस्केका, कान ठाडो पारेको अवस्था देखाइएको छ।

***ज) नाग***

कालिका मन्दिर परिसरभन्दा बाहिर मन्दिरदेखि दक्षिण भागमा दुईवटा नागहरू आपसमा लड्न थालेको जस्तो देखिने प्रतिमा छ। दुवै नाग फँणा फिँजाएर उठेको र तलको भाग बटारिएको अवस्था देखाइएको छ । यो २.५ फिट अग्लो छ र पेटको भाग सेतो र माथिको भाग फिक्का हरियो रङको छ।

## ४.२.११ रुकुमकोट दरबार क्षेत्र, रुकुमकोट, रूकुम

### ४.२.११.१ अवस्थिति

यो सिस्ने गाउँपालिका वडा नं. ५ रुकुमकोट मैदानेढोकामा अवस्थित छ। रुकुमकोट दरबार कमलदहदेखि पूर्व उच्च टाकुरामा रहेको छ। पूर्वी रुकुमको छिप्रीदह बजारदेखि ३ किलोमिटर पूर्व उच्च टाकुरामा रहेको यो दरबार क्षेत्रमा जानका लागि मध्यपहाडी लोकमार्गको बाहुनठाना खण्ड वा कमलदहबाट पूर्व कच्ची उकालो १ किलोमिटरको यात्रा गर्नुपर्छ। मैदानी ढोकाबाट करीब ५ मिनेट पैदल उकालो हिँडेपछि रुकुमकोट दरबार पुग्न सकिन्छ। रुकुमकोट दरबारको पूर्वमा-महाभारत पर्वत, पश्चिममा-बाहुनठाना/कमलदह, दक्षिणमा-टाकुरा गाउँ र उत्तरमा-कोचिबाङ रहेका छन्। उच्च टाकुरामा रहेकोले यस

दरबार क्षेत्रबाट चारैतिरका दृश्यहरू अवलोकन गर्न सकिन्छ। रुकुमकोटलाई केन्द्र बनाई विभिन्न समयमा विभिन्न वंशका राजाहरूले शासन गरेको इतिहासले पुष्टि गरेको छ। रुकुममा अनेक स-साना राज्यहरू भए पनि रुकुमकोट नै शक्तिशाली राज्य थियो । पछि यो राज्य पनि मुसीकोट, बाँफी, गोताम, आठबीस आदि साना राज्यहरूमा विभाजन भएको पाइन्छ ।

रुकुमकोटको उत्पत्ति तथा विकाससँग पौराणिक तथ्यहरू पनि जोडिएको पाइन्छ। रुकुमकोट नजिकै रहेको देउराली गुफामा द्वापर युगमा महर्षि वेदव्यास आई बसेको र सोही गुफामा वेदका केही अंश लेखिएको जनश्रुति पाइन्छन् (गौतम, २०७१, पृ. २९) ।

रुकुमकोटको नामकरण कसरी रहन गयो भन्ने सम्बन्धमा विभिन्न जनश्रुतिहरू पाइन्छन् । रुकुमकोटलाई परापूर्वकालदेखि सर्पकोट भनिँदै आएको थियो । सर्पकोट भन्नुको कारण यहाँ विभिन्न जातका सर्पहरू पाइने भएकाले होला (अन्तर्वार्ता-गम्भीर थापा) । पहिले रुकुमकोटलाई सर्पकोट भनिए पनि पछि आएर यहाँका राजा जैतम बम मल्लकी कान्छी छोरी रुक्मेनीले विवाह नगरी बसेको हुनाले उनको नामबाट रुकुमकोट नामकरण गरिएको हो भनिन्छ (पौडेल, २०७०, पृ. ३१) । पौराणिक समयमा 'रुकुम' नाम गरेका राजाले राज्य गरेको हुँदा पछि आएर यस ठाउँको नाम नै रुकुम रहन गएको हो पनि भनिन्छ । कसैले रुक्मगाड नदीको नामबाट रुकुम नामकरण भएको हो भन्दछन् । यसरी रुकुमकोट नामकरण कसरी रहन गयो भन्ने सम्बन्धमा निश्चित कारण भन्न सकिने अवस्था नभए पनि पहिले यसको नाम सर्पकोट वा सापकोट रहेको र पछि रुकुमकोट भएको हो ।

### ४.२.११.२ ऐतिहासिकता

रुकुमकोटको इतिहास अध्ययनका लागि तत्कालीन समयका केही अभिलेख, कागजात, जनश्रुति आदिका आधार लिनु पर्ने हुन्छ। रुकुमकोटको इतिहासलाई खोज्दै जाने हो भने मध्यकालको आरम्भिक समयसम्म पुग्न सकिन्छ। रुकुमकोट राज्यका सम्बन्धमा अनेक प्रकारका जनश्रुतिहरू पाइन्छन् । केहीको भनाइअनुसार- परापूर्वकालदेखि नै रुकुमकोटलाई सर्पकोट भनिन्थ्यो । त्यस समयमा पितृकुण्ड रहनुका साथै बाउन्न कुण्ड र त्रिपन्न टाकुरा भएको सुन्दर स्थान थियो। यस सुन्दर स्थानमा रुक्म राजाले राज्य गर्दथे। उनकी पुत्री रुक्मणीको जन्म भएपछि छोरी रुक्मणीको नामबाट रुकुमकोट नामकरण गरियो । केहीको भनाइ अनुसार वि.सं. १४१४ सालतिर जुम्लाबाट ॐ शङ्कर भट्ट नाम

गरेका ब्राह्मण सर्पकोट आई कमलदहमा स्नान गरी त्यहाँको प्राकृतिक सुन्दरताबाट आकर्षित भई कमलदहको छेउँमा ब्रह्मधुनी जगाई बसे । यसरी भट्ट ब्राह्मण धुनी जगाई बसेको हुनाले त्यस स्थानलाई बाहुनठाना भन्न थालियो । जुम्लाका भट्ट ब्राह्मणले त्यहाँको सुन्दरता माथि बयान गरेको सुनी जुम्ला सिँजाका राजा मलयबमका साहिँला छोरा प्रीतम बम आफ्नो पुरोहित जसु भट्ट र भाइभारदारसहित थापा, विष्ट, दमाइँ, हमाल आदि सिँजाबाट सर्पकोट आई त्यहाँको वस्तुस्थिति बुझी त्यहीँ नै राज्य गर्ने निधो गरे । त्यस समयमा सर्पकोटमा गुरुङ जातिको “बोक्से जहार” राजा थिए । जाडवंशको बोक्से जहार ( बोक्सी विद्या जानेको) निरङ्कुश, अधर्मी, देख्दै डरलाग्दो, दाह्रा निस्केको, लामो लामो कपाल पालेको राक्षस जस्तो थियो । बोक्से जहारको विरोधमा दरबारका मन्त्री, भाइभारदार आदि सबै थिए । यसैको मौका छोपी बोक्से जहारसँग मित्रता लगाई, सर्पकोट दरबारका सबैलाई आफ्नो पक्षमा लिई पासा खेल्ने र खानपिन गर्न भनी दरबार बाहिर लगे । दरबार नजिकै एउटा खाडल खनिएको थियो, त्यही खाडलमा बोक्से जहारलाई हाली माथिबाट ढुङ्गा खसाली मारे र आफु सर्पकोटको राजा भए (गौतम, २०७१, पृ. ३३) । यसरी प्रीतमबम सर्पकोटका प्रथम ठकुरी राजा भए । बोक्से जहारलाई मारेको ढुङ्गा अझै पनि देख्न सकिन्छ । उक्त ढुङ्गा बोक्से जहारको मृत्यु भएको तिथिमा आफै हल्लिन्छ भन्ने जनश्रुति छ । उसको आत्माले नपिरलोस् भनी त्यसै समयदेखि नै बडादशैंको नवरात्रीमा बोक्से जहारलाई बोका बलि दिइन्थ्यो । बोका बलि दिँदा उक्त ढुङ्गा हलिन्थ्यो भनिन्छ (सुवेदी, २०७१, पृ. ३३) ।

प्रीतम बम पछि रुकुमकोटमा जगती बम, जलाल बम, जैतम बम, दारेजैतम राजा भए । दारेजैतम बम निकै शक्तिशाली तथा प्रभावशाली राजा थिए । यिनले आफ्नो राज्यको सीमाना पूर्व काठमाडौं उपत्यकासम्म, पश्चिम भारतको हरिद्वारसम्म पुऱ्याएका थिए । यिनले रुकुमकोटको काल्चेखानीबाट तामा निकालेका थिए र पशुपतिमा तामाका दुईवटा नगरा चढाएका थिए । यिनले आफ्नी जेठी छोरी रुक्मवतीलाई प्युठानका राजा ताराचन्दसँग विवाह गरिदिई विजय गरेको रोल्पा र बाग्लुङ, प्युठानका केही भाग दाइजो स्वरूप दिएका थिए ( रुकुमकोट दर्पण, २०७०, पृ. ३१) त्यसै गरी रोल्पा गजुलका प्रजाहरूले प्रशासनिक कार्यहरूमा रुकुम टाढा भयो गजुलमै थपला राखी पाऊँ भनी बिन्ती गरेपछि दारेजैतमले कान्छी छोरी तुम्बावतीलाई गजुलका राजकुमारसँग विवाह गरिदिई जलजलादेखि पश्चिम माडीसम्म गजुललाई दिएका थिए । जैतम बमका दुईवटी विवाहित रानी र एउटी भित्रेनी

रानी थिए। विवाहित दुई रानीबाट ६ भाइ छोरा र भित्रेनी रानीबाट १ भाइ छोरा थिए। वि.सं. १६०० तिर जैतम बमको मृत्युपछि जेठी रानी सती गइन् भने कान्छी रानीले छोराहरू आपसमा नलडून् भनी विशाल रुकुम राज्यलाई अंशबण्डा गरिदिइन्। जसअनुसार जेठा नरी बम रुकुमकोट, माहिला जैतु बम मुसीकोट, साइँला जगती बम बाँफीकोट, काइँला सेतु बम गोतामकोट, राइँला कालु बम आठबिसकोट र कान्छा मले बम जहारीकोट राज्य दिइन् र भित्रेनीतर्फको छोरा खम्ब बमलाई खगेनकोट (जारकोट) राज्य दिइन् (गौतम, २०७१, पृ. ३२)। नरी बम रुकुमकोटका राजा भएपछि उनले केही क्षेत्र बिस्तार गरी रुकुमको सीमाना बढाएका थिए। उनी पछि उनका छोरा जयभद्र राजा भए। जयभद्रले कोल पेल्न लागेकी केटीलाई बलात्कार गरेको हुनाले उनलाई राजच्यूत गरी देश निकाला गरियो। यसैको मौका छोपी जुम्लाका कल्यालहरूले मगरहरूलाई उचाली आफ्नो राज्य स्थापना गरे। कल्यालवंशी प्रथम शासक दत्ताशाही थिए। जुम्लाको अधीनमा रही रुकुमले जुम्लालाई कर तिर्ने गर्दथ्यो। यसभन्दा पहिले जाजरकोटलाई रुकुमले कर तिर्दै आएको थियो। यसरी जुम्लाको सामन्ती राज्यको रूपमा रहेको रुकुमकोटमा दत्ताशाही पछि अनन्तु, सुल्तान, सिलिमराज शाही राजा भएका थिए। यसपछि रुकुमकोट गोरखामा गाभिएको थियो (शर्मा, २०७०, पृ. १३९)।

यसरी रुकुमकोटको इतिहासका बारेमा विद्वान्हरूबीच मत भिन्नता रहेको पाइन्छ। राजाराम सुवेदीले रुकुमकोटको इतिहास भिन्दै तरिकाले प्रस्तुत गरेका छन्। उनका अनुसार- रुकुमकोटमा नरी बम पछि जय बम राजा भए। जय बम मगर केटी बलात्कार गरेको अभियोगमा राजच्यूत गरी पूर्वतिर लखेटिए। त्यसपछि उनका माइला छोरा दाना मल्ल राजा भएपछि आनन्द बम, अनन्त बम, जेत बम, जयभद्र राजा भए। जयभद्रको समयसम्म आइपुग्दा रुकुमकोट राज्य निकै कमजोर भइसकेको थियो। जसले गर्दा रुकुमको प्रभाव घट्दै गयो। रुकुमकोटमा सुल्तान बम राजा भएपछि आफ्नो पुरानो शक्ति बलियो पार्न जुम्लालाई शाही कर तिरी सुल्तान शाही राजा भए। सुल्तान शाही पछि सिलिम शाही, राज शाही राजा भए। राज शाही रुकुमकोटका अन्तिम राजा हुन्। यिनको समयमा गोरखालीले जुम्ला विजय गरेको हुनाले जुम्ला अधीनस्थ सबै राज्यहरू स्वतः गोरखामा मिल्न पुगे (सुवेदी, २०५४, पृ. ३५६)। तर, इतिहासकार टेकनाथ गौतमका अनुसार राज शाही वृद्ध अवस्थामा भएको समयमा गोरखालीहरूको पश्चिमतिर अभियान बढ्दै गएको थियो। गोरखालीको पश्चिम अभियानलाई रोक्न जुम्ला, दाङ, रुकुम प्युठान एकजुट भई

गोरखालीसँग लड्ने सल्लाह भइरहेको समयमा वि.सं. १८४३ भाद्रमा राजशाहीको मृत्यु भयो र उनका नाबालक छोरा नरसिंह शाही राजा भए । नरसिंहका काकाहरूले नरसिंह शाहीसँग अंशसम्बन्धी विवाद उठाए । दरबारमा कचिङ्गल भयो । यसरी राजपरिवारभित्र कचिङ्गल भइरहेको समयमा प्युठान, गजुल विजय गर्दै गोरखालीहरू रुकुम पुगे । रुकुमले आत्मसर्मपण गरेकाले युद्धविना रुकुम पनि गोरखामा गाभियो । रुकुम गोरखामा गाभिएपछि रुकुम अन्तर्गतका सबै थपाला राज्यहरू पनि नेपालको एकीकरणमा गाभिए । यसरी रुकुम विजय गरेपछि रुकुमको प्रशासन प्युठानबाट हेर्न थालियो । रुकुम गोरखामा गाभिएको २२ वर्षपछि सल्यान नेपाल अधिराज्यमा गाभिएपछि रुकुमको प्रशासन सल्यानबाट हेर्न थालियो (गौतम, २०५०, पृ. ३५) ।

नेपालमा वि.सं. १९०३ मा राणा शासनको उदय भयो । राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले आफ्ना छोरीहरू दीर्घ कुमारी र जगत् कुमारीको विवाह जाजरकोटका राजकुमारसँग गरिदिए । त्यसपछि रुकुमका केही भाग जाजरकोटमा गाभियो भने वि.सं. १९०४ सालमा राजा सुरेन्द्रकी छोरी मुसीकोटे जुम्ली राजालाई दिएपछि रुकुमकोटका अन्य भागहरू पनि मुसीकोटमा गाभियो । वि.सं. २०१८ सालमा राजा रजौटा उन्मूलन ऐन आएपछि पुरानो रुकुमकोट राज्यको सम्पूर्ण भाग मिलाई वि.सं. २०१८ साल वैशाख १ गते १४ अञ्चल ७५ जिल्लामा घोषणा गर्दा रुकुम अलग्गै स्वतन्त्र जिल्ला भयो ।

### ४.२.११.३ भौतिक संरचना

रुकुम राज्यको राजधानी वा राजदरबार रुकुमकोटको मैदानेडाँडामा थियो । यहाँको दरबार इँटाको गारो, झिङ्गटीको छाना भएको र ठूलो थियो भनिन्छ । हाल यो दरबारको भग्नावशेष मात्रै छ । दरबारको जगका केही भागहरू देख्न सकिन्छ । लगभग १०/१२ रोपनीमा फैलिएको यो दरबार परिसरमा अहिले विद्यालय सञ्चालन गरिएको छ । उक्त दरबार कस्तो शैलीको थियो, कति कोठाका थिए र कति तले थियो भन्ने सम्बन्धमा कुनै जानकारी पाउन सकिँदैन । वर्तमान समयमा दरबार भएको स्थानमा एनसेलको टावर राखिएको छ । दरबार परिसरभित्र जानका लागि दक्षिणतिरबाट ठूलो प्रवेशद्वार राखिएको छ । यसलाई अहिले मैदाने ढोका भनिन्छ । दरबार परिसरदेखि केही तल काठको मौलो गाडिएको छ, जहाँ पहिले मन्दिर थियो । यस मौलो नजिकै बोक्सेजहारलाई गाडिएको खाल्टो जस्तो आकार रहेको छ ।

रुकुमकोट दरबार स्थलमा दरबारसँगै कोतघर पनि थियो। त्यस कोतघरमा खड्गका साथै भगवतीको मूर्ति पनि थियो भनिन्छ। वर्तमान समयमा चारैतिर पर्खालले घेरेको एउटा स्थानमा पूजा स्थल राखिएको छ। यहाँ रहेका मन्दिर र कोतघर पनि नष्ट भइसकेका छन्। दरबार क्षेत्रमा विद्यालय सञ्चालन गरिएको छ भने बाँकी जमीन अस्पतालको नाममा दर्ता भएको पाइन्छ।

## ४.२.१२ दरबार, घर

राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाभित्र यस क्षेत्रमा आवासका लागि बनाइएका दरबार र घरहरूको पनि महत्वपूर्ण स्थान छ। यसभित्र यस क्षेत्रमा ऐतिहासिक महत्व राख्ने केही दरबारहरू र जाति, भाषभाषी वा स्थान विशेषका कारण भिन्न संस्कृति भएका समुदायमा प्रचलित परम्परागत घरहरूको सङ्क्षिप्त परिचय दिइएको छ।

### ४.२.१२.१ दरबार

राप्ती क्षेत्रमा विशेष गरी मध्यकालका बाइसे-चौबीसे राज्यहरू सञ्चालन गर्ने राजधानीहरूमा राजा तथा राजपरिवार वा ठूला प्रशासक तथा धनीमानीहरूका आवासका लागि अनेक शैलीका दरबारहरू निर्माण भएको पाइन्छ। ती दरबारहरू प्रायः धेरै अघि नै नष्ट भइसकेका छन् भने् केहीका भग्नावशेष मात्र बाँकी छन्। यसबारे राज्य र दरबार क्षेत्रको विषयमा अघि नै जानकारी दिइसकिएको छ। यहाँ तीमध्ये तस्बिर तथा जानकारी उपलब्ध हुन सक्ने केही दरबार-घरहरूको विषयमा सङ्क्षिप्त जानकारी दिइएको छ।

#### क) फलाबाङको काला राजाको दरबार

मध्यकालीन सल्यान राज्यको केन्द्र फलाबाङमा रहेको चैतेडाँडामा एउटा दरबारको भग्नखण्ड रहेको छ। यसलाई काला राजाको दरबार भनिन्छ। यो दरबार राजा मलै बमका छोरा काला सुल्तानले बनाएको बुझिन्छ। काला सुल्तानले दिल्लीलाई खुसी पारी 'शाह' पद र हालको बाँके जिल्लाको केही भूभाग लिई त्यसलाई 'रझेट' नामकरण गरेका थिए। यिनले फलाबाङमा राजधानी ल्याई त्यहाँ सुविधाजनक दरबार तथा देवीदेवताका मन्दिरहरू बनाएका थिए। यसैलाई काला दरबार भनियो (गौतम, २०५०, पृ. ५०)।

यस दरबारको गारो ३ फुट चौडा छ । यसमा १ फुटे इँटा र डेढफुटे टायल प्रयोग भएको छ । सुल्तानको समय वि.सं. १५५५ तिर भनिएको सन्दर्भमा काला राजाको दरबार पनि यसै आसपासमा निर्माण भएको हुने देखिन्छ ।

**ख) फलाबाङको पुतली दरबार**

फलाबाङको गैरागाउँमा बनाइएको दरबारलाई पुतली दरबार भनिन्थ्यो । यो दरबार शमशेरबहादुर शाह फलाबाङको राजा भएको बेला निर्माण भएको थियो । यो दरबार कतै वि.सं. १९५७ मा निर्माण सुरु गरी १३ वर्ष लगाएर निर्माण सम्पन्न भएको ठानिन्छ भने कसैले वि.सं. १९६० मा सुरु गरी वि.सं. १९६५ मा सम्पन्न भएको ठान्छ (बस्न्यात, २०७१, पृ. ३५-३६) । कर्कटपाताको छाना भएको दुईतले यस दरबारमा ५५ वटा कोठाहरू र १५५ वटा झ्यालहरू थिए । यसमा बैठक कोठा, मोठ कोठा, पूजा कोठा र आयुर्वेदका लागि बेग्लै कोठाहरूको व्यवस्था थियो । बेलायती शैलीमा बनाइएको पुतली दरबार दशवर्षे द्वन्द्वकालमा नष्ट भएको थियो ।

**ग) गोबरडिहाको सिंहदरबार**

यो जनस्तरबाट आफ्नो आवासको लागि निर्माण गरिएको दरबार हो । यो दरबार गढवा गाउँपालिका वडा नं. ३ मा जीर्ण अवस्थामा रहेको छ । त्यस बखत डिठ्ठा पद पाएका जोखनप्रसाद चौधरीले भारतबाट कालीगढ ल्याई यो दरबार निर्माण गराएका थिए । यो दरबार वि.सं. १९४७ मा निर्माण सुरु गरी ११ वर्षपछि निर्माण सम्पन्न भएको थियो । यस दरबार निर्माणमा चुना, सुर्कीको प्रयोग गरिएको छ । ५५ वटा झ्यालहरू रहेकाले यसलाई पच्पन्न झ्याले दरबार भनिन्छ भने दरबारको माथिको भागमा सिंहको आकृति राखिएकाले सिंहदरबार पनि भन्दछन् । राणा प्रधानमन्त्री मोहन शमशेरको पालामा पच्पन्नझ्याल र सिंहको प्रतिमा राखेको भनी मुद्दा लागेको थियो । दरबार अगाडि त्यतिबेला बनेको कुवाँ र चुनासुर्की पिस्न प्रयोग गरिएको चाकी (जाँतो) छन् ।

**ङ) मैचन्नेको बाह्रसुरे घर**

यो स्थल रुन्टीगढी गाउँपालिका वडा नं. ४ मा रहेको छ । यो स्थलको नामकरण भित्रीकोटका राजा महीचनको नामका आधारमा भएको छ । यस स्थलमा हाल सिंह ठकुरीका केही परिवारहरूको बसोबास रहेको छ । तीन पुस्तादेखि यसै स्थलमा बस्दै आएको सिंह ठकुरी परिवारका चन्द्रबहादुर सिंह ठकुरीले वि.सं. २०१० सालमा सुरु गरी २०१७

सालमा निर्माण सम्पन्न गरेका थिए । ढुङ्गा, माटोको गारो र ढुङ्गाको छानो रहेको यस घरमा झ्याल, ढोका जम्मा ५२ वटा थिए । प्रायः सामान्य घरहरू चार सुरका निर्माण गर्ने लोकवास्तुकला प्रयोग हुने गरेको भए पनि यो घर बाह्र सुरे भएकोले राप्ती क्षेत्रमा विशेष प्रसिद्ध थियो । उक्त बाह्रसुरे घर वि.सं. २०४२ सालतिर भत्केर नष्ट भइसकेको छ ।

यिनका अतिरित्र यस प्रकारका दरबारहरू मुसीकोट, तुलसीपुर, भित्रीकोट, रुकुमकोट, खुङ्ग्रीकोट, गजुलकोट आदि स्थानहरूमा पनि रहेका थिए । यीमध्ये धेरैजसो पूर्णरूपले नष्ट भइसकेका छन् भने केहीका भग्नावशेष मात्र प्राप्त हुन्छन् ।

### ४.२.१२.२ परम्परागत घर

यस अन्तर्गत जाति, भाषाभाषी वा बसोबास स्थानको आधारमा भिन्न संस्कृति भएका समुदायमा प्रचलित विशिष्ट शैलीका घरहरू आउँछन् । यस सन्दर्भमा राप्ती क्षेत्रमा परम्परागत रूपमा प्रचलित डँगौरा थारू घर, चारपाखे घर, दुईपाखे घर र माटोको छानो भएका घर, मौलिक शैलीमा निर्माण गरिने यी घरहरू पनि राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा हुन् । यिनको निम्नबमोजिम जानकारी दिइएको छ ।

#### क) डँगौरा थारू घर

डँगौरा थारू घर उत्तर-दक्षिण लम्बाइ र पूर्व-पश्चिम चौडाइ भएको हुन्छ । गाउँको सडक उत्तर-दक्षिण हुने भएकाले घरहरू सडकदेखि पश्चिम वा पूर्व दिशामा निर्माण हुन्छन् । घर भूइँतले, काठ, बाँस र खर प्रयोग गरी बनाइन्छ । घरमा पूर्व र पश्चिमतिर आमनेसामने हुने गरी दुईवटा ढोका राखिन्छ । घरहरू परिवार सङ्ख्याको आधारमा तीन बल्या, चारबल्या हुँदै सातबल्यासम्मको बनाइन्छ (दिवस, २०६५, पृ. १४५) ।

मूलढोकाबाट पस्नासाथ बह्री (बैठक कोठा) आउँछ । बह्रीबाट भित्र पस्दा ‘पिन्यारी’ (गल्ली) आउँछ । पिन्यारीदेखि दायाबायाँ लहरै सुत्ने कोठाहरू हुन्छन् । घरको सबैभन्दा पश्चिम-उत्तरको कोठा भान्सा र पूर्व-उत्तरको कोठा ‘डिउह्रार’ (देवताकोठा) हुन्छ । घरको सबैभन्दा दक्षिणको कोठा प्रायः गाईवस्तु, बाच्छाबाच्छीका लागि प्रयोग गरिन्छ (पूर्ववत्) । यो विशुद्ध दुईपाखे घर हो ।

**ख) दुईपाखे घर**

यो घर राप्ती क्षेत्रका पहाड र समथर सबैतिर परम्परागत रूपमा प्रचलित छ । दुईपाखे घरमा भूईँतले, एकतले र दुईतले किसिमका विविधता पाइन्छ । कतैकतै दुईपाखे घर तीनतलेसम्म रहेको पाइन्छ । यी घर पहाडमा ढुङ्गा, माटो, काठ र खर प्रयोग गरेर बनाइन्छ भने मैदानी भागमा ढुङ्गा, इँटा, माटो, काठ र खर प्रयोग गरेर बनाइन्छ । यस प्रकारका घरमा बैठक कोठा, पूजा कोठा, भान्सा कोठा, भण्डार कोठा, भूईँतलामा रहेका हुन्छन् भने बीचको तला सुत्ने कोठाका रूपमा प्रयोग गरिन्छ । सबैभन्दा माथिल्लो तलालाई बुइँगल वा बैकल भन्छन् । यो तला प्रायः अन्नपात र सरसामान राख्न प्रयोग गरिन्छ । यस प्रकारका घरहरूमा दुई छेउमा किल्ला उठाएर छानोबाट पानी सजिलैसँग बाहिर झर्ने अवस्था बनाइएको हुन्छ । दुवै किल्लामा झ्याला र घरको अगाडि भागमा काठको बार्दली राख्ने यस शैलीका घरको मौलिक विशेषता हो ।

**ग) चारपाखे घर**

राप्ती क्षेत्रका प्रायः पहाडी क्षेत्रमा चारपाखे घरको प्रचलन पाइन्छ । चारपाखे घर ढुङ्गा, माटो, काठ, बाँस र खर प्रयोग गरेर बनाइन्छ । यी घरहरू प्रायः दुईतले हुन्छन् । घरको लम्बाइ, चौडाइ चारैतिर छानो राखिनु यसको मौलिक विशेषता हो । चारैतिरबाट हुनसक्ने वर्षातबाट घर सुरक्षित राख्न सक्नु चारपाखे घरको मुख्य विशेषता हो ।

**घ) माटोको छानो भएको घर**

राप्ती क्षेत्रको पहाडी भागमा माटोको छानो भएका घरहरू प्रयोग गर्ने परम्परागत प्रचलन छ । यस प्रकारका घरहरू सल्यान, रुकुम र रोल्पा जिल्लामा प्रयोग गरेको पाइन्छ । यस प्रकारका घरहरू दुईतलेसम्म हुन्छन् । यस शैलीमा ढुङ्गाको गारो माथि किरा नलाग्ने सल्ला, बाँझ आदिका पटरा राखेर त्यसमाथि माटोले पोतिन्छ । यस शैलीका घर वर्षात कम हुने ठाउँतिर प्रचलनमा रहेको पाइन्छ ।

## ४.२.१३ सित्तलपाटी, श्रीनगर, सल्यान

### ४.२.१३.१ अवस्थिति

यो शारदा नगरपालिका वडानं. १ श्रीनगरमा पर्दछ । सित्तलपाटी सल्यानको सदरमुकाम खलङ्गादेखि ९ किलोमिटर पूर्वमा पर्दछ । यसको पूर्वमा दाङ-सल्यान सडकखण्ड

र उत्तर, दक्षिण, पश्चिममा व्यक्तिगत घरहरू रहेका छन् । दुई तलामा निर्माण भएको यो पाटी राणा शासनकालीन मानिन्छ। यही सित्तलपाटीको नामबाट यस स्थानको नाम सित्तलपाटी रहन गएको पाइन्छ । यस पाटीमा मानिसहरू शीतलताका लागि बस्न आउने भएको हुँदा यसलाई सित्तलपाटी भन्न थालिएको विश्वास गरिन्छ । पहिले पहिले यातायातका साधनहरू नहुँदा बटुवाहरू यसै पाटीमा विश्राम गर्थे ।

### ४.२.१३.२ ऐतिहासिकता

यस पाटीको इतिहास धेरै पुरानो छैन । यसको इतिहास खोज्दै जाँदा राणाकालीन समयसम्म पुग्न सकिन्छ। यस पाटीको भित्तामा राखिएको शिलालेखमा शाके १७३५ श्री गीर्वाणयुद्ध विक्रम शाहको समयमा निर्माण गरिएको उल्लेख छ । यस शिलालेख अनुसार यो पाटी गीर्वाणयुद्धविक्रम शाहको समयमा निर्माण भएको स्पष्ट हुन्छ। स्थानीय बूढापाकाहरूका अनुसार शिव मन्दिर र पाटी एउटै समयमा निर्माण गरिएको थियो । त्यस समयमा बेसीमा औलो लाग्ने भएको हुँदा सबै कोट लाग्ने चलन थियो । खलङ्गामा बडाहाकिम, जर्नेल, साहेबज्यू ठूला मानिसहरू बस्थे । यिनीहरू शनिबार वा बिदाको दिन शारदा नदीमा नुहाउन आउने र दिनभरि यतै बसी रमाइलो गर्ने गर्थे । त्यस समयमा त्यहाँ ठूलो पीपलको रुख थियो । त्यही रुखमुनि बस्थे । गीर्वाणयुद्धविक्रम शाह सल्यानको भ्रमण गर्न आएको समयमा साहेबज्यूले यस स्थानमा पाटी र शिव मन्दिरको आवश्यकता छ भनी बिन्ती चढाएपछि गीर्वाणयुद्धको आदेश अनुसार यो पाटी र शिव मन्दिर निर्माण गरिएको मानिन्छ । यी दुवै संरचना बनेपछि शारदामा नुहाउने, शिव मन्दिरमा पूजा अर्चना गर्ने र दिनभरि पाटीमा बसी रमाइलो गर्न थालियो । यस मन्दिरको दक्षिणतिर पहिले लमपाटी थियो । यस लमपाटीमा टाढाबाट आउँदा जाँदा बटुवाहरू बास बस्थे गर्थे (अन्तर्वार्ता- डिल्लीबहादुर राई) । यो लमपाटी धेरै अघि भत्कियो । आधुनिक कालमा निर्माण भएको मन्दिरको सन्दर्भमा बाहेक अन्य कुनै ऐतिहासिक घट्नाक्रम घटेको पाइँदैन । यस मन्दिर र पाटीका सम्बन्धमा पुरातत्व विभागले प्रकाशन गरेको पुस्तकमा यो पाटी वि.सं. १९७० मा गीर्वाणयुद्धविक्रम शाहले बनाउन लगाएको उल्लेख पाइन्छ (पुरातत्व विभाग, २०७२, पृ ४०) ।

### ४.२.१३.३ भौतिक संरचना

यस स्थलमा शिव मन्दिरसँगै पाटी पनि रहेको छ। यो पाटी पहिले मन्दिर परिसरमै थियो । तर, अहिले मन्दिरको संरक्षण गर्ने भनी पाटीलाई मन्दिर परिसरभन्दा बाहिर राखिएको छ। यो पाटीमा गर्मी याममा शीतलता र विश्रामका लागि मानिसहरू सित्तलपाटी शीतल खान आउने, बिसाउन आउने भएको हुँदा पाटीको नाम सित्तलपाटी रहन गयो । यसकै आधारमा यस स्थानको नाम पनि सित्तलपाटी रहन गयो। शिव मन्दिर र यस पाटीको नजिकको सम्बन्ध रहेको छ । यस पाटीमा पहिलेपहिले बडाहाकिम, कर्णेल, साहेबज्यूहरू शारदा नदीमा नुहाई शिव मन्दिरमा पूजा गर्ने र पाटीमा दिनभरि बसी रमाइलो गर्थे (अन्तर्वार्ता–नेत्र बहादुर खत्री)। बाह्र वटा पिलर रहेको यो पाटी दुईतले छ भने तल्लो तला सामान्य र सिमेन्टबाट निर्माण गरिएको छ। तर, माथिल्लो तला काठको खम्बा राखी छानालाई अड्याइएको छ। पाटीमा चारैतिर काठकै बस्ने व्यवस्था गरिएको छ। पाटी मन्दिर परिसरभन्दा बाहिर भएको हुँदा मन्दिर र पाटी अलग अलग भए जस्तै देखिन्छ। तर, यी दुवै एकआपसमा सम्बन्धित छन्।

शिव मन्दिर र पाटी निर्माण गरिसकेपछि मन्दिरमा नित्य पूजा र दुवैको संरक्षण गर्नका लागि केही जग्गा गुठीको रूपमा व्यवस्था गरिएको थियो। वर्तमान समयमा रहेको श्रीनगर बजार क्षेत्र आसपासका जग्गाहरू गुठीको रूपमा रहेको थियो। तर, पछि सबै जग्गा रैकरमा परिणत गरी मन्दिर परिसर मात्र बाँकी रहेको छ (अन्तर्वार्ता–प्रेमबहादुर थापा)। सित्तलपाटी यस क्षेत्रको प्रसिद्ध मूर्त सांस्कृति सम्पदा हो। शारदा नदीको फेदी र श्रीनगर बजारको शिरमा रहेका यी दुवै सम्पदा निकै महत्वपूर्ण छन्।

## ४.२.१४ सुकौराकोट दरबार क्षेत्र, सुकौरा, दाङ

### ४.२.१४.१ अवस्थिति

यो स्थल तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ सुकौरामा अवस्थित छ । सुकौराकोट प्राचीन समयमा शासन गर्ने थारू राजा दङ्गीशरणको दरबार स्थल हो भनिन्छ। सुकौराकोट बबई नदीको उत्तरी तटमा रहेको छ। जमीनको सतहभन्दा अग्लो थुम्कोमा अवस्थित सुकौराकोट प्राचीन समयमा थारू राज्यको केन्द्र थियो भन्ने विश्वास गरिन्छ । यो तुलसीपुर बजारदेखि ८ किलोमिटर दक्षिण-पश्चिममा अवस्थित छ । सुकौराकोट ऐतिहासिक स्थल हो भन्ने कुरा प्रमाणित भए पनि राज्यको स्थापना काल,

राजाहरूको वंशावली र राज्य पतनसम्बन्धी इतिहास विवादास्पद रहेको छ। यस कोटमा अहिले पुरानो दरबारको भग्नावशेषहरू देख्न सकिन्छ ।

### ४.२.१४.२ ऐतिहासिकता

सुकौरा थारू राज्यसँग सम्बन्धित स्थल हो भन्ने विषयमा सबैको सहमति छ, तर, राज्यको समय, थारू राज्यको स्थापना, राज्यको सीमाना आदिका सम्बन्धमा इतिहासकारहरूबीचमा मतैक्य पाइँदैन । यस विषयमा अनेक प्रकारका विचारहरू आएका छन् । यहाँ सबैका विचारहरूलाई विचार गरी थारू राज्यको राजधानीको रूपमा चिनिने सुकौरा दरबार क्षेत्रको परिचय दिइएको छ ।

थारू जातिको उत्पीत्त तथा दाङमा थारू जातिको आगमन सम्बन्धमा अनेक मतहरू छन् । द्रोर्णप्रसाद जौरेका अनुसार दाङको बबई नदीदेखि दक्षिणतिर पहाडको छेउँमा प्राग्ऐतिहासिक मानिसहरूको बसोबास थियो । यसैले गर्दा त्यहाँ प्राग्ऐतिहासिक हतियार पनि पाइएका छन् । ती पाषाणकालीन मानिसहरू पछि मौसम परिवर्तन र दक्षिणी भागभन्दा उत्तरीभाग सुविधायुक्त हुँदै जाँदा उत्तरी भागतिर बसाइँ सर्दै आए र बबई नदी पार गरी त्यसको किनारमा बस्न थाले । ती थारू जाति थिए भन्न सकिन्छ (रजौरे, सन् १९७७, पृ. १६) । यस्तै प्याकुरेलका अनुसा नेपालका प्रत्येक स्थानका थारूहरू आआफ्नै स्थानका आदिवासी हुन् । त्यसैले दाङका थारूहरू पनि दाङकै उत्पत्ति हुन् (प्याकुरेल, सन् १९८२, पृ. ११)।

टेकनाथ गौतमले दाङमा थारूभन्दा अघि बसोबास गर्ने अन्य कुनै जाति पत्ता नलागेको उल्लेख गर्दै त्यति बेला यो घनो जङ्गलका रूपमा रहेको हुँदो हो भन्ने विचार राख्छन् । क्रमशः जनसङ्ख्या बढ्दै गएपछि किम्वदन्ती अनुसार भैँसासुरका महतौँले आफ्नो घर भैँसकुर्मामा सारेर त्यहाँ उनलाई 'राउ' वा 'रज्वा' भन्न थालियो । लोककथा अनुसार यसरी दाङमा थारू राजाको थालनी भयो । पछि सुकौराका दनवार थरका थारू सामन्तले भैँसकुर्माका राजा कमजोर भएको मौका छोपी आफूलाई समग्र दाङको राजा घोषित गरे ( गौतम, २०४४, पृ. १५–३६) । गौतमले विक्रमको १३औं शताब्दीसम्म दाङको थारू राज्य स्वतन्त्र रहेको उल्लेख गर्छन् (गौतम, २०५०, पृ. ५९) । यता द्रोणप्रसाद रजौरेका अनुसार दाङ कर्णाली प्रदेशका मल्लहरूको अधीनमा थियो ।

सुकौराकोटको ऐतिहासिक तथ्य प्रस्तुत गर्ने स्रोतको अभाव छ । योगी र रूपलाल चौधरीको (२०१६) दङ्गीशरण कथा स्रोतलाई आधार मानेर सुकौरालाई दङ्गीशरणको दरबार स्थल मानिन्छ । यसमा थारू दाङ वंशावली अन्तर्गत मानिकपारखु, रतनपारखु पछि दङ्गीशरणलाई तेस्रो पुस्ताको राजा भनिएको छ । दङ्गीशरण कथामा आउने दङ्गी द्वापर युगका देखिन्छन् । त्यसैले दङ्गीशरण कथामा आएका दङ्गीलाई मध्यकालीन राजा मान्न सकिने अवस्था छैन ।

थारू राज्यका सम्बन्धमा एउटा जनश्रुति प्रचलनमा रहेको पाइन्छ । जसअनुसार त्रेतायुगमा अयोध्याका राजा रामचन्द्रसँग लङ्काबाट बसाइसराइको क्रममा थारूहरू अयोध्या हुँदै दाङमा आई बसोवास गरेको पाइन्छ । बसोबास बढ्दै गएपछि थारूहरूले एउटा प्रमुख व्यक्तिलाई छनौट गरे र पछि त्यही व्यक्ति नै राजा भए । दाङका थारू राजा भीमडहरले एक विलक्षण घोडी पालेका थिए । त्यस घोडीको गुणगान वरपरका छिमेकी राजाहरूले थाहा पाएपछि थारू राजाको घोडी मागे तर नपाएपछि जबरजस्ती लैजाने योजना बनाएको थाहा पाएपछि भीमडहरले कसैको सहयोग नपाएपछि पाँच पाण्डवका भीमसेनलाई गुहारे । भीमसेनले राप्ती नदीमा बाँध बाँधी आए र शत्रुसँग युद्ध गर्दागर्दै घोडीको मुत्यु भयो । घोडीको सम्झना स्वरूप घोडीको प्रतीक बनाई पूजा गर्न थाले । यसरी पूजा गर्दैजाँदा पछि घोडीलाई बागेश्वरी भनी माटाको घोडा बनाई पूजा गर्ने र चढाउने परम्पराको थालनी भयो । त्यसै प्रचलन स्वरूप थारूको देवस्थलमा घोडीको नमुना पाउन सकिन्छ (गौतम, २०६५, पृ. ११) । यसरी भीमडहरले सुकौरालाई राजधानी बनाई थारू राज्य सञ्चालन गरेको थाहा पाएपछि वरपरका राजाहरूले भीमडहर माथि आक्रमण गरी सुकौराकोटको थारू राज्यको अन्त्य भयो । त्यसपछि दाङमा तीन राज्य तुलसीपुर, छिल्लीकोट र सवारीकोट राज्यको उदय भएको कुरा इतिहासमा पाइन्छ (गौतम, २०६५, पृ. १९) ।

दाङमा थारू राज्यको समय बाह्रौं शताब्दीको आसपास हो भन्ने विचार पनि पाइन्छ । यस सम्बन्धमा महेश चौधरीका अनुसार दानु, दनुवारको राज्य वि.सं. १४७५–१६०=१३१५ अर्थात् राजा माधवराज सिंहको समयभन्दा १६० वर्ष पहिले स्थापना भएको र त्यसपछि माणिक्य परीक्षक राजा भएको पाइन्छ । त्यस समयमा दाङमा एउटा राजा दङ्गीशरण मात्र थिए । माणिक्य परीक्षक र दङ्गीशरण एउटै व्यक्ति हुन् भनिन्छ (चौधरी, २०६४, पृ. १५९-१७४) ।

कसैले सुकौराकोट राज्यका संस्थापक नै दङ्गीशरण हुन् भनी व्याख्या गरेका छन् । जस अनुसार दङ्गीशरणका तेह्रौं पुस्ताका राजा माणिक्यपारखु भए । माणिक्यपारखुको समय वि.सं. १५०० देखि १५२५ सम्म भएको पाइन्छ (सुवेदी, २०६३, पृ. १२) । वि.सं. १२०० को आरम्भबाट दाङमा दङ्गीशरणको थारू राज्य स्थापना भएको थियो । दङ्गीशरणका बाह्रौं पुस्ताकी महारानी मदलसाले आफ्नो उत्तराधिकारीको रूपमा माणिक्यपारखुलाई राजा बनाएको र उनी माणिक्य परीक्षकको रूपमा चिनिन्छन् । माणिक्य परीक्षकका पुत्र रत्न परीक्षकको पुत्री मात्र भएकोले बझाङी राजकुमार दलिसिंहसँग विवाह गराई डोलाजी प्रथाद्वारा सुकौरामा भिकाई दलिसिंह राजा भएको पाइन्छ (सुवेदी, २०६३, पृ. १२) ।

दाङ राज्यका धेरै प्रकारका वंशावलीहरू पाइन्छन् । सुवेदीले (२०५४, पृ. १०६) चार प्रकारका वंशावली दिएका छन् ।

| **वंशावली १** | **वंशावली २** | **वंशावली ३** | **वंशावली ४** |
|---|---|---|---|
| मानिकपारखु | दंगीशरण | दलिसिंह | दानसिंह |
| रतनपारख | लघुदंगी | भावासिंह | माणिक्यपरीक्षक |
| दङ्गीशरण | अपरदंगी | देवासिंह | रत्नपरीक्षक |
| तुइदाङ | चितलदंगी | अनुपमसिंह | उरगसिंह |
| उपरदाङ | मगरदंगी | उद्योतसिंह | माधपसिंह |
| चितलदाङ | सारंगदंगी | तेजसिंह | अजयसिंह |
| अङ्गारदाङ | उरगसेन | नवलसिंह | तेजसिंह |
| मङ्गरदाङ | माधवराज | दलेलसिंह | बबडसिंह |
| सरिदाङ | मदालसारानी | दानहादुरसिंह | नवलसिंह |
| उरगसे्न | माणिक्यपरीक्षक | दीर्घराजसिंह | |
| माधवराज | रत्नपरीक्षक | | |

राजाराम सुवेदीले रत्नपरीक्षकलई थारू वंशीय अन्तिम राजा भन्दै उनी योगी बनेको र उनका पुत्र नभएकोले बझाङबाट सिंह वंशीय दलिसिंहलाई ल्याई वि.सं. १५५० मा राजा बनाएको उल्लेख गरेका छन् । यता रत्ननाथले सिद्धि प्राप्त गरेको समय वि.सं. ८०९ उल्लेख पाइन्छ । यसबाट रत्नपरीक्षक पछि वि.सं. १५५० मा दलिसिंह राजा भएको समय मिल्दैन । यति मात्रै होइन थारू राजा दानसिंहले सुरक्षाका लागि हापुरका मणि पाण्डेको

सहयोगबाट छिल्लीसित मैत्री सम्बन्ध गरे । यस वापतमा सवारीकोट आसपासको भूभाग दिएर मणि पाण्डेलाई थपाला राज्य दिए । मणि पाण्डेले छिल्लीमा मेघबहादुरको मृत्युपछि आफूलाई स्वतन्त्र राजाका रूपमा माणिक्य परीक्षक भनी घोषित गरे । उनी पछि उनका छोरा रतन पाण्डे रत्नपरीक्षक राजा भए (गौतम, २०५०, पृ. ६०) । यिनैले वि.सं. १४७५ देखि १५८५को बीचमा थारू राज्यलाई आक्रमण गरी छिल्ली बाहेक सम्पूर्ण दाङको राजा भए । यस प्रसङ्गले माणिक्य परीक्षक र रत्नपरीक्षकको विषयमा थप अन्यौल ल्याउँछ ।

वि.सं. २०६० तिर दङ्गीशरणको ऐतिहासिकताको सन्दर्भमा दाङको थारू संस्कृति-इतिहासका अध्येता महेश चौधरी र दाङकै इतिहासका अध्येता टेकनाथ गौतम बिच सबाल जवाफ भएको थियो । टेकनाथ गौतमले दङ्गीशरण कथामा आउने द्वापर युगीन दङ्गीशरण दाङको इतिहासका पात्र हुन नसक्ने तथा दङ्गीशरण नामका राजा भएको प्रमाणित गर्ने कुनै प्रमाण नभएको तर्क गरेका छन् । गौतमले दङ्गीशरणलाई ऐतिहासिक पात्रकारूपमा प्रमाणित गरे पुरस्कार दिने चुनौती दिएका थिए । महेश चौधरीले योगी नरहरि नाथ, राजाराम सुवेदी आदिका ग्रन्थहरूलाई आधार मानी माणिक्य परीक्षक र दङ्गीशरण एउटै व्यक्ति भएको विचार राखेका थिए ।

दङ्गीशरण कथामा आउने दङ्गीलाई थारू जातिका राजा थिए भन्ने आधार देखिदैन यसमा एक ठाउँमा उनलाई 'क्षत्रिय' भनिएको छ । तर क्षेत्रिय शब्द पनि विर वा योद्घाको अर्थमा प्रयोग गर्न सकिने हुँदा 'क्षेत्रिय' शब्द जाति वाचक शब्दका रूपमा प्रयोग भएको होइन भन्ने देखिन्छ । दाङको आदिवासी थारू जाति भएको र दाङमा सङ्गठित राज्यको आरम्भ थारू जातिबाटै हुनु स्वाभाविक भएकोले दङ्गीशरण थारू राज्यका राजा थिए । दाङ राज्यमा राज्य गर्ने राजाहरूका विषयमा इतिहासकारहरूबाट धेरै प्रकारका वंशावलीहरू दिएको पाइन्छ । सबैले दङ्गीशरणलाई एउटा राजाका रूपमा प्रस्तुत गरेका पाइन्छ ।

यिनका अतिरिक्त राप्ती क्षेत्रमा खलंगा (प्युठान), मरन्ठानाकोट (प्युठान), सवारीकोट (दाङ), झिङ्टीकोट (दाङ), चन्द्रकोट (दाङ), देवीकोट (दाङ), राजाकोट (दाङ), गोताम ( रुकुम), जहारी (रुकुम), बाँफीकोट (रुकुम), थुनी (रोल्पा) आदि मध्यकालीन राज्य र तिनका केन्द्र भएका स्थल एवम् दरबार क्षेत्रहरू पनि मूर्त सांस्कृतिक सम्पदाका रूपमा आउँछन् ।

जे भए पनि सुकौरा थारू राज्यको दरबार क्षेत्र हो भन्नेमा सबैको एकमत छ । दाङ राज्यको विषयमा राजाहरू र राज्यकाल दुवै विवादास्पद छन् ।

### ४.२.१४.३ भौतिक संरचना

सुकौराकोट दरबार क्षेत्रमा वर्तमान समयमा कुनै पनि पुराना भौतिक संरचनाहरू रहेका छैनन् । दरबार क्षेत्र लगभग १५ फिट जति अग्लो थुम्कोमा अवस्थित छ । यस थुम्कोको क्षेत्रफल लगभग तीन बिगाहा जति रहेको छ। थुम्कामा इँटाका टुक्राहरू छरिएर रहेका छन् । अहिले थुम्कामा वृक्षारोपण गरिएको छ। यस थुम्कामा पहिले 'दंग' अङ्कित तामाका सिक्काहरू पाउन सकिन्थ्यो । यस थुम्काको दक्षिणतर्फ लगभग डेढ बिगाहा जति क्षेत्रफलमा पूर्व-पश्चिम लामो, उत्तर-दक्षिण चौडाइ भएको एउटा कुण्ड रहेको छ। यस थुम्कोदेखि एक किलोमिटर पूर्वमा एउटा सानो ३ मिटर अग्लो स्तूपाकारको थुम्को रहेको छ । यसलाई स्तूपका रूपमा हेरेको पाइन्छ। त्यसै गरी यस थुम्कोदेखि ५०० मिटर दक्षिणमा एउटा ताल रहेको छ। यसलाई स्थानीय थारूहरूले "बाहुनी बुऱ्या ताल" भन्दछन् । यस तालको अधिकांश भागहरू पुरिइसकेको छ। दरबार क्षेत्रदेखि लगभग २०१ मिटर पूर्व आधुनिक शैलीको शुक्रेश्वरी देवीको नेपाली शैलीको मन्दिर रहेको छ। यो मन्दिर स्थानीय हुमादेवी भण्डारीले निर्माण गरिदिएको बुझिन्छ । केही वर्ष अगाडिसम्म यस स्थलमा थारू शैलीको काठको एउटा मञ्वा (मन्दिर) थियो । त्यसमा मरीभवानी, महाभवानी, जगनठ्या, भैँञ्वा, अण्डिदेवताका प्रतिमा थिए । वि.सं. २०६६/२०६७ तिर पुरातत्व विभागले यस स्थलको उत्खनन् गरेको थियो । तर, यसको प्रतिवेदन प्रकाशित गरिएको छैन ।

पुरातत्व विभागले सुकौराको थुम्कोमा केही ठाउँमा  उत्खनन गर्दा दरबारमा हुनुपर्ने जस्ता ठूला कोठाका जग भटिएनन् । यस कारणले मात्र यो दरबार स्थल थिएन भन्न सकिदैन । यसका लागि दरबार क्षेत्र भनिएको सम्पूर्ण भाग उत्खनन हुनुपर्ने देखिन्छ । हालसम्म दाङको थारू राज्यको दरबार क्षेत्रका रूपमा अन्य कुनै स्थलको विषयमा जानकारी नभएको र सुकौरा नै दाङको थारू राज्यको केन्द्र हो भन्नेमा सबैको एकमत रहेकोले सुकौरामा नै थारू राज्यको दरबार थियो भन्ने निष्कर्षमा पुगिएको छ।

## ४.३ अन्य भौतिक सामग्री

राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाभित्र विवेच्य क्षेत्रमा बसोबास गर्ने मानव समुदायले दैनिक जीवनमा प्रयोग गर्ने भौतिक सामग्रीहरू पनि आउँछन् । यस सन्दर्भमा दैनिक प्रयोग गर्ने भाँडाकुँडा, सङ्गीतसम्बन्धी वाद्ययन्त्रहरू, खेतीपाती र पशुपालनसम्बन्धी

सामग्री, पहिरन तथा गरगहना र लोकप्रविधिसम्बन्धी सामग्रीहरू महत्वपूर्ण छन् । यहाँ यिनीहरूको निर्माण र प्रयोगको आधारमा सङ्क्षिप्त परिचय दिइएको छ ।

## ४.३.१ दैनिक प्रयोगका भाँडाकुँडा

### ४.३.१.१ धातुबाट निर्मित

क) काट्ने भाँडाकुँडा : बन्चरो, हँसिया, खुर्पा, खुकुरी, बसुला, रुखान, जारे, स्याँगी, चुलेसी, कोरना (कोर्ने काँडो) ।

ख) खन्ने भाँडाकुँडा : फरुवा, कोदालो, गैँती, खनिता, साप्लो, कोदाली आदि ।

ग) प्वाल खोल्ने भाँडाकुँडा : बर्मा, सुइरो आदि

घ) खाना पकाउने र खाना चलाउने भाँडाकुँडा : ताप्के, कराही, कसौँडी, (पकाउने) र झाँझाँ, डाडु, पन्यु, झिँर (खाना चलाउने भाँडा) ।

ङ) अन्य : चाल्नो (चाल्ने काममा प्रयोग गर्ने), तालासाँचो (ताला लगाउने र खोल्ने), गाग्री-ताउला, मुसेरी, पिन्जडा, पराँत, गिलास, थाल, कचौरा, रिकापी, माना, पाथी, ओधान, ठडेउरो आदि ।

### ४.३.१.२ काठबाँसबाट निर्मित

पिर्का (बस्ने), खाट (सुत्ने), चट्वा-डोक्नी (खानेकुरा चलाउने), खराउ (खुट्टामा लगाउने), ठेकी, ठेका, हर्पे, चौँठी (दही, दूध, घिउ, तेल आदि राख्ने), माना-पाथी ( नाप्ने), झ्याल ढोका आदि (घर-गोठमा प्रयोग गर्ने), डोको, छिटुवा, छिट्नी, बन्ठी, डेला (धान-मकै, घाँस आदि राख्न बाँसबाट बनाइने) ।

### ४.३.१.३ माटोबाट निर्मित

घैँटो, गाग्रो, भुर्की, भुर्का (पानी आदि राख्ने), कुठ्ली, डेहरी (धान, तोरी, मकै राख्ने), चुल्हो (आगो बाल्ने), सुल्पा-चिलिम (धुम्रपान गर्ने) आदि ।

### ४.३.१४ घाँस, खर, पराल, रेसाबाट निर्मित

डोरी, दाम्लो, गुन्द्री, पटकी (गुँदबाट), ढकिया, डेल्वा (फूल आदि राख्न काँस-मुजबाट बनाइने) जाल, हेल्का (माछा मार्न रेसाबाट बनाइने), बट्यार (बटइँ

बल्भ्काउन रेसाबाट बनाइने साधन), अल्लो, भाङ्ग्रोको कपडा आदि । अल्लो र भाङ्ग्रो कपडा अल्लो र भाङको रेसाबाट बुनेर बनाइन्छ ।

### ४.३.२ सङ्गीत सम्बन्धी वाद्ययन्त्र

यसभित्र तालवाद्य, शुषिर वाद्य र घनवाद्य र तारवाद्य आउँछन् ।

**क) तालवाद्य :** मादल, ढोल, ढोलक, तबला, दमाहा, ट्याम्को, तासा, ढाक, डौँरी, खैँचडी आदि । यी सबै बाजाहरू काठ र कुनै (दमाहा, ट्याम्को) धातुको घममा छालाले मोरेर बनाइन्छ ।

**ख) शुषिर वाद्य :** बाँसुरी (बाँस वा फलामको), सहनाई, नरसिंगा, नागफणी, भोँकर (धातुको), पिल्हु (माटोको), शङ्ख (सिपी) ।

**ग) घनवाद्य :** झ्याली, मजिरा, चाँप, घण्टी-घण्ट (बाँस-पित्तलको), कोले (फलामको) । फरसा (फलामको), करताल (फलाम) ।

**घ) तारवाद्य :** सारङ्गी, किङ्गरी, एकतारे आदि ।

### ४.३.३ खेतीपाती र पशुपालनसम्बन्धी सामग्री

हलो-जुवा (गोरु नर्ने र जोत्ने काठका सामग्री), खोक, हिँगा (जमीन सम्याउने काठका सामग्री) डुँड (पानी सिँचाइ गर्न र पशुहरूलाई दाना-पानी ख्वाउन प्रयोग गर्ने सामग्री), फाली (हलोमा जोत्दा प्रयोग गर्ने फलामको सामग्री), गोठ, खोर (गाई, भैँसी, बाखा, सुँगुर आदि बस्ने ठाउँ), खोलेस (कुखुरा, परेवा, हाँस बस्ने ठाउँ) आदि ।

### ४.३.४ पहिरन तथा गरगहना सम्बन्धी सामग्री

**क) भेषभूषा :** लहङ्गा, गुन्यु, चोलो, धोती, सारी (महिलाका भेषभूषा), धोती, सुरुवाल, कमिज, लँगौटी, फेटा, पटुका, टोपी, कच्छा आदि (पुरुषका भेषभूषा) । यी वस्तुहरू पहिले पहिले स्थानीय स्तरमा तानमा बुनिन्थे । आजकल बजारबाट खरिद गरिन्छ ।

**ख) गरगहना :** कपर्ने दो, हम्पाल, खगालो, आठानी माला, बिज, ठुमरा (मगर जातिका महिलाका चाँदी र सुनबाट बनाइने गरगहना) । नथ्या, झिमल्या, टँच्या,

माला, सुट्या, ठोँस्या, टौँक, हँसुली, बाँक, पौँरी, फोँफी, गटैया आदि (थारू जातिका महिलाहरूका चाँदीबाट बनाइने गरगहना) । छन्दी, पहुँची, पछेला, सलोनी, बिन्दिया, हबेल, पन्जा, दसबन्ध, कुन्जिकेस, कर्धन, कटसरी (अवधी महिलाहरूको गरगहना) र ब्राह्मण, क्षेत्री, दशनामी, दलित आदि समुदायमा तिल्हरी, औँठी, पाइजेव, सिक्री, कानपासा, यार्लिङ, फुली, बाली, बुलाकी आदि गरगहना प्रचलित छन् ।

## ४.३.५ लोक प्रविधिसम्बन्धी सामग्री

यस क्षेत्रमा प्रचलित लोकप्रविधि र त्यससँग सम्बन्धित भौतिक सामग्रीहरूलाई निम्न बमोजिम देखाइएको छ ।

**क) माटाका भाँडा बनाउने प्रविधि :** चक्र, पोल्ने भट्टी

**ख) काठका टेकाठेकी बनाउने प्रविविध :** भाँडी

**ग) गरगहना बनाउने प्रविधि :** पोल्ने भट्टी, हतौडा, लि (पिट्ने र पिट्ने ठाउँ)

**घ) कुट्ने पिस्ने, पोल्ने, मथ्ने प्रविधि :** ढिँकी (कुट्ने प्रविधि), घट्ट, जाँतो (पिस्ने प्रविधि) कोल (पेल्ने प्रविधि, मदानी, नेती (मथ्ने प्रविधि) ।

**ङ) आगो उत्पन्न गर्ने प्रविधि :** छट्के- झुलो (फलाम, पत्थर र आगो सल्किने रेसाजन्य वस्तु)

**च) रक्सी बनाउने प्रविधि :** गुम्रा, कसौँडी (भाँडाहरू)

**छ) नदी, ताल जलाशय तर्ने प्रविविध :** डुँगा, नाउ (काठबाट बनाइन्छ)

**ज) यातायात र ढुवानी साधन :** लह्रिया (दुईवटा गोरु व राँगाले तान्ने), टाँगा (एउटा घोडा वा खच्चरले तान्ने) ।

**झ) अल्लो, हेम्प कात्ने-बुन्ने प्रविधि :** चर्खा (काठबाट बनेको धागो कात्ने साधन), तान (कपडा बुन्ने काठबाट बनेको साधन) ।

यिनका अतिरिक्त डकर्मीले गारो लगाउँदा प्रयोग गर्ने कन्नी, घन्टी, घर छाउँदा प्रयोग गर्ने बाँसको सुइरो वा जोत्दा हलोलाई जुवासँग जोड्ने ‘नारा’ जस्ता वस्तुहरू पनि मूर्त सांस्कृतिक सम्पदामा आउँछन् ।

## ४.४ निष्कर्ष

परिच्छेद चारमा राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको परिचय दिइएको छ । यसका लागि विवेच्य क्षेत्रमा रहेका मूर्त सांस्कृतिक सम्पदाहरूलाई तीन भागमा राखिएको छ । पहिलो भागमा राप्ती क्षेत्रमा रहेका धार्मिक प्रतिष्ठान अन्तर्गत पर्ने मुख्य मठ, मन्दिर, गुम्बा, मस्जिद र थानहरू छन् । दोस्रो भागमा राप्ती क्षेत्रमा रहेका दरबार-क्षेत्र, दरबार, घर, किल्ला तथा पाटी पौवा आदि आवासीय सम्पदाहरू रहेका छन् । तेस्रो भागमा अन्य भौतिक सामग्रीहरू अन्तर्गत दैनिक जीवनमा प्रयोग गरिने भाँडाकुँडा तथा वस्तुहरू छन् ।

राप्ती क्षेत्र जातीय विविधता रहेको क्षेत्र हो । यस क्षेत्रमा दाङ-देउखुरी थारू जातिको आदि थलो हो । उत्तरको रोल्पा-रुकुमको उच्च पहाडी भाग मगर जातिको आदि थलो हो । त्यसैगरी सल्यान, प्युठान र दाङ क्षेत्र अन्य जातिको बसोबासका दृष्टिले महत्वपूर्ण छ । विवेच्य क्षेत्रमा बसोबास गर्ने सबै जातजाति, भाषाभाषीहरूका आ-आफ्नै धर्म, संस्कृति छन् । यस परिच्छेदमा राप्ती क्षेत्रमा बसोबास गर्ने सबै समुदायका धार्मिक प्रतिष्ठान अन्तर्गत आउने मुख्य मठ-मन्दिर, गुम्बा, थान आदि जस्ता मूर्त सांस्कृतिक सम्पदाहरूको सङ्क्षिप्त परिचय दिइएको छ । परिचय दिँदा ती सम्पदाहरूको अवस्थिति, ऐतिहासिकता र ती स्थलहरूमा परम्परागत रूपमा प्रचलित आनुष्ठानिक प्रचलन बारे जानकारी दिइएको छ ।

राप्ती क्षेत्रमा पूर्वमध्यकालदेखि नै ठूला-साना राज्य निर्माण र सञ्चालन गरेका विषयमा जानकारी पाइन्छ । मध्यकालमा यस क्षेत्रमा दर्जनौं राजाहरू रहेका थिए । राज्य सञ्चालन गर्नका लागि राजा, राजपरिवार एवम् राज्य सञ्चालनका सहयोगीहरूको आवासको लागि दरबार र राज्यको सुरक्षाको लागि गढी एवम् किल्लाहरूको आवश्यकता पर्नु स्वाभाविक हो । यसै कारण यस क्षेत्रमा निकै धेरै दरबार र किल्लाहरू रहेको जानकारी पाइन्छ । यस परिच्छेदमा विवेच्य क्षेत्रमा रहेका मुख्य दरबार क्षेत्र र किल्लाहरूको बारेमा सङ्क्षिप्त जानकारी दिइएको छ । यसरी जानकारी दिँदा दरबार क्षेत्र रहेको अवस्थिति, ऐतिहासिकता र त्यहाँ रहेका भौतिक संरचनाको जानकारी दिइएको छ । विवेच्य क्षेत्रमा रहेका दरबार, दरबार क्षेत्र र किल्लाहरूको अध्ययन गर्दा यस्ता ऐतिहासिक सम्पदाहरू हाल प्रायः नष्ट भइसकेको देखिन्छ । जेजति बाँकी छन् ती पनि जीर्ण र भग्नावशेषका रूपमा रहेको पाइन्छ । राप्ती क्षेत्रमा बसोबास गर्ने जनसामन्यहरूका बसोबास स्थल र जातीय

संस्कृतिका दृष्टिले भिन्न प्रकारका आवास प्रयोग गरिरहेको हुँदा डँगौँरा थारू घर, दुई पाखे घर, चारपाखे घर र माटोका छाना भएका घरहरूको बारेमा जानकारी दिइएको छ ।

यस परिच्छेदको अन्त्यमा, अन्य भौतिक सामग्रीहरूको जानकारी दिइएको छ । यस सन्दर्भमा दैनिक प्रयोगका भाँडाकुँडा, सङ्गीतसम्बन्धी वाद्ययन्त्र, खेतीपाती तथा पशुपालन सम्बन्धी सामग्री, पहिरन, गरगहना र लोकप्रविधिसम्बन्धी सामग्रीहरू बारे जानकारी दिइएको छ ।

# परिच्छेद पाँच

# राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाहरूको निर्माण शैली

## ५. बिषय परिचय

बासस्थान निर्माण शैली सम्बन्धी कला वास्तुकला हो भने । यसमा देवीदेवताहरू निवास गर्नेलाई मठ-मन्दिर भनियो भने राजा महाराजा तथा धनीमानीहरूले विशेष सुविधा र सुरक्षाको प्रबन्ध मिलाएर निर्माण गरेको बासस्थानलाई दरबार, महल वा इमारत भनियो । युद्धमा आफु शत्रुपक्षबाट सुरक्षित रही शत्रु पक्षलाई आक्रमण गर्न सकिने किसिमले निर्माण गरेको संरचनालाई गढी वा किल्लामा भनिन्छ । मठ-मन्दिर, गुम्बा, दरबार, किल्ला आदि सबैको युग र स्थान अनुसारको निर्माण शैली हुन्छ । यति मात्रै होइन जनसामान्यले आफ्नो सुरक्षाको लागि निर्माण गर्ने घरको पनि मौलिक वास्तुकला हुन्छ । यसमा भौगोलिक अवस्था र परम्परागत संस्कृतिले प्रभाव पारेको हुन्छ । यसलाई मन्दिर वास्तुकला, गुम्बा वास्तुकला, दरबार वास्तुकला, किल्ला वास्तुकला तथा जातीय आवास पाटी पौवा आदि निर्माण गर्ने कलालाई लौकिक वास्तुकला भनिन्छ ।

राप्ती क्षेत्र कला-वास्तुकलामा प्रयोग भएको निर्माण शैलीका दृष्टिष्ले महत्वपूर्ण क्षेत्र हो । यस क्षेत्रमा प्राचीन कालदेखि नै मठ-मन्दिर, दरबार, किल्लाहरू निर्माण हुन थालेको जानकारी पाइए पनि हाल तिनीहरू उपलब्ध हुँदैनन् । अहिले उपलब्ध हुने मठ-मन्दिर, गुम्बा दरबारमध्ये धेरैजसो मध्यकालीन हुन भन्ने जानकारी पाइन्छ । राप्ती क्षेत्रमा उपलब्ध हुने निर्माण शैलीका वास्तुकलामा पनि धार्मिक तत्वले महत्वपूर्ण भूमिका खेलेको छ । नेपाली निर्माण शैलीमा माटो, ढुङ्गा, काठ, धातु आदिले मुख्य भूमिका खेलेको हुन्छन् । राप्ती क्षेत्रको कला-वास्तुकला क्षेत्रमा मुख्य भूमिका खेल्ने मठमन्दिर वास्तुकला, गुम्बा वास्तुकला, छ्योरतेन वास्तुकला, दरबार-किल्ला वास्तुकला महत्वपूर्ण छन् । यसैगरी लौकिक वास्तुकलाको आफ्नै विशाल क्षेत्र छ । यसभित्र भेगीय तथा जातीय विशिष्टताको आधारमा प्रचलित वास्तुकलाको मौलिक प्रचलन पाइन्छ । यही पृष्ठभूमिमा राप्ती क्षेत्रको कला-वास्तुकला बारे जानकारी दिनु विवेच्य क्षेत्रमा रहेको धार्मिक क्षेत्रका मठ-मन्दिर, गुम्बा, मानिसका आवासीय सम्पदामा आउने दरबार, घर, पाटीपौवा तथा सुरक्षाको लागि निर्माण गरिने गढी-किल्ला जस्ता संरचनाहरू अध्ययन गर्नु जरुरी छ । अतः राप्ती क्षेत्रको कला-

वास्तुकला अध्ययन गर्दा राप्ती क्षेत्रका ऐतिहासिक धरोहरका रूपमा आउने मूर्त सांस्कृतिक सम्पदाहरूलाई मठ-मन्दिर वास्तुकला, छ्योरतेन-गुम्बा वास्तुकला, दरबार-किल्ला वास्तुकला र लौकिक वास्तुकला उपशीर्षकहरूमा राखेर विश्लेषण गरिएको छ ।

## ५.१ मठ-मन्दिर वास्तुकला

कला-वास्तुकलाका दृष्टिले मठ-मन्दिर महत्वपूर्ण सम्पदा हुन् । मन्दिर आफैमा वास्तुकलाको विशिष्ट मूर्त सम्पदा हो भने मन्दिर भित्र वा मन्दिर बाहिर प्रतिष्ठापन गराइएका देवीदेवताका मूर्ति तथा अन्य कलात्मक चित्रहरूले मठ-मन्दिरलाई थप अलङ्कृत तुल्याएका हुन्छन् । यहाँ राप्ती क्षेत्रका मठ-मन्दिरहरूलाई मुख्य तले शैली, शिखर शैली र गुम्बज शैलीमा वर्गीकृत गरी तिनलाई कला-वास्तुकलाका दृष्टिले विश्लेषण गरिएको छ ।

### ५.१.१ तले शैलीका सम्पदा

तले शैलीलाई प्यागोडा शैली पनि भन्छन् तर यो विशुद्ध नेपाली शैली हो । श्लसरले यसलाई नेवार शैली भनेको पाइन्छ (क्षेत्री र रायमाझी, २०५६, पृ. १९५) । कसैले यसलाई बहुछाने शैली भन्छन् । टुँडाल र तोरणहरूको प्रयोग तले शैली मन्दिरको मौलिक विशेषता हो । तले शैलीका मन्दिर पनि शुद्ध तले शैली र तले शैलीभित्र गुम्बज, मुगल अथवा शिखर शैलीका विशेषता मिश्रण गरिएका तले शैलीका अवस्थाहरू देखिन्छ । यहाँ राप्ती क्षेत्रमा पाइएका निम्न बमोजिम तले शैलीका मुख्य मठ-मन्दिरहरूको निर्माण शैली विश्लेषण गरिएको छ ।

#### ५.१.१.१ अम्बिकेश्वरी मन्दिर, अम्बापुर, दाङ

अम्बिकेश्वरी मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १८ अम्बापुर दाङमा रहेको छ । यो मन्दिर उत्पत्तिको तिथिमिति निश्चित गर्ने तथ्य उपलब्ध हुँदैन । तर, स्थानीयवासीहरूले यो मन्दिर परापूर्व कालमा स्थापना भएको विश्वास गर्छन् । प्रामाणित तथ्यलाई आधार मान्ने हो भने यस मन्दिरको ऐतिहासिकता २५० वर्ष अघिसम्म लग्न सकिन्छ । जे भए पनि अम्बिकेश्वरी मन्दिर राप्ती क्षेत्रको प्रसिद्ध तले शैलीको मन्दिर हो ।

यो मन्दिर पहिले आरम्भमा काठ, खरले निर्माण गरिएको छाप्रोको रूपमा रहेकोमा पछि इँटालाई सुर्कीले जोडेको गारो र झिंगटीको छाना भएको बनाइएको थियो । त्यो संरचना पनि जीर्ण भएपछि वि.सं. २०३२ सालमा प्रदक्षिणापथ सहितको तले शैलीको मन्दिर

बनाइएको थियो । यसको गारो इँटामा सुर्की प्रयोग गरी निर्माण गरिएको थियो । यसमा तामाको छाना भएको, तीन तले र तीनवटा प्रवेशद्वार थिए । यो संरचना पनि जीर्ण भएपछि वि.सं. २०७६ सालमा पुरातत्व विभागद्वारा नयाँ संरचना निर्माण भएको छ ।

यो संरचना निर्मार्णमा तले शैलीको पुरानो प्रविधि प्रयोग गरिएको छ । हालको अम्बिकेश्वरी मन्दिरलाई चारवटा पेटीहरूको आधार भागमाथि निर्माण गरिएको छ । पूर्व, पश्चिम र उत्तरतिर प्रवेशद्वारहरू रहेका छन् । यसमा ८ वटा सिँढीहरू निर्माण गरिएको छ । मन्दिरको लम्बाइ २७.४ फिट, चौडाइ २३ फिट र उचाइ लगभग २७ फिट रहेको छ । मन्दिरको गर्भगृहको मध्यभागमा ३ फिट उचाइ तथा १० फिट बाहिरी गोलाई भएको सिङ्गमरभर लगाइएको भाग रातो कपडा र कपडाको तल तामाको पाताले ढाकिएको छ । यस मन्दिरमा यही सागरलाई पूजा गर्ने प्रचलन छ । गर्भगृहमा १.२ फिट लम्बाइ र १ फिट उचाइका सिंह र सिंहिनीका पित्तलका मूर्तिहरू स्थापित छन् । यी मूर्तिहरू पित्तलको आसनमा चारवटा खुट्टाले टेकेर उभिएको अवस्थामा छन् भने दुवैले मुख बाएर जिब्रो निकालेको देखिन्छ । यसको वरिपरि प्रदक्षिणापथको व्यवस्था गरिएको छ । यसका लागि काठका १२ वटा खम्बाहरू प्रयोग गरिएका छन् । प्रदक्षिणापथ ३ फिटदेखि ५ फिटसम्मको चौडाइ रहेको छ । प्रदक्षिणापथ माथिको छाना र त्यसभन्दा पनि माथिका तलाका छाना अड्याउनको लागि बीस-बीस वटा कलात्मक अष्टमातृका अङ्कित टुँडालहरूको प्रयोग गरिएको छ ।

यस मन्दिरमा चुना सुर्की प्रयोग गरी इँटाको गारो लगाइएको छ । गारोको बाहिर दाचेपा र भित्र मापाको प्रयोग गरिएको छ । यस मन्दिरको पहिलो तलामा १२ वटा र दोस्रो तलामा ४ वटा कलात्मक आँखीझ्यालहरू राखिएका छन् । यसमा पित्तलको छाना र छानाको मध्यभागमा एउटा सुनौलो गजुर रहेको छ ।

अम्बिकेश्वरी मन्दिरमा तले शैलीकै विशेषता अनुरूप आधार पेटीमाथि मन्दिर निर्मित देखिन्छ । तर, प्रायः तला अनुसारको आधार पेटी रहने प्रचलन भने छोडेको देखिन्छ । यस मन्दिरमा दुईवटा वा चारवटा प्रवेशद्वार राख्ने प्रचलन अनुसार नभई तीनवटा प्रवेशद्वार राखिएको छ । यस मन्दिरमा पनि तीन तहका छानाको तल्लो भागमा तोरणको प्रयोग गरेको पाइन्छ । कलात्मक टुँडाल, कलात्मक ढोका र आँखीझ्यालको प्रयोगले अम्बिकेश्वरी मन्दिर राप्ती क्षेत्रको तले शैलीको आकर्षक मन्दिरको रूपमा चिनिन्छ ।

अम्बिकेश्वरी मन्दिर परिसरमा अन्य मन्दिर तथा धार्मिक संरचनाहरू पनि स्थापना गरिएका छन् । तीमध्ये धनेश्वर महादेव मन्दिर, नन्देश्वर शिव मन्दिर, गणेश मन्दिर, सरस्वती मन्दिर, रामजानकी मन्दिर, राधाकृष्ण मन्दिर, सूर्य स्तम्भ, कालिकादेवी थान र यज्ञमण्डप महत्वपूर्ण छन् ।

### ५.१.१.२ कान्छा बराह थान (मन्दिर), बराह क्षेत्र, दाङ

बराह क्षेत्र बाह्रकुने राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाको दृष्टिले महत्वपूर्ण स्थल हो । यो स्थल घोराही उपमहानगरपालिका वडा नं. १३ सेवारमा रहेको छ । यस स्थलमा रहेका मन्दिरहरूमध्ये तले शैलीको दृष्टिले कान्छा बराह मन्दिर सबैभन्दा महत्वपूर्ण छ ।

यो मन्दिर दुई तहको इँटा-सिमेन्टको आधार पेटीमा निर्माण गरिएको छ । यस मन्दिरको लम्बाइ-चौडाइ २१.९ फिट र उचाइ करीब २६ फिट रहेको छ । यसमा ५.५ फिट चौडाइ रहेको प्रदक्षिणा पथको व्यवस्था छ । मन्दिर वरिपरि प्रदक्षिणापथ निर्माण गर्न १२ वटा सिमेन्ट स्तम्भहरूको प्रयोग गरिएको छ । वर्गाकार प्रदक्षिणापथलाई चारैतिर फलामको रेलिङले घेरिएको छ । रेलिङ माथि बत्ती बाल्नका लागि प्रयोग गरिने तेलीय पालाहरू राखिएको छ । प्रदक्षिणापथको माथि पर्ने गरी १६ वटा ठूला ठूला घण्टहरू झुण्ड्याइएको छ ।

कान्छा बराह मन्दिरको गारो इँटा र सिमेन्ट प्रयोग गरेर निर्माण गरिएको छ । यसमा चारै दिशामा कलात्मक चौकोस प्रयोग गरिएका प्रवेशद्वार छन् । यसको मुख्य प्रवेशद्वार पूर्वतिर फर्केको छ । यसको पहिलो तला, दोस्रो र तेस्रो तलामा झ्याल राखिएको छ । दोस्रो तलामा चारै दिशामा १.५ फिट चौडाइ र २ फिट लम्बाइका सिमेन्टका आँखीझ्याल राखिएका छन् । सबैभन्दा माथिको तलामा पनि चारैदिशामा लगभग आधा फिट लम्बाइ-चौडाइ भएका एक-एकवटा सिमेन्टका झ्याल राखिएका छन् । यसमा सिमेन्टबाट तीन तले छाना निर्माण गरिएको छ । तेस्रो तलाको छाना माथिको बीच भागमा त्रिशूल सहित गजुर राखिएको छ । यस मन्दिरको मूलद्वारको प्रदक्षिणापथ बाहिर धूपौरो राखिएको छ । मन्दिरको गर्भगृहको मध्यभागमा २ फिटको स्तम्भ उठाएर त्यसमाथि अनेक आकृतिका शिलाहरू राखिएको छ । यही स्तम्भ माथि राखिएका शिला, अन्य वस्तु तथा चित्रहरू नै यहाँ धार्मिक महत्वका सामग्री हुन् । यसै स्तम्भ माथि पर्ने गरी अनेक तौलका घण्टहरू झुण्ड्याइएका छन् । यी घण्टहरू भक्तजनहरूले भाकल गर्ने क्रममा झुण्ड्याउने र भाकल

पूर्ण भएपछि घण्टको साथ बाँधेको ढुङ्गा फालेर भैँडा वा कुखुराको भालेको बलि दिने प्रचलन छ ।

यस मन्दिरमा प्रायः आधार पेटीको आधारमा मन्दिरको तला सङ्ख्या निर्माण गरिने प्रचलनलाई अनुशरण गरिएको छैन । आधार पेटी दुई तहको छ र मन्दिर तीन तले छ । यस मन्दिरमा तोरणको प्रयोग गरिएको छैन । यो मन्दिर चतुष्कोणाकारमा निर्माण गरिएको छ । अलङ्कृत ढोकाहरू र आँखीझ्याल प्रयोग गर्ने तले शैलीको विशेषतालाई यस मन्दिरमा अनुशरण गरिए पनि सिमेन्टका आँखीझ्यालले मन्दिरको सुन्दरतालाई क्षति तुल्याएको छ ।

यस स्थलमा विष्णु बराह मन्दिर, रानी बजु थान, गणेश मन्दिर, ताल बाराही देवी, बलि मन्दिर आदि धेरै धार्मिक संरचना रहेका छन् । तीमध्ये तले शैलीका दृष्टिले विष्णु बराह मन्दिर र रानी बजु थान महत्वपूर्ण छन् । यहाँ यी दुवैको बेग्ला बेग्लै विश्लेषण गरिएको छ ।

**(क) विष्णु बराह मन्दिर**

विष्णु बराह मन्दिर इँटा र सिमेन्टको एक तहको आधार पेटीमा निर्माण गरिएको छ । यस मन्दिरमा प्रदक्षिणापथ निर्माण गरिएको छैन । यस मन्दिरको लम्बाइ चौडाइ १२.५ फिट र उचाइ लगभग १६ फिट रहेको छ । गर्भगृहमा लगभग ५.५ फिट अग्लो बराहको उभिएको मूर्ति स्थापना गरिएको छ ।

यस मन्दिरमा इँटा सिमेन्टको गारो लगाइएको छ । उत्तराभिमुख एउटा मात्रै द्वार छ । यसको द्वारमा फलामको च्यानल प्रयोग गरिएको छ । यसमा तल्लो तलामा पूर्व, पश्चिम र दक्षिण दिशामा २ फिट लम्बाइ र १.५ फिट चौडाइका काठका सामान्य झ्यालहरू राखिएको छ । सिमेन्टको तीन तला रहेको मन्दिरको माथिल्लो तलामा चारै दिशामा लम्बाइ-चौडाइ १ फिट भएका सिमेन्टका आँखीझ्यालहरू राखिएको छ । मन्दिरको माथिल्लो भागमा सिमेन्टको एउटा गजुर राखिएको छ । यसलाई सुनौला रङ्गले रङ्गाइएको छ ।

**(ख) रानी बजु थान**

रानी बजु थान पनि बराह क्षेत्रको महत्वपूर्ण तले शैलीको मन्दिर हो । यो मन्दिर इँटा-सिमेन्टको दुई तहको आधार पेटीमा निर्माण गरिएको छ । यसमा २.५ फिट चौडा प्रदक्षिणापथ रहेको छ । प्रदक्षिणापथ निर्माण गर्न ९ वटा सिमेन्टका स्तम्भहरूको प्रयोग

गरिएको छ । तिनैमाथि छानोको भाग अडेको छ । प्रदक्षिणापथलाई फलामको ग्रिलले घेरेको छ । मन्दिरभित्रको गर्भगृहमा दक्षिण तर्फको भित्तामा जोडेर ३ फिट लम्बाइ, १ फिट चौडाइ र १.५ फिट अग्लो इँटाको आधार स्तम्भ उठाइएको छ । त्यसमाथि प्रस्तर मूर्ति भन्न सकिने आकारको शिला स्थापना गरिएको छ ।

यस मन्दिरमा इँटा र सिमेन्टको गारो लगाइएको छ । यसमा उत्तरतिर फर्केको एउटा प्रवेशद्वार छ । प्रवेशद्वरमा फलामको च्यानल प्रयोग गरिएको छ । यो मन्दिरमा सिमेन्टका तीन तला छन् । मन्दिरको दोश्रो र तेश्रो तलामा चारै दिशामा सिमेन्टका आँखीझ्यालहरू छन् । मन्दिरको माथिल्लो भागमा एउटा गजुर रहेको छ ।

रानी बजु मन्दिर र विष्णु बराह मन्दिरको बीचमा १०.५ फिट अग्लो काठको स्तम्भ गाडिएको छ । यस स्तम्भको माथिको भागमा काठहरू जोडेर त्रिशूल बनाइएको छ । त्रिशूल बनाइएको भागभन्दा केही तल एउटा काठ तेर्सो पारेर जोडिएको छ र यस काठका दुवैतिर एक एकवटा घण्ट झुण्ड्याइएको छ । बराह क्षेत्र स्थलमा कान्छा बराहा, विष्णु बराह र रानी बजु थान मन्दिरहरू क्रमशः पश्चिम, मध्य र पूर्वभागमा लहरै रहेका छन् ।

### ५.१.१.३ कालिका भगवती मन्दिर, खलङ्गा, रुकुम

यो मन्दिर मुसीकोट नगरपालिका वडा नं. १ खलङ्गामा रहेको छ । यो रुकुमको तले शैलीमा निर्मित महत्वपूर्ण मन्दिर हो । अठारौँ शताब्दीमा स्थापना भएको मानिने यस मन्दिरलाई बुढी कालिका र भोटे कालिका मन्दिर पनि भनेको पाइन्छ ।

आरम्भमा यो मन्दिर सानो आकारमा निर्माण गरिएको थियो । सो मन्दिर जीर्ण भएपछि वर्तमान संरचना निर्माण गरेको पाइन्छ । यो मन्दिर २ फिट अग्लो एक तले ढुङ्गा माटोको आधार पेटी उठाइ त्यस माथि मन्दिर निर्माण गरिएको छ । मन्दिरको अग्र भागमा रहेको फलामको सरियाद्वारा निर्मित प्रवेशद्वारबाट प्रदक्षिणापथमा जान सकिन्छ । प्रदक्षिणापथभित्र गर्भगृहमा जाने अर्को प्रवेशद्वार छ । अर्थात् यस मन्दिरमा गारो लगाएर प्रदक्षिणापथ बनाइएको छ । प्रदक्षिणापथलाई घेरोको बाहिरी भागमा १४.५ फिटको लम्बाइ-चौडाइ छ भने भित्री गारो देखिको भाग ११.५ फिट लम्बाइ-चौडाइ रहेको छ । यसको उचाई २० फिट छ ।

मन्दिरको गर्भगृहमा १.५ फिट अग्लो आकर्षक कालिकाको प्रस्तर मूर्ति स्थापना गरिएको छ । यसमा भगवतीका चार हात छन् भने शिरमा चुच्चे मुकुट, काँधसम्म आएको

कपाल, जिब्रो बाहिर निकालेको, घाँटीमा नरमुण्डमाला लगाएको, पाखुरा र नाडीमा गहना लगाएकी, शिरको पछाडि आगोको ज्वालायुक्त प्रभामण्डल रहेको छ । भगवतीको दायाँ खुट्टाले तलतिर सुतेको भैरवको शरीरलाई कुल्चेको छ । बायाँ खुट्टाले भैरवको घुँडालाई कुल्चेको छ । भैरवले घाँटीमा नरमुण्डमाला लगाएको, शिरमा मुकुट पहिरेको देखाइएको छ । कालिकाको मूर्ति फलकको दायाँ बायाँ सरस्वती, शिव, गणेश आदि देवताका मूर्तिहरू रहेका छन् ।

पेटी माथि ढुङ्गा र माटोको गारो लगाइ बाहिरी भागमा सिमेन्टको प्लास्टर गरिएको छ । मन्दिरको अग्रभागमा प्रवेशद्वारको दायाँ बायाँ फलामका सरियाका सरा राखिएका काठका दुईवटा झ्यालहरू छन् । माथिल्लो तलामा तल्लो तलाको जस्तै सानो झ्याल छ । मन्दिरको उत्तर, दक्षिणतिर पनि केही ठूला झ्यालहरू छन् । पश्चिमाभिमुख यस मन्दिरमा दुई तले ढुङ्गाको छाना रहेको छ । मन्दिरको माथिल्लो भागमा एउटा सुनौलो गजुर छ ।

मन्दिरको अगाडि ३ फिट अग्लो ढुङ्गाको चेप्टो फल्याक मौलाको रूपमा गाडिएको छ । यस मन्दिरको प्रदक्षिणापथ मौलिक प्रकारले निर्माण गरेको पाइन्छ । यो मन्दिर कलात्मकताका दृष्टिले कमजोर देखिन्छ । गर्भगृहमा स्थापित देवीको मूर्ति विशेष प्रकारको छ ।

### ५.१.१.४ कालिका भगवती मन्दिर, बिजवार, प्युठान

यो मन्दिर प्युठान नगरपालिका वडा नं. ४ बिजवार कालिका टोलमा अवस्थित छ । यो मन्दिर राप्ती क्षेत्रको महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा हो । वि.सं. १९१६ सम्मको ऐतिहासिक प्रमाण भेटिने यस मन्दिरको प्राचीनताका सन्दर्भमा कयौँ जनश्रुतिहरू पाइन्छन् । यो प्युठानको पुरानो र प्रसिद्ध तले शैलीको मन्दिर हो । माटोको गारो र ढुंगाको छानो भएको पुरानो मन्दिर जीर्ण भएपछि वि.सं. २०५० सालमा यो मन्दिर बनाइएको हो । यो मन्दिर एक तहको आधार पेटीमाथि निर्माण गरिएको छ । यसमा सिमेन्टका स्तम्भहरू राखेर माथिको भागलाई अड्याइएको छ । यस मन्दिरमा ४ फिट चौडाइ भएको वरिपरि प्रदक्षिणापथ निर्माण गरिएको छ । यो कालिका भगवती मन्दिरको लम्बाइ ११.५ फिट, चौडाइ ११ फिट र उचाइ करीब १६ फिट रहेको छ ।

मन्दिरको गर्भगृहमा कालो प्रस्तरको ४ वटा हात भएको, सिंहमा सवार गरेकी १.५ फिट अग्लो कालीको मूर्ति स्थापना गरिएको छ । मन्दिरको भित्तामा राखिएको शिलालेख

अनुसार यो मूर्ति वि.सं. २०६६ साल श्रावण २९ गते प्युठान पुण्यखोलाका भक्त वासुदेव पोखेलले स्थापना गरेको बुझिन्छ । यस मन्दिरमा इँटा र सिमेन्टबाट गारो निर्माण गरिएको छ । मन्दिरको दक्षिणमा काठको कलात्मक द्वार छ । यही द्वारको दुवैतिरको भित्तामा टाँसेर कालो प्रस्तरका हनुमानका मूर्ति स्थापित छन् । मूलद्वारको अगाडि दुवै खम्बाको छेउँमा द्वारपालका रूपमा पित्तलका उभिएका सिंहका मूर्तिहरू स्थापित छन् । त्यसै गरी सिँढी सकिनासाथ मूलद्वार अगाडि परिसरमा स्तम्भ माथि दाहिने पञ्जा उठाएको सिंहको उभिएको पित्तलको मूर्ति रहेको छ । मूर्तिको पदपीठमा सम्वत् १९९६ साल उल्लेख छ । यही स्तम्भको केही तल एउटा खोपा छ र खोपामा महिला भक्तको मूर्ति राखिएको छ । यस कालिका मन्दिरमा चारैतिर प्रदक्षिणापथ निर्माण गरिएको छ । मन्दिर परिसरमा प्रवेश गर्नको लागि दक्षिणतिर एउटा ढोका छ । यही द्वारको दाहिनेतिर कालो प्रस्तरको पुरानो ब्रह्माको मूर्ति स्थापित छ ।

यो मन्दिर जस्तापाताबाट छाइएको एक तले रहेको पाइन्छ । यसमा पुरानो मन्दिरका तोरण र कलात्मक टुँडालहरू प्रयोग गरिएका छन् । टुँडाल र तोरणहरूमा सिंह, वृक्ष, अप्सरा, लता आदिका चित्रहरू अङ्कित छन् । मन्दिरको शीर्षभागमा एउटा सुन्दर गजुर राखिएको छ ।

कलाकृतिका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने बिजवारको कालिका मन्दिर तले शैलीका मान्यताका दृष्टिले पनि महत्वपूर्ण देखिन्छ । यसमा एक तहको आधार पेटी माथि निर्मित मन्दिरलाई एक तले नै बनाइएको छ । यसका टुँडाल, तोरण र ढोकाको चौकसहरूमा अनेक चित्रहरूको अङ्कन हुनु पनि तले शैली सम्मत विषय हो । मन्दिर प्राङ्गणमा कलात्मक सिंहको मूर्ति स्थापित गरिनु र अलङ्कृत झ्याल ढोकाको प्रयोगले तले शैलीलाई थप सबल बनाएका छन् । अतः बिजवारको कालिका भगवती मन्दिर तले शैलीको सुन्दर उदाहरण हो ।

### ५.१.१.५ कालिका भगवती मन्दिर, (मसिना, दाङ)

यो मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १८ मसिनामा रहेको छ । जनश्रुति अनुसार कालिका भगवती मन्दिर झिङ्गटेकोटे राजाहरूले कच्ची इँटाको गारो र फुसको छाना भएको सामान्य संरचनामा स्थापना गरेका थिए । नेपालको एकीकरणमा यो राज्य विलय भएपछि मन्दिर संरक्षणको अभावले पानी चुहिएर मन्दिरको भित्ता भत्किएपछि पटुवारी

खुशलरामको अग्रसरतामा पक्की इँटाको गाह्रो र झिङ्गटीको छाना भएको तले शैलीको दुईतले मन्दिर बनेको थियो । मन्दिर माथिको छानामा सानो झिङ्गटी र तलको छानामा केही ठूलो झिङ्गटी प्रयोग गरिएको थियो । मन्दिरको छाना अड्याउनका लागि प्रयोग गरिएका टुँडालहरूमा कलात्मक सालभञ्जिका मुद्राका नमुनाहरू कुँदिएका थिए । यिनलाई काष्ठकलाका उत्कृष्ट नमुनाको रूपमा लिइन्थ्यो । यो मन्दिर पनि कालान्तरमा काठहरू मक्किएर जीर्ण भई पानी चुहिन थालेपछि स्थानीय माइकाथाने गोपाल शर्माले आफ्नो निजी खर्चमा पक्की ढलाइ गरी गुम्बज शैलीको मन्दिर निर्माण गरिदिएका थिए । यो मन्दिर पनि जीर्ण भएपछि वि.सं. २०७५ साल चैत्रमा पुरातत्व विभागले नेपाली शैलीको मन्दिर निर्माण गरेको हो । यस मन्दिरमा एक तहको आधार पेटीमाथि मन्दिर निर्माण गरिएको छ । मन्दिरमा १२ वटा काठका खम्बा राखी ४ फिट चौडाइ भएको प्रदक्षिणापथको व्यवस्था गरिएको छ । यस मन्दिरको लम्बाइ-चौडाइ १४.३×१४.३ फिट र उचाइ लगभग २५ फिट रहेको छ । मन्दिरमा काठको कलात्मक एउटा द्वार रहेको छ । मन्दिरको गर्भगृहको बिच भागमा एउटा ठूलो प्वाल रहेको छ, जो पहिले सुरुङको रूपमा रहेको थियो । त्यही सुरुङबाट अम्बिकेश्वरी भगवती मन्दिरसम्म जाने मार्ग थियो । त्यही मार्गबाट देवीका दिदीबहिनीहरू जाने आउने गर्थे भनिन्छ । त्यस प्वाललाई हेर्न हुँदैन भनी प्वाललाई ढाकेर प्वाल माथि सुन्दर १.५ फिट अग्लो श्वेत सिङ्गमरमरको कालिकाको मूर्ति राखिएको छ । गर्भगृहमा उत्तर पूर्वभागमा महाकालको कालो प्रस्तरको दुईहात भएको, मुण्डमाला र सर्पमाला लगाएको, धोती पहिरिएको सुन्दर मूर्ति रहेको छ । यो मूर्ति मन्दिरको उत्पत्तिसँगै यहाँ स्थापित भएको विश्वास पाइन्छ । मन्दिरको गर्भगृहमा गणेश र सूर्यको मूर्ति पनि स्थापित छन् । मन्दिरको माथिको तलामा चारै दिशामा एकएक वटा आँखी झ्यालहरू रहेका छन् । पूर्वाभिमुख यस मन्दिरको गाह्रो पक्की इँटाले बनेको छ भने छाना सादापाता प्रयोग गरी दुई तले बनाइएको छ । कालिका मन्दिर राप्ती क्षेत्रको तले शैलीको सुन्दर उदाहरणको रूपमा लिइन्छ । यस स्थलमा कालिका मन्दिरको अतिरिक्त गणेश मन्दिर र शिवालय पनि नेपाली शैलीमा निर्माण गरिएका छन् । यहाँ यिनको सङ्क्षिप्त परिचय दिइएको छ ।

**क) गणेश मन्दिर**

कालिका भगवती मन्दिरको पूर्वतर्फ तले शैलीको गणेशको मन्दिर रहेको छ । यस मन्दिरमा चारवटा स्तम्भ राखी ३ फिट चौडा प्रदक्षिणापथको व्यवस्था गरिएको छ । मन्दिर वरिपरि तेलीय बत्ती बाल्न फलामका पालाहरू राखिएको छ । मन्दिरको गर्भगृहमा कालो

प्रस्तरको १.५ फिट अग्लो गणेशको चार हात भएको मूर्ति स्थापना गरिएको छ । पश्चिमाभिमुख यस मन्दिरमा काठको सामान्य एउटा द्वार रहेको छ । यसमा सिमेन्टको दुई तले छाना निर्माण गरिएको छ भने मन्दिरको माथिल्लो भागमा त्रिशूलसहितको एउटा सुनौलो गजुर रहेको छ । विभिन्न दाताहरूको सहयोगमा वि.सं. २०७० सालमा निर्माण गरिएको यो गणेश मन्दिर सुन्दर छ ।

**ख) शिवालय**

गणेश मन्दिरको पूर्व-उत्तर भागमा शिवालय रहेको छ । प्रदक्षिणापथविहिन यो मन्दिरको लम्बाइ, चौडाइ १२.५ फिट र उचाइ लगभग १५ फिट रहेको छ । एक तहको आधार पेटीमा सिमेन्ट र इँटाबाट निर्मित यस मन्दिरको गर्भगृहमा कालो प्रस्तरको जलहरीसहितको शिवलिङ्ग रहेको छ । यो मन्दिरको स्थापना वि.सं. २०७० सालमा घोराही-१८ मसिना निवासी ईश्वर, कृष्ण, कमल, बुद्धि, के.सी. ले आफ्ना बुवा, आमा जगत बहादुर के.सी. र आमा क्षमादेवी के.सी. को स्मृतिमा गरिएको कुरा मन्दिरमा राखिएको शिलालेखमा उल्लेख गरिएको छ । टिनको एक तले छानो भएको शिवालयको माथिल्लो भागमा काठको एउटा गजुर राखिएको छ ।

### ५.१.१.६ कालिका भगवती मन्दिर, लिबाङ, रोल्पा

कालिका भगवती मन्दिर रोल्पा नगरपालिका वडा नं. ४ लिबाङ बजारमा रहेको छ । यो राप्ती क्षेत्रको पुरानो तले शैलीको मन्दिर हो । यसको स्थापना समय आजभन्दा करीब ४०० वर्ष अघि भएको ठानिन्छ । यस मन्दिरको प्राचीनताका सन्दर्भमा अनेक जनश्रुतिहरू पाइन्छन् ।

यो मन्दिर २.५ फिट एउटा आधार पेटीमाथि निर्माण गरिएको छ । यसमा ३ फिट चौडाइ भएको प्रदक्षिणापथ निर्माण गरिएको छ । प्रदक्षिणापथ निर्माण गर्दा वरिपरि खम्बाहरूको प्रयोग गरिएको छ । यी खम्बाहरूले माथिको छानोलाई अड्याउने कार्य समेत गरेको छन् । यस मन्दिरको लम्बाइ-चौडाइ ९.५ फिट र करीब २० फिट जति उचाइ रहेको छ ।

मन्दिरको गर्भगृहमा कालो प्रस्तरको नरमुण्डमाला लगाएकी, चार हात भएकी, जिब्रो बाहिर निकालेकी, आँखा तरेकी, काली डर लाग्दी कालिकाको मूर्ति विराजमान गराइएको छ । यस मूर्तिको साथमा सिंहमा सवार भएका एउटा पित्तलको र अर्को माटोको मूर्ति

लस्करै राखिएको छ । पहिलेको संरचना जीर्ण भई भत्केपछि वि.सं. २०२५ सालमा निर्माण गरिएको यो मन्दिरमा माटो, ढुङ्गा र सिमेन्ट प्रयोग भएको छ । यो । मन्दिरमा पश्चिमतिर फर्केको मूल प्रवेशद्वार छ जो साधारण काठबाट निर्माण गरिएको छ ।

यस मन्दिरको छानो दुई तले स्लेटबाट निर्माण गरिएको छ । मन्दिरको दुवै तलामा झालर झुण्डाइएको छ । मन्दिरको सबैभन्दा माथि एउटा सुनौलो गजुर राखिएको छ । मन्दिरको अगाडितिर दुईवटा घण्ट झुण्ड्याइएको छ र सोमध्ये एउटामा वि.सं. २०३२ सालमा बालकुमार कक्षपतिले चढाएको अभिलेख अङ्कित छ भने अर्को कसले चढाएको हो जानकारी हुँदैन ।

लिबाङको कालिका मन्दिर तले शैलीको पुरानो उदाहरण हो । यसमा गर्भगृह आधार पेटीमाथि निर्माण गरिनु, प्रदक्षिणापथ निर्माण गरिनु, गर्भगृहमा विशिष्ट स्वरूपकी कालीको मूर्ति स्थापना गर्नु तथा मन्दिर वर्गाकार हुनु तले शैलीका मान्यताहरूको अनुशरण गर्नु हो । अतः यो मन्दिर नेपाली शैलीको वास्तुकला प्रस्तुत गर्न सफल रहेको छ ।

### ५.१.१.७ डिग्रे साईकुमारी भगवती मन्दिर, थर्पुडाँडा, रुकुम

यो मन्दिर मुसीकोट नगरपालिका थर्पुडाँडा रुकुममा रहेको छ । तले शैलीमा निर्मित यो मन्दिर राप्ती क्षेत्रको महत्वपूर्ण सम्पदा हो । यो मन्दिर कसैले द्वापरयुगमा त कसैले मध्यकालतिर स्थापना भएको भन्दछन् । यस मन्दिरमा रहेको एक घण्टमा वि.सं. १६४२ अङ्कित अभिलेख पाइएको छ । यस अभिलेखबाट यो मन्दिर १६ औं शताब्दीको आसपासमा स्थापना भएको देखिन्छ । मन्दिरको सुरुको संरचना काठको फल्याकको छाना र ढुङ्गाको गारोबाट निर्मित थियो । यसले देवीको मूर्तिलाई र गुफालाई मात्र ढाकेको थियो । यो मन्दिर जीर्ण भएपछि पूजापाठ गर्न असहज हुँदा मन्दिरको प्राचीन स्वरूपलाई परिवर्तन गरी केही फराकिलो बनाई नेपाली शैलीको ढुङ्गा, माटोको गारो र ढुङ्गाकै छानो रहेको मन्दिर वि.सं. २०२९ सालमा बनाइयो । वि.सं. २०३६ सालमा ढुङ्गाको छाना हटाइ पुनः काठकै छाना राखियो । वि.सं. २०४६ सम्म त्यसै मन्दिरबाट पूजा गरिँदै आए पनि वि.सं. २०४६ सालमा तत्कालीन खलङ्गा गा.वि.स. र साँख गा.वि.स., जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय, जि.वि.स., मालपोत कार्यालय, रुकुमका जनप्रतिनिधि, कर्मचारी तथा भक्तजनको सहयोगमा वर्तमान मन्दिर निर्माण गरिएको हो ।

साईकुमारी भगवती मन्दिर धेरै पटक जीर्णोद्धार गर्दै वर्तमान स्वरूपमा आएको पाइन्छ । यो मन्दिर दुईतहको आधार पेटीमा गुफालाई भित्र पारी अन्य तीनतिर गारो लगाई मन्दिर निर्माण गरिएको छ । नेपाली शैलीको यो मन्दिरमा तीनतिर ६ फिटको प्रदक्षिणापथ रहेको छ भने मन्दिरको गर्भगृहको लम्बाइ, चौडाइ १०.३ फिट र उचाइ लगभग २४ फिट रहेको छ । इँटा र सिमेन्टबाट निर्मित मन्दिरको गर्भगृहमा पादपीठ उठाई साईकुमारी भगवतीको प्रतीक पत्थरको शिला स्थापना गरिएको छ । साथै अन्य देवीदेवताहरूमा भगवती, गणेश, शिव, पार्वती, सरस्वतीका मूर्तिहरू रहेका छन् । पश्चिमाभिमुख यस मन्दिरमा काठको एउटा साधारण द्वार रहेको छ । मन्दिरको प्रदक्षिणापथको अग्रभाग २४ फिट रहेको छ । प्रदक्षिणापथलाई तिनतिर ग्रील राखी ग्रीलमाथि बत्ती बाल्नका लागि तेलीय पालाको व्यवस्था गरिएको छ । पित्तलको छाना भएको दुईतले यो मन्दिरको माथिल्लो भागमा एउटा पित्तलको गजुर रहेको छ । मन्दिरको गर्भगृह बाहिर प्रदक्षिणापथमा गर्भगृहको उत्तर र दक्षिण भागमा लक्ष्मी र सरस्वतीको सिमेन्टको मूर्ति रहेको छ । यस स्थलमा साईकुमारी मन्दिरका अतिरिक्त सिद्धबाबा मन्दिर र सत्यनारायण मन्दिर पनि तले शैलीमा निर्मित छन् ।

**क) सिद्धबाबा मन्दिर**

साईकुमारी भगवतीको मन्दिरभन्दा लगभग ६० मिटर पूर्व माथि पहरामा सिद्धबाबाको मन्दिर रहेको छ । भगवान् महादेवको रूपमा मानिने सिद्धबाबाको स्थापना तथा पूजा आराधनाको सुरुवात साईकुमारी भगवतीसँगै भएको मानिन्छ । भगवतीसँगै ओलपिएको मानिने सिद्धबाबाको स्थापना तथा पूजा पहिलेदेखि नै गरिँदै आए तापनि पहिले मन्दिर निर्माण गरिएको थिएन । खुला आकाशमुनि ढुङ्गाको शिला राखी पूजा गरिन्थ्यो । वर्तमान सिद्धबाबाको मन्दिर वि.सं. २०६५ सालमा निर्माण गरिएको हो । प्रदक्षिणापथविहीन यस मन्दिरको लम्बाइ, चौडाइ ६.५ फिट, उचाइ लगभग १० फिट रहेको छ । पूर्वाभिमुख यस मन्दिरमा एउटा ग्रीलको ढोका छ र मन्दिरको उत्तर-दक्षिणातिर एकएक वटा ग्रीलका झ्याल छन् । जस्तापाताको छाना रहेको नेपाली शैलीको यस मन्दिरको माथिल्लो भागमा फलामको त्रिशूल राखिएको छ र गजुर छैन ।

**ख) सत्यनारायण मन्दिर**

साईकुमारी भगवती मन्दिरदेखि करीब २५ मिटर पूर्वमा अवस्थित सत्यनारायण मन्दिर नेपाली शैलीमा निर्मित छ । ढुङ्गा, माटाको गारोबाट बनेको मन्दिरको गर्भगृहको लम्बाइ, चौडाइ ११ फिट र उचाइ करीब १६ फिट रहेको छ । एकतले, प्रदक्षिणापथ विनाको यस मन्दिरको गर्भगृहमा भगवान् नारायणको मूर्ति स्थापना गरिएको छ । उत्तराभिमुख मन्दिरको छाना जस्तापाताको छ भने छानामाथि त्रिशूलसहितको पित्तलको एउटा गजुर रहेको छ ।

**५.१.१.८ पाटेश्वरी भगवती मन्दिर, चौघेरा, दाङ**

यो मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १७ स्थित गोरक्षपात्रदेवता श्रीसिद्धरत्ननाथ मठ परिसरमा रहेको छ । यस मन्दिरको इतिहास सिद्धरत्ननाथ मठ जत्तिकै प्राचीन छ । लगभग १३०० वर्षभन्दा बढीको इतिहास बोकेको यस मन्दिरको सम्बन्ध देवीपाटन (भारत) स्थित पाटेश्वरी मन्दिरसँग रहेको छ । पाटेश्वरी मन्दिरको स्थापना सिद्धरत्ननाथबाट भएको भन्ने विश्वास । यस अघि सिद्धरत्ननाथ मन्दिरदेखि दक्षिणमा पाटेश्वरीको इँटा र सिमेन्ट प्रयोग गरी निर्माण गरिएको सामान्य मन्दिर थियो । पछि वि.सं. २०७६ सालमा पुरातत्व विभागबाट सिद्धरत्ननाथ मन्दिर पुनर्निर्माण गर्ने क्रममा सिद्धरत्ननाथ मन्दिरको दक्षिणमा नजिकै तले शैलीको कलात्मक मन्दिर निर्माण सुरु भई वि.सं. २०७९ सालमा सम्पन्न भएको थियो ।

नवनिर्मित पाटेश्वरी मन्दिर सिद्धरत्ननाथ मन्दिरकै समीपमा ४.५ फिटको आधार पेटी माथि इँटा र चुना सुर्कीको प्रयोग गरी निर्माण भएको छ । यस मन्दिरको लम्बाइ-चौडाइ ८ फिट र उचाइ लगभग २० फिट रहेको छ । मन्दिरमा काठको कलात्मक चौकोस सहित कलात्मक प्रवेशद्वार पश्चिम तर्फ राखिएको छ । प्रवेशद्वारमा जानका लागि आधा फिटको एउटा सिँढी चढ्नुपर्छ । यस मन्दिरमा प्रदक्षिणापथको व्यवस्था गरिएको छैन । गर्भगृहमा पाटेश्वरी देवीको मूर्ति स्थापना गरिएको छ ।

यस मन्दिरको बाहिरी भित्ताको चारै कुनामा ८ फिटका काठका स्तम्भ राखिएको छ । ती स्तम्भहरू माथि ८ फिटका काठहरू तेर्सो पारेर राखिएको छ । यस मन्दिरमा पूर्व, उत्तर र दक्षिण दिशामा एक-एक वटा झ्यालहरू राखिएका छन् । यस मन्दिरमा फलामको सादा पाताबाट दुईतले छाना निर्माण गरिएको छ । छानाका दुवै तला अडाउनको लागि दुवै

तलामा काठका टुँडालहरू प्रयोग गरिएको छ । मन्दिरको शीर्षभागमा आधा फिट जति अग्लो पादपीठ उठाएर त्यसमाथि पित्तलको कलात्मक गजुर राखिएको छ ।

पाटेश्वरी मन्दिर तले शैलीको सुन्दर नमुना हो । यसमा मन्दिर निर्माणका लागि आधार पेटीको निर्माण गरिनु, मन्दिरको शीर्ष भागमा कलात्मक गजुर प्रयोग गरिनु, दुई तले छानो र छानो अड्याउन टुँडालको प्रयोग गरिनु तले शैलीका मूल विशेषता हुन् । तर, मन्दिरमा प्रदक्षिणापथको व्यवस्था गरिएको छैन । वर्गाकार हुनु पनि यस मन्दिरको शैलीगत विशिष्टता हो । अतः पाटेश्वरी मन्दिर राप्ती क्षेत्रको तले शैलीको उत्तम नमुना हो ।

### ५.१.१.९ पाण्डवेश्वर शिवालय, धारापानी, दाङ

यो मन्दिर घोराही उपमहानगरपालिका वडा नं. ५ धारापानीमा रहेको छ । पाण्डवेश्वर शिवालय यस क्षेत्रको प्रमुख सम्पदा हो । यो शिवालय यस मन्दिर परिसरको मध्य भागमा अवस्थित छ । शिवालयको चारैतिर अन्य देवीदेवताका मन्दिरहरू रहेका छन् । शिव पाञ्चायन मन्दिरको रूपमा यो शिवालय परिसरलाई विकास गरिएको छ । शिवालय भएको स्थानमा पहिले साजको रुख र ज्योतिर्लिङ्गलाई भित्र पारेर चारैतिर काठका झिँजाहरूले बेरेर फुसको छाना भएको सानो छाप्रो बनाई थानको रूपमा स्थापना गरिएको थियो । पछि शिवभक्तहरूको सहयोगमा ढुङ्गा, माटोको गाह्रो लगाई फुसको छाना राखी मन्दिर निर्माण गरिएको थियो । यो मन्दिर जीर्ण हुँदै गएपछि शिवका परमभक्त बाल ब्रह्मचारी सन्यासी लक्ष्मीकान्त अधिकारीको अथक प्रयास, भक्तहरूको सहयोग र व्यवस्थापन समितिको प्रयासले गर्दा वि.सं. २०५३ सालमा वर्तमान मन्दिरको निर्माण गरिएको थियो । यो मन्दिर १३.४ फिट लम्बाइ-चौडाइ र लगभग ३६ फिट उचाइ छ । मन्दिर इँटा र सिमेन्टको बहुतहको आधार पेटी माथि निर्मित छ । मन्दिरमा ९ वटा इँटा र सिमेन्टका स्तम्भ राखी ६.५ फिटको प्रदक्षिणापथको व्यवस्था गरिएको छ । मन्दिरको गर्भगृहमा ४ फिट लम्बाइ, चौडाइ भएको कालो प्रस्तरमा जलहरीसहितको कालो शिवलिङ्ग रहेको छ । शिवलिङ्गको वरिपरि विष्णु, पादुका, बाघको आँखा, नाग, बगेको नदी र कालो प्रस्तरको एक छेउँमा जलकुण्ड रहेको छ । उक्त दिव्य शिवलिङ्गसहितको प्रस्तरहरू आजभन्दा ५००० वर्ष अगाडिको भएको अनुमान गरिन्छ (अधिकारी, २०७२, पृ. ४) । वि.सं. २०७५ सालमा गुरुवागाउँ निवासी तिलक अधिकारीद्वारा दिव्य शिवलिङ्ग भएको विशाल कालो प्रस्तरको दक्षिणतिर कालो प्रस्तरकै ९ इन्ची अग्लो भगवान् गणेश, शिव र विष्णुको प्रतिमा स्थापना गरिएको छ । मन्दिरको गर्भगृहको लम्बाइ, चौडाइ १३.४ फिट छ ।

मन्दिरको गारो इँटा सिमेन्टबाट बनेको छ । मन्दिरको माथिल्लो दुईतलाको छानालाई अड्याउनका लागि सिमेन्ट, छडको नै सादा टुँडाल राखिएका छन् । मन्दिरमा पूर्व, पश्चिम र उत्तर तीनतिर काठको साधारण प्रवेशद्वार भए पनि मुख्य प्रवेशद्वार भने पूर्वतिर रहेको छ । मन्दिरको दक्षिणतिर मन्दिरसँगै रहेको अलौकिक प्राचीन साजको रुखलाई पनि मन्दिरसँगै जोडेर ८ फिट चौडा गाह्रो लगाई चारैतिरबाट घेरिएको छ । मन्दिर बाहिर पश्चिमतिर २.५ फिट अग्लो प्रस्तरको स्तम्भमा बसेको कालो नन्दीको प्रतिमा रहेको छ । त्यसै गरी शिवालयको उत्तरतिर द्वारको ठिक अगाडि प्रदक्षिणापथमै सानो स्तम्भमाथि पनि कालो प्रस्तरकै सानो नन्दी रहेको छ । प्रदक्षिणापथको अगाडि बत्ती बाल्ने पालाहरूको व्यवस्था गरिएको छ । मन्दिरको माथिल्लो भागमा एउटा सुनौलो गजुर राखिएको छ ।

पाण्डवेश्वर शिवालय यस क्षेत्रको महत्वपूर्ण तले शैलीको मन्दिर हो । प्रदक्षिणापथको व्यवस्था, बहुप्रवेशद्वार तथा गजुरको व्यवस्थाले मन्दिर व्यवस्थित र शास्त्रसम्मत छ । तर, कलात्मकता दृष्टिले मूल मन्दिर कमजोर छ ।

यस मन्दिरको परिसरमा अन्य तले शैलीका मन्दिरहरू पनि रहेका छन् । तिनको सङ्क्षिप्त जानकारी निम्न बमोजिम दिइएको छ ।

**क) सूर्यनारायण मन्दिर**

शिवालयको पूर्व, उच्च स्थानमा नेपाली शैलीमा सूर्यनारायणको मन्दिर निर्मित छ । यो मन्दिर वि.सं. २०६६ सालमा लमही निवासी मीनप्रसाद खनाल तथा उनका परिवारले आफ्ना पूर्खाहरूको स्मृतिमा निर्माण गरी सूर्यदेवको प्रतिमा स्थापना गरिएको कुरा मन्दिरमा राखिएको शिलालेखबाट पनि प्रष्ट पारिएको छ । प्रदक्षिणापथविहीन यो मन्दिर पश्चिमाभिमुख रहेको छ । मन्दिरको प्रवेशद्वार साधारण काठबाट बनाइएको छ । सिमेन्ट र इँटाबाट निर्माण गरिएको यस मन्दिरको लम्बाइ-चौडाइ ८ फिट, उचाइ लगभग १५ फिट रहेको छ । दुईतले मन्दिरको माथिल्लो तलामा एउटा सुनौलो कलात्मक गजुर रहेको छ । मन्दिरको गर्भगृहको पूर्वतिरको भित्तामा जोडेर १ फिट अग्लो पित्तलको आलङ्कारिक सुन्दर प्रतिमा रहेको छ ।

**ख) गणेश मन्दिर**

शिवालयभन्दा केही दक्षिण उच्च भागमा तले शैलीको गणेश मन्दिर स्थापना गरिएको छ । शिवालयका पुजारी बाल ब्रह्मचारी लक्ष्मीकान्त अधिकारीले शिवालय

परिसरलाई शिव पाञ्चायनको रूपमा विकास गर्नका लागि मन्दिरको निर्माण कार्य सुरुवात गरेको पाइन्छ । पूर्वाभिमुख यस मन्दिरको प्रदक्षिणापथ रहेको छैन भने काठको एउटा साधारण द्वार रहेको छ । सिमेन्ट र इँटाबाट निर्मित यो मन्दिर दुई तलाको रहेको छ । मन्दिरको माथिल्लो भागमा सुनौलो गजुर रहेको छ ।

### ५.१.१.१० भद्रकाली मन्दिर, बयलडाँडा, सल्यान

भद्रकाली मन्दिर शारदा नगरपालिका वडा नं. ३ बयलडाँडामा अवस्थित छ । यो मन्दिर यस क्षेत्रको पुरानो मन्दिरको रूपमा चिनिन्छ । ऐतिहासिक तथ्य प्रमाण उपलब्ध नभए पनि यो मन्दिर मध्यकालीन हो भन्ने जनविश्वास छ । भद्रकाली भगवतीलाई सल्यानी राजाहरूले आफ्नो इष्टदेवीको रूपमा मान्ने र हालसम्म सल्यानी राजाका सन्तानहरूले मान्दै आएको पाइन्छ । यसबाट यो मन्दिर पुरानो हो भन्ने बुझ्न सकिन्छ ।

पहिले यो मन्दिर सामान्य थानको रूपमा रहेको थियो पछि वि.सं. २०२२ सालतिर आचार्य परिवारकी एक भक्तजन महिलाले जग्गा दान दिएपछि हालको स्थानमा स्थानीय हेमराज श्रेष्ठले सानो मन्दिर निर्माण गरिदिएको बुझिन्छ । यस मन्दिरमा एउटा सानो र सुन्दर सुनको मूर्ति थियो । वि.सं. २०३३ सालमा सो सुनको मूर्ति चोरी भएको थियो । यहाँका पुजारी दाङतिर बसाइ सरी गएपछि सो मूर्ति राखेको पेटारो पनि साथै लगेका थिए । पछि दाङको बेलुवामा यहाँबाट बसाइँ सरी गएका आचार्यहरू र शाह परिवारका सदस्यहरूले दाङको बेलुवामा सो पेटारो स्थापना गरी मन्दिर निर्माण गरेर पूजाको सुरुवात गरे । पछि वि.सं. २०६९ मा तत्कालीन सासंद राजेन्द्र बहादुर शाहको नेतृत्वमा वर्तमान मन्दिर निर्माण गरियो र वि.सं. २०७४ साल वैशाख ४ गतेदेखि बयलडाँडामा पुनः नित्य पूजा थालियो ।

भद्रकाली मन्दिर तले शैलीमा निर्मित छ । यो मन्दिर सिमेन्ट र इँटा प्रयोग गरी बनाइएको दुई तहको आधार पेटीमा निर्माण गरिएको छ । यो मन्दिर ८.५ फिट लम्बाइ-चौडाइ भएको वर्गाकार छ । यसको उचाई करीब २० फिट जति छ । मन्दिरमा खम्बाहरू राखी ४ फिटको प्रदक्षिणापथको निर्माण भएको छ । मन्दिरको गर्भगृहमा ६ वटा हात भएकी काँसको उभिएको अवस्थाको भद्रकालीको आकर्षक मूर्ति स्थापना गरिएको छ । देवीको टाउकोमा आकर्षक मुकुट र कानमा कुण्डल लगाएको छ । त्यसैगरी भद्रकाली देवीको दायाँ बायाँ उभिएका काँसकै सिंहका मूर्तिहरू छन् ।

इँटा र सिमेन्टबाट निर्माण गरिएको यस मन्दिरमा चारै दिशामा द्वारहरू रहेका छन् । मूल प्रवेशद्वार भने पूर्व दिशामा राखिएको छ । मन्दिरमा काठका प्रवेशद्वार छन् र दुई तले मन्दिरको छाना सिमेन्टकै बनाइएको छ । मन्दिरको माथिल्लो तलामा पनि झ्याल राखिएको छ । मन्दिरको माथिल्लो भागमा ५ वटा पित्तलका गजुरहरू राखिएको छ ।

यो सल्यानको तले शैलीको सुन्दर मन्दिर हो । दुई तहको आधार पेटीमा दुई तले मन्दिर बनाइनुले तले शैलीको अनुशरण गरेको देखिन्छ । प्रदक्षिणापथको निर्माण, कलात्मक देवीको मूर्ति र वाहनका रूपमा सिंह मूर्तिको स्थापनाले पनि तले शैलीको मन्दिरलाई थप बल दिएका छन् भने वर्गाकार र माथिल्लो भागमा ५ वटा गजुरको प्रयोगले यसलाई तले शैलीको सुन्दर नमुना बनाएका छन् ।

### ५.१.१.११ भुवनेश्वरी-पाटेश्वरी भगवती मन्दिर खैराबाङ, सल्यान

यो मन्दिर शारदा नगरपालिका वडा नं. ११ खैराबाङमा अवस्थित छ । यो राप्ती क्षेत्रको नेपाली शैलीको प्रसिद्ध मन्दिर हो । यो मन्दिर ११ तहको आधार पेटीमाथि निर्माण गरिएको छ । यसको लम्बाइ, चौडाइ १५ फिट छ भने उचाइ लगभग २४ फिट रहेको छ । तले शैलीको मन्दिरमा स्तम्भहरू राखी २.५ फिटको प्रदक्षिणापथ बनाइएको छ । प्रदक्षिणापथको चारैतिर भक्तहरूले चढाएका घण्टाहरू झुण्डाइएको छ । प्रदक्षिणापथलाई चारैतिर फलामको रेलिङले घेरिएको छ । प्रदक्षिणापथमा राखिएका स्तम्भहरूले मन्दिरको छानालाई अड्याएका छन् । हाल बनेको मन्दिर इँटा र सिमेन्ट प्रयोग गरी बनाइएको छ । मन्दिरको मुख्यद्वार पूर्वतर्फ फर्किएको छ भने अन्य सबै दिशामा द्वारहरू रहेका छन् । ती सबै द्वारहरू सामान्य काठका छन् । मन्दिरभित्र गर्भगृहको बिच भागमा गोलो तामाको वेदी छ । यही वेदीले माथिका प्वाललाई ढाकिएको छ । उक्त 'प्वाल' पुजारी बाहेक अन्यले हेर्नु हुँदैन भन्ने जनविश्वास रहेको छ । एकपटक एकजना व्यक्तिले प्वाल कुल्चिएको हुनाले उसको मृत्यु भएको थियो । प्वालमा सधैँ निलो पानी जमिरहन्थ्यो भन्ने भनाइ रहेको छ । वि.सं. २०४० सालमा तत्कालीन राजा वीरेन्द्र मध्यपश्चिम क्षेत्रको भ्रमणका क्रममा खैराबाङको दर्शन गर्न गएका समयमा जीर्णोद्धारका लागि एक लाख रुपियाँ दिएका थिए र यही रकमबाट वेदी बनाई प्वाल ढाकिएको थियो । वि.सं. २०४० सालदेखि अहिलेसम्म उक्त प्वाल खोलिएको छैन । गर्भगृहमा कालो पत्थरको चार हातयुक्त १.५ फिट अग्लो भगवतीको मूर्ति कपडाले छोपेको अवस्थामा स्थापना गरिएको छ ।

वर्तमान समयमा रहेको सिमेन्ट र इँटाबाट निर्माण गरिएको उक्त मन्दिर पहिले सामान्य खालको रहेको बुझिन्छ । वि.सं. २०४० सालमा तत्कालीन राजा वीरेन्द्र मध्यपश्चिमको भ्रमणका क्रममा खैराबाङ भगवतीको पूजा अर्चना गरी जीर्णोद्धार गर्न सहयोग गरेको कुरा मन्दिरको भित्तामा राखिएको ताम्रपत्रमा उल्लेख गरिएको छ । ताम्रपत्रमा उल्लेख भए अनुसार वि.सं. २०४२ असार ३१ गते मन्दिरको जीर्णोद्धार सम्पन्न भएको उल्लेख गरिएको छ । वर्तमान स्वरूप त्यहीँ जीर्णोद्धारको प्रतिफल हो । मन्दिर परिसरको मध्यभागमा भुवनेश्वरी-पाटेश्वरी भगवतीको मन्दिर रहेको छ । मन्दिरका चार कुनामा सूर्य, गणेश, ब्रह्मा, विष्णु, महेश्वर, महाकाली, महालक्ष्मी, महासरस्वतीका मूर्तिहरू रहेका छन् । भित्तामा आकर्षक मूर्तिहरू र घण्टहरू राखिएका छन् । यस मन्दिरको एक तले पित्तलको छानो छ भने छानो माथि मध्यभागमा एउटा पित्तलको गजुर राखिएको छ ।

भुवनेश्वरी मन्दिरको अतिरिक्त यस स्थलमा तले शैलीमा निर्मित सिद्धि विनायक गणेशको मन्दिर पनि रहेको छ । वि.सं. २०६९ सालमा सल्यान बजार निवासी टोप बहादुर शाक्य र रत्नकुमारी शाक्यले निर्माण गर्न लगाएको यो मन्दिर ६.५ फिट लम्बाइ-चौडाइ र १४ फिट जति उचाइएको छ । इँटा र सिमेन्टबाट निर्मित यस मन्दिरमा गर्भगृहमा चारवटा हात भएका गणेशको श्वेत प्रस्तरको मूर्ति स्थापित छ । यस मन्दिरमा पित्तलको गजुर राखिएको छ ।

### ५.१.१.१२ रतननाथ मन्दिर, फलाबाङ, सल्यान

यो मन्दिर त्रिवेणी गाउँपालिका वडा नं. ४ फलाबाङकोटमा अवस्थित छ । रतननाथ मन्दिर कला तथा वास्तुकलाको दृष्टिले ज्यादै महत्वपूर्ण छ । यो मन्दिरलाई मध्यकालीन वास्तुकलाको नमुनाको रूपमा लिइन्छ ।

रतननाथलाई गोरखनाथको चेलाको रूपमा लिइन्छ । यो मन्दिरको स्थापना कहिले, कुन समयमा, कसले स्थापना गरेको हो भन्ने सम्बन्धमा केही भन्न सकिँदैन । कसैले यो मन्दिर रतननाथले नै निर्माण गरेका हुन् भन्दछन् भने कसैले काला राजाले निर्माण गरेका हुन् भन्दछन् । यसको निर्माणको सम्बन्धमा अनेक जनश्रुति प्रचलनमा रहेको पाइन्छ । एउटा कथन अनुसार राजा काला सुल्तानले रतननाथसँग गोप्यरूपमा भेटेको र रतननाथको इच्छा अनुसार काला राजाले यो मन्दिर निर्माण गरेका थिए । अर्को कथनअनुसार रतननाथको आज्ञा अनुसार फलाबाङमा कोट, दरबार, रतननाथको मन्दिर निर्माण भएको विश्वास

गरिन्छ । यो मन्दिर पुरानो दरबारको समकालीन हुनसक्ने मानिन्छ । यस मन्दिरको पुरानो स्वरूप इँटा र माटोको गाह्रो भएको सानो तर कलात्मक थियो पछि वि.सं. २०३६ सालमा जिर्णोद्धार गर्ने क्रममा पुरानै स्वरूपमा तर केही ठूलो आकारमा पुरानो मन्दिरका कलात्मक काष्ठकलाका नमुनाहरूलाई पुनः प्रयोग गरी सिमेन्ट र इँटाबाट निर्माण गरिएको थियो (पुरातत्व विभाग, २०७२, पृ.४३) ।

पुरानो दरबार परिसरमा रहेको यो रतननाथ मन्दिर तले शैलीमा निर्माण गरिएको छ । डेढ फिट जतिको आधार पेटीमा निर्माण गरिएको यस मन्दिरको प्रवेशद्वारमा प्रवेश गर्न ६ वटा सिँढीहरू निर्मित छन् । बाहिरी गारोका रूपमा रहेका चारकोणका स्तम्भहरू र बिचका काष्ठ स्तम्भहरूबाट प्रदक्षिणापथ निर्माण गरिएको छ । मन्दिरको लम्बाइ, चौडाइ ४×४ मिटर रहेको छ भने उचाइ लगभग ६.४ मिटर रहेको छ । मन्दिर भित्रको गर्भगृहमा गुरु गोरखनाथ र रतननाथको योगासनमा बसेको मूर्ति रहेका छन् । त्यसैगरी देवी, गणेशको मूर्तिहरू पनि रहेका छन् । यी मूर्तिहरू करीब १०० वर्ष पुरानो मानिन्छन् । यो मन्दिर इँटा र सुर्कीको प्रयोगबाट बनेको छ । कला तथा वास्तुकलाले भरिपूर्ण रतननाथ मन्दिर निकै सुन्दर छ । यस मन्दिरमा प्रयोग गरिएको टुँडाल, थाम, झ्याल, ढोका, मेठ, निदाल आदि कलात्मक रहेका छन् । झिँगटीको दुईतले छाना रहेको यस मन्दिरमा एउटा पित्तलको गजुर राखिएको छ ।

मुकुटको रूपमा गजुरको प्रयोग गरिनु, आधारपेटीको निर्माण गरिनु, गर्भगृहसम्म पुग्न ढोका अगाडि सिँढीहरू निर्माण गरिनु र गर्भगृहलाई परिक्रमा गर्न प्रदक्षिणा मार्ग व्यवस्था गरिनु रतननाथ मन्दिरका मुख्य विशेषता हुन् । यस मन्दिरको अगाडि घण्ट झुण्ड्याउन करीब २ फिट अग्ला काठका स्तम्भ गाडेर त्यसमाथि तेर्सो काठ राखी घण्ट झुण्ड्याइएको छ ।

### ५.१.१.१३ राधाकृष्ण मन्दिर, दुधेना, दाङ

यो मन्दिर तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ दुधेना दाङमा रहेको छ । राधाकृष्णको मन्दिर नै यहाँको मूल मन्दिर हो । मन्दिर स्थापना भएको स्थानमा पहिले सानो कच्ची फुसको छाना भएको मन्दिर थियो । यसको समय वि.सं. २०२९ सालतिर मानिन्छ । यो मन्दिर जीर्ण भएपछि वि.सं. २०५० सालमा नयाँ मन्दिरको निर्माण गरियो । २०५० सालमा बनाइएको मन्दिर पनि जीर्ण भएपछि वि.सं. २०७४ सालमा वर्तमान मन्दिर निर्माण

गरियो । १.५ अग्लो १ तहको आधार पेटीमाथि सिमेन्ट र इँटाबाट निर्माण गरिएको यो मन्दिरको पहिलो तला ढलाइ गरिएको छ । यो मन्दिरको लम्बाइ २८ फिट र चौडाइ १२.५ फिट छ भने करीब ३४ फिट उचाइ छ ।

प्रदक्षिणापथविहीन यो मन्दिरको पूर्व, पश्चिम र उत्तरतिर लहरै फलामका बत्ती बाल्ने पालाहरू रहेका छन् । मन्दिरका तीनवटै द्वारहरू दक्षिण फर्केका छन् र तिनमा फलामका ग्रिल रहेका छन् । यस मन्दिरमा तीनवटा खण्डहरू छन् र तीनवटै खण्डहरूमा बेग्लाबेग्लै देवीदेवताका मूर्तिहरू स्थापित छन् । यस मन्दिरको पश्चिमतिरको खण्डको गर्भगृहमा राधाकृष्णको पूर्ण कदको ८.३ फिट अग्लो उभिएको मूर्ति रहेको छ । सिमेन्टबाट बनेको यो मूर्तिमा राधाकृष्ण दुवैले अलङ्कृत मुकुट पहिरिएका छन् भने कृष्णले बाँसुरी बजाइरहेका छन् । यो मूर्ति रङ्गीन छ र गरगहनाहरूको प्रयोग गरेको देखिन्छ । सुन्दर तथा आकर्षणयुक्त यो मूर्तिमा कृष्णको रङ नीलो छ भने राधाको प्रतिमा क्रिम रङको छ । इँटा र सिमेन्टबाट मन्दिरको गारो निर्माण भएको छ ।

मूल मन्दिरको मध्यखण्डको गर्भगृहमा सिद्धि भवानी भगवतीको रङ्गीन सिमेन्टको मूर्ति रहेको छ । कमल फूल आकृति पादपीठमाथि, बसेको चार हातयुक्त, मुकुट पहिरिएको, प्रभा मण्डल भएको रङ्गीन अलङ्कृत भगवतीको मूर्ति स्थापित छ । त्यसै गरी मन्दिरको पूर्वतिरको खण्डमा १ फिट अग्लो कालो शिवलिङ्ग स्थापित छ । जलहरीसहितको यो शिवलिङ्ग पनि सिमेन्टबाट नै बनाइएको छ । यस मन्दिरको बाहिर प्रत्येक खण्डको अगाडि मन्दिरतिर फर्केका वाहनहरूका प्रतिमा रहेका छन् । यी सबै वाहनहरू १.५ फिट अग्लो र ४ फिट लामो पाद पीठमाथि २.५ फिट अग्लो बसेको अवस्थाका प्रतिमाहरू रहेका छन् । राधाकृष्णको अगाडि गाई, भगवतीको अगाडि बाध र शिवालयको अगाडि बसाहको प्रतिमा रहेका छन् । यी सबै मूर्तिहरू भारत तुलसीपुर देवीपाटन निवासी स्वामी अद्वेतानन्दले निर्माण गरेका थिए ।

एक तले सिमेन्टको छाना रहेको यस मन्दिरमा छाना माथि गजुर राख्नका लागि लहरै ३ वटा दुई तले मन्दिर आकारका स्तम्भ उठाइएको छ । यिनीहरूमा बीच भागको स्तम्भ अन्य दुईवटा भन्दा अग्लो छ । यसमा राधाकृष्णको खण्डमाथि शङ्ख युक्त गजुर, भगवतीको खण्डमाथि चक्रयुक्त गजुर र शिवालयको खण्ड माथि त्रिशूल युक्त गजुर राखिएका छन् ।

यस स्थलमा राधाकृष्ण मन्दिरका अतिरिक्त गणेश मन्दिर र सूर्य मन्दिर पनि तले शैलीका छन् । यो मन्दिर तले शैलीको मन्दिर भए पनि यसमा प्रयोग गरिएको गजुर राख्ने शैली, छानाको शैली र एउटै मन्दिरमा तीन खण्ड विभाजन गरी भिन्न भिन्न देवीदेवता स्थापना गर्ने शैली मौलिक छ ।

**क) गणेश मन्दिर**

राधाकृष्ण मन्दिरको दक्षिण-पश्चिमतिर नेपाली शैलीको इँटा र सिमेन्टको गणेशको मन्दिर निर्माण गरिएको छ । यस मन्दिरको स्थापना वि.सं. २०६१ सालमा दाङ भमके निवासी देवराज उपाध्यायले स्व. धर्मपत्नी सम्बिका देवीको सम्झनामा निर्माण गरिएको कुरा मन्दिरमा रहेको शिलालेखमा उल्लेख गरिएको छ । प्रदक्षिणापथ नभएको यस मन्दिरको लम्बाइ चौडाइ १० फिट र उचाइ लगभग २५ फिट रहेको छ । पूर्वाभिमुख यस मन्दिरमा फलामको ग्रिल द्वारको रूपमा प्रयोग गरिएको छ । मन्दिरको गर्भगृहमा ४ फिट अग्लो पादपीठ माथि ४ फिट अग्लो, १.९ फिट अग्लो श्वेत सिङ्गमरमरको चार हातयुक्त पद्मासनमा बसेको, मुकुट पहिरेको सुन्दर गणेशको मूर्ति रहेको छ ।

**ख) सूर्यको मन्दिर**

मूल मन्दिरभन्दा पूर्व भागमा रहेको यो नेपाली शैलीको दुईतले सूर्यको मन्दिर राधाकृष्ण मन्दिरका संस्थापक तथा व्यवस्थापन समितिका अध्यक्ष रामलाल के.सी.ले आफ्ना स्व. बुबाआमा देवीराम के.सी. र नन्दकुमारी के.सी.को सम्झनामा वि.स. २०६०सालमा सूर्यको मूर्तिसहित निर्माण गरेको कुरा मन्दिरमा राखिएको शिलालेखमा उल्लेख गरिएको छ । यो मन्दिरमा १ फिटको आधार पेटमाथि ४ वटा स्तम्भ राखी ४.९ फिट चाक्लो प्रदक्षिणापथ रहेको छ । मन्दिरको लम्बाइ, चौडाइ ४.८ मिटर रहेको छ । यो लगभग २२ फिट अग्लो छ । दक्षिणाभिमुख मन्दिरमा एउटा ग्रिलको द्वार छ । मन्दिरको गर्भगृहमा पद्मासनमा बसेका चार बाहुयुक्त, मुकुट लगाएका, प्रभामण्डल भएको, आसनयुक्त सिङ्गमरमरको १.५ फिट अग्लो सूर्यको मूर्ति रहेको छ । मन्दिरको माथिल्लो भागमा सुनौलो गजुर राखिएको छ ।

**५.१.१.१४ रामेश्वर शिवालय, सिकुवाडाँडा खलङ्गा, प्युठान**

यो मन्दिर मल्लरानी गाउँपालिका वडा नं. ४ खलङ्गा सिकुवाडाँडा प्युठानमा अवस्थित छ । रामेश्वर शिवालय यस क्षेत्रको प्राचीन मन्दिरहरूमध्येको एउटा प्रमुख मन्दिर हो । वास्तुकलाको दृष्टिले महत्वपूर्ण मानिने यस मन्दिरको आफ्नै गुठी पनि छ । बस्तीको

बीचमा रहेको यस मन्दिर क्षेत्रबाट दक्षिणका फाँटहरू र उत्तरको पहाडी क्षेत्र अवलोकन गर्न सकिन्छ । यसको लगभग २ रोपनी क्षेत्रफलको परिसर छ ।

रामेश्वर शिवालयको इतिहासलाई अध्ययन गर्दै जाने हो भने पन्ध्रौं शताब्दीसम्म पुग्न सकिन्छ । तर, यसलाई प्रमाणित गर्ने ऐतिहासिक स्रोतहरू भने पाइएका छैननन् । तर, पछिल्ला समयका प्रमाणहरू भने पाइएका छन् । पन्ध्रौं शताब्दीतिर स्थानीय भुरेटाकुरे राजा जय मल्लले वर्तमान शिवालयको स्थानमा पाटी पौवा र चौतारी बनाई गुठी राखिदिएका थिए । पौवामा नित्य पूजा गर्नका लागि र अक्षय तृतीयाको दिनमा भक्तहरूलाई भोज भतेर खुवाउनका लागि ९०० मुरी जाने खेत गुठी राखिएको थियो । पछि आएर श्री ३ जङ्ग बहादुर राणाका पिता रामकृष्ण कुँवर शिवभक्त भएकाले यस क्षेत्रमा शिवालय नभएको हुँदा पौवा भएको स्थलमा शिवालय निर्माण गराएका थिए । यसरी रामकृष्णले स्थापना गरेको शिवालय भएकाले यस शिवालयको नामकरण रामेश्वर शिवालय गरियो । शिवालयमा नित्य पूजा गर्नका लागि पौवाको गुठीबाट केही जग्गा कट्टी गरी शिवालय गुठी पनि राखियो । उक्त गुठीको उल्लेख वि.सं. १८६१ को रुक्का पत्रमा रहेको छ (गिरी, २०६२, पृ. ७९) । यस शिवालयमा भक्तहरूले विभिन्न वस्तुहरू चढाउने गर्दछन् । त्यसै क्रममा शिवालयमा रहेको एउटा घण्टमा वि.सं. १९२४ मा तत्कालीन कप्तान धोकन सिंह बस्नेतले हुकुम मर्जी बमोजिम घण्ट चढाएको उल्लेख गरिएको छ । उपर्युक्त प्रमाणको आधारमा यो शिवालय स्थलको सुरुवात पन्ध्रौं शताब्दीमा भए पनि शिवालयको स्थापना वि.सं. १८६१ को आसपासमा नै भएको होला भन्ने अनुमान गर्न सकिन्छ ।

पहिले यस मन्दिरमा नित्य पूजा गर्दा नगरा, घण्ट, शङ्ख आदि बजाउने चलन थियो । प्रत्येक वर्षको बैशाख महिनामा बटुवाहरूलाई यस पौवामा पहिले पहिले सर्वत खुवाउने परम्परा पनि थियो । त्यसै गरी प्रत्येक वर्षको शिवरात्रीमा जात्रा निकाल्ने परम्परा थियो । तर, अहिले आएर यस्ता परम्परा हराएर गएका छन् ।

रामेश्वर शिवालय तले शैलीमा निर्माण गरिएको छ । २ फिट अग्लो वर्गाकार एक तहको आधार पेटीमाथि मन्दिर निर्माण गरिएको छ । चारैतिर काठको बारा भएको प्रदक्षिणापथको व्यवस्था रहेको छ । यो मन्दिरको पूर्व र पश्चिममा एक-एक वटा काठका साधारण प्रवेशद्वार रहेका छन् भने मन्दिरको उत्तर र दक्षिणी भागमा एक-एक वटा आँखीझ्यालहरू रहेका छन् । मन्दिरको मुख्य प्रवेशद्वार पूर्वतिर भएको हुनाले पूर्वतिरको प्रवेशद्वारको दायाँबायाँको भित्तामा भैरव तथा पार्वतीका सुन्दर मूर्ति राखिएका छन् ।

मन्दिरमा प्रयोग गरिएका दलिन तथा खम्बामा विभिन्न कलाकृतिहरू कुँदिएका छन् । मन्दिरको गर्भगृहको बिचमा शिवलिङ्ग रहेको छ । शिवलिङ्गको वरिपरि विभिन्न देवीदेवताका प्रस्तर मूर्तिहरू रहेका छन् । शिवलिङ्ग नजिकै प्रस्तरको प्रतिमा रहेको छ । मन्दिरको माथिल्लो भागमा एउटा कलात्मक सुनौलो गजुर रहेको छ भने मन्दिरको माथिल्लो तलामा काठका साना सामान्य झ्यालहरू रहेका छन् । मन्दिरमा रहेको तोरण, टुँडालहरूमा कलात्मक आकृति अङ्कित गरिएका छन् । इँटा, सिमेन्टको गारो भएको यो दुईतले मन्दिरको छाना जस्तापाताको छ । यो मन्दिर आधुनिक कालको उत्कृष्ट नमूनाको रूपमा रहेको छ ।

रामेश्वर शिवालय नेपाली शैलीमा निर्मित पुरानो मन्दिर हो । दुई तले छानो रहनु, छानो अड्याउन कलात्मक टुँडालहरू प्रयोग गरिनु, मन्दिरको माथिल्लो भागमा सुन्दर गजुर राखिनु तले शैलीका विशेषता हुन् । यसमा रहेको व्यवस्थित प्रदक्षिणापथ र गर्भगृहको मध्यभागमा शिवलिङ्ग स्थापना गरी वरिपरि अन्य देवदेवीका प्रतिमाहरू स्थापना गरिनुले मन्दिरको शास्त्रीय पद्धतिलाई पनि अनुशरण गरेको देखिन्छ ।

### ५.१.१.१५ विष्णु मन्दिर, खुङ्ग्री, रोल्पा

यो मन्दिर सुनिलस्मृति गाउँपालिका वडा नं. २. खुङ्ग्रीमा रहेको छ । तले शैलीमा निर्मित विष्णु मन्दिर त्रिपुरेश्वरी मन्दिर परिसरभित्र रहेको छ । त्रिपुरेश्वरी मन्दिर स्थल राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाहरूका दृष्टिले महत्वपूर्ण स्थल हो । सत्यदेवीको अङ्ग पतन भएर उत्पत्ति भएको विश्वास गरिने यो स्थलको प्राचीन इतिहास छ । यस स्थलमा अन्य मन्दिरहरू शिखर शैलीमा निर्मित भएको पाइए पनि विष्णु मन्दिर तले शैलीमा निर्मित छ ।

यो मन्दिर देवी पाञ्चायनभित्र पर्ने मन्दिरहरूभित्रको एउटा मन्दिर हो । यो त्रिपुरेश्वरी भगवती मन्दिरभन्दा केही पूर्वतिर रहेको छ । यो यस स्थलको सर्वाधिक कलात्मक आकर्षक मन्दिर हो । १ फिट अग्लो आधार पेटीमा सिमेन्ट र इँटाले मन्दिर निर्माण गरिएको छ । मन्दिरको लम्बाइ र चौडाइ ६.९ फिट तथा उचाइ लगभग २८ फिट रहेको छ । यसको प्रवेशद्वार दक्षिण तर्फ छ ।

मन्दिरमा इँटा र सिमेन्टका स्तम्भबाट ३.५ फिटको प्रदक्षिणापथ निर्माण गरिएको छ । यो मन्दिर वि.सं. २०६७ सालमा स्व. बाजे शिवलाल भारती र स्व. पिता भागवत भारतीको स्मृतिमा छोराहरू कमल भारती, विमल भारती, श्याम भारती र अजय भारतीले

निर्माण गराएको व्यहोरा मन्दिरमा राखिएको शिलालेखमा उल्लेख छ । मन्दिरको गर्भगृहमा १.५ फिट अग्लो श्वेत प्रस्तरबाट निर्मित चार वटा बाहुयुक्त उभिएको पूर्ण कदको विष्णुको मूर्ति स्थापना गरिएको छ । सिमेन्टबाट बनेको तीन तले मन्दिरको माथिल्लो भागमा ढलोटको एउटा गजुर राखिएको छ ।

आधार पेटी माथि वर्गाकार मन्दिर निर्माण गरिनु, प्रदक्षिणापथको व्यवस्था हुनु र गर्भगृहममा देवी मूर्ति स्थापना गरिनु तथा मन्दिरमा तीन तला र मुकुटको रूपममा गजुरको व्यवस्था गरिनुले यो मन्दिर तले शैली बमोजिम निर्माण भएको स्पष्ट छ । कलात्मक मूर्ति र रङ्गीन मन्दिरको कारण यो स्थलमा विष्णु मन्दिर सर्वाधिक आकर्षक भएको छ ।

### ५.१.१.१६ सिद्धरत्ननाथ मठको दलिचा, चौघेरा, दाङ

मूल मन्दिरको अगाडि तले शैलीको दलिचा मन्दिर रहेको छ । यस दलिचा मन्दिरलाई पर्व पूजास्थल पनि भनिन्छ । किनभने यस दलिचा मन्दिरमा विभिन्न पर्वहरूमा पूजाहरू गरिने भएको हुनाले यसलाई पर्व पूजास्थल भनिएको हो । यो दलिचा मन्दिर विशेष गरी पीर फेर्नका लागि बनाइएको विशेष मञ्च हो । प्रत्येक वर्ष फाल्गुण कृष्ण एकादशीका दिन नयाँ पीर स्थापनाको समयमा यस दलिचा मन्दिरमा नयाँ पीरको स्थापना गरिन्छ र पुरानो पीरले स्थान छाडी त्यहाँ पूजा गरिन्छ । त्यसै गरी ठूलो एकादशीमा र स्वस्थानी पूर्णिमामा पनि यस स्थानमा सबैजना जम्मा भएर पूजा गरिन्छ भने अन्य पर्वहरूमा पनि पूजा गर्ने गर्दछन् । यो दलिचा मिन्दर पहिले काठको खम्बा गाडी झिँगटा छाना भएको सामान्य किसिमको थियो तर पछि वि.सं. २०३७ तिर वर्तमान यस दलिचा मन्दिरको निर्माण गरिएको थियो । जमीनको सतहभन्दा ५.५ फिट अग्लो आधार पेटीमा ५.५ फिट नै चौडाइ भएको प्रदक्षिणापथको व्यवस्था गरिएको छ भने दलिचाको बिचको गर्भगृहमा रत्ननाथको २.५ फिट अग्लो अर्धकदको मूर्ति रहेको छ । यस दलिचाको लम्बाइ, चौडाइ २९ फिट र उचाइ लगभग ३० फिट रहेको छ । दलिचामा जानका लागि चारैतिरबाट सिँढीको व्यवस्था गरिएको छ । दलिचाको चारैतिर तीनतीन वटा अर्धचन्द्राकार खुला भाग रहेका छन् । दुईतले यो मन्दिरको छाना प्रस्तरको छ भने छाना माथि सिल्भर रङको एउटा गजुर रहेको छ । चारैतिर खुला रहेको यस दलिचा मन्दिरको छाना अड्याउनका लागि १२ वटा पक्की स्तम्भहरू प्रयोग गरिएको छ । प्रदक्षिणापथ भित्र गर्भगृहममा चारवटा स्तम्भहरूमा धार्मिक तथा ऐतिहासिक कथाका चित्र प्रयोग गरिएको छ । त्यसैगरी यसका दुवै तलाको छाना अड्याउन काठे टुँडालहरू राखिएको छ ।

### ५.१.१.१७ स्वर्गद्वारीको यज्ञशाला, स्वर्गद्वारी, प्युठान

यो स्वर्गद्वारी नरगपालिका वडा नं. २ मा रहेको छ । स्वर्गद्वारी राप्ती क्षेत्रको सर्वाधिक प्रसिद्ध मूर्त सांस्कृतिक सम्पदा रहेको स्थल हो । स्वर्गद्वारी आश्रमको प्रमुख आकर्षण तथा दर्शनीय स्थल यज्ञशाला हो । यज्ञशालालाई अर्को शब्दमा ज्ञयमण्डप पनि भनिन्छ । यो यज्ञशाला आश्रमको बिच भागमा निर्मित छ । यज्ञशालाको बाहिरी भागमा आठवटा साना मन्दिरहरू छन् भने बिचमा मूल मन्दिर छ । यही मूल मन्दिरमा मुख्य यज्ञशाला रहेको छ । बाहिरबाट हेर्दा नौ वटा मन्दिरको अलगअलग स्वरूप जस्तो देखिए पनि भित्रीभाग भने एउटै रहेको छ । तले शैलीमा निर्माण गरिएका यी नौवटै मन्दिरहरू एक आपसमा जोडिएका अष्टमण्डलाकारका रूपमा रहेका छन् । यो यज्ञमण्डप इँटा, सिमेन्टको गाह्रो र कर्कटपाताको एकतले छानोबाट बनेको छ । नौवटै छानाको शिरमा नौवटा गजुर रहेका छन् । यस यज्ञशालालाई चारैतिर घर पर्खालले घेरिएको छ भने प्रवेशद्वार पूर्वतिर रहेको छ । एकतहको आधार पेटीमाथि रहेको यज्ञमण्डपलाई प्रदक्षिणा गर्नका लागि प्रदक्षिणापथको व्यवस्था गरिएको छ । यज्ञशालाको गोलाइ १७७ फिट र उचाइ करीब १८ फिट रहेको छ ।

महाप्रभुले वि.सं. १९५२ साल बैशाख पूर्णिमाको दिन अखण्ड महायज्ञको प्रारम्भ गर्नु भएको थियो । यो अखण्ड महायज्ञको धुनी त्यस समयदेखि वर्तमान समयसम्म अखण्ड रूपमा रहिरहेको छ । अखण्ड महायज्ञ यसै यज्ञशालामा गरिन्छ (ध्रुवश्री, २०६४, पृ. ९०) । यो यज्ञशाला, वैदिक शास्त्रोक्त विधिअनुसार निर्माण गरिएको छ । यज्ञशालाको पूर्वी कोठामा देवी पाञ्चायन, आग्नेय कोठामा गणेश पाञ्चायन, दक्षिणमा सूर्य पाञ्चायन, पश्चिममा विष्णु पाञ्चायन (मूलगाधि), वायव्य कोणमा देवी पाञ्चायन, उत्तरमा गणेश पाञ्चायन र ईशान कोणमा सूर्य पाञ्चायन, शिव पाञ्चायन स्थापना गरी पूजा गरिन्छ । यी सबै चार दिशाका कोठामा अग्निकुण्ड रहेका छन् । बिचमा विशाल मूल यज्ञकुण्ड रहेको छ । यहाँ रहेका सबै देवीदेवता पाञ्चायन यज्ञकुण्डको वैदिक विधिअनुसार घृतधारा दिई रुद्राभिषेकका साथ पूजा गर्दा चौबीस जना ब्राह्मणद्वारा वेदपाठ, श्रीमद्‌भागवत् पाठ, हवन आदि कार्य गरिन्छ । यी चौबीस जना ब्राह्मणहरूले एक वर्षसम्म निरन्तर पूजा कार्य गर्नु पर्दछ । बिचमा छोड्नै पर्ने भए कार्तिक पूर्णिमाबाट बैशाख पूर्णिमामा मात्र छाड्न सकिन्छ ।

स्वर्गद्वारी आश्रममा रहेको यज्ञशाला तले शैलीको नेपाली मौलिक विशेषताले युक्त छ । बाहिरबाट हेर्दा गजुर सहित नौवटा बेग्ला बेग्लै मन्दिर देखिनु र भित्र एउटै मन्दिर हुनु

यसको विशिष्ट पक्ष हो । त्यसै गरी गर्भगृहमा चार दिशा, चार उपदिशाहरू र मध्य भाग गरी अष्टमण्डलाकार शैलीमा मन्दिर निर्मित हुनु तले शैलीको विशिष्ट पक्ष हो । अतः स्वर्गद्वारी आश्रममा रहेको यज्ञशाला विवेच्य क्षेत्रको महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा हो । स्वर्गद्वारी आश्रम परिसरमा यज्ञशालाका अतिरिक्त शिवालय, समाधि मन्दिर र रखाल महाराजको समाधि मन्दिर पनि तले शैलीमा निर्मित छन् । यिनको बारेमा निम्नानुसार जानकारी दिइएको छ ।

**क) शिवालय**

महाप्रभु स्वर्गद्वारीमा प्रवेश गरेपछि सबैभन्दा पहिले शिवको आराधना गर्ने उद्देश्यले शिवालयको स्थापना गरी धार्मिक अनुष्ठान यही शिवालयबाट गरेका थिए । शिवालयमा कालो प्रस्तरको पादपीठसहितको शिवलिङ्ग स्थापना गरिएको छ । स्वर्गद्वारीमा याज्ञिक कार्य गर्न जाने भक्तहरूले शिवालयमा याज्ञिक कर्म गर्दछन् । यो शिवालय यज्ञशालालदेखि पूर्व उत्तरमा अवस्थित रहेको छ र शिवालय तले शैलीमा इँटा र सिमेन्टबाट निर्माण गरिएको छ । यो मन्दिर एक तहको आधार पेटीमाथि निर्माण गरिएको छ । यसको लम्बाइ-चौडाइ ८ फिट र उचाइ करीब २० फिट छ ।

**ख) समाधि मन्दिर**

यो यज्ञशालादेखि उत्तरतर्फ अवस्थित छ । स्वर्गद्वारी प्रवेश गरेपछि प्रभुमहाराजले सम्पूर्ण जीवन यसै अँध्यारो गुफा जस्तो कुटीमा बिताएका थिए । त्यसैले यस मन्दिरलाई गुफा मन्दिर पनि भनिन्छ । महाप्रभु ब्रह्मलीन भएपछि यसै गुफामा समाधिस्थ गरेको हुनाले यसलाई समाधि मन्दिर भन्ने गरिएको हो । यस स्थानमा पहिले महाप्रभुको आवास (कुटी) थियो (श्रीस्वर्गद्वारी आश्रमको प्रथम मुखपत्र, २०६९, पृ. ३१) । प्रभुको निधन पश्चात् यसै स्थानमा शिवलिङ्ग स्थापना गरी मन्दिरको स्वरूप दिइएको छ । यो मन्दिर तले शैलीमा निर्माण गरिएको छ ।

**ग) रखाल महाराजको समाधि मन्दिर**

रखाल महाराजको समाधि मन्दिर महाप्रभुको समाधि मन्दिरदेखि पश्चिमतर्फ रहेको छ जसलाई सानो गुफा पनि भनिन्छ । श्री शङ्करानन्द गिरी महाराजलाई रखाल महाराजको नामले चिनिन्छ । यिनै महाराजको समाधिस्थलमा शिवलिङ्ग स्थापना गरी शिवको

पूजाआर्चना गरिन्छ । सानो तर निकै सुन्दर र आकर्ष रहेको यो मन्दिर पनि नेपाली शैलीमा नै निर्माण भएको छ ।

राप्ती क्षेत्रमा रहेका मठ-मन्दिरको निर्माण शैली अध्ययन गर्दा तले शैलीका मन्दिरहरूको सङ्ख्या धेरै देखिन्छ । माथि केही प्रतिनिधिमूलक तले शैलीका मठ-मन्दिरहरूको निर्माण शैली विश्लेषण गरिएको हो । विवेच्य क्षेत्रमा यिनका अतिरिक्त बागेश्वरी मन्दिर (दाङ), पाटेश्वरी कालिका मन्दिर (रोल्पा), कालिका भगवती मन्दिर (खलंगा, रुकुम), विजयश्वरी मन्दिर (चौरजहारी, रुकुम), विन्दवासिनी भगवती मन्दिर (छिप्रेदह, रुकुम), बगारबाबा मन्दिर (रिहार, दाङ), सूदय रामेश्वर शिवालय (बिजौरी, दाङ), उमा महेश्वर शिवालय (लिबाङ, रोल्पा), शिव महादेव मन्दिर (भदौरे, रोल्पा), चन्दननाथ मन्दिर (खलंगा, रुकुम), शिवालय (सेरीगाउँ, रुकुम), बराह मन्दिर (जलजला, रोल्पा), बराह मन्दिर (कमलदह, रुकुम), गणेश मन्दिर (खलंगा, सल्यान), भीमसेन मन्दिर (घोराही, दाङ), ऐरावती मन्दिर (सल्लीकोट, प्यूठान), प्रभुमहाराज मन्दिर (रुन्टी, रोल्पा), गणेश मन्दिर (धौलुवगिया, दाङ) शुक्रेश्वरी मन्दिर (सुकौरा, दाङ), त्रिसिद्धेश्वरी मन्दिर (तुलसीपुर, दाङ), कालिका-मालिका मन्दिर (छिल्लीकोट, दाङ), भद्राक्षी देवी मन्दिर (देवीकोट, दाङ) सिद्धरत्ननाथ मठको वैदिक यज्ञशाला आदि पनि राप्ती क्षेत्रका तले शैलीका मन्दिरहरूमा महत्वपूर्ण छन् ।

## ५.१.२ शिखर शैलीका सम्पदा

नेपालमा प्रचलित तले शैलीपछि मठ-मन्दिर निर्माणमा शिखर शैलीले स्थान लिएको पाइन्छ । यो शैलीलाई 'इन्डोआर्यन' वास्तुकला पनि भनिन्छ (क्षेत्री र रायमाझी, २०५६, पृ. २१३) । यस शैलीले पहाड-पर्वतको स्वरूप अनुकरण गरेको छ । यो माथितिर चुलिँदै गएर चुचुरो आकार निर्माण हुने शैली हो । यो प्राचीन कालदेखि नै प्रचलनमा रहेको निर्माण शैली हो । यस शैलीमा नागर, द्रबिड र वेशर शैलीका भेदहरू भेटिन्छ । सामान्यतया शिखर शैलीमा मूर्ति राख्नका लागि गर्भगृह निर्माण गरिने, मन्दिर माथि जाँदै गर्दा चुच्चो स्वरूप हुँदै जाने र माथि आमलक, गजुर र छत्रवली प्रयोग गरिन्छ (क्षेत्री र रायमाझी, २०५६, पृ. २१५) ।

राप्ती क्षेत्रमा पनि शिखर शैलीका मन्दिरहरू पाइन्छन् । विवेच्य क्षेत्रमा पाइने शिखर शैलीका मन्दिरमा शिखर शैलीकै मुख्य विशेषता रहे पनि अनेक मौलिक कला तथा

प्रणालीहरू प्रयोग गरेको पाइन्छ । यहाँ राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा अन्तर्गत आउने शिखर शैलीका निम्न बमोजिम प्रतिनिधिमूलक मठ-मन्दिरहरूको निर्माण शैली विश्लेषण गरिएको छ ।

### ५.१.२.१ गोरखनाथ मन्दिर

यो मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १७ मा रहेको सिद्धरत्ननाथ मठ परिसरमा छ । दलिचाभन्दा पूर्वतिर रहेको यो गोरखनाथ मन्दिर शिखरशैलीमा निर्माण गरिएको छ । रत्ननाथको पूर्ण स्वामित्वमा वि.सं. २०६० सालमा निर्माण सम्पन्न गरिएको यो गोरखनाथ मन्दिर कला तथा वास्तुकलाले भरिपूर्ण रहेको छ । यस मठमा रहेका वास्तुकलाहरूमध्ये सबैभन्दा उत्कृष्ट रहेको यो गोरखनाथ मन्दिर गुम्बज तथा शिखरशैली मिश्रण गरी निर्माण गरिएको छ । सिद्ध रत्ननाथका गुरु गोरखनाथ भगवान् शिवका अनेक रूपमध्येका एक हुन् । यिनै गोरखनाथले रत्ननाथलाई दीक्षा दिई एक पात्र दिएका थिए । यिनै गोरखनाथको सम्झनामा यो गोरखनाथको मन्दिर निर्माण गरिएको छ । सिमेन्ट र इँटाबाट निर्माण गरिएको यो मन्दिर १.५ फिट अग्लो आधार पेटीमाथि प्रदक्षिणापथको व्यवस्था गरिएको छ । मन्दिरको प्रदक्षिणापथ र प्रदक्षिणापथ बाहिर चारैतिरको पेटीमा मार्बलको प्रयोग गरिएको छ । पश्चिमाभिमुख रहेको यो मन्दिरमा केही फराकिलो स्थान राखिएको छ भने त्यही फराकिलो भागको उत्तरतिर लगभग ३० फिट अग्लो त्रिशूल राखिएको छ । मन्दिरको लम्बाइ २८ फिट र चौडाइ १९ फिट रहेको छ भने उचाइ लगभग ४० फिट रहेको छ । मन्दिरको माथिल्लो तहमा ढलाइ गरेर छतमाथि गुम्बज र गुम्बजमाथि शिखर जस्तो आकार निकालिएको छ । गुम्बजको चारैतिर फणा फिँजाएका २० वटा नागका आकारहरू रहेका छन् । ती नागका फणामाथि चारैतिर दुई तहको कमलको फूल बनाइएको छ । कमलको फूल माथि तिनवटा लस्करै सजाएर राखिएका मट्काहरू छन् भने मट्काको बिच भागमा मट्कामाथि मट्का नै गजुरको रूपमा राखिएको छ । त्यही मट्कामाथि त्रिशूल राखिएको छ । मन्दिरको मूल प्रवेशद्वारदेखि पश्चिमपट्टि रहेको छ जो फलामको सरियाबाट बनाइएको छ । मन्दिरको मूल प्रवेशद्वार उत्तरपट्टि मन्दिरतिर फर्केको इतिहासविद् तथा १३३ कोटीहोमकर्ता योगी नरहरिनाथजीको प्रतिमा रहेको छ । मन्दिरको बाहिर भित्तामा चारैतिर नवनाथहरूका मूर्तिहरू रहेका छन् । यहाँ पश्चिममा आदिनाथ(शिवस्वरूप), मत्स्येन्द्र नाथ (मायास्वरूप), उत्तरमा उदयनाथ (पार्वती स्वरूप), सत्यनाथ (ब्रह्मास्वरूप), पूर्वमा सन्तोषनाथ (विष्णुस्वरूप), अचल अचम्भेनाथ (वायुस्वरूप), दक्षिणमा गजकन्थडनाथ

(गजहस्थीस्वरूप) र दक्षिणमै चौरंगीनाथ (चन्द्रमास्वरूप) का मूर्तिहरू स्थापित छन् । मन्दिरको गर्भगृहमा १.५ फिट अग्लो पादपीठमा ३.५ फिट अग्लो पद्‌मासनमा ध्यानमग्न मुद्रामा बसेका दुई हातयुक्त सुन्दर गोरखनाथको मूर्ति स्थापना गरिएको छ । श्वेत पत्थरबाट निर्मित मूर्तिमा रुद्राक्षको माला धारण गरेका गोरखनाथ शान्त मुद्रामा रहेका छन् । मन्दिर गेरु रङ्‌बाट रङ्‌गाइएको छ । यस स्थलमा निम्नानुसार अन्य मन्दिरहरू पनि रहेका छन् ।

**क) रत्नेश्वर महादेव मन्दिर**

यो रत्नेश्वर महादेवको मन्दिर दलिचा मन्दिरको पश्चिमपट्टि अवस्थित छ । गोलाकार रूपमा निर्माण गरिएको यो मन्दिरमा प्रदक्षिणापथको व्यवस्था गरिएको छैन भने मन्दिरमा गारो पनि लगाएको छैन । मन्दिरमा ७ वटा गोला पिलरले माथिको छतलाई अड्याइएको छ भने छानामाथि गजुरको रूपमा त्रिशूल रहेको छ । शिखरशैलीको जस्तो देखिने यो मन्दिरको गोलाइ ४६ फिट रहेको छ भने उचाइ लगभग १८ फिट जति रहेको छ । मन्दिर दक्षिणाभिमुख रहेको छ भने मन्दिरको चारैतिर फलामको बारले घेरिएर गर्भगृह निर्माण गरिएको छ । गर्भगृहमा कालो प्रस्तरको जलहरी सहितको पञ्चमुखी शिवलिङ्‌ग रहेको छ ।

**ख) दुर्गा मन्दिर**

दलिचा मन्दिरभन्दा उत्तरतिर दक्षिणाभिमुख भई यो दुर्गाको मन्दिर रहेको छ । दाङ घोराही ट्राफिक रोड निवासी मोटिखर्क परिवारले वि.सं. २०७२ सालमा दुर्गा मन्दिर निर्माण गरी मठलाई समर्पण गरेको कुरा मन्दिरमा राखिएको शिलालेखमा उल्लेख गरिएको छ । जमीनको सतहभन्दा १.५ फिट अग्लो पेटीमा इँटा सिमेन्टको प्रयोग गरी मन्दिर निर्माण गरिएको छ । फलामको ग्रीलको ढोका रहेको यस मन्दिरको लम्बाइ, चौडाइ ७ फिट र उचाइ करीब १५ फिट रहेको छ भने मन्दिरको छानामाथि एउटा पित्तलको गजुर रहेको छ । शिखर र तले शैलीको मिश्रित रूपमा निर्माण भएको यस मन्दिरको गर्भगृहमा हिँड्‌न थालेको सिंहमाथि आसिन ६ हातयुक्त सुन्दर दुर्गा माताको प्रतिमा स्थापित छ ।

**ग) बटुक भैरव मन्दिर**

रत्ननाथ मठ परिसर बाहिर उत्तरतिर बगैंचा भएको स्थानमा सदियौं पुरानो बर, पीपलको फेटीमा बटुक भैरवको मन्दिर रहेको छ । निकै पुरानो जस्तो देखिने यो मन्दिरको स्थापना कहिले भएको हो भन्ने सम्बन्धमा केही भन्न सकिएको छैन । टिनको छाना भएको

यो मन्दिरको लम्बाइ, चौडाइ ११ फिट र उचाइ लगभग १५ फिट जति रहेको छ । पूर्वाभिमुख रहेको यस मन्दिरको ढोका काठको सामान्य रहेको छ भने छानामा गजुर रहेको छैन । त्यसै गरी प्रदक्षिणापथ पनि रहेको छैन । तर, मन्दिरको चारैतिर १.५ फिट अग्लो पेटी भने रहेको छ । मन्दिरको गर्भगृहमा कालो प्रस्तरको बटुक भैरवको घिसिएर चिन्न नसकिने मूर्ति रहेको छ । भैरवको मूर्ति उभिएको चार हातयुक्त छ भने भैरवसँगै उभिएको केही सानो अर्को मूर्ति पनि रहेको छ । यी मूर्तिहरूको आकार प्रकार हेर्दा मन्दिर निकै पुरानो होला भन्ने अनुमान गर्न सकिन्छ । यस मन्दिरको ठिक अगाडि प्राङ्गणमा सिद्धरत्ननाथको बर्खे दरबार भएको क्षेत्र सवारीकोटका देवताहरूलाई स्थापना गरिएको छ । पहिले पहिले सवारीकोटमा पूजा गर्न जाने प्रचलन थियो । तर, पछि आएर यहीँ नै स्थापना गरी भैरवका साथै सवारीकोटका देवताहरूको पनि नित्य पूजा गरिन्छ ।

### ५.१.२.२ चतुर्भुज शिव पाञ्चायन मन्दिर, चतुरभुज, रोल्पा

यो मन्दिर सुनिलस्मृति गाउँपालिका वडा नं. २ चुतर्भुज रोल्पामा रहेको छ । यस मन्दिरको उत्पत्ति र स्थापनाका सन्दर्भमा अनेक जनश्रुतिहरू पाइन्छन् । सबै स्रोतहरू अध्ययन गर्दा यो मन्दिर पुरानो हो भन्ने देखिन्छ । चतुर्भुज शिवपाञ्चायन मन्दिर परिसरमा रहेका विभिन्न मन्दिर तथा संरचनाहरूमध्ये शिव मन्दिर सबैभन्दा पुरानो र प्रमुख आकर्षणको रूपमा रहेको छ । यो गुम्बज शैली मिश्रित शिखर शैलीको मन्दिर हो । वि.सं. २०४६ सालतिर निर्माण भएको संरचना मानिन्छ । वर्तमान समयको शिव मन्दिर निर्माण हुनुभन्दा अगाडि यस स्थानमा सामान्य ढुङ्गा र माटोको गारो तथा ढुङ्गाकै छाना भएको मन्दिर थियो (अन्तर्वार्ता-तेजप्रसाद अधिकारी) । यस स्थानमा रहेको जीर्ण मन्दिर खुङ्ग्रकोटका राजा सूर्य प्रचण्ड सेनले बनाएको हुनसक्ने देखिन्छ । ऐतिहासिक स्रोतहरूमा चतुर्भुज मन्दिर खुंग्रीकोटका राजाले निर्माण गरेको कुरा उल्लेख गरिएको छ । वर्तमान समयमा भएको शिव मन्दिर १ फिट अग्लो आधार पेटीमाथि गोलाकारमा निर्माण गरिएको छ । मन्दिरमा ३.५ फिट चौडाइ भएको गोलाकार प्रदक्षिणापथ रहेको छ । मन्दिरको गोलाइ ५४.५ फिट र उचाइ लगभग २८ फिट जति रहेको छ । इँटा र सिमेन्टबाट निर्मित यो मन्दिरभित्र गर्भगृहमा प्रस्तरको १.५ फिट अग्लो, पलेटी मारी बसेको, दुई हातयुक्त शिवको मूर्ति स्थापित छ । गर्भगृहमै शिवको मूर्तिको अगाडि कालो प्रस्तरको तलतिर फैलिएको र माथितिर चुच्चो परेको शिला रहेको छ । यस शिलामा अनेक आकृतिहरू देखिन्छन् । पूर्वाभिमुख काठको प्रवेशद्वार छ । मन्दिर बाहिर प्रवेशद्वार अगाडि प्रस्तरको नन्दी

मूर्ति स्थापित छ । चुनको सेतो रङ्गले पोतिएको यस मन्दिरमा मुगल शैलीको प्रभाव देखिन्छ । मन्दिरको शीर्ष भागमा पित्तलको एउटा गजुर राखिएको छ ।

मन्दिर परिसरमा पहिले शिवको मात्र मन्दिर रहेको थियो तर संरक्षणको अभावले गर्दा जीर्ण भई भत्की नष्ट भएपछि धेरै समयसम्म कुनै संरचनाहरू निर्माण हुन सकेनन् । यसरी लोप हुँदै गएको तीर्थस्थललाई वि.सं. २०३९ सालतिर गजुलका खडानन्द सुवेदी, खुङ्ग्रीका तेज प्रसाद अधिकारी, प्रेमसिंह भारती लगायतको सक्रियतामा शिव पाञ्चायन मन्दिर बनाई दैनिक नित्य रूपमा पूजा सुचारु गरेको पाइन्छ (अधिकारी, २०७३, पृ. १७) । केही समय पछि अन्य विभिन्न संरचनाहरू विभिन्न भक्तहरूद्वारा शिव, विष्णु, सूर्य, गणेश, सरस्वती, राधाकृष्ण, राम, प्रभुमहाराजको मन्दिरहरू निर्माण भएका छन् । यहाँ रहेका मन्दिरहरूमध्ये बीचोबिच भागमा मुख्य मन्दिर शिवको रहेको छ । यस शिव मन्दिर वरिपरि अन्य मन्दिरहरू निर्माण भएका छन् । यहाँ अन्य शिखर शैलीका मन्दिरहरूको जानकारी दिइएको छ ।

**क) राधाकृष्ण मन्दिर**

शिव मन्दिरको ठिक पश्चिमतिर यो मिश्रित शैलीको राधाकृष्णको मन्दिर रहेको छ । यो मन्दिरको निर्माण वि.सं. २०६३ सालमा पिता भिमू गिरी र माता खुमा गिरीले आफ्नो छोरीको स्मृतिममा निर्माण गराएको कुरा मन्दिरको भित्तामा रहेको अभिलेखले जानकारी गराउँछ । शिखर शैलीको जस्तो देखिने यो मन्दिर सानो आधार पेटीमाथि ढुङ्गा र सिमेन्टको गारो लगाई निर्माण गरिएको छ । प्रदक्षिणापथ विना निर्माण गरिएको लम्बाइ, चौडाइ ९ फिट रहेको छ भने उचाइ ११ फिट रहेको छ । मन्दिरमा पूर्वतिर फर्केको टिनको ढोका रहेको छ । मन्दिरभित्र गर्भगृहमा कालो प्रस्तरको कृष्ण र राधाको ६ से.मि. अग्लो कृष्णले मुरली बजाउन लागेको सुन्दर मूर्ति स्थापना गरिएको छ ।

**ख) भगवती मन्दिर**

गुम्बज र शिखरशैलीको मिश्रित रूप भएको यो मन्दिर ढुंगा र सिमेन्टबाट निर्माण गरिएको छ । प्रदक्षिणापथ नभएको यस मन्दिरको प्रवेशद्वार पश्चिमतिर रहेको छ । मन्दिरको लम्बाइ, चौडाइ ९ फिट र उचाइ लगभग १४ फिट छ । मन्दिरको गर्भगृहमा श्वेत प्रस्तरको ८ हात भएको, मुख बाएको, बाघ माथि सवार गरेको १५ से.मि. अग्लो सुन्दर भगवतीको मूर्ति रहेको छ । मन्दिरको शीर्षभागमा धातुको एउटा गजुर राखिएको छ ।

**ग) विष्णु मन्दिर**

यो मन्दिर पनि शिखर र गुम्बज शैलीको मिश्रित रूपमा निर्माण गरिएको छ । १ फिट अग्लो आधार पेटीमा प्रदक्षिणापथविहीन यो मन्दिर ढुङ्गा र सिमेन्टले निर्माण गरिएको छ । मन्दिरको प्रवेशद्वार काठबाट निर्मित र उत्तरतिर फर्केको छ । मन्दिरको लम्बाइ, चौडाइ ९.५ फिट र उचाइ लगभग १५ फिट रहेको छ । मन्दिरको गर्भगृहमा ६ इञ्च अग्लो श्वेत प्रस्तरको चार हातयुक्त विष्णुको मूर्ति रहेको छ ।

**घ) सरस्वती मन्दिर**

शिव मन्दिरको पूर्वतिर मिश्रित शैलीको सरस्वतीको मन्दिर रहेको छ । १.५ फिट अग्लो पेटीमाथि ढुङ्गाको गारो र त्यस माथि सिमेन्टको प्लाष्टर गरिएको छ । प्रदक्षिणापथविहीन मन्दिर पश्चिमतिर फर्केको छ । यसमा एउटा काठको प्रवेशद्वार रहेको छ । मन्दिरको लम्बाइ, चौडाइ ९.९ फिट रहेको छ भने उचाइ लगभग १३ फिट रहेको छ । गर्भगृहमा सिमेन्टबाट बनाइएको पहेंलो, रातो, सेतो, कालो रङ्ग प्रयोग गरी रङ्गीन हाँस माथि बसेकी चार हातयुक्त वीणा पकडेकी १.५ फिट अग्लो सुन्दर विद्याकी देवी सरस्वतीको मूर्ति रहेको छ । मन्दिरको शीर्ष भागलाई चुच्चे पारेर गजुरको आकृति दिइएको छ ।

**ङ) सूर्य मन्दिर**

शिव मन्दिरको पूर्व-दक्षिण कुनामा शिव मन्दिरतिर नै फर्केको मिश्रित शैलीको सूर्यको मन्दिर रहेको छ । प्रदक्षिणापथविहीन यो मन्दिर १ फिट अग्लो आधार पेटीमाथि ढुंगा र सिमेन्टबाट निर्माण गरिएको छ । मन्दिरको प्रवेशद्वार पश्चिम फर्केको र काठबाट निर्मित छ । मन्दिरको लम्बाइ, चौडाइ ९ फिट र उचाइ लगभग १४ फिट रहेको छ । मन्दिरको गर्भगृहमा ६ से.मि. अग्लो चार हातयुक्त पलेटी कसी बसेको श्वेत प्रस्तरको फलेकको पादपीठमा सुन्दर सूर्यको मूर्ति स्थापित छ । यसमा ढलाइ गरेको छाना माथि सिमेन्टको गजुर बनाइएको छ ।

**च) गणेश मन्दिर**

शिव मन्दिरभन्दा केही दक्षिणतिर मिश्रित शैलीको गणेशको मन्दिर रहेको छ । ढुंगा र सिमेन्टबाट निर्मित यो मन्दिर ९ फिट लम्बाइ, चौडाइ र १५ फिट अग्लो छ । मन्दिरमा उत्तरतिर फर्केको काठको ढोका रहेको छ । प्रदक्षिणापथविहीन यो मन्दिर ७ से.मि. अग्लो आधार पेटी माथि निर्माण गरिएको छ । यस मन्दिरको गर्भगृहमा श्वेत प्रस्तरको चार

हातयुक्त ९ से.मि. अग्लो गणेशको सुन्दर मूर्ति रहेको छ । यसमा छानो सिमेन्ट ढलाइ गरी शिखर आकार दिइएको छ भने शीर्ष भागमा ढलोटको गजुर राखिएको छ ।

**छ) रामजानकी मन्दिर**

यो मन्दिर शिव मन्दिरभन्दा केही पश्चिमतिर रहेको छ । ६ से.मि. अग्लो आधार पेटी माथि इँटा सिमेन्टको गारो लगाई मन्दिर निर्माण भएको छ । मन्दिरको लम्बाइ, चौडाइ ६.५ फिट र उचाइ लगभग १५ फिट रहेको छ । यसमा पश्चिमतिर फर्केको काठको एउटा प्रवेशद्वार छ । गर्भगृहमा श्वेत प्रस्तरको धनुषकाँड बोकेका राम, लक्ष्मण र जानकीका ६ से.मि. अग्ला सुन्दर मूर्ति स्थापना गरिएका छन् । मन्दिरको शीर्ष भागमा ढलोटको एउटा गजुर रहेको छ ।

**५.१.२.३ छत्रेश्वरी शक्तिपीठ, छायाँक्षेत्र, सल्यान**

यो मन्दिर छत्रेश्वरी गाउँपालिका वडा नं. ६ छायाँक्षेत्रमा रहेको छ । वि.सं. १९९० को आसपास मन्दिर स्थापना भई पूजा सुरुवात भएको यस मन्दिरको प्राचीनताका सम्बन्धमा जनश्रुति पाइन्छन् । छत्रेश्वरी शक्तिपीठ परिसरमा रहेका विभिन्न सम्पदाहरूमध्ये प्रमुख सम्पदा छत्रेश्वरी भगवतीको मन्दिर हो । यो मन्दिर शिखरशैलीमा निर्मित कलात्मक र सुन्दर रहेको छ । यो मन्दिर एकएक फिटका दुई तहका आधार पेटीमाथि निर्माण गरिएको छ । मन्दिरको गर्भगृहको लम्बाइ, चौडाइ ११.५ फिट रहेको छ भने मन्दिरको प्रदक्षिणापथ ३.५ फिट रहेको छ । सिमेन्ट र इँटाबाट निर्मित यस मन्दिरको प्रवेशद्वार पूर्वतर्फ फर्केको छ । मन्दिरको बाहिर प्रवेशद्वारको दुवैतिरको भित्तामा जोडेर एकातिर कालो पत्थरको र अर्कोतिर हनुमानको मूर्ति रहेको छ । मन्दिरको गर्भगृहमा महादेवले सतीदेवीको मृत शरीरलाई काँधमा बोकेको सिमेन्टको कलात्मक रङ्गीन लगभग ५ फिटको उभिएको मूर्ति रहेको छ भने यस मूर्तिको ठिक अगाडि केही सानो कमलको फूलमा बाघमाथि चढेकी, चार हात भएकी छत्रेश्वरी भगवतीको पित्तलको सुनौलो मूर्ति स्थापित छ । मन्दिरको गर्भगृहको चारकुनामा कालिका, विष्णु, महालक्ष्मी र हनुमानको सिमेन्टको मूर्ति स्थापना गरिएको छ । साथै छत्रेश्वरी भगवतीको मूर्तिसँगै गणेशको मूर्ति पनि रहेको छ ।

शिखर शैलीको यो कलात्मक मन्दिरको निर्माण वि.सं. २०३७ सालमा नागा बाबा प्रेम गिरी महाराजको प्रयासमा भएको थियो । रातो र पहेँलो रङ्ले रङ्गाएको यो सुन्दर र आकर्षक मन्दिरको छानामा पित्तलको एउटा गजुर रहेको छ भने मन्दिरको तल्लो छाना

अगाडिको भागको खोपामा दुईहात भएका बसेको गणेशको मूर्ति रहेको छ । यस मूर्तिको दुवैतिर दुईवटा उभिएका सिंहका मूर्तिहरू रहेका छन् भने गणेशको आसनमा उभिएको गणेश वाहनको मूर्ति रहेको छ । यी सबै मूर्तिहरू सिमेन्टबाट बनाइएका छन् । मूर्तिहरूको ठिक माथि र गजुरभन्दा तल एउटा पञ्जा उठाएको मुख बाएको अवस्थाको सिंहको सिमेन्टकै मूर्ति रहेको छ । मन्दिर जमीनको सतहभन्दा २ फिट उचाइ रहेको पादपीठमा निर्माण गरिएको छ । मन्दिरको तल्लो सिँढीको दुवैतिर दुईवटा घण्टहरू झुण्डाइएका छन् । एउटा घण्टमा संवत् २०४७ मा श्री जुद्धबहादुर महतराले चढाएको उल्लेख छ भने अर्को घण्टमा वि.सं. २०४० मा नेपालगञ्जबासी जगदीशप्रसाद खेतानद्वारा चढाएको उल्लेख छ । मन्दिरको प्रवेशद्वार अगाडि प्राङ्गणमा सिंहको बसेको मूर्ति र सिमेन्टको सानो स्तम्भमा कालो प्रस्तरको हनुमानको बसेको मूर्ति रहेको छ । मन्दिरमा रहेका कलाकृतिहरू र मन्दिरको बनावट आदिले गर्दा मन्दिर भव्य देखिन्छ । प्याराग्राफ बदल्ने दुई तहको आधार पेटीमाथि मन्दिर निर्माण गरिनु, मन्दिर चुच्चो पर्दै माथितिर जानु, मन्दिरमा झ्याल नराखिनु, मन्दिरमा अमलक र गजुर प्रयोग गर्नु, प्रवेशद्वारको अगाडि देवताका वाहन राखिनु यस मन्दिरका शिखर शैलीका विशेषता देखिन्छन् । यसमा तल चतुष्कोणाकारको गारो गराई माथि घण्टाकार छानो राखिएको छ । मन्दिर चुच्चो पर्दै जाँदा गुम्बजको शैलीमा लगिनु र त्यसलाई अनेक बुट्टाहरूले अलङ्कृत पारिनु यस मन्दिरका आफ्ना विशेषता हुन् ।

### ५.१.२.४ देवलस्थान शिव मन्दिर, चौरजहारी, रुकुम

यो मन्दिर चौरजहारी नगरपालिका वडा नं. ३ देवलस्थानमा अवस्थित छ । यसलाई देवलस्थान शिवालय पनि भन्छन् । यो मन्दिर शिखर शैलीको विशिष्ट संरचनाको रूपमा रहेको छ । यो मन्दिरको निर्माण प्रस्तरबाट भएको छ । मन्दिरमा कुनै पनि अन्य सामग्रीको प्रयोग गरिएको छैन । एउटै सिङ्गो पत्थरलाई खोपेर विभिन्न आकृतिहरू निर्माण गरिएको छ । टाढाबाट हेर्दा यो मन्दिर धेरै पत्थरका टुक्रालाई जोडेर निर्माण गरेको जस्तो देखिन्छ । यो शिव मन्दिर वि.सं. १९९० सालको भूकम्पले गर्दा केही उत्तरतिर ढल्केको छ । शिरखशैलीमा निर्माण भएको यो मन्दिरको लम्बाइ, चौडाइ ५.५ फिट र उचाइ लगभग १३.५ फिट रहेको छ । दक्षिणाभिमुख यस मन्दिरको बाहिरी भागमा कमलका बुट्टाहरू कुँदिएको छ । मन्दिरको गर्भगृहमा सानो एउटा खोपा रहेको छ जसको लम्बाइ ५ फिट, चौडाइ २ फिट र उचाइ ३.५ फिट रहेको छ । गर्भगृहको बिच भागमा कालो पत्थरको ६ इञ्च अग्लो जलहरीसहितको शिवलिङ्ग रहेको छ । मन्दिरको गजुरसहितको शीर्ष भाग नष्ट

भइसकेको छ भने माथिल्लो भागमा प्रष्टसँग नदेखिने कमलको फूल जस्तो वा घोडाको छाप जस्तो चित्र रहेको छ । मन्दिरको मौलिक स्वरूपमा निर्माण भएदेखि वर्तमान समयसम्म केही पनि परिवर्तन भएको छैन । मन्दिरलाई संरक्षण गर्नका लागि स्थानीय व्यक्तिहरू मिलेर वि.सं. २०७२ सालमा मन्दिरको चारैतिर ढुङ्गा र सिमेन्टबाट जोडाइ गरिएको पर्खाल लगाएका छन् । पर्खालको लम्बाइ, चौडाइ १८ फिट रहेको छ र मन्दिर क्षेत्र पक्की गरिएको छ ।

यो मन्दिर राप्ती क्षेत्रमा रहेका शिखर शैलीका मठ-मन्दिरहरूमध्ये पृथक स्वरूपमा निर्माण भएको देखिन्छ । एउटै विशाल प्रस्तरलाई कुँदेर मन्दिर बनाइनु प्रस्तर कलाको अनुपम नमुना हो । यस मन्दिरमा शिखर शैलीको विशेषता बमोजिम छानाको भाग क्रमशः माथितिर चुच्चो पर्दै गएको छैन । मन्दिरको माथिल्लो भागमा घटेको छ तर चुच्चो परेको छैन । मन्दिरमा प्रदक्षिणा पथ, गजुर प्रयोग गरिएको छैन । देवल शैलीमा निर्माण भएको हुँदा यसलाई देवल भनिएको हो ।

### ५.१.२.५ शिव मन्दिर, कोइलाबास, दाङ

यो मन्दिर गढवा गाउँपालिका कोइलाबासमा रहेको रामजानकी मन्दिरसँगै जोडिएर निर्माण गरिएको छ । यो शिरख शैलीको महत्वपूर्ण मन्दिर हो । दक्षिणाभिमुख शिव मन्दिर वि.सं. २०२१ सालमा पर्सा जिल्ला निवासी कविराज श्री महारुद्र झाँद्वारा स्थापना गरिएको कुरा शिलालेखमा उल्लेख गरिएको छ । पश्चिमतिर रामजानकी मन्दिर र पूर्व धर्मशालाको बिचमा टाँसिएर रहेको यो मन्दिरको प्रदक्षिणापथ छैन । कला तथा वास्तुकलाले पूर्ण यो मन्दिरको शीर्षभागमा सुनौलो त्रिशूलसहितको गजुर रहेको छ । काठको एउटा प्रवेशद्वार रहेको यो मन्दिरको लम्बाइ, चौडाइ ९×९ फिट रहेको छ भने मन्दिरको उचाइ लगभग २५ फिट रहेको छ ।

पक्की इँटा र सिमेन्टबाट निर्माण गरिएको यो मन्दिरको गर्भगृहमा १.५ फिट अग्लो आधार पेटीमाथि ०.५ फिट अग्लो कालो जलहरीसहितको शिवलिङ्ग स्थापित छ । शिवलिङ्गको ठिक अगाडि १.५ फिट अग्लो आधार पेटीमाथि नै बसेको सुन्दर नन्दीको श्वेत प्रतिमा रहेको छ । गर्भगृहको चारैतिर भित्तामा सिङ्गमरमरका १ फिट अग्ला गणेश, पार्वती, कार्तिकेय र ब्रह्माका मूर्तिहरू रहेका छन् ।

### ५.१.२.६ शिव मन्दिर, घोराही, दाङ

यो मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १४ शिव मन्दिर टोलमा पर्दछ । यो मन्दिर घोराही क्षेत्रको पुरानो सम्पदा हो । शिखर शैलीको यो मन्दिर निकै कलात्मक रहेको छ । मन्दिरमा पूर्व-पश्चिम दुईवटा द्वारहरू रहेका छन् । १ फिट अग्लो एउटा आधार पेटीमा इँटा र सिमेन्टबाट निर्माण गरिएको यस मन्दिरको लम्बाइ, चौडाइ ८ फिट रहेको छ भने उचाइ लगभग २२ फिट रहेको छ । प्रदक्षिणापथ नभएको यस मन्दिरको गर्भगृहमा कालो प्रस्तरको जलहरीसहितको १.४ फिट अग्लो शिवलिङ्ग स्थापित छ । शिवलिङ्गको अगाडि शिवलिङ्गतर्फ फर्केको सिङ्गमरमरको बसेको श्वेत नन्दी स्थापना गरिएको छ । गर्भगृहको उत्तर र दक्षिणतर्फका भित्ताहरूमा रहेका खोपाहरूमा श्वेत सिङ्गमरमरका गणेश, हनुमान, शिवपार्वती र बुद्धका मूर्तिहरू राखिएका छन् । मन्दिरको आधा भागलाई ढाकेर छत निकालिएको छ भने भित्र १३.५ फिट चौडाइ र ३०.५ फिट लम्बाइ भएको एक कीर्तन हल निर्माण गरिएको छ । मन्दिरको माथिल्लो भागमा एउटा सुनौलो गजुर राखिएको छ । त्यसै गरी मन्दिरको पश्चिमतर्फ कसौधन समाजद्वारा धर्मशाला तथा धार्मिक कार्यहरूका लागि हल निर्माण गरिएको छ भने त्यसै माथि नारायणप्रसाद गुप्ताले एक कोठे धर्मशालाको निर्माण गरिदिएको पाइन्छ । यस सम्पदाको संरक्षण राम्रोसँग गर्न नसक्नाले मन्दिरको बनावट तथा प्राचीन स्वरूप बिग्रँदै गएको छ ।

यस मन्दिरको स्थापना कालदेखि नै मन्दिर संस्थापकका सन्ततिहरूद्वारा मन्दिरको सम्पूर्ण, हेरविचार, संरक्षण तथा व्यवस्थापन गरिँदै आए तापनि वि.सं. २०७३ सालदेखि समुदायलाई हस्तान्तरण गरिएको छ । यो मन्दिर पिरामिड जस्तै माथितिर चुच्चो पर्दै गएको छ । मन्दिरमा झ्याल नराखिनु, झ्यालका स्थानमा खोपाहरू बनाइनु र खोपामा देवीदेवताहरूका मूर्तिहरू राखिनुले मन्दिर शिखर शैलीको राम्रो नमुना बनेको छ । यो मन्दिर चुच्चो पर्दै उठेको भागको सतहदेखि नै शिखर शैलीका अन्य अन्य आकृतिका बुट्टाहरू बनाइएका छन् । गर्भगृहमा शिवलिङ्गको स्थापना र त्यस अगाडि नन्दीको स्थापना गरिनुले यो मन्दिर शिखर शैलीसम्मत रहेको देखिन्छ ।

### ५.१.२.७ शिव मन्दिर, दक्षिण पिपरी, देउखुरी, दाङ

यो मन्दिर राप्ती गाउँपालिका वडा नं. ८ दक्षिण पिपरीमा रहेको छ । शिखर शैलीमा निर्मित यो मन्दिर यस क्षेत्रको पुरानो सम्पदा हो । आधा फिट जति अग्लो आधार भाग

माथि इँटा र चुना, सुर्कीको प्रयोग गरी निर्माण भएको छ । पूर्वाभिमुख यो मन्दिरमा एकमात्र काठको सानो बुट्टेदार द्वार रहेको छ । मन्दिरको बाहिर चारैतिर ९ वटा स्तम्भहरू राखी ७ फिटको फराकिलो प्रदक्षिणापथ निर्माण गरिएको छ । मन्दिरको प्रदक्षिणापथको तीनतिर गर्भगृहको बाहिरको भित्तामा गणेश, हनुमान, दुर्गा, सरस्वती, कृष्ण, महादेव, राम, लक्ष्मण, सीताका कलात्मक, सुन्दर र रङ्गीन भित्ते चित्रहरू बनाइएका छन् । मन्दिरको गर्भगृहको लम्बाइ, चौडाइ ११ फिट रहेको छ भने मन्दिरको उचाइ लगभग २५ फिट रहेको छ । गर्भगृहको बिच भागमा सिमेन्टको १ फिट अग्लो पादपीठ माथि पित्तलको १ फिटको जलहरीसहित त्यसमाथि चम्किलो श्वेत सिङ्गमरमरको शिवलिङ्ग स्थापना गरिएको छ । शिवलिङ्ग पछाडि प्रस्तरका महालक्ष्मी, महासरस्वती, गणेश, पार्वती, हनुमान, गरुड, त्रिलोकीनाथ, कार्तिकेय, बद्रीनारायण आदि देवीदेवताका साना ठूला प्रतिमाहरूका साथै चार धामका देवीदेवताका प्रतिमाहरू स्थापना गरिएका छन् । मन्दिर बाहिरको प्रवेशद्वार अगाडि बसेको श्वेत नन्दीको मूर्ति र नन्दीसँगै कालो प्रस्तरको घिस्सिएर चिन्न नसकिने अवस्थाको उमामहेश्वरको कलात्मक प्रतिमा स्थापना गरिएको छ । मन्दिरको मध्यभागदेखि गोलाकार भई माथितिर क्रमशः चुच्चो पर्दै गएको छ । मन्दिरमा मध्यभागदेखि नै वरिपरि अनेक शिखर मन्दिरका आकृति निर्मित छन् । मन्दिरको शिखरमा त्रिशूलसहित सुनौलो गजुर राखिएको छ ।

शिव मन्दिरको दक्षिण भागमा शिखर शैलीको कालिका देवीको मन्दिर रहेको छ । यसको तीनतिर खुला रहेको छ भने एकातिर मात्र गारो रहेको छ । यस मन्दिरको लम्बाइ, चौडाइ ९ फिट र उचाइ लगभग १८ फिट रहेको छ । सिमेन्ट, इँटाबाट निर्मित कालिकादेवी मन्दिरको गर्भगृहमा दक्षिणतिरको भित्तामा जोडेर ६ फिट अग्लो सिमेन्टको रङ्गीन सुन्दर कालिका देवीको मूर्ति स्थापित छ । यहाँ उभिएको अवस्थाको आँखा ठूला भएको, जिब्रो बाहिर निकालेको, मुण्डमाला लगाएको, ६ हातयुक्त डरलाग्दो कालिकादेवीको प्रतिमा स्थापित छ । यहाँ कालिकादेवीको प्रतिमाको साथै सानासाना अन्य प्रतिमाहरू पनि रहेका छन् । कालिका देवी मन्दिरका साथै मन्दिर परिसरमा प्रवेश गर्ने बाटोमा नै गणेशथान रहेको छ । सिमेन्टबाट निर्मित गणेश थानमा सानो घिस्सिएको अवस्थाको गणेशको प्रतिमा रहेको छ ।

### ५.१.२.८ शिव मन्दिर, रिहार, दाङ-देउखुरी

यो मन्दिर लमही नगरपालिका वडा नं. ९ रिहारमा रहेको छ । यो बगारबाबा धार्मिक क्षेत्र परिसरमा रहेको शिखर शैलीको सुन्दर सम्पदा हो । पूर्व-पश्चिम राजमार्गदेखि उत्तर तर्फको उच्च स्थानमा रहेको यो मन्दिर यहाँ रहेका अन्य सम्पदाहरूमध्ये सर्वाधिक कलात्मक तथा वास्तुकलाका दृष्टिले पनि महत्वपूर्ण छ । यो राप्ती क्षेत्रको विशुद्ध शिखर शैलीमा निर्माण भएको मन्दिर हो । यो मन्दिर वि.सं. २०३०।२०३१ सालतिर त्यहाँ आएका नागाबाबा रुद्र गिरी र माई शान्ति गिरीको सक्रियतामा पूर्व-पश्चिम राजमार्गका कर्मचारी, स्थानीयवासी तथा अन्य दाताहरूको सहयोगबाट निर्माण भएको थियो ।

यो मन्दिर १ फिट अग्लो आधार पेटीमाथि इँटा र सिमेन्टले निर्माण गरिएको छ । यस मन्दिरको लम्बाइ, चौडाइ १६ फिट र उचाइ ४ फिट रहेको छ । यसमा दक्षिणतर्फ प्रवेशद्वार निर्माण गरिएको छ । मन्दिरमा प्रदक्षिणापथको व्यवस्था छैन तर प्रवेशद्वार अगाडि गर्भगृहमा स्थापित देवताको दर्शन गर्न सिमेन्टका स्तम्भ राखी बरन्डा निकालिएको छ । गर्भगृहभित्र कालो प्रस्तरको २.४ फिट अग्लो जलहरी छ भने जलहरी मुनि सिङ्गमरमरको श्वेत शिवलिङ्ग स्थापना गरिएको छ ।

गर्भगृहका भित्तामा खोपाहरू रहेका छन् । ती खोपाहरूमा सिङ्गमरमरका गणेश, लक्ष्मी, ब्रह्माका १.३ फिट अग्ला मूर्तिहरू राखिएका छन् । प्रवेशद्वारको अगाडि प्राङ्गणमा २ फिट अग्लो पादपीठ माथि ९ से.मि. अग्लो र ६ से.मि. चौडाइ भएको नन्दीको मूर्ति स्थापना गरिएको छ । यो मन्दिर शिखर शैलीको ढाँचामा क्रमशः माथितिर चुच्चो हुँदै गएर अन्त्यमा शीर्ष भागमा सुनौलो गजुर राखिएको छ । शिखरमा अनेक प्रकारका कलात्मक बुट्टा राखेर मन्दिर आकर्षक बनेको छ ।

रिहार स्थित शिव मन्दिर विशुद्ध शिखर शैलीमा निर्मित सम्पदा हो । मन्दिरको माथिल्लो भाग माथितिर साँघुरिँदै गएर अन्त्यमा शिखरको रूपमा परिणत हुनु, गर्भगृहमा मूल देवताको प्रतिमा (शिवलिङ्ग) स्थापना गरिनु, गर्भगृहको अगाडि वाहनका रूपमा नन्दीको प्रतिमा स्थापना गरिनु तथा गर्भगृहभित्रको भित्तामा खोपाहरू राख्नु र खोपाहरूमा सम्बन्धित देवीदेवताहरूका मूर्तिहरू राखिनुले मन्दिरलाई सफल शिखर शैलीको मन्दिरका रूपमा प्रस्तुत गरेको पाइन्छ ।

### ५.१.२.९ शिव मन्दिर, सिसहनियाँ, देउखुरी, दाङ

यो मन्दिर राप्ती गाउँपालिका वडा नं. ७ बड्कासिसहनियाँमा रहेको छ । ३०० वर्ष भन्दा पुरानो मानिने यो मन्दिर शिखर शैलीको भए पनि यसमा गुम्बज शैलीको मिश्रण स्पष्ट देखिन्छ । यो मन्दिर निर्माण हुनुभन्दा अगाडि दाउराले बेरेको फुसको छाना भएको थानको रूपमा रहेको थियो । त्यही स्थानमा पछि वि.सं. १७२५ मा वर्तमान मन्दिर निर्माण गरिएको थियो भनी मन्दिरमा उल्लेख गरिएको अभिलेखबाट थाहा पाउन सकिन्छ । उक्त पुरानो मन्दिर जीर्ण भएपछि वि.सं. २०५० सालमा जीर्णोद्धार गरिएको थियो । यो मन्दिर १ फिट जतिको आधार भागमा इँटा र सुर्कीले निर्मित छ । पूर्वाभिमुख यो मन्दिर प्रदक्षिणापथसहित लम्बाइ, चौडाइ २५ फिट रहेको छ भने उचाइ लगभग २२ फिट जति रहेको छ । मन्दिरको प्रदक्षिणापथको चौडाइ चारैतिर ७ फिट रहेको छ । गर्भगृहको लम्बाइ, चौडाइ १० फिट रहेको छ । प्रदक्षिणापथ र गर्भगृहका भित्तामा तीनतिर कृष्ण चरित्रका अनेक भित्ते चित्रहरू बनाइएका छन् । मन्दिरको पहिलो भाग ढलाइ गरेको छ र त्यसमाथि शिखर निकालेको छ । शिखर निर्माणको आरम्भदेखि नै अन्य अन्य शिखरका आकृतिहरू बनाइएका छन् । शिखरको तल्लो भागमा चार दिशामा चारवटा बुर्जाहरू निकालेर बुर्जा माथि एकएक वटा त्रिशूलसहितको पित्तलका गजुर राखिएका छन् । मन्दिरको गर्भगृहको बिच भागमा १.५ फिट अग्लो सिमेन्टको जलहरी निर्माण गरी त्यही जलहरीमाथि श्वेत शिवलिङ्गको अगाडि वाहनका रूपमा नन्दीको प्रतिमा स्थापना गरिएको छ । गर्भगृहको पश्चिमतिरको भित्तामा खोपा बनाएर १.५ फिट अग्लो वीणा समातेको कमलको फूलमा विराजमान चार बाहु भएकी श्वेत सरस्वतीको मूर्ति स्थापित छ । यसै स्थानमा चार हातयुक्त बसेको १ फिट अग्लो श्वेत रङ्गको गणेशको मूर्ति पनि स्थापित छ । यी दुई मूर्तिको बिचमा पित्तलको शिवपार्वतीका मुकुटसहितका सुन्दर मूर्ति रहेका छन् भने शिव, पार्वतीको मूर्तिसँगै खटमा सानो पित्तलको गणेशको मूर्ति स्थापित छ । खोपामा स्थापित यी सबै मूर्तिहरू पुराना मानिन्छन् । मन्दिरको माथिल्लो भागमा बुट्टेदार त्रिशूल सहितको गजुर राखिएको छ ।

सिसहनियाँ स्थित शिव मन्दिर राप्ती क्षेत्रको शिखर शैलीको महत्वपूर्ण मन्दिरममा गणना हुन्छ । ३०० वर्षभन्दा पुरानो हुनु र मन्दिरमा प्राचीन शैलीको प्रयोग हुनुले मन्दिरलाई विशेष महत्वपूर्ण तुल्याएको छ । ढलाइ गरिएको भागलाई प्रदक्षिणापथको रूपमा राखेर त्यसमाथि शिखर शैलीको मन्दिर निर्माण हुनु आफैमा मौलिक शैली हो । शिखर

शैलीको मन्दिर भए पनि विशुद्ध शिखर शैलीमा जसरी मन्दिरको माथिल्लो भाग चुच्चो हुँदै जानुपर्थ्यो त्यसरी नगई गुम्बज शैलीको अनुकरणमा माथि उठाई माथिल्लो भागमा गजुर राखेर यसले गुम्बजको लक्षण समेत ग्रहण गरेको देखिन्छ । मन्दिरको माथिल्लो भागमा चारै कुनामा चारवटा बुर्जा राखिनुले मुगल शैलीको समेत सिको गरेको देखिन्छ । मन्दिरको माथिल्लो भागमा शिखर मन्दिरका अनेक आकृतिले कलात्मक तुल्याउनु यस मन्दिरको विशिष्ट पक्ष हो ।

### ५.१.२.१० शेर मुक्तेश्वर शिवालय, बाहुनठाना, रुकुम

यो शिवालय सिस्ने गाउँपालिका वडा नं. ७ बाहुनठाना रुकुममा रहेको छ । यस मन्दिरको स्थापना आजभन्दा एकसय वर्षभन्दा बढी पहिले भएको पाइन्छ । कला तथा वास्तुकलाका दृष्टिले महत्वपूर्ण यो शिवालय निकै सुन्दर छ । यो स्थापनाको समयदेखि जीर्णोद्धार तथा कुनै सुधार गरिएको छैन । त्यसैले यस शिवालयको मौलिक स्वरूपमा कुनै परिवर्तन भएको देखिँदैन । यो शिवालय तीन फिट अग्लो तीनतहको आधार पेटीमाथि इँटा, सुर्की र चुनको प्रयोग गरी निर्माण गरिएको छ । मन्दिरको लम्बाइ, चौडाइ ९.३ फिट र उचाइ लगभग २४ फिट रहेको छ । मन्दिरको गर्भगृहमा चेप्टो ढुङ्गाको दुई तहको फल्याकको पादपीठ माथि कालो जलहरिसहितको ०.५ फिट अग्लो शिवलिङ्ग स्थापित छ । गर्भगृहको भित्ताका खोपाहरूमा गणेश, शिव, कुमार, उमामहेश्वरका घिसिएका चिन्न नसकिने देवीदेवताका मूर्तिहरू रहेका छन् । मन्दिरको भित्तामा हनुमानको र मन्दिर प्रवेशद्वार अगाडि ३ फिट अग्लो आधार स्तम्भमाथि कालो प्रस्तरमाम बसेको नन्दीको प्रतिमा स्थापित छ । यो नन्दीको मूर्ति २.३ फिट लामो र १.९ फिट अग्लो रहेको छ । यस मन्दिरममा प्रदक्षिणापथको व्यवस्था छैन । मन्दिरमा दक्षिणाभिमुख एउटा कलात्मक काठको प्रवेशद्वार छ । गुम्बज शैलीको मिश्रण देखिने यस मन्दिरको शीर्षभागमा पित्तलको सुन्दर गजुर राखिएको छ । पहिले देव शमशेरले मन्दिर स्थापना गरेपछि मन्दिरको नित्य पूजा होस् भनी केही जग्गा गुठीको रूपमा राखिदिएका थिए । तर, अहिले आएर त्यो जग्गा व्यक्तिहरूले आफ्नो नाममा दर्ता गरी सकेका छन् । जिल्ला प्रहरी कार्यालयको परिसरभित्र शिवालय पर्ने हुँदा यसको आवश्यक संरक्षण तथा व्यवस्थापन पनि जिल्ला प्रहरी कार्यालय पूर्व रुकुमले गर्दै आएको छ ।

### ५.१.२.११ सिद्धरत्ननाथ मठ

यो मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १७ मा रहेको छ । सिद्धरत्ननाथको मूल मन्दिर रहेको स्थानमा पहिले एउटा सानो मन्दिर थियो । त्यसै मन्दिरमा पात्रदेवताको स्थापना गरी पूजाआजा हुन्थ्यो । संवत् १८९१ को एउटा लामोहरमा चौघेरा देवालय बनाउनका लागि लकडी आदि व्यवस्था गर्नु भनी चौतरिया दक्ष शाहलाई भनेको विषय हेर्दा चौघेरा मठमा पुरानो मन्दिर भत्किएकोले यस स्थानमा नयाँ मन्दिर बनाउन आवश्यक परेको अनुमान हुन्छ (शर्मा, २०४३, पृ. १५) । यसबाट यस स्थानमा पहिलेदेखि नै मन्दिर रहँदै आएको र समय समयमा पुराना मन्दिर जीर्ण भएपछि नयाँ मन्दिर निर्माण गरिँदै आएको देखिन्छ । हालै पनि पुरानो मन्दिर जीर्ण भएकोले पुनः नयाँ मन्दिर निर्माण भएको छ ।

सिद्धरत्ननाथको मूल मन्दिर वि.सं. २००८ सालमा नाथ सम्प्रदायको निर्णय बमोजिम शिखर शैलीमा निर्माण गरिएको थियो । त्यसमा सिद्धरत्ननाथ पात्रदेवता, भैरव र बाला सुन्दरीका मूर्तिहरू स्थापना गरिएका थिए । त्यो संरचना जीर्ण भए पछि वि.सं. २०७६ सालदेखि पुरातत्व विभागले सिद्धरत्ननाथको नयाँ मन्दिर निर्माण आरम्भ गरी वि.सं. २०७९ सालमा निर्माण सम्पन्न भएको थियो । पुरानो मन्दिर २७.११ फिट लम्बाइ-चौडाइ र लगभग ४ फिट उचाइ रहेको थियो । उक्त मन्दिरको गारो इँटा र चुना सुर्कीबाट निर्माण गरिएको थियो ।

सिद्धरत्ननाथ मन्दिर ४.५ फिट अग्लो आधार पेटी माथि निर्माण गरिएको छ । यस मन्दिरको लम्बाइ ३१ फिट, चौडाइ ३० फिट र उचाइ लगभग ३५ फिट जति छ । मन्दिरको प्रवेशद्वारसम्म पुग्न ६ तहको सिँढीहरू रहेका छन् । मन्दिर इँटा र चुना सुर्कीले निर्माण गरिएको छ । मन्दिरको पश्चिम भागमा २ वटा कलात्मक चौकोस सहितका प्रवेशद्वारहरू छन् । यसको गर्भगृहमा दुईवटा कोठाहरू रहेका छन् । दक्षिण कोठामा सिद्धरत्ननाथको मूर्ति स्थापना गरिएको छ । उत्तरतिरको खण्डमा भैरवको मूर्ति स्थापना गरिएको छ । गर्भगृहका दुवै खण्डमा पूर्व दिशातर्फ एकएक वटा आँखी झ्याल रहेका छन् । गर्भगृहको खण्ड अनुसार रहेका ढोकाका पल्लाहरूमा सिद्धरत्ननाथ र भैरवनाथका मूर्तिहरू कुँदिएका छन् ।

मन्दिरको शिखर सुरु हुने मन्दिरको मध्य भागको चारै कोणमा रहेका बुर्जामा मुख बाएर जिब्रो निकालेका सिंहहरू राखिएका छन् । मन्दिरको शिखर सुरु हुने मध्यभागमा चारै दिशामा साना शिखर शैलीका मन्दिर निर्माण गरिएको छ । मन्दिरको शीर्ष भागमा कलात्मक पित्तलको एउटा कलात्मक गजुर राखिएको छ ।

सिद्धरत्ननाथ मन्दिर राप्ती क्षेत्रको विशिष्ट शिखर शैलीको नमुना हो । यो मन्दिर पर्याप्त उचाइ भएको आधार पेटीमाथि निर्माण गरिएको छ । यो मन्दिर पनि पिरामिड जस्तै माथितिर चुच्चो पर्दै गएको छ । शिखर शैलीका मन्दिरमा प्रायः झ्याल राखिँदैन, तर, यस मन्दिरमा दुईवटा झ्यालहरू रहेका छन् । मन्दिरमा कलात्मक गजुर राखिएको छ । यसमा प्रदक्षिणापथको साटो मन्दिर वरिपरि परिक्रमा गर्ने स्थान छ तर त्यसमा छानाको व्यवस्था छैन । मूल मन्दिरको गर्भगृहमा मूल देवता स्थापना गरिने शास्त्रीय विधि भए पनि यस मन्दिरको गर्भगृहलाई दुई खण्डमा बाँडिएको छ । दुवै कोठामा भिन्न भिन्न देवताका मूर्तिहरू स्थापना गरिएका छन् । यस मन्दिरको समग्र निर्माण शैली हेर्दा यसमा गुम्बज र मुगल शैली समेतको विशेषता रहेको देखिन्छ । यस मन्दिरमा पनि चतुष्कोणाकारको गारो उठाई माथि घण्टाकृतिको छानो निर्माण गर्ने प्रवृत्ति पाइन्छ ।

**५.१.२.१२ हंशेश्वर शिवालय, गाबरडिहा, देउखुरी दाङ**

यो मन्दिर गढवा गाउँपालिका वडा नं. ३ गोबरडिहामा रहेको छ । यो देउखुरी क्षेत्रमा रहेको पुरानो, निर्माणका दृष्टिले सुन्दर र भव्य मन्दिर हो । हंशेश्वर महादेवको मन्दिर भएको स्थानमा यसभन्दा अगाडि कुनै पुरानो संरचना थिएन । अतः यो नै पुरानो संरचना हो । यो मन्दिर यस क्षेत्रको शिखर शैलीको सुन्दर नमुना हो । यो मन्दिर इँटा र सुर्कीबाट निर्माण गरिएको छ । मन्दिरको गोलाइ ६० फिट, उचाइ लगभग ६० फिट नै रहेको अनुमान गर्न सकिन्छ । गोलो आकारमा रहेको मन्दिरमा ६.५ फिट फराकिलो प्रदक्षिणापथ रहेको छ भने प्रदक्षिणापथ निर्माण गर्नका लागि बाहिर १६ वटा स्तम्भहरूले छत अड्याइएको छ । मन्दिरको प्रदक्षिणापथभित्र अगाडिको भित्तामा चार बाहुयुक्त गणेश र पहाड उठाउन थालेका हनुमानका सुन्दर मूर्ति स्थापित छन् । यी दुवै मूर्ति सिम्रिक रङ्गका छन् र मूलद्वारको एकातिर हनुमान र अर्कोतिर गणेशको मूर्ति रहेको छ । मन्दिरभित्र गर्भगृहमा २.५ फिट अग्लो जलहरीसहितको कालो प्रस्तरको शिवलिङ्ग स्थापित छ । यस शिवलिङ्गमा जलहरी गाग्रो आकारको लगभग जमीनदेखि १.५ फिट अग्लो र जलहरीमाथि कालो पत्थरको शिवलिङ्ग रहेको छ । शिवलिङ्ग अगाडि कालो प्रस्तरको नन्दीको मूर्ति

स्थापना गरिएको छ । गर्भगृहको भित्ताका खोपाहरूमा पित्तलका हनुमान, भगवती, विष्णु, गणेशका सुन्दर मूर्तिहरू स्थापित छन् । गर्भगृहमा जलप लगाएको कृष्णको मूर्ति रहेकोमा वि.सं. २०४४ सालमा चोरी भएपछि त्यस स्थानमा हनुमानको मूर्ति स्थापना गरिएको हो (अन्तर्वार्ता-भुवनेश्वर चौधरी) । मन्दिरको मध्यभागमा चारैतिर जालीदार रेलिङ निर्माण गरी अगाडिको भागमा रेलिङमाथि बसेका पुच्छर टाउकोमा लगेका, मुख बाएका दुईवटा बाघका मूर्तिहरू राखिएको छ । मन्दिरको शिखरमा अनेक अन्य शिखर मन्दिरका बुट्टाहरू तथा आकृतिहरू कुँदिएको छ । शिखरको माथिल्लो भागमा फूल जस्तो आकार निर्माण गरी पित्तलको सुन्दर एउटा गजुर राखिएको छ । गजुर माथि पित्तलकै एउटा त्रिशूल पनि रहेको छ । मन्दिरको सम्पूर्ण भाग कलाकारिताले भरिएको छ । यस मन्दिरमा पनि माथिल्लो भागमा शिखर चुच्चो हुँदै जानुको साटो गुम्बज आकार निर्माण भएको छ ।

हंशेश्वर शिवालय राप्ती क्षेत्रको शिखर शैलीको सुन्दर सम्पदा हो । तर, यस मन्दिरमा कयौं मौलिकता र अन्य शैलीको मिश्रण भेटिन्छ । शिखर शैलीको मन्दिर वर्गाकार वा चौपाटे हुने शास्त्रीय विशेषता रहेको छ, तर, यो मन्दिर गोलाकार छ । मन्दिरमा फराकिलो प्रदक्षिणापथको निर्माण हुनु र गर्भगृहमा शिवलिङ्ग स्थापना गरी यसका अगाडि नन्दीको मूर्ति स्थापनाले शास्त्रीय पक्षको अनुशरण गरेको छ । मन्दिरको प्रदक्षिणापथमा जाने अर्धवृत्ताकार बाहिरी खुला प्रवेशद्वारहरूले मुगल शैलीको सिको गरेका छन् । मन्दिरको शिखर भागमा आरम्भदेखि नै अनेक शिखर मन्दिरका आकृति प्रस्तुत गर्ने बुट्टाहरू र शिखरको माथिल्लो भागमा राखिएको गजुरले मन्दिरलाई कलात्मक र आकर्षक तुल्याएका छन् ।

### ५.१.२.१३ त्रिपुरेश्वरी मन्दिर, खुङ्ग्री, रोल्पा

यो मन्दिर सुनिलस्मृति गाउँपालिका वडा नं. २ खुङ्ग्रीमा रहेको छ । यो राप्ती क्षेत्रको प्रसिद्ध धार्मिक स्थल हो । सतीदेवीको अङ्ग पतन भएको कारण शक्तिपीठको उत्पति भएको विश्वास गरिने हुँदा यसको इतिहास प्राचीन देखिन्छ । त्रिपुरेश्वरी भगवती मन्दिरमा रहेका विभिन्न संरचना तथा दर्शनीय स्थलहरूमध्ये त्रिपुरेश्वरी भगवतीको मन्दिर प्रमुख र सबैभन्दा पुरानो संरचना हो । यो मन्दिर पहिले सानो चारैतिर पर्खाल लगाएको छाना नभएको खुला रूपमा रहेको थियो । तर, पछि वि.सं. २०४९ सालमा स्व. माता धना भारतीको पूण्यस्मृतिमा खुङ्ग्री निवासी स्व. दुर्गालाल भारतीको सहयोगबाट यो मन्दिर निर्माण भएको थियो । १ फिट अग्लो एक हातको आधार पेटिमाथि निर्माण गरिएको यो मन्दिर शिखर शैलीमा रहेको छ । सिमेन्ट र ढुङ्गाबाट निर्मित भगवती मन्दिरको प्रवेशद्वार

पूर्वतिर रहेको छ भने अन्य द्वारहरू फलामका छन् । मन्दिरको लम्बाइ ८.९ फिट, चौडाइ ८.४ फिट र उचाइ लगभग १४ फिट रहेको छ । यस मन्दिरमा प्रदक्षिणापथको व्यवस्था छैन । मन्दिरको गर्भगृहमा ६ इञ्च अग्लो सिंहमाथि चढेकी, चार बाहुयुक्त त्रिपुरेश्वरी भगवतीको श्वेत प्रस्तरको सुन्दर मूर्ति रहेको छ । मूर्तिको अगाडि कालो, गोलो प्रस्तर रहेको छ । यो प्रस्तर मन्दिर उत्पत्तिसँगै पाइएको ठानिन्छ । मन्दिरको छाना वा शिखरमा सानो सिमेन्टको गजुर जस्तो बनाइएको छ भने गजुरसँगै त्रिशूल पनि राखिएको छ । खासगरी मन्दिर वास्तुशास्त्र अनुसार भगवतीको मन्दिरमा त्रिशूल राख्ने चलन नभए पनि यहाँ भगवतीको मन्दिरमा त्रिशूल राखिएको छ । कलाकृतिका दृष्टिले मन्दिर कमजोर देखिन्छ ।

**मन्दिर परिसरका अन्य सम्पदाहरू**

त्रिपुरेश्वरी भगवती मन्दिर परिसरमा अन्य देवीदेवताका मन्दिरहरू पनि रहेका छन् । निकै ठूलो क्षेत्रफलमा निर्माण गरिएको मन्दिर परिसरमा कुनै पनि संरचनाहरू वि.सं. २०३२ सालसम्म निर्माण भएका थिएनन् । त्यस समयसम्म एउटा सालको वृक्षमुनि देवीको प्रतीक शिला राखेर पूजा गरिन्थ्यो । यही शिला नै सतीदेवीको कण्ड्यौलोको सङ्केत हो भनिन्छ । पछि आएर मूल भगवतीको मन्दिर निर्माण गरियो र मन्दिर वरिपरि देवीदेवताका मन्दिरहरू निर्माण गरियो । यसबाट यो मन्दिर परिसर देवी पाञ्चायनको रूपमा विकास हुन गयो । देवी पाञ्चायनमा मुख्य देवी र त्यसको वरिपरि गणेश, विष्णु, सूर्य रहने विधिविधान रहेको छ । त्यसै विधिविधान अनुसार यहाँ पनि मन्दिरहरू निर्माण गरिएको छ । यहाँ रहेका शिखर शैलीका अन्य मन्दिरहरू निम्न बमोजिम छन् ।

**क) शिव मन्दिर**

शिव मन्दिर त्रिपुरेश्वरी भगवतीको मन्दिरभन्दा दक्षिणमा रहेको छ । यो वि.सं. २०५० साल असोज २५ गते स्व. रूपलाल गिरीको पूण्यस्मृतिमा छोरा हुमलाल गिरीद्वारा निर्माण गरिएको हो भन्नेबारे यस मन्दिरमा राखिएको शिलालेखद्वारा जानकारी हुन्छ । एकतहको १ फिट अग्लो आधार पेटीमाथि प्रदक्षिणापथ नभएको मन्दिरको लम्बाइ, चौडाइ ६.९ फिट रहेको छ भने उचाइ ९ फिट रहेको छ । मन्दिर प्रवेशद्वार उत्तरतिर फर्केको छ भने द्वार साधारण फलामबाट बनाइएका छन् । शिखर शैलीको यो मन्दिरको माथिल्लो छानाको चारकुनामा र माथि गजुरसँगै फणा फिँजाएका चारवटा र माथि गजुरसँगै एउटा कालो नागको आकृति रहेको छ । गर्भगृहको बिचमा श्वेत प्रस्तरको पादपीठसहितको

लगभग ५ इञ्च अग्लो सुन्दर शिवलिङ्ग स्थापित छ । शिवलिङ्गमाथि तामाको नाग आकृति रहेको छ। यस श्वेत शिवलिङ्गको पछाडि गर्भगृहमै पादपीठसहितको अर्को लगभग ६ इञ्च अग्लो शिवलिङ्ग पनि स्थापित छ। यो पुरानो जस्तो देखिन्छ। शिखर माथि एउटा ढलोटको गजुर राखिएको छ।

**ख) गणेश मन्दिर**

त्रिपुरेश्वरी भगवतीको मन्दिरभन्दा केही पश्चिमतिर शिखर शैलीको गणेश मन्दिर रहेको छ । यो मन्दिर वि.सं. २०५० साल असोज ३ गते स्व. छोरी लक्ष्मीदेवी गिरीको स्मृतिमा आमा बालकुमारी गिरीद्वारा निर्माण गरिएको शिलालेखमा उल्लेख गरिएको छ। यो मन्दिर एकतहको १ फिट अग्लो पेटिमाथि प्रदक्षिणापथविना इँटा सिमेन्टबाट निर्माण गरिएको छ । यसको लम्बाइ-चौडाइ ६ फिट र उचाइ ८.५ फिट रहेको छ । मन्दिरमा पूर्वतर्फ फलामको प्रवेशद्वार रहेको छ। मन्दिरको गर्भगृहमा श्वेत प्रस्तरको चार हातयुक्त १.५ फिट अग्लो सुन्दर गणेशको मूर्ति रहेको छ । मन्दिरको शीर्षभागमा ढलोटको एउटा गजुर राखिएको छ।

**ग) सूर्य मन्दिर**

त्रिपुरेश्वरी भगवतीको मन्दिरभन्दा केही पूर्वतिर शिखर शैलीको सूर्यको मन्दिर निर्माण गरिएको छ। यो मन्दिर रुकु गिरीले आफ्ना स्व. पिता यदु गिरीको स्मृतिमा वि.सं. २०६७ सालमा निर्माण गरेको पाइन्छ । ८ इन्च अग्लो आधार पेटीमाथि प्रदक्षिणापथ नभएको यस मन्दिरको लम्बाइ, चौडाइ ६.४ फिट र उचाइ १२ फिट रहेको छ । यस मन्दिरको निर्माण इँटा र सिमेन्टको गारो लगाई भएको छ । मन्दिरको गर्भगृहमा श्वेत प्रस्तरको ८ इञ्च अग्लो पलेटी कसी बसको चार हातयुक्त सुन्दर सूर्यको मूर्ति स्थापना गरिएको छ। यसमा पूर्वाभिमुख काठको सानो प्रवेशद्वार छ भने मन्दिरको माथिल्लो भागमा सिमेन्टको गजुर राखिएको छ।

राप्ती क्षेत्र शिखर शैली मठ-मन्दिरका दृष्टिले पनि महत्वपूर्ण देखिन्छ । विवेच्य क्षेत्रमा रहेका शिखर शैलीका सम्पदाहरूमा तीन किसिमको अवस्था देखियो । पहिलोमा विशुद्ध शिखर शैलीको विशेषता भएका शिव मन्दिर (दक्षिण पिपरी दाङ), शिव मन्दिर शंखमूल (सल्यान), छत्रेश्वरी मन्दिर, शिव मन्दिर (रिहार, दाङ), ऐरावती मन्दिर आउँछन् । दोस्रोमा गुम्बज-मुगल आदि शैली मिश्रित भएका हंशेश्वर शिवालय (गोबरडिहा, दाङ),

सिद्धरत्ननाथ मन्दिर (दाङ), शिव मन्दिर (उत्तर पिपरी, दाङ), आदि छन् । तेस्रो प्रकारमा शिखर शैलीको शास्त्रीयतासँग केही भिन्न देखिने मौलिकता एवं लौकिकता प्रस्तुत हुने चतुर्भुज शिव पाञ्चायन मन्दिर (रोल्पा), देवलस्थान शिव मन्दिर (रुकुम), शेरमुक्तेश्वर शिवालय (रुकुम) आदि पर्छन् ।

पछिल्लो समयमा शिवालयका ढाँचामा शिखर शैली वास्तुकलाको प्रचलन चलेको पाइन्छ । यी शिवालयहरूमा चतुष्कोणाकारको गारो उठाई माथि घण्टाकृतिको छानो निर्माण गरिन्छ (शर्मा, २०६०, पृ. १०१) । यस प्रकारको शैलीगत प्रवृत्ति राप्ती क्षेत्रका शिखर शैलीका मन्दिरहरूमा पनि देखिन्छन् ।

यहाँ राप्ती क्षेत्रमा रहेका शैलीका दृष्टिले विशेष महत्व राख्ने प्रतिनिधिमूलक शिखर शैलीका मठ-मन्दिरहरूको वास्तुकला विश्लेषण गरियो । विवेच्य क्षेत्रमा यिनका अतिरिक्त गोरखनाथ मनकामना मन्दिर (सवारीकोट, दाङ), मृत्युञ्जय गोरखनाथ मन्दिर (चौपट्टा, दाङ), महाकाली मन्दिर (कोइलाबास, दाङ), शिव मन्दिर (कोइलाबास, दाङ), माईको मन्दिर ( साँखदह, रुकुम), रत्नेश्वर महादेव मन्दिर (चौघेरा, दाङ), शिव मन्दिर (खलंगा, सल्यान) आदि रहेका छन् ।

## ५.१.३ गुम्बज शैलीका सम्पदा

तले शैली र शिखर शैलीको तुलनामा गुम्बज शैलीका मठ-मन्दिरहरूको सङ्ख्या थोरै छ । यस शैलीको प्रयोग पूर्वमध्यकालदेखि नै भएको पाइन्छ । यस शैलीका मन्दिरहरू प्रायः एक तहको आधार पेटीमाथि निर्मित हुन्छन् । मन्दिर प्रायः तल चतुष्कोणाकार वा वर्गाकार भई माथि अर्धवृत्ताकार गुम्बज गोलाकार बनाइएको हुन्छ । गुम्बजको माथिल्लो भागमा गजुर र मन्दिरको मध्यभागमा मुख्य देवताको मूर्ति वा प्रतीक प्रतिमा स्थापना गरिन्छ । यस प्रकारका मन्दिरहरूमा धातु वा काठको कम प्रयोग हुन्छ । यसमा तुलनात्मक रूपमा चौडा गारो रहन्छ । गारोलाई सुरक्षित राख्न रातो वा सेतो वज्रलेपन गर्ने प्रवृत्ति रहन्छ । मन्दिरभित्र प्रवेश गर्न प्रायः अर्धवृत्ताकार (Arch) प्रवेशद्वार निर्माण गरिएको हुन्छ ।

राप्ती क्षेत्रमा पनि गुम्बज शैलीका मन्दिरहरू निर्माण भएको पाइन्छ । यस शैलीका मन्दिरहरूमा अन्य शिखर, तले र मुगल शैलीहरू समेतको मिश्रण भेटिन्छ । कतै कतै मौलिक लोकशैलीको समेत प्रयोग गरेको अवस्था उपलब्ध हुन्छन् । यहाँ राप्ती क्षेत्रमा उपलब्ध केही गुम्बज शैलीका मठ-मन्दिरहरूको वास्तुकला विश्लेषण गरिएको छ ।

### ५.१.३.१ पिचाशेश्वर महादेव मन्दिर, छायाँक्षेत्र, सल्यान

यो शिवालय छत्रेश्वरी गाउँपालिका वडा नं. ६ छायाँक्षेत्र सल्यानमा रहेको छ । छत्रेश्वरी शक्तिपीठ राप्ती क्षेत्रको प्रसिद्ध धार्मिक आस्थाको केन्द्र हो । सतीदेवीका बाँकी अङहरू पतन भएपछि उत्पत्ति भएको मानिने यस स्थललाई स्वस्थानी व्रतकथामा वर्णित प्रसङ्गसँग जोडेर प्राचीन धार्मिक प्रतिष्ठानका रूपमा लिइन्छ । यस स्थलमा छत्रेश्वरी शक्तिपीठका अतिरिक्त अन्य मठ-मन्दिरहरू पनि निर्माण गरिएका छन् । ती अन्य संरचनाहरूमध्ये पिचाशेश्वर महादेव मन्दिर पनि महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा हो । यो मन्दिर गुम्बज शैलीमा रहेको छ । छत्रेश्वरी मन्दिरभन्दा केही उत्तर पूर्वीभागमा रहेको यो मन्दिर वि.सं. २०५२ सालमा दाङ मानपुर निवासी महादेव प्रसाद र रामप्रसाद पट्टे बनियाँको सहयोगबाट निर्माण भएको हो । यो कुराको जानकारी मन्दिरको भित्तामा राखिएको शिलालेखबाट पाइन्छ । यहाँ पिचाशेश्वर महादेव मन्दिरको वास्तुकला विश्लेषण गरिएको छ ।

१ फिटको एउटा आधार पेटीमाथि निर्माण गरिएको पिचाशेश्वर महादेव मन्दिर इँटा र सिमेन्टबाट बनेको छ । यसको लम्बाइ, चौडाइ १० फिट र उचाइ लगभग १४ फिट जति रहेको छ । यस मन्दिरको दक्षिण दिशामा फर्केको प्रवेशद्वार छ । यसको प्रवेशद्वार फलामको पाताले बनेको छ ।

मन्दिरको गर्भगृहमा पादपीठ सहितको कालो प्रस्तरको शिवलिङ्ग स्थापना गरिएको छ । प्रवेशद्वारको अगाडि प्राङ्गणमा स्तम्भ उठाइ त्यसमाथि कालो प्रस्तरको बसाहाको मूर्ति स्थापना गरिएको छ । मन्दिरमा प्रदक्षिणापथको व्यवस्था गरिएको छैन, तर, मन्दिर वरिपरि प्रदक्षिणापथको रूपमा पेटी निर्माण गरिएको छ । मन्दिरको भित्तालाई सुरक्षित राख्न रातो र पहेँलो रङ्गको बज्रलेपन गरिएको छ ।

चतुष्कोणाकारमा (वर्गाकार) बनेको यस मन्दिरको निश्चित उचाइमा पुगेपछि चारकुनामा शिखर शैलीका साना मन्दिरहरू बनाइएको छ । ती साना मन्दिरहरूको शीर्ष भागमा पित्तलका गजुरहरू राखिएका छन् । मन्दिरमा यसै उचाइबाट गुम्बजाकार निर्माण गरी गुम्बजको शीर्षभागमा पित्तलको गजुर राखिएको छ ।

पिचाशेश्वर महादेव मन्दिरमा चतुष्कोणाकारमा गारो उठाई निश्चित उचाइमा गुम्बज बनाएर गुम्बज शैलीको अनुशरण गरिएको छ । गुम्बज शैलीमा शिखर र तले

शैलीका विशेषता समेत पाइने सन्दर्भमा यस मन्दिरमा पनि निश्चित उचाइमा चारकुनामा शिखर शैलीका चारवटा साना मन्दिरहरू निर्माण गरेर तिनमा गजुर राखिएको छ । अतः यो गुम्बज शैलीमा निर्मित सुन्दर मन्दिर हो ।

### ५.१.३.२ मन्ठोऱ्या भवानी मन्दिर, अमराई, दाङ

मन्ठोऱ्या भवानी मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १० उत्तर अमराईमा रहेको छ । यो मन्दिर कहिले बन्यो र कसले निर्माण गऱ्यो भन्ने विषय अन्यौल छ । जनश्रुति अनुसार यसको सम्बन्ध पाटेश्वरी देवीसँग देखाइएको हुँदा यो धेरै पुरानो सम्पदा हो भन्ने विश्वास गरिन्छ । यस स्थलमा दाङको थारू समुदायले पूजा गर्ने परम्परा छ । यहाँ मन्ठोऱ्या भवानीको पूजा भएपछि मात्रै सिद्धरत्ननाथ मठ चौघेरामा पनि रोट भोग चढ्ने पुरानो परम्परा छ ।

मन्ठोऱ्या भवानी मन्दिर राप्ती क्षेत्रको गुम्बज वास्तुकलाको सुन्दर नमुना हो । यो मन्दिर पूर्ण नभई निर्माणाधीन अवस्थामै छोडिएको विश्वास गरिन्छ । सुरुको संरचना ७.१० मिटर लम्बाइ, चौडाइ रहेको थियो । मन्दिर निर्माणमा प्रयोग भएका इँटाहरू २३ से.मि. लम्बाइ १५ से.मि. चौडाइ र ६ से.मि. मोटाइका थिए । चुना सुर्की र माटोबाट गारो जोडिएको थियो । चारै दिशामा २.१० मिटर अग्लो, १.३० मिटर चौडाइ भएका अर्धवृत्ताकार प्रवेशद्वारहरू थिए । मन्दिरको गर्भगृहको मध्यभागमा जमीनदेखि ६० से.मि. आधार भाग उठाई २.५ फिट अग्लो शिवलिङ्ग रहेको थियो । शिवलिङ्गको ठिक पछाडि एउटा प्रस्तर स्तम्भ गाडिएको थियो । मन्दिरभित्र चारैतिर अर्धवृत्ताकार खोपाहरू थिए । मन्दिरको बाहिरी भागमा ३.५ मिटर उचाइसम्म वर्गाकार स्वरूपमा गारो उठेको र त्यसभन्दा माथि गोलाकार गुम्बज बनाइएको थियो । तर, गुम्बज भाग जीर्ण भई खसेको थियो ।

यसै स्थलमा पछि वि.सं. २०७२ तिर पुरातत्व विभागले पुरानै स्वरूप र शैलीमा मन्ठोऱ्या भवानीको नयाँ मन्दिर निर्माण गरेको छ । यो मन्दिर इँटाको एक तहको आधार पेटी माथि इँटाको गारो लगाइएको छ । गारोको चौडाइ ४.५ फिट छ । मन्दिरको लम्बाइ २३.७ फिट, चौडाइ २४ फिट र गुम्बजदेखि पेटीसम्मको उचाइ करीब ११.९ फिट रहेको छ ।

मन्दिरको चारै दिशामा प्रवेशद्वारहरू रहेका छन् तर मुख्य प्रवेशद्वार पूर्वाभिमुख छ । मन्दिरको गर्भगृहको मध्यभागमा प्रस्तर शिवलिङ्ग स्थापना गरिएको छ । शिवलिङ्गको योनी

स्वरूपको आधार पीठिका ९ फिटको व्यासमा छ । हाल शिवलिङ्ग र आधार पीठिकाको टुप्पातिरको भाग खण्डित छ । योनी स्वरूप आधार पीठिकामा संभवतः पूजा गर्दा प्रयोग गरिने जल बगाउनका लागि वरिपरि सानो कुलो काटिएको छ । शिवलिङ्गको पछाडि ३.८ फिट लम्बाइ, १ फिट चौडाइ र आधा फिट मोटाइ रहेको कलात्मक प्रस्तर स्तम्भ गाडिएको छ । यस स्तम्भको माथिल्लो भागमा सानो खोपो बनाएर त्यसमा तेलीय पाला राखिएको छ । यसको माथि पर्ने गरी एउटा घण्ट झुण्डाइएको छ भने नजिक त्रिशूल गाडिएको छ । मन्दिर भित्र आठ वटा कुनाहरू छन् । आठवटै भागमा खोपाहरू राखिएका छन् । भित्री भागमा गुम्बज सुरु हुने उचाइदेखि तल र चतुष्कोण भएको मूल गारो सकिएभन्दा माथि रहेको बीचको भागमा १६ वटा करीब १×२ फिटको खोपाहरू छन् । पहिले यस मन्दिरको द्वारमा प्रस्तरका स्तम्भ प्रयोग भएका थिए ।

त्यसै गरी खोपा निर्माणमा समेत कलात्मक प्रस्तरहरूको प्रयोग भएको देखिन्थ्यो । हाल ती प्रस्तरहरू बाहिर छरिएर रहेका छन् । बाहिर गुम्बजाकार भागको उचाइ चतुष्कोणाकार गारोकै बराबर देखिन्छ ।

मन्दिरको बाहिरी भागमा चतुष्कोणाकार ११.९ फिट उचाइ रहेको तहमा चारै कोणमा गुम्बजाकार साना मन्दिर बनाई एकएक वटा पित्तलका गजुर राखिएको छ । मन्दिरको गुम्बजाकारको शीर्ष भागमा पित्तलको ठूलो गजुर राखिएको छ । मन्दिरको सुरक्षाका लागि बज्र लेपन गरिएको छ ।

यो विशुद्ध गुम्बज शैलीको मन्दिर हो । एक तहको पेटी माथि मन्दिर निर्माण हुनु, तल्लो भाग चतुष्कोणाकार हुनु, निश्चित उचाइपछि गुम्बज उठाइनु र माथिल्लो भागमा गजुर राखिनु यसका विशेषता रहेका छन् । त्यसैगरी गर्भगृहको मध्य भागमा मूर्ति (शिवलिङ्ग) स्थापना गरिनु, काठ प्रयोग नहुन तथा धातुको न्यून प्रयोग हुनु र पाको इँटाको धेरै चौडाइ भएको गारो लगाइनु पनि गुम्बज शैलीका विशेषता हुन् । अतः मन्ठोऱ्या भवानी मन्दिर निर्माणमा पूर्णस्वरूपले गुम्बज शैलीको अनुशरण गरिएको छ ।

### ५.१.३.३ शिव मन्दिर, उत्तर पिपरी, देउखुरी, दाङ

यो मन्दिर राप्ती गाउँपालिका वडा नं. ८ उत्तर पिपरी देउखुरी दाङमा रहेको छ । यो मन्दिर राप्ती क्षेत्रको गुम्बज शैलीको महत्वपूर्ण सम्पदा हो । वि.सं. १९९९ सालमा निर्माण भएको यो मन्दिर हाल जीर्ण अवस्थामा रहेको छ ।

यो मन्दिर आधा फिट जतिको आधार पेटीमाथि इँटा र चुना सुर्की प्रयोग गरेर गारो उठाइएको छ । मन्दिर ४८ फिट वृत्ताकारमा निर्मित छ । मन्दिरको उचाइ करीब ३६ फिट रहेको छ । मन्दिरमा ७ फिटको प्रदक्षिणापथ व्यवस्था गरिएको छ । प्रदक्षिणापथमा प्रवेश गर्नका लागि ६ वटा अर्धवृत्ताकार कलात्मक खुला प्रवेशद्वारहरू छन् । प्रदक्षिणापथदेखि गर्भगृहमा प्रवेश गर्नका लागि पूर्व दिशामा एउटा काठको द्वार रहेको छ । गर्भगृहभित्र १ फिट अग्लो प्रस्तरको शिवलिङ्ग स्थापना गरिएको छ । गर्भगृहको भित्तामा खोपाहरू निर्मित छन् र ती खोपाहरूमा श्वेत प्रस्तरका गणेश, शिव-पार्वतीका मूर्तिहरू राखिएका छन् । शिवलिङ्ग अगाडि शिव पार्वतीको सम्मुख पारेर श्वेत प्रस्तरकै नन्दीको प्रतिमा स्थापना गरिएको छ ।

यो मन्दिर दुई तहमा माथि उठाइएको छ । पेटीदेखि करीब १६ फिट जति उचाइको भागसम्म ४८ फिटको गोलाइ रहेको छ भने त्यसभन्दा माथि मध्यभागमा करीब २० फिट गोलाइमा करीब २० फिट उचाइ भएको दोस्रो खण्ड उठाइएको छ । यस खण्डको करीब १७ फिट उचाइ अर्धवृत्ताकार गारो उठाइसकेपछि बाँकी गुम्बजाकार निर्माण गरिएको छ । पहिले खण्डका आठ कोणहरू माथि एक एक वटा करीब ३.५ अग्ला गुम्बजाकार मन्दिरहरू उठाइएको छ । यी आठ वटै साना गुम्बजाकार मन्दिरहरूमा अगाडि तर्फ बुट्टाका रूपमा खोपा निर्माण गरिएको छ । मूल गुम्बजाकार खण्डको शीर्ष भागमा पित्तलको सुनौलो त्रिशूल सहितको गजुर राखिएको छ । यस मन्दिरको प्रदक्षिणापथका भित्ताहरू र बाहिरी भित्ताहरूमा अनेक प्रकारका खोपा र बुट्टाहरू बनाइएको छ ।

उत्तर पिपरीको शिव मन्दिरको शीर्ष भागमा उपलब्ध परिणतिका कारण यसलाई गुम्बज शैलीको मन्दिरको कोटीमा राखिएको छ । यो मन्दिर शिखर शैली, मुगल शैली र गुम्बज शैलीको मिश्रित वास्तुकला रहेको मन्दिर हो भन्न सकिन्छ । मन्दिर वृत्ताकार हुनु, मन्दिरको शीर्ष भागमा पुगेर मात्रै गुम्बजाकार बन्नु र गारोको मोटाइ सामान्य रहनु यसमा गुम्बज शैलीका बाधक हुन् । त्यसैगरी काठ र धातुको न्यून प्रयोग हुनु, गुम्बजको शीर्ष भागमा गजुर राखिनु तथा निश्चित उचाइपछि गुम्बज बनाइनु यस मन्दिरका गुम्बज शैलीका सबल पक्ष हुन् । मन्दिरको प्रदक्षिणापथमा प्रवेश गर्नका लागि बनाइएका अर्धवृत्ताकार खुला प्रवेशद्वारहरूले यसलाई मुगल शैलीसँग नजिक बनाएको छ । अतः यो शिव मन्दिर यस क्षेत्रको सुन्दर मूर्त सांस्कृतिक सम्पदा हो । यो कला वास्तुकलाका दृष्टिले ज्यादै महत्वपूर्ण छ ।

### ५.१.३.४ शिव मन्दिर, सित्तलपाटी, सल्यान

यो मन्दिर शारदा नगरपालिका वडा नं. १ सित्तलपाटी सल्यानमा रहेको छ । यो राप्ती क्षेत्रको गुम्बज शैलीको महत्वपूर्ण सम्पदा हो । यो मन्दिरको निर्माण वि.सं. १९७० मा गीर्वाणयुद्ध विक्रम शाहको पालामा भएको कुरा मन्दिरको शिलालेखबाट जानकारी पाइन्छ ।

यो शिव मन्दिर १ फिटको एउका आधार पेटी माथि इँटा र चुना सुर्कीको प्रयोग गरेर निर्माण गरिएको छ । मन्दिरको लम्बाइ-चौडाइ १७.५ फिट छ । यसमा प्रदक्षिणापथको व्यवस्था छैन । तर, मन्दिर वरिपरि पेटीको व्यवस्था गरिएको छ । यस मन्दिरमा निश्चित उचाइसम्म वर्गाकार रूपमा गारो उठाई त्यस माथि गुम्बज निर्माण गरिएको छ ।

मन्दिरभित्र प्रवेश गर्नका लागि पूर्व दिशामा काठको एउटा प्रवेशद्वार निर्माण गरिएको छ । मन्दिरको गर्भगृहमा कालो प्रस्तरको पादपीठसहितको शिवलिङ्ग स्थापना गरिएको छ । प्रवेशद्वारभन्दा बाहिर भित्तामा द्वारको दायाँ बायाँ पार्वती र गणेशका आकृति बनाइएका छन् । मन्दिरको प्रवेशद्वार अगाडि प्रवेशद्वार तर्फ सम्मुख हुने गरी कालो प्रस्तरको बसेको साँढेको मूर्ति राखिएको छ । प्रवेशद्वारको अगाडि दुवैतर्फ एकएक वटा घण्टहरू झुण्ड्याइएको छ । मन्दिर सुरक्षाको लागि चारैतर्फ पर्खाल लगाइएको छ । पर्खालमा खोपाहरू बनाई खोपाहरूमा देवीदेवताका साना मूर्तिहरू राखिएको छ । मन्दिरको गुम्बजको शीर्ष भागमा पित्तलको सुनौलो एउटा गजुर रहेको छ ।

वास्तुकलाका दृष्टिले सित्तलपाटीको शिव मन्दिर महत्वपूर्ण देखिन्छ । यो गुम्बज शैलीको शास्त्रीय पद्धति अनुसार निर्माण गरेको पाइन्छ । एक तहको आधार पेटीमाथि निश्चित उचाइसम्म इँटा र चुनासुर्की प्रयोग गरी वर्गाकार गारो उठाइनु र त्यसमाथि गुम्बज निर्माण गरी गुम्बजको शीर्ष भागमा गजुर राखिनुले मन्दिरलाई गुम्बज शैलीको उत्कृष्ट नुमना बनेको छ । यसको गर्भगृहमा शिवलिङ्ग स्थापना गरिनु, काठ र धातुको न्यून प्रयोग हुनु र प्रवेशद्वार अगाडि मूल देवताका बाहनको स्थापना हुनु यसका थप आकर्षण हुन् । अतः यो मन्दिर राप्ती क्षेत्रको गुम्बज शैलीको उत्कृष्ट मूर्त सांस्कृतिक सम्पदा हो ।

### ५.१.३.५ शिवालय, फलाबाङ, सल्यान

यो मन्दिर त्रिवेणी गाउँपालिका वडा नं. ४ चैतडाँडा सल्यानमा रहेको छ । यो राप्ती क्षेत्रको महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा हो । यो मन्दिर कहिले र कसले निर्माण गरायो भन्ने तथ्य नपाइए पनि सल्यान राज्यको राजधानी फलाबाङ्को दरबार क्षेत्रको नजिकै रहेको

तथा शिवालयको घण्टमा वि.सं. १९६१ मा तोरण दिव्यश्वरी र शमशेर बहादुर शाहले चढाएको विषय उत्कीर्ण भएबाट मन्दिरको इतिहास बारे सामान्य जानकारी पाइन्छ । यो यस क्षेत्रको गुम्बज शैलीको विशेषता पाइने मन्दिरको रूपमा चिनिन्छ ।

यो शिवालय ३० से.मि. उचाइ भएका दुईतहको आधार पेटीमा इँटा र चुनासुर्की प्रयोग गरी निर्माण गरिएको छ । प्रवेशद्वारसम्म जान पूर्वतर्फ छ तहका सिंढीहरू रहेका छन् । यसको लम्बाइ, चौडाइ ३.१० मिटर र उचाइ लगभग ४.७५ मिटर रहेको छ । गर्भगृहभित्र जलहरीसहितको शिवलिङ्ग, कामदेवको मूर्ति र शिवपरिवारका मूर्तिफलक रहेका छन् । मन्दिरमा पूर्व दिशामा प्रवेशद्वार रहेको छ । पहिले काठको प्रवेशद्वार रहेकोमा हाल टिनको द्वार राखिएको छ ।

मन्दिरलाई निश्चित उचाइसम्म वर्गाकार स्वरूपमा उठाई त्यसमाथि चारै कोणहरूमा मन्दिर आकारका पीठिका उठाई तिनमा गजुर राखिएका छन् । यसै तहबाट मन्दिरमा गुम्बज निर्माण गरी गुम्बजको शीर्षभागमा गजुर राखिएको छ । मन्दिरको प्रवेशद्वार अगाडि सम्मुख हुने गरी डेढ फिट जति अग्लो पादपीठ निर्माण गरी त्यसमाथि कालो प्रस्तरको कलात्मक बसाहको बसेको मूर्ति स्थापना गरिएको छ । हाल यस स्थलका सम्पदाहरू अत्यन्त जीर्ण र असुरक्षित अवस्थामा रहेका छन् ।

फलाबाङ स्थित शिवालयको समष्टि निर्माण शैली अध्ययन गर्दा यो शिखर शैली र गुम्बज शैलीको मिश्रित स्वरूपमा रहेको देखिन्छ । तर, यसमा मन्दिरलाई निश्चित उचाइसम्म चतुष्कोणाकारमा उठाई त्यसपछि गुम्बज निर्माण गरिएको अवस्था तथा काठ र धातुको न्यू प्रयोगको अवस्थाले गुम्बज शैलीसँग बढी नजिक तुलाएको छ । यो मन्दिरमा स्थापित शिवलिङ्ग, कामदेव तथा शिव-पार्वतीका मूर्तिहरू र प्रवेशद्वार बाहिर स्थापित बसाहका मूर्ति कला-वास्तुकलाका दृष्टिले उत्कृष्ट छन् । अतः यो शिवालय महत्वपूर्ण गुम्बज शैलीको रूपमा रहेको छ ।

### ५.१.३.६ साना रतननाथ मन्दिर, चौघेरा दाङ

यो मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १७ चौघेरा दाङमा रहेको छ । यसको स्थापना कसले र कहिले गर्‍यो भन्ने तथ्य पाँइदैन । तर, गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ परिसरभन्दा पश्चिम नजिकमा रहेको यो सम्पदाको बेग्लै  स्वतन्त्र अस्तित्व र इतिहास रहेको देखिन्छ ।

जनश्रुति अनुसार सिद्धरत्ननाथको समयभन्दा पछि त्यहीँ नजिकै कुनै भुरे राजाको केन्द्र थियो । उनले दैनिक सिद्धरत्ननाथको दर्शन गरेर मात्र भोजन गर्थे । पात्रदेवता देवीपाटन गएको बेला पात्रदेवताको दर्शन गर्न नपाउने अवस्था आयो । त्यसैले राजाले यस स्थानमा सानो मठ निर्माण गरी त्यहाँ सिद्धरत्ननाथको प्रतीक स्थापना गरी दैनिक पूजा सुरु गराएका थिए । यसका लागि राजाले केही जग्गा समेत खर्च वापत गुठी राखिदिए र पूजाका लागि भक्तिनाथ योगीलाई पूजाको जिम्मा लगाए (हिरानाथ योगीसँगको अन्तर्वाताबाट प्राप्त जानकारी) ।

यो मन्दिर साना रतननाथका नामले चिनिन्छ । यस स्थलमा आजसम्म गुठी गाउँका योगी परिवारहरूबाट नित्य पूजा र मन्दिरको संरक्षण हुँदै आएको छ ।

यो मन्दिर २ फिटको आधार पेटीमाथि इँटा र चुना सुर्की प्रयोग गरी निर्माण भएको छ । यसको लम्बाइ १७.५ फिट, चौडाइ १७ फिट र उचाइ करीब २० फिट छ । यसको प्रवेशद्वार पश्चिमतिर रहेको छ । काठको प्रवेशद्वार भएकोमा हाल फलामको ढोका प्रयोग गरिएको छ । यसमा प्रदक्षिणापथ राखिएको छैन । गर्भगृहमा रतननाथको मूर्ति स्थापना गरिएको छ । मन्दिरको प्रवेशद्वारमा जान एउटा सिँढी चढ्नुपर्छ । मन्दिरको भित्तामा उत्तर, दक्षिण र पूर्वतर्फ बाहिरतिर अर्धगोलाकार दुई दुईवटा खोपा राखिएका छन् । पश्चिम तर्फ भने यस्तै खोपामा प्रवेशद्वार राखिएको छ ।

वर्गाकार रहेको मन्दिरमा निश्चित उचाइपछि गुम्बज उठाइएको छ । गुम्बजको शीर्ष भागमा त्रिशूल सहितको गजुर राखिएको छ । मन्दिरको अग्र भागमा ५ फिट लम्बाइ, ३.५ फिट चौडाइ र सवा फिट उचाइको आधार पीठिका माथि निशानका रूपमा ३.५ फिट अग्लो सिमेन्टको स्तम्भ स्थापना गरिएको छ । मन्दिर परिसरमा गुठी गाउँका योगी परिवारका दिवंगत सदस्यहरूका समाधि रहेका छन् ।

दुई तहको आधार पेटी माथि वर्गाकार मन्दिर निर्माण हुनु र निश्चित उचाइ पछि गुम्बज उठाएर त्यस माथि गजुर राखिनुले मन्दिर विशुद्ध गुम्बज शैलीको बनेको छ । इँटा र सुर्कीको प्रयोग, काठ र धातुको न्यून प्रयोग गरिनु र झ्याल नराखिनु पनि गुम्बज शैलीका विशेषता हुन् ।

### ५.१.३.७ सिद्ध भगवन्तनाथ समाधि, श्रीगाउँ, दाङ

यो समाधि दङ्गीशरण गाउँपालिका वडा नं. ७ श्रीगाउँमा रहेको छ । यो स्थल नेपालको एकीकरण अभियानका आरम्भकर्ता पृथ्वीनारायण शाहका सहयोगी योगी भगवन्तनाथसँग सम्बन्धित छ । यो समाधि मध्यकालीन नेपालको इतिहासको साक्ष र समकालीन मानिन्छ । यस स्थलमा सिद्धभगवन्तनाथ र भगवन्तनाथका शिष्य भुवनेश्वरनाथको समाधि र बाघ भैरव मन्दिर रहेका छन् । यी तीनवटै संरचनाहरू गुम्बज शैलीमा निर्माण गरिएका छन् । यहाँ यिनीहरूको वास्तुकलाका दृष्टिले विश्लेषण गरिएको छ ।

#### क) सिद्ध भगवन्तनाथ समाधि

यो समाधि यहाँको प्रमुख सम्पदा हो । यो समाधि सिद्ध भगवन्तनाथले समाधि लिएको करीब ४ वर्ष पछि उनका शिष्य भुवनेश्वरनाथले वि.सं. १८४७ मा निर्माण गराएको पाइन्छ । यो कुरा समाधि मन्दिरको प्रवेशद्वार माथि अङ्कित अभिलेखमा लेखिएको छ ।

यो समाधि ३ फिट अग्लो आधार पेटीमाथि २१ फिट लम्बाइ, चौडाइ भएको इँटा र सुर्की प्रयोग गरी निर्माण गरिएको छ । वर्गाकार रहेको यो समाधि करीब २५ फिट अग्लो रहेको छ । यस समाधिमा पूर्वतर्फ काठको सानो प्रवेशद्वार रहेको छ । समाधिको गर्भगृहको बीच भागमा पद्मासनमा आसिन कालो प्रस्तरको २ फिट अग्लो १.९ फिट चौडाइ रहेको सिद्धभगवन्तनाथको मूर्ति स्थापना गरिएको छ । भगवन्तनाथको मूर्तिसँगै दाँयातिर गुरु गोरखनाको पद्भासनमा बसेको कालो प्रस्तरको मूर्ति स्थापना गरिएको छ । यो मूर्ति १.९ फिट अग्लो र १.५ फिट चौडाइ रहेको छ । मन्दिरमा तल्लो भाग वर्गाकार रही निश्चित उचाइपछि गुम्बज बनाइएको छ । गुम्बजको शीर्षभागमा एउटा सुनौलो पित्तलको गजुर राखिएको छ । सुरक्षाको लागि चुना सुर्कीबाट नै प्लास्टर गरिएको छ ।

यो राप्ती क्षेत्रको विशुद्ध गुम्बज शैलीको महत्वपूर्ण सम्पदा हो । यस समाधिलाई आधार पेटीमा उठाई वर्गाकार गारो उठाई निश्चित उचाइपछि गुम्बज निर्माण गरी गुम्बजको शीर्षभागमा गजुर स्थापना गरिनु यसको विशिष्ट पक्ष हो । मन्दिरको बाहिरी भित्तामा प्रवेशद्वार आकारका ६ वटा खोपा निर्माण गरिएको छ । इँटा र सुर्कीले मन्दिर निर्माण गरिनु तथा काठ र धातुको न्यून प्रयोग गरिनु गुम्बज शैलीको विशेषता हो ।

**ख) भुवनेश्वरनाथ समाधि**

भुवनेश्वरनाथ भगवन्तनाथका शिष्य थिए । भगवन्तनाथको अवसानपछि भुवनेश्वरनाथ नै मठाधिश भएका थिए । आफ्ना गुरुले चलाएको विधिविधानलाई यथावत् राख्दै गुरुको सम्झनामा गुरुको समाधि मन्दिर बनाएका थिए । भुवनेश्वरनाथ काशीबास जान लाग्दा आफ्ना चेला रूपनाथलाइ सम्पूर्ण कार्य सुम्पी मेरो मन्दिर गुरुदेवको नजिकै बनाउनु भनेका थिए (योगी वंशावली:८८) । गुरुको अन्तिम इच्छा अनुसार भगवन्तनाथको समाधि मन्दिर नजिकै पूर्वतर्फ निर्माण गरिएको थियो । यो पनि चुना, सुर्की र इँटाबाट गुम्बज शैलीमा निर्माण गरिएको छ । निकै सुन्दर र आकर्षक देखिने यो मन्दिर गोलाकार रहेको छ । ३ फिट अग्लो आधार पेटीमाथि ७५ फिट गोलाइ र लगभग २८ फिट उचाइ रहेको यो मन्दिरको प्रवेशद्वार पश्चिम तर्फ भगवन्तनाथ समाधिको ठीक अगाडि रहेको छ । यस मन्दिरको गर्भगृहमा सिमेन्टको शिवलिङ्ग स्थापित छ । यी दुवै समाधि मन्दिरको उत्तरतर्फ ४ वटा ढुङ्गाको समाधिको प्रतीक शिवलिङ्ग स्थापित रहेको छ भने अर्को एउटा ढुङ्गा काग भुसुण्डीको प्रतीक स्थापित छ । गुम्बजभन्दा माथिको शीर्ष भागमा एउटा गजुर राखिएको छ । यो पनि यस क्षेत्रको गुम्बज शैलीको महत्वपूर्ण सम्पदा हो ।

**ग) बाघ भैरव मन्दिर**

समाधि मन्दिरको उत्तर-पूर्व कुनामा यो बाघ भैरवको मन्दिर रहेको छ । बाघ भैरवको मूल मन्दिर कीर्तिपुरमा रहेको छ । कीर्तिपुरमा यो मन्दिरको ठूलो महत्व रहेको देखिन्छ । पृथ्वीनारायण शाहलाई कीर्तिपुर विजय अभियानमा बाघ भैरवको महत्वपूर्ण भूमिका भएको ऐतिहासिक सन्दर्भ आउने भएको हुनाले त्यही बाघ भैरवको प्रतीकको रूपमा यो मन्दिर निर्माण गरिएको हुनुपर्छ । मन्दिरको ढोका माथि सं. २०१६।११ मा "भैरव मन्दिर ॐ स्वस्ती: श्रीका बडस महन्त पुष्करनाथजीका वाक्य अनुसार पुत्र टोप: कर्ण यामनाथ योगीले बनाएको" उल्लेख छ । यस लेख अनुसार यो मन्दिर २०१६ सालमा निर्माण गरिएको देखिन्छ । पश्चिमाभिमुख यो मन्दिर इँटा र सिमेन्टबाट निर्माण गरिएको छ । यो मन्दिरको लम्बाइ, चौडाइ ४ फिट र उचाइ करीब ५ फिट रहेको छ । जीर्ण अवस्थामा रहेको यस मन्दिरको गर्भगृहमा तीनवटा त्रिशूल गाडिएका छन् भने त्रिशूलको बिचमा कालो प्रस्तरको सानो चिन्न नसकिने घिसिएको भैरवको मूर्ति स्थापित छ । मन्दिरको स्थापनासँगै यो भैरवको मूर्ति स्थापना भएको हुनाले मूर्ति पनि २०१६ सालकै हुनुपर्छ । निश्चित उचाइ पछि गुम्बज बनाइएको यस मन्दिरमा गुम्बजको शीर्ष भागमा सिमेन्टको गजुर राखिएको छ ।

## ५.१.४ दरबार, घर तथा किल्ला वास्तुकलासम्बन्धी सम्पदा

राजतन्त्र र राजा-रजौटाको प्रचलनसँगै दरबार वास्तुकलाको पनि विकास भएको देखिन्छ । राजा-रजौटा तथा धनीमानी व्यक्तिहरूका आवासलाई दरबार भनिन्छ । यी दरबारहरू आवास र सुरक्षाका दृष्टिले सुविधायुक्त र सुरक्षित हुन्छन् । राप्ती क्षेत्रमा कयौँ भुरे राज्यहरूका केन्द्र र कतै धनीमानीहरूका विशेष प्रकारका ठूला दरबार वा घर रहेको जानकारी पाइन्छ । प्रायः मध्यकालीन ती घर तथा दरबारहरूमध्ये धेरै जसो घर-दरबारहरू भत्किसकेका छन् भने केही दरबारहरू जीर्ण अवस्थामा रहेका छन् । यसै गरी राज्यको सुरक्षाका लागि गढ तथा किल्लाहरू निर्माण गरिन्थे । यस खण्डमा राप्ती क्षेत्रमा रहेका दरबार, घर तथा किल्लाहरूको वास्तुकला विश्लेषण गरिएको छ ।

### ५.१.४.१ दरबार

नेपालका अन्य स्थानहरूमा जस्तै राप्ती क्षेत्रमा पनि मध्यकालमा बाइसे र चौबीसे समूहमा पर्ने भुरे राज्यहरू रहेका थिए । ती राज्यहरूका राजा-रजौटा र दरबार निकटका व्यक्तिहरू बस्ने दरबारहरू रहेको जानकारी पाइन्छ । यहाँ जीर्ण अवस्थामा रहेको देउखुरी गोबरडिहाको सिंहदरबार र भत्किसकेको भए पनि विवरण उपलब्ध हुने फलाबाङ (सल्यान) को पुतली दरबारको वास्तुकला बारे जानकारी दिइएको छ ।

#### क) पुतली दरबार

यो त्रिवेणी गाउँपालिका वडा नं. ४ गैरीगाउँ टोलमा रहेको छ । यो सल्यान राज्यको राजधानी फलाबाङमा थियो । त्यहीँबाट बाइसे भित्रको शक्तिशाली राज्य सल्यानले राज्य सञ्चालन गर्थ्यो । सो राज्य पहिले चैतेडाँडामा रहेको काला राजाको दरबारबाट सञ्चालन हुँदै आएकोमा राजा नरेन्द्र बहादुर शाह निःसन्तान भएको हुँदा भतिज शमशेर बहादुर शाह राजा भएका थिए । यिनैले वि.सं. १९५७ सालमा १३ वर्ष लगाएर पुतली जस्तै सुन्दर पुतली दरबार बनाएको बुझिन्छ । तर, कसैले यो दरबार वि.सं. १९६० मा निर्माण सुरु गरी १९९५ मा सम्पन्न भएको ठान्छन् (बस्नेत, २०७१, पृ. ३६) । यो नयाँ दरबार हाल भत्किसकेको छ । उपत्यका बाहिर बनेका दरबारहरूमा यो एउटा नमुनाको रूपमा रहेको थियो । शमशेर बहादुर शाह तत्कालीन नेपालका प्रधानमन्त्री देवशमशेरका ज्वाइँ थिए । यो बेलायती शैलीमा बनाइएको थियो । पुतली जस्तो भएकाले यो दरबारलाई पुतली दरबार पनि भनिन्छ । देवशमशेरले त्यति बेला बेलायतबाट कर्कटपाता ल्याई चुना, सुर्की र मासको

दालको लेपले प्लाष्टर गरी यो दरबार बनाइएको पाइन्छ (गोबिन्दबहादुर बस्नेतसँगको अन्तर्वार्ता, २०७८) । देवशमशेरले आफ्नी छोरी सुखसयलमा रहुन् भनी यो दरबार बनाइदिएका थिए । बेलायती शैलीमा बनेको यो दरबार टिनले छाएको तीनतले थियो । चारै दिशामा बरण्डा भएको १५५ झ्याल र ५५ कोठाहरू रहेका थिए । दरबारको माथिल्लो तलामा जानका लागि ८ वटा भऱ्याङ्हरू थिए भने दरबारमा नृत्य कोठा, श्रृङ्गार कोठा, बैठक कोठा, कचहरी कोठा, पूजा कोठा, गद्दी बैठक, मोठ कोठाको व्यवस्था थियो । दरबारमा कट्टा बन्दीका साथै नेल हत्कडी राखिएको थियो । दरबारमा एउटा ठूलो चोक थियो भने अन्य साना चोकहरू पनि थिए । वास्तुकलाले युक्त यो दरबार करीब ३०० वर्ग मिटर क्षेत्रमा रही तीन खण्डमा विभाजित रहेको थियो । यस दरबारमा १०८ वटा ऐना जडित झ्यालहरू रहेका थिए । दरबारको दक्षिणतिर सुन्दर महल रहेको थियो । दरबारको दक्षिण-पश्चिमतर्फ कौसी थियो भने मुख्य दरबारको उत्तर-पूर्वतर्फ गोठ, भण्डार, पूजा कोठा र दक्षिण-पूर्वतर्फ सुसारे, कर्मचारी आवास र दरबारकोट कार्यालयको प्रयोजनका लागि अर्को भवन पनि रहेको थियो । मुख्य दरबारको लम्बाइ २० मिटर र चौडाइ १५ मिटर रहेको थियो भने अन्दाजी ८.५ मिटर अग्लाइ रहेको देखिन्छ (पुरातत्व विभाग २०६६, पृ. ४१) । दरबारभित्रका सजावट, बनावट र अन्य सामानहरू सुन्दर तथा आकर्षक थिए । काठका कलात्मक झ्याल, ढोका थिए जो निकै आकर्षक थिए । दस वर्षे द्वन्द्वकालभन्दा अगाडिसम्म राजाले प्रयोग गरेका विभिन्न सामानहरू पनि सुरक्षित थिए । दरबार, सुन्दर र आकर्षक हुनुका साथै दरबारको बनावट, शैली र वास्तुकला विशिष्ट प्रकारको थियो ।

शमशेरबहादुर शाहको मृत्यु भएपछि उनका दुई छोरा गेहेन्द्रबहादुर शाह र शेरबहादुर शाह फलाबाङ दरबार छाडी बाहिर बस्न थाले र स्थानीय खिलतबहादुर शाहलाई दरबारको हेरचाह गर्ने जिम्मा दिइयो । उनको मृत्यु पश्चात् वि.सं. २०१७ सालमा राजा रजौटा उन्मूलन भएपछि दरबारको रेखदेख गर्न स्थानीय रुद्रवीर रावतलाई जिम्मा दिइयो र उनलाई दरबार रेखदेख गरे वापत लुहामस्थित २५ मुरी धान फल्ने खेतको भोगचलन गर्न दिइयो । राउतको मृत्यु भएपछि वि.सं. २०३२ सालदेखि भीमबहादुर विष्टले दरबारको हेरचाह गर्ने जिम्मा पाए तर लुहामको जग्गा रावतकै परिवारले नै भोगचलन गरिरहेकाले दरबार हेर्ने विष्टले दरबारको हेरचाह गर्न छाडी दरबारमा ताला लगाइदिए । वि.सं. २०५२ सालमा शैक्षिक भ्रमणमा आएका विद्यार्थीहरूले ताल्चा फोडी अवलोकन गरे पछिका दिनहरूमा यो दरबार बेवारिसे भयो (तथ्याङ्क कार्यालय, दाङ २०७५ : असार, १५) । पछि

द्वन्द कालमा त्यहाँ रहेका सामानहरू र कलात्मक झ्याल, ढोकाहरू पनि चोरी हुँदै गए । त्यसपछि क्रमशः दरबार जीर्ण भयो र वि.सं. २०७० सालतिर पूर्णरूपमा भत्कियो र भू-गर्भमा विलय हुन पुग्यो । त्यसपछि सल्यान राज्यको इतिहास बोकेको पुतली दरबार पुस्तक तथा फोटोहरूमा मात्र सीमित रहन पुग्यो ।

**ख) मैचन्नेको बाह्रसुरे घर**

यो घर रुन्टीगढी गाउँपालिका वडा नं. ४ मैचन्ने रोल्पामा रहेको थियो । यो व्यक्तिगत आवासको लागि बनाइएको विशेष प्रकारको घर हो । यो घर चन्द्र बहादुर सिंहठकुरीले वि.सं. २०१० सालमा सुरु गरी वि.सं. २०१७ सालमा निर्माण सम्पन्न गरेको जानकारी पाइन्छ (चन्द्र बहादुर सिंह ठकुरीका छोरा कमलसिंह ठकुरीसँग गरिएको अन्तर्वार्ता) । यो घर लोकज्ञानको आधारमा स्थानीय कालीगढहरूको सीपबाट नै बनेको बुझिन्छ, तर, यसमा लौकिक वास्तुकलाको विशिष्ट प्रयोग भएको पाइन्छ ।

यो घर १ फिटको आधार पेटी माथि ढुंगा र माटोको गारो लगाई निर्माण भएको थियो । यसमा धेरै घरहरू एउटै जगमा जोडेर बनाइएको हुँदा यसले गोलो आकार ग्रहण गरेको थियो । यसको गोलाइ करीब ३०० फिट र उचाइ करीब २५ फिट रहेको थियो । यसको छानो स्लेट ढुंगाबाट छाएको थियो । मूलद्वार पूर्वमा भए पनि चारै दिशा प्रवेशद्वारहरू रहेका थिए । यस घरमा जम्मा ५२ वटा काठका झ्याल ढोकाहरू प्रयोग भएका थिए । यो मूल रूपमा भुइँतला, माझको तला र बैकल (बुइँगल) गरी तीन तलाको थियो । चारै दिशामा काठको बार्दली निर्माण गरिएको थियो । बार्दली अड्याउन बतासी र बतासीलाई सहयोग गर्न टुँडालहरूको प्रयोग भएको थियो । धेरै जसो झ्यालहरूमा काठकै सरा प्रयोग गरिएको छ भने चुलीगारोका केही झ्यालहरूमा विशेष प्रकारका आँखी झ्याल प्रयोग भएको पाइन्छ । यस घरको विशिष्ट पक्ष भनेको बाह्रसुर हुनू हो ।

**ग) सिंहदरबार**

यो दरबार गढवा गाउँपालिका वडा नं. ३ गोबरडिहामा रहेको छ । यो दरबार वि.सं. १९४७ मा निर्माण सुरु गरी ११ वर्ष पछि निर्माण सम्पन्न भएको देखिन्छ । इँटा र चुना सुर्कीको प्रयोगबाट दरबार बनेको छ । यसमा चुना सुर्कीको छानो छ । यसको लम्बाइ २१.४० र उचाइ ९ मिटर छ । हाल माथिल्लो तला भत्केर दुई तला मात्रै बाँकी छ ।

यस दरबारमा ५५ वटा झ्याल भएको हुँदा यसलाई पच्पन्न झ्याले दरबार पनि भन्थे । दरबारको उत्तरको शीर्ष भागमा ६ वटा सिंहका मूर्तिहरू राखिएका थिए । त्यसैले यस दरबारको नाम सिंहदरबार रहेको हो । राणा कालमा यस विषयलाई लिएर मुद्दा परेपछि दुईवटा सिंह हटाइयो भने एउटा झ्याल बन्द गरिएको थियो ।

सिंहदरबारमा ३ तला र ३४ वटा कोठा छन् । यसमा ५ वटा बरन्डा रहेका छन् । पूर्व र उत्तरमा मूल प्रवेशद्वारहरू छन् । दरबारको पूर्व र उत्तरमा विशाल आँगन छन् । दरबारदेखि पूर्वोत्तर भागमा सुन्दर हंशेश्वर शिवालय निर्मित छ । दरबारको माथिल्लो भागमा वरिपरि कलात्मक बुर्जा सहितको रेलिङ छ । प्रवेशद्वार भएका दुवैतिर पाँच पाँचवटा कलात्मक स्तम्भसहितका अर्धवृत्ताकार खुला प्रवेशद्वार छन् । यी द्वारहरूका शीर्ष भाग र स्तम्भहरूमा आकर्षक बुट्टाहरू निर्मित गरिएका छन । माथिल्लो तलामा रहेको रेलिङ तथा बुर्जाहरू र अर्धवृत्ताकार खुला प्रवेशद्वारहरूले मुगल शैली प्रस्तुत गर्छन् । दरबारमा राखिएका झ्याल, ढोका र तिनका शीर्ष भागहरू कला प्रस्तुतिका केन्द्रका रूपमा रहेको देखिन्छ । त्यतिबेला यस क्षेत्रमा यस प्रकारका दरबार वा मठ मन्दिर निर्माणमा भारतका कालीगढहरू प्रयोग गर्ने प्रचलन भएको हुँदा सम्पदाहरूमा मुगल शैली प्रयोग हुनु स्वाभाविक छ ।

### ५.१.४.२ किल्ला

किल्ला वास्तुकलाको आफ्नै महत्व छ । किल्ला वा दुर्ग निर्माणको लामो इतिहास पाइन्छ । किल्ला खास गरी आफ्नो राज्य वा सिमाना सुरक्षाको लागि सुरक्षा निकाय बस्नका लागि निर्माण गरिन्छ । यस अर्थमा किल्ला वा दुर्ग भन्नाले सुरक्षाकर्मीको सुरक्षित बासस्थान वा सुरक्षात्मक संरचना हो भन्ने बुझ्नुपर्छ (शर्मा, २०५५, पृ. ५-११) । नेपालममा विशेष गरी मध्यकालमा निकै धेरै किल्लाहरू निर्माण भएको पाइन्छ । यिनका स्थान अनुसार आफ्नै प्रकारको वास्तुकला प्रयोग भएको देखिन्छ । ती किल्लाहरूमध्ये धेरै जसो किल्लाहरू संरक्षणको अभावमा भत्किसकेका छन् । केहीका भग्नावशेष रहेको पाइन्छ । यहाँ रोल्पामा रहेको गढीलेक किल्ला र दाङको गढीछेँडा किल्लाको वास्तुकला सम्बन्धी सङ्क्षिप्त जानकारी दिइएको छ ।

#### क) गढीलेक किल्ला

यो किल्ला रुन्टीगढी गाउँपालिका वडा नं. ८ गढीलेक रोल्पामा रहेको छ । यो किल्ला रहेको स्थान समुन्द्र सतहदेखि २१५० मिटर उचाइमा होलेरी बजारदेखि उत्तरको

लेकमा छ । यो किल्लाको ऐतिहासिकताको विषयमा यस अघि नै जानकारी दिइएको छ । मध्यकालीन यो किल्ला २५ प्रतिशत जति भाग हालसम्म बाँकी छ । यस किल्लाभन्दा पूर्वतर्फ अन्य साना किल्ला छन् । त्यस क्षेत्रलाई पुरानो कुटी र यस किल्ला रहेको ठाउँलाई नयाँ कुटी भन्छन् ।

यो किल्ला यस क्षेत्रको उच्च भूभागमा निर्मित छ । यस स्थलदेखि चारै दिशामा भिरालो भूभाग छ । यस स्थलबाट चारैतिर निगरानी गर्न सकिन्छ भने चारै दिशाबाट आउन सक्ने शत्रुमाथि सजिलोसँग आक्रमण गर्न सकिन्छ । अतः यो स्थल स्वयं नै प्राकृतिक किल्ला हो । यो किल्ला १ मिटर चौडाइ र २.५ मिटर अग्लो स्लेट ढुंगाबाट निर्माण भएको छ । यो १२ सुर (बाह्रकोण) भएको आकारमा निर्मित छ । प्रत्येक दिशामा तीन तीनवटा सुर छन् । पूर्वी भागमा तीनवटै सुर सुरक्षित छन् । किल्लाका प्रत्येक दिशामा रहेका पाखाहरूमा तोपका नाल छिराएर आक्रमण गर्नका लागि दुई दुईवटा प्वाल राखिएका छन् । यो किल्लाभन्दा करीब ५० मिटर पूर्वमा अन्य स-साना किल्लाहरू छन् । यी किल्लाहरू मुख्य किल्लाको सुरक्षाका लागि प्रयोग गरिएको पाइन्छ । यो किल्लाले ६७ मिटर व्यास भएको क्षेत्रफल लिएको छ ।

होलेरी बजारदेखि दक्षिणतिरको लेकलाई म्यागजन गढी भन्छन् । यस स्थलमा गढीलेक किल्लामा तैनाथ सेनाहरूका लागि आवश्यक पर्ने हतियार निर्माण हुन्थ्यो भन्ने बुझिन्छ । अहिलेसम्म यस स्थलमा आरन लगाइएका अँगार, फलामका टुक्रा आदि उपलब्ध हुन्छन् ।

अतः गढीलेक किल्ला, किल्ला वास्तुकलाको सुन्दर नमुना हो । यो मानव निर्मित किल्ला र किल्ला रहेको स्थल दुवै दृष्टिले महत्वपूर्ण देखिन्छ ।

यसका अतिरिक्त प्रायः भाग भत्केको अवस्थामा रहेको ९१ मिटर लम्बाइ र २७ मिटर चौडाइ भएको दाङको गढीछेँडा किल्ला पनि महत्वपूर्ण किल्ला हो । प्रवेशद्वार बाहेक अन्य भाग भत्केको हुँदा यसको वास्तुकला सम्बन्धी जानकारी दिन सकिने अवस्था छैन ।

## ५.१.५ लौकिक वास्तुकला सम्बन्धी सम्पदा

लौकिक वास्तुकला नेपाली वास्तुशैलीको मौलिक रूप हो । यसभित्र पाटी-पौवा, ढुङ्गेधारा, जलद्रोणी तथा परम्परागत आवासका लागि निर्माण गरिने घर-गोठका वास्तु शैली आउँछन् । राप्ती क्षेत्रमा हाल पाटी, पौवा, ढुङ्गेधारा र जलद्रोणीका पुराना संरचना

प्रायः विनष्ट भइसकेका छन् । केही जीर्ण पाटी-पौवाको विषयमा अघिल्लो परिच्छेदमा जानकारी दिइएको छ । यस खण्डमा राप्ती क्षेत्रमा अद्यापि उपलब्ध हुने लोकले आफ्नो लौकिक वास्तु सम्बन्धी ज्ञानको प्रयोग गरी जातीय संस्कृति र भौगोलिक अवस्थाको अनुकूलताको आधारमा निर्माण गरिएका घरहरूको वास्तुकला विश्लेषण गरिएको छ ।

### ५.१.५.१ डँगौरा थारू घर

दाङ उपत्यकामा बसोबास गर्ने थारूहरू डँगौरा थारू भनिन्छन् । संस्कृति र बसोबास स्थानको आधारमा थारू जातिमा डँगौरा थारू, कठरिया थारू, डेशोऱ्या थारू, राना थारू, पूर्वीया थारू, चितौनिया जस्ता समुदायगत नामकरण भएको पाइन्छ । प्रायः सबैको आ-आफ्नै प्रकारका संस्कृति रहेका छन् । आवास पनि जातिको महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा हो ।

थारू जाति समूहमा बसोबास गर्छन् । डँगौरा थारू गाउँमा उत्तर- दक्षिणका गल्ली (सडक) हुन्छन् । सडकका दुवैतिर उत्तर-दक्षिण लम्बाइ भएका घर निर्माण गर्ने प्रचलन छ । परम्परागत घरहरू काठ, बाँस, खर र माटो प्रयोग गरेर निर्माण गरिन्छ । घर निर्माण गर्ने स्थानमा माटो राखेर केही अग्लो पारिन्छ । घरको वरिपरि प्रायः माटोकै करीब १ फिट अग्लो पेटी निर्माण गरिन्छ । घर निर्माण गर्दा सर्वप्रथम उत्तरतर्फबाट धुरी खामो गाड्ने डोब खनिन्छ । त्यस पछि क्रमश दक्षिण तर्फका धुरी खामोका लागि डोब खनिन्छ । घर कति लामो बनाउने भन्ने कुरा धुरी खामाको सङ्ख्याले निर्धारण गर्दछ । धुरी खामाहरू माथि राखिने काठलाई 'पस्ठी' भन्छन् । धुरी खामाहरूका दुवैतिर ओरेनी खामोहरू गाडिन्छन् र ती खामाहरू माथि पनि लामा बला तेर्स्याएर राखिन्छ । धुरी रहेका स्थानमा दुवै पाखातिर रहने गरी दुईवटा काठ धुरीदेखि ओरेनी बलासम्म आउने गरी राखिन्छ । यसरी राखिने काठलाई 'झ्याल्सी' भन्छन् । घरको उत्तर-दक्षिण पुग्ने गरी भेल्सी माथिबाट दुई-तीन स्थानमा तेर्सा बला राखेर बाँधिन्छ । त्यसपछि धुरीको पस्ठीदेखि ओरेनी बलासम्म पुग्ने गरी दुवै पाखामा १ फिटको अन्तरमा जोडी जोडी कोराहरू बाँधिन्छ । यसमाथि बाँसका भाटाहरू बाँधेपछि घरमा छानो छाउनका लागि तयार हुन्छ ।

यसलाई खरले छाइन्छ । घर छाउँदा सबैभन्दा तल्लो भागदेखि छाउँदै लगेर धुरीमा दुवै पाखालाई जोडेर धुरी मार्ने प्रचलन छ । घरको छानो कति ठाडो वा तेर्सो गराउने भन्ने

कुरा धुरी र ओरेनी खामोको उचाइमा निर्भर गर्छ । यस प्रकारको घरमा ५ फिट जातिको ओरेनी खामा र १० देखि १४ फिटसम्मका धुरी खामो रहन सक्छन् ।

घरका भित्ता बाँसका सिठा वा वनजङ्गलबाट ल्याएका सिठाले बेर्ने र माटोले टाल्ने चलन छ । घरका भित्ता प्रायः सेतो वा खैरो रङ्गको माटोले पोतिन्छ । डँगौरा थारू घरमा पूर्व र पश्चिम तर्फ आमने-सामने हुने गरी प्रवेशद्वार राखिन्छ । सडक भएतिर मूल प्रवेशद्वार रहन्छ । यो घरमा मूलद्वारबाट भित्र पस्नासाथ बह्नी (बैठक कोठा) आउँछ । त्यस बह्नीबाट भित्र पस्ने एउटा द्वार हुन्छ । त्यसभित्र पसेपछि मूल धुरी खम्बासम्म करीब ४ फिट चौडाइ भएको पिऱ्यारी (गल्ली) हुन्छ । गल्लीदेखि पूर्व र पश्चिम तर्फ सुत्ने र अतिथिका लागि कोठा हुन्छन् । सबैभन्दा उत्तर-पूर्वको कोठा डिउह्वार (देवस्थल) र उत्तर-पश्चिमको कोठा भन्सा (खाना पकाउने र खाना खाने) कोठा हुन्छ । घरको सबैभन्दा दक्षिणको कोठालाई 'धारी' भन्छन् । यसमा गाईवस्तु, कुखुरा-हाँस राखिन्छ ।

डँगौरा थारू घर उत्तर-दक्षिणको हुनुमा मुख्य दुईवटा कारण छन् । पहिलो कारण पूर्व र पश्चिमका ढोकाबाट पर्याप्त सूर्यको प्रकाश घरभित्र आउन सक्छ । दोस्रो कारण चाहीँ दाङ उपत्यकामा प्रायः पश्चिम तर्फबाट आँधी-हूरी आउँछ । पूर्व-पश्चिमको छानाको पाखो होँचो हुनाले छानो फाल्न सक्तैन । आजकल डँगौरा थारूहरूमा पनि इँटाका दुईतले घर निर्माण गर्ने प्रचलन छ । यस प्रकारका घर खपटा (झिंगटी) वा कर्कटपाताले छाइन्छन् । तर, घर भित्रको बनावटमा सुत्नका लागि दोस्रो तलाका कोठा प्रयोग गरेपनि बाँकी तल्लो तलाका कोठाहरू भने माथि उल्लेख गरे बमोजिम नै हुन्छन् ।

### ५.१.५.२ दुईपाखे घर

यो विशुद्ध नेपाली वास्तुकला शैलीको घर हो । यो घर स्थान अनुसार उत्तर-दक्षिण वा पूर्व-पश्चिम लम्बाइ भएको हुन्छ । यस घरमा १ देखि १.५ फिटसम्मको अग्लो आधार पेटी उठाई त्यसमाथि घर निर्माण गरिन्छ । यो इँटा, ढुंगा, माटो, काठ, बाँस र खर प्रयोग गरेर निर्माण गरिन्छ । यसको लम्बाइ-चौडाइ आफ्नो परिवारको सङ्ख्याको आधारमा हुन्छ । उचाइ भने चुलीगारो सहित २०-२२ फिट जति हुन्छ ।

दुईपाखे घरमा वरिपरि आन्तरिक कोठाहरूमा काँचो, पक्की इँटा वा ढुंगाको गारो लगाइन्छ । तला निर्माणको लागि एक गारोदेखि अर्को गारोसम्म काठका निराल, निराल अडाउन बीच बीचमा काठका थाम (थम्बा) र निरालमाथि दलिनहरू राखिन्छन् । दलिन

माथि काठका फल्याक वा चिर्पट (दाउरा) बिच्छ्याएर त्यसलाई माटोले पाटिन्छ । सबैभन्दा माथिल्लो तलामा दुई छेउँतिर चुली गारो उठाइन्छ र घरको लम्बाइको आधारमा चुली गारोको बीच भागमा एक, दुई वा तीन वटा धुरी खामा राखेर दुवै चुलीगारोसम्म पुग्ने गरी तेर्सा धुरी बला राखिन्छ । धुरी खामा भएका ठाउँमा दुवै पाखातिर रहने गरी जोडी-जोडी भेल्सी (ठाडो गरी राखिने काठ) राखिन्छ । दुवै पाखामा घरको चौडाइको आधारमा एक ठाउँ वा दुई ठाउँमा बला राखिन्छन् । धुरी बलादेखि आङगारोसम्म पुग्ने र बला माथिबाट पर्ने गरी दुवै पाखातिर जोडी-जोडी काठका कोरा बाँधिन्छ । कोराहरूलाई बाँसका भाटाहरूले भट्याए पछि घर छाउनका लागि तयार हुन्छ । आङ गारोको वरिपरि छानो अड्याउने बलो राख्न बतासी राखिन्छ । यस कोटीको घरमा दुवै चुली गारोमा झ्यालदेखि तल पाली राखिन्छ । घरका दुवै पाखा र पाली खरले छाउने चलन छ ।

यस प्रकारका घरमा प्रायः दुईवटा बाहिरी द्वार राखिन्छ । घरमा दुवै तलामा झ्यालहरू र घरमा प्रायः दुईतिर बार्दली राखिन्छ ।

**५.१.५.३ चारपाखे घर**

यो पनि दुईपाखे घर जस्तै विशुद्ध नेपाली शैलीको घर हो । यो घर स्थान अनुसार उत्तर-दक्षिण वा पूर्व-पश्चिम लम्बाइ हुने गरी निर्माण गर्न सकिन्छ । यो घर पनि १ देखि १.५ फिट सम्मको अग्लो आधार पेटीमाथि निर्माण गरिन्छ । यो इँटा, ढुंगा, माटो, काठ, बाँस र खर प्रयोग गरेर निर्माण गरिन्छ । दुईपाखे घरमा जस्तै यसमा पनि आन्तरिक कोठा र तलाहरूको निर्माण गरिन्छ ।

चारपाखे घरमा चुलीगारो उठाइँदैन । यसमा चारै सुरमा चारवटा माउकोरा प्रयोग गरेर त्यसमा छोरे पाखा बनाइन्छ । माथिल्लो तलाको बीचमा घरको लम्बाइ अनुसार एक, दुई वा तीनवटा धुरी खामो राखेर त्यसमाथि धुरी बलो राखेर दुई पाखे घरमा जस्तै किसिमले छानो हालिन्छ । चारपाखे घर प्रायः भुइँतले हुन्छ र यो दुईतले पनि बनाइन्छ ।

चारपाखे घर अन्य घरभन्दा न्यानो हुन्छ । यो घर वर्षातको पानीबाट कम क्षति हुन्छ । चारैतिर छानो हुने हुँदा वर्षातको पानीले बाहिरी भित्तालाई क्षति पुऱ्याउन सक्दैन । चारपाखे घरमा चुली गारो नहुने हुँदा चुली गारोमा झ्याल पनि राख्न सकिँदैन । दुईतले चारपाखे घरमा बार्दली राख्न सकिन्छ ।

यिनका अतिरिक्त राप्ती क्षेत्रमा जाति, स्थान तथा संस्कृतिका आधारमा प्रचलित आवासीय घरहरूमा अवधी भाषी समुदायका परिवारहरूले चारैदिशामा भुइँतले घरहरू निर्माण गरी बीचमा आँगन राख्ने शैली पनि महत्वपूर्ण छ । त्यसैगरी वर्षा कम हुने पहाडी क्षेत्रमा प्रयोग गरिने माटोले छाउने वास्तुशैली भएका घरहरू पनि उल्लेख्य हुन आउँछन् ।

## ५.१.६ अन्य वास्तुकला सम्बन्धी सम्पदा

राप्ती क्षेत्रमा उपलब्ध हुने वास्तुकलाका दृष्टिले महत्व राख्ने शैलीहरूमा यस अघि तले शैली, शिखर शैली, गुम्बज शैली, दरबार-किल्ला सम्बन्धी निर्माण शैली र लोकले आफ्नो किसिमले विकास गरी प्रयोग गर्दै आएको लौकिक वास्तुकला शैलीहरूसँग सम्बन्धित सम्पदाहरूको वास्तुकला विश्लेषण गरियो । राप्ती क्षेत्रमा ऐतिहासिक धरोहरका रूपमा रहेका मूर्त सांस्कृतिक सम्पदाहरू अवलोकन गर्दा माथि उल्लेखित वास्तुकला शैलीका अतिरिक्त स्तूप तथा विहार वास्तुकला र मुगल वास्तुकला शैलीसँग सम्बन्धित सम्पदाहरू पनि उपलब्ध हुन्छन् । यहाँ यस खण्डमा यिनै स्तूप तथा विहार वास्तुकला शैली र मुगल वास्तुकला शैली सम्बन्धी सम्पदाहरूको विश्लेषण गरिएको छ ।

### ५.१.६.१ स्तूप तथा विहार वास्तुकला सम्बन्धी सम्पदा

विहार तथा स्तूपहरू बौद्ध धर्मसँग सम्बन्धित वास्तुकलाका रूपमा चिनिन्छन् । आरम्भमा साधारण माटोको ढिस्कोका रूपमा निर्माण हुने गरेका स्तूपहरू पछिपछि परिष्कृत भई आलङ्कारिक रूपमा निर्माण गर्न थालिए भने विहारहरूमा पनि बुद्धका मूर्तिहरू स्थापना गर्ने परम्पराको विकास भयो (शर्मा, २०६०, पृ. १०५) ।

तिब्बती बौद्ध धर्ममा गुम्बाको विशिष्ट स्थान छ । त्यहाँ विहारको परिवर्तित रूपमा गुम्बाहरू निर्माण भएका छन् (पूर्ववत्, पृ. १०८) । तिब्बतमा बौद्ध धर्मको प्रवेश शान्तरक्षित, पद्‌भसंभव र कमलश्रीले गराएको पाइन्छ । बौद्ध धर्मको प्रचारकै क्रममा उनीहरूले तिब्बतको साम्ये भन्ने ठाउँमा भव्य गुम्बा निर्माण गराएका थिए । यसपछि यसकै प्रभावमा त्यतातिर गुम्बा निर्माण गर्ने प्रचलन चल्यो । नेपालमा आठौं शताब्दीदेखि नै गुम्बा निर्माण हुन थालेको जानकारी पाइन्छ। नेपालमा बनेको पहिलो गुम्बा मुस्ताङको 'लेगेकर गुम्बा' हो, जो तिब्बतको साम्ये गुम्बाभन्दा अगाडिको मानिन्छ (शर्मा, २०६०, पृ. १०८) ।

त्यसैगरी 'छ्योरतेन' लाई बौद्ध स्तुपसँग सम्बन्धित रहेको भन्दै स्तूपकै परिष्कृत रूपमा लिइन्छ । 'छ्योरतेन' भन्नाले बौद्ध धर्मसँग सम्बन्धित धार्मिक ग्रन्थ तथा माङ्गलिक

वस्तुहरू राखिएको ठाउँ भन्ने बुझिन्छ (पूर्ववत्, पृ. ११४) । यसको वास्तु सम्बन्ध चैत्यसँग रहेको ठानिन्छ । यहाँ राप्ती क्षेत्रमा रहेका गुम्बा र छ्योरतेनको वास्तुकला विश्लेषण गरिएको छ ।

**क) नमछु बौद्ध गुम्बा, उपल्लो ढोंडेनी, दाङ**

यो घोराही उपमहानगपालिका वडा नं. १८ उपल्लो ढोंडेनी दाङमा रहेको छ । यो गुम्बा एक तहको आधार पेटी माथि इँटा, सिमेन्ट र छडको प्रयोग गरी निर्माण गरिएको छ । यसको लम्बाइ ३७.५ फिट, चौडाइ २६.५ फिट र उचाइ करीब २५ फिट रहेको छ । यो गुम्बा दुई तले छ । गुम्बाको प्रवेशद्वार पूर्वतर्फ रहेको छ । गुम्बाको छतमाथि मध्य भागमा छोर्तेन निर्माण गरेर त्यसमाथि पित्तलको गजुर राखिएको छ । गुम्बाको तल्लो तलामा दक्षिणतिर ३ वटा काठका झ्याल रहेका छन् भने माथिल्लो तलामा दक्षिणमा २ वटा र उत्तरमा पनि दुईवटा झ्याल राखिएको छ ।

गुम्बाको तल्लो तला पुरै एउटा हलका रूपमा रहेको छ भने माथिल्लो तलामा पूर्व र पश्चिमतिर एक एक वटा ठूला कोठाहरू रहेका छन् । माथिल्लो तलाका दुवै कोठाहरू लामा तथा अतिथिहरूको आवासको लागि प्रयोग गरिएको छ ।

गुम्बाको तल्लो तलामा रहेको हलमा पश्चिममा काठका फ्रेम भएको सिसाको केसभित्र पित्तलको ३ तहको पादपीठमा उभिएको पूर्णकदको फपच्याङ ऋषिको मूर्ति राखिएको छ । ४२ वटा बाहु र १० वटा शिर भएका ऋषिभन्दामाथि बुद्धको शिर स्थापना गरिएको छ । यस मूर्तिको उचाइ ५ फिट र चौडाइ करीब ४ फिट छ । ऋषिका अगाडि दुईवटा पित्तलका भुम्पा (कलश) र त्यस अगाडि ७ वटा कचौरा छन् । यी कचौराहरू मध्ये तीनवटा कचौराहरूमा पानी र अन्य चारवटा कचौराहरूमा अक्षता राखिएको छ । यहाँ सबैभन्दा अगाडि तामाको मण्डल राखिएको छ । यहाँ उल्लेख गरिएका सामग्री यहाँ स्थापित अन्य मूर्तिहरूका अगाडि पनि राखिएका छन् । तर, सबैभन्दा पूर्व भागमा स्थापित गुरु रिम्पुर्छेका अगाडि भने माथि उललेखित सामग्रीहरूका अतिरिक्त दुई लहरमा तीन तीनवटा तोर्मा पनि रहन्छन् ।

यसभन्दा पूर्व भागा काठको फ्रेम हालेको सिसाको केसभित्र बुद्धको बसेको पित्तलको मूर्ति स्थापना गरिएको छ । यो मूर्तिको २ फिट अग्लाइ र १ फिट चौडाइ रहेको छ । यसभन्दा पूर्वको भागमा गौतम बुद्धको उभिएको पूर्णकदको मूर्ति स्थापना गरिएको छ । २७

फिट अग्लाइ र ५ फिट चौडाइ रहेको यो मूर्ति सिमेन्टबाट निर्मित छ । मूर्तिमा पहेँलो रङ्ग लगाइएको छ ।

यसभन्दा पूर्वको भागमा काठको फ्रेम रहेको सिसाको केसभित्र गुरु रिम्पुर्छे (पदम संभव) को बसेको पित्तलको मूर्ति स्थापना गरिएको छ । यो मूर्ति २ फिट अग्लो र १ फिट चौडा छ । गुम्बाको पूर्वी कोणमा पश्चिम दिशा तर्फ फर्केर बस्ने गरी लामाको आसन व्यवस्था गरिएको छ । लामाको आसन अगाडि धजा, ढ्याङ्ग्रो, शंख, घण्ट, झ्याली, छोई (पुस्तक) र बजाउने धुम राखिएका छन् ।

गुम्बामा लामाले बिहान, बेलुका नित्य पूजापाठ गर्ने प्रचलन छ । विशेष चाडहरूमा धार्मिक प्रवचन पनि गरिन्छ । यस कक्षलाई गुम्बा व्यवस्थापन समितिको बैठक बस्ने प्रयोजनमा पनि प्रयोग गरिन्छ । गुम्बामा लामाले बिरामीहरूलाई झारफुकको काम पनि गर्छन् ।

गुम्बा सामान्यतया पूर्वाभिमुख हुने प्रचलन छ । गुम्बाको प्राङ्गणमा दायाँ बायाँ लामा एवं भिक्षुहरूको निवास हुन्छ । यसै अनुसार यो गुम्बा पनि पूर्वाभिमुख छ र प्राङ्गणको बायाँ र माथिल्लो तलामा लामाहरूको भान्सा एवं निवास रहेको छ । गुम्बामा मूलद्वारको सामुन्ने गर्भगृह हुन्छ । गुम्बाको भित्री भागको भित्तामा भवचक्र, सर्वत्तोभद्र आदि चित्र अङ्कित हुन्छन् । यस गुम्बा भित्रका भित्तामा अनेक चित्र अङ्कित चित्रपटहरू झुण्ड्याइएका छन् । यस गुम्बा भित्र पनि बौद्ध परम्परा सम्बन्धी पूजा हुन्छन् । गुम्बा लामाले झारफुक गरेर बिरामीको उपचार गर्ने स्थल समेत हो । नमछु बौद्ध गुम्बा वास्तुकला र प्रयोग दुवैका दृष्टिले महत्वपूर्ण छ ।

**ख) नमछु बौद्ध गुम्बाको 'छ्योरतेन'**

यो घोराही उपमहानगरपालिका वडा नं. १८ उपल्लो ढोंडेनीमा रहेको छ । बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्रको रूपमा रहेको यस स्थलमा गुम्बा, छ्योरतेन, लामा निवास तथा अन्य साना छ्योरतेनहरू पनि निर्माण गरिएका छन् । गुम्बाको जस्तै छ्योरतेनको आफ्नै निर्माण शैली हुन्छ । छ्योरतेन पनि बौद्ध धार्मिक पद्धति अनुसार पूजा-प्रार्थना गरिने स्थल हो ।

यहाँ रहेको छ्योरतेन २ फिट अग्लो एकतहको आधार पेटी माथि १८ फिट लम्बाइ, १८ फिट चौडाइ र ४५ फिट उचाइको छ । यसमा २.५ फिट चौडाइको प्रदक्षिणापथ

राखिएको छ । इँटा, सिमेन्ट र फलामे छड प्रयोग गरी निर्माण गरिएको छ्योरतेनको दक्षिणतर्फ एउटा प्रवेशद्वार राखिएको छ । प्रवेशद्वार भित्र जानका लागि तीन तहको सिँढी राखिएको छ । तल्लो भाग चतुष्कोणाकार (वर्गाकार) रहेको छ्योरतेनको पेटीभन्दा माथिको भागमा फलामको रेलिङ छ । पेटी र रेलिङको बीच भागमा वरिपरि 'ॐ मणि पद्मे हुँ' अङ्कित १०१ वटा माने राखिएका छन् । छ्योरतेनको तल्लो भागमा चारपाटे तेन (पीठ) बनाइएको छ । पीठमाथि घैँटो आकारको बुम्ब रहेको छ । बुम्बको दक्षिणतिरको भागममा गवाक्ष र गवाक्षमा करीब ३ फिट अग्लो कश्यप बुद्धको सुनौलो रहेको छ । बुम्ब माथि गोलो १३ वटा चक्का स्वरूपका त्रयोदश भुवन रहेका छन् । त्रयोदश भुवन माथि गोलो छत्र र छत्र माथि चन्द्र-सूर्य अङ्कित छ ।

छ्योरतेनको गर्भगृहभित्र नित्य पूजा गर्ने परम्परा छ । यसमा लामाले नित्य पूजा गर्छन् । छ्योरतेनको सबैभन्दा तल्लो भागमा पेटी राखिने र चतुष्कोणाकार आधार भएमा छ्योर निर्माण गर्ने विशिष्ट वास्तु शैली छ । छ्योरतेनको चारैतिर साना खोपाहरू राख्ने र खोपा खाली भए पनि तिनीहरूलाई पञ्चबुद्धका प्रतीक मान्छन् । छ्योरतेनमा प्रायः पूर्वी भागमा प्रवेशद्वार बनाइन्छ । तर, यस छ्योरतेनमा प्रवेशद्वार दक्षिणमा राखिएको छ । गर्भगृह माथिको भागमा हर्मिका र हर्मिका माथि त्रयोदश भुवनको प्रतीक स्वरूप क्रमशः घट्दै गएका खण्डहरू बनाई त्यस माथि छत्र बनाउने परम्परा छ । यस छ्योरतेनमा पनि यसै वास्तु शैलीको आधारमा त्रयोदश भुवन र यस माथि गोलो छत्र बनाइएको छ ।

छ्योरतेनमा पातलो सुलुत्त परेको बनावट हुनु, अर्धअण्डाकार आधार भाग अनि त्यसमाथि चक्राकार पनि सुलुत्त परेको र अर्धचन्द्र रहने स्तूपको विशेषताभन्दा फरक वास्तु शैली रहन्छ । आधार भाग चतुष्कोण रहेकोलाई बोधि चैत्य शैली भन्छन् । यस अर्थमा यस स्थलमा निर्मित छ्योरतेन बोधि चैत्य शैलीमा निर्माण भएको भन्न सकिन्छ ।

### ५.१.६.२ मुगल वास्तुकला शैली सम्बन्धी सम्पदा

मुसलमानहरूको शासन सुरु भएपछि कलाका विशेष गरी मूर्तिकला, चित्रकला र वास्तुकलामा विकास भएको कला शैलीलाई मुगल कला शैली भनिन्छ (क्षेत्री र रायमाझी, २०५६, पृ. ६४) । यस शैलीमा मुस्लिम आध्यात्मिक विषय र मुगल लोकजीवनको परम्परालाई प्रस्तुत गरेको पाइन्छ । मुगल शैलीको वास्तुकला भित्र आउने भवनहरूमा मिनार बनाउने, गुम्बजको प्रयोग र धनुषाकार झ्याल ढोका र बार्दली प्रयोग गर्ने प्रवृत्ति

देखिन्छ । मुगल वास्तुकला राजपुत वास्तु शैलीसँग पनि मिल्ने हुँदा मुगल-राजपुत शैली समेत भनेको पाइन्छ । (पूर्ववत्) । पर्सी ब्राउनले यो समन्वय युग र परिस्थितिको उपज ठान्छन् (पूर्ववत्) ।

राप्ती क्षेत्रमा उपलब्ध मठ, मन्दिर र दरबारहरूमा मुगल वास्तुकलाको प्रभाव परेको देखिन्छ भने मस्जिदहरू मुगल वास्तुकला शैलीकै आधारमा निर्माण भएको पाइन्छ । यहाँ राप्ती क्षेत्रमा उपलब्ध मुगल वास्तुकला सम्बन्धी केही मन्दिर तथा दरबारमा उपलब्ध स्थापत्य कला शैली बारे विश्लेषण गरिएको छ ।

**क) रामजानकी मन्दिर**

यो मन्दिर गढवा गाउँपालिका वडा नं. ८ कोइलाबासमा रहेको छ । वि.सं. १८८५ मा निर्माण भएको विश्वास गरिने यो मन्दिरको संरचना निकै पुरानो मानिन्छ । यो मन्दिरको वास्तुकला मन्दिर वास्तुकलाभन्दा दरबार वास्तुकलासँग मिल्दोजुल्दो छ । यसमा प्रयोग गरिएका कलात्मक अर्धवृत्ताकार खुला प्रवेशद्वारहरू, बार्दली र छतको अग्रभागमा राखिएका बुर्ज र मिनार आकृतिका स्तम्भहरूले मुगल वास्तुकला प्रस्तुत गर्छन् ।

रामजानकी मन्दिर एक एक फिटका दुई तहका आधार पेटी माथि इँटा र सिमेन्ट प्रयोग गरी निर्माण गरिएको छ । यसको लम्बाइ ४० मिटर, चौडाइ १९ मिटर र उचाइ करीब ९ मिटर रहेको छ । यस मन्दिरको परिसरमा प्रवेश गर्नका लागि पूर्वतर्फ एउटा ठूलो प्रवेशद्वार रहेको छ । परिसर प्रवेशद्वारभित्र विशाल प्राङ्गण छ । मन्दिरको पूर्वतर्फ पाँचवटा अर्धवृत्ताकार कलात्मक खुला द्वारहरू निर्माण गरिएका छन् । तीन तला रहेको यस मन्दिरको दोस्रो तलामा पनि पूर्वतर्फ दुईवटा तर्फ अर्धवृत्ताकार झ्यालहरू र मध्यभागमा बार्दलीमा आउनका लागि अर्धवृत्ताकार खुला द्वार राखिएको छ । तेस्रो तलामा पूर्वतर्फ बुर्ज सहितको बार्दली र बार्दलीमा आउनको लागि पाँचवटा अर्धवृत्ताकार खुला द्वारहरू रहेका छन् । मन्दिरको शीर्ष भागमा टुँडालहरू र त्यसमाथि दुई छेउँमा मुख बाएर हिँड्न थालेका सिंह र बीचमा उभिएको अवस्थाको चार हात भएकी देवीको मूर्ति राखिएको छ । शीर्षभागमा मिनार आकृतिका कलात्मक स्तम्भहरू पनि राखिएका छन् । मन्दिरको शीर्षभागमा एउटा गजुर राखिएको छ ।

मन्दिरको प्रवेशद्वारभन्दा बाहिर प्रवेशद्वारको उत्तर-दक्षिणमा २.५ फिटका अग्ला आधार पीठिका माथि ५.५ फिट लामा र ३.५ फिट अग्ला दुईवटा बाघहरू बसेको

अवस्थामा पूर्वतर्फ फर्काई स्थापना गरिएको छ । यस मन्दिरमा अलग अलग गर्भगृह निर्माण गरी धेरै देवीदेवताहरू स्थापना गरेको पाइन्छ । यसको गर्भगृह १३ फिट लम्बाइ र १३ फिट चौडाइको छ । गर्भगृह निर्माण गर्न ४ वटा स्तम्भहरूको प्रयोग गरिएको छ ।

गर्भगृहभित्र ९ फिट लम्बाइ, ८ फिट चौडाइ र २ फिट अग्लो आधार पेटी निर्माण गरिएको छ । यसमा लहरै तीनवटा कलात्मक आसनहरू राखिएका छन् र यिनमा क्रमशः राम, सीता र लक्ष्मणका मूर्तिहरू स्थापना गरिएको छ । स्थानक अवस्थाका यी मूर्तिहरूमध्ये लक्ष्मणले धनुष बोकेको देखिन्छ । श्वेत सिङ्गमरमरबाट बनेका यी मूर्तिहरूमा आकर्षक मुकुट गर्गहना र बस्त्र पहिर्‍याइएको छ । यस आधार पेटीको बायाँतिर कृष्णले बाँसुरी बजाउन थालेको राधाकृष्णको मूर्ति स्थापना गरिएको छ । यस मूर्तिको अगाडि उभिएको अवस्थामा बालगोपालको मूर्ति स्थापना गरिएको छ । राम जानकी मूर्तिको दायाँ भागमा सिङ्गमरमरकै लक्ष्मी, नारायण र देवीका मूर्तिहरू स्थापना गरिएका छन् । यी सबै मूर्तिहरूलाई आकर्षक मुकुट, देवीदेवोचित गर्गहनाहरू र वस्त्र पहिर्‍याइएको छ । यस मन्दिरमा स्थापना गरिएका अष्टधातुबाट निर्मित राम जानकीका पुराना मूर्तिहरू द्वन्दकालमा चोरी भएको हुँदा हाल उपलब्ध हुने सबै मूर्ति पछि स्थापना भएको पाइन्छ । यहाँ स्थापना गरिएका सबै मूर्तिहरू सरदर ९ फिटदेखि ९.४ फिटसम्म अग्ला रहेका छन् ।

**ख) अन्य**

रामजानकी मन्दिरका अतिरिक्त राप्ती क्षेत्रमा रहेका गोबरडिहा (दाङ) को सिंहदरबार, गोबरडिहामा रहेको हंशेश्वर शिवालय र उत्तर पिपरी देउखुरी दाङमा रहेको शिव मन्दिरहरूमा पनि मुगल वास्तुकलाको स्पष्ट प्रभाव देखिन्छन् । सिंहदरबारको तल्लो तलाका अर्धवृत्ताकार पाँचवटा खुला कलात्मक प्रवेशद्वारहरू, बार्दली र माथिल्लो तलामा राखिएका बुर्ज आकारका स्तम्भ सहितको रेलिङ यसका उदाहरण हुन् । हंशेश्वर शिवालय वरिपरि अर्धवृत्ताकार खुला कलात्मक प्रवेशद्वारहरू निर्माण गरिएका छन् । दोस्रो भागमा शिखर आरम्भ हुने तहमा बुर्जाकारका स्तम्भ सहित रेलिङ निर्माण गरिएका छन् । त्यसैगरी उत्तर पिपरी (देउखुरी, दाङ) को शिवालयमा पनि तल्लो तलामा अर्धवृत्ताकार खुला कलात्मक प्रवेशद्वारहरू र गुम्बज आरम्भ हुने तहमा बुर्ज वा मिनार आकृतिका स्तम्भहरू निर्माण गरिएको छ । माथि वर्णित रामजानकी मन्दिर, सिंहदरबार, हंशेश्वर शिवालय तथा उत्तर पिपरीको शिवालय प्रायः समकालीन र भारतीय कालीगढहरूले निर्माण गरेको हुँदा

सबैमा धेरै थोरै मुगल वास्तुकलाको प्रयोग र प्रभाव भएको देखिन्छ । आजकल आम मानिसहरूका घर-आवासहरूमा समेत मुगल वास्तुकलाको प्रभाव परेको देखिन्छ ।

## ५.२ निष्कर्ष

यस परिच्छेदमा विवेच्य क्षेत्रमा धार्मिक महत्वका घेराहरूका रूपमा रहेका मठ-मन्दिर, गुम्बा, मस्जिद जस्ता धार्मिक सम्पदा तथा दरबार, किल्ला जस्ता ऐतिहासिक सम्पदा र लोकले आफ्नो आवासका लागि निर्माण गरेका घरहरूको वास्तुकला विश्लेषण गरिएको छ ।

यस सन्दर्भमा सर्वप्रथम अध्ययनमा प्राप्त मठ, मन्दिर, गुम्बा, दरबारहरूलाई तिनमा पाइने शैलीको आधारमा वर्ग छुट्याई आ-आफ्नो वर्गमा राखेर वास्तुकला विश्लेषण गरिएको छ । यस क्रममा मठ-मन्दिर, गुम्बा, दरबार-किल्ला र परम्परागत घरहरूलाई तले शैली, शिखर शैली, गुम्बज शैली, दरबार, घर तथा किल्ला वास्तुकला शैली, लौकिक वास्तुकला र अन्य वास्तुकला भनिएको छ । अन्य अन्तर्गत स्तूप तथा विहार वास्तुकला र मुगल वास्तुकला शैलीलाई राखिएको छ ।

तले शैली अन्तर्गत विवेच्य क्षेत्रका मठ-मन्दिरहरूमा अम्बिकेश्वरी मन्दिर (दाङ), कालिका भगवती मन्दिर (प्यूठान), डिग्रे साईकुमारी मन्दिर (रुकुम), भुवनेश्वरी-पाटेश्वरी मन्दिर (सल्यान), रतननाथ मन्दिर (सल्यान), सिद्धरत्ननाथ मठको दलिचा (दाङ) र स्वर्गद्वारीको यज्ञशाला प्रतिनिधिमूलक सम्पदा हुन् । यिनको निर्माण शास्त्रसम्मत हुनुका साथै यी प्रसिद्ध पनि छन् ।

शिखर शैलीका दृष्टिले सिद्धरत्ननाथ मठको गोरखनाथ मन्दिर (दाङ), रोल्पाको चतुर्भुज शिव पाञ्चायन मन्दिर, छायाँक्षेत्र सल्यानको छत्रेश्वरी शक्तिपीठ, रुकुम चौरजहारीको देवलस्थल, दक्षिण पिपरी देउखुरीको शिव मन्दिर, बगारबाबा रिहारको शिव मन्दिर (दाङ), सिद्धरत्ननाथ मठ (दाङ) र गोबरडिहा देउखुरीको हंशेश्वर शिवालय मठ मन्दिरहरू शिखर शैलीका प्रतिनिधिमूलक मूर्त सम्पदा हुन् । गुम्बज शैलीका मठ-मन्दिरहरूमा मन्ठोऱ्या भवानी मन्दिर (दाङ), सल्यान सित्तलपाटीको शिव मन्दिर, फलाबाङको शिवालय, साना रतननाथ मन्दिर (चौघेरा, दाङ) र सिद्धभगवन्तनाथ समाधि महत्वपूर्ण छन् ।

मठ-मन्दिरको वास्तुकला शैली विश्लेषण पछि विवेच्य क्षेत्रका दरबार, घर, किल्लाहरूको वास्तुकला विश्लेषण गरिएको छ । यस सन्दर्भमा फलाबाङको पुतली दरबार, मैचन्ने रोल्पाको बाह्रसुरे घर, गोबरडिहा दाङमा रहेको सिंहदरबारको वास्तुकला शैली विश्लेषण गरिएको छ । पाचौँ परिच्छेदको अन्त्यमा, लौकिक वास्तुकला र अन्य वास्तुकलासँग सम्बन्धित सम्पदाहरूको निर्माण शैली विश्लेषण गरिएको छ । लौकिक वास्तुकला अन्तर्गत लोकले आफ्नो संस्कृति र भौगोलिक अवस्था अनुसार विकास गरेको वास्तु शैली विश्लेषण गरिएको छ । यसभित्र डँगौरा थारू घर, दुईपाखे घर र चारपाखे घरहरूको वास्तुकला प्रस्तुत गरिएको छ ।

अन्य वास्तुकला अन्तर्गत स्तूप तथा विहार वास्तुकला र मुगल वास्तुकला राखिएको छ । स्तूप तथा विहार वास्तुकला अन्तर्गत नमछु बौद्ध गुम्बा र छ्योरतेनको वास्तुकला विश्लेषण गरिएको छ । मुगल वास्तुकला अन्तर्गत केही मस्जिदहरू र मुगल वास्तुकला शैलीको प्रभाव परेका दाङका रामजानकी मन्दिर, सिंहदरबार तथा हंशेश्वर शिवालय आदिको निर्माण शैली विश्लेषण गरिएको छ ।

# परिच्छेद छ

# मूर्त सांस्कृतिक सम्पदाहरूमा धार्मिक सम्वन्ध र प्रभाव

## ६.१ विषय प्रवेश

धर्म मानव समाजलाई व्यवस्थित रूपमा सञ्चालन गर्न अनुशासित गर्ने विधान प्रतीत हुन्छ । पूर्व वा पश्चिममा होस् धर्म विनाको देश वा कुनै पनि मानव जाति पाइँदैन । राप्ती क्षेत्र पनि प्राचीन कालदेखि अनेक धर्म र धार्मिक सम्प्रदायहरूका मतबाट प्रभावित हुँदै आएको पाइन्छ । यो कुरा विवेच्य क्षेत्रमा निर्माण गरिएका मठ, मन्दिर, गुम्बा, घर-दरबारका निर्माण शैली एवं त्यहाँ स्थापित देवीदेवताका प्रतिमा एवं चित्रहरूले प्रस्तुत गर्दछन् ।

राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा (मठ-मन्दिर, गुम्बा, दरबार-घर) को अध्ययन गर्दा शैव धर्म, शाक्त धर्म, वैष्णव धर्म र बौद्ध धर्मको सम्वन्ध देखिन्छ । त्यसपछि यहाँका आदिवासीहरूमा प्रकृति धर्म भन्ने गरिएको लौकिक धर्महरूको सम्वन्ध पनि देखिन्छ । वि.स. २०७८ को जनगणनाले नेपालमा हिन्दू धर्मावलम्बीको सङ्ख्या ८१.१९ प्रतिशत, बौद्ध धर्मावलम्बीको सङ्ख्या ८.२१ प्रतिशत र प्रकृति धर्मावलम्बीको सङ्ख्या ०.३५ प्रतिशत देखाएको छ (राष्ट्रिय जनगणना २०७८ को मुख्य नतिजा पृ. ५१) । यसमा हिन्दू धर्म मान्नेको सङ्ख्यामा हिन्दू धर्मावलम्बीका सबै सम्प्रदायहरू समावेश गरिएको छ ।

राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययन गर्दा सबैभन्दा बढी शैव धर्मको प्रभाव देखिन्छ । त्यसपछि शाक्त धर्म, वैष्णव धर्म र क्रमशःबौद्ध र अन्य लौकिक धर्महरू आउँछन । हिन्दू धर्म र बौद्ध धर्म पछि विवेच्य क्षेत्रमा इस्लाम धर्मको सम्वन्ध देखिए पनि यस शोधकार्यमा सनातन हिन्दू धर्म र त्यसकै प्रभावमा जन्मेका अन्य लौकिक धर्महरूको सम्वन्ध विश्लेषण गर्ने योजना रहेकोले मूर्त सांस्कृतिक सम्पदाहरूमा इस्लाम धर्मको प्रभावसँग सम्बन्धित सम्पदाहरूको विश्लेषण गरिएको छैन । यहाँ राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूमा परेको धार्मिक सम्वन्ध विश्लेषण गर्दा प्रमुख मठ, मन्दिर, गुम्बा र घर तथा दरबारहरूका आधारमा क्रमशः शैव धर्म, शाक्त धर्म, वैष्णव धर्म, बौद्ध धर्म र लौकिक धर्मका रूपमा आउने प्रकृति धर्म आदिको सम्वन्ध विश्लेषण गरिएको छ ।

## ६.१.१ शैव धर्मसंग सम्वन्धित मूर्त सम्पदाहरू

शैव धर्म भगवान शिवसँग सम्बन्धित छ । भगवान शिवको पूजा - आराधना गर्ने धर्मलाई शैव धर्म भन्दछन् । देवादिदेव महादेवसँग सम्बन्धित यो धर्म सबैभन्दा प्राचीन र राप्ती क्षेत्रमा सर्वाधिक प्रभाव रहेको धर्मका रूपमा देखिन्छ । हिन्दूहरूका त्रिदेव ब्रह्मा, बिष्णु, महेशमध्ये शिव एउटा प्रमुख देबताका रूपमा देखिन्छन् । धर्मशास्त्रहरूले ब्राह्मालाई सृष्टिकर्ता, विष्णुलाई पालनकर्ता र शिवलाई सघांरकर्ताको रूपमा चित्रण गरेको छ । हिन्दू धार्मिक ग्रन्थहरू वेद, ब्रह्माण, गृहसूत्र, पुराण, महाभारत आदिमा भगवान शिवलाई रुद्र, महादेव, महेश, पशुपति, शङ्कर, हरिहर, ईशान आदि धेरै नामले संवोधन गरेको पाइन्छ ( बराल, २०४४, पृ. ४०७) । शैव धर्ममा लिङ्ग पूजाले पनि विशिष्ट स्थान राखेको पाइन्छा । 'रुद्र' शब्दको उल्लेख सर्वप्रथम ऋग्वेदमा भएको हुँदा रुद्रलाई मेघका देवताका रूपमा पनि प्रस्तुत गरिएको छ । ऋग्वेदमा अन्य देवताहरूको तुलनामा रुद्रको सर्वाधिक चर्चा र प्रभाव प्रस्तुत गरिएको हुँदा शिव हिन्दू समाजमा प्राचीनकालदेखि नै सबै भन्दा बढी प्रभाव रहको देवता थिए भन्ने आधार पाइन्छ ।

राप्ती क्षेत्रमा पाइने मूर्त सांस्कृतिक सम्पदाहरूको आधारमा पनि शैव धर्म सर्वाधिक प्रभाव पार्न सफल धर्म हो भन्ने दखिन्छ । यहाँ शैव धर्मसँग सम्बन्धित र प्रभावित केही प्रमुख मठ-मन्दिरहरूको विश्लेषण गरिएको छ ।

### ६.१.१.१ पाण्डवेश्वर शिवालय, धारपानी, दाङ

घोराही उपमहानगरपालिका वडा नं. ५ धारपानीमा रहेको यो शिवालय राप्ती क्षेत्रसँग सम्बन्धित महत्वपूर्ण मूर्त सम्पदा हो । यस शिवालयको गर्भगृहमा रहेको शिवलिङ्ग नै शिवालयको प्रमुख सम्पदा हो । यस स्थलमा प्रदिक्षिणा पथ सहितको तलेशैलीमा निर्मित मन्दिर छ र त्यसको गर्भगृहमा नै शिवलिङ्ग स्थपित छ । शिव मन्दिरलाई मध्य भागमा राखेर यस स्थलमा भगवान विष्णु, गणेश, हनुमान, देवी र सूर्यको मन्दिरहरू पनि निर्माण गरिएको छ । यस पवित्र स्थलमा विश्वको अग्लो मानिने त्रिशूल र शिवालय अगाडिको वसाहाको प्रतिमा शैव धर्मको द्यौतक हुन् । अतः यस स्थलमा शिव पाञ्चायन देवताहरूको पूजा हुन्छ । शिवालयको गर्भगृहमा रहेको शिवलिङ्ग पाँच हजार वर्ष पुरानो मानिन्छ । यसबाट यस शिवालयको प्राचीनता स्पष्ट हुन्छ । यस स्थलमा शिवरात्रिमा ठूलो मेला लाग्दछ । मेलामा हजारौं शिवभक्तहरूको उपस्थिति हुन्छ ।

### ६.१.१.२ गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ, दाङ्ग

यो मठ घोराही उपमहानगरपालिका वडा नं. १७ मा अवस्थित छ । यो मठ शिवस्वरूप गोरखनाथका मुख्य शिष्य सिद्धरत्ननाथले वि.स. ८०९ मा स्थापना गरेको ठानिन्छ । शिखर शैलीमा निर्मित यस मठको परिसरमा रत्नेश्वर महादेवको मन्दिर पनि निर्मित छ । नाथ सम्प्रदायको केन्द्रको रूपमा नेपाल र भारतमा प्रसिद्ध यस मठ परिसरमा शिवलिङ्गहरू स्थापना गरिएको पाइन्छ । यो राप्ती क्षेत्रको शैव धर्मसँग सम्बन्धित र शैव धर्मकै पृष्ठभूमिमा स्थपित पुरानो मूर्त सांस्कृतिक सम्पदा हो । यसै स्थलसँग सम्बन्धित रहेका सवारीकोट स्थित मनकामना गोरखनाथ मन्दिर र चौपट्टा स्थित महामृत्युञ्जय गोरखनाथ मन्दिरहरू पनि शैव धर्मकै प्रभाव र प्रेरणामा स्थापित मन्दिर हुन् ।

### ६.१.१.३ मन्ठोऱ्या भवानी मन्दिर, दाङ

यो मन्दिर घोराही उपमहानगरपालिका वडा नं. १० अमराईमा रहेको छ । मन्दिरको प्राचीनता बारे केही पनि थाहा पाउन सकिएको छैन तर यो प्राचीन स्थल हो भन्ने कुरामा भने सबैले स्वीकारेका छन् । यस भवानी मन्दिरको निर्माण भारत तुलसीपुर स्थित पाटेश्वरी मन्दिरको पाटेश्वरी देवीसँग सम्बन्धित रहेको जनश्रुति पाइन्छ । यस मन्दिरको गर्भगृहमा २.५ फिट अग्लो प्रस्तरको शिवलिङ्ग स्थापना गरिएको छ । शिवलिङ्गको पछाडि प्रस्तरकै स्तम्भ गाडिएको छ । यसको माथि पर्ने गरी घण्ट झुण्डाइएको छ भने शिवलिङ्गकै नजिकमा त्रिशूल गाडिएको छ । मन्दिरभित्र भित्तामा बत्ती बाल्नका लागि अर्धवृत्ताकार खोपाहरू छन् । गुम्बज शैलीमा निर्मित यो मन्दिर राप्ती क्षेत्रको शैव धर्मसँग सम्बन्धित प्राचीन मूर्त सम्पदा हो ।

यो मन्दिरमा गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठबाट रोट, भोग आदि चढाउने चलन छ भने थारू समुदायले माघी पर्वमा पूजा गरेर भोग चढाउने गर्दछन् । जनश्रुति अनुसार यस मन्दिरभित्र एउटा कुवा थियो त्यसै कुवाको पानीबाट लोकले अनेक रोगबाट मुक्ति पाउँथे । त्यस कुवा भित्र अनेक थरिका माछा, भ्यागुता, नाग र शिवलिङ्ग देखिन्थे । समयमा वर्षा नहुँदा थारू समुदायले यस स्थलमा पूजा गर्ने र यसो गर्दा वर्षा हुने विश्वास छ । शिवलाई मेघका देवताका रूपमा पनि लिइन्छ । अतः मन्ठोऱ्या मन्दिर पनि राप्ती क्षेत्रको शैव धर्मसँग सम्बन्धित मूर्त सांस्कृतिक सम्पदा हो । यसले लोकमा गहिरो प्रभाव पारेको प्रतीत हुन्छ ।

#### ६.१.१.४ स्वर्गद्वारी आश्रम, प्युठान

यो स्थल स्वर्गद्वारी नगरपालिका वडा नं. २ स्वर्गद्वारीमा अवस्थित छ । यस स्थानमा वैदिक कालमा ऋषिमुनिहरूले तपस्या गरेको र यज्ञ अनुष्ठान गरेको हुँदा महाप्रभुले यस स्थलमा विश्व शान्तिको लागि यज्ञ गरी आश्रम स्थापना गरेको बुझिन्छ । यस स्थानमा शिवपाञ्चायन देवताको नित्य पूजा आराधना हुन्छ । यस स्थलमा शिवालय, यज्ञकुण्ड, गुफा मन्दिर आदि मूर्त सांस्कृतिक सम्पदाहरू रहेका छन् । नेपाल र भारतका भक्तहरूका माझ प्रसिद्ध यस स्थलमा बैशाख पूर्णिमा, गुरुपुर्णिमा, एकादशी, मार्ग शुक्ल चतुर्थी, शिवरात्री आदि धार्मिक पर्वहरूमा विशेष पूजा हुन्छ । यो स्थल पनि राप्ती क्षेत्रको शैव धर्मसँग सम्बन्धित र ठुलो प्रभाव रहेको मूर्त सांस्कृतिक सम्पदा हो ।

यिनका अतिरिक्त राप्ती क्षेत्रमा मूर्त सांस्कृतिक सम्पदाहरूमा आउने निकै धेरै सम्पदाहरू शैव धर्मबाट प्रभावित र शैव धर्मसँग सम्बन्धित छन् । तीमध्ये घोराहीको गणेश मन्दिर, रोल्पाको चतुर्भुज शिव पञ्चायन मन्दिर, रुकुम चौरजहारीको देवलस्थल शिव मन्दिर, उत्तर तथा दक्षिण पिपरी दाङको शिव मन्दिर, सल्यान शङ्खमुलको शिव मन्दिर, सल्यान सितलपाटीको शिवालय, रुकुम बाहुनठानाको शेरमुक्तेश्वर शिवालय, दाङको सिद्धभगवन्तनाथ समाधि, दाङको सूदय रामेश्वर शिवालय, गोबरडिहा दाङको हंसेश्वर शिवालय आदि महत्वपूर्ण छन् ।

### ६.१.२ शाक्त धर्मबाट सम्वन्धित मूर्त सम्पदा

हिन्दू धर्ममा शक्तिको महत्वपूर्ण स्थान छ । हिन्दू धर्मको अध्ययन गर्दै जादा शक्ति पूजाको परम्परा प्राचीन कालदेखि हुँदै आएको पाइन्छ । अर्थात् शक्ति तत्वको आराधना गर्नेहरूलाई शाक्त धर्मसँग सम्बन्धित देखाइयो । शक्तिविना ब्रह्मा, बिष्णु, महेश पनि क्रियाशील हुन नसक्ने हुँदा लोकमा शक्तिको महिमा बढ्यो र शक्ति पूजाले हिन्दू धर्ममा एउटा बेग्लै सम्प्रदायको रूप लियो ।

आरम्भमा देवीको उपासना र भक्तिबाट विकास हुँदै आएको यस सम्प्रदायमा शक्तिका विभिन्न रूपहरूको कल्पना गरियो । शक्तिका विभिन्न रूपहरूमा अष्टमातृकाभित्र ब्राह्मी, वैष्णवी, महेश्वरी, ऐन्द्री, कौमारी, बाराही, चामुण्डा, महालक्ष्मी त्यसै गरी नवदुर्गाभित्र शैलपुत्री, ब्रह्माचरिणी, चन्द्रघण्टा, कुस्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिधात्री र कालीभित्र भद्रकाली, दक्षिणकाली, महाकाली आदि नामहरू आउँछन् ।

सिन्धुघाटीको सभ्यता अध्ययन गर्दा शक्तिपूजाको अवशेषहरू उपलब्ध भएका छन् । ऋग्वेदको दशौं मण्डलमा देवीलाई आदि शक्तिको रूपमा लिइएको छ । शिवको उपासना लिङ्गको रुपमा गर्ने लोकको परम्परालाई ज्यादै प्राचीन मान्ने हो भने लिङ्गको साथमा पुजिने योनीलाई शक्तिको प्रतीकका रूपमा लिइने हुँदा शक्ति पूजा गर्ने परम्परालाई प्राचीन हो भन्नु पर्छ । महाभारतको भीष्मपर्वमा युद्धमा विजय प्राप्त गर्न अर्जुनले कृष्णको परामर्श अनुसार देवी दुर्गाको उपासना गरेका थिए । त्यस समयमा समाजमा शक्तिका प्रतीक दुर्गा, काली, भगवती, चण्डी, मातृका आदिको पूजा गर्ने परम्परा रहेको बुझिन्छ । पौराणिक कालमा आएर शक्तिका धेरै प्रकारका रूपहरूको विकास भएको छ । यस भावनाबाट देवीका अनेक रूपहरूको कल्पना गरेको पाइन्छ । ती रूपहरूबाट निम्नानुसार मुख्य तीन भागमा राखेर हेरिएको छ (खत्री, २०५६,पृ. ५६) ।

**क) शान्त रूप :-** यस रूपमा लक्ष्मी, सरस्वती, देवी आदि आउछन् र यिनको सात्विक किसिमले सामान्य पूजा गरिन्छ ।

**ख) प्रचण्ड रूप :-** यस रूपको सम्बन्ध शैव सम्प्रदायको कापालिक वा कालामुख सम्प्रदायसँग रहेको देखिन्छ । यस रूपमा काली, महाकाली, भैरवी, चण्डी, चामुण्डा आदि आउँछन् । यस रूपमा आउने देवीको पूजा पशुपन्छी वलि मात्र नभई नरबलिबाट समेत गरिन्छ ।

**ग) कामप्रधान रुप :-** शाक्त धर्ममा शक्तिको कामप्रधान रूपलाई सबैभन्दा महत्वपूर्ण मान्दछन् । यसरूपमा देवीका अनेक कामप्रधान रूपहरूको  कल्पना गरी कतिपय अवस्थामा देवीका साङ्केतिक चिन्हहरूको पूजा गरिन्छ । शाक्त धर्ममा तन्त्रपूजा पनि प्रसिद्ध छ । शैव धर्ममा लिङ्ग पूजा गरे जस्तै शक्तिको साङ्केतिक रूपमा योनी पूजा गरिन्छ । योनीलाई शक्तिको प्रतीक मानिन्छ । यसरी हेर्दा शैव धर्म र शाक्त धर्मको बिच नजिकको सम्बन्घ देखिन्छ ।

नेपालमा शाक्त सम्प्रदायको गहिरो प्रभाव रहेको छ । राप्ती क्षेत्रमा उपलब्ध हुने मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययन गर्दा शाक्त धर्मको गहिरो प्रभाव रहेको बुझिन्छ । यहाँ शाक्त धर्मबाट प्रभावित मन्दिरको आधारमा यस धर्मको विश्लेषण गरिएको छ ।

### ६.१ २..१ अम्बिकेश्वरी भगवती मन्दिर, दाङ

घोराही उपमहानगरपालिका वडा नं. १८ अम्बापुरमा अवस्थित यो मन्दिर दाङको प्रसिद्ध शक्ति पीठ हो । पुराणमा वर्णित मृत सतीदेवीको अङ्गहरू पतन हुँदै जाने क्रममा यस अम्बिकेश्वरी स्थलमा सतीदेवीको दाहिने कान पतन भएको र शक्ति स्वरूपा अम्बिका भगवतीको उत्पत्ति भएको विश्वास गरिन्छ । यस स्थलमा अम्बिका भगवतीको मन्दिर मध्य भागमा स्थापना गरी मन्दिरको वरिपरि शिव, विष्णु, गणेश, कालिका, सूर्य, हनुमान, सरस्वती आदिका मन्दिरहरू स्थापना गरिएका छन् । यस दृष्टिले हेर्दा यो स्थललाई देवी पञ्चायन मन्दिर भन्न सकिन्छ । राप्ती क्षेत्रमा शक्तिपीठको रूपमा प्रसिद्ध अम्बिकेश्वरी मन्दिरमा बडादशैको पञ्चमीदेखि नवमीसम्म यस स्थलमा भक्तजनहरूको उल्लेख्य उपस्थिति रहन्छ ।

### ६.१.२.२ कालीका भगवती मन्दिर, खलङ्गा, रुकुम

यो मन्दिर मुसिकोट नगरपालिका वडा नं. १ मा अवस्थित छ । करिव ४०० वर्षको इतिहास बोकेको यो मन्दिर राप्ती क्षेत्रको महत्वपूर्ण शक्तिपीठ हो । जुम्लामा आक्रमण भएपछि त्यहाँका राजा भागेर आउँदा आफ्नो साथमा खड्ग, चन्दननाथको धजा लिएर आएका थिए । उनीहरूले कालिका भगवतीको शीलालाई स्थापना गरी इष्टदेवीको रूपमा पूजा शुरु गरेका थिए ।

### ६.१.२.३ त्रिपुरेश्वरी भगवती मन्दिर, खुङग्री, रोल्पा

यो मन्दिर सुनिलस्मृति गाउँपालिका वडा नं. २ खुङग्रीमा अवस्थित छ । सत्ययूगमा सतीदेवीको अङ्ग पतन भएपछि यस शक्तिपीठको उत्पत्ति भएको विश्वास गरिन्छ । यस स्थलमा सतीदेवीको कण्ड्यौलो पतन भएकोले यस स्थानलाई उद्यान पीठ भनिन्छ । त्रिपुरादेवीको कामेश्वरी, कमला, महेश्वरी, शाम्भवी, वाग्देवी र त्रिपुरेश्वरी आदि नामहरू रहेका छन् (अधिकारी, २०७३, पृ. १९) । यी नामहरू भक्तले उच्चारण गर्नाले मात्र पनि मनोकाङ्क्षा पूर्ण हुन्छ भन्ने विश्वास छ । यस स्थलमा बडादशैको महाष्टमी र चैतेअष्टमीमा ठूलो मेला लाग्ने र पञ्चबलि दिने प्रचलन पनि रहेको छ । यो राप्ती क्षेत्रको शाक्त धर्मसँग सम्बन्धित महत्वपूर्ण मन्दिर हो ।

### ६.१.२.४ त्रिसिद्धेश्वरी मन्दिर, तुल्सीपुर, दाङ

यो मन्दिर तुलसीपुर उपमहानगरपलिका वडा नं. ६ मा अवस्थित छ । यो मन्दिर पश्चिम दाङ क्षेत्रको प्रसिद्ध शक्तिपीठ हो । यस स्थलमा महालक्ष्मी, महासरस्वती र महाकाली गरी तीनवटी देवीका प्रतिमाहरू स्थापना गरिएको छ । यस स्थलमा गणेश, शिव, दुर्गा, राधाकृष्ण, हनुमान आदि देवीदेवताका प्रतिमाहरू स्थापना गरिएका छन् । परिसरको मध्यभागमा देवीको प्रतिमा र वरिपरी शिव, गणेश, हनुमान आदिका मन्दिर रहनुले देवीपञ्चायनको रूपमा पनि प्रस्तुत भएको छ । अतः यो शाक्त धर्मवालम्बीहरूको आस्थाको केन्द्र हो ।

राप्ती क्षेत्रमा सङ्ख्याको हिसावले हेर्दा शैव धर्म पछि शाक्त धर्म कै प्रभाव बढी रहेको देखिन्छ । शाक्त धर्मसँग सम्बन्धित अन्य मन्दिरहरूमा कालिका भगवती मन्दिर (दाङ, मसिन), कालिका भगवती मन्दिर (प्युठान, बिजुवार), कालिका भगवती मन्दिर (रोल्पा, लिबाङ), कालिका-मालिका मन्दिर (दाङ, छिल्लीकोट), छत्रेश्वरी शक्तिपीठ (छायाँक्षेत्र, सल्यान), साईकुमारी भगवती मन्दिर (रूकुम, डिग्रे), पाटेश्वरी देवी (रोल्पा, गजुल), मन्ठोऱ्या भवानी मन्दिर (दाङ, उत्तर अमराई), विजयश्वरी भगवती मन्दिर (रुकुम, चौरजहारी) आदि आउँछन् ।

## ६.१.३ वैष्णव धर्मबाट सम्वन्धित मूर्त सम्पदा

वैष्णव धर्म पनि हिन्दू धर्मको एउटा महत्वपूर्ण धार्मिक शाखा हो । भगवान विष्णुलाई आफ्नो आराध्य देवता मान्ने धार्मिक सम्प्रदाय नै वैष्णव सम्प्रदाय हो । अतः 'वैष्णव' शब्द 'विष्णु' शब्दबाटै बनेको हो । हिन्दू धार्मिक ग्रन्थहरूमा विष्णुलाई महत्वपूर्ण स्थान दिइएको छ । गीतामा विष्णुको महत्व र पटक पटक अवतार लिन्छन् भन्ने सन्दर्भमा "यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत । अभ्युत्यानमधर्मस्य तदात्मान् सृजाम्यहम् । पवित्राणम साधनां विनाशाय च दृष्कृताम् । धर्मसंस्थापनार्थाय संभवामि युगे युगे" । अर्थात जब जब धर्मको नाश हुनथाल्छ तब धर्मको उत्थानको लागि विविध रूप लिई साधु सन्तहरूलाई रक्षा गर्न भगवान विष्णु यस लोकमा अवतीर्ण हुन्छन्

वैष्णव सम्प्रदायलाई पञ्चरात्र मत, वैष्णव धर्म र भागवत धर्म भनेर पनि चिनिन्छ । हिन्दू धर्ममा विष्णु त्रिदेव (ब्ह्मा, बिष्णु, महेश्वर) मध्येका एउटा प्रमुख देवता मानिन्छन् । विष्णुलाई लोकमा पालनकर्ता र मुक्तिदाताका रूपमा चिनिन्छन् । हिन्दू धर्ममा बिष्णु

नारायण, हरि, वासुदेव, राम, कृष्ण आदिको रूपमा पनि चिनिन्छन् । यस सम्प्रदायको मुख्य ग्रन्थ श्रीमदभागवत् पूराण र श्रीमदभागवत् गीता हुन् । (भण्डारकर, १९७७, इ.पृ.१) । वैदिक देवता विष्णु, दार्शनिक देवता नारायण र ऐतिहासिक देवता श्रीकृष्ण हुन् । ऋग्वेदमा विष्णुको प्रशंसा गर्दै विष्णुले एक्लै तीन लोक, तीन कदमद्धारा नापे जसको स्तुति गर्ने शक्ति हामीमा प्राप्त होस् भनिएको छ । भगवान् विष्णुका अवतारहरूका विषयमा पुराणहरूले आ-आफ्नै प्रकारले व्याख्या गरेका छन् । तीमध्ये वायु पुराणले दस अवतारको चर्चा गरेको छ । ती हुन - मत्स्य, कुर्म, बराह, नृसिंह, बामन, राम, परशुराम, कृष्ण, बुद्ध र कल्की हुन् । वैष्णव धर्ममा विशिष्टाद्वेत, द्वैत, शुद्वा द्वैत र द्वैताद्वैत सिद्धान्त लिएका चार उपसम्प्रदायहरू जन्मेका छन् ।

वैष्णव धर्मले क्रमशः लोकमा प्रभाव पार्दै गयो र जनमानसमा समाजमा पनि विष्णुको आराधना गर्ने परम्परा शुरु भयो । राप्ती क्षेत्रमा पनि वैष्णव धर्मले आफ्नो स्थान बनाएको देखिन्छ । यसै कारणले विवेच्य क्षेत्रमा विष्णुका अनेक अवतारहरूसँग सम्बन्धित देवताका मठ, मन्दिरहरूको निर्माण र पूजा आराधना हुनथाल्यो । राप्ती क्षेत्रमा वैष्णव धर्मको प्रभाव र प्रेरणामा स्थापना भएका केही मूर्त सांस्कृतिक सम्पदाहरूको विश्लेषण गरिएको छ ।

### ६.१.३.१ विष्णु मन्दिर, खुङ्ग्री, रोल्पा

यो मन्दिर सुनिल स्मृति गाउँपालिका वडा नं. २ खुङग्रीमा रहेको छ । त्रिपुरेश्वरी मन्दिर परिसरमा रहेको विष्णु मन्दिर तले शैलीमा निर्मित छ । मन्दिरको गर्भगृहमा १.५ फिट अग्लो सेतो प्रस्तरबाट निर्माण गरिएको चारवटा बाहु भएको पूर्ण कदको विष्णुको मूर्ति स्थापना गरिएको छ । देवीपञ्चायन मन्दिरका रूपमा प्रसिद्ध यस स्थलमा विष्णु मन्दिरको विशिष्ट स्थान छ ।

### ६.१.३.२ रामजानकी मन्दिर, कोइलाबास, दाङ

यो मन्दिर गढवा गाउँपालिका वडा नं. ८ मा अवस्थित छ । यो क्षेत्रको प्रसिद्ध तीर्थस्थलको रूपमा रहेको छ । वैष्णव धर्ममा राम, कृष्ण, बुद्वलाई विष्णुको अवतारको रूपमा लिइन्छ । त्यसैले लोकमा विष्णुभक्तहरूले राम, कृष्ण र बुद्वका मन्दिर र प्रतिमाको स्थापना गरेर आराधना गर्छन् ।

राप्ती क्षेत्रमा पनि राम, कृष्ण बुद्धका मन्दिरहरू छन् । प्रतिमाहरू स्थापना गरेर पूजा गर्ने पुरानो परम्परा पाइन्छ । वि.स. १८८५ मा स्थापना गरिएको कोइलाबासको रामजानकी मन्दिर वैष्णव धर्मसँग सम्बन्धि महत्वपूर्ण मूर्त सांस्कृतिक सम्पदा हो । नेपाल र भारतको सीमा नजिकै रहेको यस मन्दिरमा नेपाल र भारतका भक्तजनहरू आस्थावान् रहेको पाइन्छ । यस क्षेत्रमा यस मन्दिरको गहिरो प्रभाव छ । यसले राप्ती क्षेत्रमा वैष्णव धर्मको प्रभाव छ भन्ने देखाउँछ ।

यिनका अतिरिक्त राप्ती क्षेत्रमा सल्यान खलङ्गाको कृष्ण मन्दिर पनि वैष्णव धर्मबाट प्रभावित सम्पदा हो । तले शैलीमा निर्माण भएको यस मन्दिरलाई लक्ष्मीनारायण मन्दिर भन्दथे । यस स्थलमा कृष्णको साथै नारायणको मूर्ति पनि स्थापना गरिएको थियो, पछि नारायणको मूर्ति चोरी भएको बुझिन्छ । दुधेना दाङमा रहेको लक्ष्मीनारायण मन्दिर पनि राप्ती क्षेत्रमा वैष्णव धर्मको प्रभावमा स्थापना भएको मूर्त सांस्कृतिक सम्पदा हुन् ।

### ६.१.४ बौद्ध धर्मबाट सम्वन्धितत मूर्त सम्पदा

नेपालको लुम्बिनीमा इसापूर्व ५६३ बैशाख पूर्णिमाको दिनमा सिद्वार्थ गौतमको जन्म भएको थियो । राजा शुद्धोधनका पुत्रका रूपमा जन्मेका सिद्वार्थ गौतमको उमेर बढदै जाँदा राजकाजतिर भन्दा दुःखको सागरमा डुबेको मानव समुदायको दुःखप्रति चिन्तन गर्न थाल्छन् । उनमा जीवनप्रति वैराग्य आउँछ । उनी पत्नी यसोधरा, पुत्र राहुल, परिवार र राजपाट त्यागेर सत्यको खोजीमा दरबारबाट निस्कन्छन । एकदिन उनलाई बोधिज्ञान प्राप्त हुन्छ । मानिसलाई सुख कसरी प्राप्त हुन्छ ? र दुःखको कारण के हो ? भन्ने कुराको निष्कर्ष प्रतिपादन भएपछि उनले यो कुरा मानिसलाई बुझाउँदै हिँडे फलस्वरूप उनको ज्ञान बुद्धधर्मका नामले प्रसिद्ध भयो । बुद्ध विचारका अनुयायीहरू बढ्दै गए ।

बुद्ध धर्मका अनुयायीहरूले बुद्ध द्वारा प्रतिपादन गरेको ज्ञानको प्रचार गर्न तथा तपस्या, ध्यान र आराधना गर्न स्तुप, चैत्य र विहारहरू निर्माण गरी यसका निश्चित विधिविधान बनाए । क्रमशः बुद्ध धर्म नेपाल, भारत, श्रीलङ्का, भुटान, चीन, जापान, कोरिया हुँदै संसार भरि फैलियो । यसले सबै मानव समुदायलाई प्रभावित गऱ्यो । नेपालमा यस धर्मको ज्यादा प्रभाव पर्नु स्वभाविक हो । राप्ती क्षेत्रमा बुद्धधर्मको प्रभाव परेको पाइन्छ ।

नेपालमा विशेष गरी मगर र थारू जाति बौद्ध अनुयायी हुन् भन्ने धारणा पछिल्लो समयमा जोडदार रूपमा बढेको छ । बुद्ध थारू जातिका सन्तान हुन भन्ने विषयमा पनि

प्राज्ञिक बहस भैरहेको छ । पूर्वी नेपालमा यो बिचार बढी सशक्त रुपमा भएको देखिन्छ । यसको प्रभाव राप्ती क्षेत्रमा पनि परेको छ । राप्ती क्षेत्रका मगर र थारू जातिलाई बौद्ध धर्मावलम्बीका रूपमा प्रस्तुत गरिन्छ र कतै कतै बौद्ध धर्म अनुसारको धार्मिक विधि व्यवहार गरेको पाइन्छ ।

राप्ती क्षेत्रमा बौद्ध धर्मको प्रभावमा निर्माण भएका पुराना मूर्त सम्पदा उपल्ब्ध भएका छैनन् । घोराही उपनगरपालिका वडा नं. १८ उपल्लो ढोडेनीमा रहेको बौद्ध गुम्बा नै मुख्य सम्पदा हो । यो गुम्बा वि.स. २०५८ सालमा बौद्ध धार्मिक विधि अनुसार निर्माण भई सञ्चालन भइरहेको छ । यस स्थलमा छोर्तेन (स्तुप), लामा निवास र बुद्धको मूर्ति निर्माण गरिएको छ । राप्तीवासीहरूमा यो गुम्बा प्रसिद्ध छ । त्यसैगरी तुलसीपुरमा पनि यस प्रकारको संरचना निर्माण भएको छ । घोराहीको वडा नं. ३ चौपट्टाको जंगल क्षेत्रमा पनि बुद्धको प्रतिमा निर्माण गरी बौद्ध धर्मलाई झल्काएको छ । यी सबै सम्पदाहरू बौद्ध धर्मको प्रभावमा निर्माण भएका हुन् । अहिले बौद्ध धर्म पनि लोकप्रिय भइसकेको हुँदा ठूला संरचना बिना घरघरमा आ-आफ्ना प्रकारले बुद्ध आराधना गर्ने प्रचलन पनि देखिन्छ ।

## ६.१.५ लौकिक/प्रकृति धर्मबाट सम्वन्धित मूर्त सम्पदा

माथि उल्लेखित सनातन हिन्दू र बौद्ध धर्मबाट प्रभावित मूर्त सम्पदाको अतिरिक्त राप्ती क्षेत्रमा हिन्दू धर्मकै विधि विधानसँग नजिक देखिने तर शास्त्रीय पद्वति नभई लौकिक प्रचलनबाट अगाडि बढेका सिद्वथान, भूँइ्यारथान र झाँक्रिथान जस्ता मूर्त सम्पदाहरू र तिनमा लोकको धार्मिक आस्थाको अर्को पाटो पनि सशक्त देखिन्छ । लोकमा विशेष गरी खस जातिको मष्टो पूजा पद्दति अनुसार निर्मित थानहरू पनि हिन्दू धर्मका आधारमा निर्मित शास्त्रीय मठ-मन्दिरहरूभन्दा भिन्न मूर्त सम्पदा हुन् । यस सन्दर्भमा रोल्पा जलजलाका बजु बराह, रुकुमको बराह मन्दिर, डिग्रे साईकुमारी आदि आउँछन् (कार्की, २०७७,पृ. २१०) ।

राप्ती क्षेत्रमा लौकिक एवं प्रकृति धर्मबाट प्रभावित मूर्त सम्पदाहरूलाई निम्नानुसार देखाइएको छ ।

### ६.१.५.१ थान

मठ,मन्दिर, गुम्बा, विहार जस्तो ठूलो संरचना नभई गाउँघरको छेउँमा वा जङ्गलमा पूजा गर्नका लागि प्रायः रुखमुनि बनाइएका साना संरचनालाई थान भन्दछन् । राप्ती क्षेत्रमा यस्ता थानहरू थारू, मगरका साथै अन्य जातिहरूमा पनि प्रचलित छ ।

**क) थारू जातिका भूँह्यारथान/मन्वा**

थारू जातिमा सबै गाउँमा साझा देवस्थलको रूपमा गाउँको बिचमा भुँह्यार थान निर्माण गरिएको हुन्छ । भुँह्यारथानलाई मन्वा पनि भनिन्छ । यो थान प्राय : काठ र फुसबाट बनेको हुन्छ । यस थानमा पाँच पाण्डव, चब्ह्वा, डहरचन्डी आदि देवीदेवता स्थापना गरिएको हुन्छ । यस थानमा वर्षमा दुई पटक गरिने हाऱ्या गुरै र ढुऱ्या गुरैका साथै अन्य साझा पूजा गरिन्छ ।

**ख) अन्य जातिका थान**

मगर र अन्य जातिहरूमा पनि विभिन्न देवीदेवताका थान बनाई पूजा गर्ने परम्परा छ । यस सन्दर्भमा मगर जातिले पूजा गर्ने वजु वराहको थान, खसहरूले पूजा गर्ने मष्टो थान, सिद्ध थानहरू आउँछन् । यस क्रममा रुन्टीगढी गाउँ  पालिका वडा नं. ८ दाडव्बोडमा रहेको बर्मथान उल्लेखनीय छ । यस स्थलमा जेठाजी पूर्णिमामा विशेष पूजा हुन्छ । यहाँको अनुस्ठान स्थानीय दमाई जातिका पुरुषहरूले सञ्चालन गर्दछन् । मगर जातिमा असारको पहिलो सातामा भूम्मा पूजाको परम्परा छ । यसको लागि अठार मगरातमा गाउँ- गाउँमा भुम्मा थान निर्माण गरिएको हुन्छ । राप्ती क्षेत्रमा रहेका लौकिक देवता सम्बन्धी प्रसिद्ध रहेका केही मूर्त सम्पदाहरू निम्नानुसार छन् ।

**अ) चिन्ने थान**

यो थान रुन्टीगढी गाउँपलिका वडा नं. ५ रोल्पाको जङ्गल क्षेत्रमा अवस्थित छ । यो स्थल दसौंदी र बस्नेत थरका परिवारहरूले पूजा गर्ने स्थल हो । यस स्थलमा सिद्धको पूजा हुन्छ । जेष्ठ पूर्णिमाको दिनमा त्यहाँ ठूलो मेला लाग्दछ । यस स्थलमा बाँझको वृक्षलाई मध्य भागमा पारेर वरिपरि पर्खाल लगाएर थान बनाइएको छ । ती सिद्ध कुन देवता हुन् भन्ने अन्योल छ ।

**आ) झाँक्री थान**

यो स्थल मल्लरानी गाउँपालिका वडा नं. ४ प्युठानको काँच्रेखोला किनारको जङ्गल क्षेत्रमा रहेको छ । यसलाई लोकले काँच्रेखोला देवता पनि भन्दछन् । यो प्युठान, अर्घाखाँची र दाङमा प्रसिद्ध छ । यहाँ झाँक्रीलाई देवताको रूपमा पूजा आराधना गरिन्छ । यस स्थलमा फलेदोको वृक्षलाई ढुंगाको पर्खालले घेरेर थान बनाइएको छ । फलेदोको वृक्षमा भक्तजनहरूले सानाठूला त्रिसूल र घण्टहरू चढाएको पाइन्छ । यस स्थलमा पुजिने झाँक्री

देवता पनि चिन्ने थानको सिद्ध जस्तै लौकिक देवता हुन् । राप्ती क्षेत्रमा यस प्रकारका लौकिक धर्मको प्रभावमा निर्माण भई पुजिदै आएका सयौँ थानहरू पाइन्छन् ।

यिनका अतिरिक्त राप्ती क्षेत्रमा प्रसिद्ध रोल्पाको जलजला र दाङको बराहक्षेत्र बाह्रकुने पनि सनातन हिन्दू धर्मभन्दा भिन्न परम्परामा आधारित मगर जातिद्वारा विकास गरिएका धार्मिक स्थल हुन् । जलजला क्षेत्र बाह्रभाइ बराहको बासस्थान हो भन्ने लोक विश्वास छ । यस स्थलको प्राचीनता र स्थापनाको सन्दर्भमा अनेक जनश्रुतिहरू पाइन्छन् । यसैगरी दाङको बराह क्षेत्र बाह्रकुने दह, जलजलाका बाह्रभाइ बराहमध्ये कान्छा सेतु बराहको बासस्थान हो भन्ने लोकविश्वास छ । यस स्थलको प्राचीनता र स्थापनाको सन्दर्भमा पनि अनेक जनश्रुति पाइन्छन् । यस स्थलमा माघे सक्रान्तिमा ठूला मेला लाग्छ । जलजला र बाह्रकुने दुवै स्थलमा भेंडा बलि दिने प्रचलन छ । दुवै स्थानमा मगर जातिको पुरुष पुजारी रहने परम्परा छ । सल्यानको कुपिण्डे दहमा पनि यस्तै बराहको पूजा गर्ने परम्परा छ । यस स्थलमा पनि बराहको थान तथा मन्दिर आदि मूर्त सम्पदा छन् । यी सबै सम्पदाहरू लौकिक धर्मबाट प्रभावित र प्रेरित छन् ।

## ६.७ निष्कर्ष

परिच्छेद छमा राप्ती क्षेत्रमा रहेका मूर्त सांस्कृतिक हिन्दू धर्मका शैव, वैष्णव, शाक्त, बौद्ध, लौकिक तथा अन्य धर्मका सम्पदाहरूमा परेका सम्वन्धबारे विश्लेषण गरेको छ । राप्तीका विवेच्य क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा, थान आदि मध्ये प्रमुख सम्पदाहरूको सम्वन्धबारे विश्लेषण गरिएको छ ।

यस परिच्छेदमा शैव, शाक्त, वैष्णव, बौद्ध, लौकिक तथा अन्य धर्मबाट प्रभावित मूर्त सम्पदाहरूको विश्लेषण गरिएको छ । शैव धर्मको सबैभन्दा बढी सम्वन्ध रहेको उल्लेख छ । भग्वान शिवलाई संघारकर्ता देवताको रूपमा विश्लेषण गर्दै शिवका विभिन्न रूपहरू रूद्र, महादेव, महेश, पशुपति, शङ्कर, हरि, इशान आदि नामबाट चिनिन्छ भनिएको छ । मेघ्का देवताको रूपमा रूद्रलाई सबैभन्दा पहिले ऋग्वेदमा उल्लेख गरिएको र विवेच्य क्षेत्रमा रहेका प्रमुख शैव सम्पदाहरू पाण्डवेश्व शिवालय, गोरक्षपात्रदेवता, सिद्धरत्ननाथ मठ, मन्ठोऱ्या भवानी, स्वर्गद्धारी आश्रमको सँक्षिप्त विश्लेषण गरिएको छ । त्यसैगरी शाक्त धर्मबाट प्रभावित मूर्त सम्पदा यस क्षेत्रमा दोस्रो स्थानमा रहेको छ । शक्तिका विभिन्न रूपहरू अष्टमातृकामा (आठ देवी), नवदुर्गामा (नौ दुर्गा), काली (तिन वटा काली) भनिएको

छ । सिन्धुघाटीको सभ्यतादेखि नै शक्तिको पूजा शुरूवात भएको र साङ्केतीक रूपमा योनीको पूजा गर्न थालेको उल्लेख छ । शक्ति रूपी देवीको शान्तरूप, प्रचन्डरूप र कामप्रधानरूपको विश्लेषण गर्नुका साथै तन्त्रपूजा शाक्त धर्ममा प्रसिद्ध छ भनिएको छ । विवेच्य क्षेत्रका शाक्त धर्मबाट प्रभावित प्रमुख सम्पदाहरूमा अम्बिकेश्वरी मन्दिर, कालीका मन्दिर, त्रिपुरेश्वरी मन्दिर, त्रिसिद्धेश्वरी मन्दिरको विश्लेषण गरिएको छ । त्यसैगरी वैष्णव धर्मको विश्लेषण गर्दै भाग्वत गीतामा उल्लेख गरेको जव जव धर्मको नाश हुन थाल्छ तव तव पृथ्वीमा धर्म, साधु, सन्तको रक्षा गर्न भग्वान विष्णु पृथ्वीमा विभिन्न रूप धारणगरी अवतरण हन्छ भनिएको छ । ती रूपहरूमा मत्सय, कुर्म, बराह, नृसिँह, राम, परशुराम, कृष्ण, बुद्ध र कल्की भनिएको छ । विवेच्य क्षेत्रमा वैष्णव धर्मबाट प्रभावित प्रमुख सम्पदामा विष्णु मन्दिर रोल्पा, रामजानकी मन्दिर दाङको विश्लेषण गरिएको छ । राप्ती क्षेत्रमा प्रभावित अर्को सम्पदा बौद्ध सम्पदा हो । यस बौद्ध धर्मका जन्मदाता गौतम बुद्धको बारेमा यस परिच्छेदमा विश्लेषण गर्दै बुद्धले ज्ञान प्राप्त गरेपछि ज्ञान प्रचार गर्न विभिन्न स्थानमा गएको उल्लेख गरेको छ । यस क्षेत्रमा बौद्ध धर्मको पुरानो सम्पदा नभएपनि दाङ घोराहीमा रहेको गुम्बा एक मात्र सम्पदा रहेको उल्लेख छ । त्यसैगरी यस परिच्छेदमा लौकिक तथा प्रकृति धर्मबाट प्रभावित मुर्त सम्पदाहरू विवेच्य क्षेत्रमा थारू जातिका भूँह्‌यारथान, अन्य जातिका चिन्ने थान रोल्पा, झाँक्रीथानको विश्लेषण गरिएको छ ।

# परिच्छेद सात

# सारांश तथा निष्कर्ष

## ७.१ विषय प्रवेश

राप्ती क्षेत्र भौगोलिक र सांस्कृतिक विविधता रहेको स्थल हो । प्रागैतिहासिक कालमा पनि यस क्षेत्रमा मानवीय गतिविधि हुने गरेका प्रमाणहरू उपलब्ध हुन्छन् । प्राचीन कालमा यो स्थल ऋषि महर्षिहरूको तपसाधनाको केन्द्र रहेको बुझिन्छ । पूर्वमध्यकालदेखि मध्यकालसम्मको इतिहास अध्ययन गर्दा विवेच्य क्षेत्रमा अनेक सामाजिक राजनीतिक तथा सांस्कृतिक गतिविधिहरू हुने गरेका सूचनाहरू पाइन्छन् । विशाल खस साम्राज्यभित्र पर्ने यस क्षेत्रमा पछि बाइसे-चौबिसे राज्यहरू उत्थान र पतन हुनेगरेका तथ्य प्राप्त हुन्छन् । अर्को तर्फ जातीय तथा भौगोलिक विविधताले निर्माण गरेका परिस्थितिमा अनेक प्रकारका सांस्कृतिक सम्पदाहरू निर्माण भएको देखिन्छ ।

यी सबैले राप्ती क्षेत्रलाई सांस्कृतिक सम्पदाका दृष्टिले सम्पन्न तुल्याएको छ । सांस्कृतिक सम्पदाहरूलाई मूर्त सांस्कृतिक सम्पदा र अमूर्त सांस्कृतिक सम्पदाका रूपमा वर्गीकृत गरेर हेरिन्छ । यहाँका मूर्त सांस्कृतिक सम्पदाहरू दिन प्रतिदिन विनष्ट हुँदै गइरहेका छन् । यिनका बारेमा फुटकर र निश्चित स्थल विशेषको सामान्य अध्ययन भए पनि समग्र राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको बृहत् अध्ययन हुन् सकेको छैन । यसैले यस शोधकार्यमा राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन गरिएको छ ।

## ७.२ परिच्छेदगत सारांश

यस शोधप्रबन्धमा जम्मा सातवटा परिच्छेदहरू रहेका छन् । ती परिच्छेदको परिच्छेदगत सारांश निम्नानुसार रहेको छ ।

शोधप्रबन्धको पहिलो परिच्छेद शोधपरिचयसँग सम्बन्धित रहेको छ । यस परिच्छेदमा शोधप्रस्तावको परिमार्जित रूप समावेश गरिएको छ । विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधविधि, शोधको औचित्य, शोधको सीमा र शोधप्रबन्धको रूपरेखाको परिमार्जित रूप पहिलो परिच्छेदमा रहेको छ ।

शोधप्रबन्धको दोस्रो परिच्छेदमा शोधको सैद्धान्तिक पर्याधार प्रस्तुत गरिएको छ । यस परिच्छेदमा संस्कृतिको अर्थ, तात्पर्य, परिभाषा, विशेषता संस्कृतिका प्रकार आदिको परिचय प्रस्तुत गरिएको छ । यस क्रममा संस्कृतिलाई पूर्वीय र पाश्चात्य भनेर वर्गीकरण गर्ने र पूर्वीय संस्कृतिको आधार वैदिक वाङ्मय हो भन्ने कुरालाई जोड दिइएको छ । वैदिक संस्कृतिका विभिन्न आधारहरू देखाउँदै नेपालको मूल संस्कृति वैदिक संस्कृति हो भन्ने देखाइएको छ । नेपालका सम्पदाहरू वैदिक संस्कृतिका द्योतक हुन् भन्ने कुरालाई पनि यस परिच्छेदमा देखाइएको छ । त्यसैगरी संस्कृति र सम्पदाको सम्बन्ध देखाउने, सम्पदाहरू विभिन्न धार्मिक सम्प्रदायसँग सम्बन्धित रहेका हुन्छन् भन्ने कुरालाई स्पष्ट पार्ने काम पनि यस परिच्छेदमा गरिएको छ । त्यसै गरी नेपालमा प्रचलित विभिन्न कला तथा वास्तुकलासँग सम्बन्धित तलेशैली, शिखर शैली, गुम्बज शैली तथा अन्य शैलीको परिचय एवं तिनका विशेषता प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा राप्ती क्षेत्रको चिनारी दिइएको छ । यस सन्दर्भमा राप्ती क्षेत्रको भौगोलिक अवस्थिति र अवस्था दिइएको छ । यस क्रममा राप्ती क्षेत्रका प्राकृतिक सम्पदाका रूपमा रहेका नदनदी, ताल-दह, झरना, लेक र गुफाहरूको जानकारी दिइएको छ । त्यसै गरी प्रशासनिक विभाजन र जनसङ्ख्याको अवस्था जानकारी दिइएको छ । सांस्कृतिक अवस्थाबारे जानकारी दिँदा राप्ती क्षेत्रमा बसोबास गर्ने जातजाति, भाषाभाषी र धर्मावलम्बीहरूको अवस्था प्रस्तुत गरिएको छ । अन्त्यमा, राप्ती क्षेत्रमा रहेका प्रतिनिधिमूलक ऐतिहासिक धरोहरहरूको जानकारी दिइएको छ ।

परिच्छेद चारमा राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको परिचय दिइएको छ । यस सन्दर्भमा पहिलो खण्डमा विवच्य क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा मस्जिद, थान आदि धार्मिक धरोहरहरूको सङ्क्षिप्त परिचय दिइएको छ । यसमा अम्बिकेश्वरी मन्दिर (दाङ), ऐरावती मन्दिर (प्यूठान), चतुर्भुज शिवपाञ्चायन मन्दिर (रोल्पा), चन्दननाथ मन्दिर (रुकुम), गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ (दाङ), छत्रेश्वरी मन्दिर (सल्यान), झाँक्रीथान (प्यूठान), डिग्रे साईकुमारी मन्दिर (रुकुम) आदि मुख्य मठ मन्दिरहरूको परिचय दिइएको छ । यसरी परिचय दिँदा सम्पदाको अवस्थिति, ऐतिहासिकता र त्यहाँको आनुष्ठानिक प्रचलन बारे जानकारी दिइएको छ । यसपछि विवेच्य क्षेत्रमा रहेका मुख्य दरबार क्षेत्र, दरबार, पाटीपौवा, घर, किल्ला आदिको चिनारी दिइएको छ । यिनको परिचय दिँदा तिनको अवस्थिति, ऐतिहासिकता र संरचनाको अवस्थाको विषयमा जानकारी दिइएको छ । यस परिच्छेदको

अन्त्यमा अन्य मूर्त सांस्कृतिक सम्पदा शीर्षकमा दैनिक जीवनमा प्रयोग गर्ने भाँडाकुँडा, सङ्गीत सम्बन्धी सामग्री, पहिरन र गर्गहना, पेशा सम्बन्धी सामग्री र लोकप्रविधि सम्बन्धी सामग्रीहरूको जानकारी दिइएको छ । यी वस्तुहरूको परिचय दिँदा तिनको निर्माण र प्रयोगलाई आधार मानिएको छ ।

परिच्छेद पाँचमा राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा अन्तर्गत आउने मठ-मन्दिर, गुम्बा, दरबार, घर, किल्ला आदिको कला वास्तुकला विश्लेषण गरिएको छ । यस क्रममा सर्वप्रथम तले शैलीका मठ-मन्दिरहरूको वास्तुकला विश्लेषण गरिएको छ । त्यसपछि शिखर शैलीका सम्पदाहरूको कला वास्तुकला विश्लेषण गरिएको छ । यस पछि गुम्बज शैलीका मठ-मन्दिरहरूको वास्तुकला विश्लेषण गरिएको छ । यसपछि दरबार-घरहरूको वास्तुकला विश्लेषण गरिएको छ । परिच्छेद पाँचको अन्त्यमा लौकिक वास्तुकला र अन्य वास्तुकला सम्बन्धी सम्पदाहरूको वास्तुकला शैली विश्लेषण गरिएको छ । लौकिक वास्तुकला अन्तर्गत लोकले आफ्नो अवस्था अनुसार विकास गरेको वास्तुकलाको आधारमा निर्मित विभिन्न प्रकारका आवसीय घरहरूको वास्तुकला विश्लेषण गरिएको छ । अन्य वास्तुकला अन्तर्गत स्तूप तथा विहार वास्तुकला र मुगल वास्तुकला सम्बन्धी सम्पदाहरूको वास्तुशैली विश्लेषण गरिएको छ ।

छैठौँ परिच्छेदमा मूर्त सांस्कृतिक सम्पदाहरूमा धार्मिक प्रभाव र सम्वन्धको बारेमा विश्लेषण गरिएको छ । यस परिच्छेदमा हिन्दू धर्म अर्न्तगतका शैव, शाक्त, वैष्णव, बौद्ध र अन्य लौकिक तथा प्रकृति धर्मको सम्वन्ध कस्तो छ भन्ने विश्लेषण गरिएको छ । राप्ती क्षेत्रका विभिन्न धर्म प्रभावित प्रमुख सम्पदाहरूको बारेमा बिश्लेषण गरिएको छ छ । शैव धर्मबाट प्रभावित सम्पदामा पाण्डवेश्वर महादेव (दाङ), गोरक्षपाात्रदेवता सिद्धरत्ननाथ मठ, (दाङ) मन्ठोर्‍या भवानी मन्दिर (दाङ) स्वर्गद्धारी आश्रम (प्यूठान) । शाक्त धर्मबाट प्रभावित सम्पदामा अम्विकेश्वरी भगवती मन्दिर, (दाङ) कालिका भगवती मन्दिर, (रुकुम) त्रिपरेश्वरी भगवती मन्दिर, (रोल्पा) त्रिसिद्धेश्वरी मन्दिर, (दाङ) । वैष्णव धर्मबाट प्रभावित सम्पदामा विष्णु मन्दिर, (रोल्पा) रामजानकी मन्दिर, (दाङ) बौद्ध धर्मबाट प्रभावित सम्पदा लौकिक/प्रकृति धर्मबाट प्रभावित सम्पदाहरूको बिश्लेषण गरिएको छ । छैठौँ परिच्छेदमा सोधप्रबन्धको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ७.३ निष्कर्ष

यस शोधकार्यमा राप्ती क्षेत्रमा मूर्त सांस्कृतिक सम्पदाहरू के कस्ता छन् तथा ती सम्पदाहरूमा के कस्ता धार्मिक सम्प्रदायहरू को प्रभाव छ । वास्तुकलाका दृष्टिले के कस्ता शैलीमा निर्मित छन् भन्ने विषयलाई समस्याका रूपमा उठाइएको छ । राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको परिचय दिनुका साथै सम्पदाहरूको शैली तथा कला-वास्तुकला विश्लेषण गर्नु र धार्मिक सम्प्रदायसँगको सम्बन्ध प्रभाव देखाउनु यस शोधकार्यको उद्देश्य रहेका छन् ।

यस शोधकार्यमा राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा अध्ययनको सन्दर्भमा वि.सं. २०१३ सालदेखि वि.स.२०७९ सालसम्म भएका पूर्वकार्यहरूको समीक्षा गरिएको छ । स्थलगत अध्ययन र पुस्तकालयीय अध्ययनलाई मुख्य शोधविधिका रूपमा अवलम्बन गरिएको यस शोधकार्यमा राप्ती क्षेत्र (विगतको राप्ती अञ्चल) भौगोलिक सीमा हो भने राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको परिचय दिँदै प्रमुख मूर्त सांस्कृतिक सम्पदाहरूको (मठ, मन्दिर, गुम्बा, दरबार, घर, किल्ला) कला वास्तुकला विश्लेषण गर्नु विषयगत सीमा रहेको छ । राप्ती क्षेत्रको मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययन गर्नु यस शोधकार्यको मूल उद्देश्य रहेको सन्दर्भमा मूर्त सांस्कृतिक सम्पदाको विषयमा जानकारी दिनु आवश्यक छ । देश काल, सापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएका लोकमान्यता, जीवनबोध आचार-विचार, रहनसहन, इतिहास, भाषा, धर्म, दर्शन आदि परम्पराहरूको समष्टि रूपलाई संस्कृति भन्छन् । संस्कृतिलाई अङ्ग्रेजीमा 'कल्चर' शब्दले चिनाएको पाइन्छ । संस्कृति भित्र मानिसले निर्माण गरेका मठ, मन्दिर, स्मारक, भवन, मूर्ति, बाजागाजा र दैनिक प्रयोग गर्ने भाँडाकुडाँहरू पनि आउँछन् ।

राप्ती क्षेत्र यस शोधकार्यको विवेच्य भौगोलिक क्षेत्र हो । यो क्षेत्र मूर्त सांस्कृतिक सम्पदाको दृष्टिले महत्वपूर्ण छ । यस क्षेत्रमा हिमालदेखि तराईसम्मको भौगोलिक र अनेक जातजातिहरूको सांस्कृतिक विविधता रहेको छ । यहाँ नदनदी, ताल, झरना, लेक-हिमाल जस्ता अनेक प्राकृतिक सम्पदाहरू उपलब्ध हुन्छन् । यस क्षेत्रलाई प्रशासनिक विभाजनमा छ जिल्ला र ४८ पालिकाहरूमा विभाजन गरिएको छ । यस क्षेत्रमा नेपाली भाषी, हिन्दु धर्मावलम्बीहरूको बाहुल्य छ । त्यसपछि मगर र थारु जाति तथा भाषीहरूको सङ्ख्या रहेको

पाइन्छ । राप्ती क्षेत्रमा ऐतिहासिक धरोहरको रूपमा मठ, मन्दिर, गुम्बा, थान, दरबार, किल्ला आदि सम्पदाहरू रहेका छन् ।

राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदामा ऐतिहासिक धरोहरका रूपमा रहेका मठ, मन्दिर, गुम्बा, थान, दरबार क्षेत्र, दरबार, घर किल्ला आदि आउँछन् । यिनलाई देवीदेवताहरूलाई स्थापित गर्ने वा पूजा आराधना गर्ने उद्देश्यले निर्माण गरिएका संरचना र राजा तथा राज्यको शासन सञ्चालक वा धनीमानीका निवासका लागि निर्माण गरिएका दरबार एवं जनसाधारणहरूको आवासको लागि निर्माण गरिएका घर भनेर वर्गीकृत गर्न सकिन्छ । किल्ला राज्यको सुरक्षाको लागि सुरक्षाकर्मीहरू रहनका लागि निर्माण गरिएको संरचना हो ।

संस्कृतिलाई मूर्त संस्कृति र अमूर्त संस्कृति भनेर संस्कृतिको अवस्था वा विधागत आधारमा वर्गीकरण गरेको पाइन्छ । त्यसो त यसका अतिरिक्त संस्कृतिलाई प्रचलित युगको आधारमा प्रचलित स्थान र संस्कृति निर्माण र प्रयोगकर्ताको आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । हाम्रो संस्कृतिको मूलस्रोत वैदिक संस्कृति हो । त्यसैले यस अध्ययनमा संस्कृतिको परिभाषा दिने क्रममा संस्कृतिको पूर्वीय परम्पराको चर्चा गरिएको छ । यस क्रममा पूर्वीय संस्कृतिका वैदिक संस्कृति र लौकिक संस्कृति भनी दुई चरणको जानकारी दिइएको छ । पौरस्त्य परम्पराले निर्देशित गरेका र त्यसै बमोजिम चलेको संस्कृति वैदिक संस्कृति हो । यसको मूलस्रोत वेद हो । यो वैदिककालीन संस्कृति हो । लौकिक संस्कृति वैदिक संस्कृतिकै पृष्ठभूमिमा उठेको त्यसको व्यावहारिक रूप हो । यो स्थान र समुदाय अनुसार परिवर्तन हुँदै जान्छ ।

स्वरूप वा अवस्थाका दृष्टिले संस्कृतिका दुई अवस्था छन् : मूर्त संस्कृति र अमूर्त संस्कृति यसै अर्थमा सांस्कृतिक सम्पदा पनि मूर्त सांस्कृतिक सम्पदा र अमूर्त सांस्कृतिक सम्पदा हुन्छन् । हाम्रा सांस्कृति सम्पदाहरू विभिन्न धार्मिक सम्प्रदायमा प्रभावित र प्रेरित छन् । त्यस्ता सम्प्रदायहरूमा शैव सम्प्रदाय, बैष्णव सम्प्रदाय, शाक्त सम्प्रदाय तथा अन्य इस्लाम, बौद्ध, जैन आदि छन् । यस अध्ययनमा समेटिएका मूर्त सांस्कृतिक सम्पदाहरू पनि यिनै धार्मिक सम्प्रदायहरूद्वारा प्रभावित र प्रेरित छन् ।

मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययन गर्दा विश्लेषणका केही आधारहरू आवश्यक पर्छन् । यस अध्ययनमा मठ, मन्दिर, गुम्बा, दरबार-किल्ला आदि सम्पदाहरूको विश्लेषण

गर्दा कला-वास्तुकलालाई मुख्य आधारको रूपमा प्रयोग गरिएको छ । यस अन्तर्गत तले शैली, शिखर शैली, गुम्बज शैली, दरबार शैली, स्तूप तथा विहार शैली आदि शैलीहरू आउँछन् ।

यहाँ राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरूको परिचय दिने क्रममा सर्वप्रथम मठ, मन्दिर, गुम्बा, थानहरूको परिचय दिइएको छ । यस सन्दर्भमा अम्बिकेश्वरी मन्दिर (दाङ), कालिका भगवती मन्दिर (प्यूठान), कालिका मालिका मन्दिर (दाङ), चतुर्भुज शिव पाञ्चायन मन्दिर (रोल्पा), चिन्नेथान (रोल्पा), गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ (दाङ), झाँक्री थान ( प्यूठान), त्रिपुरेश्वरी मन्दिर (रोल्पा), देवलस्थल (रुकुम), नमछु बौद्ध गुम्बा (दाङ), पाण्डवेश्वर धाम (दाङ), बगार बाबा धार्मिक स्थल (दाङ), बराह क्षेत्र (दाङ), बराहक्षेत्र जलजला (रोल्पा), बाघनाथ बाबा जङ्गलकुटी (दाङ), भुवनेश्वरी मन्दिर (सल्यान), मन्ठोऱ्या भवानी मन्दिर (दाङ), रामजानकी मन्दिर (दाङ), सिद्ध भगवन्तनाथ समाधि (दाङ), स्वर्गद्वारी आश्रम (दाङ), हंशेश्वर शिवालय (दाङ) आदि मठ मन्दिर, गुम्बा, मस्जिद र थानहरूको परिचय दिइएको छ । यिनको परिचय दिँदा यी स्थलहरूको अवस्थिति, यिनको ऐतिहासिक पृष्ठभूमि र यी स्थलहरूका आनुष्ठानिक प्रचलनको जानकारी दिइएको छ । यस अध्ययनमा समावेश गरिएका धरोहरहरूको ऐतिहासिक पृष्ठभूमि हेर्दा प्राचीन कालदेखि पूर्वमध्यकालीन, मध्यकालीन हुँदै आधुनिक कालसम्मका देखिन्छन् । उपलब्ध मठ, मन्दिर, गुम्बा, थानहरूले राप्ती क्षेत्रको मिश्रित धार्मिक अवस्थाको चित्र प्रस्तुत गरेको छ ।

यसमा उदयपुरकोटको परिचय दिइएको छ । माण्डवी गाउँपालिका वडा न. ४ उदयपुरकोटमा अवस्थित यो मध्यकालमा एउटा मात्रै ब्राह्मण राजा भएको भुरे राज्य हो । यस स्थलमा अहिले पनि सुन्धानी देवीथान, शिवजीथान, दुर्गा भगवती थान र गणेश थान जस्ता ऐतिहासिक सम्पदाहरू रहेका छन् ।

त्यसपछि ऐतिहासिक कालिका पौवाको परिचय दिइएको छ । यसको इतिहासको तथ्य नभेटिए पनि कालिका पाटीको इतिहास वि.सं. १९१६ सम्म लग्न सकिन्छ । यस सन्दर्भमा कालिका पौवाको इतिहासलाई पनि १९१६ सम्म पुऱ्याउन सकिन्छ । प्यूठान नगरपालिका वडा नं. ४ बिजुवारमा रहेको यस स्थलमा पौवा र पाटीका संरचनाहरू छन् । यसै गरी खुङ्ग्रीकोट दरबारको पनि परिचय दिइएको छ । यो सुनिल स्मृति गाउँपालिका वडा नं.२ खुङ्ग्रीकोटमा रहेको छ । खुङ्ग्रीकोट एउटा बाइसे भित्रको राज्य थियो । यो राज्य गजुल राज्यबाट भाइअंशको रूपमा प्राप्त क्षेत्रमा स्थापना भएको बुझिन्छ । यस

स्थलमा आजसम्म पनि कोट दरबार क्षेत्र, खड्ग मन्दिर, कालिका मन्दिर र बराह मन्दिर रहेका छन् ।

गजुलकोट दरबार क्षेत्र पनि राप्ती क्षेत्रको महत्वपूर्ण ऐतिहासिक स्थल हो । गजुल राज्यको केन्द्र हालको सुनिल स्मृति गाउँपालिका वडा नं. ६ गजुलमा रहेको छ । सेन वंशीले शासन गरेको यस राज्यको स्थापना वि.सं. १५५० तिर भएको मानिन्छ । यस स्थलमा हाल कोटघर, पाटेश्वरी मन्दिर रहेका छन् । यसपछि गढीछैंडा किल्लाको जानकारी दिइएको छ । यो किल्ला घोराही उपमहानगरपालिका वडा नं. १ र बंगलाचुली गाउँपालिका वडा नं. ४ को सीमा क्षेत्रमा रहेको छ । हाल भग्नावशेषका रूपमा रहेको यो किल्ला एकीकरण अभियानतिरको देखिन्छ । यहाँ ९१ मिटर लम्बाई र २७ मिटर चौडाई भएको किल्लाको जग र पूर्वतर्फ प्रवेशद्वार रहेका छन् ।

यसपछि रुन्टीगढी गाउँपालिका वडा नं. ९ गढीलेकमा रहेको गढीलेक किल्लाको परिचय दिइएको छ । मध्यकालीन हाल यस किल्लाको हाल पच्चीस प्रतिशत जति भाग बाँकि छ । यो किल्लाका बाह्रसुर रहेको कुरा बाँकी अंशले प्रस्तुत गर्दछ । किल्लाको पूर्वतर्फ अन्य साना किल्लाहरू पनि रहेका छन् । फलाबाङ दरबार क्षेत्र त्रिवेणी गाउँपालिका वडा नं. ४ फलाबाङ सल्यानमा रहेको छ । सल्यान मध्यकालमा एउटा शक्तिशाली राज्यको रूपमा रहेको थियो । यस राज्यको केन्द्र फलाबाङ थियो । फलाबाङमा काला राजाले निर्माण गरेको काला दरबार, रतननाथ मन्दिर तथा शिव टोलको शिव मन्दिर पनि महत्वपूर्ण संरचना रहेका छन् । फलाबाङमा राजा शमशेर बहादुर शाहले निर्माण गराएको प्रसिद्ध पुतली दरबार रहेको थियो । यस राज्यमा पृथ्वीनारायण शाहकी छोरी र देवशमशेरकी छोरीको विवाह भएको बुझिन्छ ।

बिजुलीकोट पनि ऐतिहासिक दृष्टिले महत्वपूर्ण देखिन्छ । यो ऐरावती गाउँपालिका वडा नं. ६ प्युठानमा पर्दछ । यो कोट चौबिसे राज्यभित्र पर्ने भित्रीकोटकै सुरक्षाको लागि निर्माण भएको देखिन्छ । यस स्थलमा हाल एउटा कोटदरबार रहेको छ । भित्रीकोट दरबार क्षेत्र हाल प्युठान नगरपालिका वडा नं. ९ मा रहेको छ । यसको इतिहास आजभन्दा ३०० वर्ष भन्दा बढी पुरानो रहेको बुझिन्छ । मध्यकालको उत्तरार्धतिर स्थापना भएको यस राज्यमा पछि चन्द वंशी राजाहरूले शासन गरेका छन् । यस स्थलमा एक दर्जनभन्दा बढी राजाहरूले राज्य गरेको पाइन्छ । हाल यस स्थलमा क्षेत्रपाल मन्दिर, खड्गथान, रक्त पोखरी, रानी गुफा आदि ऐतिहासिक संरचना रहेका छन् ।

मुसिकोट बाइसे राज्य समूहभित्र पर्ने महत्वपूर्ण मध्यकालीन राज्य हो । यो मुसिकोट नगरपालिका वडा नं. २ मा रहेको छ । वि.सं. १४७५ मा स्थापना भएको मानिने मुसीकोट राज्य पहिले सर्पकोट राज्यभित्र पर्दथ्यो । पछि भाइभाइलाई अंश दिने क्रममा मुसीकोट राज्य बनेको बुझिन्छ । मान शाही मुसीकोटका अन्तिम राजा मानिन्छन् । यो राज्य वि.सं. १८४३ तिर विशाल नेपालमा मिलेको छ । हाल सिस्ने गाउँपालिका वडा नं. ५ रुकुमकोटमा पर्ने रुकुमकोट शक्तिशाली र बाइसे भित्रमा ठूलो राज्यका रूपमा चिनिन्थ्यो । यो सापकोट वा सर्पकोट भनिन्थ्यो । पहिले यस स्थलमा जाडवंशले शासन गर्थे । पछि यस वंशका शासकलाई हटाई मलय बमका सांहिला छोरा प्रितम बम राजा भएका थिए । यिनका सन्तानले लामो समय राज्य गरे । हाल यस स्थलमा एउटा कोटघर रहेको छ ।

राप्ती क्षेत्रमा केही दरबार र ऐतिहासिक महत्वका घरहरू पनि रहेका छन् । यस प्रकारका दरबार र घरहरूमध्ये केही भत्किसकेका छन् भने केही जीर्ण अवस्थामा रहेको पाइन्छ । त्यस्ता दरबार-घरहरूमा फलाबाङको काला राजाको दरबार, फलाबाङकै पुतली दरबार, गोबरडिहा दाङको सिंहदरबार र मैचन्नेको बाह्रसुरे घर महत्वपूर्ण छन् । सल्यान फलाबाङको कालाराजाको दरबार स्थलमा दरबारको भग्न खण्ड र रतननाथ मन्दिर बाँकी छन् । यस स्थलमा रहेको सुन्दर पुतली दरबार दस वर्षे द्वन्दकालमा भत्केको बुझिन्छ । दाङ गोबरडिहाको सिंहदरबार जनस्तरबाट निर्मित दरबार हो । यो तीनतले रहेकोमा हाल दुईतला बाँकी छ । रुन्टीगढी गाउँपालिका वडा नं. ४ मैचन्नेमा व्यक्ति विशेषले व्यक्तिगत आवासको लागि वि.सं. २०१० तिर निर्माण गरेको बाह्रसुरे घर वि.सं. २०४२ तिर पूर्ण रूपले भत्केको बुझिन्छ ।

राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदामा लोकले आफ्नो जातीय वा भौगोलिक क्षेत्रको आधरमा विकास गरेका वास्तुकला प्रयोग गरी निर्माण गरेका घरहरू पनि महत्वपूर्ण छन् । यस सन्दर्भमा यस खण्डमा डँगौरा थारु जातिका घर, अन्य जातिका दुइपाखे घर, चारपाखे घर र वर्षत कम हुने पहाडी क्षेत्रतिर निर्माण गरिने माटोले छाएका घरहरूको परिचय दिइएको छ ।

यस पछि यस खण्डमा शारदा नगरपालिका वडा नं. १ श्रीनगरमा रहेको सित्तलपाटीको बारेमा सङ्क्षिप्त जानकारी दिइएको छ । वि.सं. १९७० मा गीर्वाणयुद्ध विक्रम शाहको पालामा निर्माण गरिएको यस पाटीका साथमा शिव मन्दिर पनि रहेको छ । यी दुवै सम्पदा ऐतिहासिक महत्वका देखिन्छन् ।

सुकौराकोट राप्ती क्षेत्रको महत्वपूर्ण ऐतिहासिक सम्पदा हो । थारु राजा दङ्गीशरणको राज्यको राजधानी मानिने यस राज्यको स्थापना काल र संस्थापकका विषयमा मतैक्य छैन । यस स्थललाई केन्द्र बनाएर राज्य सञ्चालन गर्ने राजाहरूका धेरै प्रकारका वंशावली उपलब्ध हुन्छन् । राजा दङ्गीशरणको विषयमा पाइने जनश्रुतिले यो राज्य प्राचीनकालीन देखिन्छ । हाल यस स्थलमा दरबारको जग भेटिने अग्लो कोट, एउटा पोखरी र नजिकमा शुक्रेश्वरी देवीको मन्दिर छन् ।

चौथो परिच्छेदको अन्त्यमा राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदामा आउने लोकले दैनिक प्रयोग गर्ने भाँडाकुँडा, सङ्गीत सम्बन्धी सामग्री, खेतीपाती र पशुपालन सम्बन्धी सामग्री, पहिरन तथा गर्गहना र लोकले विकास गरेका प्रविधि सम्बन्धी सामग्रीहरूको परिचय दिइएको छ । यस प्रकारका वस्तुहरूको परिचय दिँदा यिनको निर्माण र प्रयोजनलाई आधार बनाइएको छ ।

यसमा मठ-मन्दिर, गुम्बा-मस्जिद, दरबार, घर, किल्ला आदिको वास्तुकला अध्ययन गरिएको छ । यस सन्दर्भमा राप्ती क्षेत्रमा वास्तुकलाको दृष्टिले महत्व राख्ने प्रतिनीधिमुलक मठ-मन्दिर,गुम्बा, छ्योरतेन, दरबार, किल्ला र घरहरू विश्लेषणको सीमामा आएका छन् । मठ, मन्दिरहरूलाई तले शैली, शिखर शैली र गुम्बज शैलीमा विभाजन गरी तिनीहरूको शैलीगत विश्लेषण गरिएको छ । दरबारहरूलाई दरबार वास्तुकला शैलीका आधारमा विश्लेषण गरिएको छ । अन्य शैलीको श्रेणीमा स्तूप तथा विहार वास्तुकला शैली अन्तर्गत गुम्बा-छ्योरतेन र मुगल शैली अन्तर्गत मस्जिद, केही मन्दिर र दरबारहरूको विश्लेषण गरिएको छ । लोकवास्तुकला नेपाली वास्तुकलाको मौलिक शैली हो राप्ती क्षेत्रमा लोक वास्तुकला शैलीका अनेक प्रकार पाइन्छन् यस अध्ययनमा राप्ती क्षेत्रको डँगौरा थारु जातिमा प्रचलित घर निर्माण कला तथा अन्य जातिमा प्रचलित दुइपाखे घर र चारपाखे घर निर्माण शैलीको विश्लेषण गरिएको छ ।

तले शैलीलाई नेपाली शैली पनि भनिन्छ । राप्ती क्षेत्रमा तले शैलीका मठ-मन्दिरहरूको बाहुल्य छ । यस शैलीमा निर्मित प्रतिनिधिमूलक मठ-मन्दिरहरूमा अम्बिकेश्वरी मन्दिर (दाङ), कान्छा बराह थान (दाङ), रानी बजु थान (दाङ), कालिका भगवती मन्दिर (रुकुम), कालिका भगवती मन्दिर (प्यूठान), कालिका भगवती मन्दिर (दाङ), कालिका भगवती मन्दिर (लिवाङ, रोल्पा), डिग्रे साईकुमारी भगवती मन्दिर (रुकुम), पाटेश्वरी भगवती मन्दिर (दाङ), पाण्डवेश्वर शिवालय (दाङ), भद्रकाली मन्दिर (बयलडाँडा,

सल्यान), भुवनेश्वरी-पाटेश्वरी मन्दिर (सल्यान), रतननाथ मन्दिर (फलावाङ, सल्यान), राधाकृष्ण मन्दिर (दाङ), विष्णु मन्दिर (खुङ्ग्री, रोल्पा), सिद्धरत्ननाथ मठको दलिचा (दाङ) र स्वर्गद्वारीका (प्युठान) यज्ञशाला, शिवालय, समाधि मन्दिर र रखाल महाराजको समाधि मन्दिरहरूको तले शैलीको विश्लेषण गरिएको छ ।

यस अध्ययनमा समेटिएका तले शैलीका मठ-मन्दिरहरूमध्ये अम्बिकेश्वरी मन्दिर (दाङ), कालिका भगवती मन्दिर (प्यूठान), कालिका भगवती मन्दिर (मसिना, दाङ), डिग्रे साईकुमारी मन्दिर (रुकुम), पाटेश्वरी भगवती मन्दिर (चौधेरा, दाङ), भुवनेश्वरी-पाटेश्वरी भगवती मन्दिर (सल्यान), रतननाथ मन्दिर (फालावाङ), विष्णु मन्दिर (खुङ्ग्री, रोल्पा), सिद्धरत्ननाथ मठको दलिचा (चौघेरा, दाङ), स्वर्गद्वारी आश्रमको यज्ञशाला वास्तुकलाका दृष्टिले विशेष महत्वपूर्ण छन् ।

अम्बिकेश्वरी मन्दिर (दाङ), कालिका भगवती मन्दिर (मसिना दाङ) र पाटेश्वरी मन्दिर (चौघेरा, दाङ) नयाँ संरचना भए पनि तले शैलीको पुरानो प्रविधि प्रयोग भएका मन्दिर हुन् । पाटेश्वरी भगवती मन्दिर (खैरावाङ, सल्यान) र डिग्रे साईकुमारी मन्दिर, स्वर्गद्वारी यज्ञशाला सर्वाधिक प्रसिद्ध मन्दिर हुन् । त्यसैगरी गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ परिसरमा रहेको दलिचा पुरानो र तले शैलीको दृष्टिले उत्कृष्ट संरचनाका रूपमा रहेको छ ।

तले शैलीका मठ-मन्दिरहरूको वास्तुकला विश्लेषण पछि शिखर शैलीका मठ-मन्दिरहरूको वास्तुकला विश्लेषण गरिएको छ । राप्ती क्षेत्रमा रहेका मठ-मन्दिरहरूमा तले शैलीपछि शिखर शैलीका मठ-मन्दिरहरूको संङ्ख्या बढी छ । यो शैलीले पहाड-पर्वतको अनुकरण गरेको छ  । यसका नागर, द्रबिड र वेशर जस्ता भेदहरू पनि छन् । यहाँ शिखर शैलीका मन्दिर अन्तर्गत दाङको सिद्धरत्ननाथ मठ परिसरको गोरखनाथ मन्दिर, रोल्पाको चतुर्भुज शिव पाञ्चायन मन्दिर, छायाँक्षेत्र सल्यानको छत्रेश्वरी शिव मन्दिर, देउखुरी दक्षिण पिपरीको शिव मन्दिरहरूको वास्तुकला विश्लेषण गरिएको छ ।

त्यसैगरी बगार बाबा रिहार परिसरमा रहेको शिव मन्दिर, देउखुरी सिसहनियाको शिव मन्दिर, रुकुम बाहुनठानाको शेरमुक्तेश्वर शिवालय, सिद्धरत्ननाथ मठ (चौघेरा, दाङ), गोबरडिहा देउखुरीको हंशेश्वर शिवालय र खुङ्ग्री रोल्पाको त्रिपुरेश्वरी मन्दिर आदिको वास्तुकला विश्लेषण गरिएको छ ।

माथि उल्लेख गरिएका मठ मन्दिरहरूमध्ये सिद्धरत्ननाथ मठ (दाङ), सिद्धरत्ननाथ मठ परिसरको गोरखनाथ मन्दिर, हंशेश्वर शिवालय (गोबरडिहा, देउखुरी), सल्यानको छत्रेश्वरी मन्दिर, रुकुम चौरजहारीको देवलस्थल र रोल्पा खुङ्ग्रीको त्रिपुरेश्वरी मन्दिर राप्ती क्षेत्रका शिखर शैली वास्तुकलाका दृष्टिले उत्कृष्ट सम्पदा हुन् । यिनीहरूमध्ये सिद्धरत्ननाथ मठ, चौरजहारी रुकुमको देवलस्थल, हंशेश्वर शिवालय, दक्षिण पिपरी देउखुरीको शिव मन्दिरहरू निर्माणका दृष्टिले पुराना र वास्तुकलाका दृष्टिले उल्लेख्य पनि छन् । कुनै कुनै मन्दिरहरूमा गुम्बज शैलीको प्रभाव पनि पाइन्छ ।

शिखरशैलीपछि गुम्बज शैलीका मठ मन्दिरहरूको वास्तुकला विश्लेषण गरिएको छ । राप्ती क्षेत्रमा गुम्बज शैलीका मठ मन्दिरहरूको सङ्ख्या थोरै छ, तर उत्कृष्ट देखिन्छन् । विवेच्य क्षेत्रमा रहेका गुम्बज शैलीका मठ-मन्दिरहरूमा पिचाशेश्वर महादेव मन्दिर (छायाँक्षेत्र, सल्यान), मन्ठोऱ्या भवानी मन्दिर (दाङ), उत्तर पिपरी देउखुरीको शिव मन्दिर, सल्यान सित्तलपाटीको शिव मन्दिर, फलाबाङको शिवालय, साना रतननाथ मन्दिर ( चौघेरा, दाङ), सिद्धभगवननाथको समाधि र भुवनेश्वरनाथको समाधि (दाङ) महत्वपूर्ण छन् ।

माथि उल्लेखित गुम्बज शैलीका सम्पदाहरूमध्ये मन्ठोऱ्या मन्दिर, सित्तलपाटी सल्यानको शिव मन्दिर, फलाबाङको शिवालय, साना रतननाथ मन्दिर (चौघेरा, दाङ), सिद्धभगवन्तनाथको समाधि ज्यादै महत्वपूर्ण छन् । यी मठ-मन्दिरहरूका संरचना पुराना छन् र गुम्बज शैलीको शास्त्रीय पद्धतिको अनुशरण गरेर निर्माण भएका छन् । उत्तर पिपरी देउखुरीको शिव मन्दिरमा मुगल शैलीको प्रभाव परेको पाइन्छ ।

मठ-मन्दिरहरूको वास्तुकला शैली विश्लेषण पछि यस परिच्छेदमा राप्ती क्षेत्रमा रहेका दरबार, घर, किल्लाहरूको वास्तुकला विश्लेषण गरिएको छ । यस क्रममा सबैभन्दा पहिले दरबारहरूको वास्तुकला विश्लेषण गरिएको छ । यस अन्तर्गत फलाबाङको पुतली दरबार, गोबरडिहा दाङको सिंहदरबार र मैचन्ने रोल्पाको बाह्रसुरे घरको वास्तुकला विश्लेषण गरिएको छ ।

पुतली दरबार विवेच्य क्षेत्रको सर्वोत्कृष्ट दरबार सम्पदा हो । यो बेलायती शैलीमा निर्माण भएको पाइन्छ । यो दरबार दश वर्षे द्वण्दकालमा पूर्णरूपले नष्ट भएको थियो । त्यसैगरी रोल्पाको बाह्रसुरे घर व्यक्ति विशेषले आफ्नो आवासको लागि निर्माण गरेको सम्पदा हो । यो लौकिक वास्तु शैलीको आधारमा निर्माण भएको भए पनि बाह्रसुर हुने गरी

बिशिष्ट किसिमको निर्माण छ । यो पनि वि.सं. २०४२ सालतिर पूर्णरूपले भत्केको थियो । गोबरडिहा देउखुरीमा रहेको सिंहदरबार भने जीर्ण अवस्थामा रहेको छ । यसलाई पच्पन्न झ्याले दरबार पनि भन्छन् । यस दरबारमा मगुल शैलीको प्रभाव छ ।

पाँचौ परिच्छेदको अन्त्यतिर लौकिक वास्तुकला र अन्य वास्तुकला सम्बन्धी सम्पदाहरूको वास्तुकला विश्लेषण गरिएको छ । लौकिक वास्तुकला अन्तर्गगत लोकले स्थानीय भौगोलिक तथा सांस्कृतिक प्रचलनका आधारमा स्थानीय सीप प्रयोग गरी निर्माण गर्ने गरेका घरहरूको वास्तुशैली विश्लेषण गरिएको छ यस भित्र डँगौरा थारु जातिम प्रचलित डँगौरा थारु घर, दुईपाखे घर र चारपाखे घरहरूको वास्तुकला शैली विश्लेषण गरिएको छ । डँगौरा थारुघर भुइँतले मात्र हुने प्रचलन छ भने दुईपाखे र चारपाखे घरहरू भुइँतले, दुईतले वा तीनतले पनि हुनसक्ने देखिन्छ ।

यसपछि अन्य वास्तुकला शीर्षकमा स्तूप तथा विहार वास्तुकला र मुगल वास्तुकलाका आधारमा निर्माण भएका गुम्बा, छ्योरतेन, मस्जिद र मन्दिर-दरबारहरूको वास्तुकला विश्लेषण गरिएको छ । यस सन्दर्भमा स्तूप तथा विहार वास्तुकला अन्तर्गत नमछु बौद्ध गुम्बा (दाङ), र नमछु गुम्बा परिसरमा रहेको छ्योरतेनको विश्लेषण गरिएको छ । गुम्बा बौद्ध धर्मावलम्बीहरूको पूजा स्थल र निवास समेत हो भने छ्योरतेन विशुद्ध पूजा-अर्चना स्थलका रूपमा रहेको छ । मुगल वास्तुकलाको प्रभावका दृष्टिले कोइलाबास दाङको रामजानकी मन्दिर र दाङको सिंहदरबार उल्लेख्य देखिन्छन् । यी संरचनामा प्रयोग भएका अर्धबृत्ताकार, बुर्जाकार संरचनाहरूले मुगल वास्तुकला शैलीको प्रभाव ग्रहण गरेको देखिन्छ ।

छैठौँ परिच्छेदमा मूर्त सांस्कृतिक सम्पदाहरूमा धार्मिक प्रभाव र सम्वन्धको बारेमा विश्लेषण गरिएको छ । यस परिच्छेदमा हिन्दू धर्म अन्तर्गतका शैव, शाक्त, वैष्णव, बौद्ध र अन्य लौकिक तथा प्रकृति धर्मको प्रभाव र सम्वन्ध कस्तो परेको छ भन्ने विश्लेषण गरिएको छ । राप्ती क्षेत्रका विभिन्न धर्मबाट प्रभावित धेरै सम्पदाहरू भए पनि यस परिच्छेदमा प्रमुख सम्पदाहरूको सम्वन्धको बारेमा मात्र बिश्लेषण गरिएको छ छ । शैव, शाक्त, वैष्णव, बौद्ध र लौकिक/प्रकृति धर्मका सम्पदाहरूको बिश्लेषण गरिको छ ।

## ७.४ उपलब्धि

राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन सम्पन्न हुँदा यस अध्ययनबाट निम्न उपलब्धिहरू भएको छ ।

१. राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको विवरण सङ्कलन भएको छ ।

२. केही लोपोन्मुख लोक सांस्कृतिक सम्पदाहरूको विवरण तयार पारिएको छ ।

३. राप्ती क्षेत्रमा प्रचलित वास्तुशैलीका बारेमा जानकारी दिन सम्भव भएको छ ।

## ७.५ सम्भाव्य शीर्षक

राप्ती क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाको अध्ययन गर्ने कार्य यस शोधमा सम्पन्न भए पनि यसैसँग सम्बन्धित अन्य कतिपय विषयमा अध्ययन अनुसन्धान हुन आवश्यक रहेको देखिन्छ ।

क) राप्ती क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन

ख) राप्ती क्षेत्रका सांस्कतिक सम्पदाहरूले समाजमा पारेको प्रभाव

# ७.६ सन्दर्भसामग्री सूची


अधिकारी, एकराज (२०७२). *पाण्डवेश्वर महात्म्य.* दाङ : धारापानी शिव, मन्दिर व्यवस्थापन समिति ।

अधिकारी, गिरिराज (२०७१). *चतुर्भूज महिमा.* रोल्पा : गिरिराज अधिकारी र केशवराज अधिकारी ।

अधिकारी, गिरिराज (२०७३). *ओझेलमा परेका राप्तीका केही पर्यटकीय स्थलहरू.* रोल्पा : गिरिराज अधिकारी, केशवराज आचार्य र निर्मल अधिकारी ।

अधिकारी, बमबहादुर (२०७३). *बाइसे तथा चौबिसे राज्यको संक्षिप्त इतिहास.* काठामाण्डौँ : नवोदित हाम्रो पुस्तक भण्डार ।

अधिकारी, सूर्यमणि (२०६०). *बाइसे राज्यको इतिहास.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

आचार्य, गोविन्द (२०६५) दाङका पर्यटकीय सम्पदा, सम्पा., दाङ : दाङ क्षैत्र पर्यटन विकास समिति ।

आचार्य, गोविन्द (२०६९,सम्पा.) दाङका पर्यटकीय सम्पदा भाग-२, दाङ : जि.वि.स. पर्यटन समिति ।

आचार्य, गोविन्द (२०६९). 'इतिहासको महत्वपूर्ण अंश गढीलेक किल्ला' *मधुपर्क* –५२५, पृ.४२-४३, काठमाडौं : गोरखापत्र संस्थान ।

आचार्य, गोविन्द (२०७१). थारु जातिको लोकगीत तथा लोक सङ्गीत. दाङ : राप्ती साहित्य परिषद् ।

आचार्य, गोविन्द (२०७३ सम्पा.) *राप्ती क्षेत्रका पर्यटकीय सम्पदा,* दाङ : राप्ती क्षेत्रस्तरीय पर्यटन प्रवर्द्धन समिति ।

आचार्य, गोविन्द (२०७८). *रुन्टीगढी क्षेत्रका पर्यटकीय सम्पदा अध्ययन.* रोल्पा : रुन्टीगढी गा.पा. कार्यालय ।

आचार्य, देवराज (२०७०). *हाम्रा दर्शनीय स्थलहरू.* सल्यान : छायाँक्षेत्र पीठ ।

आचार्य, नगेन्द्रकुमार (२०६६). *रोल्पा दर्पण.* दाङ : राप्ती साहित्य परिषद् ।

आचार्य, नारायणप्रसाद (२०६१). *सल्यानको इतिहास.* सल्यान : तिलककुमारी आचार्य ।

आचार्य, नारायणप्रसाद (२०६७). *पवित्र पावन, पूण्यभूमि लक्ष्मीपुर, त्रिकुटेश्वर कोटकमलाक्षीदेवी महात्मय.* सल्यान : लक्ष्मीपुर त्रिकुटेश्वर शिवजी, कोट कमलाक्षीदेवी क्षेत्र बिकास समन्वय समिति ।

आचार्य, नारायणप्रसाद (२०६७). 'सल्यानका प्रमुख आकर्षणहरू' सल्यान : *मिलन स्मारिका–१४,अकं ४,* पृ. १–१८, कर्मचारी मिलन केन्द्र ।

आचार्य, नारायणप्रसाद (२०६८). *श्री खैराबाङ् भुवनेश्वरी भगवती महात्मय.* सल्यान : खैराबाङ भुवनेश्वरी धार्मिक बिकास क्षेत्र समन्वय समिति ।

उपाध्याय आचार्य, बलदेव (सन् १९९९). *भारतीय दर्शन.* वाराणासी : शारदा मन्दिर ।

उपाध्याय न्यौपाने, मेघराज (२०२७). दाङ देउखुरीको भूगोल. दाङ : नेपाल संस्कृत विश्वविद्यालय ।

उपाध्याय, प्रकाश (१९९९). *नेप्लीज कल्चर एण्ड सोसाएटी.* पोखरा : विद्यार्थी पुस्तक पसल ।

ऐथल, के.पी. (१९८० सम्पा.). *आश्वालायन गृहसूत्र.* मद्रास : अड्यार पुस्तकालय ।

कट्टेल, नवराज (२०७४). *बालकृष्ण समका नाटकमा पौरस्त्य संस्कृति.* ने.सं.वि.अनुसन्धान केन्द्र दाङमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

कपुर, त्रिलोकनाथ (सन् १९९३). सिद्ध पीर रतननाथ चरितामृत, कानपुर : त्रिलोकनाथ कपुर ।

कार्की, तेजबहादुर (२०७७) मष्टो संस्कृति. काठमाडौं : शिखा बुक्स ।

कृष्णकुमार (सन् २००१). *प्राचीन भारतका सांस्कृतिक इतिहास.* दिल्ली : श्री सरस्वती सदन ।

के.सी., दुर्लभ (२०५५). 'बाह्रकुने दह' *युवामञ्च, अङ्क-२८५, पृ.* ३४-३६, काठमाडौं : गोरखापत्र संस्थान् ।

कोइराला, कुलचन्द्र (२०५१). *नेपालका आराध्यादेव भगवान् श्री पशुपतिनाथ.* काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

कोइराला, मातृकाप्रसाद (१९६७). *प्रस्तावाओको व्यक्तव्य* दिल्ली : संबोधन, २१ डिसेम्बर ।

कोरभिनस, गुड्रन (१९९६). *दी प्री हिस्टोरी अफ नेपाल* अ समरी अफ दी रिजल्ट अफ लास्ट टेन एअरर्स रिसर्च समीटेड टु दी आरकोलोजिकल कांग्रेस, दिल्ली ।

क्षेत्री, गणेश र रामचन्द्र रायमाझी (२०५६). नेपाली कला, वास्तुकला र प्रतिमालक्षण. काठमाडौँ : एसिया पब्लिकेसन्स ।

खड्का, डिल्लीबहादुर (सन् १९९८). *देउखुरीको रिहार : एक धार्मिक स्थल.* स्मारिका, दाङ : भ्रमण महोत्सव मूल समिति ।

खण्डेलवाल, जय किशन प्रसाद (सन् १९८४). *भारतीय संस्कृति.* आगरा : विनोद पुस्तक मन्दिर ।

खनाल, नीराजन (२०५७). *काष्ठकलाको उत्कृष्ट नमुना : सरिकोट देवीको मन्दिर.* राप्ती सन्देश, फागुन-१, दाङ : राप्ती सन्देश ।

खत्री, प्रेमकुमार (२०५६). *नेपालका धार्मिक मठ र सामाजिक संरचना.* काठमाण्डौ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

खनाल, मोहनप्रसाद (२०५५). *पश्चिम नेपालका मूर्तिहरू.* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

गिरी, अमर र लिखत पाण्डे (२०७० सम्पा.). *भृकुटी.* काठमाडौं : भृकुटी पब्लिकेसन ।

गिरी, गीतु (२०५२). *प्युठान राज्यको इतिहास.* रूपन्देही : विशाल पुस्तक सदन ।

गिरी, गीतु (२०७३). *प्युठानको प्राचीन तथा मध्यकालीन इतिहास.* प्युठान : रजत वर्ष स्मारिका, उद्योग वाणिज्य संघ, प्युठान ।

गौड, दौलतराम (१९८१ सम्पा.). *देवी भागवतपुराण.* वाराणसी : ठाकुरप्रसाद एन्ड सन्स ।

गौतम, कृष्णप्रसाद (२०७२). *समृद्धिको बाटोमा रुकुम.* रुकुम : जिल्ला विकास समिति ।

गौतम, टेकन प्रसाद (२०१५). *दाङको इतिहास र भूगोल.* वाराणसी : दाङ छात्र सहायता कोष समिति ।

गौतम, टेकनाथ (२०४४). *थारु जातिको इतिहास तथा संस्कृति.* दाङ : सुशीलकुमार गौतम ।

गौतम, टेकनाथ (२०५०). *राप्ती अञ्चलको इतिहास.,तथा केही संस्मरणहरू,* वाराणसी : अजय प्रिन्टर्स ।

गौतम, भूमिराज (२०४४). *चौघेरास्थित सिद्ध रत्ननाथ मठ : एक परिचय,* त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, *नेपाली इतिहास,* संस्कृति तथा पुरातत्व विभागमा प्रस्तुत स्नातकोत्तर तहको अनुसन्धानात्मक शोधपत्र ।

गौतम, भूमिराज (२०७०). 'नाथ सम्प्रदाय र सिद्ध रत्ननाथ एक परिचय' *मिलनविन्दु* –वर्ष १, अकं १ पृ. ५४-७०, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र ।

गौतम, भूमिराज (२०७४). *'दाङको चौघेरास्थित सिद्ध रत्ननाथ मठको सांस्कृतिक अध्ययन' मिलनविन्दु, वर्ष २, अकं २, पृ. २५–३०,* काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र ।

गौतम, मणिराम(२०७१ सम्पा.). खस *राज्यको उत्पत्ति तथा विकास.* रुकुम : कल्याण पुस्तक पसल ।

गौतम, सुन्दर (२०५४). *दाङ जिल्लाका प्रमुख धार्मिकस्थलहरू.* त्रिभुवन विश्वविद्यालय कीर्तिपुर नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागमा प्रस्तुत स्नातकोत्तर तहको अनुसन्धानात्मक शोधपत्र (अप्रकाशित) ।

गौतम, सुन्दर (२०७४). 'संस्कृति एक परिचय' *रिसर्च जर्नल–१, पृ.* १२८-१३३, दा : महेन्द्र बहुमुखि क्याम्पस ।

घर्तीमगर, पहलसिंह (२०७३). *रुकुम जिल्लाको वस्तुगत र जातिगत जानकारी* पहिचान. रुकुम : नेपाल आदिवास जनजाति महासंघ ।

चालिसे, नारायण (२०७३). *लीलाबोधी सिद्धान्त र अन्य नेपाली समालोचना.* काठमाडौं : शिक्षा शर्मा ।

चौधरी, चन्द्रप्रसाद (२०६३). 'दङ्गीशरण थारू रज्वा' *दङ्गीशरण थारु राजा सुकौरा महोत्सव स्मारिका–१, पृ.* १-४, दाङ : थारू वद्धिजीवी परिषद ।

चौधरी, महेश (२०६४). *नेपालको तराई तथा यसका भूमिपुत्रहरू.* दाङ : शान्ति चौधरी ।

चौधरी, रामनारायण (२०६७). *श्री सिद्ध बाघनाथ बाबा.* दाङ : प्राकृतिक महोत्सव प्रचार प्रसार समिति ।

चौधरी, शंकरलाल (सन् १९९९). *इकोनिमिक स्टाटस अफ दगौरा थारुज.* काठमाडौं : अप्रकाशित पुस्तक ।

जेना, बी लिन्डनर (सन् १८८७ सम्पा.). *कौषीतकी ब्राह्मण.* दिल्ली : हरमान कोस्टेनोबल ।

टुहुरो, डी.बी. (२०७३). *रोल्पाको साहित्यिक रूपरेखा तथा स्रष्टा र सिर्जना.* रोल्पा : ललित साहित्य परिषद् ।

तैत्तरीय उपनिषद् (सानुवाद शांकरभाष्यसहित २०५०). गोरखपुर : गीता प्रेस ।

थापा, गेहराज (२०७०). 'प्युठान जिल्लाको संक्षिप्त चिनारी' *सुमन* –१९, पृ. ३-१७, प्युठान, साहित्य परिषद ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (२०५५). *नेपालको कला र वास्तुकला.* काठमाडौं : एम.के. पव्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

दाहाल, पेशल, (२०६०). नेपालको इतिहास र संस्कृति, काठमाडौं : एम.के पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

दिवस, तुलसी (सन् २००७). *द इन्टान्जिबल कल्चर र हेरिटेज अफ नेपाल : फ्युचर डिरेक्सन.* काठमाडौं : युनेस्को नेपाल ।

दिवस, तुलसी (२०६५). थारु लोकवार्ता तथा लोकजीवन. काठमाडौं : नेपाली लोकवार्ता तथा संस्कृति समाज ।

द्विवेदी, पशुपतिकुमार (२०४३). *सृष्टिको प्रतीक लिङ्गपूजा,* प्राचीन नेपाल, काठमाडौं पशुपतिकुमार ।

देवकोटा, गृष्मबहादुर (२०४०). *नेपालको राजनीतिक दर्पण.* काठमाडौं : उपेन्द्रबहादुर देवकोटा ।

देवकोटा, रत्नाकर (२०५५). 'दाङ जिल्लाका धार्मिक र सांस्कृतिक स्थलहरू' *दाङ भ्रमण महोत्सव स्मारिका–१, पृ.* ३४-४४ ।

ध्रुवश्री (२०६४). *पुण्य भूमि स्वर्गद्वारी.* काठमाडौं : भागवत् सन्यास आश्रम पाशुपत क्षेत्र ।

नेपाल पर्यटन विकास केन्द्र (२०६८/०६९). *होलेरी एकीकृत विकास गुरुयोजना.* रोल्पा : होलेरी एकीकृत विकास गुरुयोजना निर्माण समिति ।

नेलसन र जरमीन (सन् १९८५). *इन्टोडक्सन अफ फिजीकल एन्थ्रोपोलोजी.* थर्ड एडीसन, यु एस ए : वेस्ट पब्लिसिङ कम्पनी ।

पन्त, गुड्डी (२०६९). 'डोटी क्षेत्रको दसाःरो गङ्गा दसहरा पर्व' *लोक संस्कृति*– वर्ष २, अकं २, पृ.२२–२७, काठमाडौं नेपाल म्यूजिक सेन्टर ।

पन्त, नयराज (२०२५). *श्री ५ पृथ्वीनारायण शाहका उपदेश.* ललितपुर : जगदम्वा प्रकाशन ।

प्रधान, केदारनाथ (२०५४). *नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास.* काठमाडौं : पसिना प्रकाशन ।

प्रभात, विष्णु (२०७४). *प्रज्ञा संस्कृति कोश.* काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

प्रपन्नाचार्य, स्वामी (२०६४). *वेदमा के छ ?.* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, नमराज (२०६७). *काश्यप गोत्रीय पाण्डेय समाज वंशावली.* दाङ : पाण्डेय समाज सेवा समिति ।

पाण्डे, रामनिवास र रेग्मी, दिनेशचन्द्र (२०६२). *नेपालको प्राग्इतिहास.* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

पुन, ज्ञानेन्द्र (२०६७), *प्रमुख ऐतिहासिक एंव धार्मिक तथा पर्यटकीय क्षेत्र.* प्यूठान जिल्लाको वस्तुगत विवरण. प्यूठान : जिल्ला स्वास्थ्य कार्यालय ।

पोखेल, विष्णु (२०५४). *कल्याण* (शक्ति अङ्क). गोरखपुर : गीता प्रेस ।

पोखेल, शीला (२०६७). 'बाइसे राज्य छिल्लीकोटको संक्षिप्त ऐतिहासिक परिचय' *लालिमा*– वर्ष १, अकं १, पृ. ६३-६६, ललितपुर :नेपाली इतिहास संस्कृति तथा पुरातत्व विभाग पाटन संयूक्त क्याम्पस ।

पौडेल, दामोदर (२०७०), 'रुकुमकोटको ऐतिहासिक झलक' *रुकुमकोट दर्पण,* पृ. ३०-३६, रुकुम : रुकुमकोट कमल दह पर्यटन महोत्सव ।

पौडेल, दुर्गा (२०७२). *ओखरकोट.* काठमाडौँ : ओखरकोट पर्यटन एवम् ग्रामीण विकास सेवा समिति ।

बराल, ईश्वर (२०६२), *हाम्रो चिनारी, हाम्रो संस्कृति,* काठमाडौं : बद्रि विक्रम थापा स्मृति सेवा गुठी, ।

बस्न्यात, गोविन्द बहादुर (२०७१). *'फलाबाङी राजाको ऐतिहासिक दरबार'.* कुमाख, अङ्क १, वर्ष २, पृ. ३५-३६, सल्यान : कुमाख ।

बस्नेत, गोबिन्दबहादुर (२०७६). *फलावाङ दरबार.* सल्यान : अप्रकाशित रचना ।

बराल, वासु (२०४४). *हिन्दू सामाजिक सङ्गठनको प्रारूप. काठमाडौँ :* साझा प्रकाशन ।

बिष्ट, डोरबहादुर (२०३०). *सबै जातको फूलबारी.* काठमाडौं : साझा प्रकाशन ।

बोहरा, सपना (२०७५). *प्रदेश ५ को पर्यटनको चिनारी.* क्यानडा : क्यानडा नेपाल पर्यटन संस्कृति व्यापार मञ्च ।

भट्टराई, घटराज (२०५८). *स्वर्गद्वारी आश्रम तीर्थस्थल परिचय.* काठमाडौं : भारती खरेल प्रतिष्ठान ।

भण्डारकर, आर.जी.. (१९७७). वेष्णव, शैव एवम् अन्य धर्म, वाराणासी, भारतीय विद्या प्रकाशन ।

मसाल, के.वी. (२०५४). *बाल तपस्वी महाप्रभु स्वर्गद्वारी .* प्युठान : स्वर्गद्वारी आश्रम ।

मसाल, के.बी. (२०७६). 'बाउन्न पोखरी, त्रिपन्न टाकुरा' *नयाँ युगबोध दैनिक.* शनिबार सौगात. जेष्ठ-२५, पृ. ३, दाङ : नयाँ युगबोध दैनिक ।

मसाल, के.बी. (२०७६). 'धारापानीको पर्यटन विकासमा पूर्वाधार' *नयाँ युगबोध दैनिक .* शनिवारको सौगात. मङ्सिर– २८, पृ.४, दाङ : नयाँ युगबोध दैनिक ।

मजगैयाँ, श्रीधर शर्मा (२०५३). *मजगैयाँ वंशको इतिहास तथा वंशावली.* दाङ : गंगादेवी. मजगैयाँ ।

मार्सल, सर जान (सन् १९३१). *मोहनजोदारो एण्ड इन्ड्स भ्याली सिभिलाइजेसन.* दिल्ली : मार्सल जोहो ।

मुन्सी, के.एम. (सन् १९८५). *भारतीय संस्कृतिको संक्षिप्त इतिहास.* वाराणसी : मुन्सी ।

योगी, नरहरिनाथ (२०१३). दङ्गीशरणकथा बड्कीमार. दाङ : सिद्धरत्ननाथ मठ ।

योगी, नरहरिनाथ (२०२२). *इतिहास प्रकाश. सन्धिपत्र सङ्ग्रह,* भाग–१, चौघेरा दाङ : नरहरिनाथ योगी ।

योगी, विजयनाथ/योगी, भगीरथ (२०४४ सम्पा.). *सिद्ध रत्ननाथ चरितामृत.* दाङ : श्री गोरखनाथ पीठ, चौघेरा ।

योगी, भोलानाथ (२०७७ सम्पा.). *गोरक्षरत्न स्मारिका.* दाङ : श्री गोरक्ष-पात्रदेवता-सिद्धरत्ननाथ मठ, चौघेरा ।

रजौरे, द्रोणप्रसाद (सन् १९७७). *एन एन्थ्रोपोलोजी अमङ्ग अफ इष्टर्न अफ दाङ देउखुरी.* काठमाडौँ : अप्रकाशीत ।

रमेन्द्र (सन् २००३). *समाज और राजनीति दर्शन एवम् धर्म-दर्शन.* दो.सं. दिल्ली : मोतीलाल वनारसीदास ।

राय, गोपीनाथ (१९५८). *एलीमेन्टस अफ हिन्दु आइकोनग्राफी. भोलम २,* दिल्ली : पार्ट १, सेकेन्ड

राधाकृष्णन्, सर्वेपल्ली (सन् २०१५). *भारतीय दर्शन* (भाग-१) वर्तमान संस्करण. दिल्ली :: राशजपाल एण्ड सन्स् ।

रावत, हरिबहादुर (२०६८). 'तीन धाम (रुण्टी, रुङ्कोट, स्वर्गद्धारी) र प्रभुमहाराज' *राप्ती जागरण*–२, पृ. १-६, नेपालगन्ज : राप्ती जागरण ।

रिन्पोछेज्यू, क्याब्जे डुक्पा (सन् २०१६). *दैनिक पूजाविधि.* काठमाडौँ : हिमाली शेर्पा समाज ।

रिमाल, भैरवनाथ (२०४५). *भक्ति र समर्पण.* काठमाडौं : सञ्चार मन्त्रालय, सूचना विभाग ।

रेग्मी, ऋषिराम (२०७३). *वैदिक साहित्यको रूपरेखा.* ललितपुर : हिमवत् आर्ष प्रज्ञा ।

रेग्मी शर्मा, गुरूप्रसाद (२०७१). *धारापानी शिवधाम.* दाङ : माया रेग्मी ।

रेग्मी शर्मा, गुरूप्रसाद (२०७४). *धारपानी स्वर्गद्वारी धाम.* दाङ : भुपाल गिरी ।

रेग्मी शर्मा, गुरूप्रसाद (२०७५). *पाण्डवेश्वर महादेव व्रतकथा.* दाङ : माया रेग्मी ।

रेग्मी शर्मा, गुरूप्रसाद (२०७५). *मसिना कालिका माई.* दाङ : मसिना कालिका माई व्यवस्थापन समिति ।

लोहनी, भाष्करानन्द (सन् १९८३). *पौराणिक साहित्य और संस्कृति.* लखनऊ : रमा प्रकाशन ।

वली, टेकबहादुर (२०७४). *श्री शाई कुमारी भगवती देवी डिग्रे मन्दिरको परिचय* . रुकुम : अप्रकाशित लेख ।

वली, डिल्ली (२०७३). 'छत्रेश्वरी पीठ छायाँक्षेत्र' *स्मारिका,* पृ. १५-१८, सल्यान : सल्यान बहुमुखी क्याम्पस ।

वि.क., गणेश (२०७५). शक्तिको प्रतीक खैरावाङ, नागरिक दैनिक–वर्ष ७, अकं ४३, पृ. ४, काठमाडौं : नागरिक समाचार ।

विद्याभूषण (सन् २००५). *एन इन्ट्रोडक्सन टु सोसियोलजी.* दिल्ली : किताब महल ।

विश्वबन्धु, विश्वेश्वरानन्द सम्पा.(१९६०), *अथर्ववेद (शौनकीय संहिता (१-४ भाग)* होशियारपुर : वैदिक शोध संस्थान, पन्जाब ।

विश्वबन्धु, विश्वेश्वरानन्द (१९६३ सम्पा.). *ऋग्वेद.* पन्जाब : वैदिक शोध संस्थान होशियारपुर ।

शर्मा, अधिकारी लीलामणि (२०५४). *रिहार महात्म्य.* दाङ : श्री बगारबाबा धार्मिक विकास क्षेत्र ।

शर्मा, अर्जुनदेव (२०६१ अनु.). *भारतीय दर्शनहरूमा के छ ?.* काठमाडौं : प्रवेश प्रकाशन प्रा. लि. ।

शर्मा, के.वी.(१९६९ सम्पा.). *ब्रह्माण्ड पुराण.* मुम्बई : कृष्णदास एकीडमी ।

शर्मा, गोपीनाथ (२०७०). *बाइसे राज्यको इतिहास* . काठमाडौं : मकालु प्रकाशन ।

शर्मा, चन्द्रधर (सन् १९९८), *भारतीय दर्शन आलोचना और अनुशीलन.* दिल्ली : मोतीलाल वनारसीदास ।

शर्मा, जनकलाल र कृष्ण बम मल्ल (२०२१). 'राप्ती उपत्यकाः एक अध्ययन' *नेपाल सांस्कृतिक परिषद्, पत्रिका,* -३, पृ. २७–३२, काठमाडौं : नेपाल सांस्कृतिक परिषद ।

शर्मा, जनकलाल (२०४९). *हाम्रो समाज : एक अध्ययन.* काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, डिल्लीराज (२०१२). *कल्चरल ह्यारीटेज अफ वेर्स्टन नेपाल आर्ट एण्ड आरकीटेक्चर .* कीर्तिपुर : सेन्टर अफ नेपाल एन्ड एसियन स्टडी ।

शर्मा, डिल्लीराज (२०३९). *दाङ् उपत्यकामा प्राप्त नवपाषणकालीन औजार,* गोरखापत्र दैनिक,. भाद्र-१९ गते शनिवार, काठमाडौं : गोरखापत्र संस्थान ।

शर्मा, डिल्लीराज (२०४३). 'दाङका सिद्ध रत्ननाथ' *नेपाली संस्कृति*–३, पृ. १–१२, काठमाडौं : नेपाल अनुसन्धान केन्द्र । .

शर्मा, डिल्लीराज (२०४६). *प्रारम्भिक पुरातत्व विज्ञान.* काठमाडौँ : डिल्लीराज र प्रदीपनाथ ।

शर्मा, डिल्लीराज (२०५५). नेपालको किल्ला वास्तुकला. काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

शर्मा, डिल्लीराज (२०६०). *गण्डकी प्रस्रवणक्षेत्रको सांस्कृतिक सम्पदा, कला र वास्तुकला.* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

शर्मा, डिल्लीराज (२०७१). 'दाङ् उपत्यकाको पुरातात्विक महत्व' *मिलनविन्दु*–वर्ष ३,अकं ३, पृ. २१-३५, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र ।

शर्मा, डिल्लीराज (२०७३). 'नेपालको अमूर्त सांस्कृतिक सम्पदा : संरक्षण र चुनौती' *जमारा स्मारिका,* अकं २१, पृ. ३-९, काठमाडौं :एकीकृत उपभोक्ता संघ ।

शर्मा दाहाल, दत्तात्रेय (२०६३). 'दङ्गीशरण थारु राजा सुकौरा एक विवेचना' *स्मारिका,* पृ. ५-७, दाङ : थारू बुद्धिजीवी परिषद ।

शर्मा, नित्यानन्द (२०६७). 'त्रिसिद्धेश्वरी मन्दिर' *गाउँघर साप्ताहिक.* चैत्र-४, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, नित्यानन्द (२०६७) 'शक्तिपीठ अम्बिकेश्वरी भगवती मन्दिर' *गाउँघर साप्ताहिक,* माघ-७, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, नित्यानन्द (२०६८). 'रामजानकी मन्दिर' *गाउँघर* साप्ताहिक, जेष्ठ-६, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, नित्यानन्द (२०६८). 'श्री सिद्ध रत्ननाथ मठ' *गाउँघर* साप्ताहिक, जेष्ठ-२०, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, नित्यानन्द (२०६८). 'बराहक्षेत्र (बाह्रकुने ताल)' *गाउँघर* साप्ताहिक, जेष्ठ-१३, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, नित्यानन्द (२०६८). 'नम छु बौद्ध गुम्बा' *गाउँघर* साप्ताहिक, श्रावण-१३, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, नित्यानन्द (२०६८). 'पाण्डवेश्वर महादेव मन्दिर' *गाउँघर* साप्ताहिक, असार-२५, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, नित्यानन्द (२०६८). 'छिल्लीकोट र कालिका मन्दिर' *गाउँघर* साप्ताहिक असार-३, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, नित्यानन्द (२०६८). 'गणेश मन्दिर' *गाउँघर* साप्ताहिक वैशाख-२३, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, नित्यानन्द (२०६९). 'शिव र कालिका मन्दिर' *गाउँघर साप्ताहिक* भाद्र-२९, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, नित्यानन्द (२०६९). 'हंसेश्वर महादेव शिवालय र ऐतिहासिक ५५ झ्याले दरबार' *गाउँघर* साप्ताहिक, भाद्र-८, शुक्रबार, पृ. ३, दाङ : शुसिला गौतम ।

शर्मा, भरतमणि (२०१८). *स्वर्गद्वारी अञ्चल एक विवरण.* काठमाडौँ : भरतमणि शर्मा ।

शर्मा, महादेव (सन् १९८२ सम्पा.). *पारस्कर गृहसूत्र.* दिल्ली : मुन्सीराम मनोहरलाल पब्लिसर्स ।

शिवपुरी, कैलाश (२०२०), *योगी वंशावली भाग-१.* गोरखपुर : गोरक्ष ग्रन्थमाला पुष्प ९० ।

हाल्यान्ड, रान्डी (सन् १९९३). *रिपार्ट अन आरकोलोजिकल सर्भे इन दाङ् भ्याली* . काठमाडौँ : रिपार्ट सबमिटेड टु द डिपार्टमेन्ट आरकोलोजी ।

हाल्याण्ड, रान्डी (सन् १९९५). *फिल्ड रिपोर्ट अन दी आरकोलोजिकल इक्जाभेसन इन दी दाङ भ्याली.* काठमाडौँ : एन भि एन पब्लिस्ड रिपोर्ट सबमीटेड टु दी डीपार्टमेन्ट आरकोलोजी ।

ह्वीलर, मोरटीमर (सन् १९६८). दि इन्डस सिभिलाइजिसन. थर्ड इडिसन . यु.के. : क्याम्ब्रीज युनिभर्सिटी ।

श्री दुर्गा साहित्य भण्डार. (२०५५). श्री स्वस्थानी व्रतकथा, काठमाडौं : श्री दुर्गा साहित्य भण्डार ।

श्रेष्ठ, प्रकाश (२०५६). *दाङ जिल्ला, सौडियार गा.वि.स.का थारुहरूको सामाजिक अध्ययन.* त्रिभुवन विश्वविद्यालय कीर्तिपुर नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागमा प्रस्तुत स्नातकोत्तर तहको अनुसन्धानात्मक शोधपत्र ।

श्रेष्ठ, प्रकाश (२०७५). 'स्वर्गद्वारीको धार्मिक तथा सांस्कृतिक अध्ययन' *रिसर्च जर्नल*–३, पृ. १३९-१४६, दाङ : महेन्द्र बहुमुखि क्याम्पस ।

श्रेष्ठ, बिष्णुबहादुर (सन् १९९२). *दि प्रि-हिस्टोरिक आरकोलोजी अफ नेपाल वीथ स्पेशल रिफरेन्स टु दि बिगीनीङ अफ एग्रीकल्चर.* यु एस ए : यु एस ए, पि एच डी थेसिश सबमीटेड टु युनीभरसिटी अफ मीनेसटोटा ।

सफरा (चेयरम्यान अफ बोर्ड) (सन् १९९०). *द न्यू इन्साइक्लोपेडिया ब्रिटानिका.* ग्रन्थ १६, सिकागो : सफरा ।

सीप विकास तथा वातावरण संरक्षण केन्द्र (२०७६). *घोराही उ.म.न.पा. का पर्यतकीय सम्पदा,* दाङ : घोराही उपमहानगरपालिका ।

सुधांशु (२०६९). 'स्वर्गद्धारी आश्रम : एक परिचय' *विभूति* स्वर्गद्वारी आश्रमको प्रथम मुखपत्र, स्वर्गद्वारी आश्रम ।

सुवेदी, रमेश (२०१९). *नेपाल गजेट. पौष-२* काठमाडौँ : संस्कृति मन्त्रालय ।

सुवेदी, रमेश (२०७४). 'रोल्पाका मुख्य धार्मिक तथा पर्यटकीय स्थलहरू' *रजत स्मारिका, पृ.* २९-३५, रोल्पा : रोल्पा उद्योग बाणिज्य संघ ।

सुवेदी, राजाराम (२०५४). *कर्णाली प्रदेशको मध्यकालीन इतिहास.* काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजाराम (२०५५). *बाइसे राज्यको ऐतिहासिक रूपरेखा.* काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, शिवकुमार र गोविन्द आचार्य (२०७४). *दाङ क्षेत्रका प्राग्ऐतिहासिक तथा ऐतिहासिक सम्पदाको अध्ययन* . दाङ : जिल्ला समन्वय समिति ।

सुवेदी, शिवकुमार (सन् २००२). *कल्चरल हेरिटेज अफ दि दाङ् भ्याली.* काठमाडौं : अ पि एच डी डिज्जरटेसन सबमीटेड टु दि फ्याकल्टी अफ हिउमीनीटीज एण्ड सोसिएल साएन्स टी. यु. (अप्रकाशित) ।

सुवेदी, शिवकुमार (२०७०). *स्वर्गद्वारीको सांस्कृतिक इतिहास.* दाङ : श्रीमती मालिका सुवेदी ।

सुवेदी, शिवकुमार (२०७१). 'दाङ् उपत्यकाको अमूर्त सांस्कृतिक सम्पदा' *मिलनबिन्दु–३,* पृ. ३७-६२ , काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र ।

सुवेदी, शिवकुमार (२०७९). *पाण्डवेश्वर धामको सांस्कृतिक इतिहास.* दाङ : मालिका सुवेदी ।

ज्ञवाली, सूर्यविक्रम (२०३६). 'नेपालमा गोरख पन्थ' *प्रज्ञा–४*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं ।

*एकीकृत वार्षिक जिल्ला विकास योजना (२०७३). रुकुम* : सूचना तथा अभिलेख केन्द जिल्ला विकास समिति ।

*जिल्ला पार्श्वचित्र भाग-१ (२०७४).* रुकुम : जिल्लाा विकास समिति ।

*जिल्ला वस्तुगत विवरण (२०७४).* रुकुम : तथ्याङ्क कार्यलय ।

*जिल्लाा विकास योजना (२०७३)* रुकुम : जिल्लाा विकास समिति ।

*दाङ जिल्ला गाउँपालिका र नगरपालिका प्रोफाइल (२०७४).* दाङ : तथ्याङ्क कार्यलाय ।

*दाङ जिल्ला पार्श्वचित्र (२०७१)* . दाङ : जिल्ला विकास समितिको कार्यालय ।

*राष्ट्रिय जनगणना २०७८ मुख्य नतिजा (२०७८).* काठमाडौं : राष्ट्रिय तथ्याङ्क कार्यालय ।

*राष्ट्रिय जनसँख्या र आवास जनगणात्मक रिपोर्ट (२०७८) काठमाडौं :* राष्ट्रिय तथ्याङ्क कार्यालय ।

रुकुम (२०७३). रुकुम : संस्कृति तथा पर्यटन विकास केन्द, जिल्ला विकास समिति ।

*रोल्पा जिल्लाको वस्तुगत विवरण (२०७५).* प्यूठान : तथ्याङ्क कार्यालय ।


*वार्षिक जिल्ला विकास योजना (२०७२).* रोल्पा : जिल्ला विकास समिति ।

*वार्षिक जिल्ला विकास योजना (२०७४).* रोल्पा : जिल्ला विकास समिति ।

*सल्यान जिल्लाको गाउँपालिका/नगरपालिकाको प्रोफाइल (२०७५).* दाङ : तथ्याङ्क कार्यालय ।

# परिशिष्ट १

१४ अञ्चल सहितको नेपालको नक्सा ।



# परिशिष्ट - २ : प्रश्नावलीहरू

नाम :–　　　　　　　　　　　　　　　　　　　ठेगाना :–

सम्पदाको नाम :–　　　　　　　　　　　　　　　स्थान　　　　:–

१) सम्पदाको सिमाना – पूर्व ............, पश्चिम ..........., उत्तर ........... र दक्षिण .......... मा रहेको छ ।

२) सम्पदाको सदरमुकाम ..... देखि ..... कि.मी पूर्व/पश्चिम/उत्तर/दक्षिण मा पर्दछ ।

३) सम्पदा मूल सडकदेखि .......... कि.मी पक्की/ग्राभेल/कच्ची बाटो रहेको छ ।

४) सम्पदासम्म पुग्न ........... यातायातको व्यवस्था छ ।

५) सम्पदाको प्राचीन नाम ..........हो ।

६) सम्पदाको स्वामित्वमा ............कूल क्षेत्रफल जमिन रहेको छ ।

७) सम्पदा भएको जमिनको ..........क्षेत्रफल रहेको छ ।

८) सम्पदाको स्थापना ............. निवासी .......... ले .......... सालमा गरेका थिए ।

९) सम्पदाको निर्माण ................ सामग्रीबाट निर्माण गरिएको थियो ।

१०) सम्पदाको प्राचीन स्वरूप ............... शैलीको थियो ।

११) सम्पदाको जीर्णोद्वार ........... सालमा ............... ले गराएका थिए ।

१२) सम्पदाको पूजा, अनुष्ठान नित्य दैनिक/मासिक/वार्षिक गरिन्छ ।

१३) सम्पदामा विशेष पूजा परम्परागत चाडपर्वहरू ............ मा गरिन्छ ।

१४) सम्पदाका पुजारी ............... रहेका छन् ।

१५) सम्पदाको व्यवस्थापन समिति ........... को अध्यक्षतामा ......... सदस्यीय एक समिति रहेको छ ।

१६) सम्पदाको पूजा अनुष्ठानका लागि सरकारी निकायबाट वार्षिक रु. .... सहयोग आउने गर्दछ ।

१७) सम्पदाको आम्दानीको स्रोत ................ रहेका छन् ।

१८) सम्पदामा .......... तिथिमा मेला पर्व लाग्ने गर्दछ ।

१९) सम्पदामा परम्परागत रूपमा ..................... चाडपर्व मनाइने गरिन्छ ।

# परिशिष्ट - ३ : अन्तर्वार्ता

यो शोधप्रबन्ध तयार पार्दा लिखित अभिलेख जे जति पाइए तर नपाइएका विषयहरूमा विभिन्न जिल्लाका विभिन्न संस्था तथा धार्मिक पर्यटन स्थलसँग आबद्ध देहायका व्यक्तिहरूसँग अन्तर्वार्ता लिएर यस लेखन कार्यलाई थप स्पष्ट पार्ने काम गरिएको छ :

**सल्यान** : हुकुमराज आचार्य, देवराज आचार्य, टेकबहादुर श्रेष्ठ, प्रेमबहादुर थापा, कालिबहादुर श्रेष्ठ, राजेन्द्रकुमार श्रेष्ठ, डिल्लीराज रेग्मी, कृष्णप्रसाद उपाध्याय, डिल्लीबहादुर राई, नेत्रबहादुर खत्री ।

**प्यूठान** : गेहेन्द्र के.सी., रमेश श्रेष्ठ, महाबीर राना, सञ्जय रिजाल, रमेश अधिकारी, देवेन्द्र बर्मा ।

**दाङ** : हिरानाथ योगी, बिष्णुप्रसाद घर्ती मगर, रेशमबहादुर घर्तीमगर, गिरबहादुर घर्तीमगर, धर्मनाथ योगी, अम्मरबहादुर डाँगी, विष्णुप्रसाद पाण्डे, टेमन बुढा, मानसिंह घर्ती मगर, मोहम्मद माह्या, मेहम्मदा शाहिद ।


**रुकुम** : टोपिलाल शर्मा, हरिशरण जैसी, मोतिलाल पोखेल, शोभाकर पौडेल, तिलकबहादुर मल्ल, गम्भीर थापा ।

**रोल्पा** : गिरिराज अधिकारी, तेजप्रसाद अधिकारी, नन्दलाल पोखेल, फणिलाल पोखेल, पुष्करप्रचण्ड सिंह, खेमबहादुर पुन, मिट्ठु सेन, कमलसिंह ठकुरी ।

# परिशिष्ट - ४

## २.१ मठ, मन्दिर, गुम्बा, थानका तस्बिर

१. अम्बिकेश्वरी भगवती मन्दिर, अम्बापुर, दाङ





(अम्वे भगवतीको मन्दिर)



(धनेश्वर शिव मन्दिर)

## २. ऐरावती मन्दिर, प्युठान





(ऐरावती नदी) (ऐरावती मन्दिर)

**३. कालिका भगवती मन्दिर, बिजवार, प्युठान**



(कालिका भगवती मन्दिर)



(प्राचीन मन्दिरको तोरण)



(मन्दिरको गर्भगृहमा भएको कालिकाको मूर्ति)

**४. कालिका भगवती मन्दिर, मसिना, दाङ**



(कालिका मन्दिर)



(मन्दिरको गर्भगृहमा रहेको कालिकाको मूर्ति)

**५. कालिका भगवती मन्दिर, खलङ्गा, रुकुम**



(कालिका मन्दिर)

**६. कालिका भगवती मन्दिर, लिबाङ, रोल्पा**




(कालिका मन्दिर)




(कालिका भगवतीको प्रतिमा)

**७.　कालिका र मालिका मन्दिर, छिल्लीकोट, दाङ**



(कालिका मन्दिर)



(मालिका मन्दिर)

**८. कृष्ण मन्दिर, खलङ्गा, सल्यान**



कृष्ण मन्दिर

**९. गणेश मन्दिर, घोराही, दाङ**



(गणेश मन्दिर)



(गर्भगृहको मूर्ति)

## १०. गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ, दाङ



(गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ)

## ११. गोरखनाथ मन्दिर, चौघेरा, दाङ



(गोरखनाथ मन्दिर)

## १२. गौमुखी धार्मिक स्थल, प्युठान



(गौमुखी)



(गौमुखी धार्मिक स्थल प्रवेश द्वार)

## १३. चतुर्भुज शिव पाञ्चायन मन्दिर, खुङ्ग्री, रोल्पा



(चर्तुभुज शिवालय र परिसर)



(गर्भगृहको शिवको मूर्ति)

## १४. चन्दननाथ मन्दिर, खलङ्गा, रुकुम



(चन्दननाथ मन्दिर)




(प्राचीन घण्ट)

## १५. चिन्नेथान, रोल्पा



(चिन्नेथान)

## १६. छायाँ शिला, छायाँक्षेत्र, सल्यान



(छायाँ शिला)





(छायाँ मन्दिर)

## १७. झाँक्रीथान, काँच्रेखोला, प्युठान



(झाँक्री थानं)

## १८. डिग्रेसाईकुमारी भगवती मन्दिर, रूकुम



(साईकुमारीको मन्दिर)



(साईकुमारी भगवतीको मूर्ति)



(सरस्वतीको सिमेन्टको मूर्ति)



(सिद्धबाबा मन्दिर अगाडिको शिला)

**१९. त्रिपुरेश्वरी भगवती मन्दिर, खुङ्ग्री, रोल्पा**



(त्रिपुरेश्वरी भगवतीको मन्दिर)



(त्रिपुरेश्वरी भगवतीको मूर्ति)



(शक्तिपीठको प्रतीक कालो प्रस्तर)



(विष्णुको मन्दिर)

## २०. त्रिसिद्धेश्वरी मन्दिर, तुलसीपुर, दाङ




(त्रिसिद्धेश्वर र
महाकालेश्वरको मन्दिर)



(महालक्ष्मीको सिमेन्टको मूर्ति)



(महाकालीको सिमेन्टको मूति



(महासरस्वतीको सिमेन्टको मूर्ति)

**२१. देवलस्थान शिव मन्दिर, चौरजहारी, रूकुम,**



(देवस्थान शिवालय)



(गर्भगृह)

**२२. नमछु बौद्ध गुम्बा, घोराही, दाङ**



(नमछु बौद्ध गुम्बा)

### २३. पाटेश्वरी कालिका भगवती मन्दिर, गजुल, रोल्पा,




(पाटेश्वरी कालिका भगवतीको मन्दिर)




(कालिका मन्दिरको मूर्तिहरू)

### २४. पाटेश्वरी भगवती मन्दिर, चौघेरा, दाङ



(पाटेश्वरी भगवती मन्दिर)

## २५. पाण्डवेश्वर महादेव धाम, धारापानी, दाङ



(पाण्डवेश्वर शिवालय)



(प्राचीन शिवलिङ्ग)

## २६. बगार बाबा, रिहार, दाङ



(बगारबाबामन्दिर)



बगारबाबाको गर्भगृहका देवताहरु)



(बरदगोरिया साढ



(बगार बाबाको भौरी)

**२७. बराह क्षेत्र बाह्रकुने दह, सेवार, दाङ**



(वराहको मूल मन्दिर)



(मूल मन्दिरको देवताहरू)

**२८. बराहक्षेत्र, जलजला, रोल्पा**



(वज्यु वराहको मन्दिर)



(वज्यु वराह देवता)

**२९. बराह मन्दिर, कुपिण्डे दह, सल्यान**



(वराहको मन्दिर)




(गर्भगृहको प्राचीन काठको मौली तथा देवताहरू)

### ३०. बराह मन्दिर, रूकुमकोट, रुकुम



(बराहको मन्दिरं)



(गर्भगृहको बराहाको मूर्ति)

### ३१. बाघनाथ बाबा जङ्गलकुटी, दाङ



(बाघनाथ बाबा मन्दिर)




(मन्दिर परिसरमा प्रवेश द्वार)

**३२. बागेश्वरी भगवती मन्दिर, उँजा, दाङ**



(उजा भगवती मन्दिर)




१५ (भगवती मन्दिरको गर्भगृहको मूर्तिहरू)

**३३. भीमसेन मन्दिर, खलङ्गा, सल्यान**



(भीमसेन मन्दिर)



(भीमसेन मन्दिरको गर्भगृह)

**३४. भद्रकाली मन्दिर, बयलडाँडा, सल्यान**



(भद्रकाली मन्दिर)



(गर्भगृहमा भएको भद्रकालीको मूर्ति)

**३५. भुवनेश्वरी-पाटेश्वरी भगवती मन्दिर, खैराबाङ, सल्यान**





(खैराबाङ भगवतीको मन्दिरं)



(प्राचीन कालीकाको मूर्ति)

**३६. मन्ठोऱ्या भवानी मन्दिर, अमराई, दाङ**





(मन्ठोऱ्या भवानी मन्दिर)

**३७. रतननाथ मन्दिर, फलाबाङ, सल्यान**



(रतननाथ मन्दिर)

## ३८. रामेश्वर शिवालय, खलङ्गा, प्युठान



(शिवालय मन्दिर)



(गर्भगृहको शिवलिङ्ग)

## ३९. राधाकृष्ण मन्दिर, दुधेना, दाङ



(राधाकृष्ण मन्दिर)



(राधाकृष्णको प्रतिमा)



(सिद्धि भवानी भगवतीको मूर्ति)




(जलहरिसहितको शिवलिङ्ग)

## ४०. रामजानकी मन्दिर, कोइलाबास, दाङ




(मन्दिरको बाहिरी भाग प्रवेशद्वार)



(रामजानकि र शिव मन्दिर)






गर्भगृहको सिता, राम, लक्ष्मण, राधाकृष्णको मूर्ति)       (शिव मन्दिरको गर्भगृह)

## ४१. रुन्टीगढी प्रभु जन्मस्थल, रुन्टी, रोल्पा





(प्रभुमहाराजको मन्दिर)       (प्रभुमहाराजको प्रतिमा)

## ४२. विजयश्वरी भगवती मन्दिर, चौरजहारी, रूकुम



(विजयश्वरी भगवती मन्दिर)



(विजयश्वरी मन्दिरको गर्भगृहका मूर्तिहरू)

## ४३. शिव मन्दिर, उत्तर पिपरी, दाङ



(शिवालय)



(शिवालयको गर्भगृह)

## ४४. शिव मन्दिर, घोराही, दाङ




(शिव मन्दिर)



(गर्भगृह जलहरी सहितको शिवलिङ्ग)

## ४५. शिव मन्दिर, दक्षिण पिपरी, दाङ



(शिवालय)



(गर्भगृहका देवता र शिवलिङ्ग)

## ४६. शिव मन्दिर, सिसहनिया, दाङ



(शिवालय)



(गर्भगृहमा रहेको प्राचीन शिवलिङ्ग)

## ४७. शिव मन्दिर, शङ्खमूल, सल्यान



(शिव मन्दिर)



(शिवको मूर्ति)

**४८. शिव मन्दिर, सित्तलपाटी, सल्यान**



(शिवालय)



(गर्भगृहकोप्राचीन मूर्ति)

**४९. शिव महादेव मन्दिर, भदौरे, रोल्पा**



(शिवमहादेव मन्दिर)



(जसराम पूनले प्राप्त गरेको मूर्ति)

## ५०. शिवालय, फलाबाङ, सल्यान




(प्राचीन घण्ट)




(फलावाङ् शिवालय)

## ५१. शेरमुक्तेश्वर शिवालय, बाहुनठाना, रूकुम



(शेरमुक्तेश्वर शिवालय)




(गर्भर्गहको शिवलिङ्ग)

## ५२. साना रतननाथ मन्दिर, चौघेरा, दाङ



(साना रतननाथ मन्दिर)

## ५३. सिद्ध भगवन्तनाथ समाधि, श्रीगाउँ, दाङ



प्राचीन भग्वन्तनाथ मन्दिर



गर्भगृहको सिद्व भग्वन्तना र गोरखनाथको मूर्ति

## ५४. सिद्धरत्ननाथ मठको दलिचा, चौघेरा, दाङ



(सिद्धरत्ननाथ मठको दलिचा)

## ५५. सूदयरामेश्वर शिवालय, बिजौरी, दाङ



(सुदयरामेश्वर शिवालय)




(गर्भगृहको जलहरी सहितको शिवलिङ्ग)

## ५६. स्नादेवी थान, टिमुरचौर, प्युठान



(स्नादेवी पूजा स्थल)



(स्नादेवी मन्दिर)

## ५७. स्वर्गद्वारी आश्रम, स्वर्गद्वारी, प्युठान



(यज्ञशाला)




(प्रभुमहाराज)

**५८. हंसेश्वर महादेव, गोबरडिहा, दाङ**



(हंसेश्वर महादेवको मन्दिर)



(गर्भगृहको सुनौलो हनुमान, शिवलिङ्ग)

## २.२ दरबार, दरबार क्षेत्र, किल्ला र पाटीपौवाका तस्बिर

### १. उदयपुरकोट दरबार, उदयपुरकोट, प्युठान




(उदयपुरकोटका अन्तिम राजा शान्तराज उपाध्याय कार्की र रानी सुभद्रादेवी)



(सुन्धानी देवी थान)



(सुन्धानी देवीको मूर्ति)

**२ कालिका पौवा, बिजवार, प्युठान**



(मन्दिरको अगाडि रहेको पौवा)

**३. खुङ्ग्रीकोट दरबार, खुङ्ग्री, रोल्पा**



(खुग्रीकोट दरवारको अग्रभाग)



(खड्ग मन्दिर)

## ४. गजुलकोट दरबार, गजुलकोट, रोल्पा



(कोट घर)

## ५. गढी लेक किल्ला, होलेरी, सल्यान




(गढीलेक स्थित मध्यकालीन किल्लाको भग्न अवस्थाको बाहिरी भाग)



(गढीलेक स्थित मध्यकालीन किल्लाको भित्री भाग)

## ६. पुतली दरबार, फलाबाङ, सल्यान



(फलावाङ पुतली दरवार)

### ६. फलाबाङ दरबार क्षेत्र, फलाबाङ, सल्यान



(वटुक भैरव, रतननाथ र दशैं घर)



(बाजा तथा भाडाँहरू)

### ७. बिजुलीकोट, कोटफेरा, प्युठान




(बिजुली कोट दरवार)




(कोट दरबारको पूजा स्थल)

### ८. भित्रीकोट दरवार, भित्रीकोट, प्युठान




(क्षेत्रपाल मन्दिर)



(क्षेत्रपाल भगवतीको मूर्ति)




(क्षेत्रपाल मन्दिरको काठको टुडाल)




(खड्ग थानमा रहेका प्राचीन हतियारहरू)

## ९. मुसीकोट दरबारस्थल, मुसीकोट, रूकुम




(कालिका मन्दिर)



(गर्भगृहको कालिकाको मूर्ति)



(मुसीको प्रतिमा)





(बँदेल गुफा)

## १०. मैचन्नेको बाह्रसुरे घर, मैचन्ने, प्युठान



(मैचन्नेको बाह्रसुरे घर)

## ११. सित्तलपाटी, श्रीनगर, सल्यान



(प्राचीन अभिलेख)



(सित्तलपाटी)

## १२. सुकौराकोट दरबार क्षेत्र, सुकौरा, दाङ



(प्राचीन सुकौरा दरवार भएको क्षेत्र)






(प्राचीन सुकौरा दरवार क्षेत्रमा गरिएको उत्खनन)

३. जातीय आवासीय घरको तस्बिर

१. डँगौरा थारु घर



२. दुईपाखे घर



## ३. चारपाखे घर

